# दश पारमिता



-आचार्य भिक्षु कुमार काश्यप

Downloaded from http://dhamma.digital




Downloaded from http://dhamma.digital

# दश पारमिता

लेखक

**आचार्य भिक्षु कुमार काश्यप**

सहयोगी

**भिक्षु सुदर्शन महास्थविर**

सम्पादन तथा अनुवाद

**- भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र**

**- कोण्डन्य**

सुखी होतु नेपाल
बुद्ध विहार-भृकुटीमण्डप

Downloaded from http://dhamma.digital

Sukhi Hotu BV Series 012/2547

प्रकाशक :

सुखी होतु नेपाल

बुद्ध विहार, भृकुटीमण्डप

फोन : ४२२६७०२, ४४८२९८४

E-mail : sukhi@ntc.net.np

© सुखी होतु नेपाल

मुद्रण द कर्पोरेट बडि अफ दि बुद्ध एजुकृशनल फाउण्डेशन, टाइवान

कभर साजन नकःमि, फल समान शाक्य

कम्प्यूटर विकल शाक्य, मोदना विष्णुधीता,
डिल्लीराम गौतम, मदनलाल श्रेष्ठ

प्रकाशन बु. सं. २५४७, बि. सं. २०६० ने. सं. ११२३, ई. सं. २००४

प्रकाशन संयोजन : बुद्ध विहार भृकुटीपण्डप

*Reprinted for free distribution by*

**The Corporate Body of the Buddha Eduation Foundation**
11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198, Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website: http: // www.budaedu.org

**This book is strictly for free distribution, it is not to be sold.**
**Printed in Taiwan**

यो पुस्तक निःशुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन ।

Downloaded from http://dhamma.digital

# साधुवाद

झण्डै ३० वर्ष अगाडी भीमरत्न - हर्षरत्न, केल टोलबाट धर्मदान स्वरूप प्रकाशित नेपाल भाषामा लेखिएको दशपारमिता आज नेपाली भाषामा रूपान्तरण भई पाठकहरू समक्ष देखा पर्नु निश्चय पनि सुखकर एवं गर्वको विषय भएको छ। यस पुस्तकको अप्राप्य बारेमा धेरै जिज्ञासुहरूले पुनः प्रकाशन गर्नु पर्ने सुझाव दिँदै आएको धेरै वर्ष पछि सबैले बुझ्ने नेपालीमै प्रकाशन गर्ने अभिभारा वहन गर्ने सुखी होतु नेपाललाई साधुवाद व्यक्त गर्दछु।

२०४६ सालतिर नै भिक्षु कोण्डन्य आनन्दकुटीमा बसी पढ्दै गर्दा 'भन्ते ! दशपारमितालाई अब नेपाल भाषामा होइन नेपालीमै प्रकाशन गरे हुन्छ नि !' भनेर सुझाव दिएका थिए। 'पहिला राम्रो पढ, एस. एल. सी. पास गर अनि भोली पर्सी तिमी आफैले गरे पनि भैहाल्छ नि !' भनी सम्झाएको अझै मलाई याद छ। संयोग भनौं आज उनकै प्रयासमा यस पुस्तक नेपालीमा प्रकाशित भएको छ। निश्चय पनि धर्माध्ययनमा जिज्ञासा राख्नेहरूलाई यस पुस्तकले उपकार गर्नेछ, उहाँहरू लाभान्वित हुनेछन् भन्ने ठानेको छु।

अस्ति भर्खर **आचार्य बुद्धघोषकृत विशुद्धिमार्ग** नेपाली भाषामा प्रकाशित गरी नेपाली जनमानसलाई ठूलो गुण लगाउने भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र र कोण्डन्यकै संयुक्त प्रयासमा यस पुस्तकलाई अनुवाद, सम्पादन र संशोधन समेत गरी प्रकाशित गरिएको धर्मप्रितिपूर्ण सुखद विषय हो। यसरी नै शासनिक कार्यहरू गर्दै जान सकोस् भन्ने सुभाषिश एवं साधुवाद छ।

अन्तमा यस पुस्तकलाई आकर्षक रूपमा प्रकाशित गर्ने सुखीहोतु नेपाल, बुद्ध विहार भृकुटी मण्डप परिवारलाई बुद्ध शासनिक क्षेत्रमा यसरी नै निरन्तर रूपले लागी अन्य सुखकर प्रकाशन तथा कृयाकलापहरू गर्दै अगाडी बढ्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु। प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैलाई साधुवाद छ।

बु. सं. २५४६

*आचार्य भिक्षु कुमार काश्यप*
आनन्दकुटी विहार
स्वयम्भू

Downloaded from http://dhamma.digital

# भूमिका

हामी निरन्तर केही न केही योजना बनाइरहेका हुन्छौं । कुनै योजना अत्यन्तै सफल, कुनै-कुनै त असफल हुन्छन्, कति मानिसले त योजनाहरू सफल-असफल हुनुमा अरुलाई जिम्मेवार ठहऱ्याउंछन् । कतिले आफ्ना योजनाहरू सफल होस् भनी देव-देवीहरूमा भाकल गर्छन, प्राणीहरूको बलि समेत चढाउंछन् । म स्कूलमा विद्यार्थी हुँदादेखि नै परीक्षामा उत्तीर्ण हुनलाई अनेक योजनाहरू बनाउंथे । परीक्षा शुरु हुनु भन्दा केही दिन अगाडी स्वयम्भूमा महामञ्जुश्रीलाई ढोग्न जान्थें । परीक्षा उत्तीर्ण भए पछि पुनः म मेहनत पनि गर्थे । फलस्वरूप म स्कूलमा राम्रो श्रेणीमा पास हुन्थें । महामञ्जुश्रीलाई ढोग्ने कार्य केवल मेरा मनमा भएको डरलाई काबुमा राख्न मात्र थियो । म आफूमा के विश्वस्त थिएं भने म पास, फेल हुनुको मुख्य भूमिका मेरो मेहनतले नै हो । तर मेहनत गर्ने तरिकावारे भने अनभिज्ञ थिएं ।

सफल हुनको लागि के के गर्नु पर्छ भनेर म वैज्ञानिक आधारहरू निरन्तर खोजी गरिरहन्थें । कक्षा सातको विद्यार्थी छंदा मेरो टोल नजिकै गणमहाविहार स्थापना भई सुमंगल भन्तेले वरपरका केटाकेटीहरूलाई परियत्ति शिक्षा पढाउन शुरु गर्नुभयो । साँझसाँझ उपासक उपासिकाहरूलाई धर्म देशना गर्नु हुन्थ्यो । हामीहरू पनि सुन्न बस्दथ्यौं । आशनमा बसेको भिक्षु सुमंगल मानौं देवता नै आएर बस्नु भएको जस्तो लाग्थ्यो- उज्यालो, शान्त अनुहार र उहाँको शरीरबाट प्रज्ज्वलित कान्तिले गर्दा । प्रायशः उहाँको धर्मदेशनामा एउटा जातक कथा समावेश भएको हुन्थ्यो । केटाकेटीको मस्तिष्कमा जातक कथाले धेरै प्रभाव पर्दथ्यो । मेरो वृद्ध पिताजी गणमहाविहारको निर्माण कालमा स्वयंसेवा गर्न जानु हुन्थ्यो पनि, ज्ञानमाला भजन गाउन उहाँ बढी प्रतिबद्ध हुनु हुन्थ्यो । समय-समयमा उहाँ ज्ञानमाला गाएर फर्कनु हुँदा भन्तेहरूले लेख्नु भएको स-साना पुस्तकहरू पनि लिएर आउनु हुन्थ्यो । प्रायशः जातक कथाका पुस्तक हुन्थ्यो । म ती सबै पुस्तकहरू आद्योपान्त पढ्थें । ती जातकहरू पढ्दा भगवान् बुद्ध बोधिसत्त्व भै जन्मदा ***'पारमिता'*** पूर्ण गर्ने शिलशिलामा भएका घटनाहरूको वर्णन भन्ने कुरा बुझ्दै जान थालें । पछि ***'दश पारमिता'*** भन्ने नेपाल भाषामा लेखिएको एउटा पुस्तक हातमा पऱ्यो । त्यो पुस्तक बुझी-नबुझी पढेपछि ***'पारमिता'*** को बारेमा



Downloaded from http://dhamma.digital

जानकारी भयो। मलाई कता-कता आफ्नो योजनाहरू सफल पार्नलाई चाहिने वैज्ञानिक आधारहरू यी नै पारमिताहरू हुन् जस्तो मनमा च्वास्स लाग्यो र मैले खोजि गरेको पाएं भन्ने आभाष मनमा छचल्कियो।

एस.एल.सी. पास गरेपछि मैले भारतको इलाहावादमा कृषि महाविद्यालयमा पढ्न छात्रवृत्ति पाएं। म पढेको महाविद्यालय जमानामा अमेरिकाका क्रिश्चियन विशपले खडा गरेको भारतको पहिलो कृषि महाविद्यालय रहेछ। त्यहाँ देशविदेशका विद्यार्थीहरू पढ्न आउंथे। त्यहाँको लाइब्रेरी धेरै राम्रो थियो। धेरै पुस्तक पत्रपत्रिकाहरू थिए। म दिनको दुई तीन घण्टा लाइब्रेरीमा नै समय बिताउंथे, पाठ्य पुस्तक त म आफै होस्टेलमा पढ्थें। अन्य बाहिरी पुस्तक पत्रिका लाइब्रेरीमा पढ्थें। मेरो रूचीको विषय विश्वका चर्चित साहित्यकारहरूको कृतिहरू पढ्ने थियो भने अन्य पढ्ने विषयहरूमा जीवनमा सफलता कसरी हाँसिल गर्ने भन्ने बारेमा लेखेका पुस्तक र पत्रिकाहरू थिए। यसमा विश्वका नाउं कमाएका सफल व्यक्तिहरूको जीवनी र उनीहरूले आफ्नो जीवनमा कसरी सफलता हाँसिल गरे भन्ने विषय बढी रूचीको हुन्थ्यो। बेन्जामिन फ्रेन्कलिनको अनुशासन र कार्य समय तालिका बारे लेखेका आत्मकथा देखि लिएर डेल कार्नेगीका ***'हाउ टु सक्सेस'*** जस्ता पुस्तकहरू धेरै पढें। तर ती सबैको अध्ययन गरी सकेर पनि कहिं कहिं ***'दशपारमिता'*** नै सफलताको लागि पूर्णता भएको ***'फारमुला'*** जस्तो लाग्यो, अरु सफलताका साहित्यहरू आंशिक र कुनै एक दुई पक्षमा बढाई चढाई गरी लेखेको जस्तो लाग्यो। ***'दश पारमिता'*** का गुण धर्महरू सँग दांजेर हेर्ने एक प्रकारले बानि नै भएर गयो।

पछि म एम्.एस् र पीएच्डी गर्न अमेरिका गएं। पाँच वर्ष सम्म त्यहाँका ठूल्ठूला दुई विश्वविद्यालयहरूमा पढ्ने अवसर प्राप्त भयो। त्यहाँ पनि मेरो प्रिय स्थल लाइब्रेरी नै थियो। ती विश्वविद्यालयका महत्त्वपूर्ण अंश पनि लाइब्रेरी नै हो। दुईवटै विश्वविद्यालययमा एक करोड भन्दा बढी पुस्तक र पत्रपत्रिकाहरू थिए। मेरो पढ्ने दायरा अत्यन्तै फराकिलो भयो। जुनसुकै विषयमा पनि लाइब्रेरीमा गए पछि सयौं पुस्तकहरू फेला पर्थे। विश्व भरिका देशहरूमा भएका बुद्ध धर्मका इतिहास र वर्तमान स्थिति देखि लिएर थेरवाद, महायान र वज्रयानमा विदेशी लेखकहरूले् लेखेका टिप्पणीहरू पढ्ने अवसर पाएं। आइतबारका दिन कहिले काहीं अमेरिकी साथीहरूले किश्चियन धर्मका कार्यक्रममा आमन्त्रण गर्दथे। म प्रायश: साथीहरूको आमन्त्रणलाई कदर गर्थे। कोही कोही त मलाई क्रिश्चियन बन्न पनि जोर जुलेम गर्थे। एउटा चर्चमा एकजना पादरीले मलाई नै लक्ष गरेर



Downloaded from http://dhamma.digital

बुद्ध धर्मको बारेमा तथानाम प्रवचन समेत दिए। म मुसु-मुसु मात्र हाँसीबसें। तर मलाई एउटा कुरा राम्रो के लाग्यो भने अमेरिकी युवाहरू क्रिश्चियन धर्मको अध्ययन धेरै नै गर्छन्। उनीहरू हप्ताको एकचोटी समूह-समूहमा बाँडेर अध्ययन गर्छन्। कुनै समूह कट्टरपन्थी हुन्थे त कुनै समूह उदार पनि।

अमेरिकामा अध्ययनार्थ बस्दा त्यहाँका युवाहरूको धर्म अध्ययन गर्ने लगाव र तरिका देखेर मेरो मनमा एउटा कुरा आइरहन्छ- नेपाल फर्केर म पनि युवाहरुलाई त्यस्तो समूहमा बटुलेर बुद्ध धर्मको अध्ययन गर्ने एउटा कार्यक्रम चलाउने मन भए जस्तै २०३९ सालमा नेपाल फर्के पछि हर्षमुनि शाक्य, शान्तरत्न शाक्य, त्रिरत्न मानन्धरहरू सँग कुराकानि चलाएँ र युवा बौद्ध समूह खडा भयो। युवाहरूलाई जम्मा पार्दै थुप्रै किसिमका कार्यक्रमहरू अगाडी बढ्दै गयो। २०४६ सालमा नेपालको संविधानमा नेपाललाई धर्मनिरपेक्ष देश भनेर परिभाषा दिनु पर्छ भन्ने अभियानमा युवा बौद्ध समूहले जुलुश, र्‍याली आयोजना गर्ने अहम भूमिका पायो। नेपालका विभिन्न जनजातिका कार्यकर्ताहरूसँग भेटघाट चिनजान बढ्यो। फस्वरूप काठमाडौंका नेवारहरूमा मात्र सीमित नराखी राष्ट्रिय स्तरमै जनजातिहरूमा बुद्धधर्मको बारे जागरण ल्याउनु पर्ने निधो गरियो र बौद्ध जागरण प्रशिक्षण शिविरहरू एकपछि अर्को संचालन हुँदै गए। शिविरको लागि पाठ्यक्रम बनाइंदा ***'दशपारमिता'*** बारे पनि ज्ञान दिंदा राम्रो हुन्छ होला भन्ने लागेर मैले सो विषयमा कक्षा लिन थालें। आचार्य भिक्षु कुमार काश्यप महास्थविर भन्तेद्वारा नेपाल भाषामा लिखित ***'दश पारमिता'*** को पुस्तक मेरो लागि अत्यन्तै सहायक भयो।

सो पुस्तक २०२९ सालमा १००० प्रति मात्र छापिएको थियो र दुर्लभ भइसकेको थियो भने नेपाल भाषामा लेखिएकोले अन्य जनजातिहरूले पढ्न कठिन पनि भयो। कक्षा लिइसके पछि प्रायः जसो सबै सहभागीहरूले सो पुस्तक नेपालीमा प्राप्त भए हुने थियो भन्ने आग्रह गर्थे। आज अत्यन्तै सुखको कुरा हो कि युवा भिक्षुहरूको प्रयासमा यो पुस्तक नेपालीमा भाषानुवाद भएको छ र बुद्ध शासनिक क्षेत्रमा योगदान पुर्‍याउने उद्देश्य बोकी हिंडीरहेको "सुखी होतु नेपाल", बुद्ध विहार-भृकुटीमण्डपले प्रकाशित गर्न लागिरहेको छ। म आफ्नो तर्फबाट यस प्रयासमा संलग्न सबैलाई साधुवाद उद्घोष गर्न चाहन्छु।

भवतु सब्ब मगंलं।

**डा. केशवमान शाक्य**

Downloaded from http://dhamma.digital

# धर्मप्रीतिका केही शब्दहरू

पूज्याचार्य भिक्षु कुमार काश्यप महास्थविरद्वारा वि.सं. २०२९ सालमा नेपाल भाषामा रचित हाल अप्राप्य अवस्थामा रहेको अत्यन्तै महत्वपूर्ण पुस्तक **दश पारमिता**लाई नेपाली भाषामा प्रकाशित गर्न पाउनु सबै धर्मप्रेमीहरूको लागि धर्मप्रीति एवं सुखकर विषय भएको छ। यस्मा हामीले कथाहरूलाई थपघट गर्ने, जातक कथाहरूको शीर्षक राख्ने जस्ता केही सक्दो संशोधन पनि गरेका छौं।

नेपाल बौद्ध परियत्ति शिक्षाको कोविद तहको पाठ्यक्रममा पनि स्विकृत प्राप्त यस पुस्तक त्रिभूवन विश्व विद्यालयका बुद्धधर्म अध्ययन गर्ने विद्यार्थीहरूका लागि समेत सहयोगीसिद्ध हुने छ भने बोधिसत्त्वचर्या अर्थात पारमिता गुणधर्मका विषयमा अध्ययन गर्ने जो कोहीलाई पनि यस पुस्तक उपयोगीसिद्ध हुने छ।

यस पुस्तकलाई प्रिय पाठकहरू समक्ष ल्याइपुऱ्याउन प्रकाशनको अभिभारा ग्रहण गरी बुद्धशासनिक कार्यमा गुणलाउने जस्तो अनुकरणीय कार्य गर्ने सुखी होतु नेपाल, बुद्ध विहार-भृकुटी मण्डपलाई जति साधुवाद व्यक्त गरेपनि थोरै नै हुन्छ होला। सुखी होतुले सुखकर कार्य यसरी नै एकपछि अर्को गर्दै लान सकोस्- यही नै हाम्रो अभिवृद्धिको कामना छ। कम्प्यूटर सज्जामा सहयोग गर्नेहरू **उपासक विकल शाक्य, उपासिका मोदना विष्णुधीता, डिल्लीराम गौतम**, मदनलाल श्रेष्ठ साधुवादका पात्र हुनुहुन्छ। यसरी नै प्रुफ हेर्ने कार्यमा सहयोग गर्नेहरू श्रद्धेय बोधिज्ञान भन्ते भिक्षु निग्रोध, राजु महर्जन र मुख पृष्ठ सज्जाकार साजन नकःमि, फल्समान शाक्य लगायत सम्पूर्ण प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नेहरूलाई पनि साधुवाद व्यक्त गर्दछौं।

अन्तमा जस्ले हामीलाई अत्यन्तै महत्वपूर्ण पुस्तक नेपाली पाठकहरू समक्ष ल्याउन आज्ञा दिनु भयो, उहाँ पूज्याचार्य भिक्षु कुमार काश्यप महास्थविरप्रति सविनयपूर्ण कृतज्ञता ज्ञापन गर्दै श्रद्धेय भन्तेको सुस्वास्थ्यको पनि कामना गर्दछौं।

होस् सद्धर्म चिरस्थायी-लोक होस् सुखी सदा ॥

सम्पादक, अनुवादक तथा संशोधन

- भिक्षु सम्यक् सम्बोधि प्राणपुत्र

- कोण्डन्य, बुद्ध विहार भृकुटी मण्डप

काठमाडौं

बुद्ध संवत २५४६ वि.सं. २०५९, काठमाडौं।



Downloaded from http://dhamma.digital

# विगत प्रकाशकीयबाट

पूज्यवर आचार्य भिक्षु कुमार काश्यप महास्थविरद्वारा तीन दशक अगाडी नेपाल भाषामा रचित 'दश पारमिता' आज यहाँहरू समक्ष नेपाली भाषामा रूपान्तरण भई सुखी होतु नेपालको प्रकाशनद्वारबाट पाँचौं बुद्धशासनिक प्रकाशन मालाको रूपमा प्रकाशन गर्न पाउँदा हामीलाई धर्मप्रीति उत्पन्न भइरहेको छ।

दुःख र दुःखबाट मुक्तिको साधना, बोधिसत्त्वचर्या, बुद्ध कारक धर्म अर्थात पारमिता धर्मबारे विस्तृत रूपमा कथात्मक व्याख्या सहित समेटिएको महत्त्वपूर्ण पुस्तक "दश पारमिता" आज पाठकहरूसमक्ष प्रकाशमा आउनु सबैको लागि सुखकर विषय हो। अप्राप्य अवस्थामा रहेको यो पुस्तकको माग धेरै छ, अझ नेपालीमै प्रकाशित भएकोले यसको महत्त्व झन् बढ्न गएको छ। सर्वसाधारण देखि उच्च वर्गसम्म पनि बोधिसत्त्वचर्या पारमिता धर्म बारे यस पुस्तकले अपार ज्ञान दिने हुन्छ। बोधिसत्त्व चर्या पालना गर्न धेरै कठीन छ भन्ने कुरा यसबाट ज्ञात हुन्छ र तापनि यं किन्चित मात्रामा भएपनि बोधिसत्त्वको व्यवहार आचरण हामीले पनि अनुशरण गर्नै पर्ने हो भन्ने शिक्षा यस पुस्तकबाट हामीलाई सन्देश दिइरहेको छ।

महत्त्वपूर्ण पुस्तकलाई नेपालीमा भाषान्तरण गर्न श्रद्धेय भन्तेहरू सम्यक् सम्बोधि प्राणपुत्र र कोण्डन्यले ठूलो मेहेनत गर्नु भएको छ भने सुखी होतु नेपाल परिवारका सेवक सदस्यहरूले पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा गर्नु भएको सहयोग प्रति सविनयपूर्वक साधुवाद एवं आभार व्यक्त गर्दछु।

अन्तमा दश पारमिता जस्तो अति नै महत्त्वपूर्ण पुस्तक प्रकाशन गर्न शुभ अवसर प्रदान गर्नु भएकोमा लेखक श्रद्धेय पूज्यवर आचार्य भिक्षु कुमार काश्यप महास्थविर प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै उहाँको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु। यसरी नै बुद्ध शासनिक प्रकाशन एवं अन्य क्रियाकलापहरूमा सबैको शुभेच्छा तथा सहयोग प्राप्त हुँदै जाने अपेक्षा राखेकाछौं।

**भिक्षु निग्रोध**
(सचिव)

बुद्ध विहार भृकुटी मण्डप, काठमाडौं-३१ सुखी होतु नेपाल



Downloaded from http://dhamma.digital

पुनर्मुद्रण दशपारमिता

# प्रकाशकीय केही शब्द

दशपारमिता ग्रन्थको माग धेरै देखिएको छ । यस पुस्तकको चाहना गर्नेहरु धेरै छन् । नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रममा समेत समावेश गरिएको यस पुस्तकलाई यहाँहरु समक्ष टाइवानको The Corporate Body of the Buddha Eduational Foundation बाट पुनर्मुद्रित भएर आउँदा सर्व सुलभ तरिकाले जिज्ञासुहरुलाई उपलब्ध गराउन सक्ने विषय निश्चय पनि सबैको लागि नै सुखकर विषय हो । यो सुखी होतु नेपालको बाह्रौं प्रकाशन हो ।

प्रस्तुत पुस्तकका लेखक श्रद्धेय त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर, अनुवादक-सम्पादक भद्दन्त सम्यक् सम्बोधि प्राणपुत्र र कोण्डन्य भन्तेको अथक प्रयासको गुणानुस्मरण गर्दै उहाँहरुमा साधुवाद एवं आभार व्यक्त गर्दछु । साथै यस पुस्तकलाई पुनः मुद्रण गर्न सहयोग गर्नेहरु भिक्षु मंगल, भिक्षु वजिरबुद्धिप्रति पनि साधुवाद व्यक्त गर्दछु । यसरी नै विशेषतः पुनःर्मुद्रण गर्न उदार दातृ संस्था The Corporate Body of the Buddha Eduational Foundation प्रति हार्दिक आभार प्रकट गर्दै उत्तरोत्तर उन्नति एवं प्रगतिको कामना गर्दछु । प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नेहरु सबैमा साधुवाद ।

अन्तमा सुखी होतु नेपालका सम्पूर्ण शुभ चिन्तकहरु प्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

चिरं तिट्ठतु सद्धम्मो ।

भिक्षु निग्रोध
(सचिव)

सुखी होतु नेपाल, बुद्ध विहार भृकुटी मण्डप, काठमाडौं ।



Downloaded from http://dhamma.digital

Sukhi Hotu BV Series 012/2547
Published
Sukhi Hotu Nepal
Buddha Vihara Bhrikutimandapa
**Phone : 4226702, 4482984**
E-mail : sukhi@ntc.net.np

*Reprinted for free distribution by*

**The Corporate Body of the Buddha Eduation Foundation**
11F., 55 Hang how South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198, Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website: http: // www.budaedu.org

**This book is strictly for free distribution, it is not to be sold.**
**Printed in Taiwan**

यो पुस्तक नि:शुल्क वितरणको लागि हो, बिक्रीको लागि होइन।



*Dasha Paramita (Ten Perfection) by :*
**Acharya Bhikshu Kumar Kashyap**
*Translated and compiled by :*
**Ven. Samyak Sambodhi Pranputra**
**Ven. Kondanya**
*Cover Design by :*
**Saajan Naka:mi, Fals Man Shakya**
*Computer Layout :*
**Vikal, Modana, Dilliram, Madan Lal**
*Managment for Publication*
**Buddha Vihara Bhrikutimandapa**
*Published by :*
**Sukhi Hotu Nepal**
*Reprinted By :*
**The Corporate Body of the Buddha Body**
**Educational Foundation, Taiwan**



Downloaded from http://dhamma.digital

# विषय सूचि


| | | |
|---|---|---|
| | विषय | पृष्ठ संख्या |
| | साधुवाद | *भिक्षु कुमार काश्यप महास्थविर* |
| | भूमिक | *डा. केशब मान शाक्य* |
| | धर्मप्रीतिका केही शब्दहरू | *सम्पादक-अनुवादक* |
| | विगत प्रकाशकीयबाट | |
| | पुनर्मुद्रण प्रकाशकीय केही शब्द | *भिक्षु निग्रोध* |
| १. | **दश पारमिता** | १ |
| | त्रिविध बोधि | २ |
| | पारमीद्ध | २ |
| | पारमिता धर्मको लक्षण | ५ |
| | पारमी धर्मको प्रत्यय | ६ |
| | प्रत्येक बुद्ध र श्रावक बुद्धहरूको अभिनिहार | ७ |
| | पारमिता सम्पादन उपाय समय | ९ |
| | तीन प्रकारका बोधिसत्त्वहरू | १० |
| | अठार-अभव्यस्थान | ११ |
| | चार बुद्ध भूमि | ११ |
| | बोधिसत्त्वहरूको छ अज्भास | ११ |
| | चार सम्पत्ति | १३ |
| | आश्चर्य अद्‌भूत शक्ति | १४ |
| २. | **दान पारमिता** | १७ |
| | शंखपाल जातक (५२४) | १८ |
| | आमीस दान | २० |
| | निसह्य जातक (३४०) | २१ |
| | अकित्ति जातक (४८०) | २१ |
| | कुरुधर्म जातक (२७६) | २२ |
| | महासुदर्शन जातक (९६) | २३ |




Downloaded from http://dhamma.digital

अभयदान/महाकपि जातक (४०७) २५
निग्रोध जातक (१२) २६
धम्मदान २८
दानको पूजाविधि र अनुकम्पाविधि २८
तीन प्रकाका दान पार्रमिता: ३०
क) दान पारमिता ३१
वेस्सन्तर जातक ३१
ख) दान-उपपारमिता ४२
सीलव जातक (७२) ४३
शिवि जातक (४९९) ४४
ग) दान-परमत्थपारमिता ४६
जयद्दिस जातक (५३०) ४७
सस जातक (३१६) ४८
महासत्त्वको कथा ४९
३. शील पारमिता ५३
साम जातक (५४०) ५८
मातुपोसक जातक (४५५) ५९
गिज्भ जातक (३९९) ६०
चुल्ल-नन्दिय जातक (२२२) ६०
भिक्खा परस्पर जातक (४९६) ६१
मतकभत्त जातक (१८) ६५
धोनसाख जातक (३५३) ६६
सीलविमंस जातक (८६) ६८
सीलविमंसन जातक (३०५) ६९
लोककुम्भि जातक (३१४) ७०
राहुललाई दिएको उपदेश ७१
चेतिय जातक (४२२) ७२
कक्कारु जातक (३२६) ७३
भद्रघट जातक (२९१) ७४
कुम्भ जातक (७१२) ७५



Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| | सुरापान जातक (८१) | ७६ |
| | कुरुधर्म जातक (२७६) | ७७ |
| | गङ्गामाल जातक (४२१) | ८० |
| | संघीभेद जातक (३४९) | ८१ |
| | चल्लबोधि जातक (४४३) | ८४ |
| | चम्पेय्य जातक (५०६) | ८५ |
| | भूरिदत्त जातक (५४३) | ६५ |
| ४. | **नैष्क्रम्य पारमिता** | **८७** |
| | काम जातक (४९७) | ९० |
| | चित्तहत्थ थेरको कथा | ९१ |
| | कुदाल जातक (७०) | ९२ |
| | महाकप्पिन स्थविरको कथा | ९३ |
| | सोनक जातक (५२९) | ९४ |
| | सह्य जातक (३१०) | ९७ |
| | मखादेव जातक (९) | ९८ |
| | हत्थिपाल जबतक (५०९) | ९८ |
| | महाजनक जातक (५३९) | १०० |
| | सरभङ्ग जातक (५२२) | १०२ |
| | सुसीम जातक (४११) | १०२ |
| | कामको उपमा | १०३ |
| | युधंजय जातक (४६०) | १०८ |
| | सोनस्स जातक (५०५) | १०९ |
| | अयोधर जातक (५१०) | ११० |
| | भिस जातक (४८८) | १११ |
| ५. | **प्रज्ञा पारमिता** | **११३** |
| | प्रज्ञा पारमिताको लक्षण | ११६ |
| | प्रज्ञाको विभाजन | ११६ |
| | प्रज्ञामा मोह हुँदैन | १२० |
| | प्रज्ञा क्षान्तिवादी हुन्छ | १२१ |



Downloaded from http://dhamma.digital

प्रज्ञापारमिताको कथात्मक व्याख्या: १२१
राजोवाद जातक (१५१) १२१
श्वेतकेतु जातक (३७७) १२२
सम्भव जातक (५१५) १२४
प्रज्ञा आचरणमा निर्भर १२५
पोट्ठिल भिक्षुको कथा १२५
प्रज्ञा नै मानिसको रत्न हो १२७
प्रज्ञा प्राप्तिको हेतु १२८
दश पारमितामा प्रज्ञा पारमिता १२९
प्रज्ञा परिहानीको हेतु १३०
प्रज्ञा पारमिता र अन्य पारमिता १३१
विधुर जातक (५४५) १३३
महाबोधि जातक (५२८) १३७
महोषध जातक १४३
६. **वीर्य पारमिता** १५१
बोधिपक्षीय धर्ममा वीर्य १५३
वीर्य आफैले गर्नुपर्छ १५४
वीर्य उत्पन्न हुने कारण १५५
वीर्यको प्रतिपक्षीधर्म: थीनमिद्ध १५६
वीर्यविष अलसीको कारण १५७
कुसित वत्थु १५९
आरम्भ वीर्य १५९
दश पारमितामा वीर्य पारमिता १६३
वीर्य पारमिता, उपपारमिता, परमत्थ पारमिता १६४
वीर्य पारमिताको कथात्मक व्याख्या: १६५
शंख जातक (४४२) १६५
भोजाजानीय जातक (२३) १६५
पंचावुध जातक (५५) १६६
कुरुंगमिग जातक (२१) १६७
महाकपि जातक (५१६) १६८



Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| | वण्णुपथ जातक (२) | १६९ |
| | कक्कुर जातक (२२) | १७० |
| ७. | **क्षान्ति पारमिता** | **१७२** |
| | अभय स्थविरको कथा | १७४ |
| | क्षान्तिको प्रकार | १७५ |
| | क्षान्तिको क्षेत्र | १७५ |
| | क्षान्ति पारमिताको कथात्मक व्याख्या: | १७७ |
| | महिस जातक (२७८) | १७७ |
| | कालबाहु जातक (३२९) | १७८ |
| | बुद्ध र श्रावकहरूको क्षान्ति | १७८ |
| | असुरिन्द भारद्वाजकको कथा | १७९ |
| | आक्रोशक भारद्वाजको कथा | १७९ |
| | चिंचा माणविकाको कथा | १८० |
| | सुन्दरी परिव्राजिकाको कथा | १८० |
| | मागन्धीको कथा | १८० |
| | देवदत्तको कथा | १८१ |
| | पुण्ण स्थविरको कथा | १८२ |
| | क्षान्तिको महत्व | १८३ |
| | दश पारमितामा क्षान्ति पारमिता | १८४ |
| | क्षान्तिपारमिता, उपपारमिता र परमत्थपारमिता | १८५ |
| | उरग जातक (३५४) | १८५ |
| | महापद्म जातक (४७२) | १८८ |
| | खन्तिवादी जातक (३१३) | १९१ |
| ८. | **सत्य पारमिता** | **१९५** |
| | अङ्गुलिमालको कथा | १९७ |
| | कण्हदीपायण जातक (४४४) | १९८ |
| | सत्य पारमिता पूर्ण गर्नको लागि बल | २०० |
| | अधिमुक्त श्रामणेरको कथा | २०१ |
| | राहुलोवाद सुत्त | २०४ |
| | अभय राजकुमार सुत्त | २०५ |




Downloaded from http://dhamma.digital

| | | |
|---|---|---|
| | दश पारमितामा सत्यपारमिता | २०७ |
| | सत्य पारमिताको कथात्मक व्याख्या | २०७ |
| | पद्म जातक (२६१) | २०८ |
| | सत्य पारमिता, उपपारमिता र परमत्थपारमिता | २०९ |
| | दशरथ जातक (४६१) | २०९ |
| | हारित जातक (४३१) | २१० |
| ९. | **अधिष्ठान पारमिता** | **२१३** |
| | चारप्रकारका अधिष्ठान | २१५ |
| | अधिष्ठान पामिताको प्रतिप्रति क्रम | २१६ |
| | एक भिक्षुको कथा | २१९ |
| | सारिपुत्र महास्थविरको कथा | २१९ |
| | दश पारमितामा अधिष्ठान पारमिता | २१९ |
| | अधिष्ठानपारमिताको कथात्मक व्याख्या | २२० |
| | मातङ्ग जातक (४९७) | २२२ |
| | अधिष्ठान पारमिता, उपपारमिता र परमत्थपारमिता | २२२ |
| | तेमिय चर्या | २२३ |
| १०. | **मैत्री पारमिता** | **२२५** |
| | मैत्री भावना | २२८ |
| | मैत्रीको आनिशंस | २३१ |
| | विशाख स्थविरको कथा | २३२ |
| | दश पारमितामा मैत्री पारमिता | २३५ |
| | श्यामावतीको कथा | २३६ |
| | रोजमल्लको कथा | २३७ |
| | एक भिक्षुको कथा | २३७ |
| | उत्तराको कथा | २३८ |
| | चूल्ल धम्मपाल जातक (३५८) | २३९ |
| | सरभ मृग जातक (४८३) | २३९ |
| | मैत्री पारमिता, उपपारमिता र परमत्थपारमिता | २४१ |
| | एकराज जातक (३०६) | २४१ |





Downloaded from http://dhamma.digital

११. उपेक्षा पारमिता २४३
एघार प्रकारका उपेक्षा २४६
दश पारमितामा उपेक्षापारमिता २४८
पारमिताको धर्म संक्लेश २५०
अननुसोचिय जातक (३२८) २५०
उपेक्षापारमिता, उपपारमिता र परमत्थपारमिता २५२
कण्हदीपायन जातक (४४४) २५३
दशरथ जातक (४६१) २५४



सम्यक् सम्बुद्धको आदर्श नै श्रेष्ठतम आदर्श हो । यो श्रेष्ठतम आदर्श पारमिता गुणधर्मको अभ्यासद्वारा पूर्ण र परिपक्व हुँदै जाने हो । त्यसैले पारमिता गुणधर्मको प्रभाव हाम्रो मानसपटलमा पर्दै जान्छ । जतिजति यो आदर्शको प्रभाव हाम्रो हृदयमा पर्दछ, त्यतित्यति हाम्रो संकीर्णता, स्वार्थस्वभाव र व्यर्थको अहं तथा मोह हामीमा हराउँदै जान्छ । नव उदारता, पवित्रता र शान्तिको स्वच्छता हृदयमा भर्दै जान्छ । बोधिसत्त्व गुणधर्मको पालन गर्दा बोधिसत्त्व स्वभाव अलिकता पनि जागरुक हुनासाथ हाम्रो जीवनमा धेरैधेरै लाभ हुन्छ । फेरि यो लाभ इह लौकिक लाभ मात्रै होइन निर्वाणधर्म साक्षात्कार गर्ने जस्तो लाभसम्म पनि हुन्छ । यही नै परम बोधिआदर्श, पारमिता आदर्शको विपुल विशुद्ध विशेषता शान्तियुक्त महानता हो ।



Downloaded from http://dhamma.digital

# लेखकको चिनारी

| | |
|---|---|
| | आचार्य भिक्षु कुमार काश्यप महास्थविर |
| | आनन्दकुटी विहार, स्वयम्भू |
| | माताः तेजलक्ष्मी शाक्य (अ. मुदिता) |
| | पिताः सन्त मान शाक्य |
| जन्म | : वि.सं १९८३ श्रावण |
| जन्मस्थान | : पाल्पा-तानसेन |
| श्रामणेर-प्रव्रज्या | : वि.सं. १९९९ माघ १२ |
| उपसम्पदा दीक्षा | : २००७ कार्तिक २७<br>आनन्दकुटी विहार सीमगृह |
| उपाधि | : त्रिपिटकाचार्य (श्रीलंका)<br>महासद्धम्म परियत्ति प्रदीप (भारत)<br>विद्यालंकार पद्मभूषण (श्रीलंका) |
| योगदान | : पूर्व अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ<br>पूर्व सुपरिवेक्षक, आनन्दकुटी विद्यापीठ<br>पूर्व प्रधान सम्पादक, आनन्द भूमि बौद्ध मासिक<br>अध्यक्ष, आनन्दकुटी विहार गुठी<br>संस्थापकः त्रिपल जेम्स बोर्डिङ्ग स्कूल<br>प्रमुख सल्लाहकारः आनन्द भूमि |
| कृति | : आलवक सूत्र, गृह-प्रतिपत्ति,<br>बुद्ध, धर्म व संघ, गौतम बुद्ध,<br>बुद्धया अर्थनीति, गृहस्थ-धर्म,<br>दश पारमिता |
| भ्रमणः | भारत, श्रीलंका, थाइलैण्ड, बर्मा, जापान,<br>रसिया(USSR), चीन, मलेशिया, जर्मनी,<br>सिंगापुर, बेलायत, मंगोलिया, हंङ्कङ्ग आदि । |



Dhamma.Digital
Downloaded from http://dhamma.digital

# विषय सूचि


| विषय | पृष्ठ संख्या |
|---|---|
| १. **दश पारमिता** | १ |
| त्रिविध बोधि | २ |
| पारमीद्ध | २ |
| पारमिता धर्मको लक्षण | ५ |
| पारमी धर्मको प्रत्यय | ६ |
| प्रत्येक बुद्ध र श्रावक बुद्धहरूको अभिनिहार | ७ |
| पारमिता सम्पादन उपाय समय | ९ |
| तीन प्रकारका बोधिसत्त्वहरू | १० |
| अठार-अभव्यस्थान | ११ |
| चार बुद्ध भूमि | ११ |
| बोधिसत्त्वहरूको छ अज्भास | ११ |
| चार सम्पत्ति | १३ |
| आश्चर्य अद्‌भूत शक्ति | १४ |
| २. **दान पारमिता** | १७ |
| शंखपाल जातक (५२४) | १८ |
| आमीस दान | २० |
| निसहच जातक (३४०) | २१ |
| अकित्ति जातक (४८०) | २१ |
| कुरुधर्म जातक (२७६) | २२ |
| महासुदर्शन जातक (९६) | २३ |
| अभयदान/महाकपि जातक (४०७) | २५ |
| निग्रोध जातक (१२) | २६ |
| धम्मदान | २८ |
| दानको पूजाविधि र अनुकम्पाविधि | २८ |
| तीन प्रकाका दान पारमिताः | ३० |
| क) दान पारमिता | ३१ |




Downloaded from http://dhamma.digital

वेस्सन्तर जातक ३१
ख) दान-उपपारमिता ४२
सीलव जातक (७२) ४३
शिवि जातक (४९९) ४४
ग) दान-परमत्थपारमिता ४६
जयद्दिस जातक (५३०) ४७
सस जातक (३१६) ४८
महासत्त्वको कथा ४९
३. शील पारमिता ५३
साम जातक (५४०) ५८
मातुपोसक जातक (४५५) ५९
गिज्झ जातक (३९९) ६०
चुल्ल-नन्दिय जातक (२२२) ६०
भिक्खा परस्पर जातक (४९६) ६१
मतकभत्त जातक (१८) ६५
धोनसाख जातक (३५३) ६६
सीलविमंस जातक (८६) ६८
सीलविमंसन जातक (३०५) ६९
लोककुम्भि जातक (३१४) ७०
राहुललाई दिएको उपदेश ७१
चेतिय जातक (४२२) ७२
कक्कारु जातक (३२६) ७३
भद्रघट जातक (२९१) ७४
कुम्भ जातक (७१२) ७५
सुरापान जातक (८१) ७६
कुरुधर्म जातक (२७६) ७७
गङ्गामाल जातक (४२१) ८०
संघीभेद जातक (३४९) ८१
चल्लबोधि जातक (४४३) ८४
चम्पेय्य जातक (५०६) ८५



Downloaded from http://dhamma.digital

भूरिदत्त जातक (५४३) ६५
४. **नैष्क्रम्य पारमिता** **८७**
काम जातक (४९७) ९०
चित्तहत्थ थेरको कथा ९१
कुदाल जातक (७०) ९२
महाकप्पिन स्थविरको कथा ९३
सोनक जातक (५२९) ९४

सह्य जातक (३१०) ९७
मखादेव जातक (९) ९८
हत्थिपाल जबतक (५०९) ९८
महाजनक जातक (५३९) १००
सरभङ्ग जातक (५२२) १०२
सुसीम जातक (४११) १०२
कामको उपमा १०३
युधंजय जातक (४६०) १०८
सोनस्स जातक (५०५) १०९
अयोधर जातक (५१०) ११०
भिस जातक (४८८) १११
५. **प्रज्ञा पारमिता** **११३**
प्रज्ञा पारमिताको लक्षण ११६
प्रज्ञाको विभाजन ११६
प्रज्ञामा मोह हुँदैन १२०
प्रज्ञा क्षान्तिवादी हुन्छ १२१
प्रज्ञापारमिताको कथात्मक व्याख्या: १२१
राजोवाद जातक (१५१) १२१
श्वेतकेतु जातक (३७७) १२२
सम्भव जातक (५१५) १२४
प्रज्ञा आचरणमा निर्भर १२५
पोट्ठिल भिक्षुको कथा १२५



Dhamma.Digital
Downloaded from http://dhamma.digital

प्रज्ञा नै मानिसको रत्न हो १२७
प्रज्ञा प्राप्तिको हेतु १२८
दश पारमितामा प्रज्ञा पारमिता १२९
प्रज्ञा परिहानीको हेतु १३०
प्रज्ञा पारमिता र अन्य पारमिता १३१
विधुर जातक (५४५) १३३
महाबोधि जातक (५२८) १३७
महोषध जातक १४३
६. वीर्य पारमिता १५१
बोधिपक्षीय धर्ममा वीर्य १५३
वीर्य आफैले गर्नुपर्छ १५४
वीर्य उत्पन्न हुने कारण १५५
वीर्यको प्रतिपक्षीधर्म: थीनमिद्ध १५६
वीर्यविष अलसीको कारण १५७
कुसित वत्थु १५९
आरम्भ वीर्य १५९
दश पारमितामा वीर्य पारमिता १६३
वीर्य पारमिता, उपपारमिता, परमत्थ पारमिता १६४
वीर्य पारमिताको कथात्मक व्याख्या: १६५
शंख जातक (४४२) १६५
भोजाजानीय जातक (२३) १६५
पंचावुध जातक (५५) १६६
कुरुंगमिग जातक (२१) १६७
महाकपि जातक (५१६) १६८
वण्णुपथ जातक (२) १६९
कक्कुर जातक (२२) १७०
७. क्षान्ति पारमिता १७२
अभय स्थविरको कथा १७४
क्षान्तिको प्रकार १७५
क्षान्तिको क्षेत्र १७५

Downloaded from http://dhamma.digital

क्षान्ति पारमिताको कथात्मक व्याख्या: १७७
महिस जातक (२७८) १७७
कालबाहु जातक (३२९) १७८
घ बुद्ध र श्रावकहरूको क्षान्ति १७८
असुरिन्द भारद्वाजकको कथा १७९
आक्रोशक भारद्वाजको कथा १७९
चिंचा माणविकाको कथा १८०
सुन्दरी परिव्राजिकाको कथा १८०
मागन्धीको कथा १८०
देवदत्तको कथा १८१
पुण्ण स्थविरको कथा १८२
क्षान्तिको महत्व १८३
दश पारमितामा क्षान्ति पारमिता १८४
क्षान्तिपारमिता, उपपारमिता र परमत्थपारमिता १८५
उरग जातक (३५४) १८५
महापद्म जातक (४७२) १८८
खन्तिवादी जातक (३१३) १९१
८. सत्य पारमिता १९५
अङ्गुलिमालको कथा १९७
कण्हदीपायण जातक (४४४) १९८
सत्य पारमिता पूर्ण गर्नको लागि बल २००
अधिमुक्त श्रामणेरको कथा २०१
राहुलोवाद सुत्त २०४
अभय राजकुमार सुत्त २०५
दश पारमितामा सत्यपारमिता २०७
सत्य पारमिताको कथात्मक व्याख्या २०७
पद्म जातक (२६१) २०८
सत्य पारमिता, उपपारमिता र परमत्थपारमिता २०९
दशरथ जातक (४६१) २०९
हारित जातक (४३१) २१०



Downloaded from http://dhamma.digital

९. अधिष्ठान पारमिता २१३
चारप्रकारका अधिष्ठान २१५
अधिष्ठान पामिताको प्रतिप्रति क्रम २१६
एक भिक्षुको कथा २१९
सारिपुत्र महास्थविरको कथा २१९
दश पारमितामा अधिष्ठान पारमिता २१९
अधिष्ठानपारमिताको कथात्मक व्याख्या २२०
मातङ्ग जातक (४९७) २२२
अधिष्ठान पारमिता, उपपारमिता र परमत्थपारमिता २२२
तेमिय चर्या २२३
१०. मैत्री पारमिता २२५
मैत्री भावना २२८
मैत्रीको आनिशंस २३१
विशाख स्थविरको कथा २३२
दश पारमितामा मैत्री पारमिता २३५
श्यामावतीको कथा २३६
रोजमल्लको कथा २३७
एक भिक्षुको कथा २३७
उत्तराको कथा २३८
चूल्ल धम्मपाल जातक (३५८) २३९
सरभ मृग जातक (४८३) २३९
मैत्री पारमिता, उपपारमिता र परमत्थपारमिता २४१
एकराज जातक (३०६) २४१
११. उपेक्षा पारमिता २४३
एघार प्रकारका उपेक्षा २४६
दश पारमितामा उपेक्षापारमिता २४८
पारमिताको धर्म संक्लेश २५०
अननुसोचिय जातक (३२८) २५०
उपेक्षापारमिता, उपपारमिता र परमत्थपारमिता २५२
कण्हदीपायन जातक (४४४) २५३
दशरथ जातक (४६१) २५४



Downloaded from http://dhamma.digital

# दश पारमिता

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# दश पारमिता

महापुरुष अथवा महान व्यक्ति हुनलाई गुणधर्म परमावश्यक हुन्छ । पूर्णधर्मविना कुनै पनि व्यक्ति महापुरुष अर्थात् महानव्यक्ति हुनसक्दैन । राजाको छोरा, महाजनको छोरा, विद्वानको छोरा हुँदैमा वा धन, जन, सन्तान हुँदैमा कुनै पनि व्यक्ति महापुरुष हुँदैन । त्याग, नैतिकता, निष्कामता, समानता, परोपकार र अनवरत कार्यशीलता आदि गुणयुक्त व्यक्ति नै महापुरुष हुन्छ । तर यस्तो गुण बनाउन लामो तपश्याको आवश्यकता पर्दछ ।

वास्तवमा सुमेध तापस दीपंकर बुद्धकै पालामा नै अर्हत हुनसक्ने क्षमता भएर पनि उनले बहुजन हिताय र सुखायको अभिप्राय बोकी आफूले प्राप्त गर्न सक्ने अर्हतत्व समेत परित्याग गरे । यसरी साँच्चै महापुरुष हुन चाहनेले ठूलो अभ्यासबाट महान गुणहरू आफूमा बनाउन सबैभन्दा पहिले आफूलाई प्राप्त भएको सुख नै अरुको लागि उपयोग गर्नेहुन्छ ।

तत्कालीन राजनैतिक दृष्टिले सिद्धार्थ कुमार साधारण राजाका सुपुत्र हुन् । तर आज उनी विश्वमा एकजना महान दार्शनिकको रूपमा, मानवजगतको महान क्रान्तिकारीको रूपमा साथै शान्तिका अग्रदूतको रूपमा प्रख्यात छन् । त्यसैले शाक्यमुनि बुद्ध नेपालको मात्र नभएर विश्वकै हुन्, विश्वकै ज्योति पनि हुन् । बुद्ध यस लोकमा प्रसिद्ध भएको न राजाको सुपुत्र भएर हो न धन, जन र सन्तानले गरेर नै हो भने न त देव-ब्रह्माले गरेर नै हो । आफ्नै आदर्शमय जीवन र श्रेष्ठतम चरित्रले गर्दा बुद्ध यस धर्तीमा प्रसिद्ध भएका हुन् । बुद्धको यसै आदर्श र श्रेष्ठतम चरित्रको अभ्यासलाई पारमिता-गुणधर्म पूर्ण गर्नु भनिन्छ । बुद्ध, प्रत्येकबुद्ध वा अर्हत् हुनलाई दश पारमिता अर्थात् दश गुणधर्म अनिवार्य छन् भन्ने कुरा बौद्ध साहित्यमा उल्लेख भएको पाइन्छ । त्यसैले बुद्ध, प्रत्येकबुद्ध र अर्हत्हरूलाई चिन्नको लागि मात्र होइन सबै बौद्धहरूले स्वयं आफूमा बौद्धत्वगुण अभिबृद्धि गर्नको लागि पनि पारमिताधर्म अध्ययन र अभ्यास नगरी नहुने गुणधर्म हो ।



Downloaded from http://dhamma.digital

## त्रिविध बोधि

बोधि तीन प्रकारका छन् । यहाँ बोधिको तात्पर्य विशेष ज्ञान, यथार्थज्ञान वा सम्यक्ज्ञान हो । अर्को शब्दले भन्नुपर्दा आर्यमार्ग वा सर्वज्ञताज्ञान हो ।

तीन बोधि :-

*१) श्रावकबोधि*

*२) प्रत्येकबोधि*

*३) सम्यक् सम्बोधि*

श्रावकको साधारण अर्थ श्रोता हो । प्रायः मानिसहरूलाई जतिसुकै तीक्ष्ण र सहजप्रज्ञा भए तापनि कम्तिमा श्रोतापत्ति हुनलाई अरुसँग उपदेश सुन्नु *"परतो घोष प्रत्यय"* हुनु आवश्यक हुन्छ । जस्तै- सारिपुत्र स्थविरले बुद्धधर्ममा प्रवेश गर्नुअघि अस्सजित भन्तेको उपदेश सुने र मार्गफल पनि प्राप्त गरे । अरुसँग उपदेश सुनेर मात्र अवबोध हुने हुनाले श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत् आर्यहरूलाई श्रावक भनिएका हुन् र श्रावकहरूको ज्ञानलाई *"श्रावकबोधि"* भनिन्छ ।

अरुबाट धर्मश्रवण नगरी कुनै एउटा निमित्त लिएर *"पटिच्च समुप्पाद"* (प्रतीत्यसमुत्पाद) विचार गरी आफू एक्लै निर्वाण अवबोध गर्नेलाई *"प्रत्येकबुद्ध"* भनिन्छ । उनको ज्ञान- *"प्रत्येकबोधि"* हो । अरुसँग सोधेर आफू पनि बोध भएर अरुलाई पनि बोध गर्ने सामर्थ्य श्रावकसँग हुन्छ । तर प्रत्येकबुद्ध आफू एक्लै बोध भएर अरुलाई भने निर्वाण धर्म-ओवाद गर्दैनन् । श्रावकहरू बुद्धोत्पाद कालमा मात्र उत्पत्ति हुन्छन्, जबकि प्रत्येकबुद्ध बुद्धोत्पाद नभएको कालमा मात्र उत्पत्ति हुन्छन् ।

आफू स्वयंले ज्ञान-निर्वाण बोध गर्न सक्ने र अरुलाई समेत बोध गर्नसक्ने सामर्थ्यता प्राप्त वा शक्तिपूर्ण व्यक्तित्वलाई *"सम्यक् सम्बुद्ध"* भनिन्छ । सम्यक् सम्बुद्धको ज्ञान नै *"सम्यक् सम्बोधि"* ज्ञान हो । सम्यक्को अर्थ यथार्थरूपले हो भने 'सं' को अर्थ स्वयं र 'बुद्ध' को तात्पर्य अवबोध हो ।

## पारमी

माथि उल्लेखित तीन बोधिहरूमध्ये आफूलाई प्रसन्न वा स्वीकार्य एउटा बोधि प्राप्तिको लागि संसारबन्धनबाट मुक्त भएको निर्वाणको प्रार्थना गरी कुशलचर्या गर्नुलाई नै *पारमी* वा *पारमिता* भनिन्छ । पारमीरूपी कुशल



Downloaded from http://dhamma.digital

बोधि निर्वाणतिर लाने रथसमान हुन्छ। बुद्धत्व प्रार्थना पूर्ण गर्ने कुशलचर्या गर्नुलाई *महाबोधियान* अर्थात् *महायान* भनी भनिएको छ। प्रत्येकबुद्धत्व-प्रार्थना पूर्ण गर्ने कुशलचर्या *प्रत्येकबोधियान* हो। अर्हतत्व प्रार्थना पूर्ण गर्ने कुशलचर्या *श्रावक-बोधियान* हो।

गंगानदी, समुद्र आदि पार तर्नुलाई पनि '*पार*' भनिन्छ। यथार्थतः सांसारिक बन्धनबाट पारको अवस्थालाई निर्वाणको संज्ञा दिइएको हो। संसाररूपी सागरको पार निर्वाण भएकोले निर्वाण पुग्ने गुणधर्मको अर्थले पनि यसलाई पारमी भनिएको हो। अर्को शब्दमा भन्ने हो भने-*'सम्बोधि संख्यात'* पार जानलाई र उपकार हुने गुणधर्मलाई पारमी भनिएको हो। दानशील आदि गुणधर्म पुरा गरिलानु नै पारमिता हो।

चरियापिटक अर्थकथाअनुसार तृष्णा, मान, दृष्टि मिश्रित नभएको, क्लेश धमिलो नभएको, करुणा र कौशल्यले राम्ररी सुरक्षित भएको दान शील आदिलाई पनि पारमी भनिएको देखिन्छ। यसले स्पष्ट हुन्छ कि पारमी पुरा गर्ने बखतमा तृष्णा, मान र दृष्टि क्लेशबाट अलग हुनुपर्दछ। साथै करुणा र ज्ञानले आफूलाई सुरक्षित बनाइराख्नुपर्छ।

वास्तविक बौद्धहरूले स्वार्थगत भावनाले वा आशावादी भएर कुनै कुशलक्रिया गर्नु हुँदैन। यदि कसैले पनि भवभोग सम्पत्तिको आशा गरेर पुण्यकर्म गरेमा एकातिर त्यसको महत्त्व कम हुन्छ भने अर्कोतिर आशा, तृष्णा र इच्छा घट्नुको सट्टा झन् बढेर जाने सम्भावना हुन्छ। जसले गर्दा उसको क्लेश मात्र अधिक हुन्छ। तब ऊ निर्वाणको मार्गबाट टाढिदै जान्छ। यस्तो पुण्यकर्म मजबूत तवरले पारमीधर्ममा समावेश पनि हुँदैन। हाम्रो समाजमा कीर्ति, प्रशंसा वा नाम प्रचार गर्ने उद्देश्यले दान आदि गर्नेहरूका संख्या कम छैनन्। साँच्चै भन्ने हो भने यस्ता पुण्य पनि तृष्णा मिश्रित भएर पारमिताको गुणधर्ममा समावेश हुँदैन। त्यसरी नै आफ्नो उच्च श्रेणीत्व, सामर्थ्यता, धनमत्ता परजनलाई देखाउनको लागि मात्र धन खर्च गरेर पुण्य गर्नेहरू पनि हाम्रो समाजमा धेरै छन्। 'ऊभन्दा म के कम ?' भन्ने भावना जगाएर 'उस्लेभन्दा मैले धेरै दान गर्छु' भनी जसले दान गर्छ वा शील पालन गर्छ, त्यो मान मिश्रित कुशलकर्म भएकोले पारमिता गुणधर्म अन्तर्गत पर्दैन।



Downloaded from http://dhamma.digital

कसैकसैले विदर्शना (विपश्यना) मार्गफल विषयमा कुनै पनि विचार नगरी दान, शील र तपश्याले मात्र मन शुद्ध हुन्छ भनी विचार गर्दछ । तर यो गलतधारणा हो, यो दृष्टि मिश्रित कुशलधर्म भएकोले यो पनि पारमिता गुणधर्म अन्तर्गत पूर्णरूपले पर्दैन ।

*"यस्स कामनाय पवत्तितं हीनं, पुञ्ञफल कामनाय पवत्तितं मज्झिमं,*
*कत्तब्बं मे विदन्ति अरियभावं निस्साय पवत्तितं पणीतं ।"*

भवभोग, सम्पत्ति यश र कीर्तिको लागि जुन व्यक्तिले कुशलकर्म गर्दछ, त्यो हीनकुशलकर्म हुन्छ । आफ्नो विमुक्तिको कारणले गरिने कुशलकर्म मध्यमस्तरको हुन्छ । सारा प्राणीहरूको मुक्तिको लागि भनी गरिने कुशलकर्म प्रणीत स्तरको हुन्छ ।

यथार्थतः पारमिता भनेको करुणा भरिएको स्वच्छ शीतल हृदयले पुरा गर्नुपर्छ । फेरि त्यस अवस्थामा परजनबाट क्रोध, ईर्ष्या आदि जे जेस्ता अप्रिय व्यबहार प्रदर्शन गरेतापनि अखण्डरूपले आफ्नो कार्य गरिंदै लानुपर्छ । तब मात्र ऊ सफल हुन सक्छ ।

हो, कहिलेकाहिं करुणाचित्तबाट पनि मूढक्रिया हुन सक्छ । त्यस अवस्थामा प्रज्ञामा प्रतिष्ठित भएर करुणालाई आरक्षा गर्नुपर्छ । अर्थात प्रज्ञाले करुणाको वैकल्पिक कार्य गर्न सक्नुपर्छ । प्रज्ञानुकूल गरिने कारुणिक क्रिया नै सर्वप्रकारले श्रेष्ठोत्तम हुन्छ ।

पारमिता दश प्रकारका छन् । जस्तै :-

*१) दान - त्याग ।*
*२) शील - नैतिकगुण ।*
*३) नैष्क्रम्य - अनाशक्ति, वैराग ।*
*४) प्रज्ञा - यथार्थज्ञान ।*
*५) वीर्य - उत्साह ।*
*६) क्षान्ति - सहनशीलता ।*
*७) सत्य - यथार्थवचन*
*८) अधिष्ठान - प्रतिज्ञा*
*९) मैत्री - समताभाव, समानभाव*
*१०) उपेक्षा - मध्यस्थता*



Downloaded from http://dhamma.digital

यी माथि उल्लेखित दश पारमितालाई *पारमिता, उपपारमिता, परमत्थपारमिता*को रूपमा तीस संख्यामा पुऱ्याउन सकिन्छ। त्यसरी नै अर्हतको लागि दश पारमिता, प्रत्येकबुद्धको लागि दश पारमिता र दश उपपारमिता गरी बीस पारमिता र सम्यक् सम्बुद्धको लागि सबै तीस पारमिता गुणधर्महरू पुरा गर्न अनिवार्य छ।

## पारमिता धर्मको लक्षण

अरुलाई अनुकम्पा राख्नु, दया गर्नु पारमिताको लक्षण हुन्। परोपकार गर्नु नै पारमिताको रस (काम) हो। आफ्नो श्रमले प्राणीप्रति अनुकम्पापूर्ण हृदयले र प्रज्ञापूर्ण दृष्टिकोणले गरिने परोपकार चर्या नै बोधिसत्त्वको क्रिया हुन्छ। त्यसैले बुद्धत्वप्रार्थना गरी गुणधर्म पुरा गर्नेहरूलाई एकातिर बोधिसत्त्व भनिन्छ भने अर्कोतिर परजनको हितोपकार गर्नेलाई पनि बोधिसत्त्व नै भनिन्छ। अथवा आफ्नो स्वार्थको लागि होइन परार्थको लागि धन, शक्ति, जीवन दिन सक्नेलाई बोधिसत्त्व भनिन्छ। बोधिसत्त्वबाट हुने यस किसिमका क्रियाकलापलाई नै *बोधिचर्या* भनिन्छ भने बोधिचर्याद्वारा नै बुद्धत्व प्राप्तिको अवस्थामा पुग्न सकिने हुन्छ। यसप्रकार बोधिसत्त्व-धर्म र परोपकार एक अर्काको अर्थ खुलस्त पारिदिने पर्यायवाची शब्दजस्तै हुन्।

अरुहरूको दुःख देखेर बोधिसत्त्वले आफूलाई नै भएझैं सम्झिन्छन् र मनमा दुःखको अनुभूतिको महशूस गर्ने हुन्छ। बोधिसत्त्वले जुनसुकै उपाय वा कुशलताले परदुःख हटाउन स्वयंले नै अदम्य उत्साह गर्दछन्। अरुलाई दुःखमुक्त गरिदिन नसकेसम्म उनमा प्रीति उत्पन्न हुँदैन।

बोधिसत्त्वले जोसुकैसँग पनि जहिले पनि हितैषी भाव देखाउंदछन्। आफू-अरु, उँच-नीच, सम-असम, भेदभाव नराखी, विश्व नै आफ्नो परिवारजस्तै गरी आफ्नो हित-सुखको वास्ता नराखी बोधिसत्त्वले अर्काको हितसुखको कामना गर्दछन्।

सकल सत्व प्राणीप्रति चुलि भरिएको करुणात्मक परोपकार नै उनको जीवन लक्ष्यको प्रधानाङ्ग हुन्छ। उनको हृदय नै करुणायुक्त भाँडो जस्तै हुन्छ। वचन र क्रियाले पनि बोधिसत्त्व करुणासहगत चित्तका हुन्छन्। आध्यात्मिक करुणाले उनको आँखा तेजिलो हुन्छ भने अनुहारमा प्रसन्नता छाएको हुन्छ।



Downloaded from http://dhamma.digital

## पारमी धर्मको प्रत्यय

*मनुस्सत्तं लिंगसम्पत्ति, हेतु सत्थारदस्सनं ।*

*पब्बज्जा गुणसम्पत्ति, अधिकारो च छन्दता ।*

*अट्ठधम्मे समोधाना, अभिनिहारो समिज्झति ॥*

यस गाथा अनुसार पारमीधर्मको प्रत्यय अर्थात उपकारक अङ्ग आठ प्रकारका छन् । यंहाँ आठ अंगको विषयमा अलगअलग उल्लेख गरिनेछ ।

१. *मनुस्सत्तं* : मनुष्यत्व । बुद्ध पनि मनुष्य नै थिए, देव ब्रह्मादि होइन । त्यसैले बुद्धत्वको लागि मनुष्यजन्ममा नै पहिलोपल्ट प्रार्थना गर्नुपर्छ । यदि प्रार्थनाअनुसार कार्य पनि सफल हुन्छ भने भविष्यमा बुद्ध हुन्छ । अन्य देव ब्रह्मादि जातिले सर्वप्रथम बुद्धत्व प्रार्थना गरी पारमिता गुणधर्म सिद्ध हुँदैन ।

२. *लिङ्गसम्पत्ति* : पुरुषत्व । पुरुषत्व भावमा नै बुद्धत्वको लागि प्रार्थना गरिनुपर्छ । पुरुषत्व भावले नै बुद्ध हुन्छ । त्यसैले स्त्री, नपुंसक वा पण्डक (दुवै लिङ्ग भएको) आदि भावमा प्रार्थना गरेर कहिले पनि सिद्ध हुँदैन ।

३. *हेतु* : त्यसै अवस्थामा वा जन्ममा अर्हत्सम्मका हुनसक्ने पुण्य भएको हुनुपर्छ । जस्तै सुमेध तापस त्यसै जन्ममा अर्हत्सम्म हुनसक्ने पुण्य भएको हुनुहुन्थ्यो ।

४ *सत्थारदस्सनं* : शास्ताको दर्शन । बुद्धत्व प्रार्थना वा बोधिसत्त्व गुणधर्म पालनाको प्रारम्भ बुद्धको दर्शनदेखि शुरु हुन्छ । बोधिवृक्ष र चैत्य आदि स्थानमा प्रार्थना गरी सिद्ध हुँदैन । जस्तै सुमेध तापसले दीपङ्करबुद्धको सम्मुख बुद्धत्व प्रार्थना गरे ।

५. *पब्बज्जा* : प्रव्रज्या । बुद्ध-प्रार्थना गर्नाले कर्म र कर्मफलमा विश्वास गरी पव्रजित (गृहत्यागी) भएर नै प्रार्थना गर्नुपर्छ, गृहस्थ भएर होइन । जस्तै सुमेध तापसले प्रव्रजित भएर प्रार्थना गरे । फेरि बुद्ध स्वयं पनि पव्रजित हुन्छन् । गृहस्थ बुद्ध भएर गृहस्थमा बस्न असम्भव छ ।

६. *गुणसम्पत्ति* : पञ्च अभिज्ञा र अष्ट समापत्तिजस्ता गुणसम्पत्ति हुनुपर्छ । प्रब्रजित भएर पनि यी गुणसम्पत्तियुक्त भएको व्यक्तिले मात्र बुद्धत्व प्रार्थना गरेर सिद्ध गर्न सक्दछ । यी गुण नभएकाहरूले सक्दैनन् ।



Downloaded from http://dhamma.digital

*७. अधिकार: आधिपत्य।* आवश्यक परेमा आफ्नो जीवनसम्म बुद्धत्वको लागि त्याग गर्न सक्ने हुनुपर्दछ। सुमेध तापसले जस्तै प्राण परित्यागको प्रण नगरिकन नै बुद्धत्व प्राप्त गर्नु सम्भव छैन।

*८. छन्दः* बुद्ध हुने महति इच्छा। महान उत्साह र प्रयत्न भएको हुनुपर्छ। अन्यथा होइन।

*यी आठ मूल अङ्गहरू प्रत्यय वा दृढ संकल्पलाई नै अभिनिहार भनिन्छ। विवरण प्राप्त हुने अवस्थामा आफू स्वयं बुद्ध भएर परजनलाई पनि चार आर्यसत्य अवबोध* गर्नेछु भनी प्रार्थना गरिनु 'प्रथम प्रार्थना' हो। नियत विवरणको तात्पर्य बुद्धको भविष्यवाणी हुन् भन्ने कुरा दीपङ्कर बुद्धले सुमेध तापस हिलोमा पल्टेर बसेको दृश्य देखेर निश्चय नै यो तापस भविष्यमा बुद्ध हुने दृढसंकल्प (अभिनिहार) गरी पल्टिरहेको छ भन्ने कुरा स्वयं आफैले बुझेका थिए। गहन विचार पछि सुमेध तापस भविष्यमा गौतम बुद्ध हुनेछ भन्ने निर्णयमा पुगी भविष्यवाणी समेत गरे।

'भविष्यमा हुने गौतम बुद्धको कुलभूमि कपिलवस्तु नगर हुनेछ, आमा महामाया, बाबु शुद्धोदन हुनेछ। साथै प्रथम शिष्य उपतिस्स (*सारिपुत्र*), द्वितीय शिष्य कोलित (मौद्गल्यायन) भने परिचारक (उपस्थापक) आनन्द स्थविर हुनेछ। यसरी नै खेमा स्थविरा प्रथम शिष्या, उत्पलवर्णा द्वितीय शिष्या हुनेछन् भने उनीहरू ज्ञानले परिपक्व भएर नै गृहत्याग (*अभिनिष्क्रमण*) गर्नेछन्। महान तपश्यापछि न्यग्रोध रुखमुनि खीर ग्रहण गरी नेरञ्जना नदी-तीरमा भोजन गरी बोधिमण्डपमा बसी पिपलबोटमुनी बुद्धत्व प्राप्त गरिलिनेछ।'

गौतम बुद्धप्रतिको यो उल्लेखलाई नै नियत विवरण भनिएको छ।

## प्रत्येकबुद्ध र श्रावकबुद्धहरूको लागि अभिनिहार

प्रत्येकबुद्धहरूको मूल प्रार्थनाको (अभिनिहार) बखतमा पाँच अङ्गयुक्त हुनुपर्दछ। ती हुन् :-

१) मनुष्यत्व

*२) लिङ्गसम्पत्ति*

*३) क्षीणाश्रव दर्शन*



Downloaded from http://dhamma.digital

*४) अधिकार*

*५) छन्द ।*

यहाँ क्षीणाश्रव दर्शन भनेको बुद्ध, प्रत्येकबुद्ध र अर्हत्‌हरूका सम्मुख हुनु हो । प्रथम प्रार्थना सारा क्लेश नाश भइसकेकाहरूका अगाडि मात्र सिद्ध हुन्छ । महाश्रावकहरूका अधिकार र छन्द यी दुई अङ्गयुक्त भएमा पनि समृद्ध हुन्छ भनिएको छ ।

प्रसंगवश यहाँ चरियापिटक अर्थकथाअनुसार पारमी सम्बन्धमा आचार्यहरूका केही मतान्तरहरूको चर्चा गरिनु प्रासङ्गि हुन्छ ।

१. अकुशलसँगै मिश्रित दान आदि गुणधर्मलाई पारमी भनिन्छ। अकुशलसँग मिश्रित नभएको दान आदि कुशलधर्मलाई उपपारमी भनिन्छ। अकुशल पनि नभएको कुशल पनि नभएको दान आदि धर्मलाई परमार्थपारमी भनिन्छ ।

२. अर्को मतअनुसार अभिनिहार अर्थात मूल प्रार्थनाभन्दा अगाडि पुरा गरिएको दान आदि धर्मलाई पारमी भनिन्छ। अभिनिहारभन्दा पछि पुरा गरिएको दान आदि धर्मलाई उपपारमी भनिन्छ भने बुद्धभूमिमा बसेर पुरा गरेको दान आदि धर्मलाई परमार्थपारमी भनिन्छ।

३. त्यसै गरी अर्को मतअनुसार बोधिसत्त्वभूमिमा बसेर परमार्थको लागि पूर्ण गरेको दान आदि गुणधर्मलाई पारमी भनिएझैं आफ्नो लागि गुणधर्म पुरा गर्नुलाई उपपारमी भनिएको छ । आफ्नो र अर्काको लागि गरिने दान आदि गुणधर्मलाई परमार्थपारमी भनिएको छ।

४. त्यसरी नै पारमी श्रावकको हुन्छ, उपपारमी प्रत्येकबुद्धबाट हुने र परमार्थपारमी सम्यक् सम्बुद्धबाट हुने कुरा पनि उल्लेख भएको छ ।

५. अर्को मतअनुसार सांसारिक सुख दिने पुण्य पारमी हो र निर्वाणसुख दिने पुण्य उपपारमी हो भने अरुलाई सांसारिकसुख र निर्वाणसुख दिने पुण्य परमार्थपारमी हो ।

माथि भनिएअनुसारको अर्थपरिधि वा व्याख्यानअनुसार दश पारमिता नै तीस पारमिता हुन्छन् भने अर्कोतिर दानशीलादि अनुसार दश पारमी नै स्वभाव अनुरूप षट् पारमितामैं सीमित गरी देखाइएको पनि छ, जुन षट् पारमिताको प्रचलन नेपालमा अद्यावधि रहीरहेको छ । ती हुन्:-



Downloaded from http://dhamma.digital

*१) दान*      *४) वीर्य*

*२) शील*      *५) ध्यान र*

*३) क्षान्ति*      *६) प्रज्ञा ।*

दश पारमिता अन्तर्गत नैष्क्रम्यपारमिता प्रव्रज्या प्राप्त हुने अवस्थामा हुने भएकोले यस्लाई शीलपारमितामा गाभिएको छ। नीवरणदेखि अलग अवस्था ध्यान पारमितामा समावेश हुन्छ। अकुशलदेखि अलग भएर कुशल प्राप्त अवस्थामा दान आदि षत पारमिता पनि एकै ठाँउमा मिल्न आउँछ। ***सत्यपारमिता वा विरति सत्यको पक्षमा, शीलपारमितामा, ज्ञान सत्यको पक्षमा प्रज्ञापारमिता संग्रह हुन्छ।*** मैत्रीपारमिता ध्यानमा समावेश हुन्छ। उपेक्षापारमिता ध्यान र प्रज्ञा दुबैमा समावेश हुन्छ। अधिष्ठानपारमिता ६ वटैमा संग्रहित हुन्छ। वस्तुत: संक्षिप्तमा भन्ने हो भने सारा पारमी करुणा र प्रज्ञा दुबैमा संग्रहित हुन्छ।

## पारमिता सम्पादन गर्ने उपाय

पारमिता जति महानगुण हो, त्यति नै यो पुरा गर्न उपाय वा कुशलता पनि बलियो हुनुपर्छ, दरिलो हुनुपर्छ। यहाँ यसैबारे चर्चा गरिनेछ।

१. *अनवसेस सम्भरण* अर्थात दान आदि दश पारमितामध्ये कुनैपनि नछोडी सम्पादन गर्नु।

२. *सक्कच्च कारिताय* अर्थात दश पारमितामा आदर गौरव राखी राम्ररी क्रमैसँग सम्पादन गर्नु।

३. *सातच्च कारिताय* अर्थात अखण्डरूपले पारमिता सम्पादन गर्नु।

४. *चिरकालाभियोग* अर्थात चिरकालदेखि पारमिता अभ्यास गरी सम्पादन गर्नु।

## पारमिता सम्पादन समय

एक दिन आनन्द स्थविरले सोध्नुभयो -

'भो भगवान् ! बुद्धत्वप्रार्थना पुरा गर्न कति समय बित्दछ ?'

बुद्धद्वारा आज्ञा हुन्छ- *'बुद्धानं आनन्द, हेट्ठिम परिच्छेदेन चत्तारि असंख्यय्यानि कप्पसतसहस्सानि, मज्झिम परिच्छेदेन अट्ठ असंख्यय्यानि*



Downloaded from http://dhamma.digital

*कप्पसतसहस्सानि, उपरिम परिच्छेदेन सोलस असंख्यय्यानि कप्पसतसहस्सानि ।'*

आनन्द, कम्तिमा पनि निम्न परिच्छेदले चार असंख्य एक लाख कल्प, मध्यम परिच्छेदले आठ असंख्य एक लाख कल्प र उत्तम परिच्छेदले सोह्र असंख्य एकलाख कल्पले बोधिसत्त्वहरूको पारमिता सम्पादन सम्पूर्ण हुनेहुन्छ ।

## तीन प्रकारका बोधिसत्वहरू

प्रज्ञा, श्रद्धा र वीर्य यी तीन गुणधर्म बुद्धत्व प्राप्तिको लागि उपकारक गुणधर्म हुन् । यी तीन गुणधर्म सबै बोधिसत्त्वहरूमा समानरूपले विद्यमान रहँदैन । त्यसैले बोधिसत्त्व पनि तीन प्रकारका हुन्छन् ।

जस्तै :-

*१. प्रज्ञाधिक*
*२. श्रद्धाधिक*
*३. वीर्याधिक*

प्रज्ञाधिक (प्रज्ञा अधिक) बोधिसत्त्वहरूको श्रद्धा अल्प हुन्छ । वीर्य मध्यम हुन्छ । श्रद्धाधिक बोधिसत्त्वहरूको प्रज्ञा मध्यम हुन्छ भने वीर्य हीन हुन्छ । वीर्याधिक बोधिसत्त्वहरूको प्रज्ञा कम हुन्छ, श्रद्धा मध्यम हुन्छ ।

प्रज्ञाधिक बोधिसत्त्वहरूलाई चार असंख्य र एक लाख कल्पमा सम्बोधि प्राप्त हुन्छ । श्रद्धाधिक बोधिसत्त्वहरूलाई आठ असंख्य र एकलाख कल्पमा सम्बोधि प्राप्त हुन्छ । वीर्याधिक बोधिसत्त्वहरूलाई सोह्र असंख्य र एकलाख कल्पमा सम्बोधि प्राप्त हुन्छ ।

जो-कोही बुद्ध हुनसक्छ , बुद्धधर्ममा जो-कसैलाई पनि बुद्ध हुनको लागि अवसर दिइएको छ । बुद्धहरू फक्रिएको फूलजस्तै हुन् । बुद्ध हुनलाई इच्छा गर्नेहरू कोपिलाजस्तै हुन् । बौद्ध दृष्टिकोणमा बुद्ध हुने शक्ति सबै प्राणीहरूमा नभएका होइनन् । तर त्यो शक्ति गुणधर्मले पूर्ण गर्नुपर्छ । गुणधर्मको पूर्णताले मात्र बुद्ध हुन्छ, त्यसै बुद्ध हुँदैन ।

यहाँ पारमिता आनिशंस (फल) बारे उल्लेख गरिनेछ । जबदेखि बोधिसत्त्वले मूलप्रार्थना अर्थात् अभिनिहारले पूर्णता प्राप्त गर्दछन् तबदेखि निम्न अभव्यस्थानमा जन्म हुँदैन । यसैगरी चार बुद्धभूमि, छ अभ्यास र चार सम्पत्तियुक्त हुन्छन् ।



Downloaded from http://dhamma.digital

## अठार (अभव्यस्थान)

अपदान ग्रन्थ र सुत्तनिपातको अर्थकथाअनुसार नियत विवरण प्राप्त बोधिसत्त्व बुद्ध नभएसम्म कहिले पनि (१) जन्मले अन्धो हुँदैन (२) बहिरो हुँदैन, (३) पागल हुँदैन, (४) दुर्गम स्थानमा जन्म हुँदैन, (५) दोषी गर्भमा जन्म हुँदैन, (६) मिथ्यादृष्टिक हुँदैन, (७) लिंग परिवर्तन हुँदैन,(८) आनन्तर्यकर्म (आमाबाबु, अरहन्त, गुरुको हत्या, संघभेद, बुद्धमाथि सांघातिक हमला गर्दैन, (९) कुष्ठ रोग हुँदैन, (१०) पशुयोनीमा बट्टाईभन्दा सानो र हात्तीभन्दा ठूलो भएर जन्म लिंदैन, (११) *खुप्पिपासा* र *निज्भामतण्हिक* भनिने प्रेतयोनीमा जन्म हुँदैन, (१२) *काल कञ्जिक* असुर निकायमा जन्म हुँदैन, (१३) लोकान्तरिक नरकमा जन्म हुँदैन, (१४) अवीचि नरकमा जन्म हुँदैन, (१५) कामलोकमा मार हुँदैन, (१६) रूपलोकमा असञ्ञिभूमिमा जन्म हुँदैन, (१७) अरूपलोकमा जन्म हुँदैन, (१८) अन्य चक्रवाल (ब्रह्माण्ड)मा जन्म पनि हुँदैन ।

## चार-बुद्धभूमि

१) *उत्साह* : दान आदि क्रिया विषयमा हतोत्साह नभई अगाडि बढ्ने स्वभाव ।

२) *उम्मग* : पारमिता पुरा गर्ने अवस्थामा निर्दोषीरूपले उपाय थाहा पाउने तीक्ष्ण स्वभाव ।

३) *अवत्थान* : जतिसुकै बाधा आए तापनि, जतिसुकै कष्ट भए तापनि दान आदि गुणधर्म निश्चलरूपले गर्ने ।

४) *हित चरिया* : आफूलाई दुःखकष्ट दिनेलाईसमेत नछोडी सकल प्राणीप्रति मैत्री र करुणा राख्ने ।

यी चार गुण पारमी पुरा गर्नलाई अति उपकारी भएकोले यसलाई बुद्धभूमि भनिएको हो । अर्थात् यी गुणविशेष बुद्धत्व प्राप्तिको लागि पृष्ठभूमिजस्तै हुन् ।

## बोधिसत्त्वहरूको छ अज्भास

१. *नेक्खम्मज्भास*

२. *पविवेकज्भास*

३. *अलोभज्भास*



Downloaded from http://dhamma.digital

४. *अदोसज्भास*

५. *अमोहज्भास*

६. *निस्सरणज्भास*

अज्भासको अर्थ विचार हो। यी ६ प्रकारका अज्भासको विचार बोधिसत्त्वहरूमा भइरहन्छ। जसरी रूख बलियो बनाउन जरा उपकारक भएझैं बोधिसत्त्वहरू बोधिचर्यामा स्थीर हुनलाई यी ६ अज्भास अत्यन्त उपकारक हुन्छन्। जरा बलियो नभएमा ठूलो हावा आउंदा रूख ढल्दछ। त्यसरी नै ६ अज्भास नभएमा बोधिचर्या विनाश हुने सम्भावना रहन्छ, जसबाट बुद्ध हुने सम्भावना टाढिँदै जान्छ। अब यहाँ यिनै ६ अज्भासबारे अलगअलग संक्षिप्त परिचय दिइनेछ।

१) *नेक्खम्मज्भास* : गृहत्याग गर्नु अर्थात् आशक्तिबाट अलग हुने विचार, जुन बोधिसत्त्वहरूमा भइ नै रहन्छ। *'सदा सम्बाधायं घरावासा'* भनेझैं घरको दोषलाई बोधिसत्त्वले देखिरहन्छन्। घरमा बस्ने विचार हुँदैन। त्यसरी नै पञ्चकाम विषयमा दोष देखेर धन, जन, घर, खेत र सन्तान छोडी प्रव्रजित हुन्छन्। नेक्खम्मज्भास सम्पत्ति नभएको व्यक्ति पञ्चकाममा मात्र भुलेर एक रूपैंया पनि त्याग गर्ने शक्ति नभएको हुन्छ। गहिरो पोखरीमा गह्रुंगो ढुङ्गा जहिले पनि तलको तलै रहिरहन्छ। त्यो कहिले पनि माथि आउन सक्दैन। त्यस्तै उनीहरूको जीवन पनि माथि उकास्न सकिँदैन।

२) *पविवेकज्भास* : विवेकशील हुने विचार अर्थात विवेक प्रिय भएर विवेकमा बस्ने विचार बोधिसत्त्वहरूमा रहन्छ। तब छोराछोरी, आफन्त र जहान परिवार जम्मा गरी त्यसैमा मात्र भुलेर बस्नुमा दोष देख्दछन्। घर, परिषदको बीचमा बस्ने इच्छा गर्दैनन्। जसरी जेलमा बसेको कैदी जहिले पनि जेलबाट बाहिर निस्कने विचार गर्दछ ,स्वयं आफूलाई पुनः पक्रेर जेलमा राख्न खोज्दा पनि त्यसरी नै बाहिर निस्कन पाउने विचार गर्दछ। त्यसरी नै पविवेकज्भास अभ्यन्तरमा भएका बोधिसत्त्वहरू मानिसहरूकाबीच रहे तापनि पविवेकज्भास अभ्यन्तर गति भएको कारणले फेरि विवेक स्थानमा जान विचार गर्दछन्।

३) *अलोभज्भास* : लोभलाई जित्नु अर्थात लोभको प्रतिपक्ष विचार। बोधिसत्त्वले लोभको दोष देख्दछन्। अलोभ विचार भएका बोधिसत्त्वहरू भएकाले



Downloaded from http://dhamma.digital

जुनसुकै वस्तु भए तापनि सजिलै त्याग गर्दछन् । जस्तै छोराछोरी, धन, शरीर, शरीरको अङ्गप्रत्यङ्ग र आफ्नो प्राणसमेत परार्थको लागि त्याग गर्दछन्, उत्सर्ग गर्दछन् । अलोभज्झास भएका बोधिसत्त्वहरूका लागि त्याग गर्नु कुनै दुष्कर हुँदैन । बरु स्वभावगत विचारले त्याग नगरी बस्नु मात्र दुष्कर हुन्छ ।

४) *अदोसज्झास* :द्वेषविहीन विचार अर्थात् दोष प्रतिपक्ष विचार । बोधिसत्त्वले द्वेषमा दोष देख्दछन् । उनले सधैं कसरी द्वेष हटाउने भनी उपाय रच्दछन् । आफ्नो जीवनमा हानी गर्नेहरूलाई देख्दा पनि क्रोध गर्दैनन् । बरु मैत्री र करुणा राख्दछन् ।

५) *अमोहज्झास* : मोहरहित विचार अर्थात मोहको प्रतिपक्ष विचार । बोधिसत्त्वले मोहको दोष देख्दछन् । कर्तव्याकर्तव्य र असल खराव बुझ्दछन् । स्कन्ध, धातु, आयतन भनेको के हो ? यसबारे राम्ररी जान्दछन् ।

६) *निस्सरणज्झास* : संसारदु:खबाट मुक्त हुने विचार । बोधिसत्त्वले भव अर्थात् संसारको दोष देख्दछन् । त्यसैले तृष्णामा भुल्न खोज्दैनन् । उनले तृष्णा नबनाउने उपाय गर्दछन् । विपस्सना भावनामा सदैव ध्यानाकर्षित रहन्छन् ।

## चार सम्पत्ति

१) *इन्द्रिय सम्पति*

२) *प्रतिपति*

३) *कौशल्य*

४) *अध्याशय*

यी निम्न सम्पत्तिहरू महाबोधिसत्त्वहरूमा मात्र विशेषरूपले हुने गुणधर्म हुन् । यो श्रावकबोधिसत्त्वहरूमा हुँदैन । त्यसैले यस कुरामा हामीले विस्तृत चर्चा गर्नु राम्रो हुनेछ ।

*१) इन्द्रिय सम्पत्ति* : यी पाँच प्रकारका छन् :-

क) सद्धिन्द्रिय, ख) वीरियिन्द्रिय ग) सतिन्द्रिय ङ) समाधिन्द्रिय च) पञ्ञिन्द्रिय ।

(पञ्चइन्द्रिय: श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा)

यी पाँच इन्द्रिय तीक्ष्णरूपले अभिवृद्धि भएको व्यक्ति बोधिसत्त्व हुन्छ । सर्वप्रकारले नै श्रद्धाबल सम्पन्न भएर श्रद्धाले गर्नुपर्ने कर्तव्य निर्दोष



Downloaded from http://dhamma.digital

रूपले गर्दछन् । साथै बोधिसत्त्वमा कहिले पनि चलश्रद्धा र दुर्बलश्रद्धा हुँदैनन् । कहिले पनि हतोत्साहित हुँदैनन् । वीर्यले गर्नुपर्ने कर्तव्य पूर्णरूपले गर्दछन् । दुर्बलवीर्य भएको हुँदैनन् । त्यसरी नै सतिन्द्रिय, समाधिन्द्रिय, पञ्ञिन्द्रिय पनि बलवान हुन्छन् ।

२) *प्रतिपत्ति सम्पत्ति* : आत्मार्थकामी नभई परार्थ चर्या गर्नु । बोधिसत्त्वले आफ्नो सुख छोडी अर्काको हितको लागि चर्या गर्दछन् । जुनसुकै हितैषी कार्य गर्दा पनि आशा लिएर वा प्रत्युपकारको भावनाले गर्दैनन् । आफूलाई हानि गर्नेसँग पनि उनको हितैषीभाव रहिरहन्छ । जुनसुकै कुशलकर्म गर्दा पनि फलको आशा लिएर गर्दैनन् । सकल प्राणीहरू दुःखमुक्त गर्नको लागि सर्वज्ञत्वको प्रार्थना गर्दछन् ।

३) *कौशल्य सम्पत्ति* : स्थानोचित योग्य ज्ञान । अर्थात् स्थानोचित प्रज्ञा भएको हुनु । कस्तो मानिससँग कस्तो व्यवहार कुशलता बनाउनुपर्छ । बोधिसत्त्व त्यस कुशलता ज्ञान हुने साथै गम्भीर प्रश्न पनि निराकरण गर्न सक्ने शक्ति भएका हुन्छन् । जुनसुकै दुष्करक्रिया पनि बहुजन हिताय बहुजन सुखाय गर्नको लागि बोधिसत्त्व सदा तत्पर हुन्छन् ।

४) *अध्याशय सम्पत्ति* : पारमी सम्पन्न गर्न महति इच्छा हुनु । बोधिसत्त्वमा त्याग गर्ने शक्ति भएभैं त्याग पनि गरिरहन्छन् । किनकि त्याग नै उनको प्रीतिको कारण हो । त्यसैले बोधिसत्त्व सदा अरुको मनोकामना पुरा कसरी गर्ने भन्ने तर्फ लागेका हुन्छन् ।

Dhamma.Digital

## आश्चर्य अद्भूत शक्ति

बोधिसत्त्वहरूको आश्चर्य अद्भूत शक्ति चार प्रकारका छन् ।

ती हुन् :-

१.सकल प्राणीहरू आफ्नै परिवारको रूपमा देख्दछन् र त्यस्तै व्यवहार गरेर लान सक्ने क्षमता भएको हुन्छ । यो नै प्रथम आश्चर्य हो ।

२.छोराछोरी हुनेहरूको चित्त पुत्रतृष्णाले धमिलिएको हुन्छ । तर बोधिसत्त्वहरू स्वभावधर्मलाई बुझेर कहिले पनि पुत्रतृष्णाले चित्त धमिलाएर बस्दैनन् । यो दोश्रो आश्चर्य हो ।

३. बोधिसत्त्वहरूमा जहिले पनि सत्त्वप्राणीहरूको बहुजन हिताय



Downloaded from http://dhamma.digital

बहुजन सुखाय गर्ने महान इच्छा पलाइरहने हुन्छ । यो तेश्रो आश्चर्य हो । जसले दिन प्रतिदिन पारमिता बढ्दै जान्छ ।

४. पुण्यस्कन्ध संग्रह गरेका बोधिसत्त्वहरू परजनकालागि गौरव,मान र सत्कार गर्नयोग्य हुन्छन् । यो चौथो आश्चर्य हो ।

बोधिसत्त्वहरूले अति दुःखकष्ट सहेर किन पारमिता पुरा गरिराखेका हुन्, के फल प्राप्त गर्न अर्थात कुन प्रयोजनको लागि हो ? यस बारे विचार गर्न योग्य छ । संक्षिप्तरूपले भन्ने हो भने सम्यक् सम्बुद्धत्व नै पारमिताको फल हो । विस्ताररूपले महापुरुष लक्षण, असिति अनुब्यञ्जन, व्याम प्रभरि जस्ता अनेक गुणसमूहले युक्त भएको रूपकाय सम्पत्ति, दशबल, चार वैशारद्य ज्ञान, षड असाधारण ज्ञान आदि पारमिता गुणधर्मकै फल हुन् ।





Downloaded from http://dhamma.digital



बुद्ध जन्मभूमि : लुम्बिनी



बुद्धत्व ज्ञान लाभ स्थल : बुद्ध गया

Downloaded from http://dhamma.digital

# दान पारमित



वेस्सन्तर जातक

Downloaded from http://dhamma.digital

# दानपारमिता

दानपारमिताः दशवटा बोधिसत्त्व पारमिता चर्याको प्रथम चर्या हो। परित्याग दानपारमिताको लक्षण हो, दिइने वस्तुसँग लोभ नहुने यसको रस (कृत्य) हो। साथै वस्तुसँग नटाँसिने यसको प्रत्युप्रस्थान (अनुभूति) हो। दानको साधारण अर्थ हो- दिनु। केही कसैलाई दिनु भन्नु कुशल कार्य हो। यसको सम्बन्ध वस्तु र चित्तसँग हुन्छ। किनकि वस्तुमा टाँसिने लोभरूपी अकुशलको विपक्ष गुण अलोभ स्वतः कुशलचेतना हो। साथै संकीर्ण उन्मुख दिशाको विपरित उदार र विस्तृर्ण परार्थ स्वभाव कुशल प्रवृत्ति हो। पहिलेदेखि आफूभित्र लुकेर बसेको मेरोमेरो मलाईमलाई भन्ने दुषित लोभलाई र त्यसको आधार मोहलाई नाश गरी पठाउने अर्थमा यो परमार्थ पनि हो। त्यसैले आयु, वर्ण, सुख, बल र प्रज्ञा (ज्ञान) प्राप्त गर्न मात्र दान गर्नु बोधिसत्त्वको पारमिता गुणधर्मको लक्ष्य हुन गाह्रो हुन्छ। किनकि यस्तो दानको फल इच्छा नगर्दा पनि प्राप्त हुने हुनाले प्रार्थना गर्दा त्यो मूलतः अज्ञानको स्वभाव हुन जान्छ। लोकुत्तरतिर अग्रसर हुने अभ्यासको क्रममा पूर्ण गर्ने पारमिता कुनै पनि प्रकारले संसारचक्र घुमिरहने रूपले मात्र हुनसक्दैन। यसरी केही न केही ईच्छा गरी दान दिएमा त्यो दान ऋण दिएर व्याज लिनेझैं हुन्छ। त्यसैले लोभ नाश गरेर निर्वाणार्थ पारमितामा गुणात्मक र धनात्मक सांसारिक भोगविलास प्राप्तिको इच्छा गर्दैन। यदि कसैले पनि यसरी दानको फल भवभोगको मात्र लक्ष्य राखेमा त्यो दान *वट्टगामि* अर्थात जन्मचक्रमा घुमिरहने पुण्य हुनेछ। *विवट्टगामि* अर्थात संसारचक्रको क्षुद्रतादेखि माथि जाने संसारमुक्तिको पुण्य हुने छैन्। *वट्टगामि* पुण्य *विवट्टगामि* कार्यभन्दा उत्तम हुँदैन। हामीलाई यो प्रसंग राम्ररी बुझ्न शंखपाल जातक (५२४) स्मरणीय हुन्छ।

***<u>दान पारमिताको कथात्मक व्याख्या</u>*** :शंखपाल जातक (५२४)

बोधिसत्त्व दूर्योधनले ऋषिप्रव्रज्या लिएको आफ्नो बाबुलाई भेट्न जाँदा नागराजलाई देखे। उनलाई नागराजाको वैभव मन पर्दछ। त्यो वैभव प्राप्त



Downloaded from http://dhamma.digital

गर्न दानादि कुशलकर्म गरेर मृत्युपछि लक्ष्यअनुसार शंखपाल नामक नागराजा भई जन्मे। तर धेरै समय नबित्दै उनी नागभूवनको ऐश्वर्यदेखि वाक्क भए। फेरि दानादि गुणधर्म पालन गर्ने विचार गरे। अष्टशील पालनगर्दै पोखरी किनारमा बस्न थाले। त्यसै बेला शिकारबाट निराश भएर आएका, खाली हात भएका शिकारीहरूको एक जमात त्यहाँ आइपुगे। उनीहरूले नागराजालाई देखे। तब त्यसै नागराजाको मासु खाने भनी नागलाई पिट्न थाले। नागराज सहेर चुप  बसिरह्यो। त्यसले आफ्नो शरीर नै उत्सर्ग गर्ने इच्छा गरे। *'कसैलाई मेरो छाला मन पर्छ भने उसले मेरो छाला लैजाऊ। फेरि जसलाई मासु मन पर्छ उसले मासु लैजाऊ'* भनी उनले आफूलाई समर्पण गरिराखेका थिए। त्यसैले जे-जस्तो गरेपनि त्यस्तै गराई, काटमार गरेपनि सहेर बसेका नागलाई देखेर अलार नामक एकजना व्यापारीले  शिकारीहरूलाई नाग छोड्न लगायो। अलारले दिएको धनद्रव्य लिएर शिकारीहरू जानासाथ नागराज शंखपालले अलारलाई आफ्नो नागभूवनमा लगे। नागभूवनमा पुगेर अलारले- 'तिमीले किन त्यसरी आफूलाई भएको कष्ट सह्यौ?' भनी सोध्दा बोधिसत्त्व शंखपालले भने :-

*मनुस्स योनिं अभिपत्थमानो*
*तस्मा परक्कम ततो करोमि।*

मैले मनुष्य योनिको कामना गरी यो पराक्रम गरेको हुं। यसको कारण निःसन्देह यही नै हो। मनुष्यलोक छोडी अन्य कुनै पनि लोकमा राम्ररी शुद्धि र संयम गर्न हुँदैन, सकिँदैन। मनुष्ययोनि प्राप्त गरेर मात्रै जन्म र मरणको अन्त्यत्व निर्वाण प्राप्त गर्न सकिन्छ।

यस कथामा ऐश्वर्यको निरासता र त्यसको भोगमा अन्तरनिहित अतृप्त स्वभाव पाइन्छ। दूर्योधनले दान र शीलको भोगको कामना गरी मनुष्यत्व समाप्त गरे। परिणामतः नागराजा शंखपाल भएर आफ्नो प्राण उत्सर्ग गरी फेरि मनुष्यत्व नै कामना गर्न पुगे। त्यसैले तुलना देखाइएको यस जातककथावस्तुमा दानशील आदि पारमिताको लक्ष्य कस्तो हुनुपर्छ भनी देखाइएको छ। साथै  पुण्य गर्ने पारमिताको उद्देश्य विवट्टगामि हुन्छ भन्ने कुरा पनि स्पष्ट पार्दछ। *बोधिचर्यावतार* ग्रन्थको शब्दमा चित्तको उत्सर्गवृत्तिलाई नै दानपारमिता भनिन्छ।



Downloaded from http://dhamma.digital

यो चित्तको उदारता र उत्सर्गवृत्ति जुनसुकै क्षेत्रमा पनि चाहिन्छ। यही नै मानवजीवनको मङ्गलप्रद कार्य हो। त्यसैले दानलाई महामांगलिक गुणधर्ममध्ये एउटा गुण मानिएको छ। अझ सप्त सत्पुरुष धनमा एउटा धन, चार संग्रहनीय सारमा प्रथम गुणधर्म सार पनि दान नै भनिएको छ।

विविध दानको व्यापक अर्थ बुझ्नको लागि अनेक प्रकारले विचार गर्नुपर्दछ। यसको लागि दान दिने वस्तु वा तत्त्वअनुसार, दान ग्राहक र दान दाताको दृष्टिले विवेचना गर्नु राम्रो हुनेछ। अझ स्तरअनुसार यसको व्याख्यान हुनुपर्छ।

दान दिने वस्तु वा तत्त्वअनुसार अनेक दान छन्। त्यसमध्ये आमीसदान, अभयदान र धर्मदान गरी तीनप्रकारका छन्।

## आमीसदान

दातव्यवस्तु अनेक प्रकारका छन्। त्यसै पनि सम्पूर्ण प्रकारका बाह्यपदार्थ कसैलाई दिनुलाई नै आमीसदान भनिन्छ। दान जसलाई पनि दिनु हुने अर्थमा दातव्यवस्तु यतिउति भन्ने नै हुँदैन। बोधिसत्त्वले जसलाई जे चाहिन्छ त्योसम्म बाहिरिकवस्तु माग्नै नपर्ने गरी दिन्छन्। हो, यसरी दान गर्नअघि बोधिसत्त्वले कसैलाई दुःखकष्ट नगराउनेतिर दृष्टि राख्दछन्। साथै आयुध, शस्त्र, मद्य आदि अनुचित कार्य वा नसुहाउँदो वस्तु दान गर्नुहुन्न। जस्तै खान नहुने विरामीलाई भोजन दिनु, कसाहीको हातमा काट्ने हतियार दिनु, काट्ने व्यक्तिलाई तलवार दिनु आदि काम बोधिसत्त्वको तर्फबाट हुँदैनन्। राम्रो हुने उपकार हुने अर्थमा संधै जुनसुकै वस्तु जसलाई पनि दिनुमा कहिले पनि बोधिसत्त्वको हात पछाडि सर्दैनन्। खाने-पिउने, लाउने-बस्ने, लगाउने आदि दातव्य वस्तुहरूको यतिउति भनी मापदण्ड नै छैन। हो, भिक्षुसंघको लागि आवश्यक वस्तुको परिमाण भएकोले चार प्रत्यय दान भन्न सकिन्छ।

*चारप्रत्ययहरू हुन् :-*

*१) भिक्षान्न, २) चीवर वस्त्रादि अष्टपरिष्कार,*

*३) विहार, शयनासन वा निवासस्थान*

*४) भैषज्य औषधी*

त्यसरी नै छाता, जुत्ता, दतिवन वा जति पनि सानोठूलो पदार्थ छन्



Downloaded from http://dhamma.digital

ती सबै चाहिएको बेला चाहिनेलाई पुग्दो हित र उपकारक हुने गरी दान दिनुलाई नै आमीसदान भनिन्छ।

आमीसदान दिंदा बोधिसत्त्वहरूको चित्त अकम्पित, अविचलित हुन्छ भन्ने कुरालाई विसहच जातक (३४०) ले स्पष्ट पार्दछ।

## विसह्य जातक (३४०)

अस्सीकरोडको मालिक विसहच सेठले पञ्चशील पालन गर्दै नगरको चारै द्वारमा, नगरबीचमा, आफ्नो घरको ६ ढोकाहरूमा दानशाला बनाएर दान दिने गरे। त्यसरी विसहचले प्रत्येक दिन दान दिंदैगर्दा इन्द्रको आसन तातिन्छ। उनको दान खण्डित गर्न इन्द्रले उनको सम्पूर्ण वैभव लोप गरिदियो। दान दिनको लागि जहानलाई दातव्यवस्तु खोज्न पठाउँदा केही पनि पाइनन्। पछि एकजना घाँसीले हँसिया, टोकरी र डोरी घरभित्र फ्यालेर गइन्। उनले घाँस काटेर भएपनि दान कर्म नरोक्ने उद्देश्य लिएर त्यही हँसिया, टोकरी र डोरी लिएर घाँस काटेर बेच्न थाले। घाँस बेचेर आधा आम्दानी दान गर्दा अन्य याचकहरूले पनि माग्दा बाँकी आम्दानी पनि दान गरे। फलस्वरूप त्यस दिन दुबै निराहार रहे।

यसैगरी घाँस काट्दै, बेच्दै सारा आम्दानी याचकहरूलाई दान गर्दै ६ दिनसम्म दुबै निराहार रहे। सातौं दिन घाँस काटेर बेच्न ल्याउँदा निराहार र सूर्यको प्रकाशले आँखा तिरमिराउँछ, घाँसमै ढल्छ र अनि इन्द्र आएर दानको कारण सोध्छन्। जवाफमा उनले- *'न त शक्रत्वको न ब्रह्मत्वको इच्छानै म मा छ, म त सर्वज्ञताको प्रार्थना गर्दै दान दिन्छु'* भनी स्पष्ट पारे।

बुद्धको चर्या सम्बन्धी संग्रहित चरियापिटकको पहिलो चर्या- 'अकित्ति चरिया' मा यसै कुरालाई अकित्ति जातक (४८०) मा स्पष्ट पारिएको छ।

## अकित्ति जातक (४८०)

८० करोड धन भएको महाशाल ब्राह्मणको कुलमा बोधिसत्त्वको जन्म भयो। उनलाई अकित्ति नाम राखियो। उनको यशवती नाम गरेकी बहिनी पनि थिइन्। आमाबाबु परलोक भइसकेपछि उनले आफ्नो विशाल धनसम्पत्ति देखेर विचार गरे- 'हाम्रा आमाबाबुले धनसम्पत्तिको एकरति पनि



Downloaded from http://dhamma.digital

सार्थक गरी गएनन् । धनसम्पत्ति भनेको पोको पारेर राख्दैमा सधैं भइरहने वस्तु होइन ।' यसरी विचार गरेर उनले धनसम्पत्ति आफूले लाने विचार गरी दान दिन थाले । तर दान दिंदा पनि समाप्त नभएपछि 'जसलाई जेजे चाहिन्छ लैजाऊ' भनी ढोका खुल्ला नै छोडिदिए । बहिनीसँगै प्रव्रजित त भए तर त्यहाँ पनि मानसत्कारको ओइरो लागेपछि बहिनीलाई समेत केही नभनी सुटुक्क ***कारद्वीपमा*** बस्नगए, जहाँ उनले एकान्तमा सन्तोषको जीवन बिताए ।

जीवन यापन गर्न रुखको बोक्रा पकाएर खाने अभ्यासको क्रममा उनको सदाचारको प्रतापले इन्द्र डराउँदै के उद्देश्यले शीलपालन गरेका हुन् भनी परीक्षा गर्ने विचार गरे । इन्द्रले ब्राह्मणभेषमा आएर दान लिन आए । त्यतिबेला आफूलाई खान तयार गरेको रुखको बोक्रासमेत दान गरे । ६ दिनसम्म इन्द्र त्यसरी नै दान लिन आए । उनले पनि अविचलित चित्तले दान दिंदै गरे । यस अविचलित चित्तबाट प्रवाहित दान देखेर इन्द्रस्वयं प्रभावित भए र उनले दान गर्नुको कारण सोधे । "मेरो यो दान सर्वज्ञताको प्रत्यय होस् । बारबार जन्म लिनुपर्ने दुःख, शरीर नाश हुनु पनि दुःख, सम्मोह मरण पनि दुःख, त्यसैले हे वासव ! म तपश्या गर्दैछु ।"- भनी जवाफ दिए ।

दान दिंदा 'मलाई काम लाग्ने' भनी हात नझिक्ने बोधिसत्त्वहरूको स्वभाव हुन्छ । लोकको लागि, प्राणीहरूका लागि यावत् आफूसँग भएका वस्तु अरुलाई आवश्यक भएको दिनमा बोधिसत्त्वको हृदय विचलित हुँदैन ।

## कुरुधर्म जातक (२७६)

बोधिसत्त्व जतिबेला कुरुराष्ट्रका नरेश थिए, त्यतिबेला उनले पञ्चशील (कुरुधर्म) पवित्रताका साथ पालन गरेका थिए । साथसाथै नगरभरी दानशाला बनाएर प्रतिदिन ६ लाखको वस्तुहरू दान गर्दथे । त्यस समयमा कलिङ्गराष्ट्रको दन्तपुर नगरमा दुर्भिक्ष भयो । दुर्भिक्षले अकाल भएर मानिसहरू भोकै मरे, रोगी भए, बिरामी भए । यसरी दुर्भिक्ष, अकालभय, रोगभयले ग्रसित जनता कराउँदै राजाकहाँ जाँदा दुर्भिक्ष कसरी हटाउने भनी सोच्दा, विभिन्न उपाय गर्दा पनि नहुँदा, कुरु राष्ट्रको अञ्जन वसभ नामक मङ्गलहात्ती ल्याएमा वर्षा हुन्छ भनेकाले ब्राह्मणहरूलाई हात्ती माग्न पठाइयो । ब्राह्मणले हात्ती माग्दा कुरुनरेशले विनाहिचकिचाहट मङ्गलहात्ती गहनासहित दान गरे ।



Downloaded from http://dhamma.digital

*'दान दिन छोड्नु भन्दा बरु राज्य नै छोड्छु'* भन्ने बोधिसत्त्व वेस्सन्तरसँग यो मङ्गल हात्ती दान दिएको कुरु जातकमा समता पाइन्छ। बोधिसत्त्वले जस्तोसुकै राज्यसत्ता वा अधिकार प्राप्त भए तापनि त्याग र सदाचार छोड्नुहुन्न। अधिकार र शक्ति सम्पन्न जीवनमा पनि उनले भोग विलासमा लिप्त गरी आफ्नो जीवन समाप्त पार्दैन भन्ने कुरा निम्न महासुदर्शन जातक (९५) ले स्पष्ट गर्दछ।

## महासुदर्शन जातक (९५)

सधैं दिनको तीनपल्ट आफ्नो विशाल राज्यमा कसलाई भोक लागेको छ, कसलाई प्यास लागेको छ, कसलाई औषधी चाहिन्छ भनी घोषणा गर्ने काम चक्रवर्तीले गर्दछन्। यसरी आफ्नो चर्या बारेमा महासुदर्शन चक्रवर्तीले भनेका छन्- *'मैले जीवनभर महादान गरें। यो मलाई मन नपरेकोले होइन। सम्बोधि ज्ञान प्राप्त गर्ने अभिलाषाले नै दान दिंदै गरेको हुँ।'* यसबेला सप्तरत्न जडिएको आशनमा पल्टिरहेका चक्रवर्ती महासुदर्शन राजालाई सुभद्रा देवीले भनिन्- *'देव, चौरासी हजार (नागरिक) भएको राज्यको यो कुशावती राजधानी हो। यसलाई माया गर्नुहोस।'* चक्रवर्ती महासुदर्शनले भने- *'यसरी नभन देवी, बरु मलाई यसरी उपदेश देऊ- यसमा आशक्त भएर नबस, यसलाई छोड्न सिक।'* चक्रवर्तीले फेरि भने- *'दान गर, सदाचारी बन, उपोसथ ब्रत पालन गर।'*

बोधिसत्त्वहरू यसरी त्याग भावनाले भरिएको चित्त भएझैं आवश्यक हुनेलाई दिनुमा ज्ञानले देख्न सक्ने क्षमता पनि हुन्छ। शंख ब्राह्मणले तातो बालुवामा खाली खुट्टा हिंडीरहेका प्रत्येकबुद्धलाई देख्नासाथ आफ्नो जुत्ता फुकाली जुत्ता र छाता दान गरे। उपमाको शब्दमा उनले भने- *'जसरी किसानले राम्रो खेत देखेर पनि बीउ छरेन भने ऊ धन मनपराउने हुँदैन*। त्यसरी नै *पुण्य मन पराउनेहरूले* उत्तम *पुण्य क्षेत्र देखेर* पनि त्याग नगरेमा *पुण्य मन पराएको हुँदैन।'*

निमिराजले उपकार गरेजस्तै बोधिसत्त्व (शंखचर्या) ले पनि पशु, पंक्षी वा मानिस सबैलाई भ्याएसम्म उपकार गर्छन्। दान वास्तवमा सुगति प्राप्त हुने पुण्य कार्य हो भन्ने कुरा पनि निमिराज चर्या वा निमि जातक



Downloaded from http://dhamma.digital

(५४१) मा बोधिसत्त्व निमिको चरित्रमा देख्न सकिन्छ । जस अनुसार बोधिसत्त्व निमिले स्वर्ग घुमी फर्केर भने- *'तिमीहरूले पनि दान आदि पुण्य कर्म गर । त्यसो गरेमा तिमीहरू पनि देवलोकमा जन्म लिन जान सक्छौ ।'*

दानको फलवर्णन अनेक प्रकारले गरिएको छ । त्यो फलवर्णन वस्तुनिष्ठ गुण विशेषमा गुणात्मक भएको देखिन्छ ।

पंखा दानले शीत उष्ण, पीडा, शरीरमा डाह, चित्तमा डाह, राग, द्वेष, मोहको डाहले मुक्ति प्राप्त हुन्छ । जुत्ता दानले अनेक बस्तुले बनाएको जुत्ता प्राप्त हुन्छ । खुट्टा सन्चो हुन्छ । केश काट्ने छुरा (ब्लैड, रेजर, सेभर) दानको पुण्यले सुखी हुन्छ, चित्त अक्षिप्त हुन्छ, धैर्य-वीर्य हुन्छ, क्लेश क्षेदन गर्न सक्ने हुन्छ । सियो धागो दान गर्नाले शंकारहित, राम्रो तीक्ष्णबुद्धि, गम्भीर र सूक्ष्म स्थानमा अर्थज्ञान र स्थिरज्ञान हुने हुन्छ ।

यसरी दानको फलवर्णन धेरै गरिए तापनि बोधिसत्त्व ज्ञानले पूर्ण दान क्षेत्रमा प्रतिष्ठित भएर मात्र दानको लक्ष्यले बुद्धत्वसम्म पुग्ने हुन्छ । बोधिसत्त्वले यो दानको मार्गमा अघि बढ्न प्रज्ञायुक्तले दान दिनुपर्छ । बुद्धि विवेक प्रयोग नगरी दिएको दान उत्तम हुँदैन भनी ठाँउठाउँमा उल्लेख भएका छन् ।

वस्तुतः बौद्धआदर्शको दानको व्याख्याको लक्ष्य दान प्राप्तार्थ होइन । बोधिसत्त्व चरित्रमा माग्ने र अरुको लिनमा सदा संकुचित हुन्छ । ब्रह्मदत्त जातक (३२३) अनुसार बोधिसत्त्व तपश्वीले पाँचाल राजासँग हिमालयमा फर्किन आवश्यक सम्झेर पनि बाह्रवर्षसम्म एउटा छाता एकजोडी जुत्ता मागेनन् । आज भन्छु भोली भन्छु भन्दै बाह्रवर्षपछि मात्र बल्ल एउटा छाता र एकजोडी जुत्ता मागे । किनकि माग्दाखेरि नदिएमा माग्नेको मनदुःखित हुन्छ । माग्दा दिनेको दिने इच्छा भए तापनि दातव्यबस्तु नभएमा दाताको मन रुन्छ । दातव्य वस्तुभएर पनि लोभ र आशक्तिले दिन नसकिने हुन्छ । त्यसैले माग्नु भनेको राम्रो होइन । यो चाहियो त्यो चाहियो भनी माग्नुलाई राम्रो भनिंदैन र मानिंदैन पनि ।

वास्तवमा स्वर्गको प्रलोभनराखी दान दिनु बौद्धआदर्शमा गनिंदैन । स्वर्गको प्रलोभनले कतिसम्म मानवजीवनमा क्रुरतम कार्य हुन्छ त्यो कुरा खण्डहाल जातक (५४२) को यज्ञमा बलि दिनको लागि बाँधिएका मानिसहरूका क्रन्दनले स्पष्ट पार्दछ । स्वर्गको आश गरी *पासोले* बाँधेर कैयौं पशुहरूसहित



Downloaded from http://dhamma.digital

मानिसहरूको बलि चढाइयो । साथै कति दक्षिणा लाभ गरिन्छ, त्यसको वर्णन पालि साहित्यमा भरिएको छ । त्यसैले पालि साहित्यमा दानको भित्री अभिप्राय पुरोहित्याँई लाभ होइन, मानवसेवाको लागि जीवन उत्सर्ग गरी बसेकाहरूका जीवनमा निम्नतम आवश्यकताको पूर्ति मात्र हो । त्यसैले बौद्धसाहित्यमा आफूलाई गाई चाहिएमा गाई, रथ चाहिएमा रथ, सुन चाहिएमा सुन, नोकर-दास चाहिएमा नोकर-दास, युवती चाहिएमा युवती दिने दानको विधि र गुणको वर्णन उल्लेख भएका छैनन् । जसरी रक्सी दान लिने स्त्रोत्र आजसम्म छैन, त्यसरी नै आजकालको दानमध्ये कतिपय दानहरू पहिला दान नगरिएका वस्तुहरू पनि छन् । त्यसैले बौद्ध विचारमा यो वस्तुचाहिं दान दिन उत्तम हो भन्ने उल्लेख छैन । बरु के-कस्तो अवस्थामा कस्ता व्यक्तिलाई कस्तो चित्तले उसलाई दान सहयोग गऱ्यो भन्ने अर्थमा दानलाई महान मानिएको छ ।

तृष्णाले जकडिएको उपभोग परिभोग वस्तु आहार, पान, वस्त्र, गृह, क्षेत्रजस्तै यसलाई रूप, शब्द, गन्ध, रस र स्पर्शअनुसार विचार गर्दा आमीसदान आध्यात्मिकरूपले पनि हुन जान्छ, बाहिरिकरूपले होइन । यस अर्थमा शील सदाचार सारा तात्त्विक अर्थमा दान हुन्छ । अभयदान भनेको पनि यसै अर्थमा दान हो ।

### अभयदान

कसैलाई आफ्नो तर्फबाट भय नदिनु नै अभयदान हो । पदार्थदान जतिसुकै दिए तापनि आफ्नो तर्फबाट अरुलाई अभयदान भएन भने त्यो पनि राम्रो हुँदैन । कसैलाई मार्दिन भन्नु नै सबैलाई बाँच्न देऊ भन्नु हो । सबैलाई बाँच्न मन पर्छ । सारा जीवित प्राणी दण्ड देखेर डराउंछन् । त्यसैले आफूबाट प्राणीहरूलाई भय नहुनु नै अभयदान हो । बोधिसत्त्वहरूले आफ्नो समूह वा जातिगत प्राणीहरूलाई सामूहिक मरण भय नबनाउन आफ्नो प्राणसमेत उत्सर्ग गर्दछन् । त्यसरी प्राण उत्सर्ग गरिएको दान परमार्थपारमिता पनि हुन्छ । महाकपि जातक (४०७) यसको उदाहरण हो ।

### महाकपि जातक (४०७)

एकसमय बोधिसत्त्व अस्सी हजार बाँदरहरूको नाइके भएर जन्म लिए । हिमालयको नदी किनारमा एउटा ठूलो मीठो आँपको बोट थियो । त्यस



Downloaded from http://dhamma.digital

बोटको आँप खाएर नै उनीहरू जीविका गर्दथे । वाराणसीका राजा ब्रह्मदत्तले एकदिन त्यस बोटको आँप अति नै मीठो छ भन्ने थाहापाए । राजाले आफ्नो सैनिक मार्फत त्यस बोटलाई घेरा दिन लगाए । बोधिसत्त्वले ती सैनिकहरूको तर्फबाट आफ्ना अनुयायीहरूलाई बचाउन नदीपारी लानुपर्ने जरुरत भएको महशूस गरे । उनीहरू भने नदीपारी उफ्रिएर जान सक्दैनन् । त्यसैले बोधिसत्त्व एउटा लहरा लिएर आए । तर रुखमा लहरा बाँधी उफ्रिएर पारी जाँदा कम्मरमा बाँधिएको कम्मरको लहरा छोटो भयो । उता भने समय ढिलो भैसकेको थियो र सैनिकहरूको तर्फबाट आफ्ना अनुयायीहरू मुश्किलमा बाँच्ने देखिए । त्यसैले यता वारी रुखमा एक छेउ र अर्को छेउ आफ्नो कम्मरमा लहरा बाँधेर आफूले पारी रुखलाई पक्रिराखे । यसरी छोटो लहराको सहराले सबैलाई छिटो पारतर्न सजग गराई पुनः सबैलाई नै पारतर्न सहयोग गरे । यसै क्रममा बोधिसत्त्वको मृत्यु भयो ।

यो बहुजन हिताय प्राण उत्सर्ग गरेको कथा दान परमत्थपारमिताको कथा पनि हो । साथै सबैलाई मृत्युदेखि अभय दिएकोले अभयदानको कथा पनि हामीले भन्न सक्छौं । बोधिसत्त्वले आफ्नो पुरुषार्थले महान करुणायुक्त गुणधर्मले प्रभावित पारी अरुको सट्टामा आफ्नै प्राणदान दिएर *'म मात्र बाँचेर के गर्ने र ?'* भनी आफ्नो स्वजातिहरू अझ प्राणी मात्रलाई अभयदान दिएको उदाहरण कम महत्वपूर्णको छैन । निग्रोधमृग जातक (१२) यसको ज्वलन्त सान्दर्भिक जातक कथा हुन् ।

Dhamma.Digital

## निग्रोधमृग जातक (१२)

जहिले पनि मृग शिकार जानलाई वाराणसीका राजा ब्रह्मदत्तले जनतालाई दुःख दिने गर्दथे । राजासँग शिकारमा जाँदा जाँदै उनीहरू खेतीकिसानी नै गर्न पाएनन् । त्यसैले जङ्गलबाट मृगहरू धपाउँदै राजदरवारको ठूलो बगैंचामा जम्मा गरिदिए । त्यसो गर्दा राज-बगैंचामा परेका मृगहरूमध्ये निग्रोधमृग र उनका पाँचसय साथीमृगहरू, शाखामृग र उनका पाँचसय साथीमृगहरू पनि परे । फेरि राजाले आफ्नो शौखमा धेरै मृगहरू मारेकोले मृगहरूले सल्लाह गरेर दिनको एउटाएउटा मृग स्वयं पालैपालो गरी मृगमार्ने ठाउँमा जान स्वीकार गरे । एकदिन शाखामृगको समूहको गर्भवती मृगिणीको



Downloaded from http://dhamma.digital

पालो आयो । तिनले विन्ति गरिन्- *'म गर्भवती छु । त्यसैले मेरो ठाउँमा अरु कसैलाई पठाइदेऊ । पछि म पनि जान्छु, मेरो बच्चा पनि जानेछ ।'* त्यसकुरामा शाखामृगले सिधा भने- *'आफ्नोआफ्नो पालामा आफूआफू नै जानुपर्छ ।'* तब मातृप्रेमले भरिएको त्यो मृगले निग्रोधमृगको समूहमा पुगेर विन्ति गऱ्यो- *'मेरो समुदायको नाइकेले मेरो विन्ति स्वीकार गरेन । मेरो पेटमा बच्चा छ । त्यसैले मेरो पालामा कुनै अरु पठाइदेऊ, म तिम्रो समुदायबाट पछि गइदिन्छु । मेरो बच्चा पनि पछि तिम्रै समूहबाट पालो लिएर जान्छ ।'*

निग्रोधमृगको नाइकेले त्यस गर्भिणी मृगको विन्ति सुनेर *'उसको पालामा ऊ जानुपर्दैन'* भनी आश्वासन दियो । तर मृत्युको पालो कसैले पनि भने जसो नलागेपछि ऊ आफै स्वयं मृत्युको पालो भर्न गयो । तर निग्रोधमृगलाई उनको सुवर्ण वर्ण देखेर राजाले अभयदान दिएका थिए । त्यसरी अभयदान दिइराखेको मृग आएको देखेर भान्छेले राजालाई विन्ति गर्न गयो । पछि राजाले सोध्दा निग्रोधमृगले भने- *'म आफ्नो पालो भनी आएको होइन । एउटा गर्भिणी मृगको पालामा म आएको हुँ । किनकि उसको पेटमा भएको बच्चालाई मार्न मन पर्दैन । फेरि उसको मृत्युको पालो भर्ने भने अरु कोही छैन । त्यसैले म आएको हुँ । उसको सट्टामा आएको हुनाले मलाई मारिदेऊ ।'*

निग्रोधमृगको कुरा सुनेर राजाको मनमा च्वास्स बिझ्यो, तब उनले भने- *'तिमी दुबैलाई अभय दिइसकें ।'*

निग्रोधमृगले जवाफमा भने - *'हामी दुईटालाई मात्र निर्भय अभय प्राप्त भएर के गरुँ ! अन्य सारा मृगहरूको मरण भय छ ।'* राजाले सारा मृगहरूलाई अभयदान दिए ।

निग्रोधमृगले प्रत्युत्तरमा भने- *'हामी मृगहरूलाई अभय वर पाएर के गरौं ! अरु ठाउँका मृगहरू मर्नु नै पर्छ ।'* राजाले सारा मृगजातिलाई नै अभयदान दिए ।

यसरी भन्दै निग्रोधमृगले सम्पूर्ण स्थलचर प्राणीहरू, आकाशमा उडिहिंड्ने नभचर प्राणीहरू, पानीमा बस्ने जलचर प्राणीहरूलाई अभयदान दियो ।

यसरी नै राजाको तर्फबाट हुने भयको पीडाबाट मुक्ति दिने काम मात्र अभयदान हुँदैन । अपितु आगोपानी आदि प्राकृतिक कारणले पनि आउने भयावस्थामा अभयत्व दिने कार्य कोशिस पनि अभयदान नै हुन जान्छ । जहाँ



Downloaded from http://dhamma.digital

आगो लागेको ठाउँमा गएर उनीहरूको धनजन रक्षार्थ आफ्नो श्रम र हिम्मत प्रयोगमा ल्याउने काम पनि अभयदान हो । पानीले बिगार्ने स्थानमा नबिगार्ने व्यवस्था गरिदिनु अथवा इनार, पोखरी वा नदीमा खसेकोलाई निकालिदिनु जस्ता कार्य पनि अभयदान सरह नै हुन्छ । त्यसरी नै रोगीलाई मृत्युभय हुंदा औषधी वा सेवा सहयोग गरिदिनु पनि अभयदान हुन्छ । यस अर्थमा बाँध, अस्पताल आदि बनाइदिनु, आफूले अरुलाई नमार्ने अथवा थुनेर राखेकोलाई फुकुवा गरिदिनु अभयदान दिएझैं नै हो ।

### धम्मदान

जसले क्लेश नाश गर्नलाई जुन अनुत्तर धर्मदेशना गर्दछ, उसलाई नै धर्मदान गर्नु भनिन्छ । प्राणीहरूलाई ओवाद उपदेश दिएर हितोपकार गर्नु पनि धर्मदानमा समावेश हुन्छ । अधर्म र असत्मार्गबाट धर्म र सत्मार्गमा ल्याउनु पनि धर्मदान हुन्छ । त्यसरी नै बुद्धको शासनमा वा धर्ममा आएकाहरूलाई प्रज्ञादान गरिदिनु र दान, शील, स्वर्ग वा कामको आदि (फल) बारेमा धर्मदेशना गर्नु अझ श्रावक, प्रत्येक र बोधिसत्त्वको चरित्र बुझ्नु वा त्यस्ता सद्गुण बनाउनको लागि बताउने पनि धर्मदान विशेष नै हुन्छ । भनिएको पनि छ- *'सब्ब दानं धम्मदानं जिनाति ।'* अर्थात् सारा दानलाई धर्मदानले जित्दछ । किनभने प्रज्ञा नै मानिसहरूको रत्न हो । विनाधर्मदान प्राणीहरू प्रज्ञावान हुँदैनन् ।

यसको अतिरिक्त चित्तको सदाशयता विपुलता पनि त्यागको अर्न्तगत पर्दछ । किनकि यसमा संकीर्णतालाई छोडेर बस्ने भाव छ । दानवस्तु र दानग्राहकहरू नभएका चित्तको यस दानलाई मनोमय-दान भनिन्छ ।

## दानको पूजाविधि र अनुकम्पाविधि

ग्राहकप्रतिको ब्यवहार दृष्टिकोणले पनि दानलाई अनेक भेद गर्न सकिन्छ । पूजाविधि र अनुकम्पाविधि यी दुई दानका भेद हुन् ।

कसैलाई सम्मान र आदर भावले दिनुलाई पूजादान भनिन्छ । लोकोपकारी सत्पुरुष, वर्गको, श्रमणहरू वा भिक्षुहरूप्रति सम्मान राखी जुन परित्याग गर्छ त्यो दान हो भने अर्कोतिर सद्गुण सत्चरित्रको पूजा हो ।



Downloaded from http://dhamma.digital

बौद्धदान प्रवृत्तिलाई चिन्ने व्यस्तताको कुरा नै हामीले राम्ररी बुझ्नुपर्दछ। साँच्चै नै पवित्र भएर लोक उपकारको काममा जीवन उत्सर्ग गरी समर्पित हुनेहरूको घरखेतको चिन्ता गर्दै बस्ने फुर्सद नै हुँदैन, त्यतातिर ध्यानै जाँदैन। त्यसैले त्यस्ता वर्ग अर्थात भिक्षुसंघको सेवा उपस्थानको लागि बुद्धले उपासक उपासिकाको लागि जिम्मा दिएका थिए। बुद्धले- *'यस्तो श्रद्धान्न राम्ररी गुणधर्म पालन नगरी खानुभन्दा रातो हुने गरी तातिएको आगोको गोला खानु उत्तम'* भनी भिक्षुहरूलाई सतर्क गराएको छ। सत्चरित्रवान् सत्पुरुषहरूको संरक्षणको लागि सहयोग गर्नुलाई नै पूजादान भनिन्छ। शीलवानहरूलाई दिइने दान त्यसैले श्रेष्ठ हुन्छ।

अंकुरले बाह्र योजन लामो चुलो बनाएर दशहजार दिनसम्म महान दान गऱ्यो तर प्रतिग्राहक शीलवानहरू प्राप्त नभएकोले उसलाई महानफल प्राप्त भएन। यसको विपरित इन्दकले एक दिन एक चम्चा मात्र भात क्षीणास्रवी अनुरुद्ध महास्थविरलाई दान दिएको भए तापनि उसलाई महान फल प्राप्त भयो। असल खेत र असल बीजको उदाहरणले दायक र प्रतिग्राहकहरूको महत्त्वलाई बुझ्न सकिन्छ। खेत असल भएर पनि बीउ असल नभएमा जसरी फल राम्रो हुँदैन त्यसरी नै प्रतिग्राहक सत्चरित्रवान् भएर पनि दायक दुश्चरित्रवान् भएमा फल राम्रो हुँदैन। त्यसैगरी बीउ असल भएर पनि खेत असल नभएमा जसरी फल नराम्रो हुनसक्छ, त्यसरी नै दायक सत्चरित्रवान् भएर प्रतिग्राहक दुश्चरित्रवान् हुँदा फल नराम्रो हुन्छ। बीउ पनि नराम्रो र खेत पनि नराम्रो हुँदा त फल झनै नराम्रो हुन्छ, त्यसरी नै दाता र प्रतिग्राहक दुबै दुश्चरित्रवान् भएमा फल नराम्रो हुन्छ। तर बीउ पनि राम्रो र खेत पनि राम्रो हुँदा जसरी फल राम्रो हुन्छ त्यसरी नै दायक र ग्राहक सचरित्रवान हुँदा फल राम्रो हुन्छ।

यसोभन्दैमा दान दुश्चरित्रवानहरूलाई दिनै हुन्न भन्ने छैन र त्यसो भनिदैन पनि। विशेषतः बोधिसत्त्वहरूको हृदय महाकरूणाले भरिने हुँदा सदा झैं करुणापात्रतर्फ हृदय झुक्दछन्। शीलवान् दानग्राहक मात्र खोजेर बोधिसत्त्वको दान पूर्ण हुँदैन। अर्कोतिर फेरि दानको सफलताको आशा आकांक्षामा मात्र बोधिसत्त्वहरूको दानपारमिता कुण्ठित हुँदैन पनि। बोधिसत्त्वको भाव नै आत्मभाव उत्सर्गमा टिकिरहेको हुन्छ। प्राणीहरूको हित गर्नु राम्रो गर्नको



Downloaded from http://dhamma.digital

लागि आफ्नो वस्तु परित्यागीहरूसँग अतीत, वर्तमान र अनागत कालको कुशलाकुशलत्वको आकर्षणबाट पनि बोधिसत्त्वहरू विमुक्त हुन्छन्। त्यसैले दुःखी र अज्ञानीहरू बोधिसत्त्वको लागि विशेष व्यापक दानक्षेत्र भएको हुन्छ। फेरि पारमिता गुणधर्म र कौशल्यको आरक्षित भावमा बसेर संधैं जे पनि दान गर्न तत्पर भएको हुन्छ भने त्यसरी दिन पाएकोमा नै सन्तोष र आनन्दको अनुभूति प्राप्त गर्नेहुन्छ।

आयु, वर्ण, सुख, बल र प्रज्ञा पाँच सम्पदाजस्तै निर्वाणको कामनामा बोधिसत्त्व आहारदान दिन्छन्। कामक्लेशको पिपाशाले शान्ति प्राप्त गर्नकै लागि पानी दान गर्छन्। लज्जा र त्राश छोप्नलाई नै वस्त्रदान गर्छन्। त्यसरी नै ऋद्धि र निर्वाण सुखार्थ सुगन्ध, बुद्धगुणको शोभा उत्पत्तिको लागि माला गन्ध, बोधिमण्डपको निम्ति र तथागतको शयनको लागि शयनासन, शरण भावार्थमा आवास, पंचचक्षुको लागि प्रदीप, सकल लोकले मनपराउने रस, अजरामय भावनाको लागि औषधी, आर्यजाति प्राप्त गर्न छोरा, संसारको श्रेष्ठत्व भाव प्राप्त गर्न पत्नी, धर्मराज बनाउन राज्यदान गर्छन्। जुनसुकै दानकर्म सम्पन्न गरे तापनि बोधिसत्त्वको उद्देश्य हो-बुद्धत्व प्राप्ति। साँच्चै भन्ने हो भने बोधिसत्त्वहरू बाहिरी दानले मात्र सन्तोष हुँदैनन्। आफ्नो शरीरका अङ्गप्रत्यङ्ग र प्राणसमेत आवश्यकता अनुसार परित्याग गर्दछन्।

## तीन प्रकारका दान पारमिता

दान दिने दाताको बाह्यवस्तुमा टाँसिएको आफ्नो लोभ जित्न कुनै वस्तु दिनु नै दानपारमिता हो। दानवस्तु र दाताको कठिन त्यागअनुसार दानपारमिता तीन प्रकारका छन्। धनसम्पत्ति, छोराछोरी र पत्नी आदि परित्याग गर्नु दानपारमिता हो। यो पारमिता पूर्ण गर्दा सदा-*'करुणोपाय कोसल्ल परिग्गहिता अत्तुपकरण परिचाय चेतना'* अर्थात-*'करुणा, उपाय र कौशल्य गुणयुक्त भएर आफ्नो उपकरण छोड्ने चेतना'* हुनुपर्दछ। फेरि आफ्नो शरीरको अङ्गप्रत्यङ्ग नै परित्याग गरी दान दिनुलाई उपपारमिता भनिन्छ। यसैगरी आफ्नो जीवन प्राण-पर्यन्त उत्सर्ग गर्नुलाई दान परमत्थपारमिता भनिन्छ। यहाँ यी तीन पारमिताहरूको बारेमा अलगअलग विचार गरिनेछ।



Downloaded from http://dhamma.digital

## (क) दान पारमिता

*यथापि कुम्भो सम्पुण्णो, यस्स कस्सचि अधोकतो ।*
*वमते उदकं निस्सेसं, न तत्थ परिरक्खति ॥*
*तथेव याचके दिस्वा, हीनमुक्कट्ठ मज्झिमे ।*
*ददाहि दानं निस्सेसं, कुम्भो विय अधोकतो 'ति ॥॥*

जसरी भरिएको गाग्रोलाई कसैले घोप्ट्याइदिएमा सारा पानी पोखिन्छ, त्यहाँ एक थोपा पानी पनि रहँदैन । त्यसैगरी तिमीले उत्तम, मध्यम र निम्न सबै स्तरका याचक देख्दा घोप्ट्याइएको कलशजस्तै भएर सम्पूर्ण दान गर । यही नै बुद्धत्वको निदानकथा हो, आदर्श हो ।

बोधिसत्त्वले दानपारमिता पूर्ण गरेर मात्र अन्य पारमितापूर्ण गर्दछन् । फेरि अन्य पारमिता पूर्ण गर्दै जाँदा पनि दानपारमिता पूर्ण गर्दै जान्छन् । बोधिसत्त्व सिद्धार्थले सुमेध तापसको जीवनमैं बुद्धत्वको प्रार्थना गरी दानपारमिताबाटै प्रथमतः बोधिसत्त्वको चर्या सुरु गरे । अन्तिम बोधिचर्या पूर्ण भएको वेस्सन्तरको जीवन पनि दानपारमिताबाट नै पूर्ण हुन्छ । यसप्रकार दानपारमिता भनेको बोधिसत्त्व चर्याको मूल आधार नै देखिन आउँछ । त्यसैले नै अन्य अनेक पारमिता पूर्ण गर्नुपर्दा दानपारमिता पनि त्यससँगसँगै पूर्ण हुँदैजाने हुन्छ । घरबार, धनसम्पत्ति आदि जति पनि त्याग गरी विभिन्न पारमिता पूर्ण गरेर ऋषिप्रव्रजित भए त्यसमा यही दानपारमिता नै पूर्ण भएको देखिन्छ । बोधिसत्त्वको जीवनमा अत्यन्त कठीन परित्याग पनि अभ्यासले गर्दा सजिलो भएको देखिन्छ । दानपारमिताको उदाहरणलाई स्पष्टपार्ने धेरै कथाहरू माथि उल्लेख भइसकेका छन् । तापनि यहाँ पूर्णरूपले संक्षिप्त दानपारमिताको एउटा बोधिसत्त्वचर्या प्रस्तुत गरिन्छ ।

## वेस्सन्तर जातक

वेस्सन्तर जातकलाई नेपालमा विश्वन्तरको कथा भनेर चिनिन्छ । त्यसैगरी मद्दी रानीलाई मन्दिरा रानी भनिन्छ । यसरी नाम फरक परे तापनि कथाको मूलकथाको विषयवस्तुमा भिन्नता देखिँदैन । पालि साहित्य अनुसार वेस्सन्तरको कथा यहाँ प्रस्तुत गरिनेछ, जुन मूलरूपको कथा भएकोले



Downloaded from http://dhamma.digital

कथाभित्रको विषयवस्तु बुझ्न वा सार प्राप्त गर्नु लाभदायक हुन्छ ।

बोधिसत्त्व वेस्सन्तर राजकुमार शिवि देशका राजा सञ्जय तथा महारानी फुसतिदेवीका सुपुत्र थिए । बोधिसत्त्वलाई सोह्र वर्षको उमेरमा भद्र राजकुलकी मद्री नाम गरेकी राजकुमारीसँग विवाह गरिदिए । तर बोधिसत्त्व वेस्सन्तरको जीवन दानपारमिताको जीवन त्यागमय चरित्रको उज्ज्वल उदाहरणको रूपमा अगाडी बढीरहेको हुन्छ ।

बोधिसत्त्व वेस्सन्तरले आफू आठ वर्षको जति हुँदा विचार गरेका थिए-*'मागन मात्र आएमा अथवा कसैलाई आवश्यक परेमा आफ्नो हृदय, आँखा, मासु, रगत र प्राणसम्म दान दिनेछु ।'* फेरि राज्याभिषेक लिएदेखि उनले प्रतिदिन सातलाख धन खर्च गरी महादान गरे । आफ्नो ६ वटा दानशालामा महिनाको ६ पल्ट स्वयं आफै दान राम्ररी भयो भएन हेर्न जाने गर्थे ।

यसैबेला कलिङ्ग देशमा अनावृष्टि भयो । कलिङ्गका प्रजाहरूले त्यहाँको राजालाई भने- *'सञ्जय राजाका छोरा वेस्सन्तर राजकुरमारले जे दान मागन गए पनि दिनुहुन्छ । राजकुमारसँग सेतो मङ्गलसम्मत एउटा हात्ती छ । त्यो हात्ती हाम्रो देशमा भित्र्याउन सकेमा सुवृष्टि हुन्छ । त्यसैले कुनै एकजना ब्राह्मणलाई पठाएर त्यो हात्ती मगाउनु पऱ्यो ।'*

राजाले प्रजागणको कुरा सुनेर आठजना ब्राह्मणलाई त्यस मंगलसम्मत हात्ती मागन पठाए । बोधिसत्त्व पूर्णिमाको दिन सोह्र गाग्रो पानीले नुहाएर पूर्वतिर रहेको दानशालामा जाने गर्थे । त्यहाँ बोधिसत्त्वलाई भेट्न नपाएपछि ब्राह्मणहरूले दक्षिणतर्फको दानशालाको ढोकामा उभिएर वेस्सन्तरको जय ! वेस्सन्तरको जय !! भन्दै हात उठाउँदै ठूल्ठूलो स्वरमा कराउन थाले ।

वेस्सन्तर राजकुमारले उनीहरू कराइराखेका सुनेर उनीहरूलाई *'के चाहियो ?'* भनेर सोधे । उनीहरूले बोधिसत्त्वलाई सक्दो प्रशंसा गरिसकेपछि आफ्नो देशमा भएको दुर्भिक्षको बयान सुनाए । फेरि अन्तमा दान माग्दै भने- *'हामी तपाईको मङ्गलसम्मत एउटा हात्ती दान लिन नै यतिका दुःख खपेर यहाँसम्म आएका हौं ।'*

बोधिसत्त्वले-*'मैले आफ्नो शरीरमा भएको मासु, रगत र प्राणसम्म पनि मागन आएमा दान दिन्छु भनेको छु । यिनीहरूले त बाहिर रहेको वस्तु*



Downloaded from http://dhamma.digital

*मात्र मागेकाछन्'* भनी विचार गरी त्यस हात्तीलाई सबै अलंकारले श्रृंगार गर्नलगाएर उनीहरूले प्रयोग गर्ने वस्तुहरू पनि दान गरे। जब त्यस मङ्गलसम्मत हात्ती दान गरे तब भने सारा देशवासी नै रिसाए। रिसलेचूर्ण जनता राजाकहाँ गएर भन्न गए- *'महाराज, जुन हात्ती नभएमा हाम्रो देशमा दुर्भिक्ष हुनसक्छ, त्यस्तो सुलक्षण हात्ती राजकुमारले दान दिए। अब यस राज्यको गति के होला! यदि महाराजले हाम्रो विन्ति सुन्नु नभएमा राजकुमार सहित शिवि राज्य स्वयं जनताहरूले आफ्नो हातमा पार्नेछन्।'*

प्रजाहरूको यो कुरा सुनेर राजाको मनमा धेरै दुःख भयो। उनले आफ्नो छोरालाई त्यसरी दान दिने चाला त्याग्न सुझाव दिए। तर बोधिसत्त्वले भने दान दिने चाला छोड्न अस्वीकार गरे। यस्को बद्लामा बरु उनले सजाय स्वरूप वंकपर्वत जान तयार भएको स्वीकार गरी विदा लिनको लागि आफ्नी रानी मद्दीदेवीकहाँ गए। तर मद्दीदेवीले आफू पनि संगै जाने कुरामा जिद्दी गरिन्। बच्चाहरूले दुःख पाउंछन् भनेर पनि रोक्न खोज्दा पनि *'हुन्छ हवस्'* भनिनन्। बच्चाहरू पनि सबै लिएर वंकपर्वत जाने कुरामा नै जिद्दी गरिन् र अन्ततः त्यस्तै भयो पनि। आमाबाबु धुरुधुरु रुवाएर वेस्सन्तर र मद्दीदेवी, बाजे बज्यैहरूको मन थाम्न नै नसक्ने गरी छोरा जालीकुमार र छोरी कृष्णाजिनीसँगै लिएर वंकपर्वत जान बाहिर निस्के।

वेस्सन्तरसहित परिवार बाहिर जाँदा धेरै मानिसहरूको हृदय छिया छिया भयो, सबै रोए। त्यसरी रुनेहरूमध्ये अब दान लिन पाइने छैन भनी रुने ब्राह्मणहरू मात्र वेस्सन्तरको दरवारमा भ्याएसम्मको दान लिन आए। रथमा बसेर बाहिर जाँदा पनि महारानीको गहनासमेत दान लिन आए। अझ पछि वेस्सन्तरहरू चढिगएका घोडा दान लिन आए भने रथ समेत दान लिन आए। तर दानशील वेस्सन्तरले भने कहिले पनि दान दिनुमा हात तान्नुभएन। रथसमेत दान दिएर एकजना बच्चा आफूले बोकेर एउटा बच्चा महारानीलाई बोकाएर वंकपर्वत तिर लागे।

जेतुत्तर नगरबाट पाँचपाँच योजन टाढा रहेको सुवर्ण तालगिरि पर्वत, कोन्तिभार नदी, आरञ्जर पहाड, दुन्निवट्ट गाउँ त्यहाँबाट दश योजन उता रहेको वेस्सन्तरको मामाली देशमा (मामाघर) पुगे। बोधिसत्त्वलाई वंकपर्वत नगएर त्यहीं बस्न कति ठम्याउने प्रयास गरिए, कति प्रार्थना गरिए, तर उनले



Downloaded from http://dhamma.digital

स्वीकार गरेनन् । उनले स्पष्ट भने- *'मलाई बुबाले वंकपर्वतमा बस्न जान निस्काशित गरिएको हो । त्यसैले म त्यहीं बस्न जान्छु । मैले मङ्गलसम्मत हात्ती दान गरें । फेरि मलाई देखेर शिवि देशका वासिन्दाहरू* धेरै रिसाएका छन् । त्यसैले मलाई यहाँ राखेमा अथवा सञ्जय राजालाई भन्न गएमा उनीहरू रिसाउने छन् । मेरो कारणले मेरो पूज्य बाबु समेत निस्काशित हुन सक्नेछन् । त्यसैले मलाई वंकपर्वतमा नै जान दिनोस् । हेर्नुहोस् मलाई *राज्य चलाउने इच्छा पनि छैन । राज्यबाट निश्काषित व्यक्ति हुँ । फेरि यहाँ मैले राज्य गर्दा शत्रु बढ्छन् । दुई राज्यबीच झगडा समेत हुनसक्छ । त्यसैले मलाई वंकपर्वतमा नै जानदिनोस् ।'*

यसरी मामाहरूले र त्यहाँका मानिसहरूले गरेको आग्रहलाई उपेक्षा गरी बोधिसत्त्व त्यस नगरमा नै प्रवेश नगरी वंकपर्वततिर लागे । पन्ध्र योजनसम्म बोधिसत्त्वलाई त्यहाँका क्षत्रियहरूले पुऱ्याउन गए । त्यसपछि उनीहरूले आँखाभरि आँशु पारी पन्ध्र योजन बाटोबाट बिदाई गरे ।

बोधिसत्त्व पहिला दक्षिण दिशातिर हेरेर अगाडी बढे । त्यसपछि गन्धमादन पर्वत, त्यहाँबाट उत्तरतिरको विपुल पर्वत, त्यहाँबाट पनि उता विभिन्न प्रकारका माछा भएको केतुमति नदीसम्म पुगे । त्यहाँ नुहाएर विश्राम गरिसके पछि बर-बृक्ष मार्ग हुँदै नालिक पर्वत गएर उत्तरपूर्व हेरेर मुचलिन्द दहमा पुगे । अझ त्यो भन्दा पर राम्रो सफा पानी भएको ठूलो पोखरी जुन वंकपर्वत थियो । वेस्सन्तरले त्यहीं नै आफ्नो राजकुमार वस्त्र फुकाली तपश्वीभेष धारण गरे । मद्दीदेवीले आफ्नो स्वामीलाई तपश्वीभेषमा देखेर पहिले विरह गरिन् । पछि आफूले पनि तपश्वीनी भेष लिई वेस्सन्तरसमक्ष प्रार्थना गरिन्- *'हजुरले फलफूल खोज्न जङ्गल* जानुपर्दैन । *केटाकेटी हेरेर यहीं बस्नुहोस् । संधै म आफै जङ्गलमा गएर फलफूल खोजी ल्याउनेछु ।'* वेस्सन्तरले त्यो कुरा स्वीकार गरे । फेरि पछि कुबेलामा आश्रममा प्रवेश नगर्न उपदेश दिंदै वेस्सन्तर आफ्नो तपश्याचर्या कार्यमा लागे ।

यसरी वेस्सन्तर तपश्या चर्यामा रहँदा कलिङ्गको दुन्निवट्ठ गाँउमा जुजक नामक वृद्ध ब्राह्मण बस्ने गर्थ्यो । उसले मागीमागी नासो राखेको सय रूपैंया एकजना ब्राह्मणले खाइदियो । फेरि सट्टामा उसलाई तरुनी छोरी एउटी दिइपठायो । उसको कामकुराको उदाहरण दिएर अन्य ब्राह्मणहरूले



Downloaded from http://dhamma.digital

आ-आफ्नी जहानहरूलाई गाली दिन थाले । त्यसैले सारा ब्राह्मणीहरू त्यस ब्राह्मणीलाई ईर्ष्याले हेर्न थाले । धपाई पठाउने विचार गरे । तब ब्राह्मणी पानी भर्न जाँदा सबैले उसलाई होच्याउन थाले । उसलाई पानी भर्न जान नै लाज लाग्यो । आफ्नो लोग्नेलाई पानी भर्न पठाउन मन पनि भएन । त्यसैले त्यस ब्राह्मणीले ब्राह्मणलाई काम गराउनको लागि वेस्सन्तरको छोराछोरी दान लिन पठाइन् । ब्राह्मणले पनि-*'दान लिन जाने होइन'* भनी फकाउँदै फकाउँदै वंकपर्वतको बाटो सोध्दै गयो । वेस्सन्तरलाई दान लिन आउनेको तर्फबाट दुःख दिन मन नपराउनेहरूमध्ये तपश्वीहरू पनि थिए । तर त्यस ब्राह्मणले तपश्वी अच्यूतलाई पनि त्यसरी नै फकाएर भन्यो- *'तपश्वी मैले वेस्सन्तरसँग केही माग्न भनी आएको होइन । म त खाली सत्पुरुषहरूको दर्शन गर्नु मङ्गल हो भनी आएको हुँ । म उहाँको शिष्य हुँ । त्यसैले मलाई उहाँको दर्शन गर्न जाने बाटो देखाइदेऊ । शिवि राजाले देशनिकाला गरेदेखि मैले उहाँको दर्शन गर्न पाएको छैन । मलाई छिटै बाटो देखाइदेऊ ।'*

यसरी भन्दैभन्दै अन्तमा जुजक वेस्सन्तरको ठाऊँमा पुग्यो । जुजकलाई देख्नासाथ वेस्सन्तरले भने-*'सात महिना बित्यो मैले दान गर्न नपाएको । सात महिनादेखि बन्द भएको दानरूपि ढोका आज बल्ल खोलिने भयो । आऊ ब्राह्मण तिमीलाई स्वागत छ ।'*

ब्राह्मणले खुशीहुँदै भन्यो- *'वेस्सन्तर, नदीको पानी प्यासीले जतिसुकै पिए पनि समाप्त हुँदैन । त्यसरी नै हजुरको दानदिने श्रद्धा पनि जतिसुकै* दान लिन आएतापनि समाप्त हुँदैनन् । हजुर महान श्रद्धालु भएकोले म पनि *हजुरसँग केही माग्न भनी आएको हुँ ।'*

आफूसँग त्यहाँ कुनै धनद्रव्य नभएको कुरा वेस्सन्तरले स्पष्ट पारे । तापनि आफूसँग भएको दिने भनी आश्वासन पनि दिए । यसो भन्नासाथ जुजक ब्राह्मणले विस्तारै आफ्नो कुरा बतायो- *'वेस्सन्तर मलाई पैसा चाहिएको छैन । हेर्नुहोस् म कति बूढो भइसकें । मैले कुनै काम गर्नै सकिनं । त्यसैले एउटा दुईटा काम गराउन मलाई बच्चा एक-दुईजना भए खूब राम्रो हुन्थ्यो । हजरका यी बच्चाहरू त्यसै जङ्गलमा पनि परिरहेका छन् । मलाई दिनुभएमा काम पनि लाग्नेछ, हजुरलाई पनि महानपुण्य लाभ हुन्छ नै । यस कारणले म हजुरको शरणमा आएको हुँ ।'*



Downloaded from http://dhamma.digital

मागे जति दिन्छु भनी विचार गरेको बोधिसत्त्व वेस्सन्तरले त्यस ब्राह्मणको विन्ति पनि स्वीकार गरे । तर बच्चाहरूका आमा मद्दीदेवी नआएसम्म पर्खेर बस्न अनुरोध गरे ।

यो कुरा सुनेर ब्राह्मणले भन्यो-*'वेस्सन्तर म त तुरुन्तै फर्किनुपर्छ । फेरि मलाई तुरुन्तै दान नदिएमा हजुरको पुण्य कार्यमा पनि बाधा हुन्छ, मेरो लाभमा पनि हानि हुनसक्छ । किनकि आइमाईहरूले याचकहरूलाई मन सन्तुष्टि हुने गरी दान दिँदैनन् ।* वेस्सन्तरले- *'मद्दीदेवी त्यस्ती छैनन्, उसको दानशीलता धेरै बलियो छ'* भनी भन्दा पनि ब्राह्मणको चित्त बुझेन् । बारबार *'छिटो दिनुहोस्'* भन्दा बोधिसत्त्वले ब्राह्मणलाई अर्को कुरा भने - *'त्यसो हो भने मैले यी बच्चाहरू तिमीलाई दिइसकें । तर बच्चाहरू लिएर तिमी सञ्जय राजाकहाँ जाऊ । तिमीसँग यी बच्चाहरू लिएर तिमीलाई धेरै धनसम्पत्ति दिनेछन् ।'*

बोधिसत्त्वले फेरि आफ्ना बच्चाहरूलाई सम्बोधन गरी भने-*'आऊ बाबु, यहाँ आऊ मेरो पारमी पूर्ण गरिदेऊ । मेरो वचन एकपल्ट सुनिदेऊ । मेरो हृदय शितल पारिदेऊ । संसार सागरबाट पार जानलाई, प्राणीहरूलाई संसार सागरदेखि पार लानलाई तिमीहरू मेरो निम्ति रथजस्तै, डुंगाजस्तै भइदेऊ । मैले बोधिधर्म पूर्ण गरी सकल देव मनुष्यहरूलाई संसारदुःखबाट मुक्त गर्नेछु ।,फेरि हे बाबु, तिमी यस ब्राह्मणदेखि मुक्त हुन हजार रूपैंया यसलाई उपलब्ध गराऊ, बहिनीलाई उच्च-उत्तम स्थानमा पार्न तिमीले सर्वशत दिलाएर मात्र मुक्त गरिलेऊ ।'*

पुनः ब्राह्मणलाई हेरेर बोधिसत्त्वले भने-*'ब्राह्मण, मैले यी बच्चाहरू मन नपरेर दान दिएको होइन । मलाई यी बच्चाहरू आफ्नो आँखा र मुटुभन्दा पनि धेरै मन पर्छ, प्यार लाग्छ, स्नेह जाग्छ । तर यसभन्दा पनि मलाई जगतको हित मन पर्छ । हित हुने ज्ञान सर्वज्ञज्ञान बढी मन पर्छ । यो मेरो त्यागको प्रभावले छिट्टै नै मैले सर्वज्ञता प्राप्त गरी जगत प्राणीलाई उद्धार गर्न सकुँ ।'*

यसरी बोधिसत्त्व वेस्सन्तरले प्रार्थना गरी आफ्ना छोराछोरी त्याग गरे । त्यसबेला भूकम्प भयो । क्षणिक वर्षा पनि भयो ।

तर दान लिइसकेपछि ब्राह्मणले भन्यो-*'वेस्सन्तरको कुनै कुरा स्वीकार*



Downloaded from http://dhamma.digital

*गर्न सकिदैन ।'* यति भनेर वेस्सन्तरको अगाडि नै जालिकुमार र कृष्णाजिनीलाई बाँधेर, तर्साएर, गाली गर्दै, तान्दै लग्यो । यो देखेर बोधिसत्त्वको मनमा पनि एकपल्ट *'ब्राह्मणलाई तुरुन्तै दुईटुक्रा पारेर आफ्ना बच्चाहरू फर्काएर ल्याउँ कि'* जस्तो भयो । तर तुरुन्तै - *'अहो ! मैले त्याग गरिसकेपछि यसो गर्नु त उचित हुँदैन'* भनी पुनः विचार गरे ।

फलफूल लिन गएकी मद्रीदेवीको जङ्गलमा मन विचलित हुन्छ । उनको हातबाट फल टिप्ने अंकुश भुईंमा खस्यो । पशुहरूले पनि आफूलाई बाटो छेकेकोझैं महशूस भयो । मन आकुलव्याकुल बनाएर मद्रीदेवी जङ्गलबाट फर्किएर आइन । तर गाईका बाछ्राहरू गाई पर्खेर बसेझैं बाटोबीचमा आएर बाटो कुर्न आउने ठाऊँमा आज बच्चाहरू पर्खिन आएनन् । टाढाबाटै दुरुरर दौडिएर आएर जिउमा लुटपुटिनेझैं गरी आउने बच्चाहरू देखिएनन् । आश्रममा पुगेर हेरिन् । मद्रीदेवीको स्तनले भरिएको छाति फुट्नेझैं भयो । मन नपरीनपरी विचार गर्न नहुने ढङ्गले बच्चाहरूलाई कतै केही भए कि भनी शंका हुनासाथ सहन सकिनन् । यता वेस्सन्तर भने केही नभनी चुपलागी बसिरहे ।

तब यताउता खोजिन् र चहारिन् । पछि वेस्सन्तरकहाँ आएर भनिन्- *'किन आज हजुर नबोलिकन बस्नुभएको ? वनको पंक्षी नकराएझैं हजुर पनि आज कसरी नबोलीकनै बस्नुभयो ? बच्चाहरूलाई बाघले खायो कि ? भालुले खायो कि ? अथवा कतै खसे कि ? खेल्न गएका फर्केर मात्र आएका छैनन् कि, अथवा कतै काममा पठाउनुभएको हो कि ? खै, कहाँ गए मेरा बच्चाहरू ? खै कहाँ गए ? कहाँ गए भनेको........! ?'*

तर बोधिसत्त्वले जवाफ दिने नै के ? तब मद्रीदेवी झन्झन् अनेक प्रश्न गर्दै रुँदै बसिन् । अझ बोधिसत्त्वको मनमा कुरा खेल्यो- *'यथार्थ कुरा बताए भने शोकको शोक नै भइरहन्छ, मद्रीदेवीको मन पागल हुन्छ । त्यसैले कुनै अर्के कुरामा एकपल्ट उसको मन तान्नु पर्‍यो'* भनी विचार गरी मद्रीदेवीको मनमा प्रहार गर्न, अर्के विषयमा मन पठाउन उसलाई कडा वचन बोलेर शोकदेखि मन पन्छ्याएर पठाउंछु भन्ने विचार गरी बोधिसत्त्वले भने- *'हे मद्री तिमी राम्री छौ,* फेरी तिमी युवती, जङ्गलमा अनेक शिकारीहरू छन् । मन्त्रतन्त्र जानेका पनि छन् । तिमी विहानदेखि बाहिर जान्छौ, राती मात्र फर्किन्छौ । असल महिलाहरूको यस्तो बानि हुँदैन । तिमीले मेरा बच्चाहरूलाई



Downloaded from http://dhamma.digital

केही भए कि, वेस्सन्तर कसरी कराइरहे होला भनी विचार पुऱ्याएको नै देखिँदैन । यो कसैको दोष होइन मेरो नै दोष हो । मलाई आफ्नो राज्यदेखि निस्काशित गरी यहाँ पठाइयो, म निर्धनी भएँ, त्यसैले मलाई यस्तो भयो ।'

वेस्सन्तरले त्यसो के भनेका थिए, मद्दीदेवीको मनमा अर्को आँधीवेरी आयो । तर विषय अर्को भयो । उनी क्वाँक्वाँ रुँदै वनमा भएको सारा कुरा विन्ति गरिन् । फेरि उनी आफूलाई वेस्सन्तरले शंका गरे भनी दुःखित भइन् । कति कुरा भनिन् र पनि वेस्सन्तरले भने अरु केही पनि बोलेनन् । न बच्चाहरूको विषयमा केही बोले, न हातमुख धुएर खानेपिउने नै गरे । पछि मद्दीदेवी दुःखले मुर्छा परिन् ।

यस समयमा वेस्सन्तरले-*'अब सत्य कुरा भन्ने समय भयो'* भनी सोचे । तब मद्दीदेवीको छातीमा हात राखी फेरि कमण्डलु भरी पानी ल्याई पानी पिलाए । सात महिनादेखि आफूले नछुएको मद्दीदेवीलाई वेस्सन्तरले आफ्नो काखमा टाउको बिसाएर पानी छर्केर अनुहार मुसारे, छाती सुम्सुम्याए । केही क्षणपछि मद्दीदेवी होशमा आइन् । आँखाभरी आँशु राखेर आफूलाई काखमा राखेका वेस्सन्तरलाई देखिन् ।

तव वेस्सन्तरले उसलाई सारा कुरा बताए-*'प्रिय मद्दी, तिम्रो मनमा चोट लाग्ला कि भनेर चिन्तित हुँदै फेरि बच्चाहरूसँग विछोडिनु पर्ने दुःख बताउन मैले तिमीलाई यसो भनें । मद्दी, तिमीलाई मेरो दान दिने स्वभाव त थाहै छ । तिमी वनमा जाँदाखेरि यहाँ मकहाँ एकजना गरीब ब्राह्मण आयो । उसले बच्चा दान माग्यो । त्यसैले मैले हाम्रा बच्चाहरू उसलाई दान दिएँ । तिमीले मनमा धैर्य राख । महापुरुषहरूले निर्वाणको निम्ति आफ्नो छाती फोडेर पनि दान दिन्छ । प्रिय मद्दी, तिमीले मेरो यो दानको अनुमोदन गर ।'*

वेस्सन्तरले छोराछोरी दान गरिसकेपछि देवराज शक्रको मनमा *यो वेस्सन्तरले कसैले माग्न आए आफ्नो जहान पनि त्याग गर्नेछ र मद्दीदेवीको दुर्गति हुनेछ । उसको धर्म पनि बिग्रनेछ । त्यसैले अहिले नै म गएर मद्दीदेवी दान लिएर आउँछु । यी बच्चाहरू पनि ठीक ठाउँमा पार्छु* भन्ने विचार गरी ब्राह्मणभेष लिएर वेस्सन्तरकहाँ इन्द्र स्वयं आइपुग्यो । महासत्व वेस्सन्तरले त्यस ब्राह्मणभेषधारी शक्रलाई पनि स्वागत गर्दै बसाए । फेरि जङ्गलमा के लिने आशयले आएको भनी सोधे । तब ब्राह्मणभेषधारी इन्द्रले भन्यो- *'आफू*



Downloaded from http://dhamma.digital

*अति नै बृद्ध भएकोले विबाह गर्न खोज्दा विबाह हुन पनि गाह्रो भएकोले मद्दीदेवी एउटी माग्न आएको हुँ।'*

बोधिसत्त्वले- *'हिजो मैले आफ्ना छोराछोरीहरूलाई दान दिएँ, आज फेरि धर्मपत्नी दान लिन आयो। भोली मेरो मुटु नै दान लिन आउनेछ। तर जगतको हितार्थ म कहिले पनि दान माग्न आएकोलाई खालीहात फर्काउँदिन'* भनी विचार गरी भने- *'भो ब्राह्मण, मैले आफ्नो तर्फबाट मद्दीदेवी तिमीलाई दिइसकें। मसँग भएको वस्तु म लुकाइराख्दिन। कसैले दान लिन आउँदा आफूसँग मात्र भएमा मेरो आफ्नो मुटु नै निकालेर दान दिन्छु। मलाई दान दिन खूब मन पर्छ।'*

यसो भनी मद्दीदेवीको विचार सोधे। मद्दीदेवीले पनि- *'बोधिसत्त्वको दानदिने स्वभावलाई बाधा हुँदिन'* भन्ने सोचेर त्यस कुरालाई स्वीकार गरिन्। तर स्वीकार गरी दान मात्रै के दिए, तुरुन्त त्यस भेषधारी ब्राह्मणले भन्यो- *'भो वेस्सन्तर, यो मद्दीदेवी मैले हजुरलाई नै दिइराख्छु। यिनी हजुरसँगैमात्र बस्न सुहाउँछे। जसरी पानी र शंखको एउटै वर्ण हुन्छ, त्यसैगरी हजुरको दुबै जनाको रूपवर्ण पनि एउटै नै छ।'*

यसरी बोधिसत्त्व वेस्सन्तरको दानको प्रशंसा गरी त्यस भेषधारी ब्राह्मणले आफ्नो इन्द्ररूप प्रकट गऱ्यो। फेरि केही वरदान दिने इच्छा गऱ्यो। तर वेस्सन्तरले यी आठवटा कामना मात्रै गरे-

*१) म राजदरवारमा पुग्दा मलाई बाबुले अनुमोदन गरोस्।*

*२) बन्धनमा परेकाहरू बन्धनमुक्त होउन्।*

*३) बूढाबूढी, तन्नेरी तरुनी सबैकालागि स्वयम् जीविकाको लागि आधार बन्न सकुं।*

*४) परदार सेवन नगरी स्वास्नीमानिसको वशमा नबस्ने होऊँ।*

*५) मेरा छोराछोरी  सुखी होउन्।*

*६) उनीहरूलाई दिव्य भोजन प्राप्त होस्।*

*७) जेसुकै भए तापनि मेरो धन समाप्त नहोस्। फेरि त्यागगरि-सक्दा मनमा पुनः पश्चाताप नभएको होऊँ।*

*८) यस जीवनबाट च्यूत (मुक्त) भई सुगतिमा गएर त्यहाँबाट पनि च्यूत भएर एउटा जन्म छाडेर अर्को जन्म लिन नपरोस्।*



Downloaded from http://dhamma.digital

यी कामनाहरू पूर्ण हुने तथा राजाले लिन आउने कुरा प्रकाशपारी इन्द्र अन्तरधान भयो ।

उता जुजक ब्राह्मणले बाटो बिराएर कलिङ्गराज्यमा जान्छु भनेर जाँदैगर्दा जेतुत्तर नगरमा पुग्यो । त्यस दिन राजा सञ्जय सवेरै खाने पिउने गरेर न्यायालयमा बसिरहेका थिए । राजाले ती बच्चाहरूलाई ल्याउँदै गरेको टाढाबाटै देखे र विचार गरे- 'सिंहको डमरुजस्तै समान तेज र स्फूर्ति भएका, बलिरहेको दाउराजस्तै तेजिला ती दुईजना बच्चाहरू को होलान् ?' भनी विचार गरी राजदूत मार्फत हेर्न पठाए । पछि राजा सञ्जयको नजिक पुग्ने बित्तिक्कै जुजक ब्राह्मणले भन्यो-*'महाराज, आजको पन्ध्रदिनअघि मलाई एकजना दानी राजाले यी बच्चाहरू दान दिएका हुन् । वनमा बस्दा जोसुकै याचकलाई पनि उनले कसैलाई पनि त्यसै खाली हात फर्काउँदैनन् । उनको दान दिनुमा इच्छा भए भैं त्यो पूरागर्ने तत्परता पनि रहेको छ । जेसुकै पनि दान दिन तयार व्यक्तित्व हुन्- वेस्सन्तर राजकुमार । उहाँ वेस्सन्तरले नै मलाई बच्चाहरू दान दिएका हुन् ।'*

यो कुरा सुनी राजा सञ्जयको हृदय छिया छिया हुन्छ, उनले दुःख सहन सकेनन् । तब बच्चाहरूलाई काखमा बस्न आऊ भन्नासाथ जालिकुमारले आफ्नो बाबु वेस्सन्तरले आफूलाई भनेका कुरा सुनाए- *'महाराज मलाई काखमा राख्न र कृष्णाजिनीलाई काखमा राख्न, मेरो लागि एक हजार र मेरी बहिनीको लागि सर्वशत मूल्य यस ब्राह्मणलाई दिनुहोस् ।'*

नाति जालि कुमारले भनेभैं राजाले ब्राह्मणलाई आवश्यक रकम दिए । नातिहरूको प्रेम र स्नेहले राजा र महारानी फुसतिदेवीलाई छोरा वेस्सन्तर र बुहारी मद्दीदेवीको सम्भनाले पिरोल्न थाले । अभ जालि कुमारले बराबर बिन्ति गर्नाले राजा सञ्जयले वेस्सन्तरलाई दरवारमा फिर्ता बोलाउने पहल गर्न थाले ।

यसरी नै एकदिन राजा साठीहजार सैन्य, हात्ती, घोडाको बल सहित वेस्सन्तरलाई लिन गए । यो सैनिकदल वंकपर्वतमा आइपुग्दा पहिला त वेस्सन्तरको मनमा आफूलाई लिन आएभैं लागेन । बोधिसत्त्वले मद्दीदेवीलाई भने- *'मद्दी, शायद हाम्रा बाबुलाई शत्रुहरूले जितेर हामीलाई पनि पक्रन यहाँ कोही आउँदैछन् । हेर त कति सैन्यहरू देखिन्छन्, कति रथका ध्वजाहरू*



Downloaded from http://dhamma.digital

*देखिन्छन् ।'* तर सैन्यदल नजिकिँदै आउंदा कुरा स्पष्ट भयो र मद्दीले सबैभन्दा पहिले त्यो शत्रुदल नभई आफ्नै देशको ध्वजा भएको कुरा बताइन् । उता राजा सञ्जय पनि एकैचोटी सबै परिवार नजिक जाँदा हर्ष-विस्मात दुबै एकैपटक हुन्छ भनेर पहिला राजा स्वयं वेस्सन्तरकहाँ पुगे । वेस्सन्तर र मद्दीदेवीले राजा सञ्जयलाई स्वागत गरे । उनीहरूबीच कुशल वार्ता भइसकेपछि महासत्त्वले जालि र कृष्णाजिनीको बारेमा सोधे- *'हजुरलाई मन परेका दुबै जना नातिनातिनीहरूलाई पनि एकजना ब्राह्मणलाई दान दिएँ । त्यो ब्राह्मण भने धेरै निर्दयी रहेछ । बच्चाहरूलाई पिट्दै लग्यो । अहिले बच्चाहरू कुन अवस्थामा छन् त्यो मलाई थाहा छैन । यदि तपाईलाई उनीहरूको बारेमा कुनै कुरा थाहा छ भने बताउनुहोस् । नानीहरूको बारेमा सुन्न पाए हामीलाई धेरै आनन्द हुनेछ ।'*

राजा सञ्जयले प्रत्युत्तरमा दुबै बच्चाहरू आफ्नो साथमा रहेको कुरा वेस्सन्तरलाई सुनाए । वेस्सन्तरले पछि आफ्नी आमाको विषयमा अनेक कुरा सोध्दै गर्दा आमा चाहिं त्यहाँ आइपुगिन् । मद्दीदेवीले फुसतिदेवीको पाउमा परी- *'म तपाइको बुहारी हुँ'* भनिन् ।

अनि वेस्सन्तरले पनि आफ्नो आमा फुसतिदेवी महारानीलाई वन्दना गरे । त्यसैबेला जालिकुमार र कृष्णाजिनी त्यहाँ आइपुगे । मद्दिदेवी दौडिएर गई दुबै बच्चाहरूलाई भ्वाप्प अंगालो मारेर आँखाभरि आंशु बरर खसालिन् । छातीबाट दूध बहयो । अनि छोराछोरीहरू देख्नासाथ वेस्सन्तर त्यहीं मुर्छा परे । त्यसबेला ठूलो भूकम्प भयो । महासमुद्रमा रहेको पानी जोडले प्रकम्पित भएको महशूस भयो ।

जेहोस्, जस्तोसुकै होस्, भइसकेको कुरा बिर्सेर पठाउनु जाती भन्दै राजा शिविबाट आज्ञा भयो- *'अब तिमीले आमाबाबु र दाजुभाइ दिदीबहिनीको मन राख । छोराछोरीले आमाबाबुको सुखको लागि अथवा आमाबाबुको दुःख हटाउन प्राणसम्म त्याग गर्छन् । त्यसैले तिमीले यस ऋषिभेष छोडी राज-शासनको भार स्वीकार गर ।'*

तर बोधिसत्त्वले त्यस वन-प्रदेशमा अझै सारा परिवारसहित एक महिना बिताए । त्यसपछि मेरो पारमिता गुणधर्म पूर्ण गर्ने काम सकियो भन्ने विचारले पर्णकुटी त्याग गरे र पुनः त्यस कुटीको चारैतिर हेर्दै उनले विचार



Downloaded from http://dhamma.digital

गरे- *'अहो कुटी १ मैले यहाँ सात महिना बसेर पारमिता गुणधर्म अन्तसम्म पूर्ण गरिसकें। धन्य यो स्थान !'*

यसपछि ठूलो उत्साहसहित वेस्सन्तर आफ्नो देशमा फर्के। सारा प्रजाहरूले बोधिसत्त्व वेस्सन्तरलाई स्वागत गरे।

उपरोक्त चर्चाबाट बोधिसत्त्व वेस्सन्तरको महान त्याग बारे स्पष्ट हुन्छ। बोधिसत्त्व कतिसम्म परोपकार उन्मुख छन् भन्ने यो एउटा प्रमाण हो। मङ्गलसम्मत हात्ती दान दिंदा देशवासीको हृदय दुखेको, छोराछोरी, धर्मपत्नीसमेत दान दिंदा मानवताको स्वतन्त्र व्यक्तित्वप्रति घाउ भएको भाव यस कथाको मूल प्रत्याशित विषय होइन। साथै एकातिर खालि लिनेलिने, आफू र आफ्नो गूटको मात्र स्वार्थगत फाईदा उठाउन अरुहरूको जे-जस्तोसुकै र जसरी भए पनि हडप्ने लोभी ब्राह्मणत्व र अर्कोतिर खालि दिनेदिने, जे पनि दिने त्यागी बोधिसत्त्वको भाव अतुलनीय उदाहरण मान्न सकिन्छ। यसबाट जातक युगीन मानव समाजको प्रतिनिधित्व गरेको देखिन्छ। साथै मद्दीदेवीको आफ्नो जहानप्रतिको प्रेम, सतित्व र वेस्सन्तरको त्याग शीलताको बीचको पारस्परिक द्वन्द श्रृजना हुँदा इन्द्रले दुबैको असल हुने गरी आफूले दान लिन आएको दृश्य पनि धेरै महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ। नत्र वेस्सन्तरको त्यागपछि मद्दीदेवीको शील पवित्रता कलंकित हुने अथवा शीलको पवित्रताको लागि दान कुण्ठित हुने, यी दुबै बौद्ध संस्कारको विपरित पक्ष हुन्। पछि त्यसरी दिएर मात्र बसेर लोभ संस्कार भएकाहरूबाट संसारले कसरी पार पाउंदछ भन्ने तर्क आज हामी सामु उभिएको छ।

यसप्रकार यो वेस्सन्तर चरित्र अनेक त्यागको आदर्श देखाउने बोधिसत्त्व अवदानमध्ये शायद यसलाई सर्वाधिक महत्त्वपूर्ण मानिन्छ। पालि जातकको संकलनमा यो जातक सबैभन्दा तल परेको कुरा पनि यस प्रसंगमा सम्झनलायक नै छ।

## (ख) दान उपपारमिता

वेस्सन्तर जातकमा वोधिसत्वको दान पारमिता धेरै कठिन चर्याको रूपमा रहेको छ। तर बोधिसत्त्वहरू यस्तै दानले नै मात्र सन्तोष हुँदैनन्। बोधिसत्त्वहरूको विचार हुन्छ -

*'अहं बाहिर दानमेव देमि, तं मं न परितारेति। अज्झतिक दानं*



Downloaded from http://dhamma.digital

*कातुकामोह्मि । सचे मं कोचि हदयं याचेय्य उरं भिन्दित्वा हदयं निहरित्वा ददेय्यं । सचे अक्खिनी याचेय्य अक्खिनी उपादेत्वा ददेय्यं ।'*

मैले बाहिरी वस्तु मात्र दिइरहेको छुं । यसले म पार हुन सक्दिन । आन्तरिक अङ्ग दान दिने पनि इन्छा गरें । यदि कसैले मसँग हृदय नै (मुटु) पनि मागेमा म छाती नै फोडेर दान दिन्छु । यसरी नै कसैले यदि आँखा मागेमा आँखा निकालेर दिन्छु ।

• वास्तवमा बाहिरी वस्तु दान दिन सजिलो छ तर आफ्नो शरीरको अङ्गप्रत्यङ्ग दान दिन गाह्रो हुन्छ । त्यसैले यस अर्थमा दानपारमिताभन्दा दान उपपारमिता महान हुन्छ, श्रेष्ठ हुन्छ । परार्थमा आफ्नो धन सम्पत्ति दिनु वा समाप्त गर्नुभन्दा पनि आफ्नो सन्तानलाई दुःख कष्ट दिनु वा त्यस्तो भएको हेर्नु गाह्रो हुन्छ । अझ अर्काको लागि आफ्नो शरीर नै बलिदान गर्नु झन गाह्रो हुन्छ । तर यी गाह्रो विषयहरू पनि बोधिसत्त्वले आफ्नो चर्या पारमिताको अभ्यासबलले सहज बनाउंदछन् ।

## सीलव जातक (७२)

कथा अनुसार सीलवहस्तिराजले बाटो बिर्सेको एकजना पथिकलाई बाटो देखाइदियो । उसको हस्तिदन्त देखेर त्यस मानिसले पछि शिल्पिलाई सोध्यो-'मैले *जीवित हात्तीको दाँत ल्याइदिएमा किन्छौ कि ?' 'शिल्पिहरूले यस्तो दन्त भए हुन्छ, पैसा दिएर किन्ने'* भनेर मात्र के भनेको थियो त्यो व्यक्ति आरी लिएर त्यही जङ्गलमा गएर रुन गयो । फेरि हात्ती आएर उसलाई रुइरहेको कारण सोध्यो । उसले भन्यो-*'स्वामी, म निर्धन, म धेरै दरिद्र । बाँच्ने उपाय नै छैन । त्यसैले म तपाईकहाँ आएको हुँ । यदि तपाईले आफ्नो एउटा दाँत मलाई दिनुभयो भने त्यो बेचेर मैलै आफ्नो जीवन रक्षा गर्न सक्नेछु ।'*

सीलव हात्तीले आफ्नो दाँत काट्न दियो । फेरि भन्यो -*'मैले यो दन्त तिमीलाई मन नपरेर दिइरहेको होइन, मलाई असजिलो वा मलाई आवश्यक नभएर दिइरहेको पनि होइन । मलाई योभन्दा सयगुणा हजारगुणा धेरैबढी धर्म बुझ्ने बुद्धत्वज्ञानरूपी दन्त मन पर्छ । त्यसैले मात्र यो दिइरहेको छु । यो मेरो दन्त दानले बुद्धत्वज्ञान बोध गर्न कारण बनोस् ।'* तर त्यो अकृतज्ञ मानिसले त्यो दन्त बेचेर फेरि त्यहीं आयो । पहिले लगेकोले साहुमात्र तिर्न सकियो भनी



Downloaded from http://dhamma.digital

फेरि बाँकी रहेको दन्त काटेर लियो । केही समयपछि आएर भित्रीदाँत जरैदेखि उखेलेर लिएर गयो ।

दान उपपारमिताको दृढता यस कथामा देख्न पाइन्छ । यसरी नै यो चर्या बोधिसत्त्व अरुलाई दिनुमा कतिसम्म अविचलित रूपमा दृढ हुन्छ भन्ने प्रमाण (दसी) हो । त्यसैगरी छद्दन्त जातक (५१४) मा छद्दन्त हात्तीले *दाह्रा किटेर सहेर* आफ्नो दन्त दान दिएझैं जस्तो दान उपपारमिताको उदाहरण हुनसक्ने जातक कथाहरू धेरै छन् । तर यी उपपारमिताको उदाहरण हुनसक्ने कथामध्ये सिवि जातकलाई (४९९) अति नै महत्त्वपूर्ण मानिन्छ ।

## शिवि जातक (४९९)

शिवि (सिवि) राष्ट्रको राजा भएकोले उनलाई शिवि राजा भनिएको हो । शिवि तक्षशिलामा शिक्षादिक्षा लिइसकेपछि उपराज भए । पछि बाबुको मृत्युपछि राजा भए ।

शिविले राजा हुनासाथ चार नगर ढोकामा चारवटा, नगरको बीचमा एउटा र राजभवन नगिच एउटा गरी जम्मा ६ वटा दानशाला बनाउन लगाए । तर शिवि राजा बाहिरी बस्तु दान दिनुमैं सन्तोष भएनन् । आफ्नो शरीरको मासु, रगत वा आँखा दान लिन आए तापनि दिन्छु भनेर विचार गरी दरवारबाट निस्के । उता इन्द्रले शिवि राजाको अधिष्ठानको परीक्षा गर्नको लागि बृद्ध ब्राह्मणभेष धारण गरी शिवि राजाको अगाडि महाराजको जय भन्दै प्रकट भयो । जय जयकार गरी टुप्लुक्क बस्यो । राजाले किन भनी सोध्नासाथ उसले भन्यो- *'महाराज हजुरको दानसंकल्प कीर्तिघोषले सारा लोक प्रभावित भएको छ । म वृद्ध भएं, फेरि मैले आँखा देख्दिन । हजुरको दुईवटा आँखामध्ये मलाई एउटा आँखा दान दिनुहोस् । त्यसपछि हजुरले पनि देख्नुहुन्छ र म पनि देख्नेछु ।'*

बोधिसत्त्वले जवाफ दिंदै भने- *'ब्राह्मण तिमीले जुन आशा गऱ्यौ त्यो पुरा हुन्छ । अब तिमीले आँखा पाउनेछौ । हेर तिमीले एउटा मात्र आँखा माग्यौ तर म तिमीलाई दुबै आँखा दिन्छु । तिमी आँखा देख्ने होऊ । अनि तिम्रो इच्छा पुरा हुन्छ ।'*

यति भनेर बोधिसत्त्व शिवि परिषदको बीचमा आँखा निकाल्न नहुने



Downloaded from http://dhamma.digital

विचारले अन्तःपुरमा प्रवेश गरेर सीवक वैद्यलाई बोलाउन पठाइयो ।

यो कुरा थाहा पाई प्रजागणहरू जम्मा भएर कराउन आए- *'हे देव, आँखा दान दिनु हुँदैन । हामीलाई बेवास्ता नगर्नुहोस्, बरू धेरै मोति माणिक्य दिनुहोस् । रथ, घोडा, हात्ती आदि पनि दिनुहोस्, तर आँखा दान दिनुहुँदैन ।'*

यसरी भन्न आउनेहरूलाई शिवि राजाले नरम भएर जवाफ दिए- *'दिन्छु भनेर जसले नदिने इच्छा गर्छ, उसलाई कम्मरमा बाँधेको पटुकाले आफैलाई घाँटीमा बाँधेर झुण्डिने भनिन्छ । जसले दिन्छु भनिसकेपछि दिंदैन त्यो पापीभन्दा पनि महापापी हुन्छ । जे माग्यो त्यो दिने, नमागेको नदिने गर्नुपर्छ । त्यसैले म त्यही दिन्छु, जुन त्यस ब्राह्मणलाई चाहिएको छ ।'*

यो कुरा सुनी अमात्यहरूले आयु, वर्ण, सुख, बलमध्ये के आशा राखी दान दिन लागेका हुन् ? भनी सोधेको जवाफमा शिवि राजाले भने- *'यो दान न मैले स्वर्गको आशामा दिइरहेको हुँ, न मैले ऐश्वर्यको लागि दिइरहेको हुँ, न मैले छोराछोरी, धन, राज्यको इच्छा गरी दिइरहेको हुँ, यो त सत्पुरुषको चरित्र हो । त्यसैले मलाई दान दिनुमा नै आनन्द लाग्छ ।'*

राजा शिविले फेरि सीवक वैद्यलाई आज्ञा गर्दै भने कि- *'हे सीवक, तिमी मेरा साथी हौ । तिमी मेरा मित्र हौ । तिमी जान्ने-सुन्ने हौ । तिमीले इच्छाअनुसार आँखा निकालेर त्यस माग्नेको हातमा राखिदेऊ ।'*

राजाले यसरी बारबार भन्नाले सीवक वैद्यले औषधी राखेर नदुख्नेगरी आँखा निकाल्न थाले । तापनि आँखा निकालिसकेपछि पीडा हुन्छ, सही नसक्नु दर्द हुन्छ । निस्किसकेको आँखा काटेर निकाल्नअघि सीवक वैद्यले भन्यो- *'महाराज, विचार गरिहेर्नुपर्‍यो । म अहिलेसम्म आँखालाई पहिलेजस्तै गर्न सक्छु ।'*

बोधिसत्त्वले भने- *'ढीलो गर्नु भएन चाँडो काम सकाउनुपर्‍यो ।'*

सीवकले निकालिसकेको आँखा काट्यो । त्यसबेला झन अति नै पीडा भयो । महारानीहरू र अमात्यहरू त्यहाँ क्वाँक्वाँ रुइबसे । सीवकले त्यो दृश्य हेर्न नसकेर फेरि बिन्ति गर्‍यो- *'महाराज, आँखा दिन परेन । म औषधी गरेर आँखा पहिलेजस्तै गरिदिन्छु ।'*

यसको जवाफमा बोधिसत्त्व शिविले भने- *'यसरी ढीलो गर्नु हुँदैन । छिट्टै मेरो हातमा आँखा राखिदेऊ । मैले छिटै आफ्नो दान पूर्ण गर्नेछु ।'*



Downloaded from http://dhamma.digital

सीवक वैद्यले पहिले दाहिने आँखा हातमा राखिदियो । देब्रे आँखाले दाहिने आँखा हेर्दै वेदना सहनुहुँदै शिवि राजाले भने- *'ब्राह्मण, आऊ मलाई यो आँखाभन्दा सयगुणा-हजारगुणा ज्यादा सर्वज्ञचक्षु मन पर्छ । यस आँखा दिएको कारणले पनि सर्वज्ञतारूपी आँखा प्राप्त गर्न सकुं ।'* यसरी नै बोधिसत्त्वले अर्को आँखा पनि दान दिए । फेरि त्यस भेषधारी इन्द्र दुबै आँखा दान लिइसकेपछि सबैले देख्ने गरेर नै नगरबाट बाहिर निस्केर देवलोक फर्क्यो ।

केही समयपछि राजाको आँखामा आँसु भरिएको देखियो । तर आँखा भने देखिएको होइन । तब आँखा नदेखेर राज्य के गर्नु भनी विचार गरी राज्यको शासनभार मन्त्रीहरूलाई सुम्पेर उद्यानमा आएर राजा प्रव्रजित श्रमणधर्म पालनागरी बसे ।

यसप्रकार शिवि राजा प्रव्रजित गुणधर्ममा बस्नुभएको बेला देवराज इन्द्र प्रकट भयो । फेरि इन्द्रले बोधिसत्त्व शिविलाई भन्यो- *'मन परेको वरदान माग ।'* जवाफमा बोधिसत्त्व शिविले भने - *'हे शक्र ! मसँग धेरै धन छ, सेना छ, अनन्त कोष छ, तापनि आँखा नदेखेर धेरै बाँचेर बस्नुभन्दा नबस्नु नै जाति हुन्छ ।'*

यसरी बोधिसत्त्वको कुरा सुनी इन्द्रले दानको प्रतिफल यहीं प्राप्त हुन्छ भनी आँखा दिने कुरा बतायो । त्यसमा शिवि राजाले स्पष्ट पार्दै भने- *'मलाई फेरि आँखा देखाउने भएमा कसैको आँखा लिएर मन पर्दैन । आँखादानको फलअनुसार भए मात्र मन पर्छ ।'*

इन्द्रले यो कुरा सुनेर *'सत्यक्रिया गर्नु'* भन्यो । शिवि राजाले पनि सत्यक्रिया गरे- *'अनेक गोत्रको जस्तोसुकै याचक होस् जसले मसँग माग्न आउँछ, उनीहरू मलाई मन पर्छ । मेरो आफ्नो सत्यक्रियाद्वारा मेरो आँखा ठीक होस् ।'*

यसरी बोधिसत्त्वले सत्यक्रिया गरेका मात्र के थिए नयाँ आँखा उत्पन्न भयो, जुन स्वाभाविक आँखा मात्र नभई, दिव्यआँखा हुनगयो । त्यसपछि बोधिसत्त्व शिविले दानको प्रतिफल प्रस्तुत गरेर सबैलाई दानादि कुशल कार्य गर्ने शिक्षा दिँदै धर्मानुसार शासन गरे ।

### (ग) दान परमत्थपारमिता

दानपारमिताभन्दा दान उपपारमिता पूर्ण गर्नु गाह्रो हुन्छ भने अझ



Downloaded from http://dhamma.digital

दान उपपारमिताभन्दा दान परमत्थपारमिता पूर्ण गर्नु बढी कठीन हुन्छ। किनभने दान उपपारमितामा शारीरिक कष्ट सहन गर्ने क्षमता बढी चाहिन्छ भने दान परमत्थपारमितामा त जीवन नै त्याग गर्ने भावना चाहिन्छ। परको हितार्थ र कल्याणार्थ बुद्धत्व आकांक्षा गर्ने बोधिचित्तले आफ्नो जीवनप्रति माया कहिले पनि गर्नुहुन्न। बोधिचित्तमा जीवन वा प्राण उत्सर्ग गर्ने ठूलो आकांक्षा र त्यसको लागि आवश्यक त्यागबल सधैं रहिरहन्छ। यसको उदाहरणार्थ जातकीय अभिव्यक्तिहरू कम छैनन्। त्यसमध्ये अभयदानमा उल्लेखित निग्रोध जातक (७२) एउटा उदाहरण हो साथै बौद्ध अभयदान, अहिंसा र प्रेमको क्षेत्र जस्तै क्रमशः विस्तृत हुँदै जान्छ भन्ने कुराको यो राम्रो उदाहरण हो।

## जयद्दिस जातक (५३०)

काम्पिल्य राजाको दुईजना छोराहरू यक्षणीले खाइदिइन्। तर तेश्रो राजकुमार यक्षणीले लैजाँदा यक्षणीलाई पछ्याएर लग्यो। पछि पोखरीमा हामफाल्दा बच्चाले यक्षणीको दूध पियो। तब त्यस बच्चाप्रति यक्षणीको मातृस्नेह उत्पन्न भयो। त्यसैले उसलाई हेरचाहगरी राख्यो। उसलाई 'म मानिस हुँ' भन्ने थाहा थिएन। उसले आफूलाई यक्ष नै सम्भिन्थ्यो। उता राजालाई चौथौ पुत्ररत्न प्राप्त भयो। उसको नाम जयद्दिस राखियो। जयद्दिस राजा भएपछि उसको छोरा पुत्ररत्न प्राप्त छोराको रूपमा बोधिसत्त्व अलीन कुमारले जन्म लिए।

एकदिन शिकार गर्न जाँदा राजा जयद्दिस आफ्ना सैन्य भारदारहरूबाट छुट्टिएर मानुषयक्षकहाँ पुग्दा मनुष्य-मंसको स्वाद थाहा पाइसकेको मानुषयक्षले जयद्दीस राजालाई पक्रियो, जो उसैको सहोदभाइ हो। यसरी पक्रिंदा जयद्दिसले *'दानको लागि एकजना ब्राह्मणलाई दिइसकेको वचन पुरा गरी आउंछु'* भनी फर्केर आउंदा युवराज भएको बोधिसत्त्व अलीन कुमारले बाबुको सट्टामा आफू जाने कुरा गरे। पछि यक्षघोषित भएको र मासुरगतको स्वादले यक्षस्वभाव भइसकेको मानुषयक्षको अगाडि पुगी- *'म मेरो बाबुको सट्टामा आएँ।'* यक्षले उसलाई प्राणान्त पीडा बारे जतिसुकै कुरा भने पनि अलीन कुमारले भने- *'बाबुको सट्टामा आफू मर्न पाउनु नै मलाई सुखकर विषय हो।'* अभ्र अन्तमा यक्षलाई उसको यक्षलक्षण नभएको देखेर



Downloaded from http://dhamma.digital

उसलाई मानुषस्वभावमा ल्याइदिए। पछि यक्षले मानिसको मासुसमेत खान छोडेको मात्र होइन, ऊ स्वयं ऋषि जीवनमा प्रवेश गर्‍यो।

## सस जातक (३१६)

यही विषय सस पण्डितको विषयमा पनि हो। बाँदर आदि वनचर प्राणीहरूका बीच बसेको खरायोले शीलपालन गरिबस्यो। यही शील लिएर बसेको समयमा इन्द्रले ऊसँग भिक्षा माग्न आयो। पहिलेका पण्डितहरूले माग्नासाथ आफूलाई नै बलिदान गरी आफ्नो मासु दिएको सम्झेर खरायोले आफू नै आत्मसमर्पण गर्ने इच्छा गर्‍यो। फेरि आगो बाल्नदिएर आफ्नो शरीर टक्टकाएर प्रणगर्दै भन्यो-*'यदि मेरो शरीरमा कुनै प्राणी छ भने म आगोमा हामफालिसके पछि मर्नुभन्दा अहिले नै तल झर।'* यसो भनी खरायो आगोभित्र हामफाल्यो। तर यसरी आगोमा हामफाल्दा त्यस इन्द्रले बालेको आगो खरायोको लागि कमलफूलमाथि खसेझैं शितल भयो।

यी तीन जातकमा पनि आत्मसमर्पणसम्मको वर्णन गरे झैं अन्तमा भने जीवन बचेको नै देखाइएको छ। यसरी यी जातककथाहरूमा दान उपपारमिताको आदर्श देखाए तापनि सुखान्त भएको पाइन्छ। त्यसैले यसका अगाडि महाकप्पिन जातक (४०७) एक तहमाथि पर्छ। किनकि यसमा गर्भवती मृगको सट्टामा मरी नै दिन्छु भनेर गएर पनि राजाको तर्फबाट अभयदान प्राप्त भएझैं अथवा अलीनले बाबुको सट्टामा मासु खुवाउन जान्छु भनी यक्षको अगाडि गए तापनि यक्षले उसलाई छोडेझैं अथवा ब्राह्मणभेषधारी इन्द्रलाई आफ्नो मासु नै दान दिन्छु भनी आगोमा हाम्फाल्दा पनि खरायो बचेझैं, महाकप्पिनको प्राण बाँदरपरिषदलाई पार गरिसक्दा पनि बचेन। आफ्नो बाँदरसमूहलाई पार गरिदिएर वा निरापद अवस्थामा पठाइदिएर महाकप्पिन बाँदर मरेर नै गयो। अझ यस हृदयस्पर्शी जातकअनुसार दान परमत्थपारमितामा महासत्त्वको कथा नै उत्कृष्ट देखिन्छ। त्यसैले पाली परम्पराले दान परमत्थपारमितामा मूलउदाहरणअनुसार ससजातक अगाडि राखे तापनि अझ प्राचीन शिल्पी र चित्रले पनि यसलाई नै मन पराएको छ भने महासत्त्व चर्यालाई नै यहाँ संक्षिप्तले दान परमत्थपारमिताको उदाहरणको रूपमा प्रस्तुत गर्नु प्रासङ्गिक देखिन्छ। हो, अवश्यमय पनि यो कथा पाली



Downloaded from http://dhamma.digital

साहित्यमा देखिँदैन भने त्यस्तै आर्यसुरले आफ्नो जातकमालामा उल्लेख गरेको व्याघ्रजातक सम्ममा राजारानी भएको कथा बनेको थिएन। नेपालमा यो चर्याको विकास नितान्त आफ्नै शैलीमा अगाडि बढेको देखिन्छ। अझ यस्ले स्वदेशी तथा विदेशी, यस्मा पनि विशेषतः तिब्बतीय पद्धतिको महायान सम्प्रदायका श्रद्धालु भक्तहरूमा र यसरी नै यो जातकको क्षेत्र नेपालकै रूपमा बलियो जग बसेर यस्ले महत्वपूर्ण स्थान ओगटेको पनि सयौं वर्ष भैसकेको छ। नेपालको विभिन्न धार्मिक साहित्यमा समेत यसको प्रसङ्ग उल्लेख भइसकेका छन्। धर्मको प्रभाव धेरै भएको इतिहासमा पनि यसको चर्चा भइसकेको छ।

## महासत्त्वको कथा

जतिबेला महारथ राजाले गंधवतीपुरमा राज्य गर्दथे, त्यतिबेला उनका महाप्रसाद, महादेव र महासत्त्व तीनभाइ छोराहरू थिए। एक दिन ती राजकुमारहरूले आफ्ना बाबुको वचन लिएर वनक्रिडा गर्न गंधमान पर्वतमा गए। फेरि रमाइलो वन भित्र जाँदै मंत्री सिपाही सबै एकातिर परे। तर पनि राजकुमारहरू कहिले फूलिरहेको फूल टिपेर आपसमा हानाहान गर्दै खेल्नमा आनन्द लिइरहे भने कहिले फूल टिपेर आरामले बसेर माला गाँस्दै, बस्दै हाँसिरहे। उता मन्त्री र सैन्य सिपाहीहरू भने चिन्ता लिंदै राजकुमारहरूको खोजीमा लागेका थिए।

महाप्रसाद टाढा वनान्तरमा पुगेर बाघ भालु सम्झेर डराउन थाले। महादेवले मनमा धन्दा लिन थाले। तर महासत्त्व भने वनजङ्गलमा ऋषिहरू भेट हुन्छ कि भनेर मनमनै आशा गर्दै बसे। जाँदाजाँदै साँच्चै नै टाढा वनान्तरमा पुगे, नजिकै भौडी-गुफामा एउटा बघिनीले बच्चा (डमरु) जन्माएर बसेको देखे। महाप्रसाद र महादेव दुबै डराए। तर महासत्त्वको हृदयमा करुणा भरियो। किनकि डमरुहरूले बघिनीलाई चिथोर्दै मासु नै खानेझैं गरी चलिरहेका थिए। आमा बघिनी भने चल्न नै नसकेर मुख बाउँदै बसिरहिन्। यो हेर्दै महादेव डराएर महाप्रसाद नजिक बस्न गए। महासत्त्वले भने आफैलाई बिर्सेर आमा बघिनी र बच्चाहरूतिर आँखा झिमिक्क नगरी एकटकले हेरिरहे। महाप्रसादले त्यस बघिनी त्यसै भोकाएर प्यास लागेर मर्नेछ भनी



Downloaded from http://dhamma.digital

बताए। किनकि यस्लाई तातोतातो मासु, तातो-आलो रगत चाहिन्छ। यस्ले खोज्न जान सक्दैन। नजिक कोही पनि अगाडि आउँदैन। यो कुरा थाहा पाउनसाथ महासत्त्व कुमारले मन थाम्न सकेनन् र पनि मुखले भने केही प्रकट गरेनन्। *'एकजनाले आफ्नो प्राण समर्पण गरिदिन्छ भने छवटा बाघहरूको प्राण बच्ने हुन्छ, यो कति ठूलो धर्म हुन्छ होला है ?'* भनी महासत्त्वले प्रश्न गरे।

त्यसपछि तीनै जना राजकुमारहरू त्यहाँबाट फर्के। महासत्त्वको आँखामा भने त्यही बघिनी र डमरुहरू मात्र झल्झली आइरहे। उनले *'कुनै उपकार नगरी दीर्घायु भएर बाँच्नुभन्दा केही उपकार गरी मरेर जानु वेश हुन्छ'* भनी विचार गरिसकेपछि दाजुहरू दुबैलाई- *'म वनको बीचमा राखेको एउटा वस्तु लिएर आउँछु, तपाईहरू विस्तारै जाँदै गर्नुहोस्'* भनी महासत्त्व फर्केर गए। *'ठूलो एउटा पुण्यसम्भार छुट्ला र ठूलो हानि हुन्छ' भनेर डराएर* दौडिंदै फर्केर पुनः भोकाएका प्यास लागेका ती बघिनी र बच्चाहरूका अगाडि पुगे। करुणायुक्त भएर राजकुमार लुगा फुकालेर अगाडि पल्टिए। फेरि मनमनै सोचे- *'यस मेरो दानको पुण्यले म छिटै अनुत्तर सम्यक् सम्बोधिज्ञान लाभ गरी संसारका सकल प्राणीहरूको उद्धार गर्न सकुं।'* तर बघिनी जति भोकाएको भएपनि आफैले महासत्त्वलाई खान सकेन। तब महासत्त्वको मनमा विचार उत्पन्न भयो -*'यी बाघहरू अति नै दुर्बल भइसके त्यसैले यिनीहरूले मलाई खान सकेनन्। अब मैले बघिनीलाई आफैले नै मासु काटेर नदिइकन हुन्न।'* यति विचार गरेर महासत्त्व राजकुमारले आफैले मासु काटेर बघिनीको मुखमा राख्दै खुवाउन थाले। अति पीडाले गर्दा पछि बोधिसत्त्व स्वयंले मासु काट्न पनि सकेनन्। त्यसबेलासम्म बघिनी पनि उठ्न सक्ने भइसकी। बाघका बच्चाहरू पनि चल्न सक्ने भए। तब तिनीहरूले आ-आफै महासत्त्वको रगत-मासु खाएर आफ्नो भोक, प्यास मेटाए। यसरी महासत्त्व राजकुमारले अरुको लागि आफ्नो प्राणसमेत समर्पित गरे।

उता अर्कोतर्फ भने महाप्रसाद र महादेव दुवैराजकुमारहरूको मनमा निकैबेर अबेरसम्म पनि महासत्त्व फर्केर नआएकाले शंका उत्पन्न भयो। सोही समयमा महासत्त्वको दान परमत्थपारमिताको कारणले भूकम्प भयो। महाप्रसादको मनमा महासत्त्व फेरि त्यसै बघिनीकहाँ गयो होला भन्ने पनि शंका भयो। तब



Downloaded from http://dhamma.digital

किसिमकिसिमका तर्कवितर्क गर्दै दुबै राजकुमार वनतर्फ लागे । तर भौंडीमा पुगी हेर्दा उनीहरूले बघिनी देख्न सकेनन् । स-साना बाघहरू पनि देख्न सकेनन् । त्यसैले फेरि दुबैजना तल भौंडीमा उत्रेर हेर्दा यताउता रगत लागेको केश र हड्डीहरू छरिएको खिड्रिङ्ग अवस्था देखे । तब राजकुमारहरूका मनमा झन शंका उठे । त्यसै पनि भाइ महासत्त्व होइन होला भनी विचार गरी यताउता महासत्व छ कि भनी खोजिहिंड्दा एउटा रुखमाथि आफ्नो भाइको मुकुटसहित राज-गहनालुगा झुण्ड्याइराखेको देख्नासाथ दुबै राजकुमारहरू पनि केराको बोट ढलेझैं, जरा नलिएको ठूलो रुख ठूलो आँधीवेरी आउंदा ढलेझैं, चट्याङ परेर पीडा सहन नसकी चित्कार गर्दै ढलेझैं डयाम्मै ढले । फेरि पछि मूर्छाबाट उठेर छाती मल्दै अति नै विलाप गरे । राजप्रासादमा एकातिर परेका मन्त्री, सैन्य-सिपाहीहरू भने राजकुमारहरूलाई खोज्दैखोज्दै गन्धमान पर्वतमा आइपुगे । त्यहाँ तिनीहरूले महाप्रसाद र महादेव दुवै राजकुमारहरू क्वाँक्वाँ रुँदै गरेका देखे । महासत्त्व राजकुमार मात्र देखेनन् । केही क्षण उनीहरूले यस्तोउस्तो केही भन्न सकेनन् । पछि त्यहीं राजकुमारको मुकुट सहित बहुमूल्य गहना र पोशाक रुखमा झुण्डिएको देखे भने चारैतिर रगत उछिट्टिएको र केश हड्डी आदि छताछुल्ल भएको देख्नासाथ दुबै राजकुमारसहित उनीहरू पनि सबै क्वाँक्वाँ रुनथाले ।

विरह शान्तपारी केही क्षणपछि रुँदै केही कुराकानी गरे । फेरि महासत्त्व राजकुमारले बाघहरूलाई मासु खुवाएको कुरा बुझ्नासाथ एकपल्ट सबै क्वाँक्वाँ रुए । धैर्यवानहरू कोहीकोहीले मात्र *'धन्य, धन्य महासत्त्व राजकुमार कस्ता दयावान'* भनी भने ।

उता दरवारमा भने राजकुमारकी आमा रानी सत्यवतीले *'आफ्नो शरीरबाट दूधको मुन्टो खस्यो, मुखको दाँत झऱ्यो, घरमा पालिराखेको तीनवटा परेवाहरू पाखाको छेउमा खेलिराखेकै समयमा अकस्मात एउटा बाजले झम्टिएर एउटा परेवा लग्यो, त्यसपछि भने उनलाई जीउभरी सियोले घोचेझैं कष्ट भयो'* भनी सपना देखिन् । यता नराम्रो सपना देखेको र उता तीनैजना राजकुमारहरू फर्केर नआएकोले धन्दा लिइबस्दा खोज्न गएका मन्त्री, सैन्य सिपाहीसहित दुईजना राजकुमारहरू मात्र फर्केर आएको देखिन् । कसैले पनि महासत्त्व राजकुमारको विषयमा केही भन्न सकेका होइनन् । तर यसै समयमा



Downloaded from http://dhamma.digital

महासत्त्व राजकुमारको मुकुटसहित गहना पोशाक लिएर एकजना मन्त्री देखियो । तब भएको वृतान्त कुरा बताउन बारबार आग्रह गर्दा एकजना धैर्य भएको मन्त्रीले भन्यो- *'राजकुमारको प्राण विनाकारणले गएको होइन । भोकाएको बघिनी र बच्चाहरूको प्राण रक्षार्थ हृदयमा करुणा भएको राजकुमारले आफ्नो रगत र मासु दान गर्नुभयो ।'* यति कुरा महारानी सत्यवतीले के सुनेकी थिइन् उनी मूर्छा परिन् । यसरी विरह गर्दै सबैजना रुँदै कराउँदै गर्दा केहि दिन बित्यो । तब सबै महासत्त्वले महादान गरेको ठाउँमा हेर्न गए । यसरी महासत्त्वको पुण्यस्मृतीमा स्मारक बनाएर महासत्त्व राजकुमारको महानदान चर्या स्मरण गरी बसे ।

यसरी त्यो महासत्त्व चर्या मानवताको रूपमा दान परमत्थपारमिता पूर्ण गर्ने भएकोले अन्य दान परमत्थपारमिताको उदाहरण कथाभन्दा राम्रो छ । फेरि वेस्सन्तर राजकुमारको दानपारमिता, शिवि राजाको दान उपपारमितासँगै महासत्वको दान परमत्थपारमिता सान्दर्भिक देखिएझैं क्रमबद्ध देखिन्छ पनि । अझ कथाको उद्देश्यमा आँखा खोली अध्ययन गर्दा थाहाहुन्छ कि यी तीनैवटा कथामा पारमिता गुणधर्म, पूर्ण गरेको उदाहरण एउटै जातक कथामा ल्याउने कोशिस भएअनुसार मणिचूड अवदानको सृजना भयो । किनकि यस दानपारमिता, दान उपपारमिता र दान परमत्थपारमिता मणिचूड राजाबाट नै पूर्ण भएको देखिन्छ ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# शील पारमिता



छद्दन्त जातक

Downloaded from http://dhamma.digital

# शील पारमिता

'शीलको साधारण अर्थ सदाचार हो। यसरी नै भन्नाले कायिक र वाचिक कार्य अनर्थ रूपमा यताउता प्रयोग नगर्ने वा त्यसलाई राम्ररी आरक्षा गरी राख्नु नै शील हो। साधारण अर्थमा काय र वाक सुशिक्षित हुनुलाई शील भनिन्छ। त्यसरी नै सारा निर्दोष गुणरूपी शरीरको टाउको भएको यो भावलाई शील भनिएको छ। सिस शब्दमा *स* कार *ल* भएर सिल (संस्कृतमा शील) हुनगयो। जसरी टाउको नभएमा शरीरको अस्तित्व नै नहुने हुन्छ त्यसैगरी शील नभएमा गुणधर्मको अस्तित्व रहँदैन। यस भावार्थमा सील (शील)को व्याख्या राम्रो देखिन्छ भने यसले क्लेशले गर्ने डाह पीडा शान्त शितल पार्दछ। यही शितल शब्दको त लोप भएर शील भएको छ। यसको लक्षण नै कायिक र वाचिक कर्म विक्षिप्त नगरी स्थीर गर्ने कुशलधर्मलाई आधार भाव दिनु हो। दुःशीलभाव नबनाउनु यसको कृत्य वा रस हो। साथै परिशुद्धि प्रत्युप्रस्थान भएर लज्जा र भय यसको पदस्थान भएको हुन्छ।

शीलको राम्रो उद्देश्य देख्नको लागि माथि दिइएको पारिभाषिक वर्णन धेरै उपयुक्त छ। नत्र शील भनेको नै धर्मको वा पुण्यको अर्थमा जे पनि पालन गर्ने बाह्य विधिविधान भनी देख्ने गर्दछ। जसलाई पालिमा रमाइलो विशेषणको अर्थमा *गोसील, कुक्कुटसील वा सकुणसील* भनियो। अर्थात अर्को शब्दमा भन्ने हो भने मात्र बाह्य विधिविधानको शील मानिसको लागि मानवशील होइन। बुद्धको समयमा मानिसहरूलाई अनावश्यक तर मानिसहरूले पक्रिराखेर धारणपालन गरिराखेको यस्ता धेरै प्रकारका शील थियो। त्यस्तो शीलको कारणमा कतिले चार खुट्टा टेकेर हिंड्ने गर्दथे, कतिले काँचो मात्र खाने गर्दथे, अझ कतिले घाँस खाने गर्दथे, कतिले भुंइमा राखेर खान्थे। फेरि यस्तो गर्नेहरू मानिससँग नबस्ने, मानिसको भाषासम्म नबोल्ने गर्दथे। उनीहरू भुंईमा नै सुत्दथे। यस्ता व्रतधारण पालन गर्नेहरूलाई नै बौद्धदृष्टिले *गोसील पालक* (गोशील) भनिन्छ। त्यसरी नै कति प्राय खुम्चिएर सुत्ने गर्दछ, माटो खन्ने गर्दछ। अझ चित्तको, पीडा र विरक्त अवस्थामा अथवा भक्तिभावको समयमा कुकुरजस्तै भुक्नेलाई *कुक्कुटसील* (कुकुरशील) भनिन्छ। कोट्याएर,



Downloaded from http://dhamma.digital

खनेर खाने व्रतलाई *सकुणसील* (चराशील) भनिन्छ। यी शीलमध्ये आजको संसारमा कतिका शील धर्मको नाममा जस्ताको तस्तै त छैन। तापनि यी शील नै परिवर्तित हुदै आएको रूपमा पनि आजकाल शील नभएको भने होइन। बौद्धदृष्टिले यी शील मानिसले पालन गर्नयोग्य वा गर्नुपर्ने शील होइनन्।

अब हामी साँच्चै कै शीलको विषयमा विचार गरौं। गुणभावअनुसार यथार्थ शीललाई पनि विभिन्नरूपले विभाजन गरिएका छन्। यी विभाजनको विषयमा विचार गर्नुअघि हाम्रो विषय पारमिता गुणधर्म भएकोले यसैअनुरूप नै एकपल्ट विचार गर्नु सुहाउंदो हुनेछ। हुनत पानी छेक्ने बाँध संवरशील जस्तै हो। शीलले आरक्षित भएको चित्त जहाँ सन्तोष हुन्छ, त्यही नै सबल हुन्छ। त्यसपछि सारा बुद्धहरूका सागरमा जानको लागि शील घाट पनि हुन्छ। मारसेना पराजित गर्नको लागि र क्लेश छिनाउन शील अचूक आयुध हो। शील संसार सागरदेखि तर्न ठूलो द्वीप हो। शील मन पर्ने प्राप्त गर्न मूल्यजस्तै भएर पनि यो कसैले खोसेर वा चोरेर लान सक्दैन। शील *संसारकान्तार* (मरुभूमि) पार नभएसम्म खानको लागि लगिएको आहारजस्तै हुन्छ। यो जहाँ पनि, जहिले पनि वास्नादार फूलजस्तै साथै सबैभन्दा मूल्यवान सत्पुरुषहरूको साँच्चै कै गहनाजस्तै हो। यही शील दिव्य र मनुष्यत्व लाभ वा यशकीर्ति आदिको कारणमा होइन, अझ आत्म मोक्षार्थ मात्र पनि होइन, आफ्नो र परको मोक्षको लागि पालन गर्दै शील बोधिसत्त्वको पारमितामा समावेश हुनजान्छ।

दृष्टिभ्रम, मानप्रेम र तृष्णाले पीडित नभएको कुशलशीललाई नै शीलपारमिता भनिन्छ। यसलाई संधै करुणा र उपाय कौशल्यभावले आरक्षा गरी काय र वाक कार्यले गतिशील गर्दछ। भवभोग र देवत्वको तृष्णाले भरिएको शीलपारिमितामा समावेश हुँदैन। सत्त्वहरू शुद्ध हुनु नै विपस्सनाज्ञानले भनी नबुझेर शीलले नै मात्र शुद्ध हुन्छ भनी विचार गरेमा यो दृष्टिमिश्रित शील कर्म हुन्छ। अरु साना देख्नु मानवत्वले भरिएको शील पनि पारमितामा गन्ति गर्नयोग्य शील हुँदैन। सारांशमा तीन सम्बोधिमा पुग्न वा पार गरेर जान धेरै उपकार हुने शील नै शीलपारमिता हुन्छ।

शीलपारमितालाई आर्यशील पनि भनिन्छ। किनकि यो बुद्ध र



Downloaded from http://dhamma.digital

बोधिसत्त्वहरूको शीलजस्तै अरहतहरूका स्वभावशील पनि हुन् । गृहस्थलाई सुहाउंदो र प्रव्रजितलाई सुहाउंदोअनुसार शीलको दुई अङ्ग छन् भने बोधिसत्त्वहरूले गृहस्थ भए तापनि प्रव्रजित भए तापनि शील आरक्षा गर्नुमा भरपर्दो कोशिस गर्दछन् । शील चारित्रशील र वारित्रशील गरी दुईप्रकारका हुन्छन् । पालना गरी पूर्ण हुने वा श्रद्धापूर्ण भएर ग्रहण गरिने चारित्रशील हो । श्रद्धाले आरक्षा गर्न नहुने, छोडिदिनुपर्ने वा विरक्तितर्फ पूर्ण हुने वारित्रशील हो । चारित्रशील पालन आफ्नै आत्मगौरवले स्वेच्छाले गर्नुपर्दछ । मात्र कसैले भनेको कारणले होइन ।

बोधिसत्त्वले चारित्रशीलमा पूजा र सम्मान यथायोग्यरूपले अप्रमादपूर्वक नै पालना गर्दछन् । कल्याणमित्रको सत्संग गर्नु, राम्रो कुरामा साधुवाद दिनु, अरुको अपराधमा क्षमा दिनु शक्ति बनाउन अरुको गुण प्रकाश गर्नु, आफ्नो दोष सुधार गर्न आत्मालोचना गर्नु, निर्दोष काममा अल्छी नभई प्रयत्नशील हुनु, रोगीहरूको सेवामा उत्साह बनाउनु, ज्ञातिवर्गलाई धैर्य गराउनु, चाहिनेहरूलाई भ्याएसम्म सहयोग गर्नु, अपराधीहरूलाई अपराध गर्न अनुबल नदिनु, बरु सुधारको लागि प्रयत्न गर्नु सारा चारित्रशीलको अङ्ग हुन्छन् । शीलपारमिता पालन गर्नेहरूले बोधिसत्त्वहरूको परम दुष्कर उदारचर्याको कथा सुनेर यस्तो कसले गर्न सक्दछ र ? भनी पछाडि फर्किदैनन् । *'बरु म पनि त्यही बाटो लाग्नेछु'* भनी विचार गरी सम्बोधि प्राप्त गर्नको लागि वीर्य उत्साह गर्छ । यस्तो उत्साहले युक्त भएर परार्थचर्यामा पालन गरिने शील नै परमार्थ अर्थमा समेटिएर शीलपारमिता पूर्ण हुन जान्छ ।

लोकमा पूजा र सम्मानयोग्यहरूमध्ये बुद्ध, बोधिसत्त्व र आमाबाबुहरू अग्र छन् । गौतम बुद्धको बोधिसत्त्व जीवनवृतान्त पढेमा हामीले देख्छौं कि बोधिप्रार्थना गर्दादेखि सिद्धार्थ गौतम हुनुभन्दा अगाडिको बुद्धसम्मको पूजा तथा सम्मान उनले गरेका थिए ।

गौतमबुद्धले आफ्नो सम्बोधिको प्रार्थना दीपङ्कर बुद्धसँग गरेका थिए । त्यसबेला उनले बाटो बनाएर बुद्धप्रति पूजा र सम्मान प्रकट गरे । त्यसपछि कौण्डन्य बुद्धको पालामा बोधिसत्त्व विजितावी भन्ने चक्रवर्ती राजा भएर बुद्धसहित भिक्षुसंघलाई महादान गरी स्वयं धर्मश्रवण गरिसकेपछि भिक्षु भए । मंगल बुद्धको समयमा बोधिसत्त्वले सुरुचि नामक ब्राह्मण भएर जन्म



Downloaded from http://dhamma.digital

लिए। उनले पनि मंगलबुद्धसहित असंख्य भिक्षुसंघलाई दान दिए। र स्वंयले पनि प्रव्रजित जीवन अपनाए। सुमन बुद्धको पालामा अतुल नामक नागराज भएर महादान गरे। रेवत बुद्धको पालामा अतिदेव नामक ब्राह्मण भएर बोधिसत्त्वले ठूलो श्रद्धा देखाई बुद्धको वर्णन गरे। सोभित बुद्धको शासनमा अजित नामक ब्राह्मण भएर धर्मोपदेश सुनेर भिक्षुसंघलाई संघभोजन समर्पण गरे। अनोमदस्सी बुद्धको पालामा यक्ष सेनापति भएर संघदान गरे। पद्मबुद्धको पालामा सिंहको जन्म लिएर निरोधसमापत्ति ध्यानमा बसेका बुद्धलाई प्रदक्षिणा गरे। नारद बुद्धको पालामा ऋषि भएर भिक्षुसंघलाई दान गरे। पद्मोत्तर बुद्धको पालामा जटिल नामक महानागरिक भएर भिक्षुसंघलाई तीन वस्त्र प्रदान गरे। सुमेध बुद्धको शासनमा उत्तर नामक ब्राह्मण माणवक भएर ८० करोड धन त्याग गरी भिक्षु भएर प्रातिमोक्ष शील पालन गरे। सुजात बुद्धको पालामा चक्रवर्ती राजा भएर महादान गरे। प्रियदर्शी बुद्धको पालामा काश्यप नामक ब्राह्मण भएर तीन वेदविज्ञभएर संघाराम बनाइदिई, दान दिएर प्रवज्या ग्रहण गरे। अर्थदर्शी बुद्धको पालामा सुसीम नामक तपश्वी भएर मन्दारफूलको छ्याताले बुद्धलाई पूजा गरे। धर्मदर्शी बुद्धको पालामा शक्र भएर बुद्धको सम्मान र पूजा गरे। सिद्धार्थ बुद्धको पालामा मंगल तपश्वी भएर बसेका थिए। उनले बुद्धलाई जम्बुफल दान गरे। तिष्य बुद्धलाई सुजात क्षत्रीय भएर फूलले पूजा गरे। पुष्य बुद्धलाई विजितावी राजा भएर राज्य छोडी शीलाचरणले बुद्धको पूजा गरे। विपश्यी बुद्धलाई अतुल नाग भएर सिंहासन प्रदान गरे। शिखी बुद्धलाई अरिन्दम राजा भएर चीवरवस्त्र र भोजनले पूजा गरे। विश्वभू बुद्धलाई सुदर्शन नामक राजा भएर, ककुसन्ध बुद्धलाई खेम नामक राजा भएर, कोणागमन बुद्धलाई पर्वत नामक राजा भएर दानादि पूर्ण कार्य गरे। काश्यप बुद्धको पालामा ज्योतिपाल ब्राह्मण युवक भएर प्रव्रजित जीवन बिताए।

यो जातकीय अभिव्यक्ति अवदान साहित्यले केही परिवर्द्धन र परिवर्तनको कोशिस पनि गरेको देखिन्छ। जेसुकै होस् सारांशमा अभिप्रायः भनेको बुद्धप्रति अभिवादन र वन्दना मानादिको चारित्रशील पालन बोधिप्रार्थनादेखि बोधिप्राप्तिसम्म भएको कुराको प्रस्तुती नै मात्र हो।

त्यसरी नै जुनसुकै जन्ममा पनि बोधिसत्त्वले आफ्ना आमाबुबाहरूलाई गौरव सत्कार गर्दछन्। कुनै जन्ममा त यो गुणधर्म पालन गर्नलाई जीवन नै



Downloaded from http://dhamma.digital

परित्याग गरेका छन् ।

जयद्दिस्स जातक (५१३) मा अलिन्दले आफ्नो बाबु जयद्दिस्सको लागि प्राण उत्सर्ग गरेको चारित्रशीलको वर्णन माथि गइसकेको छ । बुद्धको उपदेशअनुरूप पूर्ण यौवनमा आमाबुबाहरूलाई आफूमा सामर्थ्य भइकन पनि पालनपोषण नगर्ने व्यक्ति नीच मानिन्छ । त्यसैले बोधिसत्त्वहरूले यो कर्तव्य पालनको अवसर गुमाउनुपर्‍यो कि ठूलो अपशोच गर्दछन् । बोधिसत्त्व सामको विरह यस्तै नै विरह हो ।

***<u>शील पारमिताको कथात्मक व्याख्या</u>*** :

## साम जातक (५४०)

दुईजना निषाद मित्रहरूको एकएक जना सन्तान छ, दुकूलक र पारिका । दुवैलाई अनिच्छापूर्वक विबाह गरिदिए । दुवैजना रागार्णवमा लिप्त नभई ब्रह्मार्थमा वासगरे । फेरि दुबैले आमाबुबाको वचन लिएर हिमप्रदेशको हिमनदी किनारमा तपश्या गर्न गए । शक्रले उनीहरूको भलाईको लागि पुत्र प्राप्तिको लागि प्रार्थना गरेतापनि उनीहरूले भने स्वीकार गरेनन् । अन्तमा पारिका तपश्विनीको ऋतुमती कालमा नाभिस्पर्श गर्नासाथ इन्द्रको प्रभावले गर्भधारण भयो । शिशुको जन्म हुनासाथ सुवर्णसाम भनी नामाकरण गरियो । पछि आमाबाबु अन्धा हुनासाथ पालनपोषण गरी बसे । एकदिन पानी लिन जाँदा वाराणसीका राजा पिलीयक्खले मृग सम्झी हानेको वाणले सुवर्ण सामलाई ढाल्यो । मरणपीडा भएको बोधिसत्त्व सामले राजालाई भने- *'मेरा आमाबुबाकहाँ एकहप्ताको लागि खानेकुरा छ । तर पानी छैन । त्यसैले मेरा अन्धा आमाबाबुहरू पानी पिउन नपाइकन नै मर्ने भए । आफू मर्छु भनेर डर छैन । मलाई त मेरा आमाबाबुहरू खान पाउँदैनन् भनी दुःख लागिरहेछ । मेरी विचरी आमा अवश्यमेव पक्कै पनि धेरै बेरसम्म रुइरहनुहुन्छ । आधा रात बित्नासाथमा उहाँको आँशु नदीको पानी सुकेर जाने झैं सुक्ने हुन्छ । उहाँ मेरो बाबु पनि धेरै बेरसम्म रुनुहुन्छ । फेरी नदी सुक्ने झैं सरी अन्तमा सुकेर जान्छ । मैले उहाँहरूको सेवा एकरति पनि अल्छी नमानिकन गरिराखेको थिएं र मेरा आमाबाबु 'छोरा, छोरा' भन्नुहुँदै छामछुम गर्दै यताउता जङ्गलमा खोजिहिंड्नुहुन्छ । यही नै मेरो त्यो घाउ हो, जसले मेरो हृदय थररर कमाउदै छ ।'*

राजाले सामको विरह सुनेर राजदरवार नफर्किकन त्यहीं नै बसी ती



Downloaded from http://dhamma.digital

अन्ध-अन्धा सामको आमाबाबुहरूको सेवा गर्ने विचार गरे। त्यसैले राजालाई बाटो देखाएर सुवर्ण सामले भने- *'मेरो टाउको शिरानमा जुन बाटो छ त्यहाँबाट आधाकोश जानासाथ मेरा आमाबाबुहरू बस्नुभएको ठाउँमा पुग्दछ। त्यहाँ पुगेर उनीहरूको सेवा गर्नुहोस्। हे काशीराज, तपाईलाई मेरो नमस्कार छ। हे काशीवर्धन, तपाईलाई मेरो नमस्कार छ। घोर जङ्गलमा तपाईले मेरो आमाबुबाको सेवा गर्नुहोस्। मेरो विन्ति छ। मेरा आमाबाबुलाई मेरो नमस्कार पुऱ्याइदिनुहोस्।'*

यी शब्दहरू पालि गाथाको अनुदित शब्दहरू हुन्। यसभित्र चारित्रशील पालनको क्रियात्मक उद्घोषण प्रतिध्वनित भएको छ। पछि आमाको सत्य प्रभावले साम स्वस्थ्य भएको वर्णन गरिएको छ, जुन यहाँ सम्बन्धित विषयको रूपमा रहेको देखिदैन।

## मातुपोसक जातक (४५५)

हिमालयको नगिच रहेको वनप्रदेशमा वास गरेको हात्तीहरूका नाइकेले आफ्नी आमालाई राम्ररी पालनपोषण गर्न परिषद नै त्याग गरे। तर अन्धी आमाको सेवा गरिरहेको त्यस हात्तीले जंगलमा बाटो विराएको एकजना पथिकलाई बाटो मात्र के देखाइदिएका थिए, राजालाई गएर सर्वश्वेत हात्तीको बारेमा वर्णन गरी सुनायो। पछि त्यस हात्तीलाई पक्रेर लग्यो। तर हात्तीले दरवारमा खाने पिउने नै गरेन। पछि राजा स्वयं अगाडि आएर सोध्दा त्यस हात्तीले भने -*'त्यहाँ मेरी अन्धी आमालाई बाटो देखाउने कोही पनि छैन। उसले चण्डोरण पर्वततिर आफ्नो सुँड पछार्दै विरह गर्दै होली।'* राजाले यो कुरा सुनेर त्यस हात्तीलाई बन्धनमुक्त गरिदिए। पछि उनको शिलाप्रतिमा बनाएर एकपल्ट आफ्नो देशको यात्रा पनि गरे।

बोधिसत्त्वहरूले चारित्रशील पालन नगरी खानुभन्दा नखाई मरिजानु उत्तम ठान्दछन् भन्ने यसको सारांश हो। यसरी नै जसले राम्ररी यस्तो चारित्रधर्म पालन गर्दछ, उसको यात्रा उत्सव गर्नयोग्य हुन्छ। यही कुरा गिज्झ जातक (३९९) को चरित्र चित्रणले पनि अझ स्पष्ट हुन्छ।



Downloaded from http://dhamma.digital

## गिज्झ जातक (३९९)

एक समय बोधिसत्त्व गिद्ध भई जन्मिए । त्यतिबेला उनले सिनो ल्याउँदै, खुवाउँदै अन्धा आमाबाबुहरूको पालनपोषण गर्दथे । एकदिन सिनो खोज्दै जाँदा शिकारीले राखेको जालमा फसे । आफू मर्नु पर्छ भन्ने डरभन्दा बढी *'आफू मरेपछि पहाडको चट्टानको भीरमा बसेको अन्धा आमाबाबुहरूलाई कसले पालन गर्छ'* भनी विलाप गर्न लागे । उनको विलाप सुनेर, शिकारीलाई दया लागेर, आमाबाबुको पालनकर्ता भनी जालबाट मुक्त गरिदिए । चारित्रशीलमा रही आमाको सेवामा आफ्नो प्राण नै उत्सर्ग गरेको जस्तो राम्रो उदाहरण हामीलाई चुल्ल-नन्दिय जातक (२२२) को प्रस्तुतीबाट स्पष्ट हुनेछ ।

## चुल्ल-नन्दिय जातक (२२२)

नन्दिय र चुल्ल नन्दिय नामक बाँदरहरूका आमाले आँखा देख्दैन । ती दुबै बाँदरसमूहको नाइके हुन् । बाँदरहरूको नेतृत्व गर्दै उनीहरूले आमालाई दिइपठाएको खाद्यपेय पदार्थ आमाकहाँ पुग्दैनथ्यो । यसैकारणले खिन्न भएरआमाको नै सेवा गर्छु भनेर दाजुचाहिंले भाइचाहिंलाई बोलाएर नेतृत्वको भार सुम्पिन खोज्यो । तर भाइ चुल्ल नन्दिय बाँदरलाई चित्त बुझेन । पछि दुबै मिलेर आमाको सेवा उपस्थान गर्नमा तल्लीन रहे ।

एकदिन एकजना शिकारी खाली हात लिएर घर फर्किरहेको थियो । त्यसबेला उसले त्यस अन्धी बाँदर्नीलाई देख्यो । तब तीरले हानेर मार्ने चेष्टा गऱ्यो । त्यो देखेर नन्दियले आफ्नो भाइलाई आफ्नो अनुपस्थितिमा आमाको राम्ररी सेवा गर्नु भनी ऊ आफू स्वयं शिकारीको अगाडि प्रकट हुँदै भन्यो- *'शिकारी, तिमीले मेरी बूढी आमालाई नमार । लौ बरु मलाई मार । म मेरी आमाको सट्टा आत्मत्याग गर्न आएको हुं ।'* शिकारीले यस कुरालाई स्वीकार गऱ्यो । तर नन्दियलाई मारिसकेपछि त्यस शिकारीले फेरि वृद्ध बाँदर्नीलाई पनि मार्न खोज्यो । तब चुल्लनन्दिय बाँदर पनि अगाडि आएर भन्न थाल्यो -'हे शिकारी, तिमीले किन मेरी वृद्ध आमालाई मार्न आँटेको ? लौ तिमीलाई पुगेन भने म आफै पनि मरिदिन्छु । तर तिमीले मेरी आमालाई छोडिदिनुपर्छ ।' यसो भनेर त्यस शिकारीलाई आफ्नी वृद्ध आमालाई मार्दिन भनी प्रतिज्ञा पनि गराएर चुल्लनन्दिय बाँदरले आत्मसमर्पण गऱ्यो । तर



Downloaded from http://dhamma.digital

शिकारीले उसलाई मारिसकेपछि पनि फेरि त्यस बृद्ध बाँदर्नीलाई पनि माऱ्यो । यस पापले त्यो शिकारी पृथ्वी फुटेर जिउँदै अवींचि नर्कमा भऱ्यो ।

यसरी यो जातक एकातिर चारित्रशीलको पारमितामा परमत्थपारमिताको उदाहरण हुन्छ भने अर्कोतिर यस जातकले शील परमत्थपारमितापूर्ण गर्नेहरूप्रति अन्यायबाट हुने विपाक पनि देखाउँछ ।

शीलपारमिताको चारित्रशीलमा आमाबाबुप्रति मात्र कर्तव्य सन्निहित हुँदैन, अपितु गुरुजनादिको सेवा पनि चारित्रशील अन्तरगत पर्दछ । वस्तुतः चारित्रशील जो कसैले पनि पालन गर्नुपर्ने देखिन्छ । आफूभन्दा श्रेष्ठहरूलाई सेवा गर्नु, सम्मान गर्नु, गौरव राख्नु, सुहाउंदोरूपले आवश्यकता अनुसार हुनुपर्छ भन्ने कुरा *भिक्खा परस्पर जातकले* राम्ररी प्रस्तुत गर्दछ ।

## भिक्खा परस्पर जातक (४९६)

एक समयमा एक राजा अगतिमा पर्ने डरले शीलाचरण गुणधर्मले सम्पन्न भई धर्मपूर्वक राज्य गर्दथे । तैपनि आफूमा केही दोष छ कि भनेर भेष बदलेर दुर्गुणताको खोजी गर्न हिंडे । उसले दरवार, नगर, गाउँमा आफ्नो दुर्गुणता बारे बताउने कोही नभेटिएपछि पुरोहितसहित दुर्गम प्रदेशतिर हिंडे । एउटा नगरमा पुग्दा नगरबाहिरको पौवामा बसीरहेको समय त्यस नगरको सेंठले देखेर राजाप्रति करुणाले प्रणीत आहार ल्याएर खान दियो । त्यसै पौवामा एकजना बोधिसत्त्व तपश्वी र एकजना प्रत्येकबुद्ध पनि बसेका थिए । राजाले त्यो खाना पुरोहितलाई नै खाना दान गरे । फेरि त्यस पुरोहितले तपश्वीलाई दान गऱ्यो । अझ तपश्वीले पनि त्यही भोजन प्रत्येकबुद्धलाई सभक्तिपूर्वक चढाए ।

सेंठले त्यसरी एकअर्कालाई दान गरको र प्रत्येकबुद्धले चुपचाप सेवन गरेको देखेर त्यस्को कारण सोध्यो । जवाफमा राजाले भने- *'उहाँ मेरो आचार्य हुनुहुन्छ । मेरो आदरणीय हुनुहुन्छ । मेरो भलाइमा लागिरहनु हुन्छ ।'*

पुरोहितले भन्यो-*'म छोराछोरी जहानको पालनपोषण गर्ने गृहस्थमा आशक्त छु । गृहस्थमा आशक्त नहुने उहाँ तपश्वीलाई दान दिन नै योग्य छ ।'*

बोधिसत्त्व तपश्वीले भने- *'म फलफूल, कन्दमूल खोजेर, खनेर खाने गर्दछु । अरुले दिएको खाद्यान्न पकाएर पनि खान्छु । तर उहाँ प्रत्येकबुद्ध*



Downloaded from http://dhamma.digital

*पकाएर खान नहुने अकिञ्चन, परिशुद्धलाई दान दिन योग्य छ ।'*

यसपछि प्रत्येकबुद्धले भने- *'उसले मलाई परिशुद्ध सम्झेर भोजन दान गऱ्यो । दातालाई भोजन निमन्त्रणा गर्नु मेरोआजीविकासँग मिल्दैन त्यसैले मैले कसैलाई पनि दान नगरी चुपचाप खाएँ ।'*

यसरी नै उपकारको बदलामा प्रत्युपकार गर्नु पनि शील अन्तरगत पर्छ । महाअस्सारोह जातक (३०२)मा महाअस्सारोहले आफू राज्यबाट पलायन हुनुपरेको अवस्थामा सहयोग गर्ने एकजना प्रत्यन्त ग्रामवासीलाई पछि आफ्नो राज्य आफ्नो अधीनमा पर्ने वित्तिक्कै आधा राज्य नै दिए । गुठी जातक (१५७) को सन्देश पनि यस्तै हो । अझ यसरी नै उपकारको बदलामा प्रत्युपकारको आदर्श प्रदर्शन गर्ने कार्यमा भद्दसाल जातक (४६५) ले अतुलनीय रूपमा स्वजन रक्षाको आदर्श प्रस्तुत गर्नुमा सफल देखिन्छ ।

कथाअनुसार ब्रह्मदत्तले भद्दसाल रुख काटेर एउटै मात्र सिंगो महल बनाउन खोज्दा रुखले भन्यो- *'पहिला हाँगा छाँट, पछि टुप्पादेखि रुख काट, अनि पछि सबैभन्दा पछाडि जरा काट ।'* यस कुरामा आश्चर्य मान्ने राजालाई भद्दसालले पुनः भन्यो-*'यसो गर्दा मेरो छाँयामा तलतल उम्रेर आएको स-साना बुट्टा र घाँसहरू धेरै मर्दैनन् ।'* यस्तै कुरा काक जातक (१४०) मा पनि उल्लेख भएको पाइन्छ ।

यसरी नै रोगी सेवक हुनु, सुभाषित वचन बोल्ने हुनु, आफ्नो गुण प्रकाश गरी नबस्नु, अरुको गुणमा ईर्ष्या नगर्नु पनि शील रक्षार्थ गरीने चर्या नै हुन् । वस्तुतः शील शब्दको विषय होइन्, कर्तव्यपालनको विषय हो । यस कुरालाई स्पष्ट पार्ने कार्यमा कारण्डिय जातक (३५६) को प्रस्तुतीलाई राम्रो मान्न सकिन्छ । यस्मा जसलाई पनि *'शील लेऊ शील लेऊ'* भनी बाटोबाटोमा शील दिएर हिंड्नेलाई पर्वतको चट्टानहरू झारेर समुन्द्र पुरेर पृथ्वी सारा समान गर्ने कोशिस गरिरहेको मुर्खको तुलना गरिएको छ । किनकि शीलको अर्थ नैतिक गुण बनाउन प्रार्थना वा अधिष्ठान गर्नु मात्र होइन । जुन जातकीय आदर्शको विपरीत नगण्यरूपमा बोधिसत्त्व जीवनमा पनि शीलको उपेक्षा भएको पाइन्छ । उदाहरणको लागि *कणवेर जातक* (३१८) मा बोधिसत्त्व कणवेर चोरडाँकु भएको पाइएको छ । यसो भए तापनि प्रायशः बोधिसत्त्वजीवनमा पंचशील पालन नै गरेको पाइन्छ । अझ शील भनेको बोधिसत्त्वले त्यसै पनि



Downloaded from http://dhamma.digital

रक्षा गर्नुहुन्छ, जसरी किकि नामको बट्टाई चराले आफ्नो अण्डा रक्षा गर्छ, चौरी गाईले आफ्नो पुच्छर रक्षा गर्छ, आमाले आफ्नो एक्लो छोराको रक्षा गर्छिन्, कानोले आफ्नो एउटा आँखाको रक्षा गर्छ ।

बोधिसत्त्वले मैत्री र करुणामा प्रतिष्ठित हुन प्राणघातदेखि अलग हुने गर्दछ । साथै आफूबाट अरुलाई अभय प्राप्त गराउँदछ । बोधिसत्त्वसँग सपनामा समेत रिस रहँदैन, उनको हृदय जहिले पनि मैत्रीले भरिएको हुन्छ । परोपकारको विचार भएकोले  परवस्तुलाई सर्पसमान ठान्दछन्, अदत्तादान (चोरी) बाट रहित भई बस्दछन् । गृहस्थी भए तापनि बोधिसत्त्वले परदारलाई दिदीबहिनीसमान वा आमासमान सम्झिन्छन् । अरुलाई जहिले पनि आफ्नो तर्फबाट सशंकित नहुने गरी जीउन लगाउँदछन् । अझ अशुभ भावनामा अभ्यासरत प्रव्रजित बोधिसत्त्व मैथुन धर्मदेखि नै अलग रहन्छन् । यसले गर्दा अरुबाट मन नपराई बस्दैनन् । बोधिसत्त्वले भएको र आवश्यक साथै काम लाग्ने कुरा मात्र नम्रतापूर्वक बोल्दछन् । त्यसैले अरुलाई हृदयमा आफूप्रति अविश्वास राख्न नपर्ने वातावरण बनाउँदछन् र शील गुणधर्म आरक्षाको आदर्शमा यसो भन्दछन् -

*धनं चजे यो पन अंगहेतु, अंगं चजे जीवितं रक्खमानो ।*
*अंगं धनं जीवनं चापि सब्बं, सच्चे नरो धम्म मनुस्सरन्तो ॥*

अङ्गप्रत्यङ्गको हितमा धन त्याग गर्दछ, जीवन मात्र रहने हो भने आवश्यक भएमा शरीरको अङ्गप्रत्यङ्ग पनि परित्याग गर्दछ । तर धन, अङ्ग र जीवन सारालाई साँच्चै कै मानिसले धर्मको निम्ति शील धर्मको पालनमा परित्याग गर्दछ ।

यसरी शील पालन गर्नुमा धेरै फल प्राप्त हुन्छ भने फेरि शीलको प्रतिफल यहाँको यही नैं पाइन्छ । बोधिसत्त्वले प्राणघातकको विरक्तिले गर्दा सीधा शरीरसहित महापुरुष लक्षण, असत्य र सिंहजस्तै शुरवीरत्व प्राप्त गरे । संक्षिप्तमा भन्ने हो भने चारित्रशील र वारित्रशील दुबै शासनको जरा हुन् । बोधिसत्त्वहरूलाई यिनै शीलधर्म दिव्यचक्षु, दिव्यश्रोत र आश्रवक्षय ज्ञान प्राप्त गर्नलाई हेतु पनि हुन्छ ।

रमाइलोको लागि वा शक्ति प्रदर्शनको लागि तममा वा मोहमा हिंसादि कर्मगरी शील नबिगारिकन र भवभोग, यश सम्मान आदि प्राप्त गर्नको लागि अझ स्वास्नी छोराछोरीको कारणसम्ममा पनि शील नबिगार्नु



Downloaded from http://dhamma.digital

शीलपारमिता हो । आफ्नो शरीरको अङ्गप्रत्यङ्ग आरक्षाको निम्ति पनि शील नबिगार्नु नै शील उपपारमिता हुन्छ । साथै जीवन नष्ट रहुञ्जेलसम्म पनि शील नबिगारी पालन गर्नु नै शील परमत्थ पारमिता हो ।

स्वयं आफैले पारमिता गुणधर्म पालन गर्दै बुद्धत्व प्राप्त हुनसक्छ । यो ज्ञान कसैको उपासना वा कसैको कृपाले प्राप्त हुने होइन । त्यसैले नै बुद्धत्व भन्नु ईश्वरको दूत वा ईश्वरको पुत्र वा स्वयं ईश्वरको अवतार भाव प्राप्ति भनेझैं बिलकुल होइन । त्यसैले नै उनको धर्ममा सदाचारको मूल्य यथार्थरूपमा पाइन्छ । तब त्यहाँ खाद्यशुद्धि, जलशुद्धि र अग्निशुद्धि आदि बाहयशुद्धि भन्नेलाई कुनै प्रकारले पनि ठाउँ छैन ।

बौद्धदृष्टिकोणमा पञ्चशील पालन न्यूनतमरूपमा मानिसको लागि नैतिक कर्तव्य हो । एकातिर पाप गरी बलियुक्त यज्ञगरी पापबाट मुक्ति हुने ठानेर बस्ने वर्ग, अर्कोतिर यज्ञको दक्षिणा लिएर बस्ने वर्ग, अझ त्यसमा धर्मको आधार लिएर आफ्नो पक्ष बलियो बनाएर पनि दया, प्रेम र करुणा भन्ने अनावश्यक ठानिएको समयमा बुद्धको *अहिंसा* एउटा चुनौती हो । त्यसैगरी गरीबीको कारण बुझ्न नखोजेर पायक परेअनुसार चोर्ने कार्यको विवशताले भरिएको जीवन बिताएर बस्नेहरूलाई बुद्धले *अदिन्नादान* (चोरी गर्नुबाट विरत रहने) को उपदेश दिए । अतृप्त स्वभावको भोगको लागि सयौं, हजारौं संख्यासम्म महिलाहरू विवाह गर्नु, अझ अनैतिक आचरणले धर्ममा बाधा नदेखि डुबिरहेका वर्ग र अनैतिक भोग विलासको शिकार भएर बस्नुपर्ने वर्गको बीचमा भइरहेको कलह अशान्ति नाश गर्न *कामेसु मिच्छाचारा* (काम राग दुरूपयोग) देखि विरत हुने शिक्षा दिए । ज्ञान, चेतना र विवेकलाई सजिलै हलका पारिदिने, निरर्थक बनाइदिनेमा असत्यभाषणले ठूलो भूमिका खेलेको रोक्नलाई बुद्धले *मुसावादा* (झुठो बोल्नु) देखि विरत हुनलाई निर्देशन दिए । फेरि अज्ञानतामा पुण्यार्थीहरू मस्त हुनेझैं आफू धर्मको नाममा सुरा, यज्ञमंस अझ कतिले त सुन्दरीसमेतले पनि मस्त भएको, अझ यसो भएर पनि थाहा नपाउने धर्माधिकारीहरूको आँखाले देख्नको लागि बुद्धले मादकपदार्थ आदि सेवन गर्ने वस्तुबाट अलग बस्ने शिक्षा दिए ।

त्यसैले शीलको महत्व प्रकाश पार्नको लागि साथै बोधिसत्त्वले शीलपालनाको लागि कतिसम्म कसरी प्रयत्न गरे भन्ने बुझ्नको लागि पहिला



Downloaded from http://dhamma.digital

शील भङ्ग गर्दा भोग गर्नुपर्ने भोगको केही विवेचना जातकीय अभिव्यक्तिअनुरूप गर्नु आवश्यक देखिन्छ ।

## मतकभत्त जातक (१८)

कुनैपनि मृतक व्यक्तिको नाउँमा श्राद्ध गर्न प्राणीको हत्या गर्नु निरर्थक हुन्छ भन्ने कुरा यस जातकले स्पष्ट पार्दछ । तीन वेद जान्ने, लोक प्रसिद्ध आचार्य ब्राह्मणले आफ्नो शिष्यलाई भन्यो- *'नदीमा लगेर भेंडालाई नुहाऊ, फूलमाला पहिराऊ, पाँचऔंलाको टिका चिन्ह राखेर नदीकिनारमा राखिराख ।'* शिष्यले त्यसै गऱ्यो । तर त्यसो गर्दा भेंडा एकपल्ट हाँस्यो, एकपल्ट रोयो । पछि ब्राह्मणशिष्यले त्यसको कारण सोध्दा आचार्य ब्राह्मणको अगाडिमात्र बताउनेछु भनी भन्यो र पछि आचार्य ब्राह्मणको अगाडि भन्यो *'हे ब्राह्मण पहिलाको जन्ममा म तिमीजस्तै मन्त्र पाठगर्ने ब्राह्मण थिए । मैले पनि श्राद्ध गर्छु भनी एउटा भेंडा काटें । तब त्यो भैंडा काटेको पापले चारसय उनानब्बे चोटी आफ्नो टाउको कटाएर आइसकें । आज म पाँचसयौं पल्ट टाउको कटाउन लागिरहेको छुं । म पापबाट मुक्त हुन पाइने भयो भनी सम्झिदै म हर्षित भएं । फेरि जसरी मैले दुःख पाएं त्यसरी नै तिमीले पाँचसय पल्ट टाउको कटाउनुपर्ने भयो भन्ने विचारले दुःख मानी म रुएको हुँ ।'*

यो उक्तिले श्राद्ध कर्ममा बलि दिनुको कतिसम्म विरोध गर्दछ भन्ने कुरा स्पष्ट गर्दछ । हिंसालाई साधन गरी आफ्नो स्वार्थसिद्ध गर्ने ब्राह्मण पुरोहितहरूका कामकुरा र त्यसमा पत्यार गरेर हिंसा गर्नेहरू, अझ मानिस भएर मनुष्यसमेत बलि दिनेहरू, यज्ञमा अर्पित गर्नेहरू जजमानहरूको वर्णन पढ्दा आज पनि मानव हृदयमा ग्लानि र क्षोभ अनुभव हुन्छ । यसको प्रमाणको लागि धोनसाख जातक (३५३) अध्ययनयोग्य छ ।

आफ्नो कोकनद प्रासाद भव्यरूपले बनाउन सकिनासाथ उदयनपुत्र बोधिराज कुमारले 'अरुलाई पनि त्यस्तै समान प्रासाद कलाकारहरूले बनाइदिनेछ' भन्ने डरले कलाकारको आँखा नै फोडिदियो । तर यसबारे वेदज्ञहरूले कुनै पनि टिप्पणी गरेनन् । भिक्षुहरूको सभामा यसबारे कुराकानी चल्यो ।' *आयुष्मानहरू, बोधिराजकुमारले त्यस्ता महाकर्मीहरूका आँखा फोडिदियो । ओहो ! कति कठोर व्यक्ति ! कतिसम्म पत्थर हृदय !! कतिसम्म दुस्साहसिक*



Downloaded from http://dhamma.digital

*व्यक्ति !'* बुद्धले यसै प्रसंगमा आफ्नो स्वार्थको छुरा धार लगाएर अरुलाई पनि स्वार्थको छुरा तिखार्न लगाउने कुरामा बलिको मोहप्रथा खण्डन हुने गरी एकजना ब्राह्मणको कुरा प्रस्तुत गरे ।

## धोनसाख जातक (३५३)

ब्रह्मदत्तको पुरोहित पिङ्गिलले विचार गरे- *'ब्रह्मदत्तलाई एकछत्र राजा बनाउन सके म एकछत्र राजाको एकछत्र पुरोहित हुन पाउंछु ।'* यसरी विचार गरी उसले राजालाई युद्ध गरायो । तर तक्षशिलाको राजालाई भने जित्न नै सकेन । तब तुरुन्त लाभ देखेर राजालाई भन्यो -*'हजारजना राजाहरूलाई पक्रेर पाँचप्रकारका मधुरमांस निकालेर, त्यसले पिपलबोटको देवतालाई पूजा गर्नु, आन्द्राले रुख बेर्न लगाउनु, रगतको पाँचऔंला डाम लगाउन सकियो भने अविजित तक्षशिलाको राजालाई पनि जित्न सकिन्छ ।'* राजाले पनि त्यसै गऱ्यो । तर यसले गर्दा अञ्जिसकत नामक यक्ष नै क्रोधित भयो । अतिहिंसाले हिंसकको हृदयमा पनि कम्प (अशान्त, हलचल) ल्याइदिन्छ, क्षोभ ल्याइदिन्छ । यक्षले राजाको आँखा कानो बनाइदियो । आफ्नो आँखा दुःखेर रुखमुनि बस्न जाँदा, रुखमाथि बसेर मासु खाइरहेको गिद्धले झारिल्याएको हड्डीका टुक्रा लगेर राजाको अर्को आँखा पनि फोडिएर अन्धा भयो । अन्धा राजा मरेर गयो । राज्य पनि टुक्रिएर गयो ।

हिंसा वास्तवमा विनासकारी धर्म हो । हिंसायुक्त विजयले चिरकालीन एकता वा शान्ति ल्याउन सक्दैन । कसैले हिंसा धर्म हो भनी भन्दछ भने त्यो अन्धाधर्म नै हो । हिंसा कुनै समयको लागि आफ्नो आत्मतप्त नभएमा तत्क्षण नै अरुलाई तप्त गर्ने धर्म हो । अझ बलियुक्त हिंसा त आफूलाई पनि तप्त गर्ने, अरुलाई पनि तप्त गराउने धर्म नै भयो । यस अवस्थामा त्यहाँ प्रेम, करुणा, मैत्री र एकता कहाँ हुन्छ ? परमशान्ति कहाँ हुन्छ ? बुद्धधर्म त्यो वास्तविक धर्म हो, जसले आफूलाई पनि तप्त नगर्ने, अरुलाई पनि तप्त नगराउने चर्या सिकाउंदछ । (कन्दरक सुत्त, मज्झिम निकाय) हिंसायुक्त यज्ञ गर्नेलाई खण्डहाल जातक (५४२) अनुसार बोधिसत्त्व आदर्शले स्पष्टरूपमा चुनौति दिन्छ । जस्तैः-

*यदि किर यजित्वा पुत्तेहि, देवलोकं इतो चुता यन्ति ।*



Downloaded from http://dhamma.digital

*ब्राह्मणो ताव यजतु, पच्छापि यजसि तुवं राजा ॥*

छोरा बलि दिएर यज्ञ गर्नाले यहाँ मरेर स्वर्ग जाने हो भने ब्राह्मणले नै पहिला आफ्नो छोरा बलिदिएर यज्ञ गराउन लगाउनु होस् । बाबु तपाइले पछि मात्र यज्ञ गर्नुहोस् ।

त्यसैले अहिंसा धर्म शीलपारमितामा सबैभन्दा माथि पर्दछ । त्यही अहिंसा, करुणा र मैत्रीपारमिता पूर्ण गर्ने आधार पनि हो । फेरि बोधिसत्त्वहरूको अहिंसा आदर्शले क्रोधलाई अक्रोधले जित्ने पृष्ठभूमि खडा भएको हुन्छ । बाघलाई पनि आफ्नो शरीरको रगत मासु खुवाएर परप्राणी बचाउने दान परमत्थपारमितापछि आएको अहिंसाको लक्षणले यही नै स्पष्ट हुन्छ । बुद्धले मारहरूलाई जित्नुभयो, तर उनीहरूलाई मारेर होइन । देवदत्तको विद्वेषको बारे बरोबर भिक्षुहरूले चर्चा गर्छन्, तर कहीं पनि उसको विनाश होस् भन्ने कामना कसैले पनि गरिराखेको देखिँदैन । भ्याएसम्म उपकार गर्नु, असमर्थ हुनासाथ *'सब्बेसत्ता कम्मस्सका'* भन्नु नै बौद्धआदर्श हो । मार्नेलाई मार्नु नै पर्छ, उडुस उपियाँ मार्नु अकुशल कार्य होइन भन्ने कुरा राजनैतिक दृष्टिले ठीक हुनसक्छ, तर पारमिता साथै उपपारमिता र परमत्थपारमिताचर्या गर्ने संस्कृतिमा भने उपयुक्त  हुनसक्दैन । 'सकल प्राणीहरू दण्ड देखेर डराउँछन्, सबै मृत्यु देखेर डराउँछन्, सकल प्राणीहरूको जीवनप्रति माया छ भनेर देख्नु धर्मको पदचिन्हमा पाइला सार्नु हो । धम्मपद (१२९) अनुसार सकल प्राणीलाई आफूसमान ठान्नु, घात गर्नु हुन्न, गराउनु पनि हुन्न, धम्मपद (१३१) अनुसार विशेषतः 'आफ्नो सुखको लागि अरुको सुख मनपर्ने प्राणीहरूको हत्या गर्नेलाई सुख हुँदैन र मेत्त सुत्तअनुसार उत्पन्न तथा सम्भावित प्राणीप्रति मैत्रीराख्नु, वसल सुत्तअनुसार *'योनिज वा अण्डज प्राणीहत्या गर्नेलाई शूद्र चण्डाल भनिन्छ'* आदिले बौद्ध अहिंसाको अर्थ राम्ररी गहिरिएर बुझाइदिन्छ ।

अझ बोधिसत्त्वहरूले आफू एक्लैले मात्र अरुलाई नमार्ने होइन कि कसैलाई पनि हिंसा गर्न नदिने प्रयत्न गर्दछन् । प्राणी मात्रलाई नै अभय वरदान प्राप्त गराउँछन्, जस्तै निग्रोधमृग जातक (१२) । ऋण तिर्न नसकी गंगामा डुबेर मर्न खोज्ने मानिसलाई करुणा राखी रुरुमृगले प्राणको बाजि राखी रात्रीको समयमा पानीबाट बाहिर निकालिदियो । तर *'म यहाँ छुं भनेर नभनिदिनु'* भन्दा पनि धनको लोभले राजालाई बताइदियो । जब राजाले



Downloaded from http://dhamma.digital

रुरुसंग भेटे, त्यस मित्रद्रोहीको कामबारे पनि थाहा पायो। तब राजाले उसलाई मार्न खोज्दा मृगले भन्यो-*'महाराज, यसलाई बाँच्न दिनोस् ।'* यो रुरु जातक (४८२) को उदाहरण हो।

मिलिन्द प्रश्नअनुसार अहिंसा त धर्मको प्रधान लक्षण हो। बुद्धको यो स्वाभाविक वचन हो त्यसैले बोधिसत्त्वले अहिंसाधर्म पालन गर्नुभएको स्वाभाविक नै हुन्छ भनी पुनः उल्लेख गर्नुपर्ने जस्तो देखिँदैन। लक्खण सुत्त, दीघनिकाय अनुसार वास्तवमा बोधिसत्त्वजीवनको यस्तो ठूलो अहिंसा गुणधर्मको पालनले नै बुद्धलाई आयातपाणी, लामालामा औंला, सीधा शरीर प्राप्त भएको हो ।

अदिन्नादान (चोरी) नगर्नु पञ्चशीलको दोश्रोशील हो। नदिइकन अरुको वस्तु लिनु नै अदिन्नादानको अर्थ हुन्छ। त्यसैले नचोर्नु यसको साधारण कामचलाउ अर्थ हो भने नदिइकन अरुको वस्तु खोसेर नलिनु वा फकाई नलिनु पनि यसको भावअर्थ हुन जान्छ। सीलवीमंस जातकको जातकीय अभिव्यक्ति यसको राम्रो उदाहरण बन्नसक्दछ ।

## सीलवीमंस जातक (८६)

वाराणसीको बोधिसत्त्व राजपुरोहितमा विचार उत्पन्न भयो-*'मलाई गरिएको सम्मान जातिको कारणले हो कि ? गोत्र, कुल, प्रदेश, शिल्पसम्पदा वा शीलसम्पदाको कारणले हो ?'* यस कुराको परीक्षण गर्नलाई पुरोहित दरवारदेखि घर फर्किंदा बाटोमा परेको सराफि पसलमा गएर एक असर्फि चुपचाप लिए। सराफिले देखे तापनि पुरोहितप्रतिको श्रद्धालेगर्दा सराफिले केही पनि भनेन। फेरि भोलिपल्ट पनि त्यसरी नै एउटा असर्फि लिए। पसलेले फेरि पनि केही नबोली सह्यो। तर तेश्रोदिन पनि लिनुहुंदा सराफिलाई रिस उठ्यो। उनलाई राजपुरोहित भनेर त्यसै छाडिदिएन। पक्रेर लगेर राजाकहाँ लग्यो। आफ्नो पुरोहित पक्रेर उभ्याउन ल्याउँदा राजा आश्चर्य भए। पछि राजाले-*'किन त्यसरी असर्फि लिएको'* भनी सोध्दा पुरोहितले आफ्नो मनको सारा कुरा बताए। तब उनले शील नै संसारमा श्रेष्ठ हो भन्ने कुरा स्वीकार गरे। त्यसैले *'शील नै श्रेष्ठ भएपछि किन शीलाचरणमा कोशिस नगर्ने ? किन पुरोहित काम नछाड्ने ?'* भनी विचार गरेर ऋषि प्रव्रज्या धारण गरे।



Downloaded from http://dhamma.digital

जुनसुकै जातिको भए तापनि शीलले नै जातित्वको बन्धन चुँडाएर वन्दना र मान गराउँछ, त्यसैले सारा कुलभन्दा शील नै ठूलो भन्ने कुरा र कसैले चोरी गर्न नसक्ने अविनाशी धन नै शील भन्ने कुरा पनि यसले स्पष्ट गर्दछ । साथै धर्माधिकारी जातकले यो पनि स्पष्टतापूर्वक भन्दछ कि बौद्धदृष्टिमा सम्मान भनेको  कुल, गोत्र, जाति र प्रदेशको कारणमा होइन सदाचारको कारणमा राख्नुपर्छ । साथै सदाचरणको दोश्रो आचरण हो, श्रमजीवि हुनु । अरुको श्रममा वा उत्पादित वस्तुमा मात्र नै अनुद्योगी र दु:शील भएर बाँच्ने जीवन राम्रो जीवन होइन । आफ्नो वस्तु मात्र आफूले लिने नगरेर अरुको वस्तु लिने राम्रो गुणधर्म होइन । अझै यथार्थज्ञानले हेर्ने हो भने कसैले नदेख्ने गरी कसैको वस्तु लिनु भनेको नै हुँदैन भनी सीलवीमंसन जातक (३०५) मा स्पष्ट गरिएको छ ।

## सीलवीमंसन जातक (३०५)

आफैले सिकाइराखेको पाँचसय शिष्यहरूमध्ये एकजनालाई वाराणसीको प्रसिद्ध आचार्यले आफ्नी छोरी दिने विचार गऱ्यो । त्यसैले एकदिन आचार्यले आफ्ना शिल्पज्ञहरूलाई बोलाएर भन्यो-*'मेरी छोरी तरुनी भई । उसलाई विवाह गरिदिनुपऱ्यो । यसको लागि मलाई गहना चाहिएको छ । त्यसैले तिमीहरू गएर तिम्रा आफन्तहरूले नदेख्ने गरी गहना लुगाहरू लिएर आऊ । जसले बढी गहना लुगा मेरी छोरीलाई ल्याउँछ, ऊसँग नै मेरी छोरीको विवाह हुनेछ ।'* यो शुभ समाचार सुनेर शिष्यहरू ठूल्ठूला गहना पोकाहरू लिएर आएर आफ्नो गुरुको अगाडि राखिदिए । तर त्यसमध्ये बोधिसत्त्व भने खाली हात फर्किएर आए । आचार्यले सोध्दा बोधिसत्त्वले भने-*'पाप गर्नको लागि यस्तो ठाउँ नै कहीं छैन, जहाँ कसैले देख्दैन । मैले कसैले नदेख्ने ठाउँ भन्ने नै देख्न सकिन । जहाँ अरु कोही नभए पनि त्यहाँ म त छँदैछु नि । मैले आफैले देखी हाल्छु । त्यसैले मैले कसैले पनि नदेख्ने गरी केही पनि ल्याउन सकिन ।'* पुरोहितले पछि यथार्थ कुरा सारा शिष्यहरूलाई भनेर बोधिसत्त्व नै वास्तवमा साँच्चै जान्ने बुझ्ने र असल शिष्य भनी घोषणा गऱ्यो । फेरि बोधिसत्त्वसँगै आफ्नी छोरीको विवाह गराइदियो । अन्य शिष्यहरूलाई उनीहरूले लिएर आएका गहनाहरू उनीहरूलाई नै फर्काएर लाने आज्ञा सँगै शीलको उपदेश दियो ।

त्यसैले *'नदेख्ने गरी'* भन्नु नै आफ्नो विवेकको आँखा बन्द गर्नु मात्र हुन्छ । मानिसले विवेकले अरुको वस्तुलाई सर्पजस्तै सम्झनुपर्छ । बोधिसत्त्वहरूले



Downloaded from http://dhamma.digital

अरुको वस्तुलाई घैंटोको टुक्राजस्तै ठान्दछन्। परोपकारी चित्त भएकोले बोधिसत्त्वहरू सजिलै स्वाभाविकरूपले नै अदिन्नादान शील पालन गर्दछन्। वास्तवमा चोरी नगर्नाले नै निशंक जीवन बिताउन पाइने हुन्छ।

ब्यभिचारी नहुनु पञ्चशीलको तेश्रो शील हो। कामपिपाशाजस्तै कामभोग पनि कहिल्यै मेट्ने प्यास होइन। बरु कामविरतिले मात्र नै कामपिपाशा निको भएर जाने हुन्छ। त्यसैले बौद्धहरूले यस्तो तृप्त हुन नसक्ने कामभोगको लागि आफ्नो विवाहिता स्त्री वा पुरुष बाहेक अन्य स्त्रीपुरूषसँग कामभोग नगर्ने प्रण गर्दछन्। शान्तप्रद नै नहुने कामभोगमा लिप्त हुँदा त्यस्ले जीवनमा नारकीय दुःखलाई समेत निम्त्याउने हुन्छ, जसले पछि यस दुःखको परिताप हटाउने अवसरसम्म उनीहरूलाई पाइने हुँदैन। यसको उदाहरण स्वरूप लोहकुम्भी जातक (३१४)लाई लिन सकिन्छ।

## लोहकुम्भी जातक (३१४)

एक जन्ममा बोधिसत्त्व ऋषिप्रव्रज्या ग्रहण गरेर ध्यान तथा अभिज्ञा प्राप्त गरेको बेला वाराणसी नरेशले सपनामा चार नारकीय प्राणीहरूको चित्कार गरेको सुनेर राजा डराएको कुरा सुनाउंदा पुरोहित ब्राह्मणले *'सर्वचतुष्क यज्ञ अर्थात् मानिस, हात्ती, घोडा लगायत सारा प्राणीहरू चारचार संख्यामा बली दिएमा दशाग्रह हटेर जान्छ'* भनी बलियज्ञको तयारी गर्न लगाए।

उता यो कुरा ध्यानदृष्टिले देखेका बोधिसत्त्वले *'घोर अनर्थ हुनलाग्यो'* भन्ने विचार गरी हिमालयबाट वाराणसी नरेशको राजउद्यानमा आएर राजालाई सपनाको वास्तविक अर्थ बताए। वास्तवमा ती प्राणी परस्त्री गमन गरी त्यसको परिणामले लोहकुम्भी नरकमा उत्पन्न भएर साठीहजार वर्ष बिताइसकेका थिए। उनीले नै नरकमा बस्नुपरेको कर्मफलको दुःखमनाउ गरेको र अब मनुष्य भएर जन्मेमा शीलवान हुने प्रतिज्ञा गर्न खोजेको तर कर्मफलले गर्दा एउटाएउटा अक्षर मात्र भन्न पाएको र फेरि लोहकुम्भीमा नै डुबेको कुरा बोधिसत्त्वले बताए। तब राजा विश्वस्त भएर राजाले पशुबलि यज्ञ बन्द गरे।

परस्त्री गमनले वास्तवमा मानिसको पौरुषत्व नै नाश गरिदिन्छ। काम मिथ्याचार एकातिर भोगमय आनन्द हो भने अर्कोतिर गधाको भारी बोक्ने काम पनि हो। महानारद काश्यप जातक (५४४) ले यसको



Downloaded from http://dhamma.digital

प्रमाण दिन्छ । काम मिथ्याचारदेखि टाढिएर पछि मैथुनधर्मदेखि पनि टाढिन सकिनेछ । तब कसैलाई पनि पाप चेतनाले नहेरेर बस्न सकिन्छ । जसले गर्दा उसको चित्त शुद्ध हुन्छ । बोधिसत्त्वहरूले परस्त्रीलाई बहिनी र छोरी नै देख्दछन् । यसले गर्दा मैथुनराग हुँदैन । यसले नै बोधिसत्त्वहरूलाई नैष्क्रम्यचित्तले अगाडि बढ्न बल पनि प्राप्त हुन्छ । उहाँहरूको प्रत्येक भाषण सबैलाई हितकर र प्रियकर हुन्छ ।

असत्यवचन नबोल्नु नै चौथो शील पालन गर्नु हो । भगवान् बुद्धले असत्यवचन र श्रमणत्वको विषयमा अम्बलट्ठिक सुत्त, मज्झिम निकाय (२/२/१) मा उपमासहित उपदेश भएको छ, जस्को उल्लेख सत्यपारमितामा पनि गरिएकोछ ।

## राहुललाई दिएको उपदेश

एकदिन ध्यानबाट उठेर भगवान् बुद्ध अम्बलट्ठिक विहारमा पुगे । त्यहाँ आयुष्मान राहुल बसिरहेएको थियो । राहुलले भगवान् बुद्ध आउँदैगरेको टाढाबाटै देख्नासाथ आशन र खुट्टा धुनको लागि पानी ठीक पार्‍यो । भगवान् बुद्ध ओछ्याइराखेको आशनमा बसे । राहुल पनि अभिवादन गर्दै एक छेउ बस्यो ।

तब भगवान्ले अलिकता बचेको पानी लोटामा त्यसै राखेर प्रश्न सोधे - 'राहुल लोटामा यति थोरै पानि बचेको देखेका छौ ?'

'देखें भन्ते ।'

'राहुल त्यसरी नै थोरै उसको श्रमणभाव हुन्छ, जो जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले त्यो बचेको थोरै पानी पनि भुईमा खन्याएर सोधे - 'राहुल, देख्यौ के मैले थोरै भएको पानी पनि फ्यालिदिईसकें ।'

'देखें भन्ते ।'

'राहुल, उसको श्रमणभाव पनि त्यसरी नै फ्यालिराखेको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले लोटा घोप्ट्याएर साधे - 'राहुल, तिमीले यो लोटा घोप्ट्याएको देख्यौ कि ?'

'देखें भन्ते ।'



Downloaded from http://dhamma.digital

'राहुल, त्यसरी नै घोप्ट्याएको तुच्छ उसको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

राहुल, जसरी कि लामो दाँत भएको, ठूलो शरीर भएको, अशल जातको, संग्राममा जाने राजाको हात्तीले संग्राममा जाँदा आफ्नो अगाडिको खुट्टाले पनि काम गर्छ, पछाडिको खुट्टाले पनि काम गर्छ, शरीरले पनि काम गर्छ, टाउकोले पनि काम गर्छ, दाँतले पनि काम गर्छ, पुच्छरले पनि काम गर्छ । तर त्यसो भए पनि त्यो हात्तीले सूँढको काम लिएन भने माहुतेले विचार गर्छ 'यो हात्तीको दाँत लामो भए तापनि, यो हात्ती ठूलो भए तापनि, अशल जातको भए तापनि ठीक छैन । यस्तो हात्तीको तर्फबाट राजाको जीवन युद्धक्षेत्रमा आरक्षित हुँदैन ।' 'तर राहुल, यस्तो हात्तीले सूँढले पनि काम लिए भने त्यो राजाको लागि विश्वसनीय हात्ती हुन्छ । त्यसरी नै राहुल, जोसँग जानीजानी असत्य कुरा बोल्नुमा लाज छैन उसको लागि कुनै पनि पापकर्म अकरणीय छैन -यसरी म विश्वास गर्छु । त्यसैले राहुल, तिमीले जीवनमा कहिल्यै जिस्केर पनि झूठो कुरा गर्ने छैन भनी सिक्नुपर्छ, गम्भीर भई धारण गर्नुपर्छ ।'

## चेतिय जातक (४२२)

एकसमय उपचर राजकुमार हुँदा- *'म राजा भएं भने तिमीलाई पुरोहित बनाउँछु'* भनी आफ्नो साथी कोरकम्बललाई वचन दिएका थिए । जब उनी राजा भए तब आफ्नो बाबुको कारणले कोरकम्बलको दाजु कपिल ब्राह्मणलाई पुरोहितबाट हटाउन सकेनन् । राजा उपचर पनि ऋद्धिसम्पन्न थिए । चार दिशाहरूमा चार देवताहरूले खड्ग लिएर रक्षा गर्दथे । मुखबाट उत्पलगन्ध, शरीरबाट चमेलीको गन्ध आउंथ्यो । आफू बुढा भएको ठानेर कपिल पुरोहितले आफ्नो छोरालाई पुरोहित पद दिएर आफू भने प्रव्रजित जीवनमा लाग्यो ।

एकदिन राजा उपचरले आफ्नो साथी कोरकम्बललाई पुरोहित बनाउंछु भन्दा कोरकम्बलले *'ऊ ठूलो हो, म सानो हुँ त्यसैले सम्भव छैन'* भन्यो । तर राजाले भने- *'म झुठो बोलेर भए पनि तिमी जेठो र कपिल कान्छो हो भनी प्रमाणित गराइदिन्छु'* । त्यसबेलासम्म चेतिय राष्ट्रमा कसैले पनि झुठो बोलेका थिएनन् । *'झुठो भनेको रातो हरियो कस्तो हुन्छ'* भनी थाहा नभएका राष्ट्रवासीहरू *'राजा झुठो बोल्छन्'* भन्दा अचम्भित भएर हेर्न आए । कपिल



Downloaded from http://dhamma.digital

ऋषिसहितको उपस्थितिमा राजा उपचरले *'कपिल कान्छो हो र कोरकम्बल जेठो हो'* भनी भने ।

कपिल ऋषिले *'झुठो बोल्नु हुँदैन'* भनी कति सम्झाउनुभयो तापनि उपचरले *'कपिललाई भाइ र कोरकम्बललाई दाजु नै'* भने । तर *'एकपल्ट अहिलेसम्म भ्याउंछ सत्य वचन बोल'* भन्दा पनि उनले वास्ता गरेनन् । आफूले भनिसकेको असत्यमा नै दृढ भइबसे । यसले गर्दा चारजना देवताहरूले *'असत्यभाषीहरूको रक्षा गर्दैनौं'* भनी उनलाई छाडी गए । असत्य वचन बोलेको प्रभावले उनको ऋद्धिशक्ति पनि नाश भयो । साथै क्रमशः पाइतला, घुँडा, ढाड, छातीसम्म ऊ आफै जमिनमा भास्दै गयो । अन्तसम्ममा पनि राजा उपचरले असत्य नै बोले । पछि भूमिमा नै भास्सिएर विलय भयो र उनको पतन भयो ।

चेतियराष्ट्रको राजाले पहिले असत्य कुरा बोलेको कारणले भएको यो दुष्परिणाम वर्णनभित्र नै सत्यभाषणको महत्व देखाइएको छ ।

वास्तवमा यही असत्यको भरोसा लिएर देवदत्तले संघभेद गर्न सक्यो, साथै यही असत्यभाषणको फलले रोग लागेर नै उसले अनेक दुःखकष्ट सहनुपर्‍यो ।

## कक्कारु जातक (३२६)

बोधिसत्त्व तावतिंस देवलोकमा एकसमय देवपुत्रभई जन्मे । त्यसबेला वाराणसीमा महान उत्सव भएको थियो । नाग, गरुडसहित अन्य देवताहरू त्यो उत्सव हेर्न आएका थिए । तावतिंस देवलोकका चार देवताहरूपनि दिव्य कक्कारु फूलमाला पहिरिएर आएका थिए । त्यस फूलको वासनाले नगर नै मगमगियो । नगरवासीहरूले- *'यस्तो वास्ना आउने फूलमाला पहिरिने को रहेछ ?'* भनी खोजिहेर्दा देवताहरूले *'हामीलाई खोज्दैछ'* भन्ने जानेर आकाशमाथि बसेर देखाए ।

नगरवासीहरूले त्यस फूलबारे सोधिसकेपछि- *'त्यो फूल हामीलाई देऊ'* भन्दा देवताहरूले यो फूलमाला देवताहरूलाई योग्य छ । तर मानिसहरूमा जो चोरी गर्दैन, जो झुठो बोल्दैन, जो ऐश्वर्य पाउंदा प्रमादी हुँदैन ऊ नै यो कक्कारु पाउनयोग्य छ' भने । त्यो कुरा सुनेर *'ममा ती गुण छैन तापनि म झुठो बोलेर त्यो माला पहिरिन्छु र जनताले पनि मलाई विश्वास गर्नेछन्'*



Downloaded from http://dhamma.digital

भनी विचार गरी पुरोहितले *'म ती गुणले युक्त छुँ'* भनी भन्यो । यसरी सारा दुर्गुण छोप्ने असत्य भाषण गरी पुरोहितले कक्कारु फूलमाला लियो । तर जति पवित्र कुरामा बढी असत्य कुरा हुन्छ, त्यसको परिणाम त्यति नै डरलाग्दो हुन्छ । पुरोहितले कक्कारु फूलमाला के लिएको थियो, टाउको नै फुट्लाझैं गरी पीडा भयो । आखिर आफ्नो असत्यभाषणलाई स्वीकार गरी क्षमा मागेपछि मात्र पुनर्जीवन प्राप्त गर्न सक्यो ।

बोधिसत्त्वहरूले जहिले पनि असत्यभाषणदेखि अलग बस्दछन् । शीलाङ्ग अशुद्ध हुनासाथ अरुअरु अशुद्धि छोप्ने भएर बोधिसत्त्वहरूले यसलाई पाणातिपातभन्दा पनि दृढतापूर्वक पालन गर्नेछन् । यो शीलको दृढतालाई नै *'मुसावादो नाम नाहोसि'* भन्ने शब्दले व्यक्त गरिराखेको छ । चम्पेय्य जातक (५०६) अनुसार बोधिसत्त्वहरूले भन्नेगर्दछन्- *'हावाले पर्वत नै उडाएर लैजाओस्, चन्द्रसूर्य नै पृथ्वीमा खसोस्, सारा बहिरहेको नदीको पानी उल्टा बगोस् तापनि राजन् मैले असत्य कुरा बोल्दिन ।'* लक्खण सुत्त, दीघनिकायअनुसार बोधिसत्त्व जीवनको सत्यवचनको प्रभावले नै बुद्धलाई उर्णलोम प्राप्त भयो फेरि एउटा रौंको प्वालमा एउटा मात्र रौं प्राप्त भयो ।

सुरामेरय वा मद्यपानदेखि विरति हुनु-पञ्चशीलको पाँचौं शील हो । चेतनशक्तिलाई विनष्ट गर्ने हुनाले नै यो सेवन गर्ने काम छोड्नुपर्ने हो । सुरासेवन गरेर मात्र चालिस करोड धन विनष्ट हुने होइन, यसले सर्वस्व नै विनष्ट गर्दा अझ रक्सीको सुरमा नाचेर टाउकोमा रहेको 'भद्रघट' जस्तो लाक्षणिक धनको गाग्रो समेत फुटाउँछ ।

## भद्रघट जातक (२९१)

बोधिसत्त्व एक जन्ममा सेठको रूपमा जन्मिए । उनको एक्लो छोरा थियो । जमिनमा गाडेको मात्र अस्सी करोड सम्पत्ति भएको सेठले दानादि कर्म गरेर शक्र भई जन्म लिए । तर छोराचाहिं सम्पत्तिको मदले सुरापान गर्दै मंस, नाचगान र स्त्री नसाले सारा सम्पत्ति नष्ट गरेर भिखारी भएर माग्दै हिंड्यो । उता शक्रले आफ्नो पूर्वछोराको दुःख देखेर छोराको प्रेमले एउटा मनचिन्ते भद्रघट दिएर गयो । छोराचाहिंले पनि त्यस घैंटोबाट सम्पत्ति प्राप्त गरेर फेरि सुरापान गर्दै बाटोमा घैंटो उछाल्दै हातले पक्रने गर्न थाल्यो । तर एकदिन



Downloaded from http://dhamma.digital

त्यसरी उछ्लेर पक्रन खोज्दा चुकेर घैंटो जमिनमा बजारिएर फुट्यो । ऊ फेरि माग्नेको माग्ने नै भयो । यसैगरी सुरा सृष्टिको विषयमा निम्न जातकीय अभिव्यक्ति पनि धेरै नै राम्रो छ ।

## कुम्भ जातक (५१२)

हिमालयको एउटा जंगलमा एउटा रुख तलैदेखि तीन हाँगा भएर गयो । यी तीन हाँगाको बीचमा एउटा खाल्डो बन्यो । त्यस खाल्डोमा परेको पानी जम्मा भयो । त्यस रुखको वरीपरी हर्रो, अमला, मरिचको बोट थियो । एकछेउमा आफै उम्रिने धानको बोट पनि थियो । हर्रो, अमला, मरिचहरू पाकेर त्यही खाल्डोमा खस्दथ्यो । चराहरूले धानको बाला रुखमाथि बसी खाँदा धानहरू पनि त्यही खाल्डोमा नै खस्दथ्यो । यिनै वस्तुहरू घामको प्रकाशले र पानीमा भिजेर पछि कुहिंदै गयो । त्यहीं नै आएर अनेक पंक्षीहरू त्यो नशा पिएर अचेत भएर लडे । सुर नामक वनचरले पनि केही क्षण अचेत भएको पशुपंक्षीहरूदेखेर यो त विष होइन, के होला ? भनी पिइ हेऱ्यो । उसलाई पनि मत लाग्यो । फेरि उसले जंगलमा बसेको ऋषिलाई पिलायो । यसरी सबैभन्दा पहिले सुर नामक मानिसले र वरुण नामक ऋषिले देखेर पिएकोले यसलाई सुरा र वारुणी भनेको हो । उनीहरूले त्यसलाई बाँसको ढुंग्रोमा राखेर वाराणसी राजालाई भेट दियो । यसले राजालाई पनि लट्ठ पाऱ्यो । त्यसपछि लिन पठाएर पनि नपुगेर जुन विधिले सुरा तयार हुने हो, त्यस बारे विचार गऱ्यो । अन्तमा सुरा तयार गऱ्यो । वाराणसी, साकेत र श्रावस्ती देशहरू नै रक्सीले नाश भयो ।

पछि इन्द्र आएर उनीहरूलाई सुराको दोष देखायो । इन्द्रको शब्दमा नै भन्ने हो भने-*'रक्सीको घैला दोषको घैला हो । यो पिएर मानिसहरू लरखराउंछन्, खाल्डोमा, हिलोमा, पोखरीमा झर्दछन्, जुन मानिसहरूको लागि अखाद्यपदार्थ हो । रक्सीले चित्तलाई काबुमा राख्न नसकेर मानिसहरूलाई साँढेजस्तै मस्त गरिदिने वस्तु हो । रक्सीले निर्वस्त्र नग्न गरी गाउँमा गल्लीमा यताउता दौडाउने वा मूढचित्त बनाई अबेरसम्म झुलाइराख्ने हुन्छ । यसको सुरमा सभाबीच पनि बोल्नु नहुने बोल्दछ । अभिमानले रातो आँखा पारी सारा पृथ्वीको चक्रवर्ती नै आफू भएको सम्झन्छ । सुरा: अभिमान, कलह र चुक्लीको बीउ हो । सुराको सुरमा नै आमाबाबुलाई पनि गाली गर्छ । सासु र*



Downloaded from http://dhamma.digital

*बुहारीको हात पनि समात्न जान्छ । यही पिएर नै जो कसैलाई गाली-गलौज गर्छन् । फेरि नोकरचाकरको हात पक्रन जान्छ । यसको नशामा मस्त भएर नै धर्मचारी श्रमण र ब्राह्मणहरूको समेत हत्या गर्दछ । सुरा पिएर नै मानिसहरूले शारीरिक, वाचिक र मानसिक दूष्कर्म गरी नरकवास गर्न जान्छ । सुराको नशामा सत्यवादी पनि असत्यवादी हुन्छ, लज्जावान निर्लज्ज हुन्छ । समृद्धशाली पनि वनको वास गर्नुपर्ने हुन्छ । त्यसैले यस्तो दुर्गुणयुक्त भएकोले सुरा घैला फोड्नुपर्छ ।'*

*'मार्ने, चोर्ने र व्यभिचार गर्नेझैं सुरापान पाप होइन । यो त एउटा पेयवस्तु मात्र हो, जुन अन्नद्वारा वा फलद्वारा तयार भएको हो'* भन्ने तर्कलाई माथिको सुराको दुर्गुणबाट हुने परिणामले जवाफ दिन्छ । सुरापान जातक (८१) अनुसार भन्ने हो भने सुरापान भनेको मानिसलाई बाँदरको स्वभावमा परिणत गराउने पेयपदार्थ हो ।

## सुरापान जातक (८१)

बोधिसत्त्वको पाँचसय शिष्यहरू नुन र अमिलो स्वाद लिन हिमवन्त प्रदेशदेखि वाराणसी आए । वाराणसी नरेशले रक्सीपर्वको दिन संयोग पर्दा *'ऋषिहरूले यो पनि पिउन पाउँदैनन् होला'* भनी रक्सी दान गऱ्यो । रक्सी के पिएको थियो, मदमस्त भएर ती ऋषिहरू हातखुट्टा चलाएर नाच्न थाले, गीत गाए । तब जस्तो मनलाग्यो त्यस्तै गर्न थाले, बस्न थाले र पछि निदाए । निद्राबाट ब्युंझेपछि मात्र उनीहरूले आफ्नो स्वरूपहरू देखे । पछि आफ्नो आचार्य बोधिसत्त्वकहाँ फर्केर जाँदा *'तिमीहरूलाई नगरमा जाँदा भिक्षा त सजिलै प्राप्त भयो होला होइन ?'* भनी आचार्यले के सोध्नुभएको थियो उनीहरूले रक्सी सेवनले के के भयो भन्ने कुरा सबै बताए । उनीहरूले भनेः-

*अपायिम्ह अनच्चिम्ह, अगायिम्ह रूदिम्ह च ।*
*विसञ्जिकरणिं पित्वा, दिट्ठाना हुम्ह वानरा ।।*

रक्सी पिएर नाच्यौं, गायौं, रुयौं । हाम्रो खुशि यति नै हो कि त्यो बेहोश हुने पिएर हामी बाँदर मात्रै भएनौं ।

पञ्चशील गृहस्थहरूलाई नभई नहुने गुणधर्म हो । पञ्चशील पालन साधारणरूपमा पनि हुन्छ, अत्यन्त व्यापक अर्थ हुन गएर चित्त निर्मल हुने



Downloaded from http://dhamma.digital

साधनको रूपमा पनि हुन्छ। पञ्चशीलको परिपालन कतिसम्म परिशुद्धरूपसम्म हुनसक्छ भन्ने प्रमाण कुरुधर्म जातक (२७६) बाट छर्लङ्गिने हुन्छ।

## कुरुधर्म जातक (२७६)

एकसमयमा कुरुराष्ट्रको राजा बोधिसत्त्व धनञ्जयले बोधिसत्त्वले कुरुधर्म भनी पञ्चशील पालन गर्ने उपदेश प्रकाश पारे। त्यसबेला कलिङ्गराष्ट्रमा अनावृष्टि भयो। अनावृष्टि रोक्नलाई गरेगरेजस्तै नभएर सुवृष्टि भएको कुरुराष्ट्रसँग कुरुधर्म माग्न पठाइयो। तर कुरुधर्म माग्दा राजालाई शंका भयो किनकि *'एकसमय आफ्नो धनुषबाट विचित्रको वाण हानिपठाएको मध्ये जुन एउटा वाण पोखरीमा खसेको थियो त्यसैले कुनै माछा त मारिएन ?'* त्यसैले *'राजमातासँग माग्न जाऊ'* भनी आज्ञा दिए।

यसैगरी राजमातालाई पनि 'जेठी बुहारीलाई दिनुपर्ने स्वर्णमाला धनीगरीबको विचार गरी कान्छी बुहारीलाई दिएकोले शीलधर्म त बिग्रिएन ?' भनी शंका भयो। त्यसैले उनीले पनि *'बुहारीकहाँ माग्न जाऊ'* भनी पठाइन्।

त्यसैगरी पटरानीलाई पनि *'एकदिन नगर प्रदक्षिणामा हात्तीमाथि चढेको उपराज देख्दा ऊसँग पनि सहवास भएमा यसको दाजु मरेमा मलाई पटमहारानीको प्रतिष्ठा दिएर राख्ला कि भनी सम्झेकोले आफ्नो शील धमिलियो कि'* जस्तो शंका भयो। त्यसैले उनीले पनि *'उपराजाकहाँ माग्न जाऊ'* भनी पठाइन्।

त्यसैगरी उपराजाको मनमा पनि *'एकदिन सदाझैं बाहिर पर्खाइराखेकाहरूलाई त्यसै रातभरी पर्खाएर आफू दरवारभित्र बसेको परितापले शील बिग्रियो कि'* भनी शंका भयो। त्यसैले उनले पनि *'पुरोहितकहाँ जाऊ '* भनी पठाए।

पुरोहितलाई एकदिन बाटोमा जाँदा अलंकृत रथ देखेर *'त्यो मलाई भए हुन्थ्यो'* भन्ने लोभ उत्पन्न भयो। साँच्चै पछि दरवारमा त्यही रथ पुरोहितलाई दिइयो। पुरोहितले त्यो स्वीकार गरेन। तर उसलाई शंका भयो कि कतै त्यस लोभले उसको शील त बिग्रिएन ? त्यसैले उसले पनि *'अमात्यकहाँ जाऊ'* भनी पठायो।



Downloaded from http://dhamma.digital

अमात्यले एकदिन खेतमा साँध लाउन जाँदा खुट्टी गाड्दा खुट्टी गंगटाको प्वालमा पऱ्यो। त्यसैले *'गंगटा मऱ्यो होला र आफ्नो शील धमिलियो कि'* भनी शंका भयो। त्यसैले उसले पनि *'सारथीकहाँ जाऊ'* भनी पठायो।

सारथीले एकदिन राजालाई रथमा ल्याउंदा वर्षा हुने डरले घोडालाई चाबुक देखायो। त्यसदिनदेखि त्यस ठाउँमा पुग्नासाथ घोडा तीब्रगतिले दौडिने गऱ्यो। त्यसैले सारथीलाई *'घोडालाई अनावश्यक कष्ट भयो कि'* भनेर शंका भयो। त्यसैले उसले पनि *'सेठकहाँ जाऊ'* भनी पठायो।

सेठ एकदिन धान बाली भित्र्याउन खेतमा पुग्यो। खेतमा पुगेर एक मुट्ठी बाली लिएर खम्बामा बाँधिदियो। तर उसको मनमा विचार आयो कि यस धानमा राजाको पनि हिसाब छ। *'कतै मैले कुरुधर्म बिगारें कि'* भनेर उसलाई पनि शंका भयो। त्यसैले उसले पनि *'द्रोणमापककहाँ जाऊ'* भनी पठायो।

द्रोणमापकले धान भर्दा धानको थुप्रोबाट एउटाएउटा धान लिएर मापकअनुसार गन्ति गर्दै गयो। तर धान भरिसक्दा त्यो मापराखेको धानहरू भरिसकेको धान ढिस्कोमा मिसिन पुग्यो। यसैले उसको शंका हो *'उसको शील धमिलियो'* भनेर। त्यसैले उसले पनि *'द्वारपालकहां जाऊ'* भनी पठायो।

द्वारपालले एकदिन अबेरै मूलढोकाबाट भित्रिएकाहरूलाई भन्यो- *'समय पनि जान्दैनौ। जहान लिएर वनमा रतिक्रिडा गरिबस्नुपर्छ?'* तर ती दुई भने दाजुबहिनी रहेछन्। त्यसरी दाजु र बहिनीलाई लोग्नेस्वास्नी सम्झेर जथाभावी भन्न पुगेकोमा उसलाई पनि आफ्नो शील शुद्ध भएन भनेर शंका भयो। त्यसैले उसले पनि *'गणिकाकहाँ जाऊ'* भनेर पठायो।

एकपल्ट गणिकाले पहिलेनै बैना लिइसकेको मानिसलाई तीन वर्षसम्म पर्खिंदा पनि फर्केर नआएको र पेशा बन्द भई गरीब हुँदै गएको कारणले न्यायाधिशसँग अनुमति लिएर पुनः पेशा गर्न अर्को मानिससँग पैसा लिएको मात्र के थियो टुप्लुक्क पहिलो मानिस आइपुग्यो। त्यसैले उस्ले पनि *'आफू नियम बिगारी शुद्ध भएन'* भनी मनमा शंका गरिन्।

यी कुराहरूले स्पष्ट हुन्छ, शील कतिसम्म परिशुद्ध हुनसक्छ। यतिसम्म नैतिकगुणमा विचार गरी सबैजनाले शीलपालन गर्न गाह्रो होला। त्यसो



Downloaded from http://dhamma.digital

भएतापनि शील जति शुद्ध हुन्छ, त्यति नै जीवन आनन्दप्रद र शान्तिप्रद हुन्छ भन्नुमा कुनै शंका नै छैन ।

यसप्रकार बुद्धधर्ममा पञ्चशील पालन गर्नु गृहस्थहरूलाई अथवा प्रत्येक व्यक्तिहरूलाई पहिलो शर्त हो । किनभने धम्मपद (२६४/२४७) अनुसार प्राणीघात गर्नेलाई, झुठो कुरा गर्नेलाई, चोरी गर्नेलाई, काम मिथ्याचार गर्नेलाई, मद्यपान गर्नेलाई यसैलोकमा आफ्नै जरा उखालेर पठाउंछ भन्ने बौद्ध दृष्टिकोण रहेको छ । फेरि धम्मपद (२१७) अनुसार शीलवानलाई नै लोकजनहरूले मनपराउंछन् । अपवाद नभएको पश्चाताप मान्नु नपर्ने जीवन शीलभित्र बसेर मात्र सम्भव छ । शीलसहितको जीवन नै श्रेष्ठ जीवन हुन्छ । धम्मपद (११०) अनुसार शील नभई चंचलचित्त भएर, दुराचारी भएर सय वर्ष बाँच्नुभन्दा शीलवान, ध्यानी भएर एकदिन मात्र बाँच्नु नै श्रेष्ठकर हुन्छ । धम्मपद (५७) अनुसार शीलविना अप्रमाद स्वभावको संवर्द्धन सम्भव छैन । शीलले पूर्ण भएर मात्र अप्रमादी अवस्था प्राप्त गर्न सकिन्छ ।

बोधिसत्त्वहरूलाई पारमिता गुणधर्म पालन गर्न, सदा जागृत स्वभाव बनाउन विशेषतः अन्य प्राणीहरूप्रति करुणा उत्पत्ति गर्न शीलको आधार आवश्यक पर्दछ । जुन जटा काट्न *विशुद्धिमार्ग* ग्रन्थले अतुलनीय प्रेरणा र कोशिस गरेको छ, त्यही जटा काट्न शीलमा प्रतिष्ठित *(सीले पतिट्ठाय)* भएर मात्र सम्भव हुन्छ । यही नै शीलको आधारभूतरूपमा सारा धर्मको लागि प्रारम्भिक अनिवार्यभाव हो । विशुद्धिमार्ग अनुसार यसको प्रमाणरूपमा 'कुशलधर्मको आरम्भ हो-सुविशुद्धशील र सारा पाप नगर्नु *(सब्ब पापस्स अकरणं)* शब्दको उल्लेख गरिएको छ । शील विषयमा विशुद्धिमार्गमा राम्ररी एकएक छुट्टिने गरी विवेचना गरिएको छ । जो दुराचारीसँग बस्दछ, शीलवानहरूको संसर्गमा बस्दैन, फेरि जसले बस्तुको उल्लंघनमा दोष देख्दैन, अनेकअनेक मिथ्यासंकल्प गरी इन्द्रियको रक्षा गर्दैन त्यस्तो व्यक्तिको शील *हानभागीय* (पतनगामी) हुन्छ । जो शील सम्पत्तिमा प्रसन्न हुन्छ, तर कर्मस्थानमा उद्योगतिर हुने मन गर्दैन, त्यस शील मात्रले सम्पन्न उद्योग राम्ररी नगर्ने भिक्षुको शील *स्थितभागीय* हुन्छ । तर जो शीलसम्पन्न भएर समाधिको लागि उद्योगशील हुन्छ उसको शील *विशेषभागीय* हुन्छ । फेरि जो शील मात्रले प्रसन्न भएर निर्वेद विपश्यनामा तल्लीन हुन्छ, त्यस भिक्षुको शील *निर्वेदभागीय* हुन्छ ।



Downloaded from http://dhamma.digital

सारांश शब्दमा तीन विद्याको प्राप्ति, कामसुखमा लिप्त हुने अन्तको त्याग, क्लेश क्रमशः उच्छेद, दुराचारको विशोधन शीलले नै गर्दछ। शीलले मिथ्यादृष्टिलाई हटाएर स्रोतापत्ति अवस्थामा पुऱ्याइदिन्छ, द्वेषलाई पूर्णरूपमा निर्मूल गरी अनागामि हुने स्तरमा पुऱ्याइदिन्छ। शीलले यसरी प्रारम्भिक आधार मात्र दिने होइन झन्झन् परिशुद्ध हुनेगरी शील पालन हुनासाथ अन्तमा यसैले नै निर्वाणको ढोकासंघारसम्म पुऱ्याइदिन्छ। अझ विशुद्धचित्त र करुणापूर्ण हृदय बनाई शीलपारमिताको माध्यमले बोधिसत्त्वहरूले अन्य पारमिता पूर्ण गर्न आधारसमेत बलियो बनाउंदछन्। तर झन्झन् ठूलो र दरिलो रूपमा पालना गर्नाले मात्र शीलको विस्तार हुनसक्छ।

अष्टशील पञ्चशीलभन्दा माथिल्लो स्तरको हो। अष्टशील लिनाले कामविरति (ब्रह्मचर्य) स्वीकार गर्दछ। साथै विकालभोजन छाड्दछ। नाचगान, वाद्यवादन, तमाशा, श्रृंगार, मनोरञ्जन, आभूषण गहना, उच्चशयनजस्ता तृष्णामूलक-तृष्णाउत्तेजक स्वभावले आफूलाई टाढा राख्दछ। यस्तो अष्टशील हप्ताको एकदिन पालनले ठूलो फलदायी हुन्छ।

## गंगामाल जातक (४२१)

एक समयमा बोधिसत्त्व दरिद्रकुलमा जन्मिए। रोजगारीको खोजीमा वाराणसीको सेठको घरमा काम गर्न पुगे। भोलिपल्ट कामगरी फर्केको बेलामा सबैले अष्टशील पालन गरेका देखेर उनले पनि आधा अष्टशील पालन गर्न तयार भए। तर बिहान पनि नखाएकोले पेटमा पीडा हुन थाल्यो र पनि शीलप्रति गर्व गरेर *'मरेर जान्छु तर शील टोड्दिन'* भनी प्रतिज्ञा गरी शीलपालन गर्दै मृत्यु भए। शीलको प्रतापले मृत्युपछि वाराणसी नरेशको परिवारमा जन्म भयो। पछि राजाको मृत्युपश्चात राजा भए।

जहिले दशशील लिन्छ, तब सुन चाँदीजस्ता वस्तुहरूमा समेत विरक्ति हुने शिक्षा प्राप्त हुन्छन्। त्यसरी नै झन्झन् संयम वृद्धि गर्नलाई धेरैप्रकारका अकुशल स्वभाव वा अकुशलमूलक स्वभाव छोड्ने विभिन्न प्रकारका शील छन्। जहिले दश सुचरित्र शील पालन गर्दछ तब कायिक र वाचिकसँगै मानसिक परिशुद्धतामा पनि ध्यान दिनुपर्छ। हिंसा,चोरी, व्यभिचारजस्ता शारीरिक दुष्कर्म छोडी, असत्य भाषण छोड्दछ। साथै कडा



Downloaded from http://dhamma.digital

वचन बोल्नु, चुक्ली वचन बोल्नु, अनर्थक वचन बोल्नु जस्ता कार्य छोड्नाले पनि वाचिक सुचरित्रको विकास हुन्छ। कडा वचन छोड्नाले एकातिर हिंसादेखि मृदु बनाउने चित्तलाई वचनले टेवा दिन्छ। अर्कोतिर हृदयमा दुख्ने गरी उल्टा परिणाम आउने गरी आफ्नो तर्फबाट वचन प्रयोग हुने छोड्नासाथ आफ्नो तर्फबाट अरुलाई असल हुन्छ। हो, कडा वचन प्रयोग भए तापनि त्यसको कारणले राम्रो परिणाम बाहिर आएमा भन्नु अर्कै कुरा हो। भगवान् बुद्धको सबैभन्दा कडाशब्द अर्थात उनले गाली गर्ने शब्द नै *'मोघपुरुष'* अर्थात् नबुझ्ने, मूर्ख वा बेकारको मानिस हो। यी शब्दले कसैको मन दुख्दैन, चित्त दुखि हाले तापनि चसक्क घोचेर चेतना वा जागरण ल्याउने हुन्छ। कसैको हृदयमा वैरभाव उत्पन्न हुने गरी वचन कटु बनाउनुभन्दा वचन नै ननिस्कनु वेश हुन्छ। कडा शब्दको प्रयोग पनि बच्चाको घाँटीमा केही अड्किंदा निकाल्नु पर्दा ढाडमा ड्यामड्याम पिट्नुझैं वा मुखमा औंला पसाएर कोट्याएर निकाल्नु परेझैं जबरजस्ती भएमा भने हुन्छ। अन्यथा नन्दविसाल जातक (२८) अनुसार कडा वचन पशुहरूलाई समेत अरुचिकर हुन्छ।

विश्वभातृत्व, प्रेम, करुणा र मैत्रीको धर्म बुद्धधर्म भएकोले यहाँ एकतालाई मात्र ठाउँ छ। त्यसैले एकता विच्छेदक वचनलाई दश सुचरित्र शीलधारीले त्याग गर्दछ। मिलिराखेकोलाई अलग्याउने कुरा नै चुक्ली हो। त्यसैले चुक्ली कुरा गर्नु तीक्ष्ण शस्त्रप्रहार गरेझैं हो, जसले दृढ विश्वासलाई टुक्रा पारिदिन्छ। चुक्ली प्रवृत्तिले आफ्नो बीच वा अरुको बीच विद्यमान मैत्री नष्ट गर्दछ।

संघीभेद जातक (३४९) अनुसार तँ ठूलो म ठूलो भन्ने अहंकार नभएमा सिंह र गोरुको स्वभावमा पनि सहअस्तित्वको भाव श्रृजना हुनसक्छ। तर दुईको बीचमा जुधाएर मासु खाने स्याल-स्वार्थ आउंछ, तब उनीहरूको प्रेम र विश्वासले भरिएको अस्तित्व लोप हुन्छ, मैत्री र प्रेम विनष्ट हुन्छ। यसले गर्दा नाश मात्र हुन्छ।

## संघीभेद जातक (३४९)

एक समय बोधिसत्त्व वाराणसीको राजा भएको समयमा एउटा गोठालाले बिर्सेर एउटी गर्भिणी गाई जंगलमा छोडिआयो। त्यस गर्भिणी



Downloaded from http://dhamma.digital

गाईको एउटी गर्भिणी सिंहनीसँग मित्रता भयो । पछि दुबैको एउटा बाच्छा र एउटा डमरुको जन्म भयो । यी दुबै आपसमा मिलेर खेल्दै ठूलाठूला भए । तर पछि एउटा श्यालपनि आएर मित्रता गर्न आयो । त्यस श्यालले सिंह र साँढेको मासु खाने उद्देश्यले एक आपसमा चुक्ली लगायो । त्यही चुक्लीमा विश्वास गरी दुबै जन्मजात मित्रहरू तँतँ-मम गरी अहंकार गरी झगडा गर्दै मरे । श्यालले रमाउँदै दुबैको मासु खायो ।

त्यसैले विज्ञपुरुषहरूको गुण हुन्छ, झगडा गराउनेहरूको तर्फबाट सतर्क हुनु । स्वयं सारिपुत्र महास्थविर र महामौद्गल्यायन महास्थविरहरूलाई समेत झगडा गराउने कोशिस गर्नेहरू छन् । एकपल्ट एकजना भिक्षुले भन्यो- *"भन्ते सारिपुत्र, तपाईको मौद्गल्यायनसँग शत्रुता छ कि ? जाति, कुल, ज्ञान र ऋद्धिले सारिपुत्र म भन्दा के हुन सक्छ ?' भनेर तपाईलाई उहाँ निन्दा गर्नुहुन्छ ।"* त्यही भिक्षु फेरि मौद्गल्यायन महास्थविरकहाँ गएर भन्न गयो- *'भन्ते मौद्गल्यायन, के तपाईको सारिपुत्र भन्तेसँग द्वेष छ कि ? तपाईलाई त उहाँले निन्दा गर्नुभयो ।'* तर वाचिक दुष्कर्म त्यागेका मानिसहरूले यस्ता शब्द सुन्नाले मात्र पानीसँग माछा बगेर आएझैं चुक्ली कुरामा आफ्नो क्रोध प्रवाहित गर्दैनन् । सारिपुत्र महास्थविरले मौद्गल्यायन महास्थविरसँग सोध्नुभयो- *"एकजना भिक्षु आएर मलाई यसो भन्न आयो, आयुष्मानलाई के भन्न आयो ?"*

साधारणजस्तै लागे तापनि यो आदर्श प्रायः मानिसहरूले अनुकरण गर्न नसकिएको गुणधर्म हो । काम नलाग्ने गरी कुरा गर्नुभन्दा मौन बस्नु उत्तम हो भनी बुझ्नु नै अर्को वाचिक सुचरित्र शीलमा बस्नु हो । सार्थक निरर्थक केही विचार नगरी मुख बन्द नगरिकन बोलिरह्यो भने नजानिकन नै मुखभित्र बाखाको बड्कुला पस्न जान्छन् ।

दश सुचरित्रमा अर्को शील मनोमय शील भने पनि हुन्छ । शील साधारणतः कायिक र वाचिक दुष्कर्म बाँध्नलाई वाचाबन्धनले आफूलाई बाँध्नु हो । मनोमय दुष्कर्म बाँध्नु भनेको असाधारणरूपले नै गाह्रो हुन्छ । त्यसैले होला स्वयं प्रातिमोक्ष शीलसमेतले मनोद्वारलाई अनापत्ति गरिराखेको । यस अर्थमा दश सुचरित्र शीलको ठूलो विशेषता छ । अरुको भएको देखेर ईर्ष्या नलाग्नु, अरुको नभएको देखेर हर्षित नहुनु, मिथ्यादृष्टि छोड्नु नै यस शीलको



Downloaded from http://dhamma.digital

मनोद्वार संयम गर्नु हो । जसले यस्तो शील पालन गर्न सक्दछ, उसले सम्पूर्ण गंगा सरभू आदि नदीको पानीले पखाल्न नसकेको क्लेश धेरै अंशमा पखाल्न सक्छ । आफ्नो मनमा आफैले आगो सल्काएर जलन हुने क्लेशअग्नि शीलरूपी पानीले नै शितल पारिदिन्छ । जो मानिस शीलको शरण जान्छ, ऊ कुनै वरदान वा देवदेवीको शरण जाँदैन ।

मनको नियन्त्रण दृष्टिकोणले यस्तो दश सुचरित्र शीलपछि धुताङ्गशील महत्वपूर्ण छ । बुद्धले प्रातिमोक्ष शील आफ्ना भिक्षु-भिक्षुणीसंघको लागि दिएको शील हो । शील निर्वाणको महासागरदेखि पार हुनलाई डुंगासमान पूर्ण हुन लोभ, द्वेष र मोह छोड्नलाई त्यागमय जीवन बिताउन भगवान् बुद्धले प्रातिमोक्ष शीलको देशना गर्नुभयो । प्रातिमोक्ष शील पापपुण्यको गरुलघु दृष्टिले ठूलोसानो गरी राखिएका छन् अर्थात् तलमाथि पारिएका छन् । संघको चिरस्थायीत्व र ब्रह्मचर्यको दृष्टिकोणले प्रातिमोक्ष शीलको श्रेणी वर्गीकरण गरिएका छन् । त्यसैले निमन्त्रण स्वीकार गर्नु, भोजनको मात्राज्ञान बनाउनु, चार प्रत्ययवस्तुको परिग्रहमा सीमा राख्नु इत्यादि नियम यस्तै विनय हो । यिनै कारणले शील सम्मानको कारण भएझैं ध्यानको ढोका पनि हुनसक्यो । लौकिक जीवनमा शील अपायभय नाश गरेर सद्‌गति दिए तापनि, शील बन्धुबान्धवभन्दा सर्वोच्च मात्र भए तापनि, शील हातखुट्टा नभएकाहरूलाई कर्म र गतिजस्तै भए तापनि भिक्षुहरूको शीलप्रार्थना लक्ष्य हुन्छ, मिथ्यादृष्टि हटाएर सम्यक्‌दृष्टि बनाउनु र तृष्णा क्षय गरी निर्वाण साक्षात्कार गर्नु ।

बोधिसत्त्वहरूको शीलको उद्देश्य यसभन्दा पनि उच्च हुन्छ र जस्को शीलको लक्ष्य बोधिज्ञान प्राप्ति गर्नु रहेको हुन्छ । बोधि प्राप्तिको लागि बोधिको बाटो पार गर्दै आउने हुनाले बोधिसत्त्वहरूको शील गुणधर्मलाई शीलपारमिता भनिएको हो । कामतृष्णा र भवतृष्णाले मुक्त नभएको शील शीलपारमितामा समावेश हुँदैन । साथै पारमिता समावेश भएको शीलधर्मले आफू ठूलो अरु सानो भनेर पनि देख्दैन, कारण बोधिइच्छित शील करुणा र मैत्रीले भरिएका उनी अहंभावले मुक्त रहन्छन् । बोधिसत्त्वहरूले शीललाई बन्धनजस्तै देख्दैनन् । लोभमुक्त नभएको पृथग्जनहरूको चित्त मात्र नै पञ्चकामगुणमा फस्दछ । बोधिसत्त्वहरूको चित्त न त लोभोन्मुख हुन्छ न त पृथक्जनहरूको चित्तजस्तै पञ्चकामगुणमा टाँसिन्छ । शील बन्धनजस्तै त्यसलाई लाग्दछ, जसको चित्त



Downloaded from http://dhamma.digital

लोभयुक्त भएर पञ्चकाममा टाँसिएर बस्दछ । साथै सांसारिक सुखको आशामा पालन गरिएको शील दुर्बल पनि हुन्छ, उसले शीलको निम्ति ठूलो त्याग गर्न सक्दैन । लोभको आशाले शील पालन गर्नेव्यक्ति अलिकता भवभोगको र सम्पत्तिको हानि पनि सहन सक्दैन । अलिकता भवभोग र सम्पत्ति पाउनासाथ शील बिग्रन सक्छ । यसको विपरित शीलको आरक्षा निम्ति अङ्गप्रत्यङ्गसमेत त्याग गर्ने, जीवनसमेत उत्सर्ग गर्ने पारमिता शील अत्यन्त सुदृढ हुन्छ । स्वयं शील शक्ति प्रवल भएकोले, शील गुणको विपरित स्वभाव दुर्बल भएकोले बोधिसत्त्वहरूलाई शील बन्धनजस्तै नलागेको हो । बोधिसत्त्वहरूलाई शील गुणधर्म एउटा स्वाभाविक गुणधर्मजस्तै हुन्छ । त्यसैले नै शीलको आरक्षामा दुर्बलताले छुन सक्दैन । अतः सजिलै शीलको लागि भवभोग, अङ्गप्रत्यङ्ग र प्राणसमेत त्याग गर्न सक्नुहुन्छ ।

विशेषगरी बोधिसत्त्वहरूमा मैत्री र करुणा हुने भएकोले शीलको आरक्षामा सुखकर अनुभूति हुने गर्दछ । प्राणीहरूको आचरण र चित्त आरक्षा गर्नु, आफ्नो आचरण र चित्त पनि संयमित गर्नु बोधिसत्त्वहरूको सामान्य चरित्र नै हुनेहुन्छ । त्यसैले श्रावक र प्रत्येकबोधिको भूमि भएको शीलविनाको जीवन सम्यक् सम्बोधि आकांक्षी बोधिसत्त्वलाई मृत्युतुल्य हुन्छ । शील नाश गरेर भवभोग र सम्पत्ति प्राप्ति बोधिसत्त्वहरूलाई मन पर्दैन । शील बिगारेर आफ्नो अङ्गप्रत्यङ्ग बचाएर बच्न पनि मन पराउँदैनन् । शील समाप्त गरेर जीवन बचाएर पनि बस्ने इच्छा गर्दैनन् । यसको उदाहरणको लागि दानपारमितामा उल्लेख गरिएको सीलव जातक (७२) अध्ययन गर्नयोग्य छ ।

## चुल्लबोधि जातक (४४३)

मन नपरीनपरी बोधिसत्त्व बोधिकुमारलाई विबाह गरिदिए । उनको जहानमा पनि कामुक स्वभाव अलिकता पनि नभएको र आमाबाबुको मृत्यु भएपछि ती दुबैजनासँगै प्रव्रजित हुनगए । दशवर्ष सजिलै निर्द्वन्दरूपले प्रव्रजित जीवन बिताइसकेपछि नुन र अमिलो स्वादको लागि शहर प्रवेश गर्दा वाराणसी नरेश परिव्राजिकालाई देख्नासाथ मोहित भए । यसपछि वाराणसी राजाले सोध्दा परिव्राजकले भने- *'यो मेरो कुनै प्रकारले आफ्नो पर्दैन । हो, यिनी पहिला गृहस्थमा हुँदा मेरी जहान थिइन् ।'*



Downloaded from http://dhamma.digital

राजाले परिव्राजकको कुरा सुन्नासाथ *'त्यसो भए मैले यसलाई पटरानी बनाए पनि हुन्छ'* भनी जबरजस्ती हात समातेर तानेर लगे । यसबेला बोधिसत्त्वको हृदयमा क्रोध उत्पत्ति भएको मात्र के थियो तुरुन्त शीलधर्म सम्झेर शान्त बसे । उता राजाले परिव्राजिकालाई अन्तपुरमा लगिसकेपछि विचार गरे-*'त्यसरी जबरजस्ती हात समातेर तान्दा पनि परिव्राजकले केही गरेन । ऊ शान्तपूर्वक बसिरहे । कतै यसले मलाई मायावी मन्त्रले मात्र केही त गर्दैन'?* भनी विस्तारै फर्केर आएर हेर्न आए । त्यसबेला बोधिसत्त्वले चीवर च्यातेको सिलाइरहेका थिए । राजा गएर उनलाई *'तिमी किन रिसाएनौ'* भनी सोध्यो । तब बोधिसत्त्वले राजालाई क्रोध र मोहको विषयमा आँखा खोल्ने गरी उपदेश दिए । पछि राजाले परिव्राजिकासँग क्षमा मागे ।

## चम्पेय्य जातक (५०६)

बोधिसत्त्व चम्पेय्य नागराजले- *'चाहे मेरो छाला काट्र लेऊ, चाहे (सर्पक्रिडा) सपेराले समातेर लैजाऊ'* भनी प्रण गरी शीलमा बसे । उनलाई साँच्चैकै सपेराले पक्रेर लगेर भ्याएसम्म सास्ती पनि दियो । त्यसबेला चम्पेय्य नागराजाले विचार गरे -*'मेरो विष भयानक छ । यदि मैले रिस गरेर सारा श्वास फ्याँकेमा यसको शरीर धूलोजस्तै उडाएर लान्छ । तर यस्ले गर्दा मेरो शील खण्डित हुन्छ । त्यसैले मैले यसो गर्दिन ।* बोधिसत्त्वलाई धेरै दुःख दिएर नाच्न लगायो । तर उनले आफ्नो व्रत बिग्रन्छ भनी सहेर नै बसे । चम्पेय्य नागराजाको जहानले उनलाई राजाको तर्फबाट मुक्त गराई नलिएसम्म नचाएझैं नाचिरह्यो ।

यो शीलाचरणको सिद्धान्त सजिलै मानिसले स्वीकार गर्न गाह्रो पर्छ । तर यसो गर्न सके बोधिसत्त्वको आदर्श सिद्धान्तलाई अनुशरण गरे झैं हुन्छ, पारमिता सम्बन्धी जतिपनि बोधिसत्त्वका चरित्र छन् त्यसमा यसै आदर्शलाई पुष्ट्याईं गरिएका छन् ।

## भूरिदत्त जातक (५४३)

भूरिदत्त नागराजा पनि महाऋद्धिवान भएर पनि आफूलाई जतिसुकै सास्ति गरे तापनि शील बिग्रने भयले क्रोधित भएन । भूरिदत्त



Downloaded from http://dhamma.digital

नागराजाले भनिरहे- *'मलाई आफ्नो जीवनको परित्याग घाँस परित्यागभन्दा पनि सानो लाग्छ । तर शीलको अतिक्रमण भने मेरो निम्ति पृथ्वी पल्टाएझैं हो । सयजन्मसम्म लहरै जीवन म त्याग गर्छु तर चार द्वीपको लागि पनि शील बिगार्ने छैन, छाड्ने पनि छैन ।'*

त्यसैगरी दानपारमितामा वर्णन गरिसकिएकोमा शंखपाल जातक (५२४) मा शंखपाल नागराजाले पनि नाकको श्वासले नै जङ्गल भष्म गर्न सक्ने भए तापनि आफूले शील पालन गर्दा आफूलाई दु:ख दिने शिकारीहरूप्रति क्रोध गरेन ।

त्यसैले धन र छोराछोरीको प्राप्ति, आफ्नो अङ्गप्रत्यङ्ग तथा जीवनको लागि मात्र लक्ष्य राखेर पालन गरिने शीलपारमितामा समावेश हुँदैन । शीलपारमितामा समावेश गर्नलाई त धनसम्पत्ति छोडेर पनि अर्थात हानि भए तापनि शील पालन गर्नुपर्दछ । अङ्गप्रत्यङ्ग हीन भएसम्म पनि नबिगार्ने शील नै शील उपपारमिता हुन्छ । आफ्नो जीवन नै समाप्त भए तापनि खण्डित नहुने शील नै शील परमत्थपारमिता हो ।

यसप्रकार क्लेशमल नाश गरिपठाउने परिशुद्ध जल, तलमाथि जुनसुकै दिशामा पनि बहन सक्ने सुगन्ध, नहराउने वा नबिग्रने सज्जन हृदयभरण, चित्त शान्ति हुने औषधी, संसाररूपी सागरबाट पार तर्न निरापद डुङ्गा, निर्वाणको ढोकाजस्तै शीललाई पनि बोधिसत्त्वहरूले मात्र बोधिप्राप्तिको लागि लक्ष्य राखी पालन गर्दछन् । हाम्रो बोधिसत्त्वले बोधिधर्ममध्ये एउटा बोधिधर्म सम्झेर शीलपारमितालाई पूर्ण गर्दछन् । यदि बुद्धपद मन पर्छ भने शीलको चरमसम्म जानु परे तापनि जसरी चौंरीले मरेर जानु परे तापनि कतै अल्झिएको आफ्नो पुच्छरलाई हानि हुन दिंदैन, त्यस्तै नै भ्याएसम्म शीललाई कुनै पनि हानि गर्दैनन् ।



Downloaded from http://dhamma.digital

# नैष्क्रम्य पारमिता



मखादेव जातक

Downloaded from http://dhamma.digital

# नैष्क्रम्य पारमिता

नैष्क्रम्यपारमिता बोधिसत्त्वचर्याको तेश्रो पारमिता हो । दानपारमिताबाट नैष्क्रम्यपारमिताको लागि आधार प्राप्त हुन्छ भने शीलपारमिताले नैष्क्रम्यको लागि अनुबल प्राप्त गराइराखेको हुन्छ । साथै यस नैष्क्रम्यपारमिताले पछि क्लेशावरण पन्छाएर फेरि मोहाभिछन्दलाई अलग्याएर प्रज्ञापारमिता पूर्ण गर्नको लागि पृष्ठभूमि बनाउंछ । दानपारमिता छोडेर बस्नु हो भने नैष्क्रम्यपारमिता छोडी जानु हो । छोडिएको वस्तु फेरि आफूसँग आउन सक्छ वा पुग्न सक्छ र त्यसैले यहाँ त्याग बरोबर गरिहरनु पर्ने हुन्छ । छोड्नु र फेरि त्यति नै बराबर त्यही नै छोडी बस्नुपर्दैन । वेस्सन्तरको छोराछोरी र राज्य प्राप्त भएको, पछि अरिन्दम राजकुमार र सोमनस्स राजकुमार आदिको अभिनिष्क्रमणपछि राज्यमा प्रत्यागमन नहुने घटनाले यसकुरालाई स्पष्ट पार्दछ । तर यसको अर्थ कुनै पारमिताको अगाडि कुनै पारमिता श्रेष्ठ भनेको होइन । पारमिता गुणधर्म त दशैवटा परस्पर श्रृंखलाबद्ध छन् । एउटाको अर्को पुरक छ । एउटा पारमिता पूर्ण हुँदा अर्को पारमिताले टेवा दिइरहेको हुन्छ । यो कुरा यति मात्र हो कि दश पारमितामध्ये कुनै एउटा पारमिता बोधिसत्त्वको कुनै एउटा जीवनमा विशेषरूपले पूर्ण गरियो भने अर्को जीवनमा अर्कै पारमिता । फेरि दश पारमिताको क्रमअनुसार बोधिसत्त्वले पारमिता गुणधर्म पनि क्रमैले पूर्ण गरेका पनि होइनन् ।

नैष्क्रम्यको साधारण अर्थ निस्केर जानु हो । यो निष्क्रमणको सम्बन्धित अर्थ फोड्नलाई निर्वाणोन्मुख श्रेष्ठ, बोधितर्फको *माथि चढ्ने* भन्नलाई पछि *अभि* उपसर्ग राख्ने गरियो । फेरि यसैलाई नै *महा* शब्द थपेर महाभिनिष्क्रमण भनियो । तर प्राचीन परम्परा (चरिया पिटक) मा नेक्खम्म (पालि) नैष्क्रम्य (संस्कृत) शब्द नै मात्र प्रयोग गरिराखेको देखिन्छ । साथै परिभाषाले पनि यसको अभिष्ट अर्थ स्पष्ट गर्दछ । सम्बोधि प्रधान नैष्क्रम्यको अर्थमा भनिएको छ - करुणा र उपाय कौशल्यले दुबै लोकको अभिवृद्धि बुझ्नको लागि दक्षित ज्ञानले आरक्षित काम र भवको आदीनव (दोष) देख्नु, फेरि कामभवले अलग



Downloaded from http://dhamma.digital

हुने, मुक्त हुने कुशल चित्तोत्पाद भएर बाहिर जानुलाई नै नैष्क्रम्य भनिन्छ। सारांशमा भन्ने हो भने काम र भवदेखि बाहिर जानु वा अलग हुनुको नाम नै नैष्क्रम्य हो।

वस्तुकाम र क्लेशकाम गरी काम दुई प्रकारका छन्। गृहसम्पत्ति र सहसम्बन्धको गृहसुख छोड्नु नै प्रव्रजित हुनु हो। साथै यस प्रव्रजितभावलाई नै वस्तुकाम निष्क्रमण हुनु भनिन्छ। यो प्रव्रजितभाव पनि शासनप्रव्रजित र ऋषिप्रव्रजित गरी दुई प्रकारका छन्। दुवै प्रव्रजितभावले वस्तुकाम छोडेको नैष्क्रम्यसुख प्राप्त गर्न सक्ने हुन्छ। तर क्लेशकाम त्याग गर्न भने शासनप्रव्रजित नै हुनुपर्ने देखिन्छ। होइन भने कामसुगति र ब्रह्मसुगतिले बाधा दिन सक्छ।

क्लेशकाम निष्क्रमण नीवरणलाई दमन गरी वा जितेर प्राप्त हुने प्रव्रजितसुखलाई भनिन्छ। अर्थात् मुक्ति मार्गमा परेको, क्लेश विच्छेद गरी निर्वाण पुग्ने, संसारमुक्त हुने हेतु भएकोले यसलाई विपस्सना नैष्क्रम्य पनि भन्न सकिन्छ। पहिलो आशक्त भएरबस्नुबाट पन्छिनु, पछि टाढा बस्नु, अन्तमा छन्द नै फ्याक्नु क्रमबद्ध बाटो निष्क्रमणले पक्रन्छ। फेरि जहिले आफू पार हुने पारमीभावभन्दा व्यापकतामा गएर विशेषतः बोधि प्राप्तार्थ पार गर्न साधकको रूपमा निष्क्रमण हुन्छ, त्यसबेला त्यसलाई नैष्क्रम्यपारमिता भनिन्छ।

नैष्क्रम्यपारमिताको वर्णन गर्न अघि नैष्क्रम्यको विषयमा अलिकता चर्चा गर्नु यहाँ उचित देखिन्छ। किनकि यसले बुझ्नलाई क्रम बाँधेझैं हुन्छ, बोध्यविषय पनि बोधगम्य हुन्छ।

सबैभन्दा पहिले निष्क्रमणको विभिन्न भेदको एकपल्ट फेरि चर्चा गरौं, जसले वस्तुकाम र वस्तुकामको कारणमा उत्पन्न हुने लोभ, द्वेष, मोह, मान, दिट्ठि आदि क्लेश कामलाई राम्ररी बुझ्न सकिन्छ। प्रव्रजित हुनु गृहस्थजीवनदेखि बाहिर जाने अर्थमा निष्क्रमण हो, ध्यान गर्ने, नीवरणबाट अलग्गिने अर्थमा निष्क्रमण हो, निर्वाण, संसारदेखि अलग्गिने अर्थमा निष्क्रमण हो। वास्तवमा भन्ने हो भने अकुशल धर्मदेखि बाहिर निस्कने भएकोले सारा कुशलधर्म नै निष्क्रमण हो। यसकुरालाई पालि गाथाले यसरी अभिव्यक्त गरिएको छ :-

*पब्बज्जा पठमज्झानं, निब्बाणञ्च विपस्सना।*
*सब्बेपि कुसलाधम्मा, नेक्खमन्ति पवुच्चति॥*



Downloaded from http://dhamma.digital

प्रव्रजित हुनु, ध्यान प्राप्त गर्नु, निर्वाण, विपस्सना र सारा कुशलधर्मलाई नैष्क्रम्य भनिन्छ ।

चक्षु, श्रोत्र, घ्राण, जिह्वा, काय र मनले रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्ममा आशक्त हुने, मोहित हुने छोडेर बस्नु नै निष्क्रमण हुन जान्छ ।

नैष्क्रम्यको अगाडि कामको आदीनवलाई राम्ररी देख्नुपर्छ । अन्यथा कामको दुष्परिणाम राम्ररी दृढगरी नबुझ्नेसम्म निष्क्रमण गऱ्यो भने त्यसले नैष्क्रम्यको अर्थ नै अनर्थ गराइदिन सक्छ ।

***<u>नैष्क्रम्य पारमिताको कथात्मक व्याख्या</u>*** :

## काम जातक (४९७)

ब्रह्मदत्तको ज्येष्ठपुत्रले राज्याभिषेकको समयमा *'मलाई राज्य चाहिएको छैन'* भनी आफ्नो भाइलाई करले नै राज्याभिषेक दिन लगाए । उनी स्वयं एउटा गाउँमा गएर एकजनाको घरमा बस्न गए । तर पछि उनी एकजना राजकुमार हुन् भनी मानिसहरूले थाहा पाए । मानिसहरूले उनकहाँ आएर भन्न थाले- *'हामीलाई यस करबाट मुक्त गरिदिनुहोस्, त्यो करमुक्त गरिदिनुहोस् ।'* उनले आफ्नो भाइद्वारा करमुक्त गराउंदा पछि करमुक्त गराउनेहरू पनि धेरै भए । पछि उनीहरूले दिन ल्याएको भेटीहरू स्वीकार गर्दागर्दै उनको मनमा कामना पनि बढ्दै गए । अनि उनले स्वयं नै कर लिन थाले । अझ त्यतिले पनि चित्त नबुझेर भाइसँग आधा राज्य नै लिए । त्यसपछि त बाँकिरहेको आधा राज्य माग्न अप्ठ्यारो भएकोले *'युद्ध गर्ने कि मेरो राज्य दिने'* भनी खबर पठाए । भाइले आफ्नो दाजुको मूर्खतामा मुस्काउदै उनको राज्य उनलाई नै फर्काइदिए । तर यसले पनि उनको कामना पूर्ण भएन । उनको अरुअरु राज्यहरूसमेत जितेर लिने इच्छा जाग्यो । त्यसै समयमा *'यिनलाई पाठ सिकाउनु पऱ्यो'* भनी इन्द्र आएर तीन राज्यको खूब प्रशंसा गरी ती राज्यहरू सजिलै जित्न सकिने कुरा पनि बताए । अनि राजा अरुको राज्य जितेर लिन उत्तेजित भए र तुरुन्त युद्धको तयारी गरे । तर युद्धको लागि प्रस्थान गर्ने बेलामा राजाले त्यस भेषधारी इन्द्रलाई देख्न सकेनन् । उसलाई अब तीन वटा राम्रो राज्य नपाइने भयो भनी पीडा भयो । उनले न त तीन राज्यलाई बिर्सन



Downloaded from http://dhamma.digital

सक्यो न त तीन राज्य कहाँ र कसरी लिने भन्ने नै थाहा पाउन सक्यो । यही मानसिक पीडाले ऊ ओछ्यानमा थला परे । पछि एकजना कुशल चिकित्सक बोधिसत्त्वलाई नभेटेको भए विचरा ऊ आफ्नै मानसिक रोगले विनाश हुने थियो । बोधिसत्त्वले कामको दुष्परिणाम देखाएर उसको मानसिक रोग निको पारिदिनुभयो ।

यसले स्पष्ट हुन्छ, नैष्क्रम्यको अर्थ नै कामको आदीनव देख्नुको संयोजनबाट बाहिर निस्कनु हो । साथै यसबाट भिन्न, खानलाई वा लौकिक स्वार्थ पूर्ति गर्न निष्क्रमण गऱ्यो भने त्यो वास्तविक नैष्क्रम्य हुँदैन ।

## चित्तहत्थ थेरको कथा

श्रावस्तीमा एकजना कुलपुत्र त्यसरी नै पात्रमा रहेको मीठो प्रणीत स्वाद लिएर प्रव्रजित हुन आयो । उसको विचार हो- *'म सधैं काम गरेर पनि यस्तो खान पाउंदिन ।'* तर त्यो स्वाद उसको लागि त बल्छिको स्वाद मात्र नै भयो । स्वादको लागि प्रव्रजित भएकोले मन परेझैं मीठो प्रणीत वस्तु मनले चाहनु स्वाभाविक नै हो । त्यसैले उसले क्लेशलाई जित्न सकेन । जीवन नै बन्धनजस्तो लाग्यो । मन परेको बेला मन परेको खाने र मन परेको पिउने भन्ने कामनाले उसलाई मनमा शान्ति भएन । पछि ऊ फेरि गृहस्थ नै हुन गयो । गृहस्थ भएर मेहनत दुःख गरी काम गर्नुपर्दा प्रव्रजित हुँदाको सुख सम्झेर फेरि प्रव्रजित हुन आयो । यसरी ऊ विचरा ६ पल्टसम्म प्रव्रजित भयो, ६ पल्टसम्म गृहस्थ भयो । त्यसैले उसको नाम चित्तहत्थ थेर रहन गयो । एकदिन उसले आफ्नी जहानको अङ्गमा दृष्टि पुग्दा कामरागको दोष देख्न पुग्यो । तब उसले प्रव्रज्याको अर्थ कामनाको संयम, उपशमन साथै शान्ति प्राप्ति भनेको बुझ्यो । अन्तमा उसले छोड्नुपर्ने गृहस्थभाव वैरागले छोडेर प्रव्रजित पनि भयो र पछि फेरि गृहस्थ हुन गएन ।

वस्तुतःनिष्क्रमण पंचकामगुण प्राप्त गर्नको लागि होइन भन्ने कुरा बुझेपछि मात्र नैष्क्रम्य जीवन सुखद हुन्छ । उपादानको आश्रय लिउन्जेल यो सुखदेखि विमूख भएर बस्नुपर्ने हुन्छ । निष्क्रमणको पछि पनि उसको जीवन यता न उता भइरहन्छ ।



Downloaded from http://dhamma.digital

## कुद्दाल जातक (७०)

किसानी काम गर्ने बोधिसत्त्व कुदाल पण्डितले एउटा कोदालो एक ठाउँमा लुकाएर प्रव्रजित जीवन बिताए । जब उनलाई यो जीवन गाह्रो लाग्दै आयो तब उनी फेरि त्यही कोदालो खोजेर गृहस्थ भएर खेती गर्न गए । फेरि खेती किसानी काम गाह्रो मानेर भिक्षा पात्र बोक्न आउने र भिक्षापात्र बोक्न गाह्रो भएपछि कोदालो बोक्न जाने काम उनले ६ पल्टसम्म दोहऱ्याइरहे । सातौंपल्ट मात्र उनले बुझे कि यही कोदालोको कारणले गर्दा बारबार फर्केर आइरहनुपऱ्यो । त्यसैले उनले त्यही कोदालो एउटा पोखरीमा आँखा चिम्लिएर आफूले नदेख्ने गरी फ्यालिदिए । त्यसपछि उनले *'मैले जितें, मैले जितें'* भनी उफ्रिरहे । संयोगको कुरा हो यसैबेला नै सीमान्त उपद्रव शान्त गरी वाराणसी नरेश त्यही बाटो गरी फर्किरहेको थियो । कुदाल पण्डितले त्यसरी कराइराखेको सुनेर उसले सोध्यो-*'तिमीले के जित्यौ ?'* जवाफमा आफूले आफूलाई नै जितेको कुरा कुदाल पण्डितले स्पष्ट पार्दै भने :-

न तं जितं साधु जितं, यं जितं अवजीयति ।

*तं खो जितं साधु जितं, यं जितं नाभिजीयति ॥*

त्यो जीत साँच्चै कै जीत होइन, जसले फेरि हराउन सक्छ । त्यो जीत नै साँच्चै कै जीत हो, जुन जीतपछि पुनः हारमा परिणत हुँदैन ।

त्यसैले यो राम्ररी स्पष्ट छ कि निष्क्रमण गर्न अगाडि नै निष्क्रमणको उद्देश्य स्पष्ट बुझ्नुपर्छ । त्यति भएन भने पनि कम्तिमा पनि पव्रजित भइसकेपछि त अवश्य बुझ्नुपर्छ । त्यसैले *'संसारको सारा दुःख निस्तारण भएको निर्वाण धर्म साक्षात्कार गर्नको लागि नै यो काषायवस्त्र धारण गर्छु'* भन्ने परम्परा सारै नै महत्वपूर्ण देखिन्छ । दृष्टि विभ्रममा पर्नासाथ यसको मूल्य देख्नेहुँदैन । तब उनका कामच्छन्द यथार्थरूपले नियन्त्रित हुन पनि गाह्रो हुन्छ । विशुद्धिमार्गअनुसार मिथ्यादृष्टिको नैष्क्रमणले नै कामच्छन्दको प्रहाण हुन्छ । कामको निस्तारण नै नैष्क्रम्यको लक्ष्य हो ।

नयाँ दुःख उत्पन्न नहोस्, दुःखको प्रवाह रोकियोस्, भन्ने उद्देश्यले नै प्रव्रजित हुनुपर्छ । फेरि जन्म हुनु नपर्ने प्रव्रजित जीवनको उद्देश्य हो भने क्लेशको क्षय गर्नु र निर्वाण साक्षात्कार गर्नु नै बुद्धधर्मको यथार्थज्ञः अद्वितीय तार्किक नागसेन भन्तेले स्वयं पहिला प्रव्रजित हुँदा *'भिक्षुहरू ठूला पण्डितहरू,*



Downloaded from http://dhamma.digital

*म उनीहरूसँग सिकेर लिनेछु'* भनेर मात्र प्रव्रजित भएको हो। तर उनले बुझेर पछि राजा मिलिन्दलाई स्पष्ट रूपमा भने- *'प्रव्रज्याको अर्थ नै कामभवदेखि निष्क्रमण हुनलाई र परम निर्वाण प्राप्त गर्नको लागि हो।'* यो लक्ष्य प्राप्त गर्न वस्तुकाम र क्लेशकाम छोड्नुपर्छ र छोड्दै जाँदा नैष्क्रम्यको यथार्थसुख प्राप्त हुन्छ। यसको उदाहरण महाकप्पिन स्थविरको उदान शब्दबाट स्पष्ट हुन्छ।

## महाकप्पिन स्थविरको कथा

कुक्कुटवती नगरको राजा महाकप्पिनले बुद्ध, धर्म र संघको विषयमा व्यापारिहरूको तर्फबाट सुन्नासाथ भगवान् बुद्ध भेट्न गए। उनले चन्द्रभागा नदीको किनारमा एउटा वरको बोटमुनि बसिरहेका बुद्धको दर्शन गरे। भगवान् बुद्धको उपदेश सुनेर राजा कप्पिन र अमात्यहरू श्रोतापत्ति भए। उनीहरू सारा बुद्ध शासनमा प्रव्रजित भए र पछि बिस्तारै महारानी र अमात्यका जहानहरू पनि प्रव्रजित हुन आए।

जेतवन विहारमा आयुष्मान कप्पिनले जहिले पनि *'अहो सुख! अहो सुख!'* भन्ने गर्दथे। यो सुनेर भिक्षुहरूले विचार गरे- *'भिक्षु भइसक्दा पनि महाकप्पिनले राज्यसुख याद गरी बसे।'* उनीहरूले बुद्धकहाँ गएर उनको कृयाकलाप बारे खबर पुऱ्याए। अनि भगवान् बुद्धले महाकप्पिनलाई बोलाई सोधे- *कप्पिन, के यो कुरा सत्य हो कि तिमीले राज्यसुख सम्झेर 'अहो सुख! अहो सुख! भनिरह्यौ?'* कप्पिनले जवाफ दिए-*'यो कुरा जस्तो हो भगवान् स्वयं थाहा पाउनुभएको हो।'* यो कुरा सुनेर भगवान् बुद्धले भने-*'भिक्षुहरू, मेरो छोराले राज्यसुख सम्झेर यसरी भनिरहेको होइन। बरु मेरो पुत्रले धर्मप्रति, धर्मरस पिएर बसिरहेको छ। उसको अमृत महापरिनिर्वाणको बारेमा रस अनुभव गरेर यसरी भनिरहेको हो।'*

यस्तो यथार्थ सुखशान्ति बुझेन कि मानिसहरूले नैष्क्रम्यको अर्थ भिन्न देख्दछ, चित्त विक्षिप्त बनाएर बस्नु स्वाभाविक हुन्छ। विशुद्धिमार्ग अनुसार तब यस्तो नैष्क्रम्य सुखदेखि टाढिन्छ भनेर नै योगीहरू नैष्क्रम्यको विषयमा कहिले विचार नगर्नेहरू, काममा डुबेकाहरू, विक्षिप्त हृदय भएका मानिसहरूसँग संगत गर्नु समेत टाढिएर बस्ने कोशिस गर्दछन्। *'काम अल्पस्वाद हो'* भनी बुझेर कामभोगको विनाश, फेरि सारा दुःखदेखि मुक्ति



Downloaded from http://dhamma.digital

पाउने बाटोजस्तै नैष्क्रम्यको अभिलाषी भएर बुद्ध, धर्म र संघको गुण स्मरण गरी प्रीतिले प्रमुदित भएर बस्दछन् ।

विशुद्धिमार्ग अनुसार जहाँसम्म बोधिसत्त्वहरूको कुरा छ, उनीहरू स्वभावत: कामभोगबाट बाहिरिनुको लागि नैष्क्रम्यको विचार गर्नेहरू हुन्छन् । घरभित्र बस्नुमा दोष देख्ने गर्दछन्, संसार निस्तारको विचार अरुलाई पनि गराउने र आफू पनि गर्ने गर्दछन् । सारा भव र गति दोष देख्ने गर्दछन् । त्यसैले बोधिसत्त्वको रूपमा पूर्ण गर्ने नैष्क्रम्य चर्यालाई नै नैष्क्रम्यपारमिता भनिन्छ ।

कामभवरहित हुनु नै नैष्क्रम्यको साधारण स्वभाव वा लक्षण हो । कामभवको आदीनव देख्नु यसको रस (कृत्य) हो । काम र भवदेखि विमुखभाव नै प्रत्युप्रस्थान हो । संवेग हुने वा संसारदेखि पश्चाताप मान्नु नै यसको पदस्थान हो । जुन बोधिसत्त्वले नैष्क्रम्यपारमिता पूर्ण गर्दछन्, उनले पहिले नै कामको आदीनव देखेको देखिन्छ । आदीनव देख्नासाथ नै त्यसबाट विमुख हुनु र संसारदेखि विरक्त हुनु स्वाभाविक हो । पछि यही नै विरक्ति नैष्क्रम्यको प्रधान कारण वा हेतु हुने हुन्छ । अर्को शब्दमा भन्ने हो भने आर्यसत्य नबुझ्नेलाई काम नै आकर्षणको विषय र मूल्यवान् धारणा, अर्थपूर्ण सारजस्तै देखिने हुन्छ । तृष्णा दु:खको हेतु भए तापनि त्यो छोड्न गाह्रो हुनसक्छ । काम छोड्न नैष्क्रम्यको प्रत्यवेक्षणविना सम्भव छैन । फेरि कामको आदीनव जति दृढतापूर्वक बुझ्यो त्यति नैष्क्रम्य दरिलो हुन्छ । बोधिसत्त्वहरूले संसारलाई आर्यसत्यअनुसार समीक्षा गर्दछन् । उनीहरूले संसारका मानिसहरूलाई जरा धर्म देख्दछन् । रुखबाट फल खसेझैं मानिसको मृत्यु अनिवार्य र स्वाभाविक देख्दछन् । एउटा उपमाले नै राज्यलाई त्यागिदिन्छन् ।

## सोनक जातक (५२९)

मगधराज मृत्यु हुनासाथ बोधिसत्त्व अरिन्दम राजकुमारलाई राज्याभिषेक दिएर नगर परिक्रमा गराइयो । यता राजकुमार अरिन्दमको साथी सोनक आफूलाई पुरोहित बनाउँछ भनी डरायो । फेरि एउटा शालको बोटबाट झर्दै गरेको पात हेर्दै स्वयं सोनकले अनित्य दर्शन बुझ्यो । अभिनिष्क्रमणपछि सोनकलाई प्रत्येकबुद्धत्व लाभ भयो । चालिस वर्षपछि अरिन्दमले आफ्नो



Downloaded from http://dhamma.digital

साथी सोनकलाई सम्झे तर कहीं पनि भेटिएन र तब गीत गाएर खोज्ने काम शुरू गरे । राजाले गीत गाएका हुन् भनी प्रजाहरू सबैले नै त्यो गीत गाउन थाले । त्यही नै गीत गाइरहेको एकजना सातवर्षको दाउरा खोज्न आएको केटोलाई प्रत्येकबुद्ध सोनकले गीतमैं जवाफ सिकाए ।

जवाफी गीत सुनेर राजा अरिन्दम केटोसँगै प्रत्येकबुद्ध सोनककहाँ पुगे । *'तपाईंलाई आनन्द त छ होइन ?'* भनी राजा अरिन्दमले सोध्दा प्रत्येकबुद्धले जवाफ दिए- 'अकिञ्चन घर नभएको भिक्षुलाई सधैं आनन्द हुन्छ । पहिलो आनन्द यो हो कि उसको कोठामा धनधान्य नहुनु । दोश्रो आनन्द हो -निर्दोष भिक्षाले चित्तमल उत्पन्न गरी कष्ट नहुनु । तेस्रो आनन्द हो- शान्त भिक्षा ग्रहण गर्नु । चौथौं आनन्द हो- मुक्त भएर चारिका गर्नु । पाँचौं आनन्द हो- नगरमा आगो लागे तापनि उसको केही पनि नजल्नु । छैठौं आनन्द हो- राष्ट्र लुटियो भने पनि उसको केही पनि नलुटिनु । सातौं आनन्द हो- चोर र मार्गबाधक भए पनि ऊ सकुशल हिंड्ने हुनु । आठौं आनन्द हो - ऊ जहाँजहाँ जान्छ अपेक्षाले जानु ।'

प्रत्येकबुद्ध सोनकले यसरी आठ श्रमणभद्र बारे बताइसकेपछि राजा अरिन्दमले भने- 'तर मलाई त कामभोग नै मन पर्छ, दिव्यलोक नै मन पर्छ। कसरी यी कुराहरू प्राप्त गर्ने हो त्यो मलाई बताइदिनुहोस् ।' प्रत्येकबुद्धले कामभोगमा आशक्तहरू, कामभोगको अनुरक्तहरू फेरि कामभोगमा मूर्छित हुने प्राणीहरू पापकर्म गरी नरकमा जाने कुरा बताए । उनले फेरि एउटा उपमा दिंदै यसरी प्रकाश पारे :-

*उपमं मे करिस्सामि, तं सुणोहि अरिन्दम ।*
*उपमाय पिध एकच्चे, अत्थ जानन्ति पण्डिता ॥*
*गंगाय कुणपं दिस्वा, वुय्हमानं महण्णवे ।*
*वायसो समचिन्तेसि, अप्पपञ्ञो अचेतसो ॥*
*यानञ्च वत इदं लद्धं, भक्खो चायं अनप्पको ।*
*तत्थ रत्तिं तत्थ दिवा, तत्थ एव निरतो मनो ॥*
*खादं नागस्सं मंसानि, पियंभागी रसोदकं ।*
*सम्पस्सं वनचेत्यानि, न पलित्थ विहंगमो ॥*
*तं व ओतरणी गंगा, पमत्तं कुणपे रतं ।*



Downloaded from http://dhamma.digital

*समुद्दं अज्भगाहपि, अगति यत्थ पक्खिनं ॥*
*सो च भक्खपरिक्खीणो, उदापत्वा विहंगमो ।*
*न पच्छतो न पुरतो, नुत्तरं नो पि दक्खिणं ॥*
*दीपं सो न अज्भगच्छि, अगति यत्थ पक्खिणं ।*
*सो च तथेव पापत्थ, यथा दुब्बलको तथा ॥*
*तञ्च सामुद्दिका मच्छा, कुम्भीला मकरा सुसू ।*
*पसय्हकारा खादिंसु फंदमानं विपक्खिनं ॥*
*एवमेव तुवं राज, ये त अञ्ञे कामभोगिनो ।*
*गिद्धा चे उपमा राज, काक पञ्जाय ते विदू ॥*
*एता ते उपमा राज, अत्थसंदस्सनी कता ।*
*त्वं च पञ्ञायते तेन, यदि काहसि का न वा ॥॥*

हे अरिन्दम, सुन । म तिमीलाई एउटा उपमा दिन्छु । कति ज्ञान हुनेहरूले उपमाले पनि कुरा बुझ्दछन् । गंगामा एउटा मरेको हात्ती महासमुद्रतिर बहाउँदै लगिराखेको थियो । त्यो देखेर एउटा मूर्ख बुद्धिहीन कागले विचार गर्‍यो-*'मलाई एउटा यान प्राप्त भयो । मेरो लागि यो आहार पनि प्रशस्त नै छ ।'* ऊ रातदिन त्यहीं नै बस्यो । फेरि त्यसैमा उसको मन टाँसियो । हात्तीको मासु खाँदै गंगाको पानी पिउँदै गयो । चैत्य देख्यो तापनि त्यो काग त्यहाँबाट उडेर गएन । महासमुद्रमुखी गंगामा परेको हात्तीको मासु खानमा आशक्तभएको त्यस कागलाई समुद्रको बीचमा बहाउँदै लग्यो, जहाँबाट पंक्षीहरू उडेर फर्केर आउन सक्दैनन् । उसको खाना सकियो र ऊ पानीमा डुब्न गयो । उसले न अगाडि न पछाडि, न पूर्वदिशामा न उत्तरदिशामा कतै पनि द्वीप पाउन सकेन, ऊ दुर्बल प्राणीजस्तै त्यहीं खस्यो, जहाँ पंक्षीहरूको गति छैन । त्यो छट्पटाइरहेको पंक्षीलाई माछा, गोही, सोंजगोंजले पक्रेर मारीखाए । हे राजन, त्यसरी नै तिमी हौ । त्यो जस्तै अन्य कति प्राणीहरू पनि कामभोगीहरू छन्, उनीहरूले यदि कामभोग नछाडेमा उनीहरू त्यो कागजस्तै नै हुनेछन् । हे महाराज, मैले अर्थ प्रकाशित गर्ने उपमा दिइसकें । यदि अब तिमीले उपदेश बुझेर काम गर्‍यो भने तिमी सुगतिमा उत्पन्न हुन्छौ होइन भने दुर्गतिमा ।

बोधिसत्त्वले यो उपमा सुन्ने बित्तिकै तुरुन्त प्रकाश पारे :-



Downloaded from http://dhamma.digital

*को नुमे राजकत्तारो, सूता बेय्यत्तिं आगता ।*
*रञ्जं निय्यादयिस्सामि, नाहं रज्जेन-मत्थिको ॥*
*अज्जेव पब्बजिस्सामि, को जञ्ञा मरणं सुवे ।*
*माहं काको व दुम्मेधो, कामानं वसं अन्नगा ॥*

मलाई राज्याभिषेकको संस्कार गर्ने सूत अथवा अन्य मेरा मानिसहरू खै कहाँ गए ? म राज्यभार फिर्ता दिनेछु मलाई राज्य चाहिएको छैन । अहिले भनेर नै म प्रव्रजित हुन्छु । कसले जानेको छ र भोली नै म मर्छु कि बाँच्छु । म मूर्ख कागजस्तै कामभोगमा वशीभूत भएर बस्न सक्दिन ।

त्यति भनेर बोधिसत्त्व महाभोग सम्पत्ति एउटाएउटा भएसम्म आफ्नो छोरालाई सुम्पेर हिलोबाट सफा ठाउँमा, काँढा नभएको चौडा बाटोको पथिक बन्न जानुभयो ।

अन्य ठाउँमा पनि भनिएको छ -

*सम्बाधोयं घरवासं, रजस्सायतनं इति ।*
*अब्भोकासो व पब्बज्जा, इति दिस्वान पब्बज्जि ॥*

छोराछोरीको हेतुद्वारा अनेक बाधासहित क्लेशरूपी धूलो उत्पत्ति हुने एउटा  स्थान घर हो । प्रव्रजित हुनु अब्भोवकासजस्तै स्वतन्त्र शान्तिपुर हो, त्यसैले म प्रव्रजित भएं ।

उपरोक्त जातकीय अभिव्यक्ति पुरोहितपुत्रले बोधिसत्त्वलाई उपमा दिएर नैष्कम्य प्रेरणा दियो भने प्रायः गरी बोधिसत्त्वको जीवनमा बोधिसत्त्व स्वयं जागृत भएको देखिन्छ । यहाँ  पूर्वअभिव्यक्तिको विपरीत स्वयं जागृत भएको एउटा उदाहरण उल्लेखयोग्य देखिन्छ ।

## सह्य जातक (३१०)

जतिबेला वाराणसीमा ब्रह्मदत्तले राज्य गरिरहेका थिए, त्यति बेलामा बोधिसत्त्व राजपुरोहितको कुलमा जन्मिए । फेरि त्यसै दिन नै  राजकुमारको पनि जन्म भयो । राजकुमारसँगै जन्मेको हुनाले बोधिसत्त्वलाई पनि सँगसँगै पढाइयो । साथसाथै शिक्षादीक्षा पनि दिइयो । दुबैको बीचमा अति ठूलो विश्वास पनि भयो । तर ब्रह्मदत्त राजाको देहान्त हुने बित्तिक्कै राजकुमार राजा भए । उता बोधिसत्त्वले विचार गरे 'मलाई पुरोहित पद दिन्छ ।



Downloaded from http://dhamma.digital

यसभन्दा त प्रव्रजित जीवन नै श्रेष्ठ छ।' यसरी विचार गरेर आमाबाबुसँग विदा लिएर उनी पव्रजित भए। फेरि अभिज्ञा र समापत्ति लाभ गरी ध्यानास्थ भई बसे। उता अनेक प्रकारको कोशिस गरी वाराणसी नरेशले बोधिसत्त्वलाइ चिन्न सक्यो र तब राजाले उनलाई पुरोहित पद दिने भनी भन्न पठाए। तर बोलाउन आएको राजदूतलाई बोधिसत्त्वले यसरी जवाफ दिए- 'मलाई पुरोहित पद त के स्वयं काशी राज्य, कोशल राज्य, जम्बूद्वीप र चक्रवर्तीको लाभ भए पनि म फिर्ता जाने छैन। खकारिसकेको खकार फेरि कसले चाट्ला ?'

कहिले यस्तो बाँध्न खोजिएको बन्धन देखेर बोधिसत्त्वले नैष्क्रम्यपारमिता पूर्ण गरे। फेरि कहिले जराधर्म देखेर संसारको भवको आदीनव विचार गरी पारमिता पूर्ण गरे।

## मखादेव जातक (९)

विदेहराजा मखादेवले आफ्नो कपालीलाई भने -*'ममा सेतो केश हुनासाथ भन'*, भनेअनुसार एउटा सेतो केश देख्नासाथ कपालीले त्यो केश उखेलेर राजाको हातमा राखिदिए। विदेहराजाले हातमा आफ्नो सेतो केश हेर्दै भने-*'मूर्ख मखादेव, सेतो केश फूलिसक्यो तापनि तिमी यो चित्तमल परित्याग गर्न सक्दैनौ ?'* यसरी विचार गर्दै उस्को छाति तातियो। शरीरबाट पसिना तरतर बग्न थाल्यो। भिजेको लुगा फुकालेर फ्याँक्न हुने भयो। तब आफ्नो ज्येष्ठपुत्रलाई राज्य सुम्पेर बोधिसत्त्व मखादेव प्रव्रजित हुन गए। त्यसैगरी चुल्ल सुतसोम जातक (५२५) अनुसार बोधिसत्त्व सुतसोमले पनि आफ्ना बन्धुहरू, मित्रहरू, अमात्यहरू र परिषदहरूलाई सम्बोधन गरी आफू प्रव्रजित हुनजाने कुरा स्पष्ट पार्दै भने-*'मेरो टाउकोमा सेतो केश फुलिसक्यो, त्यसैले म प्रव्रजित हुन जान्छु।'*

बोधिसत्त्वहरूलाई प्रेरणा अनेकप्रकारले प्राप्त हुन्छ। तर अर्कोतिर उनीहरूलाई भोगविलासमा डुबिरहने बनाउनुमा पनि कोशिस भइरहन्छ।

## हत्थिपाल जातक (५०९)

वाराणसी राजा एसुकारी र उसको पुरोहित दुबै अपुताली थिए। देवताहरूलाई *'छोरा मात्र भएमा घरमा राख्ने जिम्मा भयो'* भनी पुरोहितले



Downloaded from http://dhamma.digital

देवताहरूलाई भने पछि चारजना छोरा प्राप्त गऱ्यो। फेरि छोराहरू पव्रजित हुन्छन् भनी डराएर देशको सारा प्रव्रजितहरूलाई देशनिकाला गरिदिए। उनीहरू तन्देरी हुँदा राजाले आफ्नो प्रणअनुसार जेष्ठपुत्रलाई राज्याभिषेक दिने विचार गरे। तर परीक्षा एकपल्ट गर्नुपर्छ भनी स्वयं एसुकारी र पुरोहित ऋषिभेष लिएर भिक्षा माग्न आए। ऋषिप्रति सम्मान गर्न खोज्दा उनीहरूले आफ्नो वास्तविक परिचय दिए। तब ज्येष्ठ कुमार बोधिसत्त्व हस्तिपालले सोध्दै भने- *'मेरो परीक्षा किन लिएको ?'*

उनीहरूको जवाफ हो *'यदि हामीहरूलाई देखेर पनि प्रव्रजित नभएमा तिमीलाई हामीहरूले राज्याभिषेक गर्ने विचार गरेका थियौं। हामीहरू राज्याभिषिक्त गर्नलाई नै आएका हौं।'*

तब हस्तिपालले भने-*'त्यसो हो भने बाबु, मलाई राज्य चाहिंदैन। म प्रव्रजित हुन जान्छु।'* उनको विचार हो- *'न वेद नै त्यो सत्य हो, न धनलाभ नै त्यो सत्य हो, न पुत्रलाभ नै त्यो सत्य हो जसले जराको नाश हुन्छ। मृत्युसँग मैत्री हुने जरासँग साथी भएको आफू सयवर्ष निरोग भएको हेर्ने आशा गर्दछ।'* यसरी जीवन संस्कारको तुच्छता प्रकट गरी *'महाराज तपाई जानुहोस्, तपाईसँग कुराकानी गर्दागर्दै व्याधि जरा मरण मेरो नगिच आयो, तपाई अप्रमादी हुनहोस्'* भनी राजा र आफ्नो बाबुलाई प्रणाम गरी गए।

पुरोहित र राजाले हस्तिपालको भाइ गोपाललाई पनि रोक्न सकेन। दुईदिन पर्ख भनी के भनेको थियो गोपालले जवाफ मा भने-

*हिय्यो ति हिय्यो ति पोसो परेति।*
*अनागतं नेतं अत्थीति ञत्वा,*
*उप्पन्न छन्दं को पनुदेय्य धीरो॥*

जुन मानिसले भोली पर्सी भन्दै बस्छ, उसको पतन हुन्छ। योभन्दा भविष्य छदै छैन, तब को यस्तो धीर पुरुष होला जसले कुशल संकल्पलाई पर्ख भनी बस्छ ?

अर्को भाइले भन्यो - 'दाजुहरूले थुकेको थुक म टाउकोमाथि राखी हिंड्दिन।' परिणामतः पुरोहितले समेत हाँगाविंगारहित रुख मुढोसमान हो भनी भनेर ऊ आफू पनि प्रव्रजित भए। राजपुरोहित के प्रव्रजित भए कतिका ब्राह्मणहरू पनि प्रव्रजित भए। तब राजाले *'अपुतालीको सम्पत्ति राजाको*



Downloaded from http://dhamma.digital

*हुन्छ'* भनेर पुरोहितको सम्पत्ति ओसार्न लगाए। तर महारानीले *'अरुले खकारेको खाने'* भनेर भन्दा राजाको पनि निद्रा खुल्यो। तब राजारानी पनि प्रव्रजित भए।

विषयुक्त रोटीजस्तै कामको भित्र अवगुण देख्ने गरी दुःखकारक तत्त्वले भरिएको हुन्छ। तापनि यो कामदोष देख्न सकिंदैन। यही दोष देख्नसक्नुको अर्को नाम बुद्धधर्म हो। काम भनेको मासु नभएको हड्डी चपाएझैं, पेट नभर्ने तर दुःख दिने, अझ दाँत पनि टुट्न सक्ने हुन्छ। मासुको चोक्टा लिएको प्राणीलाई अर्कोले पछ्याउँदा त्यो मासुको टुका नछोडेसम्म मृत्युसम्म पनि हुनसक्छ। त्यसरी नै धेरै मानिसहरूलाई आशा भएको कामको लागि संघर्ष हुन्छ। यस संघर्षमा हार्नैपर्छ, जित्ने पनि अतृप्त रोग लागेर हार्नुपर्छ। मानिसहरूले आफ्नो लागि, आफ्ना छोराछोरीहरूको लागि काम गरी मरेर पनि कामवासनाभित्र बसेर बाँच्ने कोशिस गर्दछन्। आफूलाई लाभ नभए तापनि छोरालाई लाभ गराउने कोशिस गरी लाभको सन्तोष लिन खोज्छन्। तर वास्तविक लाभ हुने र अवास्तविक लाभ बुझेको व्यक्तिले त्यसैलाई पर्ख नभनी त्याग गर्दछ, जुन कामको लागि अरु झगडा गरिबस्छन्।

## महाजनक जातक (५३९)

मिथिलाधीश अरिट्ठजनक राजा हुनासाथ उनी आफ्नो भाइ देखेर डराए। भाइ पोलजनकले आफ्नो राज्य लुटेर लिन्छ भनी डराएर उनलाई राजगृहमा बन्दी बनाइदिए। तर ऊ त्यहाँबाट बाहिर आयो। दुबैको बीचमा झगडा भयो। अरिद्वजनकले आफ्नो जहानलाई भने- *'म युद्धमा मरे भने तिमीले गर्भ रक्षा गर र तिमीले छोरालाई राजा बनाऊ।'*

दुई दाजुभाइको युद्धमा अरिट्ठजनकको मृत्यु भयो। पोलजनक राजा भए। महारानीले चम्पा नगरमा शरण लिए र आफ्नो छोरालाई महाजनक भनी नाम राख्यो- तन्देरी उमेरमा बोधिसत्त्व महाजनक व्यापार गर्न जाँदा डुंगा समुद्रबीच बिग्रियो। तर महाजनक न रोए न उनले देवताको नाम नै लिए। जब सख्खर र घिउ खाएर तेल लागेको कपडाले शरीरमा बेरे। तब डुंगा डुब्नासाथ सातदिनसम्म पौडिखेले। त्यसबेला मणिमेखला देवकन्याले भनिन् - *'तिमी व्यर्थमा प्रयत्न गरिरहेछौ।'* *महाजनकले जवाफमा भने 'कर्म नै*



Downloaded from http://dhamma.digital

*मानिसको कर्तव्य हो । कर्मको साक्षात्कार देखेनौ ? अरु डुबेर मरिसके, म अहिलेसम्म बाँचिरहेछु । तिमीलाई पनि मैले देखें ।'*

यसरी पराक्रम देखाएर महाजनक देवकन्याको सहयोगले मिथिला देशमा पुगे । यता पोलजनक अपुताली भएर नै मरे । मिथिलामा राजाको खोजि भइरहेको थियो । महाजनकलाई भेटेर राजा बनाइयो । राजा भइसकेपछि उनी बगैचामा घुम्न गए । त्यहाँ महाभोगशाली राजा जनकले एउटा फल फलेको रुख, एउटा फल नफलेको रुख देखे । फल फलेको रुख पनि शोभायमान भएको थियो, फल नफलेको रुख पनि हरियो राम्रै थियो । राजाले पहिला फल टिपेर नखाएसम्म कसैले पनि नखाने चलन थियो । राजा महाजनकले रुखमा भएको फल देख्नासाथ एउटा फल आफैले टिपेर खाए । साह्रै मीठो मानेर विचार गरे *'फर्किएर आएर पछि अरु फल खान्छु ।'* तर राजाले एउटा फल टिपेर के खाएका थिए, सबैले एउटाएउटा, दुईटादुईटा टिप्दै फल खान थाले । रुखको टुप्पामा भएको फलसमेत टिपेर खाए । रुखको हाँगाबिंगा सारा भाँचे । पात एउटै पनि रुखमा रहेन । राजा घुमेर फर्किएर आउँदा रुखको दुर्दशा देखेर आश्चर्य माने । उता फेरि फल नफलेको रुख जस्ताको तस्तै थियो । भ्याम्मिएको रुख हेर्दाहेर्दै बोधिसत्त्व महाजनकलाई संवेग प्राप्त भयो । मिथिला राज्यलाई फल फलेको रुखजस्तै ठान्नथाले । जब आफ्नो बाबु मरेको, बाबु र काकाको रक्तपातपूर्ण झगडा सम्झे, तब उनी राज्यत्याग गरी प्रव्रजित भए । अनि महारानी सिवली पनि प्रव्रजित भइन् ।

एकदिन फेरि एउटा हातमा चुरि नहुँदा चुरिको आवाज नआएको देख्दा झस्किए । धनुष बनाउने काम गरिराखेको एकजना मानिसले एकचित्तले राम्ररी बाँस सिधा भयो वा भएन भनी हेर्न एउटा आँखा चिम्लेर हेरेको र त्यतिबेला देखेपछि महाजनक र सिवली दुबै दुबैतिर अलग्गिएर गए । अन्तमा बोधिसत्त्वले अभिज्ञा समापत्ति लाभ गरेर लिएझैं सिवलीले ध्यान लाभ गरी ब्रह्मलोक प्राप्त गरिन् ।

माथि गइसकेको बोधि राजकुमार चरितले पनि भन्दछ, कति मानिसहरूको चित्तमा कामभोगको इच्छा स्वाभाविकरूपले नै नभएको हुन्छ । चुल्लबोधि जातक (४४३) अनुसार कति मानिसहरू राम्री परिब्राजिका र प्रव्रजितहरूलाई समेत मन पराउने हुन्छन् । तर बोधिसत्त्वहरूले जहिले पनि



Downloaded from http://dhamma.digital

कामको आदि, मध्य र अन्तकालको अनुसार परिणामको बारेमा विचार गर्दछन्। त्यसलाई सम्यक्‌रूपले देख्दछन्, फेरि दुष्परिणामको काम छोडी नै दिन्छन्।

## सरभंग जातक (५२२)

वाराणसीको राजपुरोहितपुत्र बोधिसत्त्व ज्योतिपाल अद्‌भूत धनुर्विद्यामा पारङ्गत थिए। दैनिक हजार असर्फि भएको उनको तलबप्रति अरुले ईर्ष्या गरे। पछि धनुर्विद ज्योतिपालले आफ्नो धनुर्विद्या प्रदर्शन गरे। अत्यन्त अद्‌भूत, आश्चर्यजनक चमत्कारपूर्णको धनुर्विद्या देखेर उनलाई राजाले सेनापति पद दिने निर्णय गऱ्यो। तर त्यसबेला बोधिसत्त्व ज्योतिपालले विचार गरे, 'धनुर्विद्याको आदि (पहिले) मा के छ, मध्यमा के छ, अन्तमा के छ ?' आरम्भमा मृत्यु, मध्यमा कामभोग र अन्तमा पनि कामभोग नै भएको बोधिसत्त्व ज्योतिपालले देखे। अन्तमा यसबाट मुक्ति प्राप्त गर्नलाई उनले राति नै सुटुक्क घर छोडी गए। बोधिसत्त्वको यस निष्क्रमणको महत्व देख्नासाथ अरुले पनि यस आदर्शको अनुकरण गरे।

यद्यपि कामभोगीले पनि कामभोगमा फसाउनको लागि कम कोशिस त गर्दैन। तर कम से कम बौद्धसंस्कृति निष्क्रमणको अगाडि ऊ सदा पराजित हुन्छ।

## सुसीम जातक (४११)

वाराणसी राजमाताले आफ्नो छोरालाई हत्थे गरेर बोधिसत्त्व पुरोहितपुत्रसँग विवाह गरिन्। उसलाई नै राजपद पनि दिन लगाइन्। तर पुरोहितपुत्रलाई कामभावमा विरक्त भयो। तब राजमाताले विचार गरिन् 'म वृद्धा भएकी र ऊ तरुण भएकोले शायद उसले सन्तोष मानेन।' यसरी विचार गरी भनिन् - *'तपाई पनि बृद्ध हुनुभयो ?'* प्रमाणको रूपमा आफ्नो सेतो फूलेको केश उखालेर 'तपाईको टाउकोबाट उखेलेको हो' भनी देखाइन्। तर परिणाम उल्टो भयो। कामको परिताप थाहा पाउने, कामको कारणमा राजपुत्रको राज्याधिकार खोसेर आफू राजपदमा परेको कुरा देखेको बोधिसत्त्वले संवेग प्राप्त गरी *'अहो ! म बृद्ध भएं, म अब गृहस्थमा बस्नुभएन।'* भनी बोधिसत्त्वले ब्यक्त गरेका मात्र के थिए विचरा राजमाता फेरि रुईरुई भन्न थालिन् - 'मैले असत्य कुरा गरेकी हुँ आर्यपुत्र। त्यो सेतो केश तपाईको होइन मेरो टाउकोको



Downloaded from http://dhamma.digital

हो। तपाई मदेखि टाढिनु भएकोले तपाई बृद्ध भयो भनी आफूसँग आशक्त गराउन मैले यसो भनेकी हुँ। मलाई नछोड्नुहोस।' प्रत्युत्तरमा बोधिसत्त्वले जवाफमा- 'तिमीले जुन भन्यौ, त्यो असत्य होइन। त्यो सेतो केश मेरो नभए तापनि त्यस्तो सेतो केश मसँग पछि उम्रेर आउने अवश्य पनि हो।' भन्दै बोधिसत्त्वले प्रव्रज्याव्रत लिए। त्यसभन्दा पहिले यसरी गाथा उच्चारण गरे-

*रज्जुवालम्बनीचेसा यागेहे वसतो इति।*

*एतम्पि छेत्वान वजन्ति धीरा, अनपेक्खिनो कामसुखं पहाय॥*

गृहवासको कामरति रोगीलाई ओल्टेकोल्टे फेर्नुको लागि बल प्रदान गर्ने डोरीजस्तै हो। धीर पुरुष त्यसलाई पनि चुँडाएर कामसुखलाई फ्यालेर प्रव्रजित हुन्छ।

## कामको उपमा

अब यहाँ कामको आदिनव विषयमा प्राचीन उपमासहित केही कुरा बुझ्ने कोशिस गरिनेछ।

१) *अट्ठिकंखलुपमा* :- काम भनेको अल्प स्वार्थयुक्त रगत लागेको हड्डीजस्तै, कंकालजस्तै हो। भोकाएको दुर्बल कुकुर गाई भैंसी मार्ने ठाउँमा जान्छ। त्यहाँ उसले मासु निकालिसकेको हड्डी चपाउदै अल्परसमा आशक्त भएर बस्दछ। एकातिर उसले आफ्नो दाँतबाट निस्केको रगतको स्वाद पनि हड्डीबाट आएको भनी सम्झिन सक्छ। अर्कोतिर त्यो जतिसुकै चपाए पनि पटक्कै पेट भर्ने होइन। त्यसरी नै काम पनि एकातिर दुःखदायी हो, अर्कोतिर असन्तोषदायी पनि हो। कामको कारणले यसलोकमा पनि परलोकमा पनि धेरै उपद्रव भोग्नुपर्ने हुन्छ।

२) *मंसपेसूपमा कामा* :- काम भनेको त्यो मासुकोटुक्रा हो जसको लागि सबै सबै आफ्नो हातमा पार्नलाई दौडिँदै बस्छन्। सिनु खाने गिद्धले पनि यदि एक्लै मात्र खाने कोशिस गरेमा उसको गति राम्रो हुने छैन। एकातिर एउटा पंक्षीले मासुकोचोक्टा तान्यो कि उसले सजिलै छोड्ने छैन उता अर्कोले पनि त्यो मासुकोचोक्टाको निम्ति पछिपछि आउन छोड्दैन। यसको कारण उनीहरूबीच संघर्ष हुन्छ। संघर्षमा मर्छ कि मार्छ।

३) *तिणुक्कूपमा कामा* :- काम भनेको बलिरहेको सुकेको घाँसजस्तै



Downloaded from http://dhamma.digital

हो । बलेको सुकेको घाँस पक्रिराखेको मानिसले हावा लागेको ठाउँमा बसेर पनि उसले घाँसको मुठो छोड्न सकेन भने उसलाई पनि पोल्न सक्छ। कामको आगो पनि त्यस्तै हो । उसलाई पक्री नै राख्यो भने त्यसले आफैलाई पोल्दछ ।

४) *अंगारकासूपमा कामा* :- जसरी अति नै दन्किएको आगोको खाल्डोमा हामफाल्न गएमा मर्दछ। काम भनेको दनदन बलेको आगोको खाल्डोजस्तै हो । त्यसरी नै काममा डुब्ने समयमा आगोको खाल्डोमा हामफाल्नुभैं हो । यसबाट टाढा भए जलनको महशुस हुन्छ भने नगिच गए भने भष्म गरिदिन्छ। काम ले पनि टाढाबाट नै जलन गराउंछ, त्यसैमा डुबिराखेमा आफै डाह हुन्छ, नष्ट हुन्छ ।

५) *सुपिनकूपमा कामा* :- काम भनेको सपनाजस्तै हो । सपनामा मानिसले धेरै राम्राराम्रा देख्दछन् । तर ती यथार्थ केही होइनन्, न त पाइने नै हुन्छ । त्यसैले स्वप्नावस्थामा मात्र स्वल्प सुख दिन्छ। त्यसरी नै मिठो जति खाए पनि धीत मर्दैन, पेट भर्दैन । काम वास्तवमा सपना मात्र हो, अल्पसुख मात्र हो । यथार्थ सुख परमसुख होइन भन्ने कुरा कामरागीले बुझ्न सक्दैन ।

६) *याचितकूपमा कामा* :- काम भनेको मागेर राखेको वस्तुजस्तै हो । मागेर राखेको वस्तु सदा आफ्नो हुँदैन । जहिले 'ल्याऊ' भनी माग्छ तब दिनुपर्छ । फेरि कहिले दिनुपर्छ भनेर भन्न पनि सकिंदैन । काम पनि त्योजस्तै तावकालिक मात्र हुन्छ। कालको हातले कहिले खोसेर लिन्छ भनेर भन्न सकिंदैन ।

७) *रुक्खफलूपमा कामा* :- काम फल फलेको रुखजस्तै हो । फलको लागि तेरोमेरो भनी संघर्ष हुन्छ। एकजना फल मन पराउने व्यक्तिले फल फलेको रुख देखेर रुख चढ्यो। रुखमाथि बस्दै उसले फल टिप्दै खाँदै गऱ्यो । त्यहीं नै अर्को मानिस आइपुग्यो । उसले पनि फल मन परायो । यदि रुखको साथै सारा फल आफ्नो बनाउने विचार गरी उसले रुखकाट्यो भने र त्यो पहिलो मानिस पनि फलको रसमा भुलेर 'यो मेरै रुख हो' भनी त्यहीं नै बसेमा उसको मृत्युसम्म हुनसक्छ। त्यसरी नै कामको निम्ति संघर्षमा मानिसहरू रुखजस्तै ढल्न सक्छन् ।

८) *असिसुनूपमा कामा* :- काम एउटा धारिलो कसाईको छुराजस्तै



Downloaded from http://dhamma.digital

हो। कसाईको छुराले काटमार मात्र गर्दछ। त्यसरी नै कामवस्तु मात्र हेरिबस्यो भने झगडा गर्दै मानिसहरू चोटपटक लगाउँदै बस्नुपर्छ। यहाँत्यहाँ नभएझैं कसाईको छुराले घोचेर पीडा दिएझैं बस्नुपर्छ। कामको बाटोमा हिंड्दा धेरै प्रहार खानुपर्छ।

९) *सतिसुनूपमा कामा* :- काम एउटा चक्कुजस्तै हो। धेरैजसो स-साना घाउहरू चक्कुले गरेझैं कामले धेरै स-साना दुःख अनेकरूपमा दिने गर्छ।

१०) *सप्पसिरूपमा कामा* :- काम सर्पको टाउकोजस्तै हो। सर्पलाई छुनासाथ वा पक्रिनासाथ हामीलाई बेर्दछ। त्यसरी नै कामले पहिला मानिसलाई बेर्ने गर्दछ। सर्पले त्यसपछि विष लगाउन डस्छ। कामले पनि त्यसरी नै पछि आफ्नो विष छोड्छ। यसरी भययुक्त भएकोले काम सर्पको टाउकोजस्तै हो।

११) *अग्गिक्खन्धूपमा कामा* :- काम भनेको अग्निस्कन्धजस्तै हो। अग्निस्कन्धले ज्यादै ताडनपीडन दिन्छ। कामप्रेमीलाई काम नहुनासाथ दुःख हुन्छ। फेरि भए तापनि आरक्षा गर्ने दुःख हुन्छ। बिग्रने, समाप्त हुने र अरुले लिने धन्दाले उसको चित्तमा सुख हुँदैन। काममा टाँसिएर बस्नुको अर्थ आदि, मध्य र अन्तमा डाह भएर बस्नुपर्छ। त्यसैले नै काम र आगोलाई ज्वालासमान भनिएको हो।

काम पूर्तिको लागि हावापानी नभनेर, रातदिन नभनेर प्राणीहरूले दुःख पाउंछन्। प्रयत्नपछि प्राप्त काम नभएमा दुःख, भएमा पनि दुःख हुन्छ। कामार्थ मानिसले असल आचरणलाई समेत बिगारिदिन्छ। कामवस्तु वा व्यक्ति बदलिँदै जान्छ तर मानिसको काम भने अतृप्त भइरहन्छ। काम तरवारको धारमा टाँसिएको महजस्तै हो। चाट्दा जहाँ स्वाद दिन्छ त्यहीं नै घाउ पारेर आफ्नो रगतको स्वाद पनि दिन्छ। कामको सुख अल्प र क्षणिक हुन्छ। तर दुःखमयी फल विपुल एवं दीर्घकालीन हुन्छ। सुख दुबोको टुप्पामा रहेको शीतको थोपा जस्तै, दुःखको सागरमा परेझैं हुन्छ। तिलगेडाजस्तै सुखको लागि महापृथ्वीजस्तै दुःख भोग्नुपर्छ। 'छैन' भनेको एउटा बोकेर पुगेको ठाउँमा पनि पन्ध पाथी धन्दा बोकेर हिंड्नु काम कै कारणले हुन्छ।

एउटा रूपकमय उदाहरण यहाँ सम्झन योग्य छ।

एकजना मानिसलाई एउटा जङ्गली हात्तीले लखेट्यो। ऊ मर्न



Downloaded from http://dhamma.digital

डराएर भाग्यो । भाग्दै जाँदा जङ्गली हात्तीले भेट्छ भनी हतारमा एउटा रुखमा चढ्यो । रुखमाथि एउटा हाँगा पक्रेर भुण्डिएर बस्यो । तर उसले हाँगा पक्रेर भुण्डिएर बसेको तल एउटा कुवा थियो । कुवामा एउटा मुख बाइरहेको अजिङ्गर थियो । विचराले पक्रिएको काँढा भएको रुखको हाँगा पनि दुबैतिर दुईवटा मुसाले काट्दै गरेका- एकातिर सेतो मुसा अर्कोतिर कालो मुसा । उसले पक्रिराखेको रुखको हाँगामाथि शिरानमा मौरीचाका थियो, जसबाट मह टपटप खस्दै थियो । जसबाट झरेको महथोपा उसको मुखमा के परेको थियो ऊ महको स्वाद लिनमा मग्नमस्त भयो । टपटप झरेको मह चाट्दै उसले आफू कहाँ बसेको छ, तल को छ, आफूले पक्रिराखेको काँढादार हाँगा झन्झन् के हुँदै गइरहेको छ भन्ने कुरा उसले बिर्सियो ।

यस रूपकलाई जङ्गल संसार, मानिस प्राणी, हात्ती मृत्यु, अजिङ्गर जरा, कालो मुसा रात, सेतो मुसा दिन, काँढादार हाँगा जन्म (जीवन), मह-रस काम सुखभोगको रूपमा प्रस्तुत गरिएको छ । जसले गर्दा राम्ररी बुझिन्छ कि जीवन के हो, जीवनमा कामभोग भनेको के हो भनेर । संसाररूपी जङ्गलमा बसेका मानिसहरूलाई मृत्युरूपी हात्तीले संधै पछ्याइराखेको हुन्छ । मृत्यु देखेर डराउनेहरू वा डराउनुपर्ने मानिसहरू भागेर केही न केही समात्न खोज्छन्, जसले पक्रेको काँढादार हाँगा भइरहन्छ । मानिसहरूले पक्रेको त्यो हाँगा रात र दिनरूपी मुसाले खाएर विस्तारै टुक्रिंदै जांदैछ । रातदिन, दिनरात भन्दै मानिसको जीवनको आधार समाप्त हुन्छ । तर त्यसो भए तापनि यस्तो स्थितिमा बसिरहेको मानिसहरूले जाति, जरा, मरण नदेखेर पञ्चकाममा भुलेर बस्दछन् । जरामरण जीवनमा बाँचेर पनि अलग भएको कामसुख लिने काममा मानिसहरू अनुरक्त भएर बस्दछन् ।

यसैले गृहजीवनलाई जेल देख्नुभएर बोधिसत्त्वहरूले नैष्कम्यपारमिता पूर्ण गरेका हुन् । *'नन्दति पुत्तेहि पुत्तिमा'* अर्थात् 'गृहस्थहरू छोराछोरीको कारणले प्रसन्न हुन्छन् भन्दा स्वयं बुद्धले जवाफ दिनुभयो- *'सोचति पुत्तेहि पुत्तिमा'* अर्थात 'छोराछोरीको कारणले शोक हुन्छ । त्यसैले बोधिसत्त्वहरू प्रव्रजित भएर निराकुल र स्वतन्त्र जीवन बिताउनुमा प्रयत्नशील हुन्छन् । प्रव्रजित जीवन चराको जीवनजस्तै स्वतन्त्र हुन्छ । मनपरी उडेर मनपरी बस्ने गर्दछ । भ्रमराले फूल नोक्सान नगरी जीवन बिताएझैं प्रव्रजितहरूले कसैलाई



Downloaded from http://dhamma.digital

पनि हानि नगरी जीवन बिताउंछन् । उनीहरू कमलको फूलजस्तै हिलोबाट उम्रेर पनि पानीले नछुने गरी फुल्दछ ।

अनाथपिण्डिकको छोरी सुभद्राले यस्तै शान्त इन्द्रियप्रति प्रसन्न भएर नै प्रव्रजितहरूको साँच्चै राम्ररी प्रशंसा गरेकी हुन् । प्रव्रजित जीवन बादल नभएको निर्मल आकाशजस्तै, जसलाई पनि उपकार गर्ने प्यास मेटिदिने कुवाजस्तै, भनेको फलदिने कल्पवृक्षजस्तै, जोसुकै मानिस आए तापनि भेदभाव नराखी भित्र्याउने सागरजस्तै, जसलाई पनि आह्वान गर्ने राजमुद्रा जस्तै, ब्रह्मलोक जाने रथजस्तै र निर्वाणमा पुग्ने बाटोजस्तै हो । प्रव्रजितहरू श्रद्धा, शील, हिरी, ओतप्प, श्रुत, त्याग, प्रज्ञाजस्ता सप्त सत्पुरुषधनमा आनन्दित हुन्छन् । शान्त इन्द्रियले शान्ति लाभ गर्दछन् । अष्टलोक धर्मदेखि मुक्त भएर परमशान्त जीवन बिताउंछन् ।

बोधिसत्त्वहरूले कुशलको लागि प्रायः घर छोड्दछन् । त्यसो भन्नाले गृहस्थ जीवनमा बोधिसत्त्वहरू बस्दै बसेनन् भन्ने होइन । उदाहरणको लागि कुस जातक (५३१) मा आफ्नो जहान प्रभावतीको लागि धेरै नै कुस कुमारले दुःख पाए । ज्योतिपाल हुँदा आफ्नो साथी घटिकारलाई कतिसम्म *'मुण्डकहरूकहाँ जानुपर्दैन'* भनी भन्ने गर्दथे । दरीमुख जातक (३७८) अनुसार आफू धूलोमा खेल्दादेखिको धूलोसाथी दरीमुखले प्रव्रजित भएर प्रत्येकबुद्ध भएपछि *'कामभोग हिलो हो, गन्दगी हो'* भनेतापनि पहिला त बोधिसत्त्वले जवाफ दिए *-'म कामभोगमा डरलाग्दो रूपमा अल्झिएर बसें, टाँसिएर बसें, मुर्छित भएर बसें । मैले त्यो जीविकाको इच्छा गरिबसें तापनि यसलाई छाड्न सकिन । मैले अनेक पुण्य मात्र गर्छु ।'* हो, पछि आफ्नो ज्येष्ठपुत्रलाई राज्य सुम्पेर उनि प्रव्रजित भए ।

तर प्रायः बोधिसत्त्वको जीवनमा जुनसुकै पारमिता पूर्ण गर्न पनि उनले प्रव्रजित जीवन लिएको देखिन्छ । साथै यो जीवन बिताउन जस्तोसुकै वियोग वा विरह मान्नुपरे तापनि छोराछोरी, श्रीमती, छोड्ने, जस्तोसुकै महान भवभोग सम्पत्तिको लोभ देखाए तापनि वा आए तापनि छोडेकोलाई नैष्क्रम्यपारमिता भनिन्छ । फेरि अंग आरक्षासम्म वास्ता नराखी अथवा अङ्गप्रत्यङ्गको मायामोह नै नराखी बोधिसत्त्वहरू प्रव्रजित हुनेहरूलाई नैष्क्रम्य उपपारमिता भनिन्छ । काम छोडी जीवन बिताउन गाह्रो भएर जीवनको



Downloaded from http://dhamma.digital

मायासमेत नराखी कामवस्तुदेखि अलग बस्ने वा जीवनको मायासमेत आफ्नो निष्क्रमण प्रतिज्ञा नसुनाउने बोधिसत्त्वहरूको नैष्क्रम्यलाई नैष्क्रम्य परमत्थपारमिता भनिन्छ ।

यी कुराहरूका उदाहरणको रूपमा यहाँ केही बोधिसत्त्वको नैष्क्रम्यपारमिता सम्बन्धी चरित्रको उल्लेख गरिनेछ ।

## युधञ्जय जातक (४६०)

युधञ्जय राजकुमारको सम्पत्ति अल्याख छ, यश अपरिमित छ । एकदिन बगैंचामा घुम्न जाँदा रुखको पातमा र माकुराको जालोमा शीतकोथोपा परेको देखे । त्यस शीतथोपालाई हेर्न जाँदा अघि देखिएको शीतथोपा देखेनन् । त्यसरी नाश हुने शीतकोथोपा बारे विचार गर्दै संवेग प्राप्त गरे । तब त्यसलाई नै प्रधाननिमित्त बनाएर संवेग बृद्धि गर्दै आमाबाबुसँग प्रव्रजित हुने वचन मागे । आमाले गृहस्थमा किन नबस्ने भनी सोध्नासाथ राजकुमारले यसरी जवाफ दिए :-

*उस्सावो व तिणग्गहि, सुरियस्स उग्गमन पति ।*
*एवं आयु मनुस्सानं, मा मं अम्म निवारये ।।*

सूर्योदय हुनासाथ जसरी घाँसको टुप्पामा रहेको शीतविन्दूको आयु हो, त्यसै गरी मानिसको आयु पनि हो । आमा त्यसैले मलाई नरोक ।

त्यसपछि निगम र राष्ट्रका नै सारा मानिसहरू आएर कराउन आए । आमाबाबुले पनि भने-*'बाबु, आज नै यो उन्नत, स्थीत महापृथ्वीलाई नै सम्हाल ।'* तर यी आग्रहको कुनै प्रभाव बोधिसत्त्वलाई परेन । राजा, रानी, निगम र राष्ट्रका सारा मानिसहरूले एउटै स्वरमा करुणायुक्त शब्दले विलाप गरे तापनि राजकुमार अपेक्षारहित हुनुभएर प्रव्रजित भए । सम्पूर्ण पृथ्वीको राज्य, जाति, परिवार र यशलाई बोधिको लागि कुनै परवाह नराखी त्याग गरिदिए । बोधिसत्त्वको नै शब्दमा -

*मातापिता न मे दस्सा, न पि देस्सं महायसं ।*
*सब्बञ्ञुतम्पियं मय्हं, तस्मा रज्जं परिच्चजिन्ति ।।*

मलाई आमाबाबु मन नपरेको होइन, न त मलाई महायश नै मन पर्दैन । तर मलाई सबैभन्दा सर्वज्ञता नै मन पर्छ। त्यसैले मैले राज्य त्याग गरेको हुँ।



Downloaded from http://dhamma.digital

बोधिसत्त्वहरूको यो नैष्क्रम्य कामभोग जित्नुको लागि हो । कामभोग अंगालो मारेर बस्नुमा नैष्क्रम्यको कुनै मूल्य पनि छैन । यो कुरा हामीले अर्को उदाहरणबाट पनि जान्न सक्दछौं ।

## सोमनस्स जातक (५०५)

इन्द्रप्रस्थ नगरमा राजकुमार सोमनस्स कुमारको जन्म भयो । एकजना ऋषिप्रव्रजित त्यही राज्यमा भिक्षाटन गर्न आए । राजाले त्यस ऋषिप्रति अति श्रद्धा राखेर आफ्नो बगैंचामा नै राखिराखे । तर ती ऋषि बगैंचामा फूल रोपेर तरकारी रोपेर लाभको मार्गमा हिंड्न थाले । एकदिन राजा सीमान्त प्रदेशमा विद्रोह दमन गर्न गए । तर जानुअघि राजाले आफ्नो छोरा सोमनस्स कुमारलाई जटाधारी तपश्वीको राम्ररी सेवा उपस्थान गर्ने काम दिइराखे । राजकुमारले तपश्वीको चाल देख्दा विचार गरे *'यो तपश्वी चामल नभएको धानजस्तै हो । सार नभएको केराजस्तै हो ।'* त्यसैले उसलाई सुहाउंदो राजकुमारले भने- 'गृहपति, सञ्चै त छौ होइन ? तिम्रो लागि केही पठाइदिऊँ ?' यो कुरा सुनेर तपश्वी रिसाएर भन्यो- *'राजकुमारलाई बाँकी राख्ने छैन भनी विचार गऱ्यो ।'*

राजा सीमान्त प्रदेशको विप्लव शान्त गरी फर्किएर तपश्वीकहाँ गए । तपश्वीले अनेक प्रकारले राजकुमारले आफूलाई अपमान गरेको कुरा बताए र राजालाई रिसले अन्धो बनाइदिए । यही अन्धो रिसमा राजाले राजकुमारलाई पक्रन मानिस पठाउँदा, मार्नअघि राजाको अगाडि लान भने । फेरि राजाको अगाडि राजकुमारले ऋषि भोगी र संग्रही भएर बसेको कारणले 'गृहस्थी' भन्ने कुरा बताए । साथै प्रमाणको रूपमा लेनदेन गरेको मानिसहरू पनि अगाडि राखिदिए । राजाले आफ्नो छोराप्रतिको रिस मारेर ऋषिप्रति रिस खन्याए । तर बोधिसत्त्व सोमनस्स कुमारले ऋषिको प्राण पनि बचाइदिए । राजा खुशि हुँदै बोधिसत्त्वलाई राज्य नै सुम्पिदिए । तर बोधिसत्त्वले साँच्चै कै नैष्क्रम्य देखाउन तथा नैष्क्रम्यको महत्व परिषदको बीचमा प्रकाश पार्न प्रव्रजित जीवन अपनाए । उनले प्रव्रज्या जीवन लिन जाने उद्देश्यको बारेमा यसरी भने-

*न मे देस्सं महारज्जं,कामभोगो न देस्सियो ।*
*सब्बञ्ञूतम्पियं मय्हं, तस्मा रज्जं परिच्चगिन्ति ॥*



Downloaded from http://dhamma.digital

न त महाराज मलाई राज्य मन पर्दैनथ्यो, न त मलाई कामभोग नै अप्रिय छ। तर बढी सर्वज्ञता मलाई मन पर्छ। त्यसैले मैले राज्य त्याग गरें।

सर्वज्ञता ज्ञान, जन्म, जरा व्याधि र मरणमुक्तिको ज्ञान हो। त्यसैले नै अभिनिष्क्रमणमा यसले प्रेरणा प्राप्त हुने पनि स्वभाविक हो।

## अयोधर जातक (५१०)

काशी नरेशले आफ्नो छोरा बोधिसत्त्व अयोधर कुमारलाई यक्षिणीबाट बचाउँछु भनी सोह्र वर्षसम्म फलामेघरभित्र राखी हुर्काएं। सोह्र वर्षको तन्नेरी भइसकेपछि फलामेघरबाट बाहिर निकालेर देश घुमाउन लगें। राजकुमारले अत्यन्त आश्चर्यले सोधे- सोह्रवर्षसम्म मलाई किन यस्तो नगर नदेखाई अँध्यारोमा राखियो ?' तब उनलाई यथार्थ सबै कुरा बताइयो- राक्षसनीबाट बचाउन नै राजाले यसो गरे। तर तुरुन्त राजकुमारको विचार आयो- 'त्यसो हो भने के अब म मर्नुपर्दैन त ?' जब राजाले उनलाई राज्य सम्भाल भने। राजकुमारले जवाफ दिए -'संसारमा जति पनि मानिस छन्, दाजुभाइसँग आरक्षाविना नै अगाडी बढ्छन्। तर म त्यहाँ बढें, जहाँ चन्द्रसूर्यको प्रकाश नै छैन। आमाको पेटमा दश महिना बन्धनमा बसें। सोह्रवर्ष पछि फलामको बन्धनगृहमा बसें। यदि मैले यसप्रकार भयानक दुःखभोग गरिसक्दा पनि राज्यको सुखमा आनन्दित भएमा म पापीहरूमध्ये मुख्य पापी नै हुनेछु। मृत्युलाई योद्धाले जित्न सक्दैन। चतुरङ्गी सेनाले पनि मृत्युलाई पराजित गर्न सक्दैन। एकदिन सबै त्यसरी नै च्यूत हुनेछन्, जसरी रुखमा फलेको फल खसेर जान्छ। मलाई शरीरको माया छैन, राज्य पनि चाहिएको छैन। मैले शान्ति खोज्छु, जहाँ मलाई मृत्युले ढाल्न सक्दैन।' यसरी जवाफ दिएर बोधिसत्त्व अयोधरले रुइरहेका जन परिषदलाई छोडे। फेरि उनी हात्ती बन्धन मुक्त भएझैं मुक्त भएर जङ्गलमा गए। पछि आमाबाबु र परिषदहरू पनि प्रव्रजित हुन गए।

कामभोग प्रव्रजितहरूलाई मन पर्दैन। पछि प्रव्रजितहरूको आँखामा कामभोग भनेको नै सरापजस्तै हुन्छ।



Downloaded from http://dhamma.digital

## भिस जातक (४८८)

बोधिसत्त्व काशीको श्रेष्ठ नगरमा जन्म लिए। उनको सातजना भाइहरू र बहिनी एउटी पनि भए। बोधिसत्त्वलाई गृहबन्धनमा राख्न धेरै कोशिस गरियो तर राख्न सकिएन। उनले संसारलाई ठूलो बन्धनगारजस्तै ठाने। आमाबाबुहरूले पठाएका मानिसहरूलाई बोधिसत्त्वको जवाफ हो- 'गृहस्थजीवन सुखदायक भनेको कुरा त्यसै हो। मलाई त त्यो धेरै तातिएको फलामपाताजस्तो लाग्छ।'

बोधिसत्त्वले गृहत्याग गरीसक्नासाथ आठजना भाइबहिनीहरूले पनि गृहत्याग गरे। दासदासीहरूले पनि त्याग गरे। सबैजना सजिलै प्रव्रजितजीवन बिताइबसे। उनीहरू फलफूल खोज्नजाँदा वा अन्य काम गर्न जाँदा सँगसँगै जाने गर्दथे। जसले गर्दा हुलमूल हुन्थ्यो। एकदिन बोधिसत्त्व महाअञ्जनले भने -'अस्सीकोटी धनसम्पत्ति छाडेर आएर यो फलमूलको लागि हामी लोभी भएर बस्न सुहाउँदैन। म फलफूल खोजिल्याउँछु, तिमीहरू यहाँ आफ्नो गुणधर्म पालन गरी बस।' यो कुरा सुनेर उनले पाए ऊ जाने, उनले पाए ऊ जाने भन्न थाले। अन्तमा आठजना भाइबहिनीहरू फलमूल खोज्न पालैपालो जाने निर्णय भयो। पछि प्राप्त भएको फलमूल ल्याएर एकठाउँमा भाग राखेर आफ्नो भाग लिएर कुटी वा गुफामा बस्न जाने गर्नथाले।

इन्द्रले बोधिसत्त्वको यो अभिनिष्क्रमणको परीक्षा गर्न तीनदिनसम्म बोधिसत्त्वको 'भिस' भाग लुकाइदिए। दुई दिनसम्म त 'भाग राख्न बिर्सियो होला' भनी उनको विचार भयो। तर तीनदिनको दिन विचार आयो *'कतै मेरो तर्फबाट कुनै दोष त भएन ?'* यसरी विचार गरेर सबैलाई बोलाएर सोध्नथाले। सबैले बोधिसत्त्वलाई भने *'हामीहरूले सधैं त्यति नै भाग राखेका हौं।'* तब 'भिस' भाग चोरेर लगेको वा खाएको भन्ने निर्णय हुनासाथ क्षुब्ध ऋषि उपकञ्चनले भने -

*अस्सं गवं रजतं जातरूपं, भरियञ्च सो इव लभतं मनापं।*
*पुत्तेहि दारेहि ससंगि हेतु, भिसानि तं ब्राह्मण यो अहोसि।।*

हे ब्राह्मण, जसले तिम्रो भिस भाग लियो उसलाई हात्ती-घोडा, सुनचाँदी र राम्री भार्या प्राप्त होस्। उसको छोराछोरी पनि होस्।

यो कुरा सुनेर अन्य ऋषिहरूले कानमा हात राखेर भने- *'मारिष,*



Downloaded from http://dhamma.digital

*त्यसो नभन, त्यसो नभन । तिम्रो शराप साह्रै नै ठूलो छ ।'* त्यसरी नै कसैले भने- 'जसले आचार्य महाकञ्चनको भिसभाग लियो, उसलाई राज्य प्राप्त होस् ।' कसैले भन्यो- 'ऊ सारा वेद जान्ने होस, फेरि वेद पढाउने तपश्वी होस् । उसलाई मान र लाभ सत्कार धेरै होस् ।'

यसरी सबैले कामभोगमा विरक्ति देखाउनासाथ इन्द्र आएर भने- *'मैले नै यो भिसभाग लुकाएको हुँ ।'* फेरि उसले सोध्यो- *'लोकमा जुन खोज्दै मानिसहरू घुम्दैघुम्दै हिंडिरहन्छन्, जुन मानिसहरूलाई मन पर्छ, राम्रो मनमा गड्छ । ऋषिगण तिमीहरूले किन त्यो कामभोगको प्रशंसा गरेनौ ?'*

यसको जवाफमा बोधिसत्त्वले दुईवटा गाथा उच्चारण गरे-

*कामेसु वे हञ्ञरे वज्भरे च, कामेसु दक्खञ्च भयञ्च जातं ।*
*कामेसु भूताधिपति पमत्ता, पापानि कम्मानि करोन्ति मोहा ॥*
*तं दापधम्मा पसवेत्वा पाप, कायस्स भेदा निरयं वजन्ति ।*
*आदीनवं कामगुणेसु दिस्वा, तस्मा इसयो नप्पससंति कामे ॥*

कामभोगको कारणमा नै मानिसहरू मारिएर बस्छन् । बाँधेर र थुनिएर बस्छन् । कामभोगमा दुःख र भय छ । हे शक्र, कामभोगमा मत्त मानिसहरूले मोहको कारणमा पापकर्म गर्छन् । ती पापीहरू पामकर्म गरिसकेपछि मरेर नर्क जान्छन् । ऋषिगणहरूले यही नै कामभोगको दुष्परिणाम देख्छन्, त्यसैले नै उनीहरूले कामभोगको प्रशंसा नगरेका हुन् ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital



सत्तुभत्तु जातक 

Downloaded from http://dhamma.digital

# प्रज्ञा पारमिता

प्रज्ञाको साधारण अर्थ राम्ररी जान्नु हो । साथै राम्ररी भन्नुको अभिप्राय हुन्छ, लोकुत्तररूपमा । त्यसैले नै संज्ञा, विज्ञान र प्रज्ञाको काम थाहापाउनु अर्थ उस्तैउस्तै भए तापनि यसको बीच वास्तवमा ठूलो भेद छ । संज्ञाले रातो हरियो आलम्बन मात्र जान्न सक्दछ । संज्ञा अनित्य, दुःख र अनात्म लक्षण प्रतिवेधसम्ममा पुग्न सक्दैन । उता अनित्य, दुःख र अनात्म सारा नाम धर्मको लागि त्यसैअनुसार सामान्य लक्षणअनुरूप भइरहने हुन्छ । आलम्बनतिर झुकेर जाने नाम, शीतोष्णको कारणले विनाश हुने रूपको विशेषता लक्षण स्वाभाविक हो । यही नै लक्षणको प्रतिवेधसम्म संज्ञा पुग्न नसक्ने हुन्छ । साथै विज्ञानले रातो हरियो आलम्बन पनि थाहा पाउंछ र लक्षणको प्रतिबेधसम्म पुग्न सक्छ तर त्यसो भए पनि विज्ञान प्रयत्न गरी मार्ग पाउन सक्दैन । प्रज्ञा मात्र नै आलम्बनलाई थाहा पाउंदछ, लक्षण प्रतिवेध गर्दछ । साथै कोशिस गरी मार्गको प्रादुर्भाव अवस्थासम्म पनि प्रज्ञा पुग्न सक्छ ।

प्राणीहरूको आँखाले संसारको बस्तु वा प्राणीहरू देख्दछ, कानले शब्द सुन्दछ, नाकले गन्ध सुँघ्दछ, जिब्रोले रस लिन्छ, शरीरले स्पर्श गर्छ- यति थाहा पाउंदछ । नयाँ देखेको वा सुनेकोलाई पहिले देखेको वा सुनेकोसँग तुलना गरी उस्तै हो भनी सम्झिन्छ । वस्तु देख्नासाथ नाम थाहा पाउंदछ । पानीले भिजेको देख्नासाथ भिजेको भनी जान्दछ । शत्रु देख्नासाथ आफन्तहरू होइनन् भनी भन्दछ । तर यी सारा ज्ञान लौकिक हुन् । पशुहरूमा पनि यसरी जानेर लिने क्षमता छ । त्यसैले यो ज्ञान हुँदैमा प्रज्ञा भएको भनिंदैन । अल्पज्ञान भएको मानिस साँढेजस्तै ठूलो हुन्छ । उसको शरीर त वृद्धि हुन्छ तर प्रज्ञा वृद्धि हुँदैन भनी धम्मपद (१५२) मा भनिएको उक्तिले पनि प्रज्ञाको यो विशिष्ट भाव देखाउंछ । जसलाई जानेर लिनुपर्ने वस्तुनिष्ठ कुरामा भित्र पनि बाहिर पनि राम्ररी जानेर लिनु नै प्रज्ञा हो । यसको पूर्ण व्याख्या प्रज्ञाको प्रभेदले मात्र पूर्ण हुन्छ । जसको चर्चा प्रतिसम्भिदामार्गमा र अभिधर्मको विभङ्ग नामक 'प्रज्ञाभेद'



Downloaded from http://dhamma.digital

मा विस्तृत वर्णन गरिएको छ ।

यो पुण्य, यो पाप, यो दुःख, यो दुःखको कारण हेतु यो सिद्ध भएको यसको कारणले, यसो भएमा दुःख असिद्ध हुन्छ भनी जानेर लिनुलाई नै प्रज्ञा भनिन्छ । स्कन्ध, धातु र आयतन आदि गम्भीर धातु जानेर लिनुलाई पनि प्रज्ञा भनिन्छ । भगवान् बुद्धले यही एउटै आलम्बनमा विद्यमान हुने अरूपी चित्त चेतसिक धर्मलाई अलग गर्नुभएर यो स्पर्श हो, यो वेदना हो, यो प्रज्ञा हो, यो संज्ञा हो, यो चेतना हो भनी आज्ञा गर्नुभएको उपदेशप्रति नै मिलिन्द प्रश्नअनुसार नागसेन भन्तेले *'बुद्धले गाह्रो काम गर्नुभयो'* भनी मिलिन्द राजालाई भन्नुभएको थियो । फेरि राजा मिलिन्दले नै 'विज्ञान, प्रज्ञा र जीव यी तीन शब्द र अर्थ दुबै अलगअलग हुन् कि एउटै अर्थको भिन्नभिन्न नाउँ हुन्' भनी सोधेको जवाफमा नागसेन भन्तेले भन्नुभयो *'थाहा पाउने, विज्ञानको काम हो, सम्यक्रूपमा बुझ्नु प्रज्ञाको काम हो र जीव भनेको कुनै चीज नै छैन ।'*

पञ्ञा (प्रज्ञा) शब्दको 'प' पूर्व 'ञा' धातुले सिद्ध भएको छ । विशेषरूपले थाहा पाउनु, देख्नुलाई नै प्रज्ञा भनिन्छ । प्रज्ञा आफूलाई चाहिने तीन सम्बोधिमध्ये एउटा सम्बोधिको पार तारिदिने भएकोले प्रज्ञापारमिता भनिएको हो । ज्ञानले गर्दा नै नैष्क्रम्य पाइने हुन्छ । ज्ञानले देखेर लाभ भएको नैष्क्रम्य, त्यस ज्ञानले पाएको वीर्य महत्फल भएको हुनाले प्रज्ञा सप्ततिंस बोधिपक्षिय धर्ममा परीक्षा गर्ने पाँचौं धर्मविचय संग्रहमा बीचमा पारी धर्मदेशना गरिएको छ । प्रज्ञा अविद्याले देख्न नसक्ने पाँचबलमध्ये एउटा बल हो । प्रज्ञाबलले नै अविद्या अन्धकार सबै नष्ट गर्ने हुनाले त्यो प्रधान भएको हो । आर्य अष्टाङ्गिकमार्गमा प्रज्ञा अन्तिम र मूलकारण भएको छ । शासनमा शील प्रारम्भ हो भने प्रज्ञा अन्तिम हो । प्रज्ञा मध्यम प्रतिपदा हुनलाई चित्त नरम बनाइदिन्छ । सबै भवदेखि पार हुनलाई मद्दत गर्छ । मिथ्यादृष्टिरूपी मयल पखालिदिन्छ । क्लेश नाश गर्न स्वयं हेतु बनिदिन्छ । साथै अर्हत फल लाभ गर्न एउटा कारण बन्छ । त्यसैले नै सूर्यालोक, चन्द्रालोक र अन्य आलोकभन्दा प्रज्ञालोक श्रेष्ठ हुन्छ । सूर्यालोक यस जीवनलाई नभई हुँदैन तर पनि त्यो जहाँ पनि र जहिले पनि पाइदैन । प्रज्ञालोक जहाँ पनि र जहिले पनि प्राप्त हुन्छ । अझ प्रज्ञालोकले अभिज्ञा उत्पत्ति गरी दश लोक पनि प्रकाशित गर्न सक्दछ । तीनै आलोकले



Downloaded from http://dhamma.digital

अन्धकार नाश गरिदिन्छ तर अविद्याको अन्धकार हटाउन सकिँदैन । अविद्यान्धकार त प्रज्ञाले मात्र हटाउन सकिन्छ । इच्छा गरेको सिद्ध गर्नलाई टेवा भएकोले प्रज्ञालाई विमंसिद्धिपाद पनि भनिन्छ ।

## प्रज्ञा पारमिताको लक्षण

धर्मको यथार्थ स्वभाव जानेर लिनु प्रज्ञाको सामान्य लक्षण हो । कुशल धनुषकारले यताउता नलगाई लक्ष्यमा लाग्ने गरी वाणले हिर्काएझैं लक्ष्यलाई राम्ररी आवश्यक स्थानमा आवश्यकताअनुसार प्राप्त गर्नु पनि यसको लक्षण हो । बत्ती बाल्दा बत्तीको प्रकाशले अन्धकार नाश गरिपठाएझैं धर्मको स्वभाव आरम्मण छोपिराखेको मोहको अन्धकार नाश गर्न प्रकाश गर्नु यसको रस (कृत्य) हो । जङ्गलमा जाँदा राम्ररी बाटो जान्ने व्यक्तिको बाटो नबिराएझैं नभुल्ने अथवा असंमोह नै यसको प्रत्युप्रस्थान हो । समाधियुक्त एकाग्रचित्त अर्थात् चारआर्यसत्य नै पदस्थान हो । प्रज्ञायुक्त बोधिसत्त्वले कारणलाई यथार्थ बोध गरिलिन्छ । जति बुझ्नुपर्ने हो, त्यति बुझेर लिन्छ । मूढ र चञ्चल इन्द्रियले धर्मको हानि गर्दछ । एकाग्र र ज्ञानयुक्त चित्तले नै धर्मको अभिवृद्धि हुन्छ । प्रज्ञारूपी बत्ती बाल्न समाधि सलेदोजस्तै हो ।

## प्रज्ञाको विभाजन

प्रज्ञालाई विभिन्नरूपले विभाजित गरी हामीले अध्ययन गर्न सक्दछौं । विशुद्धिमार्गमा यसको राम्ररी व्याख्या भएको छ । सात काम सुगति, सोह्र ब्रह्मलोक, चार अरूप ब्रह्मलोकसम्म पुऱ्याइदिने लौकिकमार्गयुक्त लौकिकप्रज्ञा र जन्ममरणदेखि मुक्त निर्वाण प्राप्त हुने अलौकिकमार्गयुक्त अलौकिकप्रज्ञा भनी आश्रव नभएको अनाश्रव प्रज्ञा भनी, चार अरूप स्कन्धको व्यवस्थापन भएको रूप व्यवस्थापन प्रज्ञा यी दुईदुई प्रकारले विभाजित छन् ।

त्यसै गरी प्रज्ञालाई तीनतीन प्रकारले परित्त आलम्बनको प्रज्ञा, रूपावचर र अरूपावचरप्रति प्रवर्तित अप्रमाण आलम्बनप्रज्ञा भनी, तीन प्रकारका प्रज्ञा छन् । त्यसै गरी आय, अपाय र उपाय कौशल्यप्रज्ञा पनि तीन प्रकारका प्रज्ञा छन् । आयको अर्थ उन्नति वा अभिवृद्धि हो । नराम्रो नबनाउने उन्नति, राम्रो बनाउने उन्नतिअनुसार दुई प्रकारका आय प्रज्ञा छन् । उत्पन्न



Downloaded from http://dhamma.digital

नभएको अकुशल धर्म उत्पन्न नगर्ने, उत्पन्न भएको अकुशलधर्म प्रहाण गर्ने, उत्पन्न नभएको कुशलधर्म उत्पन्न गर्ने, उत्पन्न भएको कुशलधर्म बृद्धि गर्ने, भावना परिपूर्ण गर्ने राम्ररी जानेको अमोह, धर्मविचय र सम्यक्‌दृष्टि नै आय कौशल्य हो । हानि परिहानि हुने नराम्रो राम्रो भएर आउनेको दक्षज्ञानलाई अपाय कौशल्य भनिन्छ। जुनसुकैमा पनि बीचको ज्ञानलाई वा जहाँ पनि त्यसत्यस कुराको सिद्धि त्यस समयमा उत्पन्न हुने स्थानोचित कौशल्यलाई उपाय कैशल्य ज्ञान भनिन्छ। अकस्मात आइपर्ने आपदविपद वा विघ्नबाधाले राम्ररी मुक्त हुन समयोचित ज्ञान र त्यस्तै स्थानोचित ज्ञान सबैमा बनाउनुपर्छ। फेरि आफ्नो शक्तिअनुसारले यस ज्ञानको प्रयोग गर्नु पनि पर्छ। आफ्नो स्कन्धलाई लिएर प्रारम्भ गरिएको विपश्यनाप्रज्ञा अध्यात्म अभिनिवेशको प्रज्ञा, अरुको स्कन्धलाई वा बाहिरी रुख, पर्वत, फलामजस्ता अन्इन्द्रियबद्ध रूपलाई लिएर प्रारम्भ गरिएको बाह्य अभिनिवेशको प्रज्ञा, साथै दुबैको स्कन्धलाई लिएर प्रारम्भ भएको अध्यात्म बाह्य अभिनिवेशको प्रज्ञा भनी तीन प्रकारका प्रज्ञा विभाजन गरिएको छ। तर यहाँ प्रज्ञाको विषयमा धेरैजसो तीन प्रकारका विभाजन गरिएको र बुझ्न पनि सजिलो चिन्तनमयप्रज्ञा, श्रुतमयप्रज्ञा र भावनामयप्रज्ञा विषयमा अलिक संक्षिप्तमा चर्चा गरिनेछ।

दृश्यलाई भन्दा अदृश्यलाई सामिप्यमा ल्याउन सहज तुल्याइदिनुलाई चिन्तनमयप्रज्ञा भन्दछ। बोधिसत्त्व सुमेधले तातो छ भने चिसो पनि अवश्य हुनुपर्छ। राग द्वेष र मोहको ताप हुन्छ भने यसबाट अलग शान्त अवस्था पनि अवश्य हुनुपर्छ भनी थाहा पाए। अरुसँग नसोधिकन तर्कानुकूल अथवा आफ्नो चिन्तनले आफैले प्राप्त गर्ने प्रज्ञा भएकोले यसलाई चिन्तनमयप्रज्ञा भनिन्छ। आफ्नोआफ्नो क्रमानुसार उत्पत्तिदेखि जोसुकैसँग पनि केही प्रमाणअनुसार ज्ञान रहन्छ, त्यसलाई प्रतिसन्धिप्रज्ञा वा जातिप्रज्ञा भनिन्छ। पहिलेको कर्मफलले लाभ भएको प्रतिसन्धिज्ञान भएको अलोभ, अदोष र अमोह तीनै ज्ञान भएकोलाई त्रिहेतुक प्रतिसन्धि भनिन्छ। त्रिहेतुक प्रतिसन्धि भएको व्यक्ति भाषा सिकेर, पढेर,मार्गफल लाभ गर्नुमा योग्य व्यक्ति हुन्छ। कल्पना गरी उत्पत्ति भएको प्रज्ञालाई उत्पत्ति लाभ भएको प्रज्ञा विशेष लाभप्रद हुन्छ। प्रतिसन्धिप्रज्ञा तीक्ष्ण उन्नति गर्न चिन्तनमयप्रज्ञाले विशेष टेवा पुऱ्याउँछ।



Downloaded from http://dhamma.digital

कल्पना गरी आफूले स्वीकार गरेको प्रज्ञा शिलालेखजस्तै स्थिर हुन्छ । बोधिसत्त्व सुमेधले जुन 'चिन्तनमय अजरामरण प्रज्ञा' प्राप्त गरेत्यो यस्तै स्थिरप्रज्ञा हो । बोधिसत्त्व महोषधले जुन आश्चर्यकारक विद्युतीकरण आविष्कार गरे, विज्ञानको जुन अनेक आविष्कार गरे, ती सारा चिन्तनमयप्रज्ञाको फल हुन् ।

श्रुतमय प्रज्ञाको शव्दार्थले यसको अर्थमा सुनेर प्राप्त गरेको प्रज्ञातिर संकेत गर्दछ वा प्रश्नोत्तर गरी,विज्ञजनसितको संगतले त्यस्तै किताब पढेर प्राप्त गरेको प्रज्ञालाई नै श्रुतमयप्रज्ञा भनिन्छ । श्रोतापत्ति हुनलाई पनि अरुसँग सोधिएको प्रज्ञा उपकारक हुनसक्छ । प्रज्ञामा सर्वैभन्दा अग्र हुनुभएको सारिपुत्र भन्तेलाई समेत अस्सजित भन्तेको कुरा सुनेर श्रोतापत्तित्व प्राप्त भयो । यसले स्पष्ट गर्दछ कि महान प्रज्ञावानलाई पनि प्रज्ञारूपी बत्ती बाल्नको निमित्त जरुरत पर्दछ । साथै यो निमित्त सुनेर पनि प्राप्त हुनसक्ने हुन्छ । अर्को कुरा श्रुतमयप्रज्ञा गल्ति हुनसक्दछ, दृष्टिदोषयुक्त हुनसक्छ । तर साँच्चै कै कल्याणमित्र वा गुरुको उपदेशले गल्ति नहुने गरी ज्ञान प्राप्त हुन्छ ।

समथ विपश्यना भावनाले उत्पत्ति हुने प्रज्ञालाई भावनामयप्रज्ञा भनिन्छ । नाम र रूपलाई अनित्य, दुःख र अनात्मअनुसार देखेर राग, द्वेष र मोहदेखि अलग हुने प्रज्ञा नै भावनामयप्रज्ञा हो । पहिले गएको दुवै प्रज्ञा बुद्धधर्म वा बुद्धशासनबाट बाहिर पनि लाभ गर्न सकिन्छ । तर भावनामयप्रज्ञा बुद्धशासनभित्र मात्र सम्भव छ । प्रथमध्यान आदि प्राप्त गरेर पनि अनित्य, दुःख र अनात्म त्रिलक्षण देखेर विपश्यना वृद्धि गरी निर्वाणोन्मुखी अवस्थामा पुग्दा मात्र भावनामयप्रज्ञा पूर्ण हुनसक्छ । यही प्रज्ञा वृद्धि गरी श्रोतापत्ति आदि मार्गमा पुग्नका लागि उत्साह गर्नाले निर्वाण लाभ हुन्छ । त्यसैले पारमिता गुणधर्म पालन गरेर बोधिसत्त्वले बुद्धत्व लाभ गरिलिने इच्छा भएको कारणले प्रज्ञा तुरुन्त निर्वाणोन्मुख नगरी बोधिज्ञान उन्मुख गरे ।

चिन्तनमय, श्रुतमय र भावनामयप्रज्ञा मध्ये भावनामयप्रज्ञा नै श्रेष्ठ छ । पहिलो दुवै प्रज्ञाको लोकुत्तरत्व नै लक्ष्य भए तापनि भावनामयप्रज्ञामा नपुगेसम्म स्वरूपको दृष्टिले लौकिकप्रज्ञा नै सिद्ध हुन्छ । त्यसरी नै प्रज्ञा अष्टाङ्गिकमार्गमा सम्यक्दृष्टि र सम्यक्संकल्प समावेश हुन्छ । सम्यक्दृष्टिले नै चार आर्यसत्यलाई यथार्थरूपले देख्दछ । जन्म, बृद्धत्व, रोग र मृत्युको दुःख, मन नपर्नेसँग मिलन हुने र मन नपर्नेसँग विछोडिने दुःख, इच्छा गरेको पूरा



Downloaded from http://dhamma.digital

नहुने र संक्षिप्तमा पञ्चस्कन्ध शरीर नै दुःख देख्नुलाई दुःखसत्य देख्नु भनिन्छ। पञ्चकाम विषयमा लालसा, कामतृष्णालाई, रूपब्रह्म र अरूपब्रह्मलोकको नित्यताको अति नै गहिरो आशक्तिको भवतृष्णालाई र कर्मफलको अविश्वास उच्छेदवादको विभवतृष्णालाई दुःख समुदयसत्य भनिन्छ। यीनै तृष्णादेखि सम्पूर्णरूपमा वैराग्य भएर तृष्णाको निरोध, परित्याग हुनु दुःख निरोधसत्य हो र दुःख निरोधगामिनी प्रतिपदामार्गसत्य नै अष्टाङ्गिकमार्ग हो।

प्रज्ञालाई आर्यसत्य र प्रतिसम्भिदाअनुसार चार प्रकारले पनि विभाजन गरिन्छ। दुःख सत्यप्रति प्रवर्तित दुःखसत्यको ज्ञान, दुःख समुदयप्रति प्रवर्तित दुःख समुदयसत्यको ज्ञान, दुःख निरोधप्रति प्रवर्तित दुःख निरोधसत्यको ज्ञान र दुःख निरोधगामिनी प्रतिपदाप्रति प्रवर्तित दुःख निरोधगामिनी प्रतिपदासत्यको ज्ञान नै चार आर्यसत्यज्ञान हो। अर्थमा ज्ञान अर्थप्रतिसम्भिदा, धर्मको ज्ञान धर्म-प्रतिसम्भिदा धर्मको निरुक्ति भन्न सक्ने ज्ञान निरुक्ति-प्रतिसम्भिदा ज्ञानमा पनि ज्ञानप्रतिभान-प्रतिसम्भिदा नै प्रतिसम्भिदाअुनसार चार प्रकारका प्रज्ञा छन्। प्रतिसम्भिदायुक्त प्रज्ञाले चित्त स्थिर गर्न सकिन्छ। वास्तवमा (धम्मपद (३६) अनुसार) जसको चित्त अवस्थित छैन, जसले सद्धर्मलाई जानेको छैन फेरि जसको मनको शान्ति विनष्ट भइसकेको छ उसको प्रज्ञा पूर्ण नै हुन सक्दैन भनी भनिन्छ।

स्थिरचित्तको प्रज्ञाले नै प्रज्ञाको स्तर उचाल्न सक्छ। तर बोधिसत्त्वहरूले प्रतिपदाज्ञान दर्शनविशुद्धिदेखि विपश्यनाज्ञानमा रोक्दछन्। कारण यसो नगर्नाले केही भएर भावना गऱ्यो भने श्रोतापत्ति लाभ हुन्छ र भविष्यमा बुद्धत्वमा पुग्न सकिँदैन। वर्तमान भवमा मार्गफल लाभ अथवा निर्वाण प्राप्त गर्ने आशा नगरी बोधिसत्त्व, प्रत्येकबोधिसत्त्व, श्रावकबोधिसत्त्वहरूले विपश्यना गर्दछन्।

पूर्ण प्रज्ञाले नै प्रमादी स्वभाव भएका मानिसहरूलाई देख्न सक्दछ। धम्मपद (२८) अनुसार भनिएको पनि छ -

*पमादं अप्पमादेन यदा नुदति पण्डितो।*
*पञ्ञापासाद मारुय्ह असोको सोकिनि पजं।*
*पब्बतट्ठो व भुमट्ठे धीरो बालो अवेक्खति॥*

अप्रमादले प्रमादलाई टाढा पठाउन सक्छ, त्यसबेला उसले प्रज्ञाको महलमा चढेर शोकरहित भएर शोकमुक्त प्रज्ञालाई आफैलाई देख्दछ, जसरी



Downloaded from http://dhamma.digital

पर्वतको टाकुरामा बसेको मानिसले तल बसेको मानिसलाई, जसरी धैर्यवान मानिसले मूर्ख मानिसलाई देख्दछ ।

अनेक ज्ञानमा सम्बोधिसँग नजिकिएको ज्ञानलाई विपश्यनाज्ञान भनिन्छ । बुद्ध हुनेहरू बोधिबृक्षमुनि रातमा विपश्यना ध्यान गरी सम्बोधिमा पुग्ने नै विपश्यना बलले हो । अझ पारमिता गुणधर्म पूर्ण गर्नको लागि जहिले पनि प्रज्ञाज्ञानले भरोसा दिइरहन्छ । प्राणघात अकुशल हो । प्राणघातमा जति पनि जुन प्रकारले मोह हुन्छ, किनकि सारा अकुशलचित्त नै मोहसहगत हुन्छ । साथै मोह प्रज्ञाको विपरीत स्वभाव धर्म हो । मोह र प्रज्ञा कहिल्यै एउटै हुन सक्दैन । यी दुई चित्तहरू कहिल्यै पनि सँगै रहँदैनन् । त्यसैले शीलादि पारमिता पूर्ण हुँदा प्रज्ञालाई अनुबल भइरहन्छ । यसै अनुसार अकुशल विषयमा उपाय वृद्धिले पनि प्रज्ञा वृद्धि हुँदैन भनी थाहा पाउनुपर्दछ । अकुशल गर्नलाई हुने ज्ञान पनि ज्ञान नै हो तर यो प्रज्ञाको दृष्टिकोणले अन्धज्ञान हो ।

## प्रज्ञामा मोह हुँदैन

प्रथमतः मिथ्यादृष्टि र भ्रमबुद्धिलाई नाश गर्नाले बौद्धदृष्टिको प्रज्ञा बुझ्न सकिंने हुन्छ । त्यसो होइन भने कुण्डलकेशाको हिंसालाई पनि अर्थात उनले आफूप्रति अकृतज्ञ भएको पुरुषलाई भीरबाट धकेलेर हत्या गरेको क्षणलाई पनि ठूलो प्रज्ञा भनी सम्झिन जानेछ । कुण्डलकेशाको त्यो काम साँच्चै कै प्रज्ञा कसरी हुनसक्छ ? यदि उसको प्रज्ञा यथार्थप्रज्ञा भएमा उनको चित्त विक्षिप्तजस्तै हुनुपर्ने थिएन । शान्तिको लागि दौडिरहनुपर्ने हुँदैन । सारिपुत्र महास्थविरको अगाडि कुण्डलकेशाको प्रज्ञाको पराजय पनि भएको छ । त्यसैले उनको प्रज्ञालाई लौकिकप्रज्ञा वा आफ्नो जीवन आरक्षाको कुशलज्ञान मात्र नै भन्न सकिन्छ । उसले आफ्नो लोग्नेलाई पर्वतबाट धकेलिंदा देवताले उसको तारिफ गरेको थियो -

*नसो सब्बेसु ठानेसु पुरिसो होति पण्डितो ।*
*इत्थिपि पण्डितो होति तत्थ तत्थ विचक्खणा ॥*

जहाँपनि लोग्ने मानिसहरू मात्र पण्डित हुँदैनन् । कहींकहीं स्त्री जातिहरू पनि विदुषी-बुद्धिमती र विलक्षणाहरू हुन्छन् ।

यहाँ पण्डित शब्दको अर्थ भगवान् बुद्धले आज्ञा गर्नुभएको प्रज्ञा भएको



Downloaded from http://dhamma.digital

भनिएको होइन । किनकि उनीबाट पहिला चोरसँग गरिएको प्रेम र माया नै मोह हो, फेरि माया पापको अन्तरगत हुन्छ । उनको त्यो काम मोहसहगत क्रिया हो । पहाडबाट धकेलिंदा द्वेषसहगत चित्त भएर गरिएकोले त्यहाँ पनि मोह छ । उनको प्रज्ञा भए तापनि त्यस्तो पापकर्मरहित हुने कुनै एउटै बाटो पाउने थिए होला । त्यसैले देवताको प्रशंसा उसैको अनुसारको ज्ञानले गरिएको प्रशंसा हो । लोकुत्तरअनुसारको उत्तम प्रशंसा होइन । लोकुत्तरको दृष्टिमा पुरुष पनि प्रशंसाको पात्र होइन, न त कुण्डलकेशा नै हो । मानिसहरूले दुष्कर्म भाव पुनः पुनः थप्नको लागि नै धेरै पापकर्म गर्ने गर्दछन् । आफूलाई दुःख भैरहेको बेलामा पापकर्म नगर्नु नै धर्मचर्या हो । आफूलाई अनावश्यक भएको समयमा त कसैले पनि पापकर्म गर्दैन । त्यसैले आपद-विपद र दुःख हुँदा त्यसबाट मुक्त हुनलाई पापकर्म गर्नु पनि ठीक होइन ।

### प्रज्ञा शान्तिवादी हुन्छ

यसैरूपले अनेक बौद्धदार्शनिक जालमा परेर पनि प्रज्ञालाई देख्न नसकिने हुन्छ । बौद्धदर्शनको प्रज्ञा चिन्नलाई बौद्धदृष्टिकोणको शान्तिको अर्थ बुझ्नुपर्दछ । बौद्धआदर्शको उपशम र विजय भनेको देख्नुपर्छ । बौद्धप्रज्ञाले शीलधर्मको कहिले पनि उपेक्षा गर्दैन । पहिला शील त्यसपछि शान्ति भन्नेमा बौद्धआदर्शले विश्वास राख्दछ ।

***<u>प्रज्ञा पारमिताको कथात्मक व्याख्या</u>*** :

### राजोवाद जातक (१५१)

वाराणसी नरेश ब्रह्मदत्तलाई आफ्नो राज्यमा सुशासनले गर्दा धेरै फुर्सद भयो । तब राज्यको व्यवस्थामा शान्ति हुनासाथ ब्रह्मदत्तले आफूमा कुनै दोष छ कि भनी खोज्ने विचार गरे । तर जहाँ पुगेर हेरे तापनि ब्रह्मदत्तले आफूलाई प्रशंसा गर्नेहरूबाहेक अरु भेट्टाउन सकेनन् । राजाले विचार गरे- 'शायद भयको कारणले यसो भएको हुनुपर्छ ।' त्यसैले राजा गाउँगाउँमा घुम्न गए । फेरि सीमान्त प्रदेश घुमे । तर त्यहाँ पनि उनले आफ्नो दोष कतै देखाएको पाएनन्, कहिल्यै सुनेनन् ।



Downloaded from http://dhamma.digital

उता कोशल नरेश मल्लिक पनि आफ्नो दोष देखाइदिने खोज्दाखोज्दै हिँडेका थिए । संयोगले दुबै राजाहरू एउटै पुलको बीचमा जम्काभेट भयो । तब सारथीहरूले उनले उनको रथ लैजाऊ भने, अर्कोले उनलाई रथ फिर्ता लैजाऊ भने । दुबै रथमा राजाहरू भएका कुरा थाहा पाउनासाथ सारथीहरूले आयु र ऐश्वर्यको भेदमा श्रेष्ठ र हीन थाहा पाएर रथ फर्काउने निर्णय गरे । तर आयु र ऐश्वर्यमा पनि दुबै समान हुनगए . तब सदाचार सम्बन्धी प्रश्न उठ्नासाथ कोशल नरेशको सारथीले यसरी भने-

*दल्हं दल्हस्स खिपति मल्लिको मुदुना मुदु ।*
*साधुम्पि साधुना जेति असाधुम्पि असाधुना ।*
*एतादिसो अयं राजा मग्गा उय्याहि सारथि ॥*

हाम्रा राजा मल्लिकले कठोरहरूसँग कठोरको व्यवहार गर्ने, कोमलहरूसँग कोमल व्यवहार गर्ने, असलहरूलाई असल भएर जित्ने, खराबहरूलाई खराब भएर जित्ने स्वभावमा छन् । सारथी, यो राजाको रूपमा चिनिन्छ, तिमीले बाटो छोडिदेऊ ।

वाराणसी राजाको सारथीले 'यसैलाई गुण भनिने भएमा अवगुण भनेको के हुन्छ ?' भनी भनेर आफ्नो राजाको गुण प्रकाश पारे ।

*अक्कोधेन जिने कोधं, असाधुं साधुना जिने ।*
*जिने कदरियं दानेन, सच्चेन अलिकवादिनं ।*
*एतदिसो अयं राजा, मग्गा उय्याहि सारथि ॥*

क्रोधीलाई अक्रोधले, खराबलाई असलले, कन्जुसलाई दानले, असत्यलाई सत्यले जित्ने स्वभावका हाम्रा राजा हुन् । त्यसैले सारथी तिमीले बाटो छोडिदेऊ ।

पछि मल्लिक राजाले ब्रह्मदत्त राजालाई बाटो छोडिदिए । यसैले बौद्धप्रज्ञाको अर्थ कस्तो हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## श्वेतकेतु जातक (३७७)

बौद्धप्रज्ञाले कार्यकारणसँग स्पष्ट र प्रत्यक्ष सम्बन्ध भएको कायकर्म र मनोकर्मको विशुद्धतातिर जोड दिन्छन् । तर विचरा वाराणसीको पाँचसय शिष्य समुदायको प्रमुख शिष्य श्वेतकेतुले यो कुरा थाहापाएन । उसले जन्मज



Downloaded from http://dhamma.digital

श्रेष्ठत्वको बाह्य देखावटीको प्रज्ञाधर्मलाई मात्र जान्दछन् । एकदिन घुम्न जाँदा उसले एउटा व्यक्तिलाई *'चण्डालपुत्र'* भनी भन्यो । फेरि हावा आइरहेको तिर नै त्यो चण्डालपुत्र आइरहेकोले उसलाई छुएर गएको हावाले लाग्यो भनेर पनि श्वेतकेतुले उसलाई गाली गऱ्यो । चण्डालपुत्रलाई पनि रिस उठ्यो । उसले श्वेतकेतुलाई 'पण्डित हौ भने प्रश्नोत्तर गर्छौ कि ?' भनी चुनौति दियो । जात्याभिमानी श्वेतकेतुले उसको चुनौति स्वीकार पनि गऱ्यो । तब उसले सोध्यो- *'दिशा कति प्रकारका छन् ?'* जवाफमा श्वेतकेतुले 'दिशा भनेको पूर्व, पश्चिम, उत्तर र दक्षिण चार दिशा छन्' भनी भन्दा चण्डालपुत्रले भन्यो 'तिमीले भन्नुपर्छ र त्यो कुरा ? तिमीलाई मैले सुनेको दिशा नै थाहा छैन ।' यसो भनेर गर्दन पक्रेर उसलाई आफ्नो टाङ्गमुनि छिराइदियो । यो कुरा श्वेतकेतुको आचार्य बोधिसत्त्व कहाँ पनि पुग्यो । आचार्यले उसलाई साँच्चैकै दिशाको अभिप्राय बताउँदै भने–

*मातापिता दिसा पुब्बा, आचरिया दक्खिणा ।*
*पुत्तदारा दिसा पच्छा, मित्ता मच्चा च उत्तरा ॥*
*दास कम्मकरा हेट्ठा, उद्धं समण ब्राह्मण ।*
*एता दिसा नमस्सेय्य अप्पमत्तो ुले गिहि ॥*

आमाबाबु पूर्वदिशा र आचार्य दक्षिण दिशा हुन्, छोरा-श्रीमती पश्चिम दिशा र साथीहरू उत्तर दिशा हुन्, दास-कर्मचारीगण तल्लो दिशा र श्रमण-ब्राह्मण माथिल्लो दिशाका हुन् । गृहस्थहरूले यी दिशालाई प्रमादी नभई नमस्कार (पालन पोषण) गर्नुपर्छ ।

तर यो कुरा श्वेतकेतुको मनमा पसेन । यस्ले चण्डालपुत्रको कुरा र उसको काममा नै समर्थन भएझैं ठान्यो । तब रिसले श्वेतकेतुले आचार्यकूल नै छोडेर गयो । पछि स्वयं आफै आचार्यजस्तै भइबस्यो ।

एकदिन वाराणसीको राजा उसकहाँ आउने समाचार पुग्यो । उसले तुरुन्त आफ्ना शिष्यहरूमध्ये कतिलाई चमेरो ब्रत, कतिलाई कण्टक शैय्यामा सुत्न, कतिलाई पञ्चाग्नि ताप्न, कतिलाई टुक्रुक्क बस्ने, कतिलाई जलमा चढाउने, कतिलाई मंत्रपाठको काम दिइराखेर आफू पनि एक समूह विद्यार्थीहरूसँग प्रश्नोत्तरमा तल्लिनजस्तै भइबस्यो ।

वाराणसीका राजा आए । सुरुमा त राजा उनीहरूको व्यवहारबाट



Downloaded from http://dhamma.digital

प्रशन्न नै भए। त्यसैले राजाले आफ्नो पुरोहितलाई सोधे- *'के यसरी कष्टकर तपश्या गर्नेहरू अपायबाट मुक्त भइसके कि ?'* जवाफमा बोधिसत्त्व पुरोहितले भने- *'बहुश्रुत भएर पाप गऱ्यो भने, धर्मको आचरण गरेन भने, वेद पढे तापनि आचरण गरेन भने दुःखबाटमुक्त हुँदैन।* यो सुनेर राजाको श्रद्धा कम भयो। तब श्वेतकेतुको मनमा पस्यो- *'यो पुरोहित मेरो सम्मानमा लात हान्दैछ।'* यसरी विचार गरी आफूसँग कुनै कुरा नसोधे तापनि आफैले पुरोहितसँग प्रश्नोत्तर गर्नलाई श्वेतकेतुले सोध्यो- *यदि हजारौं वेद पढेर पनि त्यसको कारणले गर्दा विनाआचरण दुःख मुक्त भएन भने, मैले के वेदलाई नै निष्फल भनी भनौं त ? अनि संयमसहित आचरण नै सत्यधर्म हो त ?*

तर यसरी प्रश्न मात्र के गरिएको थियो श्वेतकेतुको चुहिएको प्रज्ञाको धारा नै खोलिदिएझैं भयो। तब राजाले साधुभेषमा बसिरहेको त्यस श्वेतकेतुलाई वस्त्र फुकाल्न लगाई गृहस्थ बनाइदिए।

यस प्रयत्नभित्र पनि बौद्धप्रज्ञाको दर्शन स्पष्ट हुन्छ, आचरण विशुद्धि नै यसको पुष्ठभूमि हो। साथै जातिवादलाई बौद्धदर्शनले स्वीकार गर्दैन। प्रज्ञाको स्पष्ट व्याख्या शुद्धचरित्रको व्यवहार वा शुद्ध भएको चित्तको समयमा मात्र हुनसक्छ।

## सम्भव जातक (५१५)

कुरुनरेश धनञ्जय कौरव्यको धर्मानुकूल राज्य गर्दागर्दै एकदिन धर्मयज्ञ बारे प्रश्न उत्पन्न भयो। उसले आफ्नो पुरोहितलाई बोलाएर भन्यो - 'हे सुचरित, मसँग राज्य छ, मसँग आधिपत्य पनि छ। अब मलाई यो सारा पृथ्वी जित्न मन लाग्यो। तर यो काम धर्मपूर्वक गर्न मात्र मन छ, अधर्मपूर्वक होइन। अधर्म मलाई मन पर्दैन। किनकि राजाको धर्माचरण नै मानिसहरूको लागि नमूना हो। हे ब्राह्मण, मलाई त्यो काम गर्ने इच्छा छ, जसले गर्दा यहाँ पनि निन्दित हुँदैन पछि भविष्यमा पनि निन्दित हुनेछैन र देवमनुष्यहरूका बीच यश लाभ गर्न सकिन्छ। हे ब्राह्मण ! मलाई धर्म र अर्थको काम गर्न मन लाग्छ। मलाई अर्थ र धर्मको कुरा बताऊ।'

यसको जवाफमा पुरोहितले विद्याभिमान नगरी स्पष्ट भन्यो- *'यो कुरा त विदूर भन्नेले मात्र बताउन सक्छ।'* राजाले विदूरलाई नै खोज्न पठाए।



Downloaded from http://dhamma.digital

सुचरित ब्राह्मणले वाराणसीमा विदूरलाई भेट्यो तर उसले जनताको नानाप्रकारका मुद्दाहरूमा विचार विमर्श गरिराखेकोले गर्दा यस प्रश्नको उत्तर दिनुमा उसले असमर्थता प्रकट गर्‍यो । साथै उसले आफ्नो पण्डित छोरा भद्रकारकहाँ जान सल्लाह पनि दियो ।

ब्राह्मण सुचरित भद्रकारकहाँ गयो । तर उनले भन्यो-*'आजकाल म परस्त्री गमनमा परिरहेको छु । मेरो चित्त शान्त र स्वच्छ छैन । त्यसैले मैले तिम्रो प्रश्नको जवाफ दिन सक्दिन ।'* यति भनेर उसले आफ्नो भाइ संजयकुमारलाई देखायो । तर उसले पनि त्यसरी नै जवाफ दिएर आफ्नो भाइ सम्भवलाई देखायो । अल्प वयस्क र खेलिरहेको तर चित्त शुद्ध र शान्त भएको सम्भव कुमारले ब्राह्मण सुचरितलाई उसको प्रश्नको जवाफ दियो- 'युधिष्ठिर, अर्थ उत्पन्न हुनासाथ आजको काम भोलि भन्नु हुँदैन । राजाले आफ्नो अनुशासन आफैले पालन गर्नुपर्छ । अरुको देशको सीमा उल्लंघन गर्नु हुँदैन । अधर्म आचरण गर्नु हुँदैन । तीर्थ नभएको स्थानमा पाइला राख्नु हुँदैन । अनर्थयुक्त हुनु हुँदैन । जुन क्षत्रियले यसप्रकार आचरण गर्दछ उसको संवृद्धि शुक्लपक्षको चन्द्रमाजस्तै हुन्छ । ऊ आफू स्वयं सम्बन्धितहरूको मन पर्ने हुन्छ, साथीहरूको बीचमा चम्किने हुन्छ, फेरि त्यो बुद्धिमान व्यक्ति मरेर सुगतिमा उत्पन्न हुन्छ ।'

## प्रज्ञा आचरणमा निर्भर

माथि उल्लेखित जातकीय प्रसंगले स्पष्ट हुन्छ कि प्रज्ञाको व्याख्या उसले गर्न योग्य छ, जसको आचरण परिशुद्ध छ । धम्मपद (५०) अनुसार अरुको विरोधी वचनमा ध्यान दिनुअघि, अरुको कृत्याकृत्यमा आँखा लाएर हेर्नुअघि केवल आफ्नै कृत्याकृत्यमा विचार गर्नुपर्छ । स्वयं आचरण नगरी सिद्धान्त मात्र बुझेर अरुलाई बताउने व्यक्ति श्रेष्ठ हुँदैन ।

## पोट्ठिल भिक्षुको कथा

स्वयं भगवान् बुद्ध जेतवन विहारमा विहार गर्नुहुँदा एकजना पोट्ठिल नामक त्रिपिटकधारी धर्मकथिक थियो । उसले धेरै भिक्षुहरूलाई सिकाउने पढाउने गर्दथ्यो । तर ऊ आफू भने ध्यान प्राप्त व्यक्ति होइन, न त मार्गफल



Downloaded from http://dhamma.digital

प्राप्त व्यक्ति नै हो । ऊसँग सिक्नु पढ्ने गरेर कयौं भिक्षुहरू जङ्गलमा गएर ध्यान गरे र साथै मार्गफल पनि प्राप्त गरे । तर त्यो पोट्ठिल धर्मकथिक भने अगाडी बढ्न सक्दैन, बस धर्मकथिक मात्रै भइरह्यो ।

एकदिन भगवान् बुद्धले उसलाई *'तुच्छ पोट्ठिल'* भनी सम्बोधन गरे । यस सम्बोधनले उसलाई ठूलो संवेग प्राप्त भयो । पोट्ठिल ध्यान गर्न एक्लै जङ्गलमा गयो । ऊ ३० जना अरहन्त भएको ठाऊँमा पुग्यो । यहाँ उसले भन्यो- 'भन्ते, मलाई आश्रय दिनुहोस् ।' तर उनीहरूले जवाफ दिए– 'आवुसो, तिमी त हाम्रो त्रिपिटकधारी धर्मकथिक हौ । यो तिमीले के भनिराखेको ?' पोट्ठिल भिक्षुलाई आश्रय प्राप्त भएन । विद्वताले माथि परेर पनि तथागतको 'तुच्छ पोट्ठिल' सम्बोधनले सचेत भएको पोट्ठिल त्यसरी नै आश्रयको लागि सोध्दै रह्यो ।

एकदिन सातवर्षको श्रामणेरकहाँ पनि पुग्यो । श्रामणेरले भन्यो-'तपाईले मैले भनेझैं गर्ने हो भने म आश्रय दिनेछु ।' पोट्ठिलले जवाफ दियो- *'हे सत्पुरुष, मलाई भीरबाट हाम्फाल्न जाऊ भने पनि हाम्फाल्न जानेछु ।'* श्रामणेरले उसको परीक्षा गर्न भन्यो- *'त्यसो हो भने, तपाइले चीवर लगाएर नै यो अगाडि भएको पोखरीमा डुब्न जानुहोस् ।'* पोट्ठिल स्थविरले साँच्चै त्यस्तै गर्न लाग्यो । श्रामणेरले स्थविरको आज्ञाकारीता बुझेर आश्रय दियो । त्यसपछि पोट्ठिले विनम्र र शान्त चित्तले एकाग्रता प्राप्त गर्न सफल भयो । भगवान् बुद्धले उसलाई धम्मपद (२८२) आज्ञा गरे :-

*योगा वे जायति भूरि, अयोगा भूरि संखयो ।*
*एतं द्वेधापथं ञत्वा, भवाय विभवाय च ।*
*तथ'त्तानं निवेसेय्य, यथा भूरि पवड्ढति ॥*

योगाभ्यासले प्रज्ञा उत्पन्न हुन्छ, फेरि यसको अभावले क्षय हुन्छ । उन्नति र विनाशको यो दुई विपरीत बाटो देखेर आफूलाई त्यस मार्गमा पठाऊ जसले प्रज्ञाको वृद्धि हुन्छ ।

यस उदाहरणले स्पष्ट हुन्छ, प्रज्ञाको सार्थकता आचरणमा हुन्छ । आचरणविना प्रज्ञा निरर्थक हो ।

कथात्मक आदर्शमा बौद्धप्रज्ञाको स्पष्ट व्याख्या यसप्रकारले धेरै प्रकारले भएका छन् । सारांशमा बौद्धप्रज्ञा पूर्वानुग्रह पीडित हुँदैन, स्वार्थ प्रेरित हुँदैन ।



Downloaded from http://dhamma.digital

साथै करुणा र मैत्रीले विमुख त कहिले पनि हुँदैन । यसको उदाहरण तल प्रज्ञापारमिता, प्रज्ञा उपपारमिता र प्रज्ञा परमत्थपारमिताको व्याख्यामा विशेषतः महोषध चरित्रमा आउनेछ ।

## प्रज्ञा नै मानिसको रत्न हो

प्रज्ञाको वृद्धिलाई बुझ्नको लागि प्रज्ञाको महत्वलाई नै बुझ्नुपर्छ । जति भित्रैदेखि प्रज्ञाको महत्व देख्दछ त्यति नै बलियो प्रज्ञा बनाउन कोशिस गर्न सकिन्छ । हो, महत्व देख्न सक्नु पनि प्रज्ञा भएमा मात्र नै हुन्छ । त्यसैले यसो भन्दा बढी ठीक होला-प्रज्ञा भनेको क्रमशः अभिवृद्धि हुँदै जान सक्छ । वास्तवमा धम्मपद (३३३) अनुसार *सुखा पञ्ञाय पटिलाभो* अर्थात प्रज्ञाको लाभ साँच्चै कै सुखकर पनि छ किनकि कायबल, भोगसम्पत्तिबल, अमात्य वा परिषद बलभन्दा पनि प्रज्ञाबल श्रेष्ठ छ । प्रज्ञा हुनासाथ नै सुनेको कुरामा आफू स्वयं आफ्नो अनुरूप निर्णयमा आउन सकिने हुन्छ । तेसकुण जातक ( ५२१) अनुसार प्रज्ञावान मानिस नै दुःख भए तापनि सुखी हुनसक्छ । प्रज्ञा नै त्यो विशेषता हो, जसले मानिसलाई सम्पूर्ण प्राणीहरूमध्ये श्रेष्ठ बनायो । शक्र, गरुडराज, नागराजभन्दा मानिस नै प्रज्ञाको क्षेत्रमा श्रेष्ठ छ । शक्र, गरुड र नागराजको शंका समेत मानिसले समाधान गर्दछ । फेरि प्रज्ञारत्न भएका मानिसहरू कसैसँग पनि डराउँदैनन्, मरणभयले उनीहरूलाई छुन सक्दैन, जसको चर्चा विधुरजातक (५४५) मा पछि पनि गरिनेछ ।

जरासुत्त (१.६) संयुक्त निकायअनुसार *पञ्ञा नरानं रतनं-प्रज्ञा* नै मानिसको रत्न हो । प्रज्ञा प्राप्त हुने उपदेश भएकोले बुद्धको उपदेशलाई प्रणीत रत्न, त्यसैगरी संघहरूलाई अतुल्य संघरत्न भनिएको छ । बुद्धको उपदेशअनुसार प्रज्ञा निर्वाण धर्म साक्षात्कार गर्नलाई हो । त्यसैले भनिएको पनि छ *पञ्ञापन पच्चित्वा खादनत्थाय नहोति* अर्थात् प्रज्ञा भनेको पकाएर खानको लागि हुँदैन । बुद्धको उपदेश बुझ्नलाई प्रज्ञा चाहिन्छ । *पञ्ञावन्तस्स अयं धम्मो, नायं धम्मो दुपञ्ञस्स* अर्थात् यो धर्म प्रज्ञावानहरूलाई हो, दुष्प्रज्ञाहुनेहरूको लागि होइनन् । यो प्रज्ञाको आभरणयुक्त बुद्ध राजरथमा चम्किरहन्छन् । प्रज्ञा मोहन्धकार हटाइपठाउने सूर्यजस्तै हो भने क्लेश टुक्राउने तलवार पनि हो । धम्मपद(३४०) अनुसार तृष्णा जताततै बहने श्रोत (प्रवाह) हो ।



Downloaded from http://dhamma.digital

त्यसैले लता (संसारको जाल) उम्रेर आइरहन्छ, वृद्धि भइ रहन्छ । त्यस उत्पन्न भएको लतालाई देखेर प्रज्ञाले त्यसको जरा नै काटेर फ्यांकिदिनु पर्छ ।

प्रज्ञा भावनाको आनिशंसको विषयमा आचार्य बुद्धघोषजस्ता प्रकाण्ड विद्वानले पनि विस्तारपूर्वक प्रकाशित गर्न सजिलो भनी भन्नुभएन । तापनि संक्षिप्त शब्दमा उहाँले भन्नुभएको छ - (१) नाना क्लेशलाई विध्वंस गर्नु (२) आर्यफलको रस अनुभव गर्नु (३) निरोध समापत्ति समापन्न हुने सामर्थ्य भएको र (४) आह्वाहनीय हुने इत्यादि नै प्रज्ञाको आनिशंस (फल) हुन् ।

पारमिताधर्म पूर्ण गरी सम्बोधिमा पुग्नलाई प्राप्त हुने प्रज्ञा नै लोकुत्तरप्रज्ञा हो । बुद्धको श्रावकहरूका चार मार्ग र चार फलको चित्तमा भएको प्रज्ञालाई श्रावक सम्बोधिप्रज्ञा भनिन्छ । प्रत्येकबुद्धहरूका चार मार्ग र चार फलको चित्तमा भएको प्रज्ञालाई प्रत्येक सम्बोधिप्रज्ञा भनिन्छ । लोकुत्तर बुद्ध फलको चार मार्ग र चार फल चित्तमा भएको प्रज्ञालाई सम्यक् सम्बोधिप्रज्ञा भनिन्छ । बोधिसत्त्व यही नै प्रज्ञाको विकास गर्दछन् । फेरि यस विकास अवस्थामा उपकारमा *'अनाथानामह'* अर्थात् अनाथहरूका नाथ, विनम्रतामा *'दासार्थिनामहं'* अर्थात् दास चाहिनेहरूको लागि दासजस्तै भएर अन्धकारमा रहेका मानिसहरूको समूहमा *'दीपार्थिनामहं'* अर्थात् बत्ती चाहिनेहरूलाई बत्ती ' जस्तै हुन्छन् । ( बोधिचर्यावतार ३।१७।१८) ।

## प्रज्ञा प्राप्तिको हेतु

प्रथमतः प्रज्ञा बनाउन त्रिहेतुक प्रतिसन्धि हुनुपर्छ । त्यसपछि पुण्यकर्मको कामनासँगै अङ्ग पूर्ण हुनासाथ प्रज्ञा प्राप्तिको लागि पाइला सार्न सकिन्छ । एकातिर निरोगीभाव अर्कोतिर प्रज्ञावरण हुने अतीत अकुशल कर्मरहित हुनासाथ प्रज्ञा प्राप्तिको मार्गमा बाधा हटेर जान्छ । धर्म जानेर लिने इच्छाजस्तै धर्म जानेर लिन सक्ने पनि भएर कोशिस गर्नुपर्छ । मिलिन्दप्रश्नअनुसार शुद्धचित्तले धर्मोपदेश सुन्नु, एकजनाले अर्कोसँग तर्कले बेर्नु, एकजनाले अर्कोको तर्कगाँठो फुकाल्नु, एकले अर्कालाई तर्कले समात्नु, एकले अर्काको तर्कबाट मुक्त हुनु, एकले अर्काको अगाडि तर्क राख्नु, त्यसलाई खण्डन गर्नु तर यसरी नै भए तापनि रिस कसैले ननिकाल्नेतवरले पण्डितवादअनुरूप धर्मको छलफल गर्नु, मूर्खहरूको संगत छाड्नु, पण्डितहरूको संगत गर्नु र



Downloaded from http://dhamma.digital

समाधि बलियो बनाउनाले प्रज्ञाको बृद्धि हुन्छ ।

प्रज्ञा प्राप्त गर्नको लागि साधारणरूपले उमेर पनि हुनुपर्छ भन्ने लोकधारणा छ । तर यो जुनसुकै स्थितिमा पनि अनिवार्य नै होइन । अत्यन्त अल्पआयु भएका पण्डित श्रामणेर (धम्मपद अर्थकथा ५/६), संकिञ्च श्रामणेर (धम्मपद अर्थकथा ८/९), सुख श्रामणेर (धर्मपद अर्थकथा ११/११), सुमन श्रामणेर (धम्मपद अर्थकथा २५/१२) आदि श्रामणेरहरू पनि अरहन्त हुनुभएकोले यो कुरा स्पष्ट गर्दछ । बुद्धले ३५ वर्षको उमेरमा बोधिलाभ गरे । कोही कोही ५० वर्ष, ६० वर्ष भएर पनि बुद्धि परिपक्व नभएकाहरू छन् । यश, परिवार र खानपिन पनि ज्ञानलाभको सहयोगी हुनसक्छ । शरीरशक्ति पनि ज्ञानशक्तिको कारण हुनसक्छ । निरोगी र सुखी जीवन बिताएकाहरू फेरि ज्ञानले पनि परिपक्व भएकाले कुरुवासीहरूलाई सतिपट्ठान देशना सरल बोधगम्य भयो ।

## दश पारमितामा प्रज्ञापारमिता

त्यागी र उदार चित्तमा प्रज्ञा स्थिर भएझैं प्रज्ञाले नै दानादि पुण्यकार्य अविच्छिन्न रूपले गराउंछ । बुद्धलेजस्तै दानको महत्व बुझेमा दान नगरी खाने कोही पनि हुँदैनन् । ज्ञानले अलग भएको दान जहाँ महाफल हुँदैन त्यहाँ नै लोकुत्तर पनि हुन सक्दैन । धन, छोरा छोरी र जीवन समेत उत्सर्ग गर्न सक्नु नै प्रज्ञा भएर हो । प्रज्ञा नभएकाहरूले दान दिनाले पछि पश्चाताप हुनसक्छ । म दिन्छु, अरु मेरो तर्फबाट बाँचिरहन्छन्- यसरी आफूले आफूलाई माथि पारेर प्रतिग्राहकलाई तल पारेर दिएको दान क्लिष्टदान हुन्छ । भवभोगको आशा गरी दिने दानलाई तृष्णाले धमिल्याएको दान भनिन्छ । क्लेशले क्लिष्ट नभएको दान नै प्रज्ञायुक्त दान पारमिताको अङ्गयुक्त दान हुन्छ । प्रज्ञाहीन व्यक्तिको दान त्यसैले श्रेष्ठ हुनसक्दैन ।

शीलले शुद्ध चित्तमा प्रज्ञा राम्ररी चम्किएझैं प्रज्ञाले नै शीललाई दरिलो बनाउन बल पनि दिइरहन्छ । प्रज्ञा नहुनासाथ शील र मान अनेकरूपले क्लिष्ट हुनसक्छ । हामी शीलवान, अरु दुःशील भनी उग्रशीलवन्त भएर देखायो भने त्यस प्रकारको मानले उसको शील नै क्लिष्ट हुन जान्छ । भावना प्रबल भएको चित्तमा प्रज्ञा पनि हठ भएझैं प्रज्ञाले नै वास्तवमा भावलाई पनि बलियो बनाइराख्छ । प्रज्ञाविहिनसित ध्यान हुँदैन । ध्यान नगर्नेहरूमा प्रज्ञा



Downloaded from http://dhamma.digital

हुँदैन । धम्मपद (३७२) अनुसार जोसँग ध्यान र प्रज्ञा छ, ऊ नै निर्वाणको नगिच हुन्छ ।

चार स्मृतिप्रस्थान, चार सम्यक्प्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यङ्ग आदि आर्यमार्गको बोधिपक्षीय धर्म राम्ररी बुझ्नको लागि भावनाको एकाग्रता र स्थिर निरीक्षणात्मक अध्ययन हुनुपर्छ । भावनामा गएर परिक्रमा समाधि प्राप्त गरेर मात्र अभिज्ञा बनाउन सकिन्छ, तब नाम र रूपधर्मको हेतु देख्न सकिन्छ । सारा धर्मको विनाश स्वभाव देख्न सजिलो हुन्छ । यसले के स्पष्ट हुन्छ भने दान, शील र भावना अथवा शील, समाधि र प्रज्ञा परस्पर आश्रित हुँदै एक अर्काको पूरक हुँदै जान्छ । तब सारा धर्मको मूल लक्ष्य हुन्छ प्रज्ञा प्राप्त गर्नु ।

## प्रज्ञा-परिहानीको हेतु

प्रज्ञा परिहानि हुने धेरै कारणहरू छन् । मिथ्यादृष्टि वा भ्रमबुद्धि यसको पहिलो कारण हो । भ्रमबुद्धि भएको व्यक्तिले आफूले गरेको सबै मूर्खतापूर्ण कामलाई पनि ठीक छ भनी विचार गर्दछ । उसले आफ्नो गल्तिलाई देख्दैन । जसलाई पनि आफ्नो सन्तान मन परेझैं भएको मोहलाई पनि उसले प्रज्ञा नै ठान्दछ । त्यसैले वास्तवमा प्रज्ञा भनेको यस्तो हो भनेर नबुझेसम्म नै प्रज्ञा परिहानि हुनसक्छ । 'तन्नेरी अवस्थामा, त्यो पनि गुरु नभइकन ज्ञानलाभ भयो' भनी बुद्धले भन्नु हुँदा विचरा उपक परिव्राजकले विश्वास गर्न नसकेकोले नै बुद्धको पहिलो उपदेश सुन्ने अवसर गुमायो । तर पछि धेरै वर्षसम्म प्रज्ञाले घाटा परेर फेरि बुद्धको शरणमा नै आउनुपर्‍यो ।

संयुक्त निकायअनुसार आलश्यभाव प्रज्ञा परिहानिको अर्को हेतु हो, समूह जम्मा गरेर बस्नुमा सुख मान्नु, धेरै सुत्नु, अनावश्यक कल्पना गर्नु, अशान्त चित्तको हुनु, पण्डितहरूको सङ्गतको अभाव, मूर्खको सङ्गत, रिसाउनु, रोगी हुनु, डराउनु र शोक गर्नु, कामच्छन्द, व्यापाद, थीनमिद्ध, उद्धच्च कुक्कुच्च र विचिकिच्छा पनि प्रज्ञालाभको लागि परिहानि हो । बुद्धले धम्मपद (२८०) मा आज्ञा गरेका पनि छन् -

*उट्ठान कालम्हि अनुट्ठहानो,*
*युवा बली आलसियं उपेतो ।*



Downloaded from http://dhamma.digital

*संसन्न संकप्पमनो कुसीतो,*
*पञ्ञाय मग्गं अलसो न विन्दति ॥*

उठ्ने सययमा जो उठ्दैन, युवा र बलवान भएर पनि अल्छी हुन्छ, जसको मन र संकल्प बलियो छैन, यस्तो दीर्घसूत्री र अल्छि व्यक्तिले प्रज्ञाको बाटो पक्रन सक्दैन ।

## प्रज्ञा पारमिता र अन्य पारमिता

दश पारमिता गुणधर्ममध्ये प्रत्येक पारमिता बुद्धकारक गुणधर्म हो । एउटा पारमिता अर्को पारमिताको पुरक पनि हो । त्यसरी नै प्रत्येक पारमितामा प्रज्ञा पारमिताको टेवा भइरहन्छ । प्रज्ञा भएको व्यक्तिले दिएको दान महत्फल दान हुन्छ । दान पारमिता पूर्ण गर्दा चित्त स्थिर र अकम्पित बनाउन प्रज्ञा चाहिन्छ । प्रज्ञाविना दानपारमिता पूर्ण गर्न गाह्रो हुन्छ ।

सम्भव जातक (५१५) अनुसार प्रज्ञा भएको व्यक्तिको शील पनि शुद्ध हुन्छ । शान्त शुद्ध चित्त भएको समयमा मात्र प्रज्ञाको उपदेश दिन सकिन्छ । फेरि उपदेश आफ्नो नैतिक दृढताको आधारमा हुँदा मात्र दृढतापूर्वक दिन सकिन्छ । काम सुखकर सम्झिनुमा कामले दिने दुष्परिणाम देखाएर त्यसबाट मुक्त गरिदिने काम पनि प्रज्ञाले गर्दछ ।

यसरी नैष्क्रम्यपारमिता पूर्ण गर्नको लागि प्रज्ञा बलजस्तै हुन्छ । प्रज्ञाको पछिपछि जाने वीर्यले जे पनि गर्न सक्दछ । प्रज्ञा नभएको वीर्य फल नफल्ने रुखजस्तै हो । फलयुक्त वीर्यको लागि प्रज्ञा अनिवार्य हुन्छ । यही नै प्रज्ञापारमिताको वीर्यपारमितासँगको सम्बन्ध हो । प्रज्ञाको हेतुले गर्दा अरुले आफूलाई छलकपट गर्दा पनि, दुःख दिए तापनि चित्त विचलित हुँदैन ।

यसरी प्रज्ञा हुनासाथ क्षान्तिपारमिता पूर्ण गर्दा अरुहरूले निन्दा गर्दा पनि, दुःख दिए तापनि प्रज्ञा भएको कारणले सहन गर्न सकिन्छ । आफूलाई पनि अरुलाई पनि हित हुने अनुसारले सत्यपारमिता पूर्ण गर्न सकिने पनि प्रज्ञाको आधारमा हुन्छ । ज्ञान नहुँदा चित्त विचलित हुनसक्छ । प्रज्ञाज्ञान हुनासाथ चित्त विचलित हुँदैन । तब संकल्प पारमिता भएर पूर्ण हुन्छ । हितोपकार र अहितोपकारप्रति समभाव चित्त राखी मैत्री राख्न सक्नेलाई प्रज्ञाले देख्न सक्नुपर्छ । अरक जातक (१६९) अनुसार जो मैत्रीयुक्त हुँदैन ऊ



Downloaded from http://dhamma.digital

पूर्ण प्रज्ञा भएको पनि हुँदैन । त्यसैले प्रज्ञार्थीहरूले मैत्री बनाउन सक्नुपर्छ ।

प्रज्ञाज्ञानले विचार गर्न नसके कि मध्यस्तशक्ति बनाउन सकिंदैन । प्रज्ञा भएन भने लाभअलाभ, यशअपयश, निन्दाप्रशंसा, सुख दुःखले गर्दा चित्तमा विकार उत्पन्न हुन्छ । प्रज्ञा हुनासाथ यो विकार चित्त उत्पन्न नभएर अष्टलोकधर्मको जुनसुकै अवस्थामा चित्त मध्यस्थ हुन्छ, जसले उपेक्षापारमिता पूर्ण हुन्छ ।

प्रज्ञापारमिता र अन्य पारमिताको सम्बन्धमा विचार गरिसकेपछि अव यहाँ प्रज्ञापारमिता, प्रज्ञा उपपारमिता र प्रज्ञा परमत्थपारमिता विषयमा जातकीय उदारहणसहित व्याख्या हुनुपर्ने आवश्यकता देखिन्छ ।

बोधिसत्त्वहरूले आफूले सिकेर लिएको वा आफैले चिन्तन गरी प्राप्त गरेको ज्ञान र प्रज्ञा आचार्यमुष्ठि नराखी कसैसँग केही पनि आशा नराखी सबैलाई सिकाउंदछन् । फेरि बोधिसत्त्वहरूमा प्रज्ञाको अहंभाव पनि हुँदैन । न त उनीहरूमा बालमूर्खप्रति घृणा नै हुन्छन् । बोधिसत्त्वहरूले उपकारकहरूको उपकार त चिन्दछन् नै, साथै अनुपकारकहरूको लागि पनि उनीहरू उपकारक नै हुने गर्दछन् ।

आफ्नो धनधान्य आदि सम्पत्ति र छोराछोरीप्रति भएको तृष्णाबाट टाढिएर प्रज्ञा बृद्धि गर्ने नै प्रज्ञापारमिता हो । अथवा आफ्नो प्रज्ञाद्वारा परप्राणीको हित र कल्याण हुने हुनासाथ आफ्नो धनधान्य आदि सम्पत्ति र छोराछोरीको तृष्णासमेत त्याग गर्नुलाई पनि प्रज्ञापारमिता भनिन्छ । आफ्नो शरीरको हातखुट्टा र अङ्गप्रत्यङ्गसमेत वास्ता नराखी आफ्नो प्रज्ञाले आफू र अरुको हितसुख हुने काम गर्नेलाई प्रज्ञा उपपारमिता भनिन्छ । अझ साँच्चै नै भन्ने हो भने विशेष गरी प्रज्ञा उपपारमिता पूर्ण गर्ने क्रममा बोधिसत्त्वहरूले आफूमा भएको प्रज्ञाले प्राणीहरूको हित र कल्याणमा आफ्नो अङ्गप्रत्यङ्ग त्याग गरेका नै धेरै देखिन्छन् । आफ्नो जीवनको बारे समेत वास्ता नराखी प्रज्ञा सम्पादन गर्नु, विशेषतः आफ्नो प्रज्ञाले प्राणीहरूको हित सुख गराउन आफ्नो प्राणको समेत माया नराख्नुलाई प्रज्ञा परमत्थपारमिता भनिन्छ । यसैअनुसार प्रज्ञाको हेतुद्वारा अरुको धनजन र छोराछोरीको आरक्षा गर्नुलाई प्रज्ञापारमिता, प्राणीहरूको अङ्गप्रत्यङ्ग आरक्षा गरिदिनुलाई प्रज्ञा उपपारमिता र प्राणीहरूको जीवन आरक्षा गरिदिनुलाई प्रज्ञा परमत्थपारमिता भनिन्छ । यी



Downloaded from http://dhamma.digital

सारा सिद्धान्तको चरितार्थ हुने बोधिसत्त्व चर्यामध्ये यहाँ अहिले तीन चर्याको संक्षिप्त उल्लेख गरिनेछ, जुन चर्यामा यी तीनै प्रकारका पारमिताको उल्लेख भइरहेको छ ।

## विधुर जातक (५४५)

कुरु नरेश धनञ्जयको धर्मानुशासक बोधिसत्त्व विधुर पण्डित मधुभाषण र धार्मिक प्रवचनको लागि सारै प्रसिद्ध थिए । धनञ्जयपुत्र कौरव्य कुमारले पनि आफ्नो बाबुपछि राजा भएर दान शील धर्मपालन गरीबसे । तर उनलाई भने साह्रै जुवा खेल्नुपर्दथ्यो ।

यसै समयमा देवराज इन्द्र, नागराज वरुण, गरुडराज आ-आफ्नो लोकमा उपोशथ व्रत पालन गर्न बाधा भएकोले राजा कौरब्यको बगैंचामा आएर बसिरहेका थिए । फेरि आ-आफ्नो शीलको श्रेष्ठता विषयमा कुरा गरीबसे । जन्मशत्रु गरुडप्रति पनि रिस नगरी बसेको नागराजको भनाई हो- 'जसले क्रोधपात्रप्रति पनि क्रोध गर्दैन, जुन सत्पुरूषलाई कहिल्यै पनि रिस उठ्दैन, फेरि जसले रिस उठे पनि प्रकट गर्दैन, यस्ता मानिसलाई नै लोकमा श्रमण भनिन्छ ।' अगाडि नै आफ्नो आहार नाग भए तापनि भोकाएर बसेको गरुडराजले भन्यो- *'जसले भोकाएको पनि सहन्छ, जो संयम, तपश्वी र सीमित भोजन गर्ने हुन्छ, जसले भोजनको लागि पाप गर्दैन, यस्तो मानिसलाई लोकमा श्रमण भन्दछ ।'* फेरि देवलोकको ऐश्वर्य छोडिआएको इन्द्रले भन्यो - 'जसले रतिक्रिडा सारा छोडेर बस्दछ, जसले झुठो कुरा बोल्दैन, जसले भूषणादि छोडी मैथुन पनि त्याग गर्दछ, यस्तो मानिसलाई लोकमा श्रमण भनिन्छ ।'

यो विवाद जब पण्डित विधुरकहाँ पुग्यो विधुरले तीनैजनाको गुणको प्रशंसा गरे । फेरि तीनै जनालाई समानस्तरमा राखिदिए । पछि यसै सिलसिलामा इन्द्रले दिव्यवस्त्रले, गरुडले स्वर्णमालाले, नागराजाले मणिले विधुर पण्डितलाई धर्मपूजा गरे ।

यता नागराजको घाँटीमा मणि नभएको कारण बताउँदा नागभार्या विमलादेवीको पनि धर्म उपदेश सुन्ने इच्छा भयो । विधुर पण्डित अन्य उपायले नागभूवनमा पुग्दैन भनी विचार गरी उनीले भनिन् -'हे नाग श्रेष्ठ, मलाई धर्मानुसार ल्याएको विधुर पण्डितको हृदय चाहियो ।' नागराज एकातिर



Downloaded from http://dhamma.digital

विमलादेवीको यस दोहद पूर्ण गर्न नसकेकोमा निराश भयो भने अर्कोतिर उसको विचारमा यो अनुचितजस्तै ठान्यो । तर उसकी छोरी इरन्दतीले यो दोहद पूर्ण गरिदिने विचार गरिन् । तब उनीले गीत गाउन थालिन् -'म उसको भार्या हुनेछु, जसले विधुर पण्डितको हृदय धर्मपूर्वक ल्याइदिन्छ ।' यस गीत र इरन्दतीको सौन्दर्यले यक्ष सेनापति पुण्णकलाई अति नै आकर्षित पाऱ्यो । पुण्णकले इरन्दतीको अगाडि विधुर पण्डितको हृदय ल्याइदिने कबुल गरेर अनेक उपायपछि कौरव्यकहाँ आइपुग्यो । फेरि कौरव्यसँग जुवा खेल्यो ।

पुण्णकको मणिरत्न र कौरव्यको शरीर र राज्याशनबाहेक अरु सबसँग बाजि राखेर खेलेको त्यस जूवामा पुण्णक यक्षले जित्यो भने कौरव्य राजा हारे । तब पुण्णकले भन्यो- 'हात्ती घोडा मणिरत्न इत्यादि जति पनि रत्न यस पृथ्वीमा छन् तीमध्ये विधुररत्न नै श्रेष्ठ हो । मैले उसलाई जितिसकें । ऊ मलाई देऊ ।' तर राजाको तर्क हो-'विधुर पनि वास्तवमा म आफै हुँ । कारण ऊ नै मेरो शरणस्थान हो, ऊ नै मेरो गति, ऊ नै मेरो द्वीप, ऊ नै मेरो आश्रय हो । ऊ मेरो प्राण हो, त्यसैले ऊ स्वयं म नै हुँ ।'

यसरी लामो विवादपछि आखिर दुबै विधुर पण्डितकहाँ नै पुगे । विधुरले वास्तवमा न्यायको तराजु पुण्णकतिर नै झुकेको कुरा स्वीकार गरे । राजाले- 'मेरो तर्फ लागेर कुरा गरेन' भनी रिसले उनलाई लान बचन दिए । तर निर्भयी, निस्वार्थी तथा निर्द्वेषी विधुरले राजालाई अन्तिम उपदेश दिँदै भने- 'अरुको स्त्रीजातिसँग आफ्नी स्त्रीजस्तै व्यवहार नगर्नु । मीठो वस्तु आफैले मात्र खानु हुँदैन । लोकायतवादीहरूसँग संगत गर्नु हुँदैन । यसले प्रज्ञाको अभिवृद्धि हुँदैन ।' यसरी राजालाई उपदेश दिइसकेपछि आफ्नो परिवारलाई कुरा बुझाइदिन विधुरले पुण्णकसँग तीन दिनको समय लिए । श्रीमती, छोराछोरीहरू यो कुरा सुनेर क्वाँक्वाँ रुए भने साथीहरू विरहमा डुबे । जनपद र निगमदेखि आएका मानिसहरू पनि रुए । तर विधुरले अविचलित भावले सबैलाई उपदेश दिए । फेरि जब विधुर गए, उनलाई यक्षले लगेको भनी थाहा पाएपछि त झन् सबै जना विरहमा डुबे ।

उता विधुरलाई लाने पुण्णक यक्षको मनमा कुरा खेल्यो- 'विधुरलाई किन लिएर जाने, चुपचाप हृदय मात्र लगे पुगिहाल्छ नि ।' यसरी विचार गरी मार्नको लागि भैरव राक्षसको रूप देखायो । तर बोधिसत्त्व डराएनन् । फेरि



Downloaded from http://dhamma.digital

ठूलो स्वरले कराएर तर्साउन खोज्यो, तर पनि विधुर पण्डित रत्तिभर पनि डराएनन् । अन्त्यमा पुण्णकको अभिप्राय विषयमा बोधिसत्त्वलाई थाहा भयो । पुण्णकले इरन्दतीको लागि मलाई ल्याए तापनि, इरन्दतीकी आमा विमलालाई मेरो हृदय चाहियो भने तापनि वास्तवमा मेरो हृदय नै चाहिएको होइन होला । निश्चय पनि बरुणले मेरो उपदेशको प्रशंसा विमलाको अगाडि गऱ्यो होला, त्यसैले उसलाई पनि उपदेश सुन्न इच्छा भयो होला । त्यसैले हृदय चाहियो भनेको कुराको अर्थ नबुझिकन बरुणले पुण्णकलाई यसरी आज्ञा दिएको होला ।'

विधुरले फेरि पुण्णकलाई मित्रद्रोह नगर्ने उपदेश दिए । यस मित्रद्रोहको उपदेशले पुण्णकलाई यति प्रभावित पाऱ्यो कि तीन दिनसम्म विधुरको घरमा बसिसकेको कुरा सम्झेर उनलाई छोडिदिने विचार गऱ्यो । उसले भन्यो- 'म तिम्रो घरमा बसें । तिमीले मलाई खुवाउने पिलाउने गऱ्यौ । तिमी मेरो मित्र हौ । त्यसैले मैले तिमीलाई छोडिदिएं । श्रेष्ठपुत्र, तिमी आफ्नो इच्छाअनुसार घर फर्केर जाऊ । नागकूलको कुरा पूर्ण नभए पनि नहोस् । नागकन्या मलाई चाहिएको छैन । हे प्रज्ञावान, तिमी आफ्नो सुभाषितको कारणले नै मेरो तर्फबाट मुक्त भयौ ।'

बोधिसत्त्व विधुर आफ्नो प्रज्ञामा दृढ हुँदै भने- 'माणवक, मलाई तिमीले घर पठाउनुपरेको छैन । मलाई नागभवनमा नै लैजाऊ । मैले तिमीजस्तो कठोर हृदय भएकोलाई त धर्मोपदेशले प्रभावित गरी मृदुहृदय भएको बनाइदिएं भने मेरो लागि नागराजलाई पनि कोमलहृदयी बनाउन गाह्रो हुने छैन । मलाई तिमीले त्यहीं नै लैजाऊ । शायद त्यहाँ तिम्रो कार्यसिद्धि पनि हुन्छ ।'

पुण्णकले बोधिसत्त्व विधुरको प्रज्ञामा विश्वास गरी आफ्नो र विधुरको राम्रै हुन्छ भनी सम्झेर विधुर पण्डितलाई नागभूवनमा बोलाएर लग्यो । फेरि नागराज बरुणलाई धर्मानुकूलले विधुरलाई लिएर आएको कुरा पनि भन्यो ।

नागराजले बोधिसत्त्वसँग अनेक प्रश्न गऱ्यो । सबैको जवाफ बोधिसत्त्वले मधुरभाषाले दिए । 'दानग्राहक नपाएर दानपुण्य गर्न नपाउनेबित्तिकै के पुण्य गर्नुहुन्छ ?' भन्ने नागराजको प्रश्नको उत्तरमा बोधिसत्त्वले भने- 'आफूमा



Downloaded from http://dhamma.digital

आश्रित भइबसेका जति पनि धर्मपत्नी, छोराछोरी र अन्य इष्टमित्रहरू छन् उनीहरूसँग सदा वाणी र कर्मले मैत्रीयुक्त चित्त हुने पुण्य गर्नु पर्दछ।'

त्यसपछि बोधिसत्त्व विधुरलाई नागभार्या विमलाकहाँ लिएर गयो। तब स्थिर मौन भएका बोधिसत्त्व विधुरलाई नागभार्याले भनिन्- 'भयको कारणले तिमीले पूर्वअदृष्ट मानिसलाई पनि (नागभार्यालाई पनि) अभिवादन गरेनौ। यो बुद्धिमानहरूको लागि योग्य छैन।' बोधिसत्त्वले जवाफमा भने- 'हे नाग, म मृत्युभयले डराएको छुइनं, तर जुन 'वध्य' हो त्यसले न कसैलाई नमस्कार गर्छ, न कसैले त्यसलाई नमस्कार गराउंछ।'

नागभार्याले यो कुरा स्वीकार गर्नासाथ पछि स्वयं बोधिसत्त्वले नागभार्याको कुशलक्षम सोध्दै भने- 'हे नाग, तिम्रो ऋद्धि, द्युति, बल, वीर्य, उपपत्ति सारा अशाश्वत हुन्, शाश्वत होइनन्। हे नाग, म सोध्दैछु- तिमीलाई यो विमान कसरी प्राप्त भयो?' नागभार्याले- 'त्यो विमान आफ्नै निष्पाप पुण्यकर्मको फलस्वरूप लाभ भएको' भन्नासाथ बोधिसत्त्वले ऊसँग सोधे- 'हे नाग, तिम्रो के व्रत हो? तिम्रो के ब्रह्मचर्य हो? तिम्रो कुन शुभकर्मको परिणामले यी लाभ भएका हुन्?' तब 'दान र शील जस्ता शुभकर्मको परिणामले यी वैभव र शक्ति लाभ भएको' भन्नासाथ बोधिसत्त्वले उसलाई उपदेश दिए- 'यदि तिमीलाई यसरी पुण्यकर्मको फलले नै विमान लाभ भएको हो भने, तिमी स्वयंलाई नै पुण्यकर्मको फलविषयमा राम्ररी थाहा छ। त्यसैले अहिले अप्रमादी भएर धर्माचरण गर, जसले गर्दा तिमीलाई फेरि यसरी नै विमान लाभ हुनेछ।'

यसरी प्रकाश पार्दा नागभार्याले सोधिन्- 'जहाँ दान प्रतिग्राहकहरू छैनन्, त्यहाँ बसेर कसरी कस्तो पुण्यकर्म गर्न सकिन्छ?' उसलाई पनि नागराजलाईजस्तै बोधिसत्त्वले भने- 'आफूमा आश्रित भइरहेका आफ्नो पुरुष र छोराछोरी, त्यसरी नै अन्य इष्टमित्रहरूसँग जहिले पनि वाणीले र कर्मले मैत्रीपूर्ण व्यवहार गर।' तिमी यसरी मैत्रीयुक्त चित्तको भएर पुण्य गर्न सक्नेछौ।' फेरि बोधिसत्त्व विधुरले नागभार्या विमलालाई भने- 'हे नाग, संकोच मान्नु हुँदैन। म यहीं नै छु। मेरो शरीरको जुन काम लिनुपर्ने हो त्यो काम लेऊ। यदि हृदयमंस चाहिएको छ भने त्यही नै लेऊ। यदि तिमीहरूले मलाई मारेर लिन सक्दैनौ भने तिम्रो इच्छाअनुसार म आफैले नै गरिदिन्छु।'



Downloaded from http://dhamma.digital

तर जवाफमा नागराजाले भन्यो -

*पञ्ञा हवे हदयं पण्डितानं,*
*तेत्यम्ह पञ्ञाय मयं सुतुट्ठा ।*
*अनूनमामो लभतज्ज दारं,*
*अज्जेव तं कुरुयो पापयातु ॥*

पण्डितहरूको प्रज्ञा नै उनीहरूको हृदय हो । हामी तिम्रो प्रज्ञा देखेर सन्तुष्ट भइसक्यौं । पुण्णकलाई उसको जहान पाउंछ । फेरि आज नै तिमी कुरुदेशमा फर्किन सक्छौ ।

पुण्णकले आफूले इच्छा गरेझैं इरन्दती लाभ हुनासाथ उसले बोधिसत्त्व विधुरलाई आफूमा भएको कौरब्य राजासँग बाजि गरेको विचित्र मणिरत्न उपहार दियो । बोधिसत्त्वले पनि उसलाई धर्मपूर्वक दाम्पत्य जीवन बिताउने उपदेश दिए । अन्तमा पुण्णक प्रसन्न भएर बोधिसत्त्व विधुरलाई कौरब्य राज्यमा सकुशल फिर्ता राख्न ल्यायो । फेरि पनि सबैलाई धर्मउपदेश दिंदै बोधिसत्त्वले आफ्नो जीवन बिताए ।

## महाबोधि जातक (५२८)

अस्सी करोड धनसम्पत्ति र ऐश्वर्य त्याग गरी तक्षशीलाको शिल्पविद्याले निपूण भएका महाबोधि बोधिसत्त्वले परिव्राजक प्रव्रज्या लिए । फेरि धेरैवर्षसम्म हिमालयमा बसिसकेपछि महाबोधि चारिका गर्दै वाराणसी पुगे । उनको शान्त संयमित इन्द्रिय देख्नासाथ प्रसन्न भएर वाराणसी नरेशले उनलाई आफ्नो दरवारको बगैंचामा बसाए । तर बोधिसत्त्वले विचार गरे- 'दरवारमा अनेक दोष हुनसक्छ । धेरै शत्रु हुनसक्छन्,' यसरी विचार गरेर उनले राजदरवारको एउटा कुकुर पिङ्गलवर्णलाई संधै एकएक गाँस भात खुवाए ।

राजाको दरवारमा पाँचजना अर्थ र धर्म अनुशासक मन्त्रीहरू पनि थिए । ती पाँचैजना पाँच फरक वाद (सिद्धान्त) का थिए । एकजना *'प्राणीहरू संसारमा त्यसै नै जन्म हुन्छन्'* भन्ने अहेतुवादी, एकजना *'यो संसार नै इश्वरकृत हो'* भन्ने ईश्वरवादी, एकजना *'यो संसार प्राणीहरूलाई हुने यावत सुखदुःख उसको पहिले गरिआएको कर्मको कारणले हुन्छ'* भन्ने पूर्वकृतवादी, एकजना *'यसपछि अर्को लोक छैन, त्यसैले मानिसहरू मरेर यही नै लोकमा*



Downloaded from http://dhamma.digital

*उच्छेद (नाश) हुन्छ'* भन्ने उच्छेदवादी, एकजना भने *'आमाबाबुलाई मारेर भए पनि आफ्नो स्वार्थसिद्ध गर्नुपर्छ'* भन्ने क्षतविधवादी आदि थिए। फेरि उनीहरू पाँचजना न्यायको आशनमा बसेर घुस खाँदै नै धनी पनि भएका थिए।

एकदिन एकजना मानिस त्यसै अनावश्यकरूपले मुद्दामा हराइदिएकोले ठूलठूलो स्वरले कराउँदै आइरहेको थियो। फेरि उसले बोधिसत्त्वलाई देख्नासाथ 'संसार घूसले गर्दा विनाश भइरहेछ र पनि तपाईं कसरी उपेक्षावान भइबस्नुभएको' ? भनी करायो। तब बोधिसत्त्वले न्याय के गरिदिएका थिए, मानिसहरूको प्रसन्नताको आवाजले राजदरवार नै घन्कियो। परिणाम यो भयो कि राजाले धेरै आग्रह गरेर बोधिसत्त्वलाई दिनको आठ विशेष प्रकारको मुद्दा हेरिदिनुहुन आग्रह गऱ्यो। उनले मुद्दा हेर्ने कार्य गरीदिनासाथ पाँच पण्डितहरूको लाभमा हानी पुग्यो। यसरी आफ्नो द्रव्यप्यासमा बाधा भएको बदला उनीहरूले राजाको मनमा बोधिसत्त्वप्रति शंका उत्पन्न गराउन थाले। आफ्नो राज्याशन कसैले लेला कि भनी डराएको, फेरि यस भयले जुनसुकै कुरा पनि आँखा चिम्लेर विश्वास गर्ने राजाले महाबोधि बोधिसत्त्वलाई पनि राज्यधनबाट र अझ राज्यबाट पनि निकाल्ने विचार गऱ्यो। फेरि पाँचजना अमात्य ब्राह्मणहरूको सल्लाहअनुसार नै उनको अनादर गर्दै लग्यो। आश्रममा ओछ्यान भएन। मिसिएको चामलको भात दिन थाल्यो। सिंढीमा नै भिक्षा दिने गऱ्यो। अझ कनिकाको भात ढोकाबाहिर नै दिनेसम्म गऱ्यो। तर बोधिसत्त्व महाबोधि भने *'यो अश्रद्धाको यथार्थ कारण जानेर मात्र यहाँबाट जान्छु'* भनेर बसे।

उता यसरी अपमानित भएर पनि महाबोधि परिव्राजक नगएको कारणको पाँचजना अमात्यहरूले आफूतिर फाइदा हुने गरी अर्थ निकालेर व्याख्या गर्ने भ्रमको खेती गरे- *'ऊ त खानको लागि बसिरहेको नै होइन। राज्यको लागि बसिरहेको हो'* भन्नासाथ राजा झन तर्से। तब राजाले हुकुम गरे- *दरवारमा आउंदाखेरि महाबोधिलाई ढोकामा नै टुक्रिने गरी काटिदिनू।'* यसै विषयमा राजा र रानीबीच पनि कुरा भयो। जुन पिङ्गलवर्ण कुकुरले सुन्यो। तब भोलिपल्ट भिक्षाको लागि बोधिसत्त्व महाबोधि दरवारढोकातिर के आएका थिए कुकुरले भौं भौं गरी भुक्यो। तब उनी भिक्षा नलिई त्यसै चुपचाप दरवारको बगैंचामा फर्किए। राजाले यो कुरा सबै हेर्दै विचार गऱ्यो- *'यदि यो*



Downloaded from http://dhamma.digital

*साँच्चैकै मेरो शत्रु हो भने यसले अब फर्किनासाथ युद्धको तयारी गर्दछ।'* राजाले उद्यानमा गएर हेर्न गयो। बोधिसत्त्व फर्किएर जानको लागि तयार भइरहेको देखेर, मुख पुछ्नेझैं गरी राजाले- *'कहाँ जानलाग्नु भएको ?'* भन्नासाथ बोधिसत्त्वले भने- *'म बाह्र वर्षसम्म एकठाउँमा बसें तर पिङ्गलले कहिले पनि भुकेन। अब तिमी र तिम्री जहानको मप्रति श्रद्धा रहेनछ भनेर थाहा पाउनासाथ उसले रिसले भौंभौं भुक्यो।'* बोधिसत्त्वले फेरि भने - *'निकालेर पठाइनुभन्दा पहिले आफू नै पहिला गइदिनु राम्रो हुन्छ। पानी नभएको कुवाको भरोसा लिनु हुँदैन। त्यस्तो कुवा खनेर पानी नै निकाले तापनि त्यो पानी हिलोस्वाद आउने हुन्छ। हे महाराज, यदि यसरी घुम्दै जाँदा मेरो वा तिम्रो शरीर केही नभएमा सम्भव भए फेरि हाम्रो भेट हुने नै छ।'*

यसरी बोधिसत्त्व महाबोधि हिमालय प्रदेशमा फर्किए। बोधिसत्त्व जानासाथ ती पाँचजना अमात्यहरूको हातमा फेरि न्याय आइपर्‍यो। धनसम्पत्ति लुट्न पाइयो। तब उनीहरूको विचारमा बोधिसत्त्व पूर्वआशक्तिले गर्दा फेरि फर्किएर आउंछ कि भनेझैं पनि भयो। त्यसैले भ्याएसम्म उनलाई मार्न लगाउने नभ्याएमा दरवारको ढोका भए पनि सदाको लागि बन्द गरिदिने भनी राजाको कानमा महाबोधि र महारानीको पत्राचार भइरहेको कुरा पुर्‍याइदियो। महारानीको तर्फबाट राजाको गुप्त हत्या हुने कुरामा विश्वास हुनासाथ राजाले निरपराधी महारानीलाई गुप्तहत्या गराउन लगायो। महारानीको हत्या हुनासाथ उसका चारजना छोराहरूले बाबुको विरोधमा तलवार उठाए।

यस संघर्षको आवाज बोधिसत्त्व महाबोधिको कानमा पुग्यो। तब तुरुन्त नै *'म बाहेक कसैले पनि कुमारहरूलाई बुझाएर राजालाई क्षमा दिलाउन सक्दैन'* भनी विचार गरेर राजालाई जीवनदान दिन, फेरि कुमारहरूलाई पनि पापबाट बचाउन, भोलिपल्ट नै बोधिसत्त्व वाराणसीतर्फ हिंडे। बाटोमा उनलाई दिइएको भिक्षामा बाँदरको मासु पनि परेको थियो। बोधिसत्त्वले तब यसलाई नै उपदेश दिन निमित्त बनाउने विचार गरे। फेरि बाँदरको छाला मागेर लिए। त्यो छाला सुकाएर एक एक पल्ट ओढ्ने, लगाउने, कुममा राख्ने गरे भने पानी ल्याएर एकपल्ट छर्किंदै त्यस्लाई बिछ्याए पनि। तब पहिला उनले क्रुद्ध भएका कुमारहरूलाई उपदेश दिएर संयमित गरे। त्यसपछि राजाको दरवारको बगैंचासम्म गए।



Downloaded from http://dhamma.digital

बोधिसत्त्व महाबोधि आएको खवर थाहा पाउनासाथ राजा आफ्ना पाँच अमात्यहरूसँग बगैंचामा आए। राजाले महाबोधिसँग कुशलक्षेम सोधे। तर बोधिसत्त्वले भने राजासँग कुरा नगरी बाँदरको छालामा मात्र हातले सुमसुम्याउँदै बसे। त्यसैले राजाले सोधे- 'भन्ते, तपाईले मलाई किन वास्ता नगरी बाँदरको छालामा मात्र सुमसुम्याउँदै बस्नुभयो। किन त्यो मभन्दा पनि अति नै ठूलो हो कि ?'

बोधिसत्त्वले जवाफ दिए-'हो महाराज, यो बाँदर मेरो ठूलो उपकारी हो। म यसको शरीरमा बसेर घुमें। यसले मलाई पिउने पानी गाग्रो ल्यायो। यसले मेरो निवासस्थान सफा गऱ्यो। यसले मेरो सामान्य सेवा गऱ्यो। मैले आफ्नो चित्तको दुर्बलताको कारणले गर्दा यसको मासु खाएँ। छाला सुकाएर त्यसमा बसिरहेको छु, सुतिरहेको छु। यसप्रकार यो मेरो साँच्चै नै उपकारी हो।'

बोधिसत्त्वले यसरी भनेको कुरामा ठूलो आन्तरिक अर्थ लुकेको थियो। छाला शरीरमाथि एकपल्ट ओढेकोलाई नै शरीरमा बसेर घुमेको छु, छाला कुममा राखी त्यसमा पानी राखेर ल्याएकोलाई नै पिउने पानी ल्याएको छु, छालाले जमिनको धुलो टकटकाएकोलाई नै निवासस्थान सफा गरेको छु, सुत्दा ढाडमा र उठ्दा खुट्टामा छुएकोलाई नै सामान्यसेवा गरेको छु, भिक्षामा दिएको मासु खानु परेको नै आफ्नो दुर्बलताले गर्दा यसको मासु खाएको छु भनी भनेका थिए।

तर यो अभिप्राय: नबुझ्ने पाँचजना अमात्यहरूले यो कुरा सुन्नासाथ तालि बजाएर उनलाई हाहा गरी उपहास गरे। वास्तवमा त बोधिसत्त्वलाई यही नै स्थिति ल्याउनुपरेको थियो। बोधिसत्त्वले-*'किन तिमीहरूले मलाई यसरी उपहास गरेको ?'* भन्नासाथ उनीहरूले भने- *'तिमी मित्रद्रोही हौ। तिमीले प्राणीहत्या पनि गऱ्यौ।'* तब बोधिसत्त्व महाबोधिले भने- *'तिमीहरू जस्तैले र तिमीहरूको जस्तै मतमा श्रद्धा राख्नेहरूले यस्तो काम गऱ्यो भने त्यसमा पश्चाताप मान्नुपर्ने कारण नै के छ र ?'*

अहेतुवादीको मुख हेरेर बोधिसत्त्वले भने- 'यदि तिम्रो भनाइअनुसार संसारमा जे जति, त्यसमा सारा त्यसै नै हुन्छ, अनिच्छाले नै करणीय वा अकरणीय कार्यहरू हुने हो भने मैले कसरी बाँदर मारेको हुन्छ ? त्यसै पनि



Downloaded from http://dhamma.digital

मर्नुपर्ने, मेरो तर्फबाट पनि त्यसै मार्नेकार्य हुन गयो, यसमा कहाँ हिंसा हुन्छ ? यदि तिम्रो 'संसारमा हुनुपर्ने कामकुरा त्यसै हुनुपर्ने अनुरूप हुन्छ' भन्ने मत कल्याणकारी हो, अकल्याणकारी होइन भने फेरि तिम्रो यो उपदेश यथार्थ हो भने तिम्रो लागि त मेरो तर्फबाट बाँदरको हत्या भएकै छैन । जे भयो, त्यसै हुनुपर्ने भयो, ठीकै भयो । यदि तिम्रो मत ठीक छ भने तिमीले मेरो कामको निन्दा गर्नु हुँदैन । मेरो निन्दा गर्ने हो भने तिम्रो मतलाई नै तिमीले पहिला ठीक छैन भन ।'

बोधिसत्त्वले उसलाई निरुत्तर गरिसक्नुभएपछि ईश्वरवादीको मुख हेरेर भने-

*इस्सरो सब्बलोकस्स, सचे कप्पेति जीवितं ।*
*इद्धिव्यसनभावञ्च कम्मे कल्याणपापकं ।*
*निद्देसकारी पुरिसो इस्सरो तेन लिप्पति ॥*
*सचे अत्थो च धम्मो च कल्याणो न च पापको ।*
*भोतो चे वचनं सच्चं सुहतो वानरो भया ॥*
*अत्तनो चे हि वादस्स अपराधं विजानिय ।*
*न मे त्वं गरहेय्यासि भोतो वादो हि तादिसो ॥*

यदि ईश्वरले नै सम्पूर्ण संसारको जीविकाको व्यवस्था गर्ने हो भने, यदि उसको नै इच्छाअनुरूप मानिसहरूलाई ऐश्वर्य पाइने हो भने, उनीहरूलाई विपत्ति आउने हो भने, उसले नै राम्रो नराम्रो गर्ने हो भने, यदि मानिस खालि ईश्वरको आज्ञा मान्ने हो भने यहाँ पनि ईश्वर नै दोषी ठहरिन्छ । ईश्वरले नै बाँदर मारेको हो, मैले मारेको होइन । यदि तिम्रो मत ठीक छ भने मेरो कामको निन्दा तिमीले गर्नु हुँदैन । मेरो निन्दा गर्ने हो भने तिम्रो मतलाई नै तिमीले पहिला ठीक छैन भन ।

फेरि पूर्वकृतवादीको अनुहार हेरेर बोधिसत्त्वले भने-'यदि पूर्वकृत कर्मको कारणले नै यहाँ सारा सुखदुःख हुने हो भने, यदि यहाँको पापकर्म पुरानो पापकर्म ऋणमुक्तिको कारण हुने हो भने, यहाँ कसलाई के पाप लाग्छ भन्ने हुन्छ ? यदि तिम्रो मत ठीक छ भने तिमीले मेरो कामको निन्दा गर्नु हुँदैन । यदि मेरो निन्दा गर्ने हो भने तिम्रो मतलाई नै पहिला तिमीले ठीक छैन भन ।



Downloaded from http://dhamma.digital

उच्छेदवादीको अनुहार हेर्दै बोधिसत्त्वले भने-'यहाँ लिनेदिने केही पनि छैन भने, यहीं नै प्राणीहरू उच्छेद भएर जाने, कोही परलोक जाने भन्ने छैन भने, फेरि तिमीले मेरो निन्दा किन गरिराखेको ? पृथ्वी आदि चार महाभूतले नै प्राणीहरूको रूपको उत्पत्ति हुन्छ भने, फेरि कहाँ रूपको उत्पन्न हुँदो हो त्यहीं नै विलीन भएर जान्छ । जीव यहाँसम्म मात्र जीवित हुन्छ, मरेर विनष्ट भएर जान्छ । पण्डित र मूर्ख साराको यहीं नै उच्छेद भएर जान्छ । यदि सत्य यस्तै नै हो भने यहाँ कसलाई पाप लाग्छ भन्ने हुन्छ ? यदि तिम्रो मत ठीक छ भने तिमीले मेरो निन्दा गर्नु हुँदैन । मेरो निन्दा गर्ने हो भने पहिला तिमीले आफ्नो मतलाई नै ठीक छैन भन ।'

फेरि क्षतविधवादीको अनुहार हेरेर बोधिसत्त्व महाबोधिले भने - 'आयुष्मान, यहाँ तिम्रो मत हो कि आमाबाबु मारेर पनि आफ्नो स्वार्थसिद्ध गर्नुपर्छ । फेरि तिमीले मलाई किन गिज्याएको ? आफूलाई आफैले पण्डित सम्झिने मूर्ख क्षतविधहरूको वचन हो- आमाबाबु र दाजुभाइ मार, त्यसरी नै जरुरत पर्‍यो भने छोराछोरी र पत्नी पनि मार, तर मेरो मत हो जुन रुखको छहारीमा बसेको छ, सुतेको छ, त्यस रुखको एउटा हाँगो पनि भाँच्नु हुँदैन । मित्रद्रोह पाप हो । तिम्रो मतअनुसार त आफूलाई मात्र चाहियो भने आफूलाई छहारी दिने रुखको हाँगा त के त्यस रुखको जरादेखि उखेलेर पठाउनुपर्छ । त्यसो हो भने मलाई पाथेय्य (यात्रा खर्च, आहार) चाहिएकोले मेरो तर्फबाट जुन बाँदरको हत्या भयो त्यो ठीक नै छ । त्यसैले तिम्रो मत ठीक छ भने तिमीले मेरो निन्दा किन गर्‍यौ ?'

यसरी पाँचैजना पण्डितहरूलाई पनि मुखभरि जवाफ दिएर आफूले बाँदरको हत्या नगरेको र बाँदरको छालासम्बन्धी कुरा राजालाई बुझाइदिएको कुरा स्पष्ट पारे । फेरि राजालाई भने -*'महाराज तपाईले यस्ता पाँचजना राष्ट्र लुटाहाहरूका कुरा सुनेर बस्नुभयो । तपाई कतिसम्मको मूर्ख ! यस्ता मानिसहरूको संगतले नै मानिसहरूले यस लोकमा पनि परलोकमा पनि ठूलो दुःख भोग्नुपर्ने हुन्छ । अहेतुवादी, ईश्वरवादी, पूर्वकृतवादी, उच्छेदवादी फेरि क्षतविधवादी यी दुनियांमा असत्पुरुष हुन्, जसले वास्तवमा मूर्ख भएर पनि आफूलाई आफैले पण्डित सम्झिन्छन् । यिनीहरूले आफैले पनि त्यस्तै पाप गर्दछ । अरुको तर्फबाट पनि त्यस्तै पाप गराउँछन् । यस्ता असत्पुरुषहरूको संगतिले दुःख*



Downloaded from http://dhamma.digital

*उत्पन्न गर्ने र तीतो फल दिने हुन्छ। यिनीहरू भेंडाको रूपमा बस्ने स्यालजस्तै हुन् जसले भेंडाको बथानमा बसेर भेंडा खाँदै बस्छन् ।'*

बोधिसत्त्व महाबोधिले फेरि राजालाई उपदेश दिए-'जसले फलफल्ने रुखको हाँगा भाँच्छ उसले त्यो रुखमा फलेको फलको स्वादको मूल्य नै बुझ्दैन। अझ उसले त्यस्तो रस दिने फलको बीउसमेत नष्ट गर्दछ। यसरी नै महानवृक्षजस्तै राष्ट्रको जसले अधर्मपूर्वक शासन गर्दछ, उसले उसको मूल्य थाहा पाउँदैन फेरि उसले राष्ट्रसमेत नष्ट गर्छ। जो अधार्मिक राजाले निरपराधी भार्याको हत्या गर्छ, ऊ नर्कमा पर्छ फेरि उसका छोराहरू स्वयं नै उसको विरोधी हुन्छन् ।'

त्यसपछि राजकुमारहरू चारैजना बोलाएर उनीहरूकै अगाडि राजाको अपराध विषयमा भनेर बोधिसत्त्वले राजालाई राजकुमारहरूबाट क्षमा दिलाए। पछि राजालाई भविष्यमा यस्तो दुस्साहस नगर्ने विषयमा सतर्क गराए। राजाले उनीहरूको कुरामा लागेर नै बोधिसत्त्वप्रति र देवीप्रति पापकर्म गर्न पुग्यो भनी उनीहरू पाँचैजना अमात्यहरूलाई मार्न लाग्यो। तर बोधिसत्त्वले रोके। फेरि राजाले उनीहरूको हातखुट्टा मात्रै भए पनि काटिदिने भनी भन्यो, यो पनि बोधिसत्त्वले हुन दिएनन्। अन्तमा राजाले उनीहरूलाई केश खौराएर, गोबर पोतेर अपमान गरेर देशनिकाला गरिपठाए। अन्तमा बोधिसत्त्व पनि केही दिन त्यहाँ बसेर राजालाई अप्रमादी हुने उपदेश दिंदै हिमालयमा गए। त्यहाँ बोधिसत्त्व महाबोधि ध्यान अभिज्ञा लाभ गरेर ब्रह्मविहारको भावना गर्दै ब्रह्मलोकगामी भए।

## महोषध जातक

बौद्धप्रज्ञाको कथात्मक व्याख्या प्रस्तुत गर्ने बौद्धवाङ्मयमा अनेक चरित्र छन्। फेरि यी अनेक चरित्रमध्ये प्रत्येक चरित्रले कति स्पष्ट बौद्धप्रज्ञाको विभिन्न स्वरूपमध्ये एउटा पक्षको स्वरूपमा स्पष्टता ल्याउँछ, त्यति एउटै बौद्धचरित्रले सारा बौद्धप्रज्ञापक्षको स्वरूप स्पष्टता ल्याउँदैन। त्यसैले पनि अनेक चरित्रले बौद्धप्रज्ञाको भिन्नभिन्न पक्षको कथात्मक व्याख्या सम्भव छैन। त्यसैले प्रज्ञापक्षको तेश्रो एउटा अर्को जातक महाउम्मग्ग जातकको कथात्मक व्याख्या भिक्षु अनुरुद्धद्वारा गरिएको अनुवाद महोषध महाजातकको



Downloaded from http://dhamma.digital

सारांश पढ्नु लाभदायी हुने देखिन्छ ।

महोषध जातक जातकीय उद्‌बोधनको शव्दमा पढेमा गम्भीर प्रज्ञा, प्रमुदितप्रज्ञा, तत्क्षणप्रज्ञा, तीक्ष्णप्रज्ञा, दुष्करप्रज्ञा, निर्वेदप्रज्ञा, परोपवादमर्दनप्रज्ञा र महाप्रज्ञाको कथा हो । फेरि बौद्धप्रज्ञापक्ष कति बहुजन हितवादी र बहुजन सुखवादी हुन्छ, कति न्याय, करुणा, सेवा, पवित्रता र अनुशासनसंयुक्त हुन्छ, फेरि कति कसरी तृष्णाभिभूत नहुने हुन्छ- यी सारा कुराको रमाइलो व्याख्या नै महोषध चरित्र हो । साथै अबौद्धप्रज्ञा कति इर्ष्या, द्वेष, स्वस्वार्थ, कुनियत र लोभ तृष्णाले ग्रसित हुन्छ, फेरि यसको लागि कति अबौद्ध पण्डितहरू बहुरूपी हुन्छन्, कतिसम्म फूलबुट्टा भरिएको हुनसक्छ भन्ने कुरा अगाडि राखेर नै बौद्धप्रज्ञाको निर्वेद निस्वार्थ भाव स्पष्ट गर्दछ ।

बोधिसत्त्व महोषधले आफ्नो शैशवकालमा नै आफ्नो हजारजना साथीहरूसँग मिलेर रमाइलो गरी खेल्न पोखरी बगैंचा भएको क्रिडाशाला, अनाथालय, प्रसूतिगृह, धर्मशाला र अतिथिभवन र बस्तु संरक्षणगृह बनाए । यही नै कृति वास्तवमा भन्ने हो भने बौद्ध पण्डितको आधारशीला हो ।

महोषधको लोकसेवाको कीर्तिकथाले पण्डित खोजिरहेको विदेह राजालाई अत्यन्त आकर्षित गऱ्यो । तर राजाको महामन्त्री सेनकले यसलाई विकर्षित गर्न धेरै कोशिस गऱ्यो । महामन्त्री सेनकको अगाडि नै महोषधले अनेक आफ्नो चमत्कार देखाए । चीलसँग भएको मासुटुक्रा चीलको छाँयासँग दौडिएर छालातल पुग्नासाथ बेस्सरी कराएर झारिलिए । एकजोडि गोरूप्रति मेरोमेरो भनी झगडा गर्दै हिंडेकाहरूलाई उनीहरूले गोरूलाई खुवाएर ल्याएको कुरा सनेपछि आफूले बालाचि बोटको पातको रस पिलाएर गोरुहरूलाई छेर्न लगाएर वास्तवमा गोरु कस्को हो भन्ने झगडा छिनिदिए । एउटै जन्तरमा एउटी गरीब वृद्धाको र एउटी तरुनीको दावीलाई उनीहरूले जन्तरमा कुनकुन तेल लगाइएको छ भनी उनीहरूसंगै सोधेपछि पानीमा जन्तर डुबाएर गन्ध निकालेर सुंघ्न लगाए । धागोको एक डल्लोमा दुई जनाले मेरोमेरो भन्ने झगडामा धागोडल्लोभित्र रहेको भित्रीकाठद्वारा सर्वमान्यरूपले सत्य अगाडि राखिदिए । एउटै बच्चालाई दुइटी महिलाहरूले मेरो बच्चा भनी भनेकोमा बच्चालाई दुबैले दुबैतिर तान्न लगाउनुभएर मातृत्वको मायामा न्याय प्रदान गरे । गोतकालको पत्नी दीघताललाई दीघपिट्ठि भगाएर लान खोज्दा निस्केको



Downloaded from http://dhamma.digital

झगडामा नाउँ, गाउँ र कुरा दुबैलाई एकाएकातिर राखी सोधेर वास्तविकताको रहश्य उद्घाटन गर्दै नैतिक प्रेमको न्याय जिताइदिए ।

तर यसरी अनेक तत्क्षणप्रज्ञा र तीक्ष्णप्रज्ञाको दसी प्रमाण प्रकट भए तापनि महामन्त्रीले महोषधलाई दरवारमा भित्रचाउनेमा बाधा दिई नै रह्यो। विदेहराजाले अनेकप्रकारले महोषधको बुद्धिको परीक्षा गऱ्यो । सारा परीक्षामा दुष्करप्रज्ञाको कारणले महोषध उत्तीर्ण भए तापनि अहंयुक्त गर्वले जुँगा मुसारेर भूँडी ढल्काएर हिंड्ने चारजना पण्डितहरूले राजाको मङ्गल घोडाको खुट्टा भाँचिदिएसम्म राजालाई महोषधको मुख देख्नाले अमङ्गल हुने धम्कि दिए । तर त्यसो भए पनि चारजना पण्डितहरूले आखिरमा महोषधको लागि दरवारको ढोका बन्द गर्न सकेनन् । महोषध दरवारमा भित्रियो । अझ केही समय नबित्दै आफ्नो प्रज्ञाको चमत्कारले आफ्ना हजारजना साथीहरूका लागि समेत दरवारको ढोका खोलिदिनमा उनी सफल भए । उदुम्बराको सौन्दर्य र यौवनमा संकीर्ण आँखाले हेर्दा पनि महोषधले कुलक्षण र सुलक्षण स्वर्ग र पातालजस्तै फरक छ भनिदिए । यसले गर्दा उदुम्बरा महारानी मृत्युदण्डबाट मुक्त भयो । यता महोषधलाई स्वयं उदुम्बरा महारानीले भाइको रूपमा नाता जोडिन् ।

एकपल्ट प्रज्ञा र भवभोगमा कुन ठूलो भन्ने विषयमा विवाद भयो । विदेहराजाको प्रमुखमन्त्री सेनकको भनाई हो -'लोकमा प्रज्ञा केही नभए तापनि हातमा कुनै शिल्प नभए तापनि, जातमा नीच नै भए तापनि धनदौलत हुनासाथ पुग्दछ ।' सेनकको यस भनाईमा उसको सम्पन्न कुलको संस्कार समाहित भएकाछन् । साथै त्यसै देशको गोविन्द नामक महाजनको सुख ऐश्वर्यको प्रमाण उसको हृदयमा गाडिएको थियो । गोविन्द महाजन अति नै कुरूप, त्यसै गरी ज्ञान भएको पनि होइन । उसले कुरा गर्दा ऱ्याल नै तुरुर झर्ने गर्थ्यो । तापनि उसको दायाँबायाँ दुइटी राम्री तरुनी जहानहरू बसेर उसको मुखको ऱ्याल नीलकमलले थापेर लिने गर्दथे ।

महोषधको भनाई हो -'त्यस्तो ऐश्वर्य मूर्खहरूसँग धेरै अड्दैन । किनकि उनीहरूको मन आकाश र हावाको धार नहेरी मनपर्दो ठाउँमा प्रमुदित भएर दौडिरहन्छ । फेरि वास्तवमा भवभोग सम्पत्ति भनेको राम्रो छाँयाजस्तै मात्र हो, जुन स्थीरले बसिरहँदैन । जब प्रज्ञाहीन मानिसहरू भवभोगबाट च्यूत



Downloaded from http://dhamma.digital

भए कि वालुवामा परेको माछाजस्तै छटपटिन्छन् । प्रज्ञा र भवभोग दुईमा कुन श्रेष्ठ भन्ने विवादमा अन्तमा महोषध पण्डितको नै विजय भयो ।

पछि महोषधको अमरादेवीसँग विवाह भयो । आफैले खोजेर योग्यसँग विवाह गरी ल्याउँदा महोषध झन बलियो हुनेभयो भनी सोचेर चारजना पण्डितहरूलाई निद्रा लागेन । एकपल्ट त झण्डै महोषधलाई राजकुलको अनेक वस्तुको चोरीको आरोप लगाएर विनष्ट गर्न लागेका थिए । तर अमरादेवीको बुद्धिमत्ताले गर्दा चारजना पण्डितहरूकै इज्जत बरबाद हुनुपऱ्यो । तर यति भयो भनेर उनीहरू कहाँ चुपलागेर बसे र ? एकदिन राजाको मनमा महोषधले राज्याशन नै खोसेर लिन लाग्यो भन्ने शंका वीजारोपण गरिदिए । उनीहरूले प्रमाणको रूपमा यो पनि भन्यो-'महोषधले यो इच्छा अत्यन्त गुप्त गरिराखेको छ । उसको सिद्धान्त नै गुप्तकुरा कसैलाई पनि बताउनु हुँदैन' भन्ने हो ।

राजाले साँच्चै महोषध आउनासाथ सबैसँग यो कुरा सोधे- 'गुप्त कुरा कसलाई बताउनु हुन्छ ?' सेनकले भन्यो -'गुप्तकुरा पनि अत्यन्त विश्वासी कुनै साथीलाई बताउनु हुन्छ ?' पक्कुसले भन्यो- 'साँच्चै हितचित्त मिलेको भएमा गुप्तकुरा आफ्नो भाइलाई भन्नुहुन्छ ।' कामिन्दले भन्यो- 'गुप्त कुरा भए पनि आफ्नो कुरा मान्ने, आफूले भनेझैं भएको छोरालाई बताउनु हुन्छ ।' देविन्दले भन्यो- 'गुप्तकुरा कसैलाई भन्न नहुने भएमा मुख बलियो भएकी आमालाई बताउनु  हुन्छ ।' तर महोषध पण्डितको भनाई हो- 'गुप्तकुरा कसैलाई पनि भन्नु हुँदैन । होइन भने त्यो काममा विघ्न हुनसक्छ ।'

महोषधको कुराले राजाको मनमा भएको शंकाको पुष्टि भयो । तब राजाले महोषधको हत्या गरिपठाउनुमा नै धैरै असल हुने ठान्यो । यता महोषध पण्डितले राजाले त्यसरी प्रश्न गरेको कारण जान्ने विचार गरे । यसको लागि चारजना पण्डितहरूको धारणाभित्र रहेको आधार जान्ने पनि महोषधले विचार गरे ।

चारजना पण्डितहरू महोषध मार्ने खुशीमा आँखाले केही पनि देखेनन् । चारैजना एउटै टेबुलमा बसेर खुशियाली मनाइबसिरहे । त्यस टेबुलमुनि भने महोषध बसिरहेका थिए । राजाले महोषधको हत्या गर्न तलवार नै सुम्पेर पठाइसकेको कुरा पनि बताए । कुरैकुरामा उनीहरूले राजा अगाडि गुप्तकुरा कसलाई विश्वास गर्नयोग्य छ भनेको हो त्यो आ-आफ्नो कल्पना हो कि



Downloaded from http://dhamma.digital

यथार्थले नै भनेको हो भन्ने प्रश्न पनि ती पण्डितहरूको अगाडि खडा भयो। आ-आफ्ना साथीहरूलाई विश्वास गरी उनीहरूले आ-आफ्नो धारणाको आधार आ-आफ्नो अनुभव भएको कुरा पनि बताए।

सेनकले भन्यो -'मैले नगरकी एउटी वेश्यासँग दुराचार गरें। उसलाई मारेर उसको गरगहना पनि लिएं। यो रहश्य मेरो एकजना साथीलाई थाहा छ। तर उसले आजसम्म कसैलाई पनि बताएको छैन। त्यसैले मैले गुप्तकुरामा साथीलाई विश्वास गर्नुहुन्छ भनेको हुँ।' पक्कुसले भन्यो -'मेरो तिघ्रामा कुष्ठरोग छ। मेरो भाइले एकैबिहान उठी त्यसमा औषधी गरिदिन्छ। मेरो त्यसै तिघ्रामा टाउको राखेर कतिपल्ट त राजा नै सुतिसक्यो। तर यो रहश्य मेरो भाइले रहश्य नै गरिराखेको छ। त्यसैले मैले भाइलाई विश्वास गर्नु हुन्छ भनेको हुँ।' कामिन्दको भनाई हो -'म अमावश्यपिच्छै पागल हुन्छु। तर मलाई मेरो छोराले पागल हुने दिन कोठामा थुनेर ढोका बाहिर बाजा बजाइदिन्छ। यो रहश्यमय काम मेरो छोराले कसैलाई पनि भनेन्। त्यसैले मैले छोरालाई विश्वास गर्नयोग्य भनेको हुँ।' देविन्दले भन्यो -'मैले लक्षण सम्पन्न माणिक्य एउटा चोरेर आमालाई दिइराखें। यो कुरा मेरी आमाले कसैलाई भनिनन्। त्यसैले मलाई विश्वास भएको हो - गुप्तकुरा आमालाई भन्दछन्।'

यसरी चारैजनाको धारणाभित्रको रहश्य जानिसकेर महोषध आफ्नै घर फर्किए। उता राजाबाट महारानी उदुम्बराले महोषधको हत्या हुने कुरा थाहा पाउनासाथ रोटीभित्र चिट्ठी राखेर सूचना गरिपठाइन्। भोलिपल्ट महोषध अति नै सतर्क हुँदै दरवार गए। टाढैबाट राजा देख्नासाथ रथबाट उत्रिएर उहाँले विनम्रताका साथ नमस्कार गरे। राजाको मनमा कुरा खेल्यो यतिका विनम्र र निश्चल देखिने महोषध पण्डित कसरी मेरो शत्रु हुन्छ ? महोषध पण्डित राजाको नगिच पुग्नासाथ राजाले महोषधको विषयमा केही सोध्यो। उनले आफूलाई मार्न षडयन्त्र गरिराखेको कुरा राजालाई स्पष्ट भने। राजाले यो रहस्य प्रकट भएको उडुम्बरा महारानीबाट भएको होला भनी रिसले महारानीलाई हेर्‍यो। तर महोषधले तुरुन्त भने -'मैले त भने नि महाराज गुप्तकुरा कसैलाई पनि भन्नु हुँदैन। मेरो हत्याको कुरा त छोडौं, महारानीले भनेर थाहा पाउनु भयो होला। तर महाराज, मैले यी चारजना पण्डितहरूको



Downloaded from http://dhamma.digital

आ-आफ्ना विश्वासको आधारको रहस्य कसरी थाहा पाएं हुँला ? शालबगैंचामा वेश्यालाई मारेर धन लुट्ने सेनक ज्यानमारा हो । म साक्षि बकाउन उसको साथी ल्याउन सक्छु, जसले आजसम्म यो कुरा कसैलाई पनि भनेन । पक्कुस मन्त्री तिघ्रामा कुष्ठरोग भएको व्यक्ति हो, जुन कुरा उसको भाइले आजसम्म कसैलाई भनेन । कामिन्द मन्त्री महिनाको एकचोटी पागल हुने व्यक्ति हो, जुन उसको छोरा मात्र जान्दछ । देवेन्द्र मन्त्री राजपरम्पराको माणिकरत्न चोर हो । उसले त्यो रत्न आफ्नी आमालाई दिइराखेको छ ।'

यसरी सारा रहस्य प्रकट हुनासाथ चारजना दुष्टचित्त भएका मन्त्रीहरूलाई पनि जेलमा थुनी दण्ड दिने भनि राजाबाट आज्ञा भयो । तर महोषध पण्डितले गुप्तकुरा पूर्ण नभएसम्म कसैलाई पनि सुनाउनु नहुने कुरा प्रमाणित भएको विषय खुलस्त पारेर चारजना पण्डितहरूलाई पनि क्षमा दिन लगाए ।

यसरी दरबारमा रहेका अबौद्ध पण्डितहरू दमन गरिसक्दा नै फेरि विदेह राजाकहाँ एउटा राजनैतिक समस्या आयो । उत्तर पाञ्चालमा चुलनी राजाले बत्तीसवटा राज्य जितिसकेपछि पनि महोषधको कारणले गर्दा विदेह राज्य जित्न सकेन । तब आफ्नी छोरी पाञ्चाल चण्डीको रूप र सौन्दर्यको बयान विदेह राजाको कानमा पुऱ्यायो । फेरि मैत्रीसन्धी गरी छोरी दिने इच्छा पनि चुलनी राजाले प्रकट गरे । तर निर्वेदप्रज्ञा भएको महोषध एकैचोटी खुशी भएनन् । यसको यथार्थता अध्ययन गरे । वास्तवमा चुलनी राजाले विदेह राजालाई बोलाएर बाघ थुनेझैं थुनेर राज्य जित्न खोजेको कुरा पनि थाहा पाए । यता राजालाई चाहिं जति भने पनि यस कुराबाट विश्वास नभएकोले महोषध पण्डित आफू पहिला गएर विवाहको तयारी गर्न गए । फेरि दरबारदेखि विवाह मण्डपसम्म बनाउँदैछु भन्दै राज्यसीमा बाहिरसम्म चुलनी राजाको सुरुंगदेखि शाखा सुरुंग बनाउन दिए ।

राजा विदेहको राजकुमारी पाञ्चाल चुलनी विवाह गर्न शानदार राजयात्रा भयो । तर विवाह नक्षत्र के हेर्न लाग्यो, बत्तीस राजाहरूले सपनाजस्तै विदेह राजालाई घेरा दिए । शत्रुसेना देखेर राजाको हंसले ठाऊँ छोड्यो । शत्रुको हातमा परेकाहरूले शत्रुतर्फबाट हुने अचिन्तनीय कष्टमुक्तिको लागि विचार गर्नासाथ सेनक पण्डितले भन्यो -'झ्याल बन्द गरेर घरमा आगो



Downloaded from http://dhamma.digital

लगाउनुपर्छ, तब उसले उसलाई, उसले उसलाई मारेर सबै छिटै मरिजानुपर्छ ।' पक्कुस पण्डितले भन्यो- 'विष खाएर सबै मर्नुपऱ्यो ।' कामिन्द पण्डितले भन्यो- 'घाँटीमा पासो राखेर छिटै सबै मर्नुपऱ्यो ।' देविन्द्र पण्डितले मात्र सेनक पण्डितको कुरामा नै सही थाप्यो । यसरी अबौद्ध प्रज्ञावानहरूले पहिला भ्याएसम्म आफूलाई फाइदा पुऱ्यायो । पछि नसक्नासाथ अरुसहित आफू पनि घाँटीमा बाँधेर मरेर मारेर जाने विचार गरेकाले राजा विदेहलाई उनीहरूको पाण्डित्याईं केराको थामजस्तै फुस्रो लाग्यो ।

यसरी मृत्युभयले हंस ठाउँ छाडिबसेका राजासहित चारजना मन्त्रीहरूलाई महोषध पण्डितले आश्वासन दिए । फेरि उनीहरूलाई सपनाजस्तै गरी सुरंगभित्र लगे । उता महोषधको मानिसहरूले चुलनी राजाकी आमा, पत्नी, छोराछोरीहरूलाई राजाले जितेको विजयउत्सवमा जान भनी खास मार्ग त्यही सुरुंगमा ल्याए । तब महोषध पण्डितले राजालाई सुरुंगको बाटोबाट नदीकिनारमा भएको डुंगामा पुऱ्याएर भने -'यो तपाइको सासु, यो पाञ्चालचण्ड भाइ र यो पाञ्चाल चण्डी तपाईकी मन परेकी हो ।' यति भनेर उनीहरूप्रति राम्रो व्यवहार गर्ने कुरा बताएर उनीहरूलाई भगाएर महोषध पण्डित आफू चार महिना सुरंग बनाउने छ हजार सहयोगीहरू भएको ठाउँमा फर्किए ।


उता राजा चुलनी आफ्नो काम असफल भएकोले रिसले चूर भए । तर निर्भयी र निर्वेद प्रज्ञावान पण्डित महोषधले राजाको अगाडि यथार्थ कुरा बताएर फेरि सबै भागिसकेको कुरा पनि बताए । रिसले महोषध पण्डितलाई र उसको सेनालाई कठोर दण्ड के दिन लागेको थियो महोषधले भने -'मलाई जस्तो व्यवहार गऱ्यो, उसको आमा, पत्नी, छोराछोरीहरूलाई पनि त्यस्तै व्यवहार गरिनेछ ।' फेरि रिसले अन्धो नहोस् भन्नका लागि राजाकी रानीको रूप र सौन्दर्यको खुव वर्णन गरे । तब राजाको मनले आफ्नी महारानी मारे तापनि तिमीलाई बांकिराख्दिन भन्न सकेन । महोषध पण्डितको मनोवैज्ञानिक प्रयोग सफल भयो । राजाले आफ्नी आमा र महारानीलाई फर्काउने कुरा गरे । महोषधले पछि विदेह राजा र चुलनी राजाका मन्त्री बीच सन्धीको कार्य गरिदिए । ससम्मान चुलनी राजाकी आमा र पत्नी छोराछोरीलाई फिर्ता दिए । विदेह राजालाई पनि राजकुमारी पाञ्चाल चण्डी विवाह गरिदिए । महोषधको यस्तो आश्चर्य र अद्‌भूत प्रज्ञा पराक्रम देखेर राजा चुलनीले भने-



Downloaded from http://dhamma.digital

*'महोषध यतिका प्रज्ञावान भएर पनि तिमीले राज्य किन लिएनौं ?'* तब महोषध पण्डितले जवाफ दिए- *'मैले चाहेमा सबै जम्बूदीपको राज्य लिन सक्दछु । तर अरुलाई मारेर ऐश्वर्य लिने कामलाई पण्डितहरूले प्रशंसा गरिराखेको छैन ।'*

वास्तवमा यही नै बौद्धप्रज्ञाको आदर्श हो । फेरि महोषध पण्डितले कति दुष्टहरूलाई क्षमा दिए, कति त स्वयं आफू राग, द्वेष र मोहले निर्लिप्त भई देखाए भने कति प्रज्ञाद्वारा आफ्नो र अरुको ज्यूधन र जीवनको समेत आरक्षा गरे । यस्लाई नै प्रज्ञापारमिता, प्रज्ञा उपपारमिता र प्रज्ञा परमत्थपारमिताको कथात्मक व्याख्या हो ।





*महान त्रिसंयोग पूर्ण वैशाख पूर्णिमा*
*बुद्धको जन्म, बुद्धत्व प्राप्ति तथा महापरिनिर्वाण*



Downloaded from http://dhamma.digital



पञ्चायुध कुमार

Downloaded from http://dhamma.digital

# वीर्य पारमिता

वीर्यको साधारण अर्थ उत्साह, उद्योग र शारीरिक एवं मानसिक साहसपूर्ण काम हो । तर यहाँ पारमिता गुणधर्मसँग विचार गर्दा वीर्यको अर्थ यतिमा मात्र सीमित हुँदैन । करुणापूर्ण हृदयले यस लोकमा पनि परलोकमा पनि भलाई हुने र हित हुने दक्ष ज्ञानसम्पन्न साथै उपाय कौशल्यसमेतले रक्षा गरिराखेको काय, वाक र मनले परप्राणीको लागि काम गर्नु नै वीर्य पारमिताको अर्थ हो । तीन बोधिमध्ये एउटा बोधिप्राप्त गर्न धुतांग आदि शील पालन गर्नु ज्ञानसम्प्रयुक्त कोशिस पनि वीर्य नै हो । अर्को शब्दमा वीरहरूको विशुद्ध स्वभावलाई पनि वीर्य भनिन्छ । तर अकुशल वीर्यपारमितामा समावेश हुँदैन । फेरि उता अव्याकृत वीर्यपारमिताले माथि परिसक्छ । वीर्यपारमिताको अर्थ यस आँखाले हेर्दा कामको सार्थकतामा वा परिणाममा निर्भर भइरहेको देखिन्छ । वीर्य महाफल हुनलाई प्रज्ञाविप्रयुक्त भावले मुक्त हुनु पनि अनिवार्य छ । वीर्य भनेको त्यसैले कायबलमा मात्र निर्भर हुँदैन, बरु परोपकारको निम्ति उत्साहपूर्ण कोशिस भनिएकोमा पनि निर्भर हुन्छ । परमार्थदृष्टिले कायबलभन्दा चित्तबल नै उत्तम हो । वीर्यत्वको प्रदर्शन शब्दज्ञानमा मात्र पनि सीमित हुनुहुँदैन । धम्मपद (१९) अनुसार *धेरै त्रिपिटक ग्रन्थको कुरा गर्न जाने तापनि प्रमादी भएर तदनुसार कार्य नगर्नेलाई, अरुको गाईवस्तुहरू चराउने गोठालोलाई सारयुक्त दूध पिउन नपाउनेझैं, त्यस व्यक्तिलाई सारयुक्त श्रमणत्व लाभ हुँदैन ।* त्यसैगरी धम्मपद (५१) को उपमामय शब्दमा भन्ने हो भने- *'सुगन्ध नभएको फूल राम्रो भए तापनि काम छैन, त्यसरी नै कार्यहीन कुरा राम्रो भए तापनि काम छैन ।'* शुद्धोदन महाराजको अगाडि कपिलवस्तुमा पनि यही एउटा शब्द घन्कियो - *'उत्तिट्ठे नप्पमज्जेय्य, धम्मं सुचरितं चरे'* अर्थात् उठ, अल्छी हुनु हुँदैन, राम्ररी धर्माचरण गर । महासीलव जातक (५१) अनुसार वीर्यको प्रयोग लाभको लागि मात्र पनि हुँदैन । आफ्नो शान्ति र सहनशीलतामा आउने बाधामा धैर्यपूर्वक र साहसपूर्वक सहनुको लागि पनि हुन्छ ।



Downloaded from http://dhamma.digital

वीर्य पारमिताको लक्षण सामान्यतः उत्साह हो । उपस्तम्भ अर्थात् टेवा भइदिनु नै यसको रस (कृत्य) हो । काम गर्दा पछि नहट्नु नै यसको प्रत्युप्रस्थान हो । यसको पदस्थान वीर्यारम्भ वस्तु वा जरामरणको संवेगलाई हेतु हुन्छ ।

## बोधिपक्षीय धर्ममा वीर्य

वीर्यको महत्व बुझ्नको लागि बोधिपक्षीय धर्ममा विचार गर्नु धेरै महत्वपूर्ण हुन्छ । महापरिनिर्वाणको समयमा भगवान् बुद्धले जुन धर्मलाई - '*मैले स्वयं जानेर, स्वयं साक्षात्कार गरें,* अभिज्ञान गरें' भनी आज्ञा गरेका थिए त्यो नै बोधिपक्षीय धर्म हो । बोधिपक्षीय धर्मको उपदेशपछि नै भगवान् बुद्धले- *'जसले यस धर्ममा प्रमाद नभई उद्योग गर्दछ ऊ आवागमनलाई छोडी दुःखको अन्त गर्दछ ?'* भनी आज्ञा गरेका हुन् ।

सैंतीस बोधिपक्षीय धर्म अर्न्तगत चार स्मृतिप्रस्थानमा पनि वीर्य अन्तरङ्ग अनुरूप समावेश भएको हुन्छ । तर चार सम्यक्प्रधान त स्वयं वीर्य नै हो । बुद्धशासनमा प्रधान शब्दको अर्थ नै निर्वाण सम्बन्धी प्रयत्न, पुरुषार्थ र वीर्यसाधन हो । यो शब्द नै सबथोक हो । यो शासन उद्योगको लागि हो, साधनाको लागि हो, सिद्धान्त वा बौद्धिक आयामको लागि मात्र होइन । तीव्र प्रयत्न वा पुरुषार्थको साधना नै सत्यको अधिगम हुन्छ । बुद्धले तीव्र प्रयत्नद्वारा नै सत्य पाउनुभयो । तब स्वयं प्रज्ञामय बत्ती हुनुभएर विश्वको लागि चम्किनुभयो । प्रयत्नले नै निर्वाण पाइन्छ त्यसैले यही नै प्रधान हो । चंकि सुत्तन्त, मज्झिमनिकाय(२.५.५) अनुसार जसले प्रधान गर्दछ उसले सत्य प्राप्त गर्छ र जसले प्रधान गर्दैन उसलाई सत्य पनि पाइँदैन ।

बोधिपक्षीय धर्मको चार ऋद्धिपादमा वीर्य दोश्रो ऋद्धिपाद हो । वीर्य यहाँ समाधिप्रधान संस्कारयुक्त ऋद्धिपादको भावनामा पर्दछ । अर्को शब्दमा भन्ने हो भने आफूले इच्छा गरेको पुरा गर्न आवश्यक भएको चारप्रकारका उत्साहमध्ये यो विरियिद्धिपाद पनि एउटा हो । आध्यात्मिक उन्नतिको साधनअनुसार बोधिपक्षीय धर्ममा श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा यी पाँच इन्द्रियको वर्णन गरिएको छ । अविद्या आदि विरुद्धधर्म दमन गर्ने हुनाले वीर्य इन्द्रिय भएको हो । श्रद्धामा प्रतिष्ठित भएर जहाँ साधकले वीर्यारम्भ गर्दछ



Downloaded from http://dhamma.digital

त्यहीं नै विरियिन्द्रिय हुन्छ। साथै विरियिन्द्रियको कारणले स्मृति स्थीर हुन्छ। समाधिमग्न चित्तले प्रज्ञा प्राप्त गर्न आधार दिन्छ। बोधिपक्षीय धर्मको पाँचबलमा वीर्यबल पहिलो बल हो। अविद्याले नै बिगार्न नसक्ने भएकोले वीर्य पाँच बलमा प्रमुखबल भएको हो। सात बोध्यङ्गमा वीर्य सम्बोध्यङ्ग तेश्रो बोध्यङ्ग हो। बोध्यङ्गको अर्थ हो -सम्यक् सम्बोधि प्राप्तिको लागि सहायक तत्त्व। बोधिपक्षीय धर्ममा सबैभन्दा तल अष्टाङ्गिक मार्ग पर्दछन्। अष्टाङ्गिक मार्गको सम्यक् व्यायाम भनेको पनि वीर्य नै हो। यसप्रकार सैंतीस बोधिपक्षीय धर्महरू जसमा वीर्यको विषयमा चर्चा भइरहेको छ, बुद्धकारक सैंतीस धर्ममा नौवटा धर्माङ्ग वीर्य अन्तरगत भएकोले झण्डै चार भागको एकभाग धर्म वीर्य अर्न्तगत पर्दछ।

## वीर्य आफैले गर्नुपर्छ

वीर्यको जति महत्व छ त्यति नै यो स्वमुखी छ। यो आफैले नै पूर्ण गर्नुपर्ने गुणधर्म हो। वीर्यको बाटोमा आउने बाधालाई नै विघ्नबाधा भनिन्छ, मार भनिन्छ। यही विघ्नबाधा र मारप्रति जित्दै जानु संघर्षरत अभ्यासावस्था नै पारमिता हो। कुशलकर्म सिद्ध नभएसम्म काम गर्दै जाँदा पनि अनेक बाधा आउँछन्। काम नै नगर्नेलाई कहाँबाट बाधा आउँछ ? त्यसैले आ-आफ्नो दुर्बल वीर्यको कारणले गर्दा धेरै मानिसहरू काम शुरु गर्न पनि गाह्रो मान्छन्, आँट गर्न हिच्किचाउंछन्। कतिले काम गरिसकेपछि पनि गाह्रो मानेर बीचैमा छोडिदिन्छ। काम गर्ने साहस र काम पूर्ण नभएसम्म नछोड्ने साहस नै वीर्यले दिन्छ। अझ बुद्धत्व प्राप्तिजस्ता काममा त झन यस्ता साहसिक वीर्य बल कति चाहिन्छ भन्ने कुरा नै हुँदैन। त्यसैले दीपंकर तथागतले सुमेध ऋषिलाई- *'यो प्रार्थना पूर्ण गर्नु सजिलो छैन'* भनी भन्नुभएको हो। *'छाला वा नसा मात्र बांकिरहेमा, मासु र रगत नै सुकेर गएमा, पुरुषपराक्रम र पुरुषबलले जहाँ पुग्नुपर्ने हो त्यहाँ नपुगेसम्म रोकिने छैन'* भन्ने चार अङ्ग समन्वागत वीर्यजस्तो उच्चवीर्यविना वीर्यपारमिताको पाइला नै सर्दैन। साधारण उपलब्धिको लागि त मन्द उत्साह र मन्द वीर्य नपुग्न सक्छ भने उच्चत्वको कुनै उपलब्धिको लागि कतिसम्म महान उत्साह र स्थिर वीर्य आवश्यक पर्दछ त्यसै थाहा हुन्छ। साथै यस संसारमा लोकुत्तर भावभन्दा



Downloaded from http://dhamma.digital

ठूलो अन्य कुनै तत्त्व नै छैन भने यसको प्राप्तिको लागि कति ठूलो र स्थिर दृढ वीर्य आवश्यक पर्छ भनिरहनु नै पर्दैन । त्यसैले धम्पपद (१७८) मा भनिएको पनि छ -

*पथव्या एक रज्जेन, सग्गस्स गमनेन वा ।*
*सब्बलोकाधिपच्चेन स्रोतापत्ति फलं वरं ।।*

चक्रवर्ती राज्यभन्दा पनि, स्वर्ग प्राप्तिभन्दा पनि, संसारको अधिपत्ति हुनुभन्दा पनि श्रोतापत्ति फल प्राप्त गर्नु नै ठूलो ।

श्रोतापत्तित्व नै यति महान छ भने अर्हतत्व कति महान हुन्छ ? यो महानता प्राप्त गर्नु परेकोले नै बुद्धले भिक्षुहरूलाई वीर्यको उपदेश दिएकाहुन् । *'तायनसुक्त,* संयुक्त निकाय (२/१/८) अनुसार गर्नुपर्ने काम दृढ पराक्रमपूर्वक गर्नुपर्छ होइन भने शिथिल उद्देश्य भएको प्रव्रजितले धेरै धूलो मात्र उडाउंछ ।' अर्को शब्दमा भन्ने हो भने 'राम्ररी नफक्रिएको दूबोघाँसले हातमा घाउ पारेझैं शिथिलतापूर्वक ग्रहण गरेको अर्थात् वीर्य उद्योग नभएको श्रमणभावले दुर्गतिमा मात्र पुऱ्याउंछ । अर्हतत्वको लागि त यतिका वीर्य दृढ हुनुपर्छ भने अझ प्रत्येकबुद्ध र सम्यक् सम्बुद्धत्वको महानता त भन्नु नै पर्दैन । फेरि बुद्धत्वको लागि कति ठूलो कति सुदृढ वीर्य आवश्यक पर्छ यो विषयमा भन्नु नै के छ ? संक्षिप्तमा यति नै भन्न सकिन्छ यो वीर्य वीर्यपारमिताको वीर्य मात्र नै हुन्छ ।

अब यहाँ यही नै वीर्यपारमिताको व्याख्यामा प्रवेश गर्नुअघि वीर्य प्राप्त हुने हेतु वा कारण, वीर्यविष अल्छीको हेतु, आरम्भवस्तु विषयमा अलिक विचार गर्नु उचित जस्तै लाग्छ ।

## वीर्य उत्पन्न हुने कारण

१. प्रत्यवेक्षणद्वारा अपायभय सम्झिनु ।
२. वीर्यको आनिशंस जानिलिनु ।
३. बुद्धादि सत्पुरुषहरूको वीर्ययुक्त कोशिस र उहाँहरूको गमनमार्गको बारबार स्मरण गर्नु ।
४. दाताहरूले दिएको भोजनादि सहयोगलाई व्यर्थमा पठाउनु हुँदैन



Downloaded from http://dhamma.digital

भनी विचार गर्नु ।

५. आफ्नो अधिकार र शक्ति ठूलो हो भनी सम्झिनु ।

६. शास्ताको उपकार र मार्गप्रदर्शनसहित उहाँको महत्व सम्झिनु ।

७. जन्मको सार्थकता बनाउन जन्मको महत्वभाव सम्झिनु ।

८. आफ्ना सब्रह्मचारीहरूको उपलब्धियुक्त महत्वभावको प्रत्यवेक्षणा गर्नु ।

९. अल्छी मानिसहरूको संगत छाड्नु ।

१०. शुरुको वीर्य अर्थात् आरद्धवीर्य जोसँग हुन्छ ऊसँग संगत गर्नु ।

११. वीर्य बनाउनको लागि चित्त भएको हुनु । यसैलाई नै अर्थकथामा वीर्य सम्बोध्यङ्ग हेतु भनी भनिएको छ ।

## वीर्यको प्रतिपक्षीधर्म : थीनमिद्ध

वीर्यको अर्को दोश्रो प्रतिपक्षधर्म हो थीनमिद्ध । जोसँग यी दुबै दुर्गण रहिरहन्छ त्यो व्यक्ति वीर्यबाहिर परिरहन्छ । थीनको साधारण अर्थ हो चित्तको अकर्मण्यतासहितको *स्त्यान* चैतसिक । मिद्धको अर्थ हो चैतसिकको अकर्मण्यतासहितको चैतसिक । यस चित्तको प्रकृयासँगै हुने चैतसिकधर्म नै निद्रा लागेझैं तन्द्रा लागेझैं हुने आलश्यभावले हातखुट्टा चलिरहे तापनि मानिस वास्तवमा अडिरहेको हुनसक्छ । अशल काम गर्नमा सन्तोष हुन नजानेको अरति, अलसी स्वभावले शरीरको शक्ति त्यसै रहिरहने र जाँगर नआउने चित्तमा थीनमिद्ध उत्पन्न हुन हेतु प्राप्त हुन्छ । यो थिनमिद्ध दमन गर्न, उत्पत्ति नगराउन अथवा वृद्धि नगराउन वीर्यको क्रमिक विकासमा ध्यान राख्नुपर्छ । थीनमिद्धले जहाँ वीर्यलाई कुण्ठित गर्छ, त्यहीं नै वीर्यको क्रमिक विकास हुनासाथ थीनमिद्ध चकनाचुर हुन्छ । *आरम्भधातु, निक्खम* (नैष्क्रम्य) *धातु* र *परक्कम* (पराक्रम) *धातु* यी तीन वीर्य योनिसो मनसिकारमा बहुलरूपले बनाउनासाथ थीनमिद्ध हराएर जान्छ । कुनै काम गर्नअघिको वीर्यलाई आरम्भधातु भनिन्छ । गरेको कामलाई रोक्दै नरोकी गर्नुलाई आरम्भधातु भन्दा बलियो कुत्सीतभावले उत्पन्न भएकोले निक्कमधातु भनिन्छ । आफूलाई जति जति विघ्नबाधा आउँछ त्यसलाई त्यतित्यति दमन गरी काम सिद्ध नभएसम्म अगाडि बढ्नुलाई परक्कमधातु भनिन्छ । वीर्यको यो स्तर विचार



Downloaded from http://dhamma.digital

गर्दा थीनमिद्धप्रति विजय प्राप्त गरिँदै अगाडि बढ्न सकिन्छ ।

## वीर्यविप अलसीको कारण

अलसी स्वभाव वीर्यलाई विष सरह नै हुन्छ । जतिजति यो स्वभाव धेरै हुन्छ, त्यतित्यति वीर्यजीवन मृततुल्य हुन्छ । वीर्यपारमिताको लागि प्रमादी स्वभाव अर्थात बेहोशीपना संधै बाधक हुन्छ । बुद्ध सुप्रभातको पनि सुप्रभात हो । उहाँका शिष्यहरू सदा ब्यूँझिएका अर्थात् अप्रमादी हुन्छन् । त्यसैले जो निर्वाणउन्मुख व्यक्ति हुन्छ, ऊ सदा जागरुक अप्रमादी हुन्छ । *'यस दृष्टिले यो संसारमा अलसी भएर बस्ने समय नै छैन ।'* जीवन क्षणभंगुर हो । 'सद्धर्म नजान्ने मात्रलाई नै यो संसार लामो हुन्छ ।' त्यसैले संधै छिटोछिटो वीर्यउद्योग गर्नु नै श्रावकहरूको लक्ष्य हुन्छ । उद्योगहीन जीवन जीवन नै होइन । त्यसैले धम्मपद (११२) मा भनिएको पनि छ :-

*यो चे वस्ससतं जीवे, कुसीतो हीन विरियो ।*
*एकाहं जीवितं सेय्यो, विरियमारभतो दल्हं ॥*

अलसी र उत्साहहीन भएर सैयौं वर्षसम्म बाँचिरहनुभन्दा दृढ उद्योगी भएर एकदिन मात्र जीवित भइबस्नु नै श्रेष्ठ हो ।

मानिसहरूले तबसम्म उद्योग गर्दै लानुपर्छ, जबसम्म उद्देश्य सफल हुँदैन । विरोचन, असुरिन्द सुत्त, संयुक्तनिकाय (१२/१/८) अनुसार वास्तवमा भन्ने हो भने उद्देश्यको महत्व नै त्यहाँ छ जहाँ त्यसको सफलता छ ।

त्यसैले जीवनमा उद्योग गर्नुपर्छ । अझ उद्योग गर्नु भनेको समयमा नै हुनुपर्छ । भनिएको पनि छ -

*यो पुब्बे करणीयानि, पच्छासो कातु मिच्छति ।*
*सुखा सो ठंसते ठाना, पच्छा च अनुतप्पति ॥*

जसले पहिले गर्नुपर्ने काम पछि गर्छु भनी इच्छा गर्दछ ऊ इच्छाले परिहानि भएको हुन्छ । पछि उसले पश्चाताप मान्नुपर्छ ।

वरण जातक (७१) मा एकजना अलसी विद्यार्थीले सिक्ने बेलामा सुकेको रुख देखेर मक्ख भएर सुतिदियो । पछि ब्युँझिदा अध्यारो भइसकेकोले आँखाले केही पनि देखेन । उसको भिजेको दाउराले सबैको सुकेको दाउरा छोपिदियो जसले गर्दा तक्षशिलाको आचार्यसमेत निमन्त्रित ठाँउमा समयमा



Downloaded from http://dhamma.digital

खान नपाएर पुग्न सकेन ।

*सब्ब रतिं सुपित्वान, दिवा संगणि केरतो ।*

*कदस्सु नामं दुम्मेधो, दुक्ख सन्तं करिस्सति ॥*

रातभरी सुतेर दिउंसो अरुसँग कुरा मात्र गर्नुमा आशक्त हुने ज्ञान नभएको मानिसको दुःख कहिले मात्र शान्त होला ?

यसरी नै धम्मपद (२८०) मा पनि भनिएको छ -

*उट्ठानकालम्हि अनुट्ठाहानो, युवा बली आलसियं उपेतो ।*

*संसन्नसंकप्पमनो कुसीतो, पञ्ञाय मग्गं अलसो न विन्दति ॥*

उद्योग गर्नुपर्ने समयमा उद्योग नगरी बलियो तन्नेरी भएर पनि अलसी भएर नभएको नभएको चिन्तना गरेर मन अलसी बनाइहिंड्ने अनुद्योगीहरूले प्रज्ञामार्ग प्राप्त गरिलिन सक्दैन ।

आलस्यजस्तो डरलाग्दो खाल्डो यहाँ अरु केही पनि छैन । त्यसैले आफू त फंसिन्छ र डुबी नै हाल्छ भने साथै आफूसँगै अरुलाई पनि डुबाउँछ । ऊ ऐश्वर्य विमुख हुन्छ, क्लेशक्षय गर्ने अवसर गुमाएर दुःख र पाप जम्मा गरेर बस्छ । अलसी जीवनको पतनको कुनै सीमा छैन । कारण अलसी जीवन नै *'माछ्रा माछ्रा भ्यागुतो'* भने जस्तै खेल खेल्ने कोशिसले भरिएको एउटा जीवन हो । अलसी मानिस बत्ती नभएको ठाऊँमा बसेको मानिस समान हो । उसको जीवनमा निरापद द्वीप नै हुँदैन । किनकि द्वीप चाहिएमा मानिसहरूले आफैले कोशिस गरेर आफ्नो द्वीप आफैले नै बनाउनुपर्छ । तब मात्र उद्योग गरी छिटै पण्डित हुनसक्छ । तर प्रायः मानिसहरूले साधारण उद्योग गरी सांसारिक सुख शान्तिको उपलब्धिसमेत प्राप्त गर्न नसकेको पाइन्छ । गृहविनयमा ६ प्रकारका अलसीहरूको वर्णन गरिएको छ । जस्तै :-

*अति सीतं अति उण्हं, अति सायमिदं अहु ।*

*अति विस्सट्ठ कम्मन्ते, अत्थ अच्चेन्ति माणवा ॥*

अति जाडो, अति गर्मी, अति ढीलो, अति छिटो, अति भोकलाग्यो, भरखरै खाएको भनी अल्सीहरूले काम गर्दैनन् ।

वीर्यको खास विघ्नअनुसार जुन आठप्रकारका कारणको वर्णन अङ्गुत्तरनिकायमा गरिएको छ, त्यसैलाई कुसितवत्थु भनिन्छ ।



Downloaded from http://dhamma.digital

## कुसितवत्थु

१) काम भएको अवस्थामा 'मैले मात्र काम गर्नु बाँकि छ काम गर्दा, अलिक धेरै दुःख पाउनुपर्नेछ, त्यसैले दुःख पाउनुभन्दा अघि एकछिन भएपनि सुत्छु भनी वीर्य नगरी बस्नु मार्गफल आदिको प्राप्तिबाट हानी भइबस्नु सरह हुन्छ ।

२) काम गरी अलिक दुःख पाइसकेपछि 'अब त थाकियो' भनी काम रोकेर प्राप्त नभएको मार्गफलको लागि कोशिस नगरी सुतिबस्नु ।

३) 'कतै जानुपर्ने ठाउँ छ' भनी यताउता समय बिताएर प्राप्त नभएको मार्गफल प्राप्त गर्न ध्यानादि कोशिस नगरी बस्नु ।

४) कहिले यता कहिले उता जानुपर्ने ठाउँमा गएर फर्किएर आएर 'आज थाकियो' भनी काम नगरी बसेर वा सुतेर प्राप्त नभएको मार्गफल प्राप्त गर्नुमा ध्यान नदिनु ।

५) जति खानको लागि चाहिएको हो, त्यति खाना प्राप्त नभएमा 'पेट नै भरिएको छैन, शरीरमा शक्ति नै छैन' भनी यहाँ प्राप्त नभएको मार्गफल प्राप्त नगरीकनै बस्नु ।

६) जति खानुपर्ने हो त्यति खाएर पनि 'भरखरै खाएर पेट नै भारी भएको छ' भनी मार्गफल प्राप्त गर्नुमा अलसी मान्नु ।

७) शरीरमा अलिकता पनि कुनै शान्ति नभए कि 'मलाई सञ्चो छैन नि' भनी सुतेर मार्गफल लाभ गर्नुमा अलसी मान्नु ।

८) आफूमा भएको रोग निको भएर पनि *'अझै काम गर्न सक्ने भएको छैन'* भनी त्यसै बसेर मार्गफल लाभ गर्नुमा अलसी मान्नु ।

## आरम्भ वीर्य

माथि उल्लेखित कुसितवस्तु अथवा अलसी वीर्यको मार्गमा बाधा हो भने निम्न आरम्भवस्तु वीर्यको लागि टेवा हुन् । माथि गइसकेको दुर्गुण नाश गर्नको लागि निम्न सद्‌गुण बनाउनु उत्तम देखिने हुन्छ ।

१) काम पर्दा 'मेरो आज काम छ साथै काम गर्ने अवस्थामा बुद्धको अनुशासन सम्झेर बस्न गाह्रो हुन्छ त्यसैले अहिले नै प्राप्त नभएको मार्गफल प्राप्त गर्नको लागि कोशिस गर्नुपर्‍यो' भनी उद्योग गर्नुलाई पहिलो आरम्भवीर्य



Downloaded from http://dhamma.digital

भनिन्छ ।

२) काम गरेर काम सकिएपछि पनि 'मलाई भगवान् बुद्धको अनुशासन सम्झेर बस्नु पनि सजिलो छैन त्यसैले यो याद हुँदा अहिले नै मार्गफल प्राप्त गर्नुपर्‍यो' भनी कोशिस गर्नु दोश्रो आरम्भवीर्य हो ।

३) कतै जानुपर्‍यो भने 'जाँदा बुद्धको अनुशासन सम्झेर बस्नु सजिलो छैन । त्यसैले याद हुँदा नै प्राप्त नभएको मार्गफल प्राप्त गर्नुपर्‍यो' भनी कोशिस गर्नुलाई तेश्रो आरम्भवीर्य भनिन्छ ।

४) जहाँ जानुपर्ने हो त्यहाँ गइसकेपछि 'गइरहेको अवस्थामा मलाई भगवान् बुद्धको अनुशासन सम्झेर बस्ने समय छैन । अब म पुग्न नसकेको मार्गफलमा पुग्नुपर्‍यो' भनी कोशिस गर्नुलाई चार आरम्भवीर्य भनिन्छ ।

५) उचितरूपले र प्रणीतरूपले भोजन प्राप्त नहुंदा 'मलाई भोजन सुलभ नभए तापनि मेरो शरीर दुर्वल भए तापनि मेरो शरीर झन धेरै दुर्वल हुनुभन्दा पहिला नै म प्राप्त नभएको मार्गफल लाभ गर्दछु' भनी कोशिस गर्नुलाई पाँचौ आरम्भवीर्य भनिन्छ ।

६) आफूलाई जति चाहिने हो, त्यति प्रणीत आहार प्राप्त हुँदा 'आज मलाई प्रणीत आहार प्राप्त भयो, अब मसँग बल हुँदा नै प्राप्त नभएको मार्गफल प्राप्त गरि लिन्छु' भनी कोशिस गर्नुलाई छैठौं आरम्भवीर्य भनिन्छ ।

७) आफ्नो शरीरमा सानो रोग भए कि 'मलाई रोग लाग्यो, यो रोग वृद्धि भयो भने मैले भगवान् बुद्धको अनुशासन अनुस्मरण गरी धारण पालन गर्न सक्ने छैन । त्यसैले अहिले नै प्राप्त नभएको मार्गफल प्राप्त गरिलिन्छु' भनी कोशिस गर्नुलाई सातौं आरम्भवीर्य भनिन्छ ।

८) रोग आदि भएर निको भइसक्दा पनि 'मलाई रोग लाग्दा मैले चाहिएको भगवान् बुद्धको अनुशासन सम्झना गर्न सकिनं । अहिले अनुशासन सम्झेर धारण पालन गर्ने अवसर प्राप्त भएको छ' भनी प्राप्त नभएको मार्गफल प्राप्त गर्नको लागि कोशिस गर्नुलाई आठौं आरम्भवीर्य भनिन्छ ।

वीर्यको अर्को दोश्रो पक्ष प्रतिपक्षी धर्म हो- थीनमिद्ध । जोसंग यी दुबै गुणहरू वृद्धि हुँदै जाने हुन्छ, त्यस व्यक्ति वीर्यभन्दा धेरै टाढा रहने हुन्छ ।



Downloaded from http://dhamma.digital

'थीन 'को साधारण अर्थ हो- अकर्मण्यतायुक्त स्त्यान चैतसिक चित्त हो भने 'मिद्ध'को अर्थ हो- चैतसिकको अकर्मण्यता लक्षण सहित मिद्ध चैतसिक। यस चित्तको प्रक्रियासँगै चैतसिक धर्म नै निंद्रा लागेजस्तै झुम्म भएजस्तै आलस्यभावले हातखुट्टा सल्बलाइरहेर पनि मानिस एकै क्षेत्रमा रोकेर बसे झैं हुन्छ। कुशल कर्म गर्नुमा सन्तोष हुन नजान्नु अरति, अलसी स्वभावले शरीसको शक्ति त्यसै परिराख्ने हुन्छ र धेरै भातले मात लागेको चित्तमा थीनमिद्ध उत्पत्ति हुन हेतु अर्थात कारण प्राप्त हुने हुन्छ। थीनमिद्धलाई दूरगर्न, उत्पत्ति नगराउन अथवा वृद्धि नगर्न मूलत: वीर्यको क्रमिक विकासमा ध्यान पुऱ्याउनु पर्दछ। जहाँ थीनमिद्धले वीर्यलाई कुण्ठित पार्ने हुन्छ, त्यहीं वीर्यको क्रमिक विकास हुने क्रममा थीनमिद्ध चकनाचुर हुन्छ। आरम्भ धातु, निक्कम धातु परक्कम धातु तीन वीर्य योनिसो मनसिकारोमा बहुल रूप निर्माण गरिसकेपछि थीनमिद्ध विलाएर जाने हुन्छ। कुनैपनि प्रकारका कार्य गर्न अगाडिको वीर्य-अवस्थालाई आरम्भ धातु भनिन्छ। आरम्भ धातुभन्दा पनि बलियो कुत्सित भावले गरिरहेको कामलाई रोक्दै नरोकी गर्दै जाने भाव श्रृजना हुने अवस्था निक्कम धातु हो। काम गर्दैजाँदा जे-जस्ता बाधा अवरोधहरू खडा हुन्छन् त्यसलाई पन्छाउंदै आफ्नो कार्य सिद्ध नभएसम्म अगाडि बढ्नेक्रमलाई परक्कम धातु भनिन्छ। यसरी वीर्यको स्तरलाई विचार पुऱ्याउंदै जान सके हामीले थीनमिद्ध प्रति विजय प्राप्त गर्दै जान सक्ने हुन्छौं।

थीनमिद्धदेखि अलग हुनलाई अर्को पनि उपाय छ। प्रमाणभन्दा ज्यादा खानुबाट जोगिनु पहिलो उपाय हो।

१) *आहारहत्थक* :- अरुले उठाउनुपर्ने गरी खानु।

२) *भुत्तवमित्तक* :- बान्ता हुने गरी खानु।

३) *तत्थवट्टम* :- त्यहीं बस्नुपर्ने गरी खानु।

४) *अलंसातक* :- लगाएको लुगा फुकाल्नुपर्ने गरी खानु।

५) *काकमांसक* :-मुखको आहारलाई कागले चुच्चाले ठुंगेर लान सक्ने गरी घाँटीसम्म आउने गरी खानु आदि नै प्रमाणभन्दा बढी खानु हो। खाना सेवनको विषयमा बौद्ध आदर्श रहेको छ -

*चत्तारो पंच आलोपे, अभुत्वा उदकं पिवे।*



Downloaded from http://dhamma.digital

*अल फासु विहाराय, पहितत्तस्स भिक्खुनो ॥*

चारपाँच गाँस खान मन लागेजस्तो बेलामा खान छोड, पानी पिइदेऊ । यसो गर्ने निरोगी हुन्छन् । यस्तो गर्नेहरू निरोगी हुन्छन् । बलवीर्यपनि पाउंदछन् ।

थीनमिद्ध हटाउन अर्को उपाय हो-इर्यापथ बनाउनु, आलोक सम्भेर बस्नु, खुल्ला स्थानमा बस्नु, कल्याणमित्रको सेवन गर्नु र सार्थककुरा गर्नु ।

यसप्रकार यी कुसितवस्तु र आरम्भ वीर्यको तुलनाले फेरि थीनमिद्धको उत्पत्ति र विनाशको उपायले हामीले जान्न सक्यौं कि वीर्य गर्नेले जहिले पनि वीर्यको लागि कोशिस गर्न सक्दछ र गर्दछ । अलसीले जस्तोसुकै निहुँ पारेर भए पनि चुपचाप बस्न खोज्छ । तर बुद्धको उपदेश अुनसार उद्योग र वीर्य नै जीवनको लक्षण हो । बुद्धधर्ममा वरदान भनेको नभएकोले फेरि आफ्नो राम्रो नराम्रो कर्मको उत्तरदायी आफै भएकोले पनि यो वीर्य उद्योग वास्तवमा सार्थक भइरहेको छ । लोकजीवनमा तोरी भित्रको तेल मात्र पनि नपेलिकन निस्कंदैन, सिंहको मुखमा मृग त्यसै बस्न आउंदैन भने विना कोशिस यहाँ के हुन्छ र ? त्यसैले जहाँ वरदान र ईश्वरीय देनलाई बढावा दिइन्छ, त्यहाँ मानिसको कर्मशक्तिको अवमुल्यन हुन्छ । त्यसैले बुद्धले धम्मपदमा स्पष्ट भनेकाछन् -

*तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।*

काम त आफैले गर्नुपर्छ, केवल तथागत त मार्गदर्शक मात्र हुन् ।

बुद्धधर्ममा आ-आफैले उत्साह वीर्य नगरी कसैको तर्फबाट पनि मुक्ति लाभ हुन्छ भन्ने आशा गरिएको छैन । वास्तवमा जोसँग वीर्य छैन उसलाई केही पनि हुँदैन । यस जन्ममा सुखी हुनु चार कारणधर्ममा ***'उत्थान सम्पदा'*** नै प्रमुख हो । निर्वाणको लागि त सदा प्रयत्न, सतत् प्रयत्न र पवित्र प्रयत्नको जरूरत पर्दछ ।

त्यसैले त बौद्धप्रेरणा र जागरणले युक्त गाथाहरू सदा बुलन्द भएर बस्छन् -

*अज्जेव किच्चं आतप्पं, को जञ्ञा मरणं सुवे ।*
*नहिनो संगरं तेन, महासेनेन मच्चुना ॥*

गर्नुपर्ने काम जति आजै पुरा गर, भोलि नै मर्ने हो कि भन्ने कस्लाई



Downloaded from http://dhamma.digital

थाहा हुन्छ र ? किनकि महासेना भएको मृत्युमारसँग हामीले कुनै प्रकारको सम्झौता गरिराखेका छैनौं ।

*आरभथ निक्खमथ, युञ्जथ बुद्ध सासने ।*
*धुनाथ मच्चुनोसेनं, नलागारव कुञ्जरो ॥*

वीर्य गर, अलसी भाव हटाऊ, बुद्ध शासनमा प्रतिष्ठित भएर प्रतिपत्ति पूर्ण गर्नुमा दत्तचित्त होऊ । जसरी हात्तीले बाँसको घरलाई काचाकुचुक पारिदिन्छ, त्यसरी नै मारसेनालाई टुक्राटुक्रा गरिपठाऊ ।

बौद्धआदर्शले मानिसलाई सक्रिय पार्दछ न कि अरुको भरोसामा बस्ने निष्क्रिय श्राप नै दिनेहुन्छ । त्यसैले सक्रिय गर्नलाई नै आफ्नो उत्तरदायित्व बुझाइदिन्छ भने पुनः वीर्यको महत्व देखाइदिन्छ । शुभकार्यमा अलसी नभइकन कोशिस गरिने वीर्यले नै इच्छा गरेको लौकिक वा लोकुत्तरमुखी चिन्तामणि वा कल्पवृक्ष प्राप्त हुने वीर्य नै प्रगतिको पनि सिंढी, अर्थसिद्धीको साँचो, आलस्य हटाउने औषधि, गरीवभाव हटाउने निधान, पण्डितहरूको संधै चम्किने आभरण, सुगति जाने सिंढी, संसारको दुःख अन्तकारक वास्तविक उपाय, संसार सागरबाट तर्ने डुंगा, निर्वाणसम्पदा लाभ गर्ने हातजस्तै हो । जो मानिससँग आरम्भवीर्य हुन्छ, त्यस व्यक्तिले त्यस्ता महानिशंस भएको वीर्य प्राप्त गरिलिनमा थाकियो भन्दैन । थकाइ नभएको वीर्याधिपति बोधिसत्त्वहरू नै आफ्नो चरित्र निर्माणमा स्वयं नाथ, स्वयं अधिपति र स्वयं अधिकारी बन्दछन् । आफू निर्वाण हुन, परप्राणीको पनि मुक्ति इच्छा नभएकोले सकल सत्त्वप्राणीको हित उपकार गर्छु भन्ने कल्पना गर्नुसम्म पनि असम्भव छ । त्यसैले बोधिसत्त्वहरूको वीर्य साधारण वीर्य हुँदैन । पारमिता गुणधर्ममा भएको वीर्यपारमिताको कथात्मक व्याख्या र विश्लेषण पछि गरिनेछ । यसभन्दाअघि वीर्यपारमिताको अन्य पारमितासँगको सम्बन्ध विषयमा केही चर्चा गर्नु उचित हुनेछ ।

## दश पारमितामा वीर्यपारमिता

वीर्यले परिवेष्ठित प्रज्ञा महफल हुने हुँदाफेरि क्षान्तिको परिवेष्ठित प्रज्ञाको ठूलो आरक्षण आनिशंस पाइने हुनाले प्रज्ञा र क्षान्तिको बीचमा वीर्यको देशना भइरहेको हो । प्रज्ञा वीर्यभन्दा माथिपरे तापनि वीर्यदेखि



Downloaded from http://dhamma.digital

अलगभएको प्रज्ञा भयो भने आवश्यकता अनुसार उसले प्रयोजन लाभ गर्न सक्दैन । प्रज्ञाले देखाएको बाटोमा वीर्य जुनसुकै काम सफल गर्न अति श्रेष्ठ हातजस्तै हो । चिन्तामणि रत्न र कल्पवृक्षद्वारा इच्छित वस्तु प्राप्त हुन्छ भन्ने लोकोक्तिप्रज्ञा र वीर्य दुबै एउटै भएमा चरितार्थ हुन्छ । कसि भारद्वाज सुत्त, संयुक्तनिकाय (७।२।१)अनुसार *'अमृतफल फलाउन जुन धर्मको खेति हुन्छ, त्यसमा प्रज्ञा हलो हो भने वीर्य नै हलो तान्ने हली गोरु हो ।'*

वीर्यपारमिताको प्रतिपत्ति विषयमा चर्चा गर्नु-लेख्नु पनि सजिलो छैन । यसको कारण हो, वीर्यपारमिताको पूर्णरूपले एकाधिकार भएको विशेष प्रतिपत्ति भनेको नै छैन । वीर्यपारमिता अन्तर्गत प्रतिपत्तिको चर्चा गर्दा दश पारमिताको अन्य पारमितासँग हुने सम्बन्ध बारे चर्चा हुने नै छ । वीर्यले दान र शीलपामिता पूर्ण गर्दा जुन उद्योग प्रस्तुत गर्दछ त्यहीं वीर्यपारमिताको प्रतिपत्ति प्रष्टिने हुन्छ । दान आदि कुशल काम नगरी उचित तवरले राम्ररी गर्नु, सिधा मार्ग अपनाउनु, सम्बोधिमा नपुगेसम्म प्रयास गर्नुमा पनि वीर्यपारमिता समावेश हुन्छ । विशेषतः सम्यक् सम्बोधिप्रार्थी बोधिसत्त्वले पारमिता पूर्ण गर्न सदा तत्पर भइबस्नुपर्छ । मैले केके पुण्य गरिसकें, के के पारमिता पूर्ण गरिसकें, के के गर्न बाँकि छ भनी बोधिसत्त्वले संधै विचार गर्दछन् । पूर्णरूपले सकल सत्त्वप्राणीप्रति करुणाले विचार गर्नु, आफ्नो धन ऐश्वर्य,पत्नी, छोराछोरी, आफ्नो शरीरको अङ्गप्रत्यङ्ग र जीवनसम्म परित्याग गर्नपारमिता गुणधर्म पालन गर्दा वीर्य उत्साह भइ नै रहने हुन्छ । त्यसैले बोधिसत्त्वहरूले दश पारमिता पूर्ण हुने कोशिस गर्दा नै वीर्यपारमिता पनि पूर्ण हुँदै जाने हुन्छ ।

## वीर्य पारमिता, उपपारमिता र परमत्थपारमिता

धनसम्पत्ति सुख ऐश्वर्य र छोराछोरी त्याग गरेर पनि उत्साह नछोड्नु नै वीर्यपारमिता हो । अर्को शब्दमा धनसम्पत्ति सुख ऐश्वर्य र छोराछोरीको समेत पर्वाह नगरी सम्बोधिको निम्ति वीर्य खुकुलो नबनाइकन बस्नु नै वीर्यपारमिता हो । आफ्नो आँखा, कान, नाक आदि शरीरको अङ्गप्रत्यङ्ग त्यागेर पनि सम्बोधिको वीर्य उत्साह नछोड्नु अथवा सम्बोधिको लागि दान शील आदि काममा शरीरको अङ्गप्रत्यङ्ग विनष्ट भए तापनि अडान नछोड्नुलाई



Downloaded from http://dhamma.digital

नै वीर्य उपपारमिता भनिन्छ भने जीवन नै त्याग गरेर पनि सम्बोधिको लागि उत्साह गर्नु अथवा दान शीलादि पारमितामा जीवनको लागि वीर्य नरोकिनुलाई वीर्य परमत्थपारमिता भनिन्छ ।

***वीर्य पारमिताको कथात्मक व्याख्या*** :

बोधिसत्त्वहरूको वीर्यले विघ्नबाधालाई प्रगतिको निम्ति खुडकिलोजस्तै बनाउंछ । बोधिसत्त्वहरूको वीर्यले देव र भाग्यको भरोसा लिदैनन् । त्यसकाममा उनीहरूलाई अहंकार भन्ने नै हुँदैन । प्राय: बोधिसत्त्वहरूको वीर्य मध्यम प्रमाण हुन्छ अर्थात् कार्यसिद्धिको आधारमा वीणाको तारजस्तै प्रमाणित मात्रामा हुन्छ । बोधिसत्त्वहरूले सकल सत्त्वप्राणीप्रति व्याप्त करुणाको हेतुले गर्दा आफूलाई प्राप्त भएको निर्वाणसम्म पनि छोडेर आफ्नो वीर्यको हेतुद्वारा बुद्धत्व लाभार्थ प्रार्थना गर्दछन् । जब 'म बुद्ध हुन्छु' भनी बोधिसत्वले कल्पना गरे, तबदेखि अनेक प्रकारका दु:खकष्ट पीडालाई उनले सहनुपर्दछ । तर विघ्नबाधाको संघर्षमा बोधिसत्त्वहरू कहिले पनि पराजित हुन्नन् । संधै विजयी नै हुन्छन् । यसको उदाहरण नैष्कम्य पारमितामा उल्लेखित महाजनक जातक (५३९) को बोधिसत्त्व महाजनकलाई लिन सकिन्छ ।

## संख जातक (४४२)

कथा अनुसार संख महाजनले डुंगा फुटेर समुद्र बीचमा पर्दा पनि पौडी खेली नै रहेका थिए । अझ उपोसथको दिनमा उनले आफ्नो उपोसथव्रत पनि लिए । सबैभन्दा त संख महाजनले त्यस्तो समुन्द्रमा सातदिनको भोकाएकोलाई खाना ल्याइदियो तापनि उनले उपोसथव्रत भङ्ग गरेनन् । जुन वीर्यबलले आफ्नो उपोसथव्रत उनले पूर्ण गरे त्यो अमूल्य उपोसथ हो ।

## भोजाजानीय जातक (२३)

बोधिसत्त्वहरूले थालिसकेको कोशिसलाई अलिकता दु:ख हुनासाथ छोडिदिन्नन् । युद्धमा पाँच व्यूह नष्ट गरिसकेपछि खुट्टामा घाउ भयो भनी भोजाजानीय घोडालाई छोडेर सेनापतिले अर्को घोडा लान आँट्यो । भोजाजानीयले विचार गऱ्यो- 'बाँकिरहेको छैठौं व्यूह एउटा तोड्नु छ,



Downloaded from http://dhamma.digital

त्यसलाई त्यसै छाड्नु हुँदैन । वीर्यको सार्थक फल आउने बेलामा वीर्यवल फ्यालिदिनु उचित हुँदैन ।' भनी भोजाजानीय घोडाले घाइते भएतापनि आफैले परिश्रम गरी  छैठौं व्यूहपनि तोड्न सहयोग गऱ्यो । यसरी बोधिसत्त्वहरूले शरीर अङ्गप्रत्यङ्गको मायामा वीर्यलाई छोडिदिन्नन् ।

## पञ्चावुध जातक (५५)

वाराणसी नरेशपुत्र पञ्चावुध कुमार तक्षशिलाको शिल्पविद्यामा निपूर्ण भए । गुरुदक्षिणा दिएर वाराणसी फर्किएको बेलामा पञ्चावुध कुमार बाटोमा जङ्गलछेउ पुगे । मानिसहरूले भने - 'यहाँ जानु हुँदैन । त्यहाँ जङ्गलमा श्लेषलोम नामक यक्ष छ । उसले देखेमा जस्तोसुकै मानिसलाई मारेर खान्छ ।'

राजकुमार पञ्चावुध कुमारमा त्यही श्लेषलोम यक्षसँग संघर्ष गर्ने साहस आयो । राजकुमार जङ्गलभित्र प्रवेश गरे । जङ्गलबीचमा श्लेषलोम यक्ष देख्नासाथ राजकुमारले वाणले उसलाई प्रहार गरे । पचासवटा तीर हाने तापनि उसलाई केही भएन । उसको शरीरको रौंमा नै वाणहरू अड्किए । तापनि राजकुमारले आफ्नो उत्साहलाई कम गरेनन् । यक्षलाई तलवारले प्रहार गरे तर त्यो पनि निष्फल भयो । मुंग्रोले हिर्काए त्यो पनि त्यसै खेर गयो । तर अझै पनि राजकुमार पञ्चावुध हतोत्साह भएनन् र भने- 'हे यक्ष म पञ्चावुध कुमार हुं । म यस जङ्गलमा धनुषवाण आदिको भरोसामा मात्र प्रवेश गरेको होइन । म आफ्नै शक्ति र पराक्रम भरोसामा प्रवेश गरेको हुँ । आज तिमीलाई मैले बाँकी राख्ने छैन ।'

यसरी भन्दै राजकुमारले आफ्नो दाहिने हातले यक्षलाई प्रहार गरे । तर त्यो पनि केशैमा अड्कियो । देब्रेहातले प्रहार गरे त्यो पनि त्यस्तै भयो । अझै हतोत्साहित नभएर दुबै खुट्टा र टाउकोले प्रहार गरे तर उसकै केशमा टाँसियो, तापनि पञ्चावुध कुमारको अनुहारमा हतोत्साहको चिन्ह नै देखापरेन । तब यक्षले भन्यो- 'हे माणवक के तिमी अझै पनि  डराएका छैनौ कि ?' तर पञ्चावुध कुमारको जवाफ थियो - 'म किन डराउनु ? जन्म भएपछि एकदिन सबैमर्नु नै पर्छ । तर त्यसै पनि तिमीले मलाई मार्न सक्दैनौ । किनभने मेरो पेटमा यस्तो आयुध छ जस्ले तिमीले मलाई खाए भने



Downloaded from http://dhamma.digital

तिम्रो आन्द्राभुँडी नै टुकाटुका पारिदिन्छ ।

बोधिसत्त्वले त्यो आयुध ज्ञान आयुधको विषयमा भनेका हुन् । यक्षलाई उनको निर्भयताले गर्दा विचित्र वीर्य उत्साहमा उनीसँग त्यस्तो केही चीज हुनुपर्छ भन्ने विश्वास लागेर उनलाई छोडिदियो । त्यसैले भनिएको हो :-

*यो अलीनेन चित्तेन, अलीन मनसो नरो ।*
*भावेति कुसलं धम्मं, योगक्खेमस्स पत्तिया ॥*
*पापुणे अनुपुब्बेन, सब्बसंयोजनक्खयं ॥॥*

जो कुनै उत्साही पुरुषले योगक्षेम (निर्वाण) को प्राप्तिको लागि उत्साह चित्तले शुभकर्म गर्दछ, उसले क्रमानुसार सारा संयोजनलाई क्षय गर्दछ ।

## कुरुंगमिग जातक (२१)

बोधिसत्वहरू वीर्यवान हुन्छन् । उनीहरू कहिले पनि असल आवश्यक मार्गबाट पन्छिन्नन् । जहाँ विचार नगरी बोधिसत्त्वहरूले पाइला सार्दैनन् त्यहीं नै अनावश्यक र आपदयुक्त मार्गमा पनि कहिले पनि एक पाइला पनि सार्दैनन् ।

मृगको पदचिन्ह हेरेर मृगशिकार गर्ने एकजना शिकारी सेपण्णि रुखमाथि बसेर लुकिबस्यो । सदाजस्तै सेपण्णि रुखको फल खान आएका कुरुंगमृग आफ्नो नियमअनुसार एकक्षण रुकेर यताउताको स्थिति विचार गरिबसे । तर त्यसबेलासम्म रुखमाथि बसेको शिकारीको कुरुंगमृग रुखमुनि ल्याउन शिकारीले मृगलाई रुखमुनि ल्याउन हतारियो । त्यसैले मृगलाई आकर्षित गराउन शिकारीले एउटा सेपण्णि फल भुईंमा खसाई गुड्काएर पठायो । तब कुरुंगमृगले भने- 'हे वृक्ष, तिमीले पहिला सीधा मात्र फल झार्दथ्यौ तर आज तिमीले यति टाढासम्म पुग्नेगरी फल गुड्काएर ल्यायौ । आज तिमीले आफ्नो स्वभाव छोड्यौ । त्यसैले मैले पनि आज तिमीकहाँ आएर बस्ने स्वभाव छोड्छु । त्यो फल मलाई मन परेन ।' बोधिसत्त्वले आफ्नो ज्ञान अरुलाई पैसा नलिइकन बाँडिदिएझैं आफ्नो वीर्य पनि परार्थमा मात्र खर्च गर्दछन् । उनीहरूले काय, वाक र चित्तले जुन काम गर्दछन्, त्यो अरुको लागि मात्र नै हुन्छ । तब परोपकार गरेर



Downloaded from http://dhamma.digital

प्रत्युपकारको आशा पनि गर्दैनन् । कसैको उपकार लाभ भयो भने आफू सदा कृतज्ञ हुन्छन् । जतिसुकै निन्दा  गरे तापनि, अपमान गरे तापनि परोपकारको स्वभावले बोधिसत्त्वहरूलाई विमुख गर्न सकिंदैन । अझ यो परार्थचर्यामा आफ्नो अङ्गप्रत्यङ्ग नाश भए तापनि जीवनमा नै अन्तराय आए तापनि त्यसमा बोधिसत्त्वहरूलाई विचलित गर्न सकिंदैन । यसर्थ एक अर्को जातकीय उदाहरणलाई हेरौं ।

## महाकपि जातक (५१६)

हराएको गोरु खोज्दै जाँदा एकजना कृषक ब्राह्मण आफ्नो जङ्गलबीचमा पुग्यो । उसले बाटो बिरायो, यताउता अल्मलिने क्रममा पछि ऊ भोकले छट्पटायो । बल्ल उसले एउटा रुखमुनि एउटा फल खसिराखेको  देख्यो । खसेको फल टिपे। खाइसकेपछि उसले रुखमाथि भएको फल खाने पनि विचार गरी ऊ रुख चढ्यो । एउटा फल टिपेर खाइसकेपछि अर्को फल टिप्न मात्र लागेको के थियो, हाँगा भाँचिएर ऊ आफै रुखमुनि भएको ठूलो खाल्डोमा खस्यो । ब्राह्मण खाल्डोबाट माथि आउनै सकेन । विना खानपिन धेरै दिनसम्म त्यसै खाल्डोमैं परिरह्यो ।

रुख चढ्दैगर्दा एकदिन बोधिसत्त्व कपिराजले उसलाई खाल्डोमा देखे । देख्ने बित्तिक्कै उसप्रति दया राखेर कपिराजले ढुङ्गा खसालेर माथि आउन सानो बाटो बनाए । फेरि स्वयं आफू खाल्डोमा झरेर त्यस ब्राह्मणलाई पिठ्यूँमा बोकेर माथि ल्याए । कपिराज अति नै थाके । तब त्यसै मानिसलाई बाघभालु आउंदा हेर्न पालो दिएर केहीछिन आराम गरे । तर त्यस अकृतज्ञ मानिसको मनमा विचार उत्पन्न भयो- 'यसको मासु खाएर किन आफ्नो भोक नमार्ने ?' यति विचार गरी त्यस ब्राह्मणले आफूलाई नयाँ जीवन दिए सरह त्यति ठूलो उपकार गर्ने कपिराजलाई ढुङ्गाले हिर्कायो । ढुङ्गा कपिराजको टाउकोमा लाग्यो, तर ब्राह्मणको हात कमजोर भएकोले टाउको फुट्न मात्र सकेन । कपिराजलाई ठूलो चोट लाग्यो । तर त्यसो भए पनि बोधिसत्त्वले भने- 'हे मानिस, अब म तिमीलाई पत्याउन सक्दिन । तापनि तिमीलाई यस जङ्गलबाट बाहिर जानको लागि बाटो देखाइदिनेछु । तिम्रो जीवन आरक्षाको लागि मैले आफ्नो कोशिस छोड्ने छैन । तिमी रुख मुनिमुनि हिंड, म रुख माथिमाथिबाट हिंड्छु । अब म तिमीलाई यसरी नै बाटो देखाउन सक्छु ।'



Downloaded from http://dhamma.digital

भनेझैं गरी बोधिसत्त्वले आफू रुख माथिमाथिबाट गएर अकृतज्ञ ब्राह्मणलाई रुख मुनिमुनि लगेर जङ्गलबाट पार गरिदिए।

परोपकारमा त्यसरी निर्वेदरूपले बोधिसत्त्वहरू अगाडि बढ्न सक्नुको कारण हो- स्वयं आफ्नो क्लेश विरुद्धको संघर्षमा बोधिसत्वहरूले मृत्यु स्वीकार गर्नुपर्दासम्म पनि पराजय स्वीकार नगर्ने पवित्र वीर्य। उनीहरूको आदर्श हुन्छ- *'संगामे मे मतं सेय्यो, यञ्चे जीवे पराजितो'* अर्थात् संग्राममा गएर पराजित हुनुभन्दा मरेर जानु नै श्रेष्ठकर हो। दुर्बलता, आलश्य र आपदविपदको राक्षसले मानिसलाई त्यसबेला खान्छ जब उसको पौरषशक्ति कम हुन्छ। उसलाई त्यसबेला खाँदैन, अझ त्यस राक्षसले उल्टो बल थपिदिन्छ जब ऊ वीर्यवान हुन्छ। उत्साहमा विघ्न भनेको बत्तीसंगै छाँयाजस्तै स्वाभाविक हो। त्यसैले एउटा विघ्नपछि अर्को विघ्नमा विजय प्राप्त गर्न एउटा उपायपछि अर्को उपाय गर्नुपर्छ।

*'मा निवत्त अभिक्कम'*- 'निवृत नहोऊ, अगाडि बढ' भन्ने उक्तिको चरितार्थ हामीले बोधिसत्त्वहरूको वीर्य उत्साहभित्र देख्छौं।

## वण्णुपथ जातक (२)

पाँचसय व्यापारीहरू मरुभूमि पार गरेर व्यापार गर्न गए। मरुभूमिको लागि आवश्यक पानी, काठ र अन्य आहार लिएर गएकाथिए। तर एकदिन दिशाप्रदर्शकले आकाशमा तारा हेरी नक्षत्र अनुसार *'भोली नै मरुभूमि पार हुन्छ त्यसैले अनावश्यक किन भारी बोक्ने'* भनी पानी, दाउरा फ्याँक्न लगाए। त्यसबेला बोधिसत्त्व त्यस यात्राको दिशाप्रदर्शक तथा नाइके थिए। दिशाप्रदर्शकले रात्री ताराको अवस्था हेरेर भोलीको लागि बाटो देखाउदथें। तर अन्तिम यात्राको रातमा दिशाप्रदर्शकलाई पनि निंद्रा लाग्यो। गाडाहरू सबै पहिलेको बाटोबाट नै फर्किए। कसैलाई कुनै होश भएन। भोलीपल्ट बिहान दिशाप्रदर्शकले गोरुहरूले बाटो विराएको देखे। तर जतिसुकै कोशिस गरे तापनि उनीहरूले मरुभूमि तुरुन्त पार गर्न सकेनन्। पानी दाउरा आदि केही छैन। सबै निराश भए। घाम चर्किंदै आएपछि सबै गाडाको मुनि ज़ाँदै उत्तानो परेर बस्नथाले। तर बोधिसत्त्वले वीर्य उत्साहपूर्वक प्रातःकालदेखि नै मरुभूमिमा घुम्दै खोज्न गए। तब एक ठाउँमा लेऊ उम्रेको देखेर खाल्डो खन्न



Downloaded from http://dhamma.digital

लगाए । त्यहाँ खन्दै जाँदा आखिरमा ठूलो चट्टान फेला पारे । यो देख्दैमा खाल्डो खन्नेहरू सबै निराश भए । तर बोधिसत्त्वले ढुङ्गामुनि कान थाप्दै सुन्दा पानी बहेको आवाज सुने । तब फेरि एकपल्ट साहस गर्दै ढुङ्गा फोर्न लगाए । ढुङ्गा पनि फुट्यो र मुहान फुटेर पानीको धारा माथिमाथिसम्म आयो । सारा व्यापारीहरू र गोरुहरूका प्राण बच्यो । तब भन्नथाले - 'वीर्यबलले मानिस प्रयत्नशील हुनासाथ उसले आफ्नो हृदयमा शान्ति लिन सक्दछ भने अरुलाई पनि उसले शान्ति दिन सक्दछ ।

## कुक्कुर जातक (२२)

मानवजीवनमा एकजनाले अपराध गर्दछ तर दण्ड भने अरुले भोग्नु परिरहेको हुनसक्छ भनेजस्तै दरवारको कुकुरहरूले राजाको रथको एउटा छालाको बाल खाइदिए । राजाले यो काम बाहिरी कुकुरको होला भनी कुकुरको छाला काढ्ने आदेश दिए । तब बाहिरी कुकुरहरूलाई धमाधम मार्ने काम भयो । कुकुरहरू भागाभाग भए ।

त्यसबेला बोधिसत्त्व कुकुर भएर जन्मेका थिए । आफ्नो जातिको रक्षा गर्न आफ्नो जीवनको वास्ता नराखी बोधिसत्त्व कुकुर दरबारमा गए । वास्तवमा अपराधी को हो ? भनी चिनाउन दरबारको कुकुरलाई औषधी खुवाएर वान्ता गर्न लगायो । दरबारकै कुकुरहरूको पेटबाट रथको छालाका टुक्राहरू पाएपछि राजाले बाहिरी कुकुरहरूलाई नमार्ने आदेश दिए । यसरी स्वजाति निरपराधी बन्धुहरूको प्राण बचाउनु बोधिसत्त्वहरूको कर्तव्य हो ।

बोधिप्राप्तिको लागि बोधिसत्त्वहरूको प्रणिधान हुन्छ । सिंह उठ्दा पनि, सुत्दा पनि, बस्दा पनि, हिंडिरहँदा पनि संधै निरालसी निर्भयी भएर उद्योगी र दृढमस्तक भएझैं बोधिसत्त्वहरू प्रत्येक जन्ममा दृढ उद्योगी वीर्यवान हुन्छन् । बोधिसत्त्वको प्रत्येक जन्म दश पारमिता गुण धर्ममध्ये कुनै न कुनै एउटा गुणधर्म वीर्य अन्तरगत भइरहेको छ भनी भन्न सकिन्छ । बोधिसत्त्वको प्रत्येक जन्म र चरित्र नै वीर्यपारमिताको उदाहरण हो । बोधिसत्त्वको यो वीर्यले बुद्धत्वप्राप्ति अवस्थासम्म उनलाई टेवा दिइरहन्छ । सिद्धार्थले महाभिनिष्क्रमण गरेको केही क्षणअघि मात्र नै राहुलको जन्मभयो । महाभिनिष्क्रमण गरिसकेपछि प्रव्रजित हुनभन्दा अघि अनोमा नदीले पनि



Downloaded from http://dhamma.digital

उनलाई रोक्न खोज्यो । प्रव्रजित हुनासाथ मगध सम्राट बिम्बिसारको आग्र र ठूलो राज्य भोगको प्रलोभनले रोक्न खोजेको थियो । बोधिज्ञानप्राप्तिव लागि कोशिस भइरहेको बेला पनि पञ्चभद्र वर्गीयहरूले छाडेर गए जीवनको अस्तित्त्व नै अस्थिपंजरको शरीरभित्र मात्र परिरह्यो । तर यी सा अवस्थामा पनि पन्छिएर नभै अगाडि बढ्न सकेको नै उनले आफ्नो वीर्यला नछोडनाले हो । बुद्धत्व प्राप्तिको अभ्यासरतमा मृत्युको भाव मात्र रहंदाव त्यो जीवनको गम्भीर अवस्थामा समेत उनले भनेका थिए - *'रगत सुके जाँदा पित्त पनि सुकेर जान्छ, मासु सुकेर जान्छ, चित्त त झन्झन् प्रसन्न हुन्छ ।'* अत्यन्त विपरित परिस्थितिलाई पनि अनुकूल स्थितिमा परिणत ग वीर्यले बोधिप्राप्तिपूर्व बोधिसत्त्वले अधिष्ठान गरे- *'चाहे मेरो छाला, नसा हड्डी मात्र मेरो शरीरमा बचोस्, चाहे शरीरको मासु रगत सुकोस् तापनि यथार्थज्ञान प्राप्त नगरी यो आसनबाट उठ्ने छैन ।'* यो अनुत्तर अधिष्ठानपछि सिद्धार्थलाई बोधिज्ञान त्यही आसनमा प्राप्त भयो । यही अधिष्ठानभि बोधिसत्त्वको वीर्यपारमिताको अनुत्तर तेज छ, अक्षय प्रकाश छ र सर्वकालीन शान्तिको किरण पनि समाहित छ ।

Downloaded from http://dhamma.digital

# क्षान्ति पारमित



खन्तिवादी जातक

Downloaded from http://dhamma.digital

# क्षान्ति पारमिता

क्षान्तिको साधारण अर्थ हो सहनशीलता। शीत उष्णको कष्ट, भोग प्यासको पीडा, मनुष्यादि प्राणीहरूको तर्फबाट दुःख सहन गर्नु नै क्षान्ति हो। तर मूर्खताले, कमजोरीले, रागादिको कारणले अथवा बाह्य आडम्बरले सहनु क्षान्ति हुँदैन, न त शीलादि गुणधर्म पालन गर्ने अथवा पारमिता पूर्ण गर्ने लक्ष्य नभएको सहनु नै क्षान्ति हुन्छ। क्षान्तिको अर्को अर्थ क्षमाशील गुण हो। जहिले यो सहनशीलताले आडम्बररहित अवस्था ओगटने हुन्छ तब शीलको लक्ष्यलाई आत्मसात गर्दछ। करुणाले गर्दा यस लोकमा पनि परलोकमा पनि सार्थकमार्ग देखाइदिने दक्षता र प्रज्ञापूर्ण उपाय कौशल्यले आरक्षित सत्त्व सम्बन्धी र संस्कार सम्बन्धी अपराध सहनुलाई नै खन्तिपारमिता अर्थात् क्षान्तिपारमिता भनिन्छ। संक्षिप्तमा भन्ने हो भने तीन बोधिमध्ये कुनै एउटा बोधिको लागि उद्देश्य राखी सहनु नै क्षान्तिपारमिता हो।

मन परे पनि नपरे पनि सहनु क्षान्तिको रस कृत्य हो। अधिवासन अर्थात् क्रोधलाई दबाएर राख्नु वा शान्त गर्नु यसको प्रत्युप्रस्थान हो भने यसप्रकारले क्रमशः थाहा पाइरहनु लाई नै पदस्थान भनिन्छ।

बुद्धहरूले प्रशंसा गरिराखेका कुराहरू मध्ये एउटा सहनु उच्चगुण हो। तर प्राप्त भएको दुःखकष्ट आदिबाट मुक्त हुनलाई उत्साह गर्न नसकी त्यसै सहनुलाई भने क्षान्ति भनिंदैन किनभने क्षान्ति प्रज्ञा विपरीत अवस्थाले पूर्ण गर्ने गुणधर्म होइन। धर्मश्रवण, धर्म अध्ययन र दान शीलादि गुणधर्म पालन गर्दा दुःखकष्ट आउन सक्छ, त्यसलाई प्रज्ञाज्ञानले देखेर बुझेर त्यस गुणधर्म पूर्ण गर्नको लागि आवश्यक परेमा आएको दुःखकष्ट सहनु नै क्षान्तिको प्रारम्भिक र आधारभूत लक्षण हो।

लोमस नाग स्थविर हिउँ परे तापनि लोकान्तरिक दुःख सम्झंदै आफ्नो भावना रोक्दै नरोकी अब्भोकाशमा बस्यो। अति नै गर्मि हुँदा पनि अवींचि नर्क सम्झी दुःख सहेर उनी आफ्नो कर्मस्थानमा अडिग भए। उता भोक लागेको दुःख अलिकता पनि सहन नसकी जति खानलाई चाहिने हो त्यति प्राप्त नहुनासाथ नै मानिसहरू गृहस्थ भए *अविज्झा* (पर सम्पत्ति



Downloaded from http://dhamma.digital

लोभ), *व्यापाद* (पर हानि क्रोध) सम्म गर्न पुग्छन् भने भिक्षुहरू भएमा चतुप्रत्ययमा अल्भिन पुग्छन् । जब ज्ञानले बुझेर त्यसरी अभिज्भा व्यापाद गर्दैन वा चतुप्रत्ययमा अल्भिन जाँदैन तब उसले कि त सम्यक् प्रयत्न खोज्दछ कि त आफूमा क्षान्ति बनाउँदछ । कतिले त आफूलाई टोक्न मात्र आएको मच्छरलाई समेत  मारी नै दिन्छ । तर गुणधर्म पालन गर्ने मानिसको स्वभाव यस प्रवृत्तिबाट टाढिन्छ । संज्ञावेदयित निरोधसमापत्ति ध्यानमा बस्नेले स्वेच्छाले सातदिनसम्म भोजन छोडिबस्छ । आफूलाई सर्पले टोक्दा पिण्डपातिक स्थविरले धर्मदेशना र धर्मश्रवणमा बाधा हुन्छ भनी विषपीडा सहेर बस्यो ।

यसप्रकार दुःख र कष्टको कारणले गर्दा गुणधर्मको पालनमा विमुख नहुनु नै क्षान्ति हो । तर गुणधर्मको पालनको नाममा स्वयं सृजित दुःखकष्ट खान गएमा त्यो क्षान्ति हुँदैन बरु *'अत्तकिलमथानु योग'* हुन्छ, जसलाई बुद्धले प्रशंसा गर्नुभएन । विघ्नबाधा भनेको खोज्दै बोकिहिंड्ने विषय होइन । बरु शान्त प्रदेशमा ससाना पर्णशालामा बसेर पनि विघ्न आएमा सहनु मात्र नै क्षान्तिक्षेत्र हो । सहनु जस्तो शत्रुलाई जित्नु अर्को कुनै श्रेष्ठ बाटो छैन । जसले सहन्छ उसलाई अरुले शत्रुभाव राख्न सक्दैन । अझ उसको प्रतिज्ञा घृणाभावसमेत हराएर ऊ अरुको मन पर्ने हुन्छ । क्षान्तिभाव भएको व्यक्तिले सबैलाई मैत्रीभाव राख्न सक्नेझैं अरूप्रति धेरै अप्रमादी पनि हुनसक्छ ।

## अभय स्थविरको कथा

दीघभाणकले अभय स्थविरलाई बाटोमा भेट्यो । दीघभाणकको लाभ सत्कारप्रति स्थविरमा ईर्ष्या जागेको थियो । त्यसैले बाटोभरि गालिगर्‌यो । तर दीघभाणकले दुइबाटो छुट्टिएर जाने देख्नासाथ अभय स्थविरलाई जानुपर्ने बाटो देखाए । फेरि नमस्कार गरेर विदा पनि लिए । शिष्यहरूले दीघभाणकसँग सोधे- *'त्यस्तरी गालि गरेर पनि किन तपाईले उसलाई बाटो देखाउनुभएर नमस्कार गर्नुभएको ?'* दीघभाणकले जवाफ दियो - *'सहनु नै मेरो काम, सहन नगर्नु मेरो काम होइन । गालि गर्दा पनि मेरो चित्त कर्मस्थान बाहिर गएन । यही नै मेरो लाभ हो ।'*

योगावचर स्वविरलाई ध्यानावस्थामा वायुरोग भयो । तापनि ध्यानको विघ्नमा विचार गरेर सहदै वेदनामा नै पछि विपश्यना (विदर्शन) भावना गर्‌यो ।



Downloaded from http://dhamma.digital

यसले गर्दा एकातिर वायुले उनको हृदय फुट्यो भने अर्कोतिर अनागामि फलमा प्रतिष्ठित हुन सक्यो ।

## क्षान्तिको प्रकार

क्षान्ति दुई प्रकारका छन् । ती हुन् -

१) *धम्म निज्झानक्खन्ति* (धर्म निध्यान क्षान्ति)

२) *अधिवासनक्खन्ति* (अधिवाशन क्षान्ति)

स्वभावधर्म अर्थात् जस्तो पाइयो त्यस्तै जानेर बुझेर लिनु र सहनशक्ति बनाउनु नै धम्म निज्झानक्खन्ति हो । यसो भनेर संसारलाई अनित्य, दुःख, अनात्मरूपमा बुझेर श्रोतापत्तिमार्ग आदिलाई आवश्यक विपश्यनाज्ञान ( विदर्शन) हुनासाथ नै क्षान्तिपारमिता पूर्ण हुन्छ भन्ने छैन ।

क्रोधलाई बाहिर आउने अवसर नै नदिइकन नै भित्रै राखिराख्नु, तब त्यसलाई सहनशीलतामा परिणत गरिपठाउनुलाई नै अधिवासनक्खन्ति भनिन्छ । वास्तवमा भन्ने हो भने यो नै खन्तिपारमितामा क्षान्तिको लागि सार्थक क्षान्ति हुन्छ ।

## क्षान्तिको क्षेत्र

क्षान्तिको तीन कार्यक्षेत्र छन् । अर्थात् सहन गर्ने अवस्थालाई तीन विषयमा सम्बन्धि विभक्त गर्न सकिन्छ ।

१) संस्कारतर्फबाट आउने दुःख सहनु ।

२) आफ्नो कारण वा त्यसै आउने दुःख स्वभावलाई सहनु ।

३) अरुकोतर्फबाट आउने दुःख सहनु ।

तातो चिसोको दुःख, भोकप्यासको पीडा र रोगादिको कष्ट संसारचक्रमा घुम्नु परुञ्जेलसम्म अर्थात् संस्कार भएसम्म भई नै रहन्छ । यस्तो संस्कारसँग हुने जीवन पाएसम्म हुने दुःखकष्ट पनि मानिसले सहन नगरी बेठीकरूपले यसको उपशमको लागि कोशिस गर्दछ । अझ गर्मिजाडो देखेर रिस गर्दछ । आफ्नो मन नपरेको रूप, दृश्य देख्दा, मन नपरेको शब्द सुन्दा, मन नपरेको गन्ध सुंघ्दा, मन नपरेको स्वाद पाउंदा, मन नपरेको स्पर्श हुँदा पनि रिस उठ्छ । यसो नगरी क्रोधलाई जितेर बस्न सक्नुपर्छ । जीवनमा मन नपरेको पनि धेरै हुनसक्छ । अनुकूल भावनाले क्षान्तिको वृद्धि गरिदिन्छ, प्रतिकूल



Downloaded from http://dhamma.digital

भावनाले रिस बढाइदिन्छ । कसैले हामीलाई पीडा दिनासाथ रिस गर्नुभन्दा पहिला विचार गर्ने बाटो पक्रिनुपर्छ ।

एक दिन भगवान् बुद्ध राजगृह नालन्दामा हिंडिरहनुभएको थियो । पछिपछि भिक्षुहरू पनि थिए । बुद्ध र भिक्षुसंघको पछिपछि आउँदै गरेका एक समूह मानिसहरूले बुद्ध र भिक्षुसंघको निन्दा गर्दै थिए । विहारमा पुगेपछि भगवान् बुद्धले भिक्षुहरूलाई आज्ञा गरे -'भिक्षुहरू, तिमीहरूको पछिपछि आउँदै निन्दा गरेकोमा तिमीहरूको मनमा के विचार आयो ?' पुनः भगवान् बुद्धले भिक्षुहरूलाई आज्ञा गरे -कसैले तिमीहरूको निन्दा गर्दैमा तिमीहरूको मन दुखाउनु हुँदैन । प्रथमतः उनीहरूले भनेका कुरा ठीक हुन कि होइनन् भनी विचार गर्नुपर्छ । यदि उनीहरूले भनेका साँच्चै हुन भने तिमीहरूले विचार गर्नुपर्छ कि उनीहरूले ठीक नै भने । यदि उनीहरूले गरेका निन्दा ठीक नभएमा विचार गर्नुपर्छ कि उनीहरूलाई केही पनि थाहा छैन । नजान्ने व्यक्तिहरूको कुरामा द्वेष राख्नु हुँदैन । यसरी दुबै अवस्थामा द्वेषमुक्त हुन सक्नुपर्छ ।

राजोवाद जातक (१५१) अनुसार क्रोधको प्रतिकार क्रोधले गर्नु श्रेष्ठ प्रतिकार होइन । क्रोधलाई अक्रोधले जित्नु नै कडा हुनेलाई कडा स्वभावले जित्नुभन्दा श्रेष्ठ हो, मान्य हो अगाडि अगाडि हिंड्न योग्य हो । धम्मपद (२२३) अनुसार *'क्रोधलाई अक्रोधले, असाधुलाई साधुत्वले, कञ्जुसलाई दानले, असत्यवादीलाई सत्यवादले जित्नुपर्छ ।'* तर यसको लागि प्रतिपक्षी अगाडि आउनासाथ बदला लिने स्वभावले गर्दा सम्भव छैन । यसले त उसले उसलाई, उसले उसलाई बदला लिने कामको एउटा श्रृंखला मात्र नै गाँसिदै जान्छ । यो श्रृंखला अन्त्य गर्न धम्मपद (५) अनुसार *'वैरभावले वैरभाव कहिल्यै शान्त हुँदैन, अवैरभावले मात्र नै वैरभाव शान्त हुन्छ'* भन्ने कुरा बुझ्नुपर्छ । कसैले गालि गर्दैमा आफूले पनि गालि गर्नु, कसैले पिट्दैमा आफूले पनि पिट्नु कुनै ठूलो गुणधर्म होइन । अझ अपकारविना क्षान्तिपारमिता पूर्ण गर्नु नै सम्भव छैन । त्यसैले कसैले कुनै अपकार गरे तापनि *'थिनीहरूले मलाई क्षान्तिपारमिता पूर्ण गर्ने अवसर दियो'* भनी ठान्नुपर्छ साथै 'यो पनि मलाई उपकार भयो' भनी देख्नुपर्छ । तीतो औषधी खानुपर्दा पनि रिस निकाल्नुभन्दा 'मेरो रोगले गर्दा मेरो आफ्नो कृतकर्मले गर्दा यो पिउनु पऱ्यो' भनी बुझ्नु क्षान्ति बनाउनु बाटोमा हिंड्न जान्नु हो । संस्कार सम्बन्धले दुःख अनुभव गर्नुपर्दा 'योभन्दा गाह्रो दुःख



Downloaded from http://dhamma.digital

अनुभव गर्नु नपरेको नै भाग्य हो' भनी ठानेर सहनु क्षान्तिलाई आधार दिनु हो ।

कहिलेकाहीं आफ्नै कारणले गर्दा पनि आफूलाई दुःख हुन्छ । हुन त हो आफ्नो कर्मले हुने दुःख पनि आफ्नो कारणले गर्दा आफूलाई हुने दुःख नै हो । तर हुने दुःखमा आफ्नो कुनै कारणले कुनै कर्मले गर्दा हो भनी थाहा नहुञ्जेल यस विषयमा यसरी भन्नु वा यसरी मनमा लिनु सजिलो छैन । त्यसैले सजिलो त यसरी नै भन्न सकिन्छ, संस्कार भएर आफ्नो जन्म पाइयो । फेरि जहाँ शरीर पाइयो त्यहाँ अनेक रोग र पीडा पनि पाइयो । आफ्नो शरीरमा हुने धेरैजसो पीडा र दुःख आफ्नै कारणले आफ्नो तर्फबाट नै हुने गर्छ । आफ्नो यो पीडा शान्त गर्नको लागि अरुलाई पीडा दिनु अरुलाई हत्या गरी आफू जीवित हुने गर्नु हुँदैन । आफ्नो शरीरमा हुने पीडालाई पनि सम्यक्रूपले उपचार गर्नुपर्छ वा सहन सक्नुपर्छ ।

अरुको तर्फबाट पनि मानिसहरूलाई दुःखकष्ट हुन्छ । तर क्षान्तिधर्म पालन गर्नेले अरुको तर्फबाट आउने दुःखकष्टलाई सहन्छ । बोधिसत्त्वहरूले सारा प्राणीहरू आफ्ना दाजुभाई र दिदीबहिनीजस्तै ठान्दछन् । बच्चाले लात हान्दै दूध पिउने पीडालाई आमाले सहेझैं अरुले दिएको दुःखलाई बोधिसत्त्वहरूले सहन्छन् ।

***<u>क्षान्ति पारमिताको कथात्मक व्याख्या</u>*** :

### महिस जातक (२७८)

एकसमय बोधिसत्व जङ्गली रांगो (अर्ना) को रूपमा जन्मिएर हिमालय प्रदेशमा बस्ने गर्दथे । एकदिन चरिसकेपछि आरामको लागि एक घनावृक्षमुनि गएर आराम गर्न गए । त्यहीं एउटा चञ्चल बाँदर आएर रांगोको पीठ्यूँमा चढेर फोहोर (मलमूत्र) पारिदियो । कहिले सिङ्ग पक्रेर, कहिले पुच्छर पक्रेर झुण्डिन थाल्यो । तर रांगो (बोधिसत्त्व) ले क्षान्ति, मैत्री र करुणारूपी सम्पत्तिले युक्त भएको कारण सबै अत्याचार सही बसे ।

एकदिन त्यस रुखमा बस्ने वृक्षदेवताले सोध्यो - 'महिषराज, यो दुष्ट बाँदरको अनाचारलाई किन सहिबसेको ?' जवाफमा रांगो (बोधिसत्व) ले भने *'वृक्षदेवता, यदि म यसभन्दा जाति, गोत्र र बलमा अधिक भएर पनि सहन गर्दिन भने मेरो मनोरथ कसरी पूर्ण हुन्छ । यस्को यस्तो बानीले एकदिन प्रचण्ड रांगोलाई पनि अनाचार गर्नेछ तब उनीहरूबाटै यसको मृत्यु हुन्छ र*



Downloaded from http://dhamma.digital

*मलाई प्राणीहिंसाबाट बचाउने छ ।'* अन्तमा नभन्दै त्यसै भयो । त्यसैले आफू स्वयं जन्म, गोत्र र बलमा माथि परेर पनि आफूभन्दा क्षुद्रको दोष सहनु बोधिसत्त्वहरूको दृष्टिकोण हुन्छ ।

## कालबाहु जातक (३२९)

एकसमय बोधिसत्व राध नामक सुगा भएर जन्मिए । एकदिन राध र उसको भाइ पोट्ठपादलाई शिकारीले पक्रेर वाराणसी नरेशको हातमा बेचिदियो । वाराणसी राजाले उनीहरूलाई सुनको पिंजडामा राखेर तथा मीठो अशल खुवाएर पालिराखे । एकदिन फेरि कालबाहु नामक बाँदरलाई पनि राजाकहाँ बेच्न ल्यायो । तब बाँदरलाई पनि अशल मीठो खुवाउने गर्न थाल्यो । जसले गर्दा राध र पोट्ठपादलाई राम्ररी पहिलेजस्तै विचार गर्न छोड्यो । यसले गर्दा पोट्ठपादलाई एकातिर दुःख भयो भने अर्कोतिर ईर्ष्या । उसले बोधिसत्त्व राधलाई भन्यो - 'हामीलाई अब राम्रो मीठो खुवाउन छोड्यो, राम्ररी विचार पनि गर्न छोड्यो । त्यसैले किन हामी उडेर जङ्गलमा नजाऔं ?' तब राधले जवाफ दिए - *'हे पोट्ठपाद, लाभहानी, यशअपयश, निन्दाप्रशंसा, सुखदुःख यी मनुष्यलोकको अनित्यधर्म हुन् । किन तिमी चिन्ता गर्छौ ? चिन्ता नगर ।'*

'त्यसो भए यस बाँदरलाई कसरी धपाइपठाउने ?' भनी पोट्ठपादले सोध्दा राधले भने - 'उसको अरुलाई चिढाउने कामले राजकुमारलाई पनि चिढाउँछ र त्यसै कामबाट धपाइन्छ ।' नभन्दै एकदिन राजकुमारहरूलाई पनि चिढाएर तर्साउँदा राजकुमारहरू डराएकाले राजाले बाँदरलाई धपाए ।

त्यसैले अर्काको लाभमा ईर्ष्या नगर्नु, आफ्नो हानिमा दुःखीत भएर अर्काको लाभमा बाधा नदिनु नै बोधिसत्त्वहरूको आदर्श हो ।

## बुद्ध र श्रावकहरूको क्षान्ति

वीर्यपारमिताको अभ्यास गर्दा अनेक दुःखकष्टमा दृढ हुनु परेझैं क्षान्तिपारमिता पूर्ण गर्दा पनि सहनुको लागि सदा तयार भईबस्नुपर्छ । जतिजति माथि उल्लेख भएअनुसार तीन श्रोतले दुःख आउंछ, दोष आउंछ त्यतित्यति नै सहने शक्ति बुद्ध र उनका श्रावकहरूले तथा बोधिसत्त्वहरूले वृद्धि गर्दछन् । चन्दनवृक्ष जतिजति काट्दै गयो, त्यतित्यति नै वास्ना आउंछ भने झैं क्षान्तिका साधकहरू अरुहरूबाट निन्दा उपहास भएपिच्छै



Downloaded from http://dhamma.digital

दु:ख दिएपिच्छै सहनशील भएर पवित्र हुन्छन् । बुद्ध, बोधिसत्त्व र श्रावकहरूको चरित्रमा चन्दनसरी क्षान्तिको वास्नाले भरिएको हुन्छ ।

## असुरिन्द भारद्वाजकको कथा

असुरिन्द सुत्त, संयुक्त निकाय (७,१,३,) अनुसार असुरिन्द भारद्वाज ब्राह्मणले क्रोधी र खिन्न भएर बुद्धलाई कतिकति गालि गऱ्यो । तर बुद्ध मौन मात्र भएर बसे । ऊ गालि गर्दागर्दै कायल भयो । पछि अन्तमा ब्राह्मणले भने *'श्रमण जित तिम्रै भयो ।'*

तब मात्र बुद्धको मुखबाट शब्द प्रस्फुटन हुन्छ- *'मूर्ख, मुखले कठोर कुरा गरेर आफ्नो जित सम्झिन्छौ । वास्तवमा जित भनेको उसैको हुन्छ जसले सहन गरेर आफू मौन भइबस्छ ।'*

## आक्रोशक भारद्वाजको कथा

यसैगरी एकदिन आक्रोशक भारद्वाजले भगवान् बुद्धलाई घरमा निमन्त्रणा गरेर पछि *'भेंडा भित्र आयो'* भनी गालि गऱ्यो । भगवान् बुद्धले जवाफमा भने - *'मलाई गालि गर्नुअघि भन तिमीकहाँ कहिलेकाहीं पाहुना आउंछ कि आउंदैन ?'* ब्राह्मणले रिसाउदै जवाफ दियो - *'हामीकहाँ पनि पाहुना आउंदैन र ?,* बुद्धले फेरि सोधे - *'त्यसोभए पाहुना आएकोलाई राम्रो मीठो खुवाउनुपर्छ कि पर्दैन त ?'*

आफ्नो निन्दा उपहासमा अप्रासंगिकरूपले त्यसरी सोधिरहेकोमा ब्राह्मणलाई झन रिस उठ्यो । उसले भन्यो - *'पाहुनालाई पनि राम्रो मीठो जोरेर खुवाउंदै न कि क्याहो ? पर्छ नि, धेरै राम्रो मीठो जोरेर खुवाउनुपर्छ ।'* बुद्धले फेरि निर्वेदभावले साधे - *'त्यस्तो राम्रो मीठो पाहुनाको अगाडि नै राखिदिन्छौ होइन र ?'* ब्राह्मणको जवाफ हो - *'अगाडि त राखिदिन्छौं नि, पछाडिराखिदिन्छौ त ? त्यति पनि थाहा नभएको श्रमण ।' 'यदि त्यो अगाडि राखेको पाहुनाले खाएन भने नि ?'* भनी बुद्धले सोधे । ब्राह्मणले रिसाउँदै भन्यो - *'न खाए भने हामी खान्छौं नि, म खान्छु नि ।'* तब बुद्धले हंसिलो मुस्कानले भने - *'मैले पनि तिमीले अगाडि राखिदिएको भोग्यवस्तु खाइन । अब कस्ले खाने भो त ?'* यसरी नै आफ्नो क्षान्ति र शान्ति जुनसुकै स्थितिमा पनि बुद्धले हराउंदैनन् ।



Downloaded from http://dhamma.digital

## चिञ्चा माणविकाको कथा

निर्ग्रन्थहरूलेबुद्धको लाभ सत्कारमा ईर्ष्या भएर चिञ्चा माणविकातर्फबाट धेरै ठूलो षडयन्त्र गरे । जसअनुसार सबै फर्किएर जाने समयमा विहार प्रवेश गरेझैं, अरु प्रवेश गर्ने बेलामा ऊ बाहिर आएझैं गर्दै एकदिन गर्भवती भएझैं गरी देखाइन् । एकदिन बुद्धले धर्मदेशना गरिरहेको परिषदमा आएर उनलाई लाञ्छित गरिन् । तर यस समयमा पनि उनको हृदयमा क्षान्ति नै थियो । त्यसैले उनले भने - 'यो कुरा कि तिमीलाई थाहा छ कि मलाई थाहा छ ।' त्यो शब्दको सत्यतालाई परिषदभने आ-आफ्नो ढङ्गले बुझे । तर तुरुन्त चिञ्चा माणविकाको पेटमा बाँधिराखेको मुङ्गो तल झऱ्यो । गर्भवती भएको असत्यता सावित भयो ।

## सुन्दरी परिव्राजिकाको कथा

त्यसरी नै एकपल्ट निर्ग्रन्थहरूले बुद्धकहाँ सुन्दरी परिव्राजिकालाई समय समयमा पठाउँदै एकदिन उसको हत्या गरे । फेरि सुन्दरी परिव्राजिकाको लाश विहारको नगिचै जमिनमा गाडिदिए । त्यसपछि त्यो हत्या बुद्धबाट भएको हो भनी अनेक अपवाद, लान्छना र भ्रम प्रचार गरेर बुद्धलाई कलंकित गर्न खोजे । विहार नगिच सुन्दरीको लाश पाइएको विषयमा राजाले बुद्धसँग स्पष्टिकरण मागे । सारा लान्छना र अपवाद सहेर, निर्ग्रन्थहरूसित प्रतिवाद नगरीकनै बुद्ध मौनभई बसे । दुबै पक्ष पनि भेला गरेर न्याय हुन तयार नै भइरहेको बेला वास्तविक सुन्दरी परिव्राजिका मार्ने मानिसहरूजस्तै भेषधारी मानिसहरूलाई गुप्तचरहरूले पक्रेर ल्याए । पक्रेर ल्याएका भेषधारीलाई देख्नासाथ वास्तविक हत्यारा सम्झेर निर्ग्रन्थहरू भागेर गए ।

फुसती सुत्त, संयुक्त निकाय (१,३,२) अनुसार बौद्ध नीतिले भन्छ - *'शुद्ध पुरुषप्रति, निश्पापप्रति जसले दोष दिन्छ, सारा पाप त्यसै मूर्खलाई उल्टा फर्किएर लाग्न जान्छ । जसरी हावा बहेको उल्टा गतिबाट फ्यालिदिएको फ्याल्ने मानिसलाई नै लाग्न जान्छ ।'*

## मागन्धीको कथा

आफ्नी सौता श्यामावतीले बुद्धप्रति श्रद्धा राखेकीले महारानी मागन्धीले



Downloaded from http://dhamma.digital

बुद्धप्रति द्वेष राखी सहन गर्न नसकी बुद्धलाई अपमानित गर्ने योजना बनाइन् । एकपटक बुद्ध आफू भिक्षुसंघसहित भिक्षाटन गइरहँदा मागन्धीले धेरै मानिसहरूद्वारा उपहास अपमान गर्न लगाइन् । यो अपमान उपहासले गर्दा कति भिक्षुहरू खिन्न पनि भए । त्यसैले आयुष्मान आनन्दले बुद्धलाई विन्ति गर्‍यो - *'भन्ते, यहाँ निन्दा र उपहास धेरैहुने गर्छ । अर्को ठाउँमा भिक्षाटन गर्न जानु हुँदैन र ?'* भगवान् बुद्धले सोधे - *'अर्को ठाउँ कहाँ जाने, आनन्द ?' 'भन्ते भगवान्, जहाँ तपाईप्रति श्रद्धा राख्नेहरू धेरै छन् '* भनी आनन्दको जवाफ हो । *'अनि त्यहाँ पनि उपहास गर्न आए भने नि ?'* आनन्दसँग भगवान् बुद्धले सोधे । *'त्यसो भए त्यहाँबाट पनि अर्को ठाउँमा जाउँला'* भनी आनन्दले विन्ति गर्‍यो । *'फेरि त्यहाँ पनि आए भने नि ?'* बुद्धको यो प्रश्नले पछि आनन्द स्वत: मौन भयो । किनकि आयुष्मान आनन्दले भगवान् बुद्धको विचार बुझ्यो । अनि भगवान् बुद्धले भने - *'आनन्द, तिमीले त्यति उपहास सम्बन्धमा विचार गर्न सक्दैनौ र ? निन्दारहित स्थान कहाँ छ ?'* अनि भगवान् बुद्धबाट (धम्मपद ३२०) पुन: आज्ञा हुन्छ -

*अहं नागो व संगामे चापातो पतितं सरं ।*
*अति वाक्यं तितिक्खिस्सं दुसीलो हि बहुज्जनो ॥*

संग्राममा धनुषले हानिपठाएको वाणलाई हात्तीले वास्ता नराखी नै सहन गर्छ, त्यसरी नै मैले पनि मूर्खहरूको कटुवाक्य र निन्दा प्रशंसालाई सहन गर्छु । कारण संसारमा दुखित मानिसहरू नै धेरै छन् ।

जसरी बाटो बाटोमा भगवान् बुद्धको निन्दा उपहास गरियो त्यो मात्र सातदिनसम्म टिक्यो । भगवान् बुद्धको क्षान्ति यति बलियो छ कि कुनै पनि बुद्धप्रतिको लाञ्छना, अपवाद र निन्दा सातदिनभन्दा बढी टिक्न सकेन ।

## देवदत्तको कथा

बुद्धप्रति देवदत्तको द्वेष साधारण होइन । यो असाधारण द्वेषलाई पनि भगवान् बुद्धले प्रेम र मैत्रीले दमन गरे । देवदत्तले गृद्धकूट पर्वतको टुप्पाबाट ढुङ्गाले हान्यो । त्यो ढुङ्गा अर्को ठाउँमा लागेर फुटेको एक चोइटा ढुङ्गा उनको दाहिने खुट्टाको बूढी औंलामा लाग्यो । उनले यस समयमा न त देवदत्तप्रति अलिकता पनि रिस गरे भने न त क्षान्ति नै गर्न बिर्सिएका थिए । देवदत्तप्रति त्यति नै करुणा राखे जति राहुलप्रति, फेरि चित्त त्यसै नै निर्वेद भएर गयो जसरी



Downloaded from http://dhamma.digital

कमलको फूलमा पाइला राख्दा हुने हो । वास्तवमा यो बुद्धको क्षान्तिको परिणाम हो ।

## पुण्ण स्थविरको कथा

पुण्ण स्थविरमा क्षान्ति बल भएकाले भगवान् बुद्धले सुनापरान्त मा बस्न अनुमति दिएको कथा स्मरणीय छ। सुनापरान्तमा गएर धर्मप्रचार गर्नजान अनुमति माग्न आएको पुण्ण स्थविरलाई बुद्धले *'सुनापरान्तवासीहरू धेरै कठोर छन् ।'* भनी भने पुण्ण स्थविरले विन्ति गर्‍यो -'उनीहरू कठोर भए तापनि गालि मात्र गर्नेहरू हुन् ।' फेरि बुद्धले सोधेर- *'उनीहरूले गालि गर्न आएभने नि ?'* जवाफमा पुण्ण स्थविरले भन्यो *'म विचार गर्ने छु उनीहरू धेरै असल छन् किनकि उनीहरूले गालि मात्र गर्न आए तर पिट्न त आएका छैनन् भनेर ।' 'उनीहरूले पिट्नै आएमा तिमी के गर्छौ त ?'* भनी बुद्धले सोधे । पुण्ण स्थविरको जवाफ हो -*'म विचार गर्ने छु उनीहरू धेरै असल छन् किनकि उनीहरूले पिट्न मात्र आए, शस्त्र लिएर चोट पुर्‍याउन आएनन् ।'* बुद्धले फेरि भने -*'यदि सुनापरान्तवासीहरूले शस्त्रव्दारा घाउचोट नै पार्न आएमा तिमी के गर्छौ त ?'* पुण्ण स्थविरको जवाफ हो -*'भगवान् म विचार गर्नेछु सुनापरान्तका मानिसहरू धेरै असल छन्, उनीहरूले मलाई शस्त्रले घाउचोट मात्र पुर्‍याउन आए, मार्न त आएका छैनन् नि ।'* फेरि बुद्धले सोधे *'उनीहरूले मार्न नै आएभने नि ?'* फेरि स्थाविरले जवाफ दियो- *'म विचार गर्ने छु अरुलाई मर्नको लागि हतियार चाहिन्छ तर मलाई विनाहतियार नै मृत्यु संभव भयो ।'* तव भगवान् बुद्धले पुण्ण स्थविरलाई त्यस कठोर स्वभाव प्रचण्ड स्वभाव भएका मानिसहरूका बस्ती सुनापरान्तमा जान अनुमति दिए। पुण्ण स्थविर त्यहाँ शान्तितवरमैं, आनन्दले बसिर्‍यो, किनकि उनमा ठूलो क्षान्तिबल थियो ।

बोज्भङ्ग सुत्रानुसार एकपल्ट मौद्गल्यायल स्थविरलाई र काश्यप स्थविरलाई रोगले दुःख दियो । त्यसबेला त्यस शारीरिक कष्टरोग भगवान् बुद्धले धर्म संभायन सुनाएर रोग हटाइदिए । त्यसरी नै एकपल्ट फेरि स्वयं धर्मराज तथागतलाई अति ठूलो रोगले पीडित बनायो । त्यसबेला चुन्दस्थविरले धर्मको संभायन गरेर उनको रोग पीडा हटाइदियो। यसले स्पष्ट हुन्छ प्रतिकूल परिस्थितिमा पनि अनुकूल धर्मको चिन्तन र मनन क्षान्तिको आधार हो । अर्कोतिर त्यही नै क्षान्तिको सत्यको आनुभाव पनि हो ।



Downloaded from http://dhamma.digital

क्षान्तिबलले वास्तवमा रिस उठ्नु पर्ने अवस्थामा पनि रिश नउठ्नेलाई बन्द गर्छ भनिन्छ। कारण रिस उठ्नुपर्ने कारण नहुंदा त सबैले सहनशील नै भएर बस्दछ। कमजोरले मात्र सहनुलाई पनि क्षान्ति भनिंदैन। मुसाले बिरालोलाई क्षमा दिएर त्यो क्षमा हुँदैन। कारण कमजोर पनि बलवान भएर आउंदा त रिस गरिहाल्छ नै। त्यसैले भनिएको पनि छ -

*यो हवे बलवा सन्तो, दुब्बलस्स तितिक्खति।*

*तमाहु परमक्खन्ति, निच्चंक्खमति दुब्बलो॥*

बलवान भएर पनि निर्बलियोलाई क्षमा गर्दा मात्र वास्तवमा क्षमा हुन्छ किनभने कमजोरले त बलियोसित संधै क्षमा गर्नै सक्दैन।

त्यसैले क्षान्ति दुर्बलताको प्रतीक होइन। बरु त्यो आत्मगौरव भएको क्रोधको दोष एवं क्षान्तिको महत्व देख्नेको शक्ति मात्र हो। वास्तवमा त्यही नै क्षमताले वा त्यही शक्तिले कसैलाई आफूलाई जानेर वा नजानेर गर्ने गल्तिलाई सहन सक्दछ। धम्मपद (२२२) अनुसार *'कसैले रिसलाई संयमित गर्दछ, ऊ नै संसारको वास्तविक सारथी हो, अरु त डोरीको टुप्पा समातिराखेकाहरू मात्र हुन्। त्यसैगरी धम्मपद (३९९) मा भनिएको छ - 'गल्ति गरेको र बध-बन्धनलाई जसले चित्त नबिगारी सहन्छ, ऊ नै शैन्यवल भएको राजपुरुषजस्तै क्षान्तिबल भएको व्यक्ति हो।'* त्यसरी नै गल्ति गरेर वा अपराध गरी कसैले क्षमा माग्दा क्षमा दिनु क्षान्तिको अर्को स्वरूप हो। यस्तै नै धम्मपद (२८४) अनुसार *'क्षान्ति र सहनशीलतालाई ठूलो तप'* भनिन्छ।

Dhamma Digital

## क्षान्तिको महत्व

क्षान्तिको धेरै महत्व रहेको छ। त्यसैले क्षान्ति अठ्तीस मंगलमध्ये एउटा मंगलकारक गुण भयो। त्यसरी नै यो दश राजधर्ममध्ये एउटा राजधर्म, आठ सत्पुरुषकर्ममध्ये एउटा कर्म पनि हो। क्षान्ति सारा गुणधर्मको विपरीत स्वभावको क्रोध नास गर्ने हुनाले यो धार्मिक व्यक्तिहरूलाई एउटा मात्र आयुध हो। फरुष वचनरूपी तलवारको प्रहारलाई क्षान्ति भनेको ढालजस्तै हो। दुष्ट र क्रुरहरूको काय र वाक विष शान्त गर्न क्षान्ति औषधीजस्तै हो। त्यसरी नै यो क्षान्ति आवेशमा दौडिने स्वभाव रोक्न डोरी, संवरको लागि पर्खाल, दोष- महासागरको बाँध, चार उपाय विनाश गर्ने



Downloaded from http://dhamma.digital

शक्ति, देव-बह्मलोक जान सिंढी, निर्वाण पुग्न मूलढोका हो। बुद्धकारक धर्मगुणमा पनि क्षान्तिपारमिता नै महत्वपूर्ण पक्ष भयो।

## दश पारमितामा क्षान्ति पारमिता

क्षान्ति (संस्कृत) बुद्धकारक दश पारमितामा छैठौंपारमिता हो। महायानमा दश पारमितालाई संक्षिप्तीकरण गरी षड पारमिताको रूपमा गर्दा दानपारमिता र शीलपारमितापछि क्षान्तिपारमितालाई उल्लेख गरेको छ। बोधिसत्त्वको चरित्र विश्लेषण गर्ने अर्को प्रसिद्ध महायान ग्रन्थ बोधिचर्यावतारमा बोधिचित्त, पापदेशना, बोधिचित्त परिग्रह, बोधिचित्त प्रमादभन्दा पछि क्षान्तिपारमिताको वर्णन गरिराखेको छ। बोधिचर्यावतारमा विशेषत: अर्काको कारणले गर्दा आफ्नो चित्तको प्रमुदित स्वभाव नबिगार्नु, रिस नगर्नु, शत्रुतापूर्ण व्यवहारमा पनि शुभ सम्भिनेरूपले जुन क्षान्तिपारमिताको व्याख्या भएको छ, फेरि मनलाई सम्बोधन गरी उपमामय शब्दमा जुन विश्लेषण भयो त्यो साँच्चै नै आकर्षक छ। बोधिचर्यावतारले भन्दछ - *'आगोको स्वभाव नै पोल्नु हो, त्यसैले आगोदेखि किन रिस गर्नु ?'* त्यो भन्दा त आफैले नै त्यस्लाई आगो भनी छुनु हुँदैन। त्यसरी नै मूर्खहरूसँग रिस गर्नु हुँदैन, मुर्खत्वबाट टाढिनुपर्छ। संयुक्तनिकाय (३९-४०।६) अनुसार आकाश स्वयं निर्मल छ, तर धुँवाले गर्दा यो धमिलियो। प्राणीहरू पनि मुलत: निर्मल छन्। त्यसैले मानिसलाई किन दोष दिइरहनु ?

दान वा श्रद्धाको मृदुचित्तमा नै क्षान्तिको सरसता र आर्द्रता भइरहन्छ। लोभलालचले भरिएको तातो चित्तमा त क्षान्तिको सरसता आगोमा पानी राखेजस्तै हुन्छ। वेस्सन्तरले जुजुक ब्राह्मणलाई आफ्ना छोराछोरी दान दिए, तब जुजुकले जालि कुमार र कृष्णाजिनीलाई पिट्दै लगेको देख्दा द्वेषभाव जाग्यो। तर तुरुन्तै त्यसलाई क्षान्तिले समन गरे।

शीलको पवित्र भावना भएको चित्तमा द्वेषको प्रबलता हुँदैन, त्यसैले गर्दा क्षान्तिलाई शक्ति दिन्छ। शीलको महत्व देख्यो कि शील पालनमा आएको दु:ख सहन गर्दछ। यसरी सहन सकिएमा शील राम्ररी निर्विघ्न तवरले पूर्ण गर्न सकिन्छ। भुरिदत्त जातक (५४३) मा भुरिदत्त नागराजले क्षान्ति गर्दा नै आफ्नो शीलव्रत पूर्ण गर्न सक्यो।

आमाबाबु छोरा पत्नीसँग टाढिएर जाने चित्तपीडा सहन गर्नाले



Downloaded from http://dhamma.digital

नैष्क्रम्यपारमिता पूर्ण हुन्छ । अथवा नैष्क्रम्यपारमिता पूर्ण गर्दा पनि क्षान्तिको धारणपालन भएको हुन्छ। आगोले पोल्दा एउटा झिल्कोले नै घाँस वा परालको झारी बाल्न सक्दछ। तर द्वेषले त झन सहश्र कल्पमा जम्मा गरिराखेको शुभकर्म समेतलाई नष्ट गरिदिन्छ। यसरी प्रज्ञा ज्ञानले विचार गर्न सकिएमा क्षान्तिपारमिता गहिरिएर पूर्णगर्न सकिन्छ। विद्वेषले भरिएको चित्तमा मात्र नै यो सम्भव छ। जो असक्षम हो, उसले चित्तको खिन्नता दबाउन सक्दैन, तब ऊसँग वीर्य कहाँ हुन्छ ? यही नै वीर्यपारमिता र क्षान्तिपारमिताको पारस्परिक सम्बन्ध हो।

त्यसरी नै क्षान्ति भएको हृदयले द्वेषको भ्रमजाल हटाएर सत्यलाई देख्न सकिन्छ। जहाँ सहन गर्न सकिन्छ, त्यहाँ ज्ञानबल र अभ्यासबलमा स्थीरता आउंछ। यही नै क्षान्ति र अधिष्ठानपारमिताको सम्बन्ध हो। क्षान्ति अक्रोध स्वभावले पूर्ण हुने र मैत्री पनि अक्रोध भावको अर्को रूप भएकोले क्षान्ति र मैत्रीपारमिता सम्बन्ध त झन नै बलियो छ। क्षान्ति कहिलेकाहीं आफ्ना बन्धु बान्धवहरूलाई हुने दुःखले आउने मानसिक संकट सहनुलाई पनि भनिन्छ। यसैको अर्को विकसित अवस्था उपेक्षाभाव हो भने क्षान्ति र उपेक्षापारमिताको सम्बन्ध पनि हो।

## क्षान्ति पारमिता, उपपारमिता र परमत्थपारमिता

छोराछोरी र पत्नी आदि परिवारको अपराधलाई वा वियोगलाई सहनु एवं धनधान्य नहुँदा दुःख सहनु क्षान्तिपारमिता हो। आफ्नो हातखुट्टा आदि शरीरको अङ्गप्रत्यङ्ग विनाश हेतुको अपराधलाई सहनु क्षान्ति उपपारमिता हो। जीवनको विनाश हेतुको अपराध कथात्मक व्याख्या हुने गरी यहाँ तीन बोधिसत्त्व चरित्रको सारांश प्रस्तुत गर्नु उचित देखिन्छ।

## उरग जातक (३५४)

वाराणसीमा ब्रह्मदत्तको शासन हुंदा बोधिसत्त्व एकपल्ट एउटा ब्राह्मण कुलमा जन्मिए। छोरा, छोरी, जहान, बुहारी, दासी र आफूसहित गरी ६ जना जहानपरिवार किसानीकर्मद्वारा जीविका भइरहेको थियो। फेरि सबैले दान गर्नु र शील पालन गर्नुको साथै मरणानुस्मृतिको भावना पनि संधै गर्ने गर्दथे।

एकदिन बोधिसत्त्व आफ्नो छोरासँगै खेति काम गरिरहेका थिए।



Downloaded from http://dhamma.digital

छोराले जमिन जोत्दै थियो । खेतमा आगो पनि बालिराखेको थियो । संयोगले खेतको एउटा प्वालमा बसेको सर्पको आँखामा धुवाँ लाग्यो । तब रिसले चुर भएर विषधारी सर्प प्वालबाट बाहिर निस्केर आउनासाथ छोरालाई डसिदियो । ऊ भद्राक्क पल्टियो । फेरि बोधिसत्त्व दौडिएर आएर हेरुञ्जेलसम्म त छोरा मरिसक्यो । बोधिसत्त्वले मरिसकेको छोरालाई बोकेर एउटा रुखमुनि पल्टाइदिए । एउटा कपडाले छोपिदिए । फेरि संस्कारको अनित्य स्वभाव देखेर मरणानुस्मृतिको भावना गरे । बोधिसत्त्व न त रुए न त कराए नै । केही समयपछि, एकजना त्यस घटना थाहा नपाएको मानिस आउनासाथ, बोधिसत्त्वले -'आज दुबैलाई भोजन ल्याउनुपर्दैन । फेरि आज दासी मात्र पठाउनुपर्दैन । सबै सेतो वस्त्र लगाएर फूल, धूप बत्तीहरू लिएर आउनु ।' भनी समाचार पठाए ।

उता यो खवर सुन्नासाथ ब्राह्मणीले थाहा पाइन् -आफ्नो छोरा मर्‍यो । ब्राह्मणी सुसंयत चित्त भएकी भएकोले सबैलाई सफा लुगा लगाउन लगाएर फूल र धूप, बत्ती लिन लगाएर सबै खेतमा पुगे । तर न कोही रुए न कोही कराए । सबैले मरणानुस्मृति भावना गर्दै धैर्य गरिबसे ।

उनीहरूको त्यो अतुल्य धैर्यले गर्दा शक्रको आशन नै तातियो । शक्र उनीहरूको धैर्यको परीक्षा गर्न आयो । त्यसबेला ब्राह्मणले आफ्नो छोराको दाहसंस्कार गरिराखेको थियो । शक्रले सोध्यो -'बाबु, यो तिमीले के गरिरहेका छौ ?'

-'एउटा मानिस जलाइरहेको छु ।'

-'मेरो विचारमा त तिमीले एउटा मृग पोलिरहेको जस्तै छ नि ?'

-'होइन महाशय, मानिस नै जलाइरहेको छु ।'

-'त्यसो हो भने कोही शत्रुलाई पोलिराखेको होला, होइन ?'

-'होइन महाशय, मैले आफ्नै छोरालाई जलाइराखेको छु ।'

-'अँ त्यसोभए त्यो पक्कै पनि मन नपर्ने खराब छोरा होला होइन ?'

-'होइन, मेरो मन परेको छोरा नै हो, प्रिय पुत्र नै हो ।'

-'होइन होला, त्यसोभए तिमी किन नरोएको त ?'

त्यसपछि ब्राह्मणले नरोएको कारण स्पष्ट पार्दै शक्रलाई भने -

*उरगोव तचं जिण्णं , हित्वा गच्छति संतनुं, ।*
*एवं सरीरे निब्भोगे, पेते कालकते सति ॥*



Downloaded from http://dhamma.digital

*डय्हमानो न जानाति ञातीनं परिदेवितं ।*

*तस्मा एतं न सोचामि, गतो सो तस्स या गति ॥*

जसरी सर्पले आफ्नो काँचुली छोडेर जान्छ, त्यसरी नै मानिसहरूले शरीर छाडेर जान्छन् भने त्यसरी नै भोगहीन शरीर मरेर जानासाथ आगोले पोलिराखेको छु । पोलि राखिएको मृतक छोराले म रुइरहेको छु भनी थाहा पाउँदैन । त्यसैले मैले शोक गरिन । उसको जुन गति हो ऊ त्यहाँ गयो ।

शक्रले त्यसपछि ब्राह्मणीसँग कुराकानी गर्दै केही प्रश्नहरू सोध्यो । ब्राह्मणीले भनिन्-

*अनब्भितो ततो आग, अननुञ्ञातो इतो गतो ।*

*यथागतो तथागतो, तत्थ का परिदेवनात ॥*

*डय्हमानो न जानाति, ञातीनं परिदेवितं ।*

*तस्मा एतं न सोचामि, गतो सो तस्स या गति ॥*

नबोलाइकन ऊ यहाँ आयो । नसोधिकन नै यहाँबाट गयो । जसरी आयो त्यसरी नै गयो । त्यसैले यहाँ रुने कराउने नै किन ? जलाउँदै गरेको छोराले मैले रुएको कराएको सुन्दैन । त्यसैले म रुइन । उसको जुन गति हो ऊ त्यहाँ गयो ।

शक्रले त्यसपछि बहिनीसँग पनि सोध्यो । उनले जवाफ दिइन्-

*सचे रोदे किसा अस्सं, तस्सा मे किं फलं सिया ।*

*ञातिमित्तासुहज्जानं, भीयो नो अरती सिया ॥*

*डय्हमानो न जानाति, ञातीनं परिदेवितं ।*

*तस्मा एतं न सोचामि, गतो सो तस्सया गति ॥*

यदि मैले रोएं भने म मात्र दुब्लो हुन्छु । यसले गर्दा ज्ञातिमित्रहरूले मात्र मलाई नै मन नपराउने हुन्छ । जलाउँदै गरेको दाजुले म रोएको कराएको सुन्ने नै होइन । त्यसैले मैले उसको शोक गरिनं । उसको जुन गति हो ऊ त्यहाँ गयो ।

शक्रले फेरि बुहारीसँग पनि कुराकानी गर्दै सोध्यो -'ऊ तिम्रो को हो ?'

'ऊ मेरो लोग्ने हो ।'

'लोग्ने मरेपछि महिलाहरू अनाथ नै हुन्छन् । त्यसो भए तापनि तिमी भने एकछिन पनि रुएनौ नि, किन ?'



Downloaded from http://dhamma.digital

जवाफमा बुहारीले भनिन् -

*यथापि दारकोचन्दं, गच्छन्तं अनुरोदति ।*
*एवं सम्पद मे वेतं, योपेत मनुसोचति ॥*
*डय्हमानो न जानाति, ञातीनं परिदेवितं ।*
*तस्मा एतं न सोचामि, गतो सो तस्स या गति ॥*

जसरी बच्चा उदाइरहेको चन्द्रमा देखेर त्यसको लागि रुन्छ, त्यसरी नै मूर्खलेमात्र मरेर गइसकेको लागि रुन्छ। जलाउँदै गरेको मेरो लोग्नेले म रुएको, कराएको सुन्ने होइन। त्यसैले मैले उसको लागि शोक नगरेकी हुँ। उसको जुन गति हो, ऊ त्यहाँ गयो।

शक्रले पछि उसको दासीसँग सोध्यो -'पक्का पनि उसले तिमीलाई कामले दुःख दिन्थ्यो होला। गालि पनि गर्थ्यो होला। त्यसैले तिमीले त विचार गर्‍यौ हौली, ऊ मर्‍यो आराम भयो भनेर। त्यसैले तिमी नरुएकी होइन ?'

दासीले भनिन्-मेरो मालिक क्षमा, मैत्री र करुणाले युक्त हुनुहुन्थ्यो। यसरी भनेर आफू नरुएको कारण दासीले शक्रलाई बताइन् -

*यथापि उदककुम्भो, भिन्नो अप्पटिसन्धियो ।*
*एवं सम्पदमेवेतं, यो पेतुमनुसोचति ॥*
*डय्हमानो न जानाति, ञातीनं परिदेवितं ।*
*तस्मा एतं न सोचामि, गतो सो तस्स या गति ॥*

जसरी फुटेको माटोको गाग्रो फेरि जोड्नु हुँदैन, त्यसरी नै मरिसकेको व्यक्ति फर्किएर आउँदैन। माटोको गाग्रो जोड्नको लागि रुनुमा जसरी अर्थ छैन त्यसरी नै मरिसकेको व्यक्तिको लागि रुनुको पनि केहि अर्थ छैन। जलाउँदै गरिएको मेरो मालिकले मैले रुएको कराएको सुन्नुहुन्न। त्यसैले म उहाँको लागि शोक नगरेकी हुँ। उहाँको जुन गति हो त्यहीं जानुभयो।

उनीहरूको जवाफ सुनेर शक्र प्रसन्न भयो। फेरि उनीहरूलाई दान शील धर्म पालन गर्न सहयोग दिएर प्रेरणा दिएर फर्कियो।

## महापद्म जातक (४७२)

बोधिसत्त्व महापद्मको जन्म वाराणसीको राजकुलमा भयो। कमलफूलजस्तै सुन्दर अनुहार शरीर भएकोले बोधिसत्त्वलाई महापद्म भनी



Downloaded from http://dhamma.digital

नाम राखियो । तर राजकुमार तन्नेरी भएर आएपछि उता महारानीको मृत्यु भयो । फेरि वाराणसी नरेशले दोश्रो महारानी विवाह गरे । यसप्रकार अर्की महारानी राजकुमार महापद्मको सानीआमा भईन् ।

एकदिन सीमान्त प्रदेशमा विद्रोह भयो । महापद्म राजकुमारलाई राज्य राम्ररी विचार गर्ने भार दिएर राजा विद्रोह दमन गर्न गए । साथै राजाले महारानीको पनि राम्ररी विचार गर्नु भनी आज्ञा दिए ।

महापद्म राजकुमारले राज्यको राम्ररी व्यवस्था गरेर महारानीको सेवा पनि गर्दै बसे । महारानी भने महापद्म राजकुमारको सौन्दर्य देख्दै मोहित भइन् । एकदिन महारानीले राजकुमारलाई हात समाती तानिन् । आफ्नो कामेच्छा पनि प्रकट गरिन् । तर बोधिसत्त्व महापद्मले मानेनन् र भने- *'तपाई मेरी आमा हुनुहुन्छ । यो तपाईले के गर्नुभएको ?'* जवाफमा महारानीले राजकुमार महापद्मलाई आफुले भनेको भैं नभएमा पछि अनेकरूपले यसो गर्छु उसो गर्छु भनी तर्साइन् । तर बोधिसत्त्वले स्पष्ट भने - *'मेरो प्राण जाने भए पनि मेरो तर्फबाट यो काम हुँदैन ।'*

महारानी आफ्नो कामको इच्छा पूर्ण नभएको रिसले आगो भइन् । फेरि राजकुमारले राजालाई बताइदिने डरले अनेक कुचक्र विचार गर्दै बसिन् । यता केही दिनपछि सीमान्त प्रदेशबाट विद्रोह दमन भइसकेको खवर आयो । देशभरि राजाको स्वागतको लागि सजाइयो । बोधिसत्त्व महापद्मले राजा फर्किने र स्वागतार्थ जान महारानीलाई पनि खबर दिए । तर महारानी राजाको स्वागतमा गइनन् ।

राजा दरवारमा पुगे । सबै स्वागतार्थ आए । तर महारानीको भने अनुहार पनि देखिएन । तब राजाले महारानी बोलाउन पठाए तापनि बिरामी भनेर खबर पठाइन । राजा स्वयं नै हतारहतार महारानीको कोठामा पुगे । महारानीले त्यहाँ आफ्नो अनेक दुर्दशाको कथा रुँदैरुँदै सुनाइन् । बोधिसत्त्व महापद्मको विषयमा भए नभएको कुरा भनिसकेपछि महारानीले भनिन् - *'राजकुमार मकहाँ कामइच्छाले उन्मत्त भएर आयो ।'* मैले उसलाई भने - *'तात, तिमीले त्यसो भन्नु हुँदैन म तिम्री आमा हुँ ।'* तर राजकुमारले भने - *'म बाहेक यहाँ अरु कोही राजा छैन । म तिमीलाई नै राखेर रमण गर्छु ।'* यस कुरामा म मानिनं । तब राजकुमारले मलाई यो दुर्दशा गरेर गयो ।'

महारानीको कुरा सुनेर राजाले रिसले केही पनि देखेन । तुरुन्त



Downloaded from http://dhamma.digital

अमात्यलाई बोलाएर राजकुमार महापद्मलाई पाता कसेर बाँधेर देश घुमाई फेरि दुई टुक्रा हुनेगरी काटिदिने हुकुम भयो । राजाको आज्ञा त हो ! दोषी निर्दोषीको के कुरा ? राजकुमार महापद्मलाई पाता फर्काएर बाँधी शहरमा घुमाइयो । बोधिसत्त्व महापद्मले भने -*'मैले राजाप्रति कुनै अपराध गरेको छैन । म निरपराधी हुँ ।'* राजकुमारको विरहले अमात्यहरूको आँखामा आँशु भरियो । मानिसहरू कसैले पनि सहन सकेनन् । तर राजाको हृदयमा अरुले जतिसुकै विन्ति गरे तापनि असर परेन । राजाको हृदयमा रहेको रिस मरेन । झन् उल्टो राजकुमारको पछिपछि रुँदै गएका देखेकोले राजाको मनमा विचार आयो -*'यो राजकुमार त म हुँदाहुँदै नै त्यसै राजा भयो । त्यसैले नै ऊसँग यस्तो दुराचरणको साहस आयो ।'* यसरी विचार गरी राजाले पुनः रिसले हुकुम दिए -*'तुरुन्त लगेर यसलाई अग्लो भीरबाट झारेर मारिदेऊ ।'*

*'मेरो गल्ति केही छैन । महारानीको कुरा सुनेर मलाई मार्नु हुँदैन'*- बोधिसत्त्व महापद्मले अनुरोध गरे ।

तर राजाले कसैको कुनै पनि कुरामा विश्वास गरेन । कसैको पनि आँशुले राजाको हृदय पगाल्न सकेन । कसैको पनि कुराले राजाको हृदय बदलिएन । उनलाई अग्लो भीरबाट झार्न नै पठायो । तर बोधिसत्त्वलाई एकजना देवीले रक्षा गरिन्, फेरि एकमहिना पछि बोधिसत्त्व ऋषिप्रवजित भएर जङ्गलमा प्रवेश गरे ।

बोधिसत्त्व महापद्म ध्यान भावनामा लीन भई आनन्दले बसे । तर एकदिन त्यही जङ्गलमा आएको वाराणसीको एकजना शिकारीले बोधिसत्त्व महापद्मलाई चिन्यो । यही कुरा उसले वाराणसी गएर राजालाई पनि बतायो ।

राजा ससैन्य बोधिसत्त्व महापद्मकहाँ आइपुगे । तर सुवर्णवर्ण भएको ध्यानस्थ बोधिसत्त्व देख्नासाथ राजाको शीर त्यसै झुके । तब विस्तारै कुरा गर्दै राजाको मनको रिस पनि हरायो । तर बोधिसत्त्वले महारानीको विषयमा केही पनि भनेन । त्यसै राजाले बोधिसत्त्वलाई वाराणसी फर्कन आज्ञा दिए । तर जवाफदिँदै बोधिसत्त्व महापद्मले -*'जसरी बल्छी निलिसकेपछि माछाले रगत सहित त्यो बल्छी ओकल्छ भने त्यो बल्छी ओकल्न सकेकोले वा त्यसबाट मुक्त भएकोले नै ऊ सुखी हुन्छ । त्यसरी नै म पनि यहाँ आफै आनन्दित भइबसेको छु ।'*

राजाले बल्छी, रगतसहित, मुक्त हुनुको अभिप्राय: विषय सोधेपछि



Downloaded from http://dhamma.digital

बोधिसत्त्व महापद्मले स्पष्ट पार्दै भने -

*कामाहं बलिसं ब्रूमि, हत्थिस्सं सलोहितं ।*
*चत्ता हे उब्भतं ब्रूमि, एवं जानाहि खत्तिय ॥*

हे क्षत्रिय यो बुझ कि कामभोग नै माछाको बल्छी हो । हात्तीघोडा सम्पत्तिलाई नै रक्तसहित भनेको हुँ । त्यागलाई नै मैले बल्छी ओकल्नु भनेको हुँ ।

बोधिसत्त्व महापद्म आफ्नो जङ्गल प्रवेशको आनन्दमा नै रमाए । राजा निराश भएर वाराणसी फर्के ।

## खन्तिवादी जातक (३१३)

वाराणसीमा कलाबु नामको एकजना विलासी र क्रोधी राजाले राज्य गरिरहेको समयमा एउटा ब्राह्मण कुलमा बोधिसत्त्वको जन्म भयो र उनलाई कुण्ड कुमार नाम राखियो । उनको आमाबाबुहरू अस्सी करोड धनको मालिक थिए । कुण्ड कुमार ठूला भएर तक्षशिलामा गएर अनेक शिल्पविद्या सिके । फेरि त्यहाँबाट फर्की आमाबाबुको सेवा गरिबसे ।

आमाबाबु मरिसकेपछि बोधिसत्त्व कुण्ड कुमारले विचार गरे - *'मेरा आमाबाबु मरेर गए । उनीहरूले केही केही पनि धनद्रव्य लिएर गएनन् । मैले किन यसो गर्ने ? म त यी सारा धनद्रव्य लिएर जाने छु ।'* यसरी विचार गरी सारा सम्पत्ति *'मन पर्नेलाई मन परेको लैजाऊ'* भनी छोडिदिए । फेरि स्वयं ऋषिप्रव्रजित भएर हिमालय प्रदेशमा गएर बसे । केही समयपछि नून र अमिलो स्वादको लागि चारिका गर्दै बोधिसत्त्व वाराणसीको राजोद्यानमा आइपुगे । वाराणसीको सेनापतिले बोधिसत्त्वको चरित्रमा प्रसन्न भएर उनको सेवा उपस्थान गरिरह्यो ।

एकदिन वाराणसीको राजा कलाबु रक्सीले मस्त भएर तमाशा गर्दै उद्यानमा आइपुगे । उद्यानमा मंगलशिलाको छेउमा ओछ्यान लगाउन लगाएर राजा कलाबु आफूलाई मन पर्ने एउटी केटीको काखमा टाउको राखेर पल्टिए । कोही केटीहरू नाचे, कोहीले गीत गाए नाच हेर्दाहेर्दै राजा निदाए । तब केटीहरूले विचार गरे राजालाई निद्रा लाग्यो, अब हामीले नाच्नु आवश्यक छैन, गीत गाइरहनुपरेन परेन, बाजाबिजा उद्यानमा त्यसै राखेर



Downloaded from http://dhamma.digital

उद्यान घुम्न जाने कुराभयो । सबै उद्यानमा घुम्नगए, ढकमक्क फुलेका फूल हरियाली रूखहरूमा भुल्दै उनीहरू पुष्पित शालवृक्ष मुनि पुगे, जहाँ बोधिसत्त्व प्रव्रज्यासुखको आनन्दमा लीन थिए । बोधिसत्त्व देख्नासाथ ती केटीहरू अगाडि गएर वसे । फेरि राजा सुतिरहञ्जेलसम्म उनीसँग केही सोध्छौ भनी उनीहरूले प्रार्थना गरे - 'भन्ते हामीलाई सुहाउँदो कुनै उपदेश दिनुहोस् ।' उनीहरूको प्रार्थनाअनुसार बोधिसत्त्वले उपदेश दिए ।

यता राजा सुताइरहेकी केटीको तिघ्रा अलिकता चल्नासाथ राजाको निद्रा खुल्यो । गीत गाएको सुनिंदैन, नाच्नेहरू पनि देखिंदैनन् । तब राजाले रिसले सोधे - 'कहाँ गए ती चण्डाल्नीहरू ?' महाराज, उनीहरू एकजना तपश्वीकहाँ बसिरहेका छन् ।' रक्सीले चूर क्रोधित भएका राजाले रिसले आँखा देखेन । तलवार निकालेर सरासर अगाडि बढे । राजा रिसले अन्धो भएको देखेर राजाको सबैभन्दा मन पर्ने केटीले राजाको तलवार खोसेर लिइन् । राजाले तब बोधिसत्त्वको छेउमा बसेर सोधे -

*'श्रमण तिम्रो वाद के हो ?'*

*'महाराज, मेरो वाद क्षान्तिवाद हो ।'*

*'यो क्षान्ति भनेको के हो ?'*

*'गाली गरे तापनि, प्रहार गरे तापनि, कसैले रिस उठाए तापनि रिस नउठाउनू ।'*

*'त्यसो भए हेर्छु नि तिमीमा कति क्षान्ति छ ?'*

यति भनेर राजाले एकजना पिट्ने मार्ने जल्लादलाई बोलाए । त्यो मानिस चुपि र कोर्रा लिएर रातो माला पहिरिएर आयो । राजाले- *'यो दुष्ट तपश्वीलाई पक्र । पक्रेर जमिनमा पछार, बेसकरी पिट ।'* भनी आज्ञा दिए ।

त्यस मानिसले पनि आज्ञाअनुसार नै गर्‍यो । बोधिसत्त्वको छाला फाट्यो । मासु चिरियो । रगत भलभल बग्यो । राजाले सोधे-

*'श्रमण तिम्रो वाद के हो ?'*

*'महाराज, मेरो वाद क्षान्तिवाद हो, म क्षमावादी हुँ । के तिमीले विचार गर्‍यौ कि मेरो क्षान्ति छालाभित्र छ ? त्यसलाई देख्न सकिंदैन । क्षान्ति मेरो वाद हो । क्षमा त मेरो हृदयमा छ ।'*

राजाले भने- *'यसको दुबै हात टुक्रापारिदिनु ।'*



Downloaded from http://dhamma.digital

साँच्चै नै बोधिसत्त्वको दुबै हात चुपिले टुक्रिने गरी काटिदियो। यसो भए तापनि बोधिसत्त्वले राजालाई गाली गरेनन्। राजाले पछि फेरि भने- *'खुट्टा पनि टुक्रापारिदिनु यसको।'*

खुट्टा पनि टुक्राइदियो। हात खुट्टाबाट रगतको भल बग्यो। राजाले पूनः सोधे-

*'तिमी के वादी भन्यौ ?'*

*'महाराज म क्षान्तिवादी हुँ। मेरो क्षान्ति र क्षमा हात र खुट्टामा रहेको छैन। त्यो त मेरो हृदयभित्र बसिरहेको छ।'*

राजाबाट फेरि हुकुम हुन्छ-

*'यसको नाक र कानपनि काटिदिनू।'*

बोधिसत्त्वको नाक र कान पनि त्यस जल्लादले राजाज्ञानुसार काटिदियो। बोधिसत्त्वको सारा शरीरबाट रगत बग्न थाल्यो। राजाले फेरि पनि सोधे-

*'भन तिमी के वादी हौ ?'*

*'महाराज, मेरो वाद क्षान्तिवाद हो। म क्षान्तिवादी हुँ। मेरो क्षान्ति र क्षमा हृदयको भित्रभित्र अन्तस्करणमा निहित छ।'*

रिसले गर्दा राजाले झन आँखै देखेन। तब राजाले बोधिसत्त्वको छातीमा हिर्काएर भने-

*'दुष्ट तपश्वी, तिम्रो क्षान्ति र क्षमाले नै तिमीलाई अब उठाउन पनि आउनेछ।'*

राजा रिसले सरासर फर्के। राजा जानासाथ सेनापतिले बोधिसत्त्वको शरीरमा भएको रगत पुछेर हातमा, खुट्टामा, नाकमा र कानमा कपडाले बेरिदियो। फेरि एकातिर बसेर रुँदै विन्ति गऱ्यो-

*यो ते हत्थे च, पादे च कण्हनासञ्च छेदयि।*
*तस्स कुज्झ महावीर, मा रट्ठं विनस्स इदं॥*

हे महावीर, जसले तपाईको हातखुट्टा र नाककान काटिदियो, उसप्रति मात्र नै तपाई क्रोधित हुनुहोस्। यो काशीराष्ट्रको विनाश एउटा नगरिदिनोस्।

यो कुरा सुनेर बोधिसत्त्वले विस्तारै यसरी जवाफ दिए-



Downloaded from http://dhamma.digital

*यो मे हत्थे च पादे च, कण्हनासञ्च छेदयि ।*

*चिरं जीवतु सो राजा, नहि कुज्झन्ति मा दिसा ॥*

जुन राजाले मेरो हातखुट्टा काटिदिए, नाककान काटिदिए, त्यस राजा पनि चिरञ्जीवि होस् । मजस्तो मानिससँग कसैप्रति पनि रिस छैन ।

तर राजा कलाबु उद्यानबाहिर मात्र निस्केको के थियो महापृथ्वी फुट्यो । राजा त्यहीं पतित भएर महाअवींचि नरकमा पर्न गयो ।

बोधिसत्त्व पनि त्यसै दिन परलोक भए । तर राजपुरुष र नागरिकहरूले फूलमाला पहिराएर धूप बत्तीहरू बालेर उनको अन्तिम संस्कार अत्यन्त श्रद्धापूर्वक र भव्य हुनेगरी सम्पन्न गरे ।

Downloaded from http://dhamma.digital

## सत्य पारामत



सुतसोम जातक

१५

Downloaded from http://dhamma.digital

# सत्य पारमिता

सत्यको साधारण अर्थ हो जस्तो छ त्यस्तै कुरा गर्नु । तर शील र गुणको आधारले यसको अर्थ यस यथार्थमा पनि फराकिलो छ । त्यसैले नै सत्य शब्दको अनेक अर्थमध्ये अभिसंवाद अर्थात् अरुलाई नठग्नुको अर्थमा धेरै प्रयोग भएको छ । धेरै नै गुण भएको भए तापनि सत्यमा बस्दैन भने उसलाई गुणवान भनी भनिँदैन । जो सत्यमा बस्छ, जसले दिएको वचन उल्लंघन गर्दैन ऊ नै उसको ठूलो गुण हो, जुन प्रभावसम्पन्न आनुभावयुक्त हो । यसर्थमा सत्य गुणको पनि आधारभूमि हुन्छ । त्यसैले नै सत्यको विश्लेषणमा भनिएको छ कि छलकपट नगर्नु सत्यको सामान्य स्वभाव हुन्छ । जस्तो छ त्यस्तै देखाउनु सत्यको रस (कृत्य) हुन्छ भने प्रत्युप्रस्थान हुन्छ- साधुत्व ।

सत्यपारमिता पारमिता गुणधर्ममा सातौं पारमिता हो । आफूलाई इच्छा भएको अथवा प्रणिधान गरेको सम्बोधि पूर्ण गर्न पार गरिदिने हुनाले नै सत्य पनि पारमिता अन्तरगत पर्दछ । शीलपारमिता अन्तरगत असत्यभाषण छोड्नुमा पनि सत्यलाई केही पूर्ण गर्दछ । तर यहाँ सत्यपारमिताको विशेषअर्थ आफैले भनेअनुसार वा आश्वासन दिएअनुसार उल्लंघन नगरी पूर्ण गर्नु हुन्छ । यस लोक र परलोकमा काम सिद्ध हुने मार्ग भनी विचार गर्नुमा दक्षज्ञान फेरि उपायकौशल्यले आरक्षित भएको पहिलो वचन दिएर पछि विमुख हुनुबाटरहित भएको प्रभेद आदिले नठग्नु, धोका नदिनुलाई नै सत्यपारमिता भनिन्छ ।

बोधिको आकांक्षा नै प्राणीहरूको कल्याणकामना हुने हो । त्यसैले बोधिसत्त्वहरूको चरित्रमा नै प्राणीहरूप्रति छलकपट गर्ने भन्ने हुँदैन । बोधिसत्त्वहरूले चित्तले कल्पना गरेका असल विशेषतः करुणा र ज्ञानले युक्त कुरा मुखले प्रकाश गर्दछन् । जुन यसरी प्रकाश भइसक्छ तब उनीहरूले त्यसलाई पालन पनि गर्दछन् । कराल गरिसकेको उल्लंघन नगर्नु, आत्मार्थमा वा परार्थमा पनि असत्यवचनले संयमित हुनु सत्यको तीन वर्गीकरण पनि यस अवस्थामा नै पूर्ण हुने गर्दछ । जुन कुनै काम कसैलाई गरिदिन्छु भनी भनिसकेपछि पनि विविध कारणले गर्दा गर्न गाह्रो हुनसक्छ । यस अवस्थामा



Downloaded from http://dhamma.digital

आफ्नो असमर्थता स्पष्टअनुसार उसको अगाडि प्रकट गर्नु उसको सचरित्रता हुन्छ। यसले गर्दा उसलाई असत्यवादबाट बचाइदिन्छ। तर त्यसो भए पनि यो सत्यको सवलता होइन, पूर्णसम्पन्नता पनि होइन। यसैले नै हामीले थाहा पाउन सक्छौं कि सत्य एकातिर शक्ति हो भने अर्कोतिर सत्यको परिपालनको लागि पनि शक्ति वा बल आवश्यक पर्दछ।

## अंगुलिमालको कथा

सत्यक्रिया दृढ गरी र राम्ररी पालन गरिएको सुचरित्रमा आधारित सत्यवचन अति नै फलदायी हुन्छ, प्रभावशाली हुन्छ। अनगिन्ति मानिसहरू मारेर औंलाको माला पहिरिएर बसेको क्रुर अंगुलिमाल बुद्धशासनमा दिक्षित भए। पछि भिक्षु भइसकेपछि अङ्गुलिमाल करुणाहृदययुक्त व्यक्तिमा परिणत भए। एकदिन उनले प्रसववेदनाले पीडित महिलालाई देखे। तब अङ्गुलिमाल भिक्षुले भने- *'जहिलेदेखि म उत्तम आर्यकुलमा जन्म भएं, तबदेखि कुनै प्राणीको जीवितेन्द्रियमा नै मार्ने चेतनाले प्रहार गरेको भनेको मलाई थाहा छैन। हे बहिनी, यो सत्यवचनको प्रभावले तिमीलाई गर्भकल्याण होस्। तिम्रो गर्भस्थित सन्तानको पनि कल्याण होस्।'* यस सत्यक्रियाले प्रसववेदनाले पीडित महिलालाई त्यस वेदनाले तुरुन्त मुक्त दियो।

बुद्ध, धर्म र संघको गुणस्मरण गरी यदि ती गुणहरू साँच्चै हो भने यही गुण सत्यको प्रभावले प्राणीहरू निरोगी होस्, निःदुःखी होस्, मङ्गल होस् भनी कामना गर्ने सत्यक्रियालाई नै सत्यवाचा अथवा सत्यक्रिया पनि भनिन्छ, जस्लाई परित्राण भनिन्छ।

स्वस्तिसेनको जहानले परपुरुष गमन नगरेको सत्य वचनानुमुखले आफ्नो लोग्नेलाई कुष्टरोगबाट मुक्त गरिदिइन्। त्यसरी नै सामजातक (५४०) मा सत्यको यस्तै अद्भूत आनुभावले विषवाणले लागेर मूर्छित भएको बोधिसत्त्व सामलाई विषप्रभावले मुक्त गरिदियो। त्यसरी नै वट्ट जातक (३५) मा *'मसँग पखेटा भएर पनि म उड्न नसकेको सत्य हो भने, मेरो खुट्टा छ तर त्यसो भए पनि म हिंड्न नसकेको सत्य हो भने, मेरा आमाबाबुहरूले मलाई छाडेर गएका सत्य हुन् भने हे आगो, तिमी फर्किएर जाऊ'* भनेर आगोलाई फर्काउन सक्नु पनि प्रभावयुक्त सत्यक्रियाले गर्दा नै हो।



Downloaded from http://dhamma.digital

तर सत्यक्रिया शीलको आनुभावयुक्त भएमा वढी प्रभावशाली हुन्छ । मच्छ जातक (७५) मा एउटा माछाले आफू माछा खाने स्वभावको भए तापनि आजसम्म मैले कुनै एउटा माछा पनि खाएको छैन, यो अहिंसा सत्य हो भने वर्षा होस् भनी भन्दा वर्षा भयो, आफ्नो समूहका माछाहरूलाई पोखरीमा पानी सुकेर जीवन्ततामा छाएको पीडाबाट मुक्ति प्राप्त गराइदियो । सुप्पारिक जातक (४६३) मा समुद्रबीचमा पर्न जाँदा सुप्पारकले ज्ञानले थाहा पाएदेखि अहिंसक भएको सत्यवचन कुराले गरेर डुङ्गासमूहलाई सकुशल पार गरिदिए ।

## कण्हदीपायन जातक (४४४)

एकपल्ट बोधिसत्त्वको ब्राह्मणकुलमा जन्मिए । ब्राह्मण अस्सी करोड धनको मालिक थिए । तर बोधिसत्त्वले आमाबाबु मरिसकेपछि सारा सम्पत्ति त्याग गरेर दीपायन नामले प्रव्रजित भए । पछि दीपायन आफ्नो साथी मण्डव्यले बनाइदिएको विहारमा बसिरहे । एकदिन मण्डव्य आफ्नी जहानसँग कुरा गरिबसे । बच्चा दिपायन तापसको चंक्रमण स्थानमा खेलिरहेका थिए । बच्चाको भकुण्डो एउटा प्वालभित्र पऱ्यो । बच्चाले प्वालभित्र हात घुसारेर भकुण्डो लिन खोज्दा प्वालभित्रको सर्पले बच्चालाई डस्यो । आमाबाबु दुबैले बच्चालाई सर्पले डसेको देखे । बच्चा सर्पको विषले मूर्छित भयो । शोकले विह्वलित दम्पति बच्चालाई बोकेर तापसकहाँ आए । उनीहरू दुबै क्वाँक्वाँ रुए । उनीहरूले रुँदै भने- *'प्रव्रजितहरूले मन्त्र जानेको हुन्छ । जसरीभए पनि यस बच्चाको विष निकालिदिनोस् ।'*

बोधिसत्त्वले उनीहरूलाई सहानुभूतिपूर्वक धैर्य दिए- *'म मन्त्रतन्त्र गर्न जान्दिन । म औषधी पनि गर्न जान्दिन ।'* उनीहरूले फेरि विन्ति गरे- *'हे तापस, त्यसो हो भने तपाईले यस बच्चाप्रति अनुकम्पा राख्नुभएर सत्यक्रिया मात्र भए पनि गरिदिनुहोस् ।' तापसले उनीहरूको आग्रह सनुेर मुर्छित भएको बच्चा यज्ञदत्तप्रति मैत्रीपूर्वक सत्यक्रिया गर्दै- 'म प्रव्रजित भएदेखि सात दिन मात्र भए पनि प्रसन्नरूपले श्रमण जीवनमा बसें । त्यसपछि सात वर्षभन्दा बढी मन नपरीनपरी श्रमणधर्म गरिबसेको छु । यो मेरो यथार्थ र सत्यवाचा हो । यस सत्य वचनको आनुभावले यस बच्चाको सर्पविष शान्त होस भनी कामना गरे ।'*



Downloaded from http://dhamma.digital

तापस दीपायनको सत्यक्रियाले बच्चाको हृदयसम्मको विषप्रभाव शान्त भयो । तब बाबुले सत्यक्रिया गऱ्यो- *'म आगुन्तकहरूलाई घरमा आउँदा मन नपरे तापनि खुवाउने पिलाउने गरिरहेको छु । श्रमणहरूलाई मेरो अतिथि अप्रिय-स्वभाव थाहा छैन । तापनि मैले त्यसै दान गरिरहेको छु । मैले आफ्नो कुरा जस्तो हो त्यस्तै भनें । यस सत्यको आनुभावले मेरो बच्चाको विष डाह शान्त होस् ।'* यस सत्यक्रियाले बच्चाको विषप्रभाव घुँडासम्म शान्त भएर गयो ।

तब आमाचाहिंले सत्यक्रिया गर्ने कुरा आउनासाथ उसले भनिन्- *'म मेरो लोग्नेको अगाडि भन्दिन ।'* तर उसको लोग्नेले जस्तोसुकै भए तापनि तिमीले भन्नहुन्छ भनेपछि बच्चाको आमाले सत्यक्रिया गरी भनिन्- *मलाई मेरो लोग्ने त्यति नै मन पर्दैन जति बाबु, तिमीलाई टोक्ने सर्प मन पर्दैन । तर पनि यो कुरा कसैलाई पनि भनिनं । मैले पनि यो कुरा जस्तो छ त्यस्तै भनें । यस सत्यको प्रभावले तिमीलाई स्वस्ति होस् ।'* आमाको यस सत्यक्रियाले पछि बच्चाको विषपीडा पूर्णरूपले शान्त भयो । बच्चाको विषपीडा शान्त हुनासाथ बच्चा मुर्छाबाट उठेपछि ब्राह्मणीले विचार गरिन्- *'मैले भन्न नहुने कुरा तापसको अगाडि भनें ।'* त्यसो विचार गरी तापस र लोग्नेसँग क्षमा मागिन् ।

फेरि उसले- *'मन नपरी किन तापस भइबसेको ?'* भनी सोध्दा तापसले भने- *'लोकनिन्दादेखि डराएर मात्र नै गृहस्थ भईनं ।'* गृहस्थले पनि मन नपरीनपरी अतिथि सत्कार गरेको बारे भन्यो- *'कसैलाई केहि दिन चित्त दुख्छ । तर त्यसो भए पनि मेरो पालामा यो कुल परम्परा किन रोक्ने भनेर मैले अतिथिसत्कार गरी नै रहेको छु ।'* त्यसै गरी महिलाले भनिन्- *'मलाई मेरो लोग्ने मन पर्दैन । तर त्यसो भए पनि हाम्रो कुलमा आफ्नो लोग्ने छोडेर माइत आएकी आजसम्म कोही पनि छैन । त्यसैले मैले मात्र किन घर फर्किने भनी यहीं बसिरहेकीहुं ।'*

यसरी सबैले आ-आफ्नो हृदयभित्रको कुरा फुटाइसकेपछि बच्चाको आमाले भनिन्- *'अब म सँगै बस्नुपरेपछि मन पराएर बस्न सिक्ने छु ।'* बाबुले भन्यो- *'म पनि अब दिनुपर्ने भएपछि दिंदा श्रद्धापूर्वक नै दिने गर्ने छु ।'* तब तापसले भन्यो- *'म पनि तापस भएपछि श्रद्धाले दिएको दान दिनेहरूलाई महत्फल हुनेगरी शीलवान भएर संयमित चित्त भएको पुण्यक्षेत्र*



Downloaded from http://dhamma.digital

*नै हुन सिक्नेछु ।'*

यसको पूर्ण व्याख्या तल सत्यपारमिताको कथात्मक व्याख्यामा आउने नै छ । अहिले यहाँ सत्य र सत्यपारमिता पूर्ण गर्न सक्नुको लागि सहयोग हुने उपायबल विषयमा नै अलिक विचार गरिनेछ ।

## सत्य पारमिता पूर्ण गर्नको लागि बल

सत्यपारमिता पूर्ण गर्न असत्यभाषणको विपाक देख्नुपर्दछ । सत्यमा बस्नुको आनिशंस चिन्नुपर्दछ । सत्यवादीहरूको सत्यले सत्यवादीहरूको र प्राणीहरूको अशल कामकुरा पूर्ण भएको सम्झिनुमा पनि सत्यपारमिता पूर्ण गर्नलाई अनुबल दिइरहन्छ ।

असत्यभाषण गर्नु नीचत्वको लक्षण हो । उत्तम पुरुषहरूले जीवनको लागि पनि असत्य कुरा बोल्दैनन् । जसले झुठो कुरा गर्दछ, उसलाई संसारले नै घृणा गर्दछ । असत्यभाषणले विश्वासलाई छिपाउने हुन्छ । जहाँ विश्वास छैन त्यस संसारमा गति नै हुँदैन जीवन स्पन्दन पनि हुँदैन । विश्वासमा नै मानिसहरूले आफ्नो जीवन सुम्पिन्छन् । मोटर वा हवाईजाहजबाट जान मानिसले कसैको कार्य कुशलताको विश्वासमा जीवन बिताउँछ । यो विश्वास भनेको सत्यतामा नै जग बसेको हुन्छ । असत्य कुरा गर्नेहरूलाई अरुहरूले विश्वास गर्दैन, त्यसैले असत्यवादीले कसैलाई पनि उपकार भनेको नै गर्न गाह्रो भइहन्छ । कारण उसलाई अरुहरूले उपकारको अवसर दिन नै डराउँछ । अझ असत्यवादीहरूको बारे धम्मपद (१७६) अनुसार यस्तो भनिएको पनि छ :-

*एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।*
*वितिण्ण परलोकस्स, नत्थि पापं अकारियं ॥*

परलोकको विश्वास नहुने, फेरि झूठो कुरा गर्नेले संसारमा नगर्ने पाप भनेको केही पनि हुँदैन ।

असत्य कुरा गर्ने मरणपछि दुर्गतीमा पुग्दछ । दुर्गतीबाट मुक्त भएर मनुष्यलोमा जन्म भए तापनि बाँकि पाप सयौं जन्मसम्म असत्य कामकुरामा दण्डभागी हुनुपर्दछ । असत्य भाषणले गर्दा ऊ लाटालाटी हुन्छ । कुरा गरे तापनि लठेउरो हुन्छ । आफूले बोलेको कुरामा छोराछोरीहरूले र अरुले सुन्न



Downloaded from http://dhamma.digital

नचाहने हुन्छ। उसको मुख गन्हाउँछ र नराम्रो दाँत हुन्छ।

सत्य दुःखमा परिरहेको लागि सुखी गर्ने मन्त्र हो। मृत्यु पीडाले पीडितहरूलाई शितल बनाई आराम दिलाउने औषधी हो। अनेक द्वन्द हुनाले जल्ने हृदयलाई स्वभावतः शितल बनाउने अर्थमा सत्य अमृतको वर्षा भने पनि हुन्छ। भ्रमको अंधकार नबनाउन सत्य सूर्यजस्तै हो भने, सौम्यरसको अर्थमा सत्य चन्द्रमाजस्तै हो। त्यसरी नै सत्य सांच्चैको माणिक, अपराजित युद्धभूमि, क्लेश फुटाउने वज्र, सुगति जाने मार्ग, निर्वाण देख्ने बत्ती हो। आलवक सुत्त, संयुक्त निकाय (१०/१८) अनुसार आलवक यक्षको- *'रसमा स्वादिष्ट रस के हो ?'* भन्ने प्रश्नको जवाफमा बुद्धले स्पष्ट जवाफ दिएका छन्- *'सबै प्रकारका रसहरूमा सत्य रस नै स्वादिष्ट रस हो।'*

असत्य कुरा नगर्नासाथ अनेक फल प्राप्त हुन्छ। विशेष गरी राम्रो आँखा आदि इन्द्रिय हुन्छ, क्रमिलेको दाँत हुन्छ, ठीकको सुसंगठित शरीर हुन्छ, वास्नादार श्वास हुन्छ, आफन्त र नोकरहरूले उसको कुरा सुन्छ।

बुद्ध र उनको शिष्य श्रावकहरूको सत्यक्रिया सम्झिनु पनि सत्यधर्म पालन गर्नलाई बलजस्तै भइरहन्छ। बोधिज्ञान लाभ गरिसकेपछि भेट्न आउँछु भनी सम्राट बिम्बिसारलाई दिएको वचनअनुरूप बुद्धले राजालाई भेट्न गएकै हुन्। सत्यपालनको अवस्थामा कहिलेकाहीं अति नै अप्ठ्यारो परिस्थिति आउँछ। तर यस्तो परिस्थितिमा पनि विचलित नहुनाले सत्य स्वयं नै कीर्तिमान हुन्छ, यस्तै नै सत्यले आत्मार्थ र परार्थ हितको लागि काम गर्न सक्छ।

## अधिमुक्त श्रामणेरको कथा

संकिच्च स्थविरको शिष्य अधिमुक्त श्रामणेर आफ्नो गुरुको आज्ञाअनुसार आफ्नो उमेर सोध्न आफ्ना आमाबाबुकहाँ गए। तर जङ्गलबीचमा उनलाई चोरहरूले भेट्टाए। चोरहरूले उनलाई पक्रेर मार्ने विचार गरे। श्रामणेरले विचार गऱ्यो- *'यो जीवनमा नै अर्हत हुन पाइन भने फेरि कहिले अर्हत् हुने ?'* यति विचार गरी श्रामणेरले चोरको नाइकेलाई भन्यो- *'मलाई मार्नुअघि मेरो एउटा कुरा सुन। पहिले त्यस्तै एकजना मानिस एउटा*



Downloaded from http://dhamma.digital

*लोखर्केलाई पक्रेर माऱ्यो । तर लोखर्केलाई के मारेको थियो, यहाँ त धेरै डरलाग्दो रहेछ भनी मृग, चराचुरुङ्गी आदि सारा प्राणीहरू जङ्गल छाडी भागे । त्यसरी नै मजस्तो प्रव्रजितलाई त माऱ्यो भने यस मार्गमा प्रव्रजितहरूलाई त बाँकि राखेनन् भने अरु कसलाई बाँकि राख्छ भनी यो मार्गमा कोही पनि आउँदैनन् । त्यसैले मलाई छोडिदेऊ ।'* त्यसपछि चोरको नाइकेले श्रामणेरलाई यो कुरा कसैलाई पनि भन्दिन भनी वचन लिएर मात्र छोडिदियो । संयोगवश जङ्गल पार गर्नासाथ नै श्रामणेरले आफ्ना आमाबाबुहरू भेट्यो । उसले आफ्नो उमेर सोध्यो । आमाबाबुहरू जङ्गलतिर प्रवेश गरे । तर पनि श्रामणेरले त्यो कुरा बताएन । जङ्गलबीचमा पुग्दा उनीहरूलाई चोरहरूले समाते । तब श्रामणेरकी आमा रुइन् । किन अधिमुक्त श्रामणेरसँग मात्र एकदिन बसेनौं ? भन्दै रुइन् । त्यसैबेला नै चोरको नाइकेले भन्यो- *'त्यो श्रामणेरले तिमीहरूलाई केही पनि भनेन र ?'* उनीहरूले जवाफ दिए- *'केही पनि भनेन ।'* पछि वास्तविक कुरा बुझेर आमाचाहिं खुब रुइन् । अधिमुक्तले कति ठूलो अपकार गऱ्यो भनी रुइन् । यता चोरको नाइकेको मनमा विचार आयो, अधिमुक्त श्रामणेर साँच्चै के सत्यवादी हो । यस्तो सत्यवादीको सत्यलाई धमिल्याइदिनु हुँदैन, निरर्थक गरिदिनु हुँदैन । त्यति विचार गरी चोरहरूको नाइकेले उनीहरूलाई छोडिदियो । पछि अन्तमा आफ्ना पाँचसय चोर साथीहरूसहित ऊ आफै पनि अधिमुक्त श्रामणेरको शिष्य बन्न गए । श्रामणेर अधिमुक्त पहिला आफू उपसम्पदा भए र पछि चोरहरू पनि उपसम्पदा भए । अन्त्यमा उनीहरू सबै अर्हत् भए ।

सत्यवचनको पालन यसरी गाह्रो हुने गरी मात्र नै पालन हुन्छ भन्ने छैन । कहिलेकाहीं उपाय कुशलताले पनि सत्य वचनको पालनमा सरलता देखिने हुन्छ । सम्भाव्य भयको भार बोक्नुपर्दैन । श्रीलंकामा दुट्ठगामिनी राजाले आफ्नो भाइ तिस्सलाई लखेट्दै खेद्यो । तिस्स भागेर एकजना भिक्षुको खाटमुनि लुकेर बस्यो । दुट्ठगामिनी राजाले भनी सोधे- 'तिस्स खोइ ?' खाटमा बसिरहेको भिक्षुको लागि त्यसबेला साह्रै अप्ठ्यारो पऱ्यो । एकातिर राजा अर्कोतिर तिस्स । राजा पनि नरिसाउने तिस्स पनि बच्ने गरी- *'थाहा छैन'* भनेमा असत्य वचन हुने । त्यसैले त्यस भिक्षुले- 'तिस्स यस खाटमाथि कहाँ छ र ? भनी जवाफ दियो ।



Downloaded from http://dhamma.digital

अर्को उदाहरणमा कपिलवस्तुको शाक्यवंश प्रति जाति नै संहार गर्ने प्रतिशोधात्मक रिस बोकेर विडुडभ आए। प्रत्येक व्यक्तिलाई पक्रेर सोध्ने गरिन्थ्यो- *'तिमी को हौ ?'* भनेर। *'शाक्य'* भन्ना साथ मारिदिने। *'होइन'* भन्यो भने असत्य हुने। त्यसैले कति शाक्यहरूले मुखमा घाँस राखेर भने- *'सक्का होइन घाँस हो।'*

वानरिन्द जातक (५७) को एउटा अभिव्यक्तिले त यस उपाय कुशलतालाई अति नै फराकिलो पारिदिएको छ। स्वास्नीको कुरा सुनेर बाँदरको मुटु कलेजो लिन्छु भनी एउटा गोही नदीबीचको ढुङ्गामा बसिरह्यो। बाँदर भने नदी वारपार गर्दा त्यही ढुङ्गामा एकपल्ट उफ्रेर आधार लिएर मात्र पारी उफ्रेर जान सक्दथ्यो। ढुङ्गामा गोही बसेको देखेर सोध्दा गोहीबाट आफूलाई मारेर मुटु लिनको लागि बसिरहेको कुरा बुझेर पारी जाने उपाय केही पनि नदेखेपछि बाँदरले भन्यो- *'लौ मुख बाएर बस, म आउन लागेको छु।'* गोहीले मुख बायो। गोहीको स्वभावअनुसार मुख बाउंदा आँखा चिम्लिने हुन्छ। त्यसै अवस्थामा गोहीको टाउकोमा बुद्रुक उफ्रेर बाँदर आफू पार भयो। गोही निराश भयो। तर बाँदरको यस बुद्धि कुशलतामा गोही पनि प्रसन्न भयो।

यस अभिव्यक्तिले भने यस्तो बुझिन्छ कि आफ्नो प्राण बच्ने हो भने साथै अर्काको प्राण नजाने हो भने, कसैलाई अकुशलबाट मुक्त गराउने हो भने, शब्दले केही घुमाएमा पनि असत्यवादी हुँदैन। चरिया पिटकमा यही चर्चाको वर्णन गरिसकेपछि भनिएको छ -'मैले उसलाई झूठो कुरा गरिन, जस्तो मैले भने त्यस्तै मैले गरें (कपिराज चर्या)।

सत्यप्रकाश गर्नलाई पनि कहिलेकाहीं समय चाहिने हुन्छ। सत्य सत्यजस्तै मात्र कुरा गरिरहनुको अर्थले मात्र नै सत्यवादी हुने होइन। पानी छुएर यो पानी यो पानी हो भनेर भात छुएर यो भात, यो भात हो भनेर बस्यो भने के लाभ ? सत्य कुरा पनि समय हेरेर सार्थक हुने गरी मात्र प्रकाश गर्नुपर्छ। भगवान् बुद्धले एकदिन अति नै आश्चर्यजनकको प्रेतलाई देखे। तर त्यो कुरा उनले प्रकाश पारेनन्। जब यसै प्रेतलाई मौद्गल्यायन स्थविरले पनि देखे, तब यस बारे मौद्गल्यायनले कुरा उठाई सकेपछि मात्र उचित सार्थक भाव देखेर यो कुरा बुद्धले भिक्षुहरूको अगाडि प्रकाश पारे। यसैले



Downloaded from http://dhamma.digital

सत्यवचन पनि सार हुने अवसरमा मात्र प्रकाशि गर्नुपर्दछ।

फेरि कुनैकुनै सत्य कसैकसैलाई मन नपर्न सक्छ। तर त्यो प्रकाश गरी नराम्रो हुनुभन्दा राम्रो हुने धैरै हो भने त्यो वचन अप्रकाशनीय हुँदैन। रूपयौवनले सम्पन्न भएकी मागन्धी बुद्धको अगाडि राखेर बाबुचाहिंले बुद्धसँग छोरीको रूप र यौवनको प्रशंसा गरेर विबाहको प्रस्ताव राख्यो। तर बुद्धले उसको प्रार्थना स्वीकार गर्ने कुरा त परै जाओस् उल्टो रूप र सौन्दर्यको दोष बारे प्रकाश पारे। जसले गर्दा मागन्धी रिसाइन् तर उसको आमाबाबु दुबै अनागामी भए। त्यसरी नै बुद्धले अग्गिक्खन्धोपम सुत्त देशना गर्नुभएको अवस्थामा साठीजना भिक्षुहरूले हृदयले सहन सकेनन्। साठीजना दुःशील भिक्षुहरू दुःशीलबाट बचे भने साठीजना भिक्षुहरू अर्हत् भए। यसरी राम्रो वा नराम्रो फल दिने काम भयो कि राम्रोको गौरव राख्नु बुद्ध र बोधिसत्त्वहरूको चरित्र हुन्छ। यो प्रसंगमा राहुलोवाद सुत्त र अभय राजकुमार सुत्त प्रस्तुत गर्नु उचित हुनेछ। किनकि पहिलो सुत्तमा कस्तो कुरा बोल्नु राम्रो भन्ने उपदेश छ भने अर्को सुत्तमा तथागतले कस्तो कुरा बोल्नुहुँदैन भन्ने जान्नलाई आदर्श पाइन्छ।

## राहुलोवाद सुत्त

एकदिन ध्यानबाट उठेर भगवान् बुद्ध अम्बलट्ठिक विहारमा पुगे। त्यहाँ आयुष्मान राहुल बसिरहेको थियो। राहुलले भगवान् बुद्ध आउँदैगरेको टाढाबाटै देख्नासाथ आशन र खुट्टा धुनको लागि पानी ठीक पार्‌यो। भगवान् बुद्ध ओछ्याइराखेको आशनमा बसे। राहुल पनि अभिवादन गर्दै एक छेउ बस्यो।

तब भगवान्‌ले अलिकता बचेको पानी लोटामा त्यसै राखेर प्रश्न सोधे – 'राहुल लोटामा यति थोरै पानि बचेको देखेका छौ ?'

'देखें भन्ते।'

'राहुल त्यसरी नै थोरै उसको श्रमणभाव हुन्छ, जो जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन।'

फेरि भगवान्‌ले त्यो बचेको थोरै पानी पनि भुईंमा खन्याएर सोधे – 'राहुल, देख्यौ के मैले थोरै भएको पानी पनि फ्यालिदिईसकें।'

'देखें भन्ते।'



Downloaded from http://dhamma.digital

'राहुल, उसको श्रमणभाव पनि त्यसरी नै फ्यालिराखेको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले लोटा घोप्ट्याएर सोधे - 'राहुल, तिमीले यो लोटा घोप्ट्याएको देख्यौ कि ?'

'देखें भन्ते ।'

'राहुल, त्यसरी नै घोप्ट्याएको तुच्छ उसको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

राहुल, जसरी कि लामो दाँत भएको, ठूलो शरीर भएको, अशल जातको, संग्राममा जाने राजाको हात्तीले संग्राममा जाँदा आफ्नो अगाडिको खुट्टाले पनि काम गर्छ, पछाडिको खुट्टाले पनि काम गर्छ, शरीरले पनि काम गर्छ, टाउकोले पनि काम गर्छ, दाँतले पनि काम गर्छ, पुच्छरले पनि काम गर्छ । तर त्यसो भए पनि त्यो हात्तीले सूँढको काम लिएन भने माहुतेले विचार गर्छ 'यो हात्तीको दाँत लामो भए तापनि, यो हात्ती ठूलो भए तापनि, अशल जातको भए तापनि ठीक छैन । यस्तो हात्तीको तर्फबाट राजाको जीवन युद्धक्षेत्रमा आरक्षित हुँदैन ।' 'तर राहुल, यस्तो हात्तीले सूँढले पनि काम लिए भने त्यो राजाको लागि विश्वसनीय हात्ती हुन्छ । त्यसरी नै राहुल, जोसँग जानीजानी असत्य कुरा बोल्नुमा लाज छैन उसको लागि कुनै पनि पापकर्म अकरणीय छैन - यसरी म विश्वास गर्छु । त्यसैले राहुल, तिमीले जीवनमा कहिल्यै जिस्केर वा ख्याल ठट्टा गरेर पनि भूठो कुरा गर्ने छैन भनी सिक्नुपर्छ, गम्भीर भई धारण गर्नुपर्छ ।'

## अभय राजकुमार सुत्त

अभय राजकुमारले आफ्नो गुरु निगंठनाथपुत्तको सल्लाहअनुसार महान गौतमसँग शास्त्रार्थ गरी सुयश फैलाउने मनसुवा गरे । भगवान् बुद्धले अरुलाई मन नपर्ने बचन बोल्नुहुन्छ कि हुँदैन भन्ने कुरामा अनेक तर्कवितर्क गर्ने तरिका सिकेर अभय राजकुमार भगवान् बुद्धकहाँ आए । फेरि त्यसदिन केहि पनि नसोधी भोजनको लागि बुद्धलाई निमन्त्रणा गरे । तर पनि उनको विचार थियो- घरमा बोलाएर प्रश्न गर्छु ।

भोलिपल्ट भोजन सकिसकेपछि अभिवादन गरी अभय राजकुमारले



Downloaded from http://dhamma.digital

सोधे- *'भन्ते, के तथागतले त्यस्तो वचन बोल्नुभएको छ जुन अरुलाई मन नपरेको होस् ?'*

बुद्धले जवाफ दिए- *'एक दृष्टिकोणले अर्थात् एकांश होइन ।'*

बुद्धको जवाफ सुन्ने बित्तिक्कै अभय राजकुमारले भने- *'भन्ते, निग्रन्थको नाश भयो ।'*

त्यस समयमा अभय राजकुमारको काखमा बसिरहेको सानो बच्चा थियो । भगवान् बुद्धले सोधे-'राजकुमार तिम्रो वा धाइको प्रमादले यस बच्चाको मुखमा काठटुक्रा वा कुनै वस्तु अड्किएमा तिमी के गर्छौ ?'

'भन्ते म त्यो निकालिदिन्छु । यदि पहिले नै मैले बच्चाको मुखमा रहेको सोभै निकाल्न सकिन भने देब्रे हातले टाउको समातेर दाहिने हातले मुखमा औंला दोब्राएर पसाएर भएपनि निकालिनिदन्छु । मुखमा रगत नै आउने भएमा पनि म निकालिदिन्छु । '

'त्यसो किन गर्ने त ?'

'किनभने, मेरो बच्चाप्रति माया छ ।'

त्यसरी नै राजकुमार -

१) तथागतले जुन वचन अतथ्य र अनर्थयुक्त भनी जान्दछन्, फेरि त्यो अरुलाई अप्रिय अमनाप हुन्छ, ती वचन तथागतले बोल्दैनन् ।

२) जुन वचन भूत र अनर्थक हो, फेरि त्यो अरुलाई अप्रिय अमनाप पनि हुन्छ, ती कुरा तथागतले बोल्दैनन् ।

३) जुन कुरा अभूत र अनर्थक छ तर अरुलाई प्रिय र मनाप भयो भने पनि ती कुरा तथागतले बोल्दैनन् ।

४) जुन कुरा भूत र सार्थक छ, साथै त्यो अरुलाई प्रिय मनाप पनि हुन्छ, कालज्ञ तथागतले ती कुरा गर्दछन् । किनकि राजकुमार, तथागतको प्राणीहरूप्रति दया छ ।'

बोधिसत्त्वहरूले उच्चगुण अभिवृद्धि गर्न सत्यपारमिता परिपालन गर्दछन् । बोधिसत्त्वहरूको तर्फबाट कहिलेकाहीं कुनैकुनै अवस्थामा एउटा असत्यभाषण छोडेर बाँकि पञ्चशीलमध्ये चारवटा शीलहरू कतैकतै बिग्रेको देखिन्छ । तर अरुलाई अहित हुनेगरी असत्यभाषण कहिले पनि बोलेनन । हिरि जातक (३६९) अनुसार बोधिसत्त्वहरूको आर्दश हुन्छर-



Downloaded from http://dhamma.digital

*यं हि कयिरा तं वदे, यं न कयिरा तं न वदे ।*
*अकरोन्तं भासमानं, परिजानन्ति पण्डिता ॥*

जुन गर्ने हो त्यही नै भन । जुन गर्ने होइन त्यो भन्नु पनि हुँदैन । नगर्ने कुरा भनेर मात्र हिंड्नेलाई पण्डितहरूले चिन्दछ ।

सत्यसह पण्डित चर्या, चरिया पिटकअनुसार बोधिसत्त्वले सत्य नामक ऋषि भएको अवस्थामा सत्यको बलले नै लोकको पालन गरे फेरि मानिसहरूका बीच परस्पर प्रेमपूर्वक मिलिजुलि वातावरण श्रृजना गरे ।

असत्यभाषण नगरेको, सार वचनमा स्थीर भएका, अरुलाई कहिले पनि वञ्चना (ठग्नु) नगरेको सत्यपारमिताको कारणले गर्दा नै भगवान् बुद्धको एउटा रौंप्वालमा एउटै मात्र रौं उम्रिएको थियो भने उनको भृकुटीमा उण्हलोम (उष्णा) पनि उम्रिएको थियो ।

## दश पारमितामा सत्यपारमिता

दश पारमितामा सत्यपारमिता सातौं पारमिता हो । दिन्छु भनिसकेकोलाई दिएर नै छोड्नु मै दान र सत्यको सम्बन्ध छ । असत्य कुरा नगर्नु शीलअन्तरगतजस्तै सत्यको अन्तरगत पनि हुन्छ । सत्यको र अधिष्ठानको संयुक्तभावको आधारमा प्रज्ञाज्ञानले दृढ भएमा नैष्क्रम्य पूर्ण हुन्छ । सत्यसार्थक गर्नलाई प्रज्ञाको सहभाव आवश्यक छ । सत्यवचन भाषणको लागि वा सत्यको पालनको लागि कहिले वीर्यको बल चाहिन्छ भने कहिले आउने शारीरिक मानसिक पीडा सहन क्षान्ति आवश्यक पर्दछ । यही नै सत्यपारमिताको दश पारमितासँगको सम्बन्ध हो ।

***सत्यपारमिताको कथात्मक व्याख्या*** :

बोधिसत्त्वचर्या जसमा सत्यको पालन भइरहेको छ, त्यो नै सत्यपारमिताको कथात्मक व्याख्या हो । बोधिसत्त्वहरूले सत्यपालन गर्ने क्रममा काललाई समेत एकछिन पर्ख है भने र पनि पारमिता पूर्ण गर्दछन् । दान पारमितामा उल्लेखित जयद्दीस्स जातक (५१३) मा बोधिसत्त्व अलिन्द कुमारले आफ्नो बाबुको सट्टा आफू मर्न तयार भए । यस सत्य पालनको लागि आत्मउत्सर्गको समयमा राक्षसको मनमा पनि सत्यले प्रभावित पाऱ्यो । उसले



Downloaded from http://dhamma.digital

भन्यो- *'यस्तो धर्मस्थित, सत्यवादी, उदारपुरुषलाई कस्ले खान सक्छ ? जसले यस्तो सत्यवादीलाई खान्छ उसको टाउको सात टुक्रा भएर फुट्छ ।'*

महासुत्तसोम जातक (५३७) मा महासुत्तसोमले पनि दिएको वचनअनुसार उपदेश सुन्नको लागि अवसर लिएर फिर्ता गए । फेरि उपदेश सुनिसकेपछि मनुष्य भक्षककै ठाउँमा फर्किएर गए । 'आफ्नो जीवनको माया नराखी फेरि किन तिमी फर्किएर आएको' भनी मनुष्य भक्षकले सोध्दा महासुत्तसोमले भने -

*यं केचि मे अत्थि रसा पथव्या,*
*सच्चं तेसं साधुतरं रसानं ।*
*सच्चं ठिता समण ब्राह्मणा च,*
*तरन्ति जाती मरणस्स पारं ॥*

पृथ्वीमा जति पनि रस छ, सत्यरस नै त्यसमा सर्वश्रेष्ठ छ । सत्यमा जो श्रमण ब्राह्मण स्थित हुन्छ, ऊ जन्ममरणको बन्धनबाट पार हुन्छ ।

## पद्धम जातक (२६१)

अयथार्थताले राम्रो गरे तापनि सार्थक हुँदैन । यथार्थतालाई राम्ररी अगाडि राख्नु नै फलप्रद हुन्छ । एकपल्ट तीनजना श्रेष्ठी पुत्रहरू फूलमाला पहिरिएर सजिएर वाराणसी जाने इच्छा भयो । तब तिनीहरूमध्ये एकजना गएर नाक नभएको बगैंचा पालेको प्रशंसा गर्‍यो - 'हे माली दाह्रीजुंगा भनेको खौरेर पठाए पनि फेरि फेरि उम्रेर आउंछ । त्यसरी नै तिम्रो नाक ठूलो भएर आओस् । मलाई कमलफूल अलिकता देऊ ।' यो कुरा सुनेर उसलाई रिस उठ्यो । अर्कोले भन्यो- 'शरदऋतुमा रोपिएको बीउ राम्ररी उम्रेर आउँछ त्यसरी नै तिम्रो नाक उम्रेर आओस् ।' मलाई कमलको फूल दुइथुंगा देऊ । तर पनि मालीले यो असत्य बकवास भनी रिसायो । तब अर्कोले गएर भन्यो - 'कमलफूलको आशाले यी दुबैले पनि असत्य कुरा गरे । यिनीहरूले नाक उम्रेर आओस् भन्दैमा अथवा यिनीहरूले नाक ठूलो नहोस् भन्दैमा न तिम्रो नभएको नाक भएर आउँछ न त तिम्रो भएको नाक हराएर नै जाने हो । हे मित्र यथार्थ कुरा गरें, त्यसैले मलाई केही कमलफूल देऊ ।' त्यो कुरा सुनेर यसले त सत्य नै कुरा गर्‍यो भनेर मालीले उसलाई कमलफूल दियो । वास्तवमा यो नै



Downloaded from http://dhamma.digital

स्वाभाविक यथार्थ वचन भाषण प्राप्तिको लागि बोधिसत्त्वसम्मत मार्ग पनि हो ।

बोधिसत्त्वहरूले असत्य कुरामा प्रशंसा गरी आफ्नो स्वार्थसिद्ध गर्दैनन् । त्यसरी नै अरु खुशिपार्न आफ्नो गुण पनि प्रकाश गदैनन् । आफ्नो जीवनको लागि पनि असत्य कुरा गर्दैनन् । यस्को उदाहरणको लागि प्रज्ञापारमितामा उल्लेखित विधुर जातक (५४५) अनुसार विधुरले आफ्नो प्राणको मायाले असत्य कुरा नगरी पुण्णक यक्षको पक्षमा नै निर्णय दिए ।

## सत्य पारमिता, उपपारमिता, परमत्थपारमिता

सम्बोधि लाभको इच्छा गरी पालन गरिने सत्य नै सत्यपारमिता हो । सम्यक् सम्बोधिको लागि सत्यवचन बोल्दा पनि धनसम्पत्ति, छोराछोरीको हानि हुनसक्छ । त्यसैले यो हानिमुक्त हुनलाई समेत सत्यको उल्लंघन नगर्नु नै सत्यपारमिता हो । त्यसरी नै शरीरको अङ्गप्रत्यङ्गलाई हानि भए तापनि कराल गरिसकेको उल्लंघन नगर्नुलाई सत्य उपपारमिता भनिन्छ । साथै आफ्नो जीवन जाने भए तापनि वचन उल्लंघन नगरी पालन गरिने सत्यलाई नै सत्य परमत्थपारमिता भनिन्छ । यहाँ यस पारमितासँग सम्बद्ध दुई बोधिसत्त्व चर्याको चर्चा गरिनेछ ।

## दशरथ जातक (४६१)

वाराणसीको राजा दशरथले चार अगती नपर्ने गरी राम्ररी राज्य गरिरहे । राजा दशरथको पटरानीको तर्फबाट तीनजना सन्तान भए । दुई छोरा राम पण्डित र लक्षण, एकजना छोरी सीता । पटरानीको मृत्यु भएपछि अमात्यहरू धेरै कराए । तब राजा दशरथले अर्की पटरानी स्वीकार गरे । उनको तर्फबाट राजाको एउटा बच्चा भयो, नाम हो भरत । पुत्र भरतको स्नेहले अभिभूत भएर राजा दशरथले आफ्नी पटरानीलाई एउटा वरदान दिए । पटरानीले पनि वरदान आवश्यक पर्दा लिन्छु भनी वरदान त्यसै थाति राखिन् । केही वर्षपछि भरत राजकुमार पनि ठूलो भए । एकदिन पटरानीले भनिन् - 'महाराज दशरथ, मलाई मेरो वरदान दिनुहोस् । मेरो छोरा भरत ठूलो भयो । उसलाई उत्तराधिकारी बनाउनुहोस् ।'

यो कुरा सुनेर राजा दशरथ साह्रै रिसाए । पटरानीलाई गाली पनि



Downloaded from http://dhamma.digital

गरे। तर त्यसदिनदेखि राजालाई निद्रा लागेन। द्वेष र ईर्ष्याले आफ्नो छोराहरूलाई विशेषतः ठूलो छोरालाई पटरानीले केही गरिदिने हो कि भनेर धेरै चिन्ता भयो। त्यसैले आफ्ना छोराहरूलाई बोलाएर राजा दशरथले भने- 'राजकुमार जङ्गलमा गएर बाह्रवर्ष बस्न जाऊ। तब म मरेपछि फर्केर आएर राज्याशासन लिन आऊ।' राजाले यसो भन्नुको कारण हो - ज्योतिषिहरूले उनको आयु बाह्रवर्ष बाँकि छ भनिएको थियो।

बाबुको वचन शिरोपर गर्दै बोधिसत्त्व राम पण्डित जङ्गल जान तयार भए। तर भाइ लक्षण र बहिनी सीता पनि रुँदै संगै जाने भने। तब तीनैजना दाजुभाइ बहिनी बनवास गए। पुत्रशोकले गर्दा नौ मै राजा वर्ष दशरथको मृत्युभयो। तब राज्याशनको अधिकारीको कुरा आउँदा अमात्यहरूले भने - 'राज्यको अधिकारी जङ्गलमा बसिरहेको छ। तब भरतले पनि नौवर्षको पुरानो रहश्य बुझ्यो। राम र लक्षणको जङ्गलगमनको कुरा पनि बुझ्यो। भरत अति नै भातृभक्त, त्यसैले भरत आफै गएर दाजुलाई बोलाउन गए।

जब भरतले दशरथको मृत्यु भएको कुरा बताए, बाबाको शोकमा भरत र सीता धेरै रुए। राम पण्डितले उनलाई धैर्य दिंदै अनित्य धर्मको उपदेश गरे। राम पण्डितलाई वाराणसी फर्किन आग्रह गर्दा राम पण्डितले जवाफमा भने- *'मैले बाबुलाई बाह्रवर्षसम्म जङ्गलमा बसेर आउनेछु भनेको थिएं। त्यसैले म बाह्रवर्ष जङ्गलमा बस्छु। मैले दिइसकेको वचन पूरा गरेरै मात्र फर्किनेछु।'* धेरै आग्रह र अनुरोध गरियो तापनि राम पण्डितले राज्यमा फर्किने कुरा स्वीकार गरेनन्। लक्षण र सीतालाई मात्र भरतले आफ्नो साथमा लगे।

राम पण्डित बाबुको अगाडि स्वीकार गरेको वचनअनुरूप अझ तीनवर्ष बनवासमै रहे। यस तीन वर्षसम्म भरतले राम पण्डितको घाँसको जुत्ता राज्याशनमा राखेर राज्य गरे। यसरी बोधिसत्त्व राम पण्डितले राज्य प्राप्त हुने भएतापनि दिएको वचन उल्लंघन नगरी पालन गरेरै प्रतिज्ञा पुरा गरे।

## हारित जातक (४३१)

बोधिसत्त्वहरू लोकनिन्दादेखि डराएर अथवा दण्ड देखेर डराएर अथवा असत्य कुरा बोले पनि विश्वास गर्छन् भनेर असत्य भाषी हुनेगर्दैनन्।



Downloaded from http://dhamma.digital

यथातथ्य भन्नु नै उनीहरूको स्वभाव हुन्छ । उनिहरूले दुश्चरित्रलाई सुचरित्र गरी वर्णन गर्दैनन् । आफ्नो सुचरित्र पनि अनावश्यक रूपले लोकहितार्थमा नभइकन प्रकाश गर्दैनन् ।

अस्सीकोटी धन द्रब्य त्याग गरेर, सारा तक्षशीलाको शिल्प जान्ने हारित प्रव्रजित भएर जङ्गलमा गए । धेरै वर्षसम्म जङ्गलमा बसेर नून र अमिलोको स्वाद लिन हारित ऋषि वाराणसी आए । वाराणसीको राजाको हारितप्रति धेरै श्रद्धा उत्पन्न भयो । राजाले ठूलो श्रद्धाले आफ्नो दरवारको बगैंचामा परिव्राजक हारितलाई एउटा कुटी पनि बनाइदिए भने उनलाई संधै भोजन पनि प्रदान गरे ।

एकदिन प्रत्यन्तदेशमा विद्रोह भयो । विद्रोह दमन गर्न राजा स्वयं प्रत्यन्त देशमा जानुपऱ्यो । तर जानअघि हारितलाई संधै भोजन गराउने काम राजाले आफ्नी महारानीलाई सुम्पिदिए । महारानीले पनि अप्रमादपूर्वक संधै भोजन दान गर्दै रहिन् ।

एकदिन हारितऋषि धेरै समयसम्म भोजनार्थ आएनन् । महारानी पनि त्यसैले सुगन्धित पानीले एकपल्ट नुहाई नि हाल्छु भनी नुहाउन गइन् । नुहाएर रेशमी वस्त्र बेरेर त्यसै बसिरहिन् । त्यसैबेला नै हारित भिक्षार्थ आइपुगे । पहेंलो वस्त्र अचानक देख्दा महारानी तर्सिन् । हतारहतारमा उठिन् । महारानी यसरी हतारिएर उठ्दा शरीरमा बेरेको रेशमी वस्त्र सबै तल खस्यो । प्रतिकूल आलम्बनले गर्दा बोधिसत्त्वको आँखामा वासनात्मक चोट पऱ्यो । शान्त भएको राग झोलिभित्रको सर्पजस्तै फुँकार्दै बह्रय रूपमै प्रकट भयो । ध्यानबल छुट्यो । स्मृति ठीक ठाउँमा परेन । तब हारित ऋषि महारानीसँग लोकधर्म सेवन काम वासनामा लीन भए ।

यस लोकधर्मले हारितलाई अभिभूत गऱ्यो । देशमा यस कुराको प्रचारले हारित बोधिसत्त्वको निन्दा भयो । अमात्यहरूले पनि भएको कुरा राजालाई पत्रव्दरा अवगत गराए । तर राजाले भने विचार गरे - *'यसरी लेखेर मेरो मन बिगार्न यसरी लेखेर पक्कै चाल चलिरहेको होला ।'* केही दिनपछि प्रत्यन्त देशको विद्रोह शान्त गरिसकेपछि राजा आफ्नो दरबारमा फर्के । दरबारमा राजाले स्वयं महारानीसँग हारितको विषयमा सोधे । महारानीले



Downloaded from http://dhamma.digital

पनि आफूले हारितसँग लोकधर्म सेवन गरेको कुरा स्वीकार गरिन् । तर अझै पनि राजालाई विश्वास लागेन । सिधै उद्यानमा गएर हारित तपश्वीसँग नै /fh fn ]; By! *हे मुनि, मैले सुने हारित अब कामभोगी भइसक्यो । के यो कुरा असत्य हो कि ? अझैं शुद्ध विहारी नै भइबसेकै हौला होइन ?'*

त्यसबेला बोधिसत्त्वले विचार गरे- *'यदि मैले कामोपभोग गरेकै छैन भनेर भन्छु र पनि यस राजाले अवश्य विश्वास गर्छन् । तर यसो भन्दा म मा सत्यता भएको पनि नाश हुन्छ । यस लोकमा सत्यजस्तै ठूलो प्रतिष्ठा कुनै छैन । जसले सत्यलाई उखेल्छ उसले बोधिवृक्षको मुनि बसेर बुद्धत्व प्राप्त गर्न सक्दैन । त्यसैले मैले जीवनको माया नलिई यथातथ्य सत्यभाषण नै गर्नुपर्छ ।'* यसरी विचार गरी बोधिसत्त्वले जवाफ दिए -

*एवमेतं महाराजा, यथा ते वचनं सुतं ।*
*कुमग्गे पटिमन्नोम्हि, मोहनेय्येसु मुच्छितो ॥*


महाराज, जसरी यहाँले सुन्नुभयो त्यो कुरा त्यस्तै हो । म कामभोगमा मूर्छित भएर कुमार्गगामी भएं ।

यो स्पष्ट स्वीकारोक्ति सुनेर, बोधिसत्त्व हारितको सरल सत्यभाषा सुनेर राजा प्रसन्न नै भए । त्यसैले क्रोधित नभएर राजाले हारितलाई कामको कुमार्ग छोड्न सुझाव दिए । राजाको सुझावसहित आग्रह के भयो तुरुन्त बोधिसत्त्व हारितले कामभोगको दुष्परिणाम फेरि छर्लङ्ग देखे । बोधिसत्त्वले प्रण गर्नुरे- *'कामभोग अन्धो बनाउने तत्त्व हो, दुःखदायी हो, महाविषैली हो । मैले यसको जरा पत्ता लगाउने छु । मैले बन्धनसहित रागलाई नष्ट गर्नेछु ।'* यसरी प्रण गर्नासाथ बोधिसत्व हारित तुरुन्त पर्णशालामा प्रवेश गरे । कसिणमण्डलको भावना गरी पुनः ध्यानबल प्राप्त गरे । राजालाई उपदेश दिएर राजालाई रुवाउँदै बोधिसत्त्व हारित हिमालय प्रदेशतिर लागे ।



Downloaded from http://dhamma.digital

# अधिष्ठान पारमिता



तेमिय जातक

Downloaded from http://dhamma.digital

# अधिष्ठान पारमिता

अधिट्ठान पाली शव्दको समानार्थ संस्कृत शब्द हो- अधिष्ठान। अधिष्ठान अर्थात अधि र ठानको अर्थ हुन्छ अनुशरण गर्ने वा दृढ भईबस्ने। अधिष्ठानको शाव्दिक अर्थ पनि आधार अथवा बस्ने ठाउँ नै हो। यसप्रकार दुवै भाषाको शब्दले जुन आधार भनेको भाव देखाउँछ, वास्तवमा त्यो नै आधारको अनुरूप यसको मूल्य निर्धारण हुन्छ। त्यसैले साधारणरूपले आफूले कल्पना गरेको धर्ममा विचलित नभई बस्नुलाई नै अधिष्ठान भनिन्छ। तर यसरी बस्नु कुशलतामा पनि हुनसक्छ, अकुशलमा पनि हुनसक्छ। यहाँ हामीलाई पारमितासँग सम्बद्ध भएर आउने अधिष्ठान कुशलसँग सम्बद्ध मात्र नै भनी जान्नुपर्दछ। म र शत्रु कहिले पनि साथी हुँदैनौं भनी अधिष्ठान गर्नु अशल सम्बधित अधिष्ठान होइन। अशल अधिष्ठान बोधिज्ञानतिर उन्मुख हुनासाथ नै त्यो अधिष्ठानपारमितामा समावेश हुन्छ।

सम्बोधिको लागि बोधिसत्त्वहरूले पूर्णगरेको दानशील आदि पारमिता गुणधर्म यसरी यतिसम्म पूर्ण गर्दछन् भनी चित्तले निश्चय गर्नु साथै त्यस गरेको निश्चय खण्डित नहुने गरी पूर्ण गर्नुलाई नै अधिष्ठानपारमिता भनिन्छ। सम्बोधि प्राप्त गर्नको लागि धेरै पुण्यबल चाहिन्छ। मानिसहरूले पुण्यसम्भार संग्रह गर्न एउटा निर्णयात्मक कोशिस गर्नुपर्छ। होइन भने उसले जुन शुरु गऱ्यो त्यो त्यसै बीचमा रोकिन सक्नेछ, समाप्त हुन सक्नेछ। प्रायः गरी वास्तवमा जहिले पनि कल्पनाभन्दा कम मात्र नै कार्यरूपमा परिणत हुनसक्छ। यसको लागि नै अधिष्ठान भनेको चाहिएको हो। पहिला हजारौं त्याग गर्ने कल्पना गरी सकेपछि सय, पचास मात्र दिने वा महिनाभरि शील पालन गर्ने इच्छा गरेर पछि एकहप्ता एकदिन मात्र हुन जाने वा मैले जीवन नै त्याग गर्नुपरे तापनि गर्नेछु भनी पव्रजित भएर पनि पछि गृहस्थ हुन जाने आदि विघ्नहरू हटाउन अधिष्ठानबलको जरुरत पर्दछ।

यसप्रकार जुनसुकै गरेको पुण्य कल्पना पूर्ण गर्नको लागि अधिष्ठान शक्ति बनाउनुपर्दछ। त्यसैले अधिष्ठान मात्र पुण्य नभए तापनि यसविना



Downloaded from http://dhamma.digital

पुण्य भनेको हुनसक्दैन । यसविना पारमिता पूर्ण हुँदैन । त्यसैले नै यो पारमिताअनुरूप समावेश भएको वा गन्तिमा परेको हो । यसप्रकार एकातिर अधिष्ठानपारमिता दान शीलादि पारमितासँग टाँसिएको एउटा पारमिता हो भने अर्कोतिर स्वतन्त्र महत्व भएको पारमिता पनि हो । शायद त्यसैले नै दश पारमितालाई सप्त पारमितामा उल्लेख गरेको चर्यापिटकमा पनि यसको उल्लेख भएको छ भने षड पारमितामा चाहिं यसको उपेक्षा गरिएको छ ।

दश पारमितामा अधिष्ठानपारमिता आठौं पारमिता हो । बुद्धकारक धर्ममा दृढ भएर बस्नु यसको लक्षण हो । विरोधधर्मलाई दबाएर पठाउनु यसको रस (कृत्य) हो । त्यसरी नै बुद्धकारक धर्मप्रति कम्प वा अस्थिर नहुनु यसको प्रत्युप्रस्थान हो भने बुद्धत्व लाभ गर्नुलाई उपकारक हुने धर्मसमूह पदस्थान हो । दान शीलादि कुशलमा स्थर र दृढ हुने अधिष्ठान गर्नु बोधिसत्त्वहरूको स्वभाव हो ।

अधिष्ठानको अभ्यास गरिबसेका बोधिसत्त्व पर्वतजस्तै अचल छन्, चाहे पानी परोस्, चाहे आँधी चलोस् । जुन विषयमा आफ्नो चित्तले त्यो काम अभ्यास गऱ्यो त्यस विषयमा जतिसुकै विघ्नबाधा आए तापनि विचलित नभइकन लक्ष्य प्राप्त गर्नलाई बोधिसत्त्वहरूले प्रयत्न गर्दछन् । वाञ्छित इच्छा पूर्ण गर्नलाई अधिष्ठान नभई हुँदैन । जसरी घर बनाउन बलियो जग, रुख कडा भएर बाँच्न दरो जरा, आज यहाँ रोपेर, भोली फेरि उता रोपेर, अझ फेरि पर्सी अर्को ठाँउमा रोपेर कुनै पनि फूलको बोटहरू ठूलो हुँदैन, रुख, फूलको बोट ठूलो पार्न त्यसमा जरा गाड्नु आवश्यक पर्छ, त्यसरी नै अस्थिर पुण्यइच्छा फलवान हुँदैन । फेरि यो अधिष्ठान परमार्थरूपमा हेर्दा आरम्मण विनिश्चय गर्ने लक्षण स्वभाव अधिमोक्ष, गर्ने इच्छाको लक्षण भएको छन्द, आरम्मणलाई अभिमुख गरी चित्त पठाउने लक्षण भएको मनसिकार हुन्- यी चेतसिकमा पर्दछन् । अधिष्ठानलाई यसरी तीन प्रकारले विभाजन गरिराखेको देखिन्छ ।

## चार प्रकारका अधिष्ठान

अधिष्ठान कार्यभेद अनुसार :-

१) *सच्चाधिट्ठान,*

२) *चागाधिट्ठान,*



Downloaded from http://dhamma.digital

३) *उपसमाधिट्ठान,*

४) *पञ्ञाधिट्ठान*

यसरी चार प्रकारमा विभाजन गरिन्छ। बोधिसत्त्वहरूको अधिष्ठान वा पाणिधि अनुसार सबै पारमी पक्रिराख्नु सच्चाधिट्ठान (सत्य अधिष्ठान) हो। पारमीधर्मको विरोधिभाव लोभ, द्वेष, मोहादि स्वभावलाई छोड्नुलाई चागाधिट्ठान (त्याग अधिष्ठान) भनिन्छ। पारमिताको आनुभावले गर्दा शान्त, उपशान्त हुने नै उपसमाधिट्ठान (उपशम अधिष्ठान) हो भने धर्म गरी अरुको भलाइको लागि गरिने उपाय दक्षभाव पञ्ञाधिट्ठान (प्रज्ञा अधिष्ठान) हो।

यी चार अधिष्ठानले अनेकरूपले सम्बोधि विपरितमार्गको अनुशरणमा आरक्षा गर्दछ। सच्चधिट्ठानले गर्दा दोषयुक्त कुमार्गमा कहिले पनि पार्दैन। किनकि सच्चाधिट्ठानले छलकपट कहिले पनि गर्दैन। चागाधिट्ठानले कुनै वस्तुमा पनि नटाँसिने भएकोले लोभको मार्गमा पार्दैन। उपसमाधिट्ठानको हेतुले गर्दा भयको कारण हुने बाटो हिड्नुमा आरक्षित गर्दछ। किनकि उपसम प्रवृत्तिले अपराधमूलक काममा पाइला राख्न दिदैन। पञ्ञाधिट्ठानले गर्दा मोहको कारणले दुर्गती पर्नुबाट बचाउँछ, कारण प्रज्ञाले यथातत्त्व कारण अवबोध गराइरहन्छ। त्यसरी नै चागाधिट्ठानले गर्दा द्वेषले दूषित नभइकन बोधिसत्त्वहरूलाई साथै मानिसहरूलाई सहनशक्ति भएको बनाइदिन्छ। चागाधिट्ठानले गर्दा लोभमा लुब्ध नभएर आहारादि ग्रहण गर्ने सन्तोषी बनाइदिन्छ। उपसमाधिट्ठानले गर्दा भय नलिएर फ्याल्नुपर्ने फ्यालिदिने बनाइदिन्छ। पञ्ञाधिट्ठानले गर्दा मोहमा मूढ नभएर छोड्नुपर्ने छोड्नसक्ने बनाइदिन्छ। बोधिसत्त्वहरूले गृहस्थी भए तापनि संधै आफूलाई र अरुलाई कुशलको हेतु हुने प्रिय भाव हुने सच्चाधिट्ठान र चागाधिट्ठान गरेर धनले अरुलाई संग्रह गर्दछन्। तब बोधिसत्त्वहरू प्रव्रजित भएमा उपसमाधिट्ठान र पञ्ञाधिट्ठानले धर्मज्ञानले प्राणीहरूलाई संग्रह गर्दछन्।

## अधिष्ठान पारमिताको प्रतिपत्ति क्रम

बोधिसत्त्वहरू चाहे गृहस्थ होस् चाहे प्रव्रजित होस् उनीहरूमा अधिष्ठानपारमी सदा भई नै रहन्छ। यथार्थतः अधिष्ठान शक्ति नभएकाहरू सम्बोधि अवस्थामा पुग्ने त एकातिर नै राखिदिउँ, विद्यादि लौकिक अवस्था



Downloaded from http://dhamma.digital

निपूर्णभावमा पुग्नसमेत असम्भव हुन्छ । 'मैले यो काम गर्छु' नभनिकन कुनै पनि काम हुँदैन, फेरि गर्छु भनेको काम अधिष्ठानविना पूर्ण हुँदैन । कुनै पढ्यो अथवा केही गर्‍यो तर तुरुन्त यो गाह्रो भयो भनेर अर्को पढ्यो वा अर्को गर्‍यो भने उसले न फेरी पढ्नै सक्छ न त केही गरेर नै अगाडि बढ्नै सक्ने हुन्छ । ठाउँको अनुकूलता र कामको अनुकूलता छनौट गरेर मात्र हिंड्नेहरूले अथवा ठाउँको प्रतिकूलता र कामको प्रतिकूलता आउँदा अधिष्ठानबलले जित्न नसक्नेहरूलाई कुनै पनि काम पूर्ण गर्न गाह्रो हुन्छ । जुनसुकै काम गर्न अधिष्ठान शक्ति हुनै पर्छ । त्यसपछि मानिसका ज्ञानबलका साथै अभ्यासबल पनि प्राप्त हुन्छ । जसरी काम शुरु गर्नुअघि विचार गर्नु ठीक हो, काम गर्न अलसी मानेर त्यसलाई छोडिदिनु, अधिष्ठान बल नबनाइबस्नु त्यसरी नै बेठीक हो । त्यस्तो मानिस बाटोमा हिंडिरहेको हुन्छ तर लक्ष्यमा कहिले पनि नपुग्ने हुन्छ ।

त्यसैले सम्बोधिको अधिष्ठानलाई साधारण स्तरको अधिष्ठान मानिंदैन । यसको प्राप्तिका लागि त्यसैले क्रमशः कुशल अधिष्ठान वृद्धि गर्दै लानुपर्छ । पहिलो 'वर्षको एकपल्ट दान गर्छु' भनी दान गर्ने अधिष्ठान बलियो नभएसम्म महिनाको एकचोटी वा दिनदिनै दान गर्ने अधिष्ठान पूर्ण गर्न सकिंदैन । त्यसरी नै शील पालनमा वा सदचरित्रको विकासमा पनि सर्वप्रथम पञ्चशील नै राम्ररी अभ्यास गर्नुपर्छ । पञ्चशीलको आरक्षा नगरी यो त ठूलो लाभप्रद होइन भनी बस्न सक्छ । साँच्चै भन्ने हो भने पञ्चशील आरक्षा पनि विशुद्धरूपले धेरै समयम गर्न सजिलो छैन । यसको लागि फल देख्ने गर्नुपर्छ । पछि महिनौंमहिनौं, वर्षौंवर्षौं वा जीवनपर्यन्त पनि यो अधिष्ठान पूर्ण गर्ने कोशिस गर्नुपर्छ । त्यसपछि मात्र अष्टशील वा दशशीलको अधिष्ठान गर्नु उत्तम हुन्छ । यसरी शीललाई क्रमशः नगरी अधिष्ठान बृद्धि गर्न सकिंदैन । यसपछि आज कसैसँग पनि रिसाउदिन भनी मैत्रीको अधिष्ठान गर्नु, आज चित्त संयमित उपसमित गर्छु भनी अधिष्ठान गर्नु, आज चित्त एकाग्र गर्छु भनी अधिष्ठान गर्नु, फेरि गरेझैं गरेको अधिष्ठान पूर्ण पनि गर्नु । त्यसपछि आजको यस्तो अधिष्ठान दुईदिनको, एक हप्ताको, महिनाको, वर्षको अधिष्ठान गर्दै लानु नै अधिष्ठानपारमिता पूर्ण गर्नुको प्रतिप्रति क्रम हो ।

अधिष्ठानको समयमा अनेक अवरोध आउँछन् । विनाअवरोधले वा



Downloaded from http://dhamma.digital

आएको अवरोधप्रति विजयविना पूर्ण भएको अधिष्ठान सबल अधिष्ठान नै हुँदैन। स्थीर अधिष्ठान नै उन्नतिको लागि सजिलो मार्ग हो भने प्रगतिको लागि मनोबल हो। फेरि अलाभ केही हुन खोज्दा भंग गर्ने अधिष्ठान, छोराछोरीलाई कुनै अनिष्ठ हुन लागे कि भंग गर्ने अधिष्ठान आफ्नो अङ्गप्रत्यङ्गको आपदविपदले बिगार्ने अधिष्ठान, अझ जीवनको मायाले नै बिगार्ने अधिष्ठानले बोधिप्राप्त हुँदैन। सम्पत्तिको त्याग, परिवारको बलिदान जीवनको उत्सर्गयुक्त अधिष्ठान नै बोधिसत्त्वहरूको अधिष्ठान हुन्छ। यो बोधिसत्त्वहरूको अधिष्ठान दान शीलादि पारमितामा टाँसिएर क्रमशः विकसित हुन्छ। विकसित अधिष्ठानको आनुभावले लौकिक सफलता मात्र प्राप्त हुने होइन कि ऋद्धिप्रातिहार्यसम्म प्राप्त हुन्छ।

अधिष्ठान गर्नु भनेको पहिले सानो मात्रै गर्नुपर्दछ। मानिसहरूको जति ज्ञानबल र विवेकबल हुन्छ त्यति नै अभ्यास बल हुँदैन। त्यसैले यति उति जति गरौं भन्ने जस्तो हुन्छ, जति गर्न सक्छु जस्तो लाग्छ त्यो भन्दा पनि केही कम अल्पमात्रको अधिष्ठान गर्ने गर्नुपर्दछ। गरिएको अधिष्ठानको निरीक्षण गर्ने, अधिष्ठान पूर्ण गर्न कति कसरी गाह्रो भयो देख्नु, राम्ररी पूर्ण भएको सानो अधिष्ठानको जति मूल्य छ, राम्ररी पूर्ण नगरिएको अनेकभावले ध्वनिभंग भएको ठूलो अधिष्ठानको त्यति मूल्य हुँदैन। कारण अधिष्ठान भनेको छोडेन भने, खुकुलो बनाएन भने बलियो भएर जान्छ। त्यसको लागि अधिष्ठान वृद्धि गर्दै अगाडि बढ्दै जानु, सम्म ठाउंको बाटोमा हिंडेझैं सजिलो भएर आउँछ। अधिष्ठान खुकुलो बनायो कि उसलाई डोरी पक्रेर पर्वत चढेझैं गाह्रो भएर आउंछ। अझ डोरी चुँडिएर झर्न पनि सक्दछ। त्यसैले ठूलो खुकुलो अधिष्ठानभन्दा सानो तर बलियो अधिष्ठान नै श्रेष्ठ छ। अधिष्ठान भित्रदेखि नै दरिलो धागोडल्लो बाँध्दा पहिले खुकुलो भयो भने धागोडल्लो पनि खुकुलो हुन्छ, जेलिन जान्छ। स्थीर अधिष्ठान नभएको मानिसलाई हावाले हल्लाउन सक्ने जरा बलियो नभएको रुखजस्तै हो। बोधिसत्त्वहरूको अधिष्ठान यसरी भित्र खुकुलो वा हावाले हल्लाउन सक्ने हुँदैन। उनीहरूको अधिष्ठान अनेक जन्म अनेक कल्पसम्म विचलित नहुने हुनाले भित्रैदेखि बलियो क्रमशः बलियो हुँदै गएको हुन्छ।

बुद्ध र बोधिसत्त्वहरूको दृढ भएको अधिष्ठानको चरित्रात्मक व्याख्या गर्न भनी उनका श्रावकहरूको अधिष्ठान पनि कतिसम्म दरिलो छ भन्ने कुरा थाहा पाउनु लाभदायक छ।



Downloaded from http://dhamma.digital

## एक भिक्षुको कथा

श्रावस्तीमा श्मशानमा एकजना भिक्षु पांशुकुल धारण गरी सानो माटोको पात्र थापेर चुपचाप बसिरहेका थिए। उनको अधिष्ठान हो -जबसम्म अर्हत हुँदिन तबसम्म कतै पनि जान्न। पहिलो वर्ष कुरा नगरी प्रव्रजित गुण स्मरण गरी बिताए। दोश्रो वर्ष एउटी महिलाले एकै चोटी भनिन् 'लाटा हौ त तिमी ?' त्यस महिलाले दूध पनि राखिदिइन्। त्यसबेला मात्र 'पुग्यो' बहिनी भनी भने। यसरी कठीन अधिष्ठान पूर्ण गरेर तेश्रो वर्ष लाग्दा उनले अर्हतत्व प्राप्त गरे।

यसरी निर्वाणको लागि मात्र होइन धर्म, प्रचार र प्रसारको लागि पनि कतिकति कठोर श्रम गर्न ठूलठूला अधिष्ठान बुद्धका श्रावकहरूले गर्नुपरेका छन् फेरि श्रावकहरूले पनि जुन अधिष्ठान गर्दछन् त्यो जन्म जन्मान्तरसम्म बलियो हुन्छ भन्ने कुरा सारिपुत्र महास्थविरको अधिष्ठाले स्पष्ट पार्दछ।

## सारिपुत्र महास्थविरको कथा

सारिपुत्र महास्थविर एउटा जन्ममा राजा भएर जन्म लिंदा रक्सीको नसामा परे। रक्सीको सुरमा उनले छोराको मासु पनि खाए। यसपछि राजाले जुन रक्सी छोड्ने अधिष्ठान गरे त्यसलाई अर्हत भएको अन्तिम जन्म सारिपुत्रको अवस्था सम्मको जन्मसम्ममा पालन गरे।

Dhamma Digital

## दश पारमितामा अधिष्ठान पारमिता

दश पारमितामा अधिष्ठानपारमिता आठौं पारमिता हो। तर जसरी माथि चर्चा भइसक्यो अधिष्ठान स्वयं सम्पन्न हुनलाई अरु पारमिता अगाडि आउनुपर्छ। सुमेध तापस भएको बेलामा अगाडि आएको मुक्तिलाई त्याग गरेर करुणा चित्तले बुद्ध हुन्छ भनी अधिष्ठान गरेदेखि उनको जीवनमा बोधिचर्याको प्रारम्भ भयो। यो अधिष्ठान भएदेखि उनको चर्यालाई बोधिचर्या भनियो। फेरि यो अधिष्ठान भएदेखि चार असंख्य र एकलाख कल्पसम्म उनले जुन नटुक्राइकन पारमिता गुणधर्म पूर्ण गर्दै गए, त्यो अधिष्ठानको बलले मात्र नै पूर्ण गरेकाहुन्।



Downloaded from http://dhamma.digital

सिद्धार्थले चार निमित्त देखेर गृहत्याग गरी बोधिज्ञानको लागि पाइला सार्दासम्म पनि उनको बुद्ध हुने अधिष्ठानलाई विघ्नबाधा आइ नै रह्यो । चार असंख्य र एक लाख कल्प पहिला बुद्धत्वको लागि गरेको अधिष्ठान पूर्ण हुने केही दिनअघि दुर्वल शरीरको अवस्थामा पञ्चवर्गीयहरूले पनि छाडी गए । त्यसो भए तापनि उनको चित्तको स्थीर अधिष्ठान विचलित भएन । अझ बोधिज्ञान प्राप्तहुने आशन वज्राशनमा बस्दासम्म उनले बुद्धत्वको अधिष्ठान दृढ गर्दै स्पष्ट तवरमा भने :-

*कामं तचो नहारु च, अट्ठि च अवसिस्सतु ।*
*उपस्सुसतु गत्ते मे, सब्बं तं मंस लोहितं ॥*

छाला, नसा र हड्डी मात्र मेरो शरीरमा किन बाँकि नरहोस्, मेरो शरीरको रगतमासु हड्डीको रूपमा नै सुकेर जाओस् तर पनि म बुद्ध भइसकेपछि मात्र यो आशनबाट उठ्ने छु ।

यस्तो अन्तिम अधिष्ठानको समयमा पनि उनलाई मार आयो । तब त्यस मारलाई पनि पारमिता गुणधर्म साक्षि राखेर *'म बोधिआशनको अधिकारी हुँ'* भनेर उनले दरिलो भएर बुद्धाशनमा अडिग भई बसे । चार असंख्य र एकलाख कल्पदेखि गाँसिएको लक्ष्य बुद्धत्व उनलाई साक्षात्कार भयो, आत्मसात भयो र बुद्ध भए त्यसपछि तथागत भए ।

यसले स्पष्ट हुन्छ कि प्रत्येक पारमितामा अधिष्ठानपारमिता समावेश हुन्छ । सुमेध तापसले बुद्धत्वको लागि प्रयास गरेदेखि बोधिवृक्षमूलमा बुद्धत्व प्राप्तिपूर्वसम्म अधिष्ठानपारमिताले उनलाई दृढ गरिराखेको थियो । दश पारमितामा एउटाएउटामा अधिष्ठानपारमिता कसरी समावेश भएको छ, अथवा अधिष्ठानपारमिता र दश पारमिताको के सम्बन्ध छ अझ बुझ्नको लागि यहाँ अलग व्याख्या आवश्यक देखिँदैन । किनभने तल अधिष्ठान पारमिताको कथात्मक व्याख्यामा नै यो कुरा स्पष्ट हुन जान्छ ।

## *अधिष्ठान पारमिताको कथात्मक व्याख्या* :

दान दिन्छु भनेर प्रतिज्ञा गर्नासाथ लोभ हटाउनुपर्दछ । यो लोभ हटाउन त्यागको स्थिरचित्त बनाउन अधिष्ठानविना सम्भव छैन । दान दिने अवस्थासम्ममा त्यागको अधिष्ठान बिग्रियो कि मुञ्च चेतना बिग्रन्छ । त्याग



Downloaded from http://dhamma.digital

र अधिष्ठानको बलले नै आफन्तहरूले रोके तापनि आफ्नो शारीरिक पीडाले मन कमजोर बनाए तापनि दानको संकल्प पूर्ण गर्न सकिन्छ ।

दान पारमितामा उल्लेखित शिवि जातकअनुसार शिवि राजाले एउटा आँखा माग्न आएको याचकलाई दुबै आँखा अलिकता पनि चित्त विचलित नगरी दान दिए । महावेस्सन्तर जातकमा बोधिसत्त्व वेस्सन्तरले राज्यको परित्याग स्वीकार गरे तर दानको अधिष्ठान भने छोड्न अस्वीकार गरे ।

दानको अधिष्ठानमा दृढ भएका बोधिसत्त्वलाई बीचमा आगोको खाल्डो राखेर रोके तापनि बाधा दिन सकिँदैन । खदिङ्गार जातक (४०) मा अधिष्ठान बलको आधारमा बोधिसत्त्वले भने- *'भन्ते प्रत्येक बुद्ध, यस आगोको खाल्डोमा टाउकोले टेक्ने गरी खसे पनि मैले दान दिन छोड्ने छैन । तपाईले मैले दिएको भोजन नै स्वीकार गर्नुहोस् ।'* त्यसरी नै शंखपाल जातक (५२४) मा शंखपाल नागराजाले- *'मेरो शील मैले खण्डन गर्दिन'* भनी अधिष्ठान गरी भोजपुत्रहरूले जतिसुकै, भालाले घोचे तापनि, उनीहरूलाई भष्म गर्न सक्ने शक्ति भए तापनि शील नबिगारी आरक्षा गऱ्यो ।

शील र संयमको आरक्षा पनि अधिष्ठान बलियो नभइकन सम्भव छैन । तेलपत्त जातक (९६) अनुसार अधिष्ठान बलियो नहुने मानिसहरू रूप, शब्द, गन्ध, रस र स्पर्शमा परेर शील बिगार्ने हुन्छन्, अझ जीवनसमेत तहस-नहस गर्ने हुन्छन् । गङ्गमाल जातक (४२१) मा आधा उपोशथव्रत पालन गर्दा मर्ने अवस्था आउँदा पनि बलियो अधिष्ठानले शील बलियो पारेर मर्न तयार भयो तर शीललाई धमिल्याउनदिएन । चुल्लसुत्तसोम जातक (२६७) मा सुत्तसोमले आफन्तहरू रोदनक्रन्दनमा पनि चित्त स्थीर गरे भने अधिष्ठानको बलमा नै नैष्क्रम्यपारमिता पूर्ण गरे । सत्तुभत्त जातक (४०२) मा सेनक पण्डितले एक ब्राह्मणलाई दु:खमुक्त गरिदिनुपऱ्यो भनी अधिष्ठान गरेर प्रज्ञाको बलले झोलामा लुकेको सर्प देखेर उसलाई पीडामुक्त गरिदिए । लोमहंस जातक (९४) मा ज्ञानको अन्वेषणक्रममा बोधिसत्त्वले शारीरिक पीडा दिने धर्मको खोजमा चरम सीमासम्म अधिष्ठानको बलमा पुग्न सके । नलपाण जातक (२७) मा रोहितमृगले जुन पानी पिउँछु भनी प्रतिज्ञा गरेका थिए त्यो पानी बाँसको नली बनाएर पोखरीमा



Downloaded from http://dhamma.digital

नभारिकन पिए। महाजनक जातक (५३९) मा बोधिसत्त्व महाजनक महासमुद्र तर्नु सहज हुँदैन भन्ने कुरा सुनेर पनि हतोत्साह नभएर अधिष्ठानको बलले कोशिस गरी शीलको अधिष्ठान पनि समुद्रको बीचमा बसेर नै पूर्ण गरे ।

### मातंग जातक (४९७)

दिट्ठि मङ्गलिकाले मातङ्ग पण्डितलाई चण्डाल भनी अपमान गऱ्यो । अकारण उनलाई पिट्यो पनि । मातङ्ग तब दिट्ठ मङ्गलिकाको अभिमान चुर्ण गर्न उनीहरूकै घरमुनि नै बसेर निराहार भएर बसेर फेरि आफूलाई त्यही दिट्ठ मङ्गलिका नै माग्यो । मातङ्गलाई अरु धेरै लोभ देखाइयो, तर्साइयो तर मातङ्ग आफ्नो अधिष्ठानमा नै दृढ भइबस्यो । अन्तमा चण्डालपुत्र घरमुनि मर्दा छरछिमेकीको घरसमेत अमङ्गल हुन्छ भनेर डराएर दिट्ठ मङ्गलिका मातङ्ग पण्डितलाई नै दिइयो । फेरि पछि दिट्ठ मङ्गलिकाप्रति करुणा राखेर उसलाई संसारको अद्वितीय सम्मान भएकी कान्ता बनाइयो ।

एकराज जातक (३०३) मा एकराजले शत्रु राजालाई कुनै पीडा दिन्न भनी अधिष्ठान गर्नासाथ शत्रुराजाले दुईवटा खुट्टा समाती टाउको तल पारेर आफूलाई दुःख दिएको भए तापनि अधिष्ठानको बलले मैत्रीपारमितालाई पूर्णता दियो । महालोमहर्षणले लाभअलाभ, यशअपयश, निन्दाप्रशंसा र सुखदुःख जस्ता अष्टलोकधर्मले कम्प हुंदिन भनी अधिष्ठान बलमा प्रतिष्ठित भएर जतिसुकै परनिन्दा र प्रशंसा आए तापनि उपेक्षापारमिता भने पूर्ण गरे ।

यसरी यी बोधिसत्त्व चरित्रको विश्लेषणले वा कथात्मक व्याख्याले अधिष्ठानपारमिताको दश पारमितासँगको सम्बन्धमात्र स्पष्ट गर्दैन कि स्वयं अधिष्ठानपारमिताको पूर्ण व्याख्या र विश्लेषण समेत गर्दछ ।

### अधिष्ठान पारमिता, उपपारमिता, परमत्थपारमिता

धनसम्पत्ति र जहान छोराछोरीको लागि अधिष्ठान भङ्ग नगर्नु अथवा दानादि पारमिता पूर्ण गर्ने अधिष्ठान भङ्ग नगर्नु र प्रतिज्ञा नबिगार्नु नै अधिष्ठानपारमिता हो । आफ्नो शरीरको अङ्गप्रत्यङ्ग बिग्रन्छ भनी डराउञ्जेलसम्म



Downloaded from http://dhamma.digital

नबिगार्ने अधिष्ठानलाई अधिष्ठान उपपारमिता भनिन्छ। साथै जीवनसमेत उत्सर्ग गर्नु परुञ्जेलसम्म पनि पछि नफर्किएर पालन गर्ने अधिष्ठानलाई अधिष्ठान परमत्थपारमिता भनिन्छ।

अधिष्ठानपारमिता, उपपारमिता र परमत्थपारमिताको उदाहरण स्वरूप यहाँ तीन बोधिसत्त्व चरित्रको उल्लेख गर्नु आवश्यक देख्दछौं। कारण माथि उल्लेख भएअनुसार दानादि प्रत्येक पारमिता, उपपारमिता र परमत्थपारमिता नै यसको उदाहरण हुन्छ। तापनि चरियापिटकले महत्व दिएझैं अधिष्ठानपारमिता, उपपारमिता र परमत्थपारमिता तीनैको उदाहरण हुनसक्ने तेमिय चर्या एउटा प्रस्तुत गर्नु उपर्युक्त हुनसक्छ।

## तेमिय चर्या

"जब म काशी नरेशको छोरा भएर जन्म लिएं, मेरो नाम तेमिय राखियो, तर मलाई *मूगपक्ख* र लाटा लङ्गडा पनि भनियो। त्यसबेला काशी नरेशको सोह्र हजार रानीहरूका एउटै पनि सन्तान थिएनन्। धेरै वर्षपछि म एक्लो छोरा भएर जन्मिएँ। धेरै कठिनाइले पाएको कुलवान फेरि प्रकाशमान भएकोले मलाई बुबाले श्वेत छत्रको मुनि राखेर सम्मान गरे। त्यो श्वेत देख्नासाथ मलाई पहिलाको जन्मको नरक सम्झना आयो। त्यो छत्र देख्नासाथ म अति नै डराएँ। मैले विचार गरें 'कसरी मैले यसलाई त्याग गरुँ ?' पहिलेको हितैषिनी देवीले म दुःखी भइरहेको देखेर तीन कुरामा मलाई दृढ हुन सिकाइन- *'पाण्डित्य प्रकट नगर। सबैको लागि तिमी मूर्खजस्तै भई बस। सबै जनताबाट तिम्रो निन्दा हुन देऊ। तब तिम्रो अर्थ सिद्ध हुन्छ।'* यो कुरा सुनेर मैले जवाफमा भने 'देवी तिमीले जुनजुन भन्यौ त्यो म गर्नेछु।' वास्तवमा मलाई उनको कुरा सुनी आफूले समुद्रमा टापु पाएझैं भयो। प्रसन्न र संविग्न मनले मैले यी तीनै अधिष्ठान गरें। म बहिरो, लाटो र हिंड्न नजान्ने लङ्गडो भएं। यी तीनैवटा अधिष्ठान मैले सोह्रवर्षसम्म पालन गर्दै बसें। मैले हात खुट्टा जिब्रो र कानलाई कहिले पनि चलाएर देखाइनं। मलाई मानिसहरूले *'कुलकलंक'* भनी निन्दा गरे। त्यसपछि जनपदवासी, सेनापती र पुरोहित सबैले एउटै विचार भएकाहरू भएर मलाई फ्याल्न लानुमा उनीहरू सबै



Downloaded from http://dhamma.digital

सहमत भए । उनीहरूको कुरा सुनेर म खुशी भएं । जसको लागि जे हुने मैले तप गरें त्यो अब पूर्णहुने भयो भनी मैले विचार गरें ।"


"मलाई नुहाइदिएर तेल लगाइदिए, राजवस्त्र लगाइदिए र राजछत्रले अभिषेक गरी नगरको प्रदक्षिणा गराइयो । एकहप्तासम्म यसरी गरेर आठौं दिन सूर्य उदाउनासाथ सारथीले मलाई रथमा राखेर फ्याक्न लग्यो । एकातिर रथ रोकेर एकठाउँमा घोडा बाँधेर मलाई गाड्नको लागि सारथीले खाल्डो खन्यो । मैले अनेकप्रकारले तर्साएर कष्ट दिए तापनि गरेको अधिष्ठान र व्रतलाई बोधिको लागि बिगारिन । मलाई न त आमाबुबा नै मन नपरेको थियो, न त मलाई आफू नै मन परेको थिएन । तर मलाई त्यो भन्दा पनि सर्वज्ञता सबैभन्दा बढी मन पर्छ । त्यसैले नै मैले यो अधिष्ठान गरें । यसरी तीन अधिष्ठान गरेर सोह्रवर्ष जीवन बिताएं । यसरी अधिष्ठानमा यो समान अर्को छैन, यही नै मेरो अधिष्ठानपारमिता हो ।"

सोह्र वर्षको अनेक भय, त्राश, दण्ड भोगेर पनि हातखुट्टा नचलाइकन बस्नु आफू राजानहुने अधिष्ठान पूर्ण गर्ने बोधिसत्त्वचर्या साँच्चै कै अतुलनीय छ । जातकीय अभिव्यक्तिले स्पष्ट गर्दछ कि सारथीले खाल्डो खनिरहेको ठाउँमा तेमियले केही शब्द बोल्दा ऊ अत्यन्तै आश्चर्य मान्यो । तब बोधिसत्त्वको यो कठीन अद्भूत अधिष्ठानको विषयमा सुनिसकेपछि राजपरिवारहरू सबै राजपरिषदसहित आएर तेमिय कुमार भेट्न आए । जङ्गलमा बोधिसत्त्व तेमियको उपदेश के सुने सबै प्रव्रजित भए । एकजनाको प्रवज्या अभिलाषले भरिएको अतुल्य प्रबल अधिष्ठानले गर्दा धेरै मानिसहरू प्रव्रजित हुन गए । यही नै अधिष्ठानको अतुलनीय आकर्षण हो, महानफल हो ।



Downloaded from http://dhamma.digital

# मैत्री पारमिता



सामजातक

Downloaded from http://dhamma.digital

# मैत्री पारमिता

मैत्रीको साधारण अर्थ हो मित्रता अथवा मित्रभाव । स्नेह राख्नु अर्थात् सबै सत्त्व प्राणीप्रति चित्त मृदु गर्नु नै मैत्री हो । तर स्नेह राख्नुको अर्थ रागमा टाँसिनु होइन । न त कसैप्रति चित्त मृदु गर्नको अर्थ एकजनाको वशमा आफूलाई मन पराउनु हो । जहाँ राग हुन्छ त्यहाँ मैत्री हुँदैन । रागको प्रभाव भएको मित्रता मैत्रीपारमिता धर्ममा त क्लेश धर्म मात्र नै हुन्छ । कारण क्रोध विरुद्धको असल इच्छा हुने विचारलाई मात्र नै मैत्री भनिन्छ । साथीले साथीको गुण देख्दछ, उसको विपत्तिको इच्छा हुँदैन । यही स्वभाव नै प्राणीप्रति हुनासाथ नै मैत्री अभिबृद्धि भएर जान्छ ।

करुणा र उपाय कुशलताले आरक्षित यस लोकमा र परलोकमा कार्यसिद्धि मार्ग जान्नुमा दक्ष भएको सबैको हितसुख हुने क्रोधरहितको स्नेह नै मैत्रीपारमिता हो । अथवा बुद्धत्वको लागि पूर्ण गरिने बोधिसत्त्वहरूको मैत्री नै मैत्रीपारमिता हुन्छ । जोसुकै मानिसको आफू सुखी र खुशी हुने इच्छा हुन्छ । तर तीन बोधिमध्ये एउटा बोधिप्राप्त गर्ने इच्छा गरेर आफ्नो शत्रु मित्र र मध्यस्थहरू सबैको लाभको इच्छा गर्ने स्वभावलाई मात्र नै मैत्रीपारमिता भनिन्छ । सम्बोधिका लागि शत्रुमित्र नभईकन सकलप्रति मित्रत्व नै मैत्रीपारमिता हुन्छ ।

मैत्रीपारमिता पूर्ण गर्न राग र मैत्रीको भेद पनि राम्ररी जान्नुपर्दछ । अन्यथा आफ्नो रागले अनुरक्त भएको स्वभावलाई नै मैत्री ठान्न सकिनेछ । मैत्री र मैत्रीपारमिताको भेद त झन नै देख्न गाह्रो हुनेछ । राम्ररी लुगा लगाएको सफा सुग्घर भएको बच्चा देख्नासाथ मानिसहरूलाई कुरा गर्न मन लाग्छ । उसलाई केही दिन पनि मन लाग्छ । तर कालो लुगा लगाएको मैलो फोहरी देखिने बच्चा देख्नासाथ उसलाई हेर्न नै मन नपर्ने हुन्छ । यसले मैत्रीअनुसार हेरेमा दुबैमा पनि समभाव हुनपर्छ । करुणाअनुसार हेरेमा पछिको बच्चाप्रति बढी अनुरक्त भाव हुनपर्छ । लुगा मैलो भएको फोहर गरीब बच्चाप्रति होइन लुगा सफा सुग्घर भएको बच्चाप्रति मात्र मैत्री



Downloaded from http://dhamma.digital

राखेमा वास्तवमा त्यो देखिएको मैत्री सप्रीतिक तृष्णा मात्र नै हो । स्वमुखी हो,परमुखी होइन । अन्तरमुखी हो बहिरमुखि होइन । यसलाई नै राग भनिन्छ ।

वास्तविक मैत्रीको अगाडि राम्रोनराम्रो जान्ने नजान्ने भेद हुँदैन । मलाईजस्तै दुःख कसैलाई पनि मन पर्दैन, मजस्तै दुःख देखेर सबै डराउँछन, मजस्तै सबै सुख मन पराउने हुन् भनी देखेर दुःख नाश होस्, सुख होस् भनी इच्छा गर्ने स्वभावले नै मैत्री अभिव्यक्त गर्दछ । कारण यस स्वभाव भएकाहरूले मैत्रीसहगत कुरा गर्छन् । मैत्रीसहगत काम गर्छन । मरणासन्न अवस्थामा आफ्ना छोराछोरी र जहानप्रति रागले त राम्रो गति प्राप्त हुँदैन भने रागयुक्त मैत्री कसरी पारमितामा समावेश हुनसक्छ ? मैत्रीपारमिता त बुद्धकारक धर्मलाई भनिएको हो । सुमेधले आफ्नो हातमा आएको निर्वाणलाई छोडेर सकल प्राणीप्रति मैत्री राखे । मैत्री अद्वेष चैतसिक मनोभूमिबाट प्रस्फूरित हुन्छ । मैत्रीपारमितामा आफूअरु, धनीगरीव, राम्रोनराम्रो, ठूलोजात-तल्लोजातको भेद हुँदैन ।

मैत्रीको लक्षण नै सबैप्रति  हितोपकार हितोपदेश हो । यसको रस नै अशल काम कुरा अगाडि प्रकाश गर्नु, क्रोध हटाउनु हुन्छ । सौम्यभाव मैत्रीको प्रत्युप्रस्थान हो भने आफूप्रति सत्त्वहरूको मनापभाव देख्नु पदस्थान हो । मैत्री वृद्धि गर्नेहरू बोधिसत्त्वहरूले अरु असल हुने आफू असल हुने ठान्दछ । मैत्रीपारमिताको साधकले शत्रुहरूलाई पनि मित्रहरूलाईजस्तै होस्, राम्रो होस् भनी ठान्दछ र काम गर्दछ । उसको विचारमा कोही शत्रुमित्र नै हुँदैन । यस्तो बोधिसत्त्व गुणधर्म पूर्ण गर्नुभएको बुद्धले आफूलाई हत्या गर्छु भनी आएको देवदत्त, मानिसलाई मारेर औंलाको माला पहिरी हिंड्ने अंगुलिमाल, आफूलाई मार्छु भनी आएको धनपाल हात्ती र आफ्नो छोरा राहुलप्रति समानभाव चित्त राखेको कुरा यहाँ सम्झनयोग्य छ ।

बोधिसत्त्वहरूले महिलाहरूलाई योग्यताक्रमले आमा र आफ्ना दिदीबहिनीजस्तै पुरुषहरूलाई बाबु र दाजुभाइजस्तै ठान्ने गर्छन् । कसैप्रति क्रोध राख्नुहुन्न । भनिन्छ मैत्री नभएकाहरूको अनुहार कडा सूर्यजस्तै हुन्छ भने मैत्री भएकाहरूको अनुहार शितल भएको चन्द्रमाजस्तै हुन्छ । मैत्री भएकाहरूको अनुहार देख्दैमा मनमा सन्तोष हुन्छ । सातवर्षको राहुल कुमारले



Downloaded from http://dhamma.digital

बुद्धको छाँयामा पर्दा भन्यो- *'श्रमण हजुरको छाँया अति नै शितल छ ।'* यस्तो बुद्ध र बोधिसत्त्वहरूको महान आनिशंसयुक्त मैत्रीपारमिताको व्यापक चर्चा गर्नुअघि मैत्रीभाव वा मैत्रीभावनाको नै केही चर्चा गरिनेछ ।

## मैत्री भावना

अरुको असल होस् भनी चित्तले कामना गर्नु मैत्रीभावना हो । यसरी सम्झंदा अरुहरू प्रत्यक्षरूपले असल नै नभए पनि उसको तर्फबाट नै अरुको खराव हुने भएन । साथै अवैरीभावले आफ्नोचित्तमा शान्ति प्राप्त हुने त छंदैछ । साधारण मानिसले अरुलाई आफ्नो मैत्रीयुक्त असाधारण चित्तबलले शान्ति दिन नसके तापनि केही प्रमाणमा त सुख दिन सक्छ नै । मैत्रीभावना गर्दाखेरि नै वैरी नहुने, हृदय जलन भावरहित शान्ति आफूलाई प्राप्त हुन्छ । अरुलाई प्राप्तिको मार्ग हुनेछ आफ्नो चित्तको शक्तिले अरुको चित्तशक्ति राम्रो पारिदिन्छ । कुनै प्रदेशमा बसेका मानिसहरूको कुनै प्रकारको चित्तबलयुक्त सामाजिक स्वभाव बढी भएमा त्यो प्रदेशमा आएका अन्य मानिसहरू पनि त्यही नै स्वभाव भएर आउँछ । त्यस्तै चित्तबल भएर जान्छ । एकजनासँग एकजनाप्रति धेरै बलियो जुन चित्त छ उसँग बस्नेसँग पनि त्यही चित्त हुन्छ । यसरी आफूसँग भएको चित्तले अरुलाई रसाउन सक्छ, प्रभाव पार्दछ ।

शारीरिक रोग एकजनाबाट अर्कोमा सरेझैं चित्तमा रहेको रोग वा चित्तको अशल गुण पनि सर्न सक्नेछ, यसरी सर्नेमा क्रोध र मैत्री अति नै प्रबल हुन्छ । रिसले गाली गर्दा गाली खानेको पनि रिस आएझैं मैत्रीले मैत्रीको नै सृजना गर्दछ । वास्तविक मैत्री आत्मार्थ मैत्री नभएर परार्थ मैत्री हुन्छ । धेरै मानिसहरूले आफूलाई लाभको लागि वा मैत्रीको फल लिनको लागि सकल सत्त्वहरू निःदुखी होस्, सकल सत्त्व सुखी होस् भनी कामना गर्दछ । *यस्तो मैत्री उच्च कोटीको मैत्री हुँदैन* । मैत्री भावनाको साधकले त अरुलाई सुखी बनाउनुपर्‍यो भनी अरुहरूलाई आहार पान र वासस्थानको लागि कोसिस गर्दछ । यसरी गर्न नसकेमा मैले यसो गर्न सकिन भनी सम्झेर साथै उनीहरूको हित र सुखको कामना गर्नुपर्दछ । माथि उल्लेख भएझैं यस अवस्थामा पनि वैरीभाव, द्वेषभाव र क्रोधभाव हटेर जाने एउटा लाभ हुन्छ । जुन हट्नु नै एउटा सुखको कारण शान्तिको हेतु र अभिवृद्धिको



Downloaded from http://dhamma.digital

मूल हुन जान्छ। तर यी कुरामा अवश्यमेव ध्यान राख्नुपर्छ कि निरोगी होस् भनेर रोगी हुने काम चाहिं गर्नु हुँदैन। त्यसैले मैत्री भावनामा साधकले *'अवेरा होन्तु',* वैरभाव नहोस् भनी भावना गर्नु भनी विशुद्धिमार्ग ग्रन्थमा पहिलेनै निर्देशित गरिएको हो। किनकि *यो धेरै फलदायी र छिटो फलदायी र प्रभावकारी हुन्छ*।

मैत्रीभावनाको चर्चा गर्दा आचार्य बुद्धघोषको विशुद्धिमार्ग ग्रन्थलाई कहिले पनि बिर्सन सकिंदैन। चालीस भावनाको क्रममा मैत्रीभावनाको जुन व्याख्या विशुद्धिमार्गमा भएको छ त्यो सारै नै सम्पन्न छ। यहाँ अहिले विशुद्धिमार्गमा उल्लेख भएको मैत्री भावनाको संक्षिप्त चर्चा मात्र गरिनेछ।

सबैभन्दा पहिले त मैत्री भावना गर्नलाई द्वेषको अवगुण र शान्तिको गुण प्रत्यवेक्षण गरिसकेपछि भावनाको लक्षित व्यक्ति नै राम्ररी छान्न सक्नुपर्छ। तब विषय, क्षेत्र र पात्रअनुसार यसको विकास गर्न सक्नुपर्छ। अप्रिय व्यक्तिलाई प्रिय स्थानमा राख्दा अत्यन्त प्रियलाई मध्यस्थानमा राख्दा क्लान्त हुन्छ। असमान लिङ्गप्रति मैत्रीभावना गर्नाले राग उत्पन्न हुन्छ। आफ्नी जहानप्रति मैत्रीभावना गर्दै रागले अन्धा भएर भित्तामा हातले हिर्काएर एकजना उपासकले हातमा घाउ पारिबस्नुपऱ्यो। त्यसैगरी मरेको व्यक्तिप्रति मैत्री भावना निरर्थक हुन्छ। त्यसैले म सुखी होऊं, म निःदुखी होऊं, म वैररहित होऊं, व्यापादरहित होऊं, उपद्रवरहित होऊं, सुखपूर्वक आफ्नो परिहरण गरिबसुं भनी पहिला आफैलाई भावना गर्नुपर्छ। यसपछि मन परेको साथी, साधारण व्यक्ति र पछि शत्रुप्रति मैत्री भावना गर्दै लानुपर्छ। फलाना नराम्रो होस्, दुःखी होस्, भिखारी होस्, बद्नाम होस्, आधार भरोसारहित होस्, मरेर नर्कमा परोस् भन्ने दुर्भावना उल्टो सद्गुण बनाएर शुभकामना गर्नु मैत्रीको काम हो। दुर्भावना सम्बन्धी कायिककर्म, वाचिककर्म र मनोकर्म उपशान्त गर्ने प्रयत्नलाई मैत्रीभावनाले सफल गरिदिन्छ।

मैत्रीभावनाको लागि क्रोध र वैरीभावको दुर्गुण देख्न सक्नुपर्छ। क्षान्तिको प्रत्यवेक्षण गर्नुपर्छ। जोसँग क्षान्ति हुन्छ, ऊसँग शत्रु र वैरीप्रति पनि मैत्री चित्त हुनसक्छ। सकल सत्त्वप्रति मैत्री राख्नलाई बुद्धि र बोधिसत्त्वहरूको अवैरभावले राख्नलाई बुद्ध र बोधिसत्त्वहरूको अवैरभावले भरिएको क्षान्तिले भरिएको चरित्र सम्झिनुपर्छ।



Downloaded from http://dhamma.digital

सकल प्राणीप्रति सुखी होउन्, वैररहित होउन्, उपद्रवरहित होउन्, एकजनाले अर्काप्रति शत्रुभाव नराखुन, एकजनाले अर्कासँग नीचभावले नहेरुन्, अरुको प्रगति, उन्नति र सुखसम्बृद्धि होस् । कसैसँग पनि कसैलाई दुःख कष्ट र पीडा दिने इच्छा नहोस् भनी सम्झिनु कल्पना गर्नु मैत्रीभावना हो । एउटै विषयले एउटै प्राणी लक्ष्य गरी मैत्रीभावना गर्नाले निरुत्साह भाव हुन सक्नेझैं लक्ष्यमा अग्रसर नहुन पनि सक्छ । त्यसैले यसो नहुनको लागि प्रदेश, दिशा आदि रूपमा र प्राणीहरू विभाजित गरी मैत्री फैलाउँदै लानुपर्छ ।

मैत्रीभावनाको लागि एउटा दिशा, दुइवटा दिशा गर्दै सारा दिशालाई अंगालेर लानुपर्छ । फेरि दुइखुट्टेहरू, चारखुट्टेहरू, उल्टा खुट्टा टेक्नेहरू अथवा खुट्टारहित प्राणीहरू गर्दै आफ्नो अहिंसात्मक कुरा फैलाउँदै लगेझैं क्रमशः प्राणीहरूलाई मैत्रीको आवर्द्धनमा ल्याउँदै सकल सत्त्वप्राणी मैत्रीजगतलाई भित्र ल्याउनुपर्छ । साँच्चै भन्ने हो भने जतिजति प्राणीहरूका बीच परस्परमा मैत्री हुन्छ त्यतित्यति जीवनप्रतिको अशान्त भार कम भएर जान्छ । यसको उल्टो मैत्री नहुनेले अरुलाई पीडा दिने हुनासाथ मानिस प्राणीप्रति घाउचोट गरी वा मारेर फेरि अरुको वस्तु लिएर आफै नै लुकेर बस्नुपर्ने अवस्था पनि आउँछ । मैत्रीको अभावमा नै मानिस भयभीत हुनुपर्छ । मैत्रीको अभावले मानिसहरू आफै एक आपसमा देख्दा समेत डराउनुपर्ने हुन्छ । *पिट्नु, मार्नु, चोर्नु आदि काम मैत्री भएको व्यक्तिको तर्फबाट मैत्रीयुक्त व्यक्तिलाई हुने होइन* । अर्को व्यक्तिप्रति मैत्री नभएर नै श्रमले जम्मा गरेको धन पुलिस, सिपाही, अदालत र शस्त्रअस्त्रमा सक्नुपर्ने हुन्छ । एउटा राष्ट्रले अर्को राष्ट्रप्रति साँच्चैको मैत्रीभाव राख्न नसकेर नै आज युद्धको आशंका भइरहेको छ, संसारमा शस्त्रास्त्रको भण्डार बृद्धि भइरहेछ ।

मैत्रीभावना चित्तले गरिनेझैं शरीरले गर्ने पनि क्रम छ । सफासुग्घर कपडा, बास, औषधी र खाद्यवस्तु सहयोग गर्नु, रोगीलाई उपकार गर्नु बृद्धाहरू र असहाय अनाथहरूलाई सहयोग गर्नु पनि मैत्री पालन गर्नु नै हो । धार्मिकजीवनमा बोधिबृक्ष, चैत्यस्थान स्वच्छ-सफा गर्नु, स्थविरहरूको चीवर धुइदिनु, आशन लगाइदिनु, पात्र आदि ठीक पारिदिनु कायिक मैत्रीभावना हो ।धर्मशाला बनाइदिनु, स्कूल बनाइदिनु, कुवा, पोखरी बनाइदिनु, रुख रोप्नु आदि सारा काम मैत्रीसहगत चित्तले हुने कायकर्म हो । त्यसैले चित्तमा



Downloaded from http://dhamma.digital

नदुख्ने गरी, चित्त शान्त हुने गरी, मानिस हेरी, तत्त्व हेरी, अवस्था हेरी, मान राखी कुरा गर्नु, धर्मदेशना गर्नु, देखेको वास्तविक बाटो देखाइदिनु, गुणवानहरूलाई गुणवानहरू, रोगीलाई वैद्य चिनाइदिनु, कुरा बताइदिनु पनि मैत्रीको वाक्‌कर्म हो । मैत्रीभावना बलियो हुनासाथ चार वाचिक दुष्कर्म छोड्न सकिन्छ ।

## मैत्रीको आनिशंस

मैत्रीले सकल सत्त्व प्राणीहरूप्रति हित सुखहुने विचार गर्दछ । मैत्रीभावना भवभोग सम्पत्ति दिने कुशलजस्तै ताराको प्रकाशभन्दा पनि चन्द्रमाको प्रकाशभन्दा शितल पारिदिने हेतु पनि हुन्छ । मैत्रीभावनाको मूल्य सोह्रकल्पको मूल्यभन्दा माथि पर्छ । मैत्रीको आनिशंस बारे बुद्धले भनेका छन् -

*अच्छरासंघात मत्तंपिचे भिक्खवे भिक्खू मेत्तं चित्तं आसेवति अयं वुच्चतिं भिक्खवे भिक्खू अरित्तज्झानं विहरति सत्थुसासनकरो ओवाद पटिकरो अमोघं रट्ठपिण्डं युञ्जति ।'*

भिक्षुहरू यदि जसले क्षणभर पनि मैत्री चित्त वृद्धि गरेतापनि ऊ ध्यानबाट अलग नभएर बासगर्ने हुन्छ, बुद्धको अनुशासन स्वीकार गर्ने हुन्छ, फोस्रो नभएको सार जीवन भएको, देसवासीहरूले प्रयोजनको लागि दिएको चारप्रत्यय मात्र पनि ग्रहण गर्नयोग्य हुन्छ ।

मैत्री वृद्धि गर्ने भिक्षुहरूलाई जसले दायकले चार प्रत्ययले प्रत्युप्रस्थान गर्दछ त्यस दायकलाई गन्ति गर्न नसक्नेतवरले महान फल पाउंछ । सुभूति महास्थविरले दायकहरूलाई पुण्य दिनको लागि भिक्षाटन जाँदा ढोका अगाडि उभिदासम्म पनि मैत्रीभावना गरेर पिण्ड स्वीकार गर्दछन् ।

अङ्गुत्तर निकाय, एकादस निपातको मेत्तानिसंससुत्तमा मैत्रीको एघारवटा आनिशंसको वर्णन गरिराखेको छ । त्यसमध्येमा पनि दशवटा त साधारण मैत्रीभावना गरिलानेहरूको कामावचर कुशल मैत्रीचित्त उन्नतिको लागि जस्तो प्रकारले गऱ्यो त्यसैप्रकारले लाभ हुने देखाइराखेको छ ।

*१) सुखं सुपति* - आरामपूर्वक सुत्दछ । धेरै मानिसहरू सुत्दा ओल्टेकोल्टे फेर्दै दुःखले सुत्दछ । यसरी ओल्टेकोल्टे फेर्दै सुत्नुपर्ने कारणमध्ये एउटा प्रमुख कारण क्रोध र वैरभाव पनि हो । मनमा हिंसा प्रतिहिंसा भावले



Downloaded from http://dhamma.digital

शंका उपशंका गरी उसलाई निद्रा पर्दैन। त्यसैले जोसँग मैत्री चित्त हुन्छ उसले आल्टेकोल्टे फेर्दै सुत्नुपर्दैन। उसले आनन्दपूर्वक सुत्न पाउँछ।

२) *सुखं पटिबुज्झति* - सुतेर उठ्दा शान्तपूर्वक उठ्दछ। अद्वेषचित्त वृत्तिको कारणले गर्दा चित्त शान्त हुन्छ। त्यसैले राम्ररी शान्त स्मृतिसहित उठेर आउंछ। मैत्री भएको व्यक्ति फक्रिएको कमलफूलझैं आनन्दपूर्वक सुखले उठ्छ।

३) *न पापकं सुपिनं पस्सति* - नराम्रो सपना देख्दैन। सपना विघ्न अवस्थाको नै हेतु जन्म हो। अनेक शारीरिक कारणले वा अजीर्ण अपचले सपना देख्दछ भने वास्तवमा सपनामा त्यो देख्दछ जुन उसको मानसिक जगतमा छ। शान्त चित्तभएको मैत्रीको कारणले गर्दा त्यसैले उसको भयानक दृश्य सपनामा देख्दैन। डराएर कराउनुपर्दैन।

४) *मनुस्सानं पियो होति* - मानिसहरूको प्रिय हुन्छ। मैत्री नभएका मानिसहरूको अनुहारमा मृदुभाव हुँदैन। मैत्रीरहित मानिसको स्वयं आफ्नो रौद्र कारणले वा नराम्रो चित्तको हेतुले गर्दा प्रेमभाव भएका साथीहरू हुँदैनन्। मैत्रीचित्त भएकाहरूको अनुहारमा सौम्यभाव हुन्छ, सौन्दर्य हुन्छ। उसको आफ्नो मृदु स्वभावले गर्दा ऊ स्वयं मानिसहरूलाई मनपर्ने हुन्छन्।

५) *अमनुस्सानं पियो होति* - अमनुष्यहरूको प्रिय हुन्छ। मैत्री भएका मानिसहरू बसेका ठाउँमा कलह हुँदैन। मैत्रीको प्रभावले अमनुष्यहरूलाई समेत प्रभाव पार्छ।

## विशाख स्थविरको कथा

मैत्रीभावनाले युक्त विशाख स्थविरले चित्तलपर्वत छोडिजान लागे। त्यसबेला एकजना वृक्षदेवताले रुँदैरुँदै विन्ति गर्‍यो - “भन्ते, तपाई यहाँबाट नजानुहोस्।” स्थविरले कारण सोधे। देवताले जवाफ दियो - ‘भन्ते तपाई हुञ्जेलसम्म यहाँ अमनुष्यहरू शान्त भएर बसिरहे। तपाई जानुहुनासाथ उनीहरू आपसमा लड्नेछन्। यहाँ शान्ति हुने छैन।’

अमनुष्यहरू देखेर डराउनेहरूलाई बुद्धले मैत्रीको अश्त्रशस्त्र मात्र नै दिएका छन्। मैत्री स्वयं अमनुष्यहरूलाई वैरभाव नराखी उनीहरू असल होस् भनी सम्झिंदा अमनुष्यहरूको पनि प्रियभाव हुन्छ।



Downloaded from http://dhamma.digital

६) *देवता रक्खन्ति* - देवताहरूले आरक्षा गर्छन् । एकपल्ट पाँचसय भिक्षुहरू जङ्गलमा गएर भावना गर्न गए । देवताहरू माथि रुखमा बस्न नमिलेर तल बस्नुपऱ्यो । त्यसैले तर्साउनको लागि डरलाग्दो अनुहार प्रकट गरी आवाज निकाल्न थाले । भिक्षुहरू डराएर बुद्धकहाँ नै फर्किए । बुद्धले उनीहरूलाई मैत्रीरुपी अश्त्रशस्त्र दिए, पछि फेरि जङ्गलमा नै जाँदा स्वयं आफूलाई तर्साउन आउने देवताहरूको शुभकामना गर्नासाथ ती देवताहरूले पनि भिक्षुहरूलाई मन पराए । बुद्धले भिक्षुहरूलाई दिनुभएको मैत्रीको यो शस्त्र नै प्रसिद्ध पालि सूत्र *'मेत्तसुत्त'* हो ।

७) *नास्स अग्गि वा विसं वा सत्थं वा कमति* - मैत्री भएको व्यक्तिलाई आगो वा विष वा शस्त्रले छुँदैन । जसरी उत्तरा उपासिकालाई तातो घिउको कराहीले खन्याउँदा पोलेन, संयुक्त भाणक चूलसीव स्थविरलाई विष ले छोएन, संकिच्च श्रामणेरलाई शस्त्रले छुन सकेको थिएन् । यसको विस्तृत कथा कथात्मक व्याख्यामा प्रस्तुत गरिनेछ ।

८) *तुवटं चित्तं समाधियति* - छिटै चित्त एकाग्र हुन्छ । मैत्रीसहगत चित्त अति नै सौम्य, प्रणीत र मधुर हुन्छ । यस्तो चित्त भएकोले चित्तमा स्थीर स्वभाव छिटै आउंछ, शरीरमा तुरुन्त प्रीति उत्पन्न हुन्छ । यस्तो, प्रीतिमय अवस्थाले गर्दा सजिलै भावना बृद्धि हुन्छ, तब छिटै समाधि लाभ हुन्छ ।

९) *मुखवण्णो विप्पसीदति* - अनुहार सुन्दर देखिन्छ । हाम्रो हृदयकोषमा रहने रगत टाँसिएर रहेको रूप (भौतिक तत्त्व) मा चित्त आश्रित हुन्छ । सौम्यचित्तले गर्दा त्यस्तो चित्त उत्पन्न हुने हृदयकोषको रगत सफा हुन्छ । रगत फैलिंदा सौम्य मैत्रीचित्तले उत्पत्ति भएको सौम्य चित्तजरूप शरीरमा जहाँ पनि फैलिन्छ । तब मैत्रीचित्त भएकाहरूको अनुहार पनि त्यसैले न प्रकाशमान, तेजवान र कान्तिवान हुन्छ ।

१०) *असंमूल्हो कालं करोति* - विस्मृतिले होइन, होसपूर्वक मर्दछ । धेरै मानिसहरू मरणासन्न अवस्थामा अत्यन्त विचलित चित्त भएका हुन्छन् । मन पर्ने नपर्नेको कारणले म- मेरोको हेतुले गर्दा उसको कल्पना अनेकप्रकारले तरङ्गित हुन्छ । आफूले गरेको कुशलक्रिया सम्झेर बस्नको लागि उसलाई अवसर हुँदैन । तर मैत्रीचित्त भएकाहरूलाई वा मैत्रीको अभ्यास भएकाहरूको



Downloaded from http://dhamma.digital

चित्तको स्थिति शान्त र प्रणीत हुन्छ । त्यसैले असंमोह चित्तावस्थाले स्मृतिपूर्वक प्राण छोड्न सक्छ ।

*११) उत्तरिं अप्पटिं विज्झन्तो ब्रह्मलोकूपगो होति* - सुतेर उठ्ने मानिस जस्तै मृत्युपछि ब्रह्मलोकगामी हुन्छ । मैत्रीचित्त उत्पन्न गर्नेहरू अर्हत् हुन्छ । यदि यस्तो हुन नसके तापनि अर्थात मैत्रीको व्यापकताले नै तृष्णा क्षय गर्न नसके तापनि ब्रह्मलोक प्राप्त हुन्छ ।

मैत्रीभावनाको यी एघारवटा फलको अतिरिक्त विभिन्न आनिशंस अनेकप्रकारले देखाइएका छन् । सारांशमा भन्ने हो भने जहाँ मैत्री हुन्छ त्यहाँ क्रोध हुँदैन । इस्सरसुत्त, संयुक्त निकाय (१,८,७) अनुसार क्रोध भनेको शान्तिको मल हो, यही मललाई मैत्रीको पानीले पखालिदिन्छ । अझ मैत्री शरीर र मन सुगन्धित गर्ने दिव्य औषधीको सुगन्धजस्तै हो । धारिलो शस्त्र भएको व्यक्तिलाई मुर्किले हान्न सकिंदैन त्यसैगरी मैत्री चेतो विमुक्ति चित्त भएकोलाई क्रोधीले वा अमनुष्य मनुष्यहरूले तर्साउन सक्दैनन् ।

अक्रोधको कारणले नै बुद्धको शरीर सुवर्ण भयो, विछोडि भयका मानिसहरूलाई मिलाइदिएको कारणले कोषाच्छादित वस्तिगुह्य भयो । बघिनीले भोकाएको बेला मृगको बच्चालाई आफ्नो बच्चा सम्झेर दूध पिलाउनु, मुजुरले आफ्नो पंखाको छाँयामा अति चर्को घामले पोलेको नागलाई सुताउनु, नागले आफ्नो शरीरमा मुसालाई खेल्न दिनु यी सब मैत्रीको क्षेत्रमा मात्र सम्भव हुन्छन् । नलक जातक (१६५) अनुसार मैत्रीको शिक्षा राम्ररी दिन सकेमा न्याउरीमुसा र सर्प एकैठाउँमा मिलेर प्रेमपूर्वक बस्न सक्दछन् ।

सफा भएको र शान्त पानीले नै पोखरीभित्र रहेको ढुङ्गा आदि वस्तुहरू देखिनेझैं बनाइदिन्छ, त्यसरी नै द्वेष र हिंसाको द्वन्द नभएको मैत्रीले भरिएको चित्तले मात्र आफूलाई र अरुलाई असल हुने काम देख्न सक्दछ । साथै मैत्रीको मूल्य बुझ्नेले राम्ररी बुझ्दछ कि उसको मैत्री सम्पूर्ण लोकप्रति प्रमाणरहित हुन्छ । अरक जातक (१६९) अनुसार बोधिसत्त्वहरूले जहाँ आफूले मैत्रीको अभ्यास गर्दछ, त्यहाँ नै आफ्ना शिष्यहरूलाई पनि मैत्री गराउंछ, जसको आनुभावले सात संवर्त-विवर्त कल्पसम्म पनि बह्मलोकको प्रीति अनुभव गर्न पाउंछ ।

मैत्रीरहित मानिस प्रेमरहित आमाजस्तै मूल्यहीन हुन्छ । जतिजति



Downloaded from http://dhamma.digital

मैत्री सकल सत्वप्रति बाँड्न सकिन्छ त्यतित्यति मैत्रीको उच्चताले गर्दा व्यक्ति मूल्यवान हुन्छ । महासागरबाट निकालिएको एक थोपा पानी पनि महासागरमा नै मिसिन गएमा महासागर नै भनिनेझैं महासागररूपी सत्वसमूहमा व्यक्तित्वको विन्दू विलीन वा समर्पित गर्नु नै मैत्रीको लक्ष्य हो । व्यक्तित्व समस्तित्वको हितार्थमा पूर्णरूपले उत्सर्ग गर्नु मैत्रीको अन्तिम लक्ष्य हो । मैत्रीयुक्त व्यक्ति कोही देखेर पनि डराउँदैन, मैत्रीयुक्त व्यक्तिसँग अरु पनि कोही डराउनुपर्दैन । सुवण्णसाम चरिय, चरियापिटकमा बोधिसत्त्व सुवर्ण श्यामले भनेका पनि छन् - *'न मसँग कोही डराउँछन, न म नै कसैसित डराउंछु, मैत्रीबलको आलम्बन लिएर त्यसबेला जङ्गलमा रमण गरिबसें ।'* मैत्री गरिरहेको व्यक्तिप्रति यदि कसैले पनि क्रोध गरेमा आफूतिर हावा बहंदा उतातिर थुक्नु वा धूलो फ्याल्नुजस्तै हुन्छ । किनकि त्यो थूक र धूलो आखिर हावाले उडाएर आफैतिर आउंछ । त्यसैले क्रोध र इर्ष्या पन्छाएर सकल सत्त्वप्रति मैत्री उत्पत्ति गर्नु नै असल मार्ग पक्रिनु हो । यसको लागि संयुक्त निकाय, (१४,२,४) को *"भिक्षुहरू त्यो सत्त्व सुलभ छैन, जसले पहिले कहिले पनि आमा नभएको होस्, जो पहिले कहिले पनि बुबा नभएको होस्, भाइ, बहिनी, छोराछोरी नभएको होस्'* भनिएको बुद्धवाक्य सम्झनयोग्य छ ।

## दश पारमितामा मैत्री पारमिता

मैत्रीपारमिता दश पारमितामा नवौं पारमिता हो । तर मैत्रीपारमिताले अन्य पारमितामा पनि सहयोग गरिरहन्छ, क्रोध वा द्वेष चित्तले दानपारमिता पूर्ण गर्न सकिदैन । मुञ्च चेतनाको समयमा मात्र क्रोध भएमा दानमा विघ्न हुनसक्छ । मैत्री र करुणाले मात्र आफ्नो वस्तु अरुलाई दान दिन सकिन्छ । आफ्नो शरीरको अङ्गप्रत्यङ्ग त्याग गर्न सकिन्छ । मैत्री नभएमा हिंसादि पाप कर्म गरेर शील बिगारिबस्छ । वेलामसुत्त, अङ्गुत्तर निकाय अनुसार दान र शीलभन्दा मैत्रीको ठूलो आनिशंस छ । अनित्य बुझेझैं मैत्री बलियो भएमा निष्क्रमण गर्न सकिन्छ । क्रोध भनेको ज्ञान नहुनासाथ भ्वाट्ट मनमा बस्न आउने हुन्छ भन्ने कुरा त्यसैले प्रसिद्ध छ । त्यसैले ज्ञान हुनासाथ क्रोध मनमा बस्न आउँदैन, आए तापनि आएको थाहा



Downloaded from http://dhamma.digital

पाउन सकिन्छ। मैत्रीपूर्ण चित्तमा नै शुद्ध प्रज्ञाको विकास सम्भव छ। मैत्रीपूर्ण उत्साह विकासोन्मुख हुन्छ, जहाँ कि क्रोधपूर्ण उत्साह र उमङ्ग पतोन्मुख हुन्छ। क्षान्ति र मैत्री त राम्ररी नै एक अर्काको पुरक मूल्य अनुरूप सिद्ध हुन्छ। क्षान्ति भएको व्यक्तिले अरूप्रति मैत्री राख्न सक्छ, मैत्री राख्नासाथ आफूमा क्षान्ति पनि भएर आउंछ। यथार्थतामा पुग्नलाई पनि मानिसको लागि मैत्रीयुक्त क्षान्ति नभई हुँदैन। मैत्रीको बल भयो कि अरुलाई खराब नहोस्, असल होस् भन्ने अधिष्ठान बलियो हुन्छ। फेरि मैत्री पूर्ण गर्नलाई कहिलेकाहीं अधिष्ठानको भरोसा आवश्यक पर्दछ। मैत्रीपारमितापछिको उपेक्षा नै वास्तवमा उपेक्षा हुन्छ अन्यथा त्यो कर्मण्यताको कारण मात्र हुन जान सक्नेछ।

## श्यामावतीको कथा

महारानी श्यामावतीप्रति मागन्धीको ईर्ष्या थियो। त्यसमा पनि आफ्नो सौन्दर्यको अपमान गर्नुहुने बुद्धप्रति उसले श्रद्धा राख्दा त झन नै ऊ ईर्ष्यालु हुने नै भयो। यही नै क्रोध र ईर्ष्याले गर्दा श्यामावतीको विनाशको लागि मागन्धीले अनेक षडयन्त्र गरिन् तर सफल भइनन्। एकदिन फेरि षडयन्त्र गर्दै वीणावादनप्रेमी राजा उदयनको वीणाभित्र मागन्धीले सर्प राखिछोडिन्। राजा उदयनले श्यामावतीको कोठामा गएर वीणा हातले के लिएको थियो फूलले प्वाल टालिराखेको प्वालबाट सर्प निस्कियो। मागन्धी यसै समयमा गएर उदयनको क्रोधको आगोमा घिउ थपिदिइन्। रिसले आगो भएको राजा उदयनले वाणले हानेर मार्न लागेको त्यसै समयमा श्यामावतीले मैत्रीभावना गरिन्। मैत्रीको बलले राजाको हात शिथिल भयो। यसरी श्यामावतीले मैत्रीले नै मागन्धीको पुरुषवचनले र षडयन्त्रले कुपित राजालाई जितिन्। यस अर्थमा मैत्रीजस्तो ठूलो अस्त्रशस्त्र अरु कुनै छैन्। फेरि मैत्री भनेको हार्न नपर्ने गरी साथै हार्नेप्रति प्रतिहिंसा भावना वा दुःख नहुने गरी जित्नु आयुध हो।

त्यसरी नै मघ माणवकसहित तेत्तिस सत्पुरुषहरू मार्छु भनी मगध राजाले पठाएको चण्ड हात्तीलाई उनीहरूले आफ्नो मैत्री बलले नै शान्त पारे। भगवान् बुद्धले पनि मारसेना, नालागिरि हात्ती, नन्दोपनन्द नागराज, आलवक यक्ष, अंगुलिमाललाई मैत्रीको बलले नै दमन गरे।



Downloaded from http://dhamma.digital

## रोजमल्लको कथा

मैत्रीले शत्रु दमन गर्न सकिने मात्र होइन, अप्रियहरूलाई प्रिय गर्न सकिन्छ। एकदिन भगवान् बुद्ध भिक्षुसंघसहित कुशिनगरमा पुगे। पावाको मल्ल राजाहरूले त्यसबेला बुद्धको स्वागतार्थ नआउनेहरूलाई पाँचसय कार्षापण (असर्फि) दण्ड गराउने नियम बनाए। तब रोज नामक एकजना मल्ल आएर आनन्दलाई भन्यो - *'म बुद्धप्रति गौरव राखेर नआएको होइन। बरु दण्ड देखेर डराएर आएको हुँ।'* यो कुरा सुनेर आनन्दले भगवान् बुद्धकहाँ गएर विन्ति गरे - *'रोज नामक एकजना मल्ल अति नै शक्तिशाली मानिस हो, उसलाई शासनमा प्रसन्नता र श्रद्धाचित्त भएको बनाउनुपर्‍यो। अहिले ऊ तथागतप्रति श्रद्धा राखेर डराएर आएको होइन बरु दण्ड देखेर डराएर आएको हो।'* आनन्दको कुरा सुनेर भगवान् बुद्ध मौन भए। फेरि तुरुन्त उसप्रति मैत्रीभावना गर्नुहुँदै मूल गन्धकुटीभित्र प्रवेश गरे। मैत्रीको आनुभावले तुरुन्त नै रोजमल्ल बुद्ध कहाँ हुनुहुन्छ ? भन्दै त्यसरी नै खोज्दै आयो, जसरी गाई हराएको बाच्छाले आफ्नी आमा गाईलाई खोज्दै आउने हो। पछि बुद्धको अगाडि आएर बुद्धको उपदेश के सुन्यो, ऊ निर्वाणगामी नै भयो। यसप्रकार मैत्री, कतै प्राणीहरूलाई वशमा ल्याउने साधन हो भने त्यही नै निर्वाणमार्गमा पुऱ्याउने असहाय उपकार पनि हो।

## एकभिक्षुको कथा

मैत्री भावनायुक्त व्यक्ति विषले मुक्त व्यक्ति हुन्छ। दुई दाजुभाइ मिलेर धेरै धनसम्पत्ति जम्मा गरे। तर अचानक दाजुचाहिं एउटा रोग लागेर मृत्यु हुनासाथ भाइचाहिं विरक्त भयो र ऊ भिक्षु भयो। सम्पूर्ण सम्पदा भाउजुको हातमा पर्‍यो। अनि भोग सम्पदामा चुर्लुम्म डुब्दै दोश्रो विवाह गर्ने विचार आयो। तर देवर जीवित भएकोले लाजले आफ्नो विचारअनुरूप काम गर्न सकिनन्। त्यसैले एकदिन उसले आफ्नो देवर भिक्षुलाई भिक्षामा आउंदा विषयुक्त भिक्षा दिइन्। तर ऊ मैत्रीभावनायुक्त भिक्षु थियो र त्यसैले उसलाई केही पनि भएन।



Downloaded from http://dhamma.digital

## उत्तराको कथा

मैत्री क्रोधा अग्नी निभाउने चिसो पानी मात्रै होइन आफूमाथि खन्याएको तातो घिउ चिसो पार्न सक्ने आनुभावले युक्त बल पनि हो । उत्तराको आफ्नो संस्कार अनुसार दान शीलादि कुशल कार्य गर्ने इच्छा भयो । तर उसको लोग्नेले उसलाई वचन दिएन । अन्तमा आफ्नो ठाउँमा कुनै सेविका भए हुन्छ भनेर उसको लोग्नेले वचन दियो । उत्तराले सिरिमा नामकी गाणिका एउटी सुन्दरी युवती केही दिनको लागि ल्याइदिइन् । त्यसपछि उत्तरा आफ्नो दान शीलादि कर्ममा व्यस्त भइन् । उसलाई भोजनादि  बनाउने ठाउँमा हेर्दै फुर्सद भएन । आफ्नो अनुहारमा कालो लागेको पनि उसलाई होश भएन । त्यसै समयमा उत्तराको लोग्नेले झ्यालबाट तल हेर्दा उसको अनुहारमा कालो लागेको देख्यो । त्यो देखेर लोग्नेचाहिंको मनमा नाना तरहले तर्कना भयो- 'कस्ती लाटी रहिछे । कति सजिलै चुपचाप सुखले बसेर पुग्नेमा, नचाहिने यताउता गरी बेफूर्सद भएर बसेकी होली ?' यसरी विचार गरेर मुसुक्क हाँसेको सिरिमा गणिकाले देखिन् । उसले विचार गरिन् -'को देखेर यो महाजन हाँस्यो ?' उत्तरा देखेर हाँसेको थाहा पाउनासाथ सिरिमाले सहन सकिनन् । कामराग र सौन्दर्य अभिमानले आफू एउटी केही दिनको लागि ल्याएकी एउटी गणिका मात्र हो, वास्तवमा उत्तरा नै उसकी जहान हो भन्ने कुरा नै बिर्सिदिइन् । क्रोध र ईर्ष्याले अन्धा भएर उत्तराको भोजन बनाउन तताइराखेको तातो घिउ आफैले उघाएर उत्तरालाई खन्याउन पुगिन् । त्यसै समयमा उत्तराले मैत्रीभावनाको भरोसा लिइन् । खन्याएको तातो घिउले उत्तरालाई पोल्न सकेन । यस्तै अर्थमा नै मैत्री शरीर शितल पार्ने अमृतरस भनिएको हो । वट्ट जातक (३५) अनुसार त्यसरी नै मैत्रीको आनुभावको आधारमा भएको सत्यक्रियाले दनदन बलेको जंगलको डढेलो पनि फर्किएर जान्छ । दानपारमितामा उल्लेख गरिएको निग्रोध मृग जातक (१२) ले पनि यस्को प्रमाण दिन्छ ।

बुद्धहुने बोधिसत्त्वले जुनरूपले मैत्रीपारमिता पूर्ण गरे त्यो अत्यन्त आश्चर्यजनक छ । मैत्री सकल प्राणीको अभय र सुख आकांक्षामा अडिएको हुन्छ । यसको उदाहरण उक्त निग्रोध मृग बोधिसत्त्व भएकोले उसको चरित्र नै बौद्धमैत्री र करुणाको आदर्श हो ।



Downloaded from http://dhamma.digital

## चूल्ल धम्मपाल जातक (३५८)

एकपल्ट बोधिसत्त्व वाराणसी नरेशको पटरानी चन्द्रदेवीको कोखमा जन्म लिए। उनलाई धम्मपाल भनी नाम राखियो। एकदिन महारानीले आफ्नो छोरा धम्मपालको पुत्रस्नेहमा अभिभूत भएर राजाको स्वागत गरिनन्। त्यो देखेर वाराणसीको राजाले सहन गर्न सकेन। राग र क्रोधले अन्धा भएको राजाले राजकुमार धम्मपाललाई टुक्राटुक्रा पारी मार्न लगाए। तर बोधिसत्त्वले कुनै दुःख नमानी मैत्रीभावनासहित बसे। महारानी चन्द्रादेवी शोकले हृदय फुटेर मरिन्। यस जातक कथामा जहाँ क्रोधको विभत्सरूप देखायो त्यही बोधिसत्त्वको चरित्रले मैत्रीको लागि कतिसम्म दुःख सहनुपर्‍यो भन्ने कुरा पनि दर्शाउँछ।

बोधिसत्त्वहरूको प्रेम र मैत्रीले दुःखीहरूलाई उनीहरूलाई उपकार त गर्छन् नै। दानपारमितामा उल्लेख गरिएको सीलव जातक (७२) मा सीलव हस्तीराजले कृतघ्न व्यक्तिको पनि उपकार गरे। मैत्रीचित्तले आफ्नो दाँत दान दिएर उपकार गरे बोधिसत्त्वले कृतघ्न र दुष्टहरूलाई पनि भ्याएसम्म आफ्नो मैत्री र करुणाले उपकार गर्दछन्।

## सरभ मृग जातक (४८३)

वाराणसीको ब्रह्मदत्त आफैले 'जसको छेऊबाट मृग भाग्छ उसले त्यही मृग पक्रेर वा मारेर ल्याउनुपर्छ।' भनी निमय बनाउँदा आखिरमा राजाकै छेऊबाट सरभमृग भाग्दा मृग मार्न भनी सरभमृगको पछि लखेट्दै दौडियो। सरभमृगलाई लखेट्दै जाँदाजाँदा राजा अति धेरै वनान्तरको भित्र पुग्यो। फेरि सरभमृग एउटा ठूलो खाल्डो उफ्रेर नाघेर जाँदा राजा त्यही खाल्डोमा खस्न पुग्यो। केही क्षणपछि आफूलाई पछ्याइआएको पाइलाको आवाज नसुन्नासाथ सरभमृग टक्क अडियो। फेरि उसले विचार गरे-*'निश्चय नै राजा त्यही खाल्डोमा खस्यो होला।'* सरभमृगको हृदयमा आफूलाई मार्न आएको वाराणसी नरेशप्रति पनि करुणा उत्पन्न भयो। बोधिसत्त्व सरभमृग फर्किएर आए। फेरि जसरी खाल्डोमा खसेको छोरालाई बुबाले निकाल्छ त्यसरी नै करुणा राखी ढुङ्गाहरू झारी सानो बाटो बनाई आफू तल झरेर राजालाई त्यसै खाल्डोबाट बाहिर निकालिदियो। यसै



Downloaded from http://dhamma.digital

मैत्रीपूर्ण उपकारले राजा अति नै प्रभावित भए। सरभमृगलाई राजाले जे मागे तापनि दिन तयार भनी आज्ञा दिए तर मृगले राजासँग केही पनि लिनुको सट्टामा राजालाई पञ्चशीलको उपदेश दिएर विदा भए।

बोधिसत्त्वको यस्तो आदर्श वीर्यपारमितामा उल्लेख गरिएको महाकपि जातक (५१६) मा बाटो विराएर जङ्गलमा दुःख पाएर बसेको एकजना ब्राह्मणलाई करुणा राखी उपकार गर्दा त्यसै ब्राह्मणले मार्न खोज्दा पनि अझै करुणा राखी जङ्गल बाहिरसम्म पुऱ्याइदिएको घटना त अझ महान देखिन्छ।

मैत्रीभावनामा अभ्यस्त व्यक्तिमा क्रोध हुँदैन। यदि कुनै कारणवश कुनै घटनाक्रमले रिस उठेमा पनि तुरन्त त्यसलाई जानेर त्यस क्रोधलाई उपशम गर्दछ। यसको उदाहरण शीलपारमितामा उल्लेख गरिएको एवं चूल्ल बोधि जातक (४४३) मा बोधिसत्त्व, परिव्राजक हुँदा उसप्रति वाराणसीका राजाले कामरागले अन्धा भएर जवरजस्ति परिव्राजकलाई अन्तपुरमा लाँदा बोधिसत्त्व परिव्राजक बोधिकुमारलाई एकपल्ट झनक्क रिस उठेको थियो। तर तुरुन्तै रिसलाई सम्हाल्नुभयो। पछि राजाले किन नरिसाएको भनी सोध्दा मलाई रिस उठेको थियो तर म त्यसको वशिभूत भइनं। बाचुञ्जेलसम्म म क्रोधको वशमा जाने पनि छुइनं। जसरी घनघोर वर्षाले धूलो त्यसै सम्याएर पठाउँछ त्यसरी नै मैले क्रोधलाई शान्त गरें। जुन उत्पन्न हुँदा आँखा नदेख्ने हो, त्यो रिस मेरो हृदयमा पलाएर आएको हो तर म त्यसको वशमा गइनं। ज्ञानरहित मानिस मात्र रिसको वशमा जान्छ। जुन उत्पन्न हुनासाथ अहितकामीहरू रमाउने हुन्छन्, जुन उत्पन्न हुँदा सन्दर्भको बोध नहुने हो, त्यो रिस मेरो मनमा पनि उम्रेर आएको हो, तर म त्यसको वशमा गइनं। दाउरा रगडेर आगो निस्कन्छ त्यही आगोले त्यही दाउरा बालिदिन्छ। ज्ञान नपुगेका मानिसहरू, ज्ञान धमिलिएको मानिसहरू पनि अज्ञानीहरूसँगको सम्पर्कले रिस गर्छन्, त्यही क्रोधले जलन भएर बस्दछन्। छ्याकन सकेर मरेर गएको आगोजस्तै जसको क्रोधशान्त हुन्छ उसको यश शुक्ल पक्षको चन्द्रमाजस्तै संधै बृद्धि हुन्छ।'

मैत्रीपारमिताको कथात्मक व्याख्यामा खन्तिवाद जातक, भुरिदत्त जातकजस्ता अनेक जातक चर्या गर्ने पनि परम्परा छ। तर यी जातकमध्ये धेरै जातकको अन्य पारमितामा समावेश भइसकेकोले फेरि उल्लेख गर्नु



Downloaded from http://dhamma.digital

आवश्यक देखिँदैन ।

## मैत्री पारमिता, उपपारमिता र परमत्थपारमिता

मैत्रीपारमिताको पालन अवस्थामा धनसम्पत्ति र छोराछोरीको परिधि त्याग गर्नुपर्ने मैत्रीपारमिता हो । आफ्नो अङ्गप्रत्यङ्ग त्याग गर्नुपरे तापनि नबिग्रिने मैत्रीलाई मैत्री उपपारमिता र जीवन समाप्त भए पनि चित्तलाई मैत्रीले विचलित नभएकोलाई मैत्री परमत्थपारमिता भनिन्छ । अथवा अरूप्रति पनि छोराछोरीप्रति जस्तै हुने मैत्री, आफ्नो अङ्गप्रत्यङ्गप्रति दुःखकष्ट नगराउने इच्छाजस्तै दरिलो सकल सत्त्वप्रति मैत्री र सकल सत्त्वप्रति आफ्नो प्राणजस्तै हित सुख शान्तिको समभाव हुने मैत्री क्रमशः मैत्रीपारमिता, मैत्री उपपारमिता र मैत्री परमत्थपारमिता हुन्छ । माथि धेरै कथात्मक व्याख्या भइसकेकोले यहाँ एउटा मात्र बोधिसत्त्वचर्याको उल्लेख गरिनेछ जुन चर्याहरू मैत्रीपारमिताका तीनैवटा अङ्गसँग सम्बद्ध छ ।

### एकराज जातक (३०७)

बोधिसत्त्व वाराणसीको एकराज नामक राजा भए । एकराजले सयौं दानशाला बनाएर धार्मिकपूर्वक राज्य गरे । कहिले पनि चोरलाईसमेत क्रोधले दण्ड दिएनन् । चोरलाईसमेत आवश्यक वस्तुहरू दिने उनको स्वभाव थियो । राजाको यो विनम्र स्वभावमा अनुचित लाभगर्ने अमात्यले राजदरवारभित्र नै व्यभिचार गर्‍यो । वाराणसीका राजा एकराजले त्यस व्यभिचारी मन्त्रीलाई देशनिकाला गरे ।

निर्वासित व्यभिचारी मन्त्री कोशल देशमा गएर राजा दब्बसेनको शरण लियो । सेवा गर्दै त्यस मन्त्रीले राजाको विश्वास पनि जित्यो । तब वाराणसी राजा एकराजको बदला लिनको लागि योजना बनायो । उसले कोशल नरेशलाई वाराणसीको राजाको राज्य लिनु *'मौरी नभएको चाका लिनेझैं सजिलो छ'* भन्यो । अमात्यको विश्वासमा गएर साँच्चै नै राजा दब्बसेनले वाराणसीमा हमला गरे । यस हमलाको खबर राजा एकराजलाई



Downloaded from http://dhamma.digital

सेनाहरूले दिन गए । तर एकराजले विचार गरे -मेरो एक्लोको सत्तालोभले सत्ता जित्नको लागि अरुलाई दुःख गराउने छुइनं । यसरी विचार गर्दा गर्दै कोशल सेना वाराणसी भित्रियो । फेरि *'कि त राज्य देऊ होइन भने युद्ध स्वीकार गर'* भनी चिट्ठी पनि दियो । तर सेनाले यो कुरा स्वीकार गरेन । अन्तमा कोशल राजा राजदरवारभित्रसम्म नै आइपुगे । एकराज राजालाई घाँटी समातेर फ्यालिदियो । तर एकराजले यस अवस्थामा पनि रिस ननिकाली छोराप्रति बुबाको प्रेमजस्तै आफ्नो हृदयमा प्रेम र मैत्री राखिबसे । कोशल राजाले एकराज राजालाई बाँधेर टाउको उधोमुण्टो पारेर झुण्ड्याइदिए । आफ्नो शारीरिक पीडाको अवस्थामा एकराज राजाले आफ्नो मैत्रीभावना झन बृद्धि गरे । मैत्रीभावना गर्दै कसिण भावनामा पुग्नुभएर एकराज राजा बन्धनबाट स्वयं मुक्त भएर फेरि उडेर बाहिर गए । यसै समयमा कोशल राजाको शरीर तातो पानी खन्याएझैं भयो । झन्झन् डाह भयो । सहन गर्न सकेन । भुईंमा लडीबुडी खेल्दै क्वाँक्वाँ रुनथाले । फेरि निरपराधी मैत्रीभावनायुक्त राजाप्रति गरेको पापले यसो भएको हो भनी थाहा पाउनासाथ कोशल नरेश दब्बसेनले वाराणसी नरेश एकराजसँग क्षमा मागे । दब्बसेनले आफ्नो राज्य आफैले राजगर भनी फेरि व्यभिचारी दुष्ट अमात्यलाई दण्ड दिए । बोधिसत्त्व एकराज पनि आफ्नो अमात्यहरूलाई सुम्पिएर ऋषिप्रव्रज्या ग्रहण गरे । अन्तमा मैत्री आदि भावना गर्दै मरणपछि ब्रह्मलोकगामी भए ।



Dhamma.Digital



Downloaded from http://dhamma.digital

## उपेक्षा पारमित



लोमहंस जातक

Downloaded from http://dhamma.digital

# उपेक्षा पारमिता

उपेक्षाको साधारण अर्थ हो विरक्ति उदासीनता, घृणा, अनादर र त्याग । तर पारमितासँग सम्बन्धित उपेक्षाको अर्थ यी अर्थहरूभन्दा फरक छ । बौद्धदृष्टिकोणको उपेक्षाको अर्थ स्नेहीप्रति पक्षपाती हुनु र वैरीप्रति आफ्नो चित्तमा शुभ वा अशुभ प्रकारको विकार नल्याउनु नै उपेक्षाको अर्थ र उद्देश्य हो । त्यसरी नै कसैले पनि आफूलाई दुःखकष्ट दिए तापनि उसप्रति असन्तोषी नभइबस्नु, कसैले पनि आफूलाई हितोपकार गरे तापनि उसप्रति पनि विशेष अनुरक्त नभएर बस्नु । तर कृतघ्न हुनु होइन नै उपेक्षाको लक्ष्य हो । उपेक्षा उप+इक्ख धातुले सिद्ध भएको शब्द हो । युक्तिअनुसार हेर्नु, पक्षपाती वा विरुद्धीभावले नहेर्नुलाई पनि उपेक्षा नै भनिएको छ ।

उपेक्षा प्रत्येक ध्यानीको लागि अनिवार्य अङ्ग हो । जब ध्यानको उपेक्षा- विशिष्टता प्राप्त हुन्छ तब ब्रह्मलोकको हेतु हुन्छ । ऋषिप्रव्रज्या जीवनमा बोधिसत्त्वले चार ब्रह्मविहार मात्र पूर्ण गरेका थिए, जुन चार ब्रह्मविहारमध्ये उपेक्षा पनि एउटा हो । त्यसैले उपेक्षा पनि ब्रह्मविहार अर्हतत्व प्राप्त गर्नको लागि सात बोध्यङ्गमा एउटा बोध्यङ्गको रूपमा उपेक्षाले सहयोग गर्दछ ।

उपेक्षाको लक्षण स्वभाव नै मध्यस्थरूपले बस्नु हो । यसको रस (कृत्य) हो समानता देख्नु । विरुद्धभावसँग संघर्ष हुने र रागसँग टाँसिने दुबै स्वभाव शान्त गर्नु नै यसको प्रत्युप्रस्थान हो । सारा कर्म आफैले गरिपाइने भनी भाव सम्झेर बस्नु पदस्थान हो । शत्रु भनेर विरुद्धमा बस्नु, मित्र भनेर पक्षमा बस्ने बोधिसत्त्वको चरित्र अन्तर्गत पर्दैन । भगवान् बुद्धको मनमा आफूलाई ढुङ्गाले कुच्याएर मार्न खोज्ने देवदत्त र आफ्नो छोरा राहुलप्रति समानभाव छ । त्यसैले यस्तो भन्नुपर्छ- यस्तो उपेक्षा गुणयुक्त चित्त बनाउन फेरि यसको हेतुले सम्बोधि प्राप्त गर्न सहयोग लिन पूर्ण गरिने उपेक्षा नै



Downloaded from http://dhamma.digital

उपेक्षापारमिता हो ।

छन्द, दोस, भय र मोह अर्थात् आशा, क्रोध, भय र मोहको वशमा नगएर मध्यस्थ हुने उपेक्षाको अभ्यास मात्रले नै सम्भव छ । यही नै उपेक्षाका प्रत्यक्ष आनिशंस हो । उपेक्षापारमिताको उन्नतिको लागि आफ्नो स्तुति गर्नु, गुरुको सम्मान हुनु, उपकार हुनु, कोही सत्त्वप्रति सन्तोष हुनु, आफ्नो अपमान हुनु, कसैबाट आफूलाई दु:ख कष्ट आउनु, कसैप्रति क्रोधभाव जाग्नु आदि कुराहरूमा अति नै स्मृति राख्नुपर्छ । तब प्रत्येक अवस्थामा चित्त मध्यस्थ गर्न खोज्नुपर्छ । मन परेकोमा अनुरक्त हुने र मन नपरेकोमा विरक्ति हुने वा द्वेष गर्नु लोकमा मानिसहरूको साधारण स्वभाव नै हो । यस्तो साधारण स्वभावबाट माथि उक्लेर जानासाथ नै मात्र मानिस नातावाद, कृपावाद र भयवादले मुक्त हुनसक्छ । यसको उच्च विकासले नै तटस्थ चित्तयुक्त भएर मुक्तिको मार्गमा अगाडि बढ्न सक्दछ । यीनै अवस्थामा योग्यपात्र हुँदाहुँदै ऊसँग विरक्त भएर उसलाई नदिनु, अयोग्य व्यक्तिलाई दिनु बोधिसत्त्वको स्वभाव हुँदैन । उपेक्षा गुण हुनासाथ न्याय गर्ने अवस्थामा तराजुजस्तै भएर न्याय गर्न सकिन्छ । बोधिसत्त्वहरू लाभ-अलाभ, यश-अपयश, सुख-दु:ख र निन्दा-प्रशंसा आदि आठ लोकधर्ममा कम्प हुन्नन् । लाभमा प्रसन्न हुने र अलाभमा चित्त खिन्न हुने संसारको स्वभाव हो । उपेक्षामा बस्नेहरूले यस संसारको स्वभाव देखेर यसको प्रभावबाट बचेर बस्न सक्दछन् । जीवनयात्रामा रथचक्रजस्तै घुमिरहेको लाभअलाभको कारणले हो । लाभबाट अलाभ, अलाभबाट लाभ पनि भई नै रहन्छ । त्यसैले यी दुबै पक्षदेखि तटस्थ भएर गरी गरेमा जीवनयापनमा स्वभावलाई बुझ्दै अगाडि बढे जीवनयात्रा सरल हुनेछ । बौद्धपण्डित स्वभावको विषयमा धम्मपद (८१) मा भनिएको पनि छ -

*सेलो यथा एक घनो, वातेन न समीरति ।*
*एवं निन्दा पसंसासु, न समिञ्झन्ति पण्डिता ॥*

ठूलो ढुङ्गालाई हावाले हल्लाउन नसकेझैं पण्डितजनहरूलाई सांसारिक निन्दा-प्रशंसाले हल्लाउन सक्दैन ।

यस्तो पाण्डित्य गुण बोधिसत्त्वहरूमा स्वभावत: हुने हुन्छ । गरीव, धनी, हितेच्छु र विघ्नकारकमा स्त्रीपुरुष सबैलाई सम देख्नु अर्को स्वभावले



Downloaded from http://dhamma.digital

उपेक्षा गुणलाई सुदृढ गर्नु हो । इच्छितवस्तु प्राप्त हुनासाथ सन्तोषी हुनु, नहुंदा असन्तोषी हुनु बोधिसत्त्वहरूको स्वभाव हुँदैन । ठूलो सम्मान गर्दा ठूलो उपकार गर्दा यो एक प्रकारको स्वभाव नै हो भनेर बोधिसत्त्वहरू उपेक्षित चित्त आफूमा वनाइ बस्दछन् । त्यसरी नै दुःख दिंदा पनि स्वभाव अथवा आफ्नो कर्म सम्झिएर चित्तमा विरक्ति विकार उत्पन्न हुन नदिई उपेक्षा चित्त वनाई बस्दछन् । त्यसरी नै आहार, वस्त्र र आवास ग्रहण गर्ने समयमा पनि आफ्नो चित्त उपेक्षित वा मध्यस्थ गरेर राख्दछन् । बोधिसत्त्वहरूको तर्फबाट मन परेको वस्तुमा आशा वा मन नपरेको वस्तुमा घृणा हुँदैनन् । भनिएको पनि छः-

*आपत्तिं नाभि नन्दति, पक्कमत्तिं न सोचति ।*

आयो भनी सन्तोषी हुँदैन, गयो भनेर शोक गर्दैन ।

जसरी सिंह कुनै जङ्गली पशु कराउँदैमा डराउँदैन, हावा जालमा अल्झिदैन, कमलको फूल पानीमा टाँसिदैन, त्यसरी नै बोधिसत्त्व आफ्नो गुणको वर्णन र अवगुणको बयानमा भयभीत, बन्धित र अनुरक्त हुन्नन् । अरुलाई दुःख हुँदा दुःखी भएर बस्दैनन्, सुख हुँदा इर्ष्यालु पनि हुन्नन् । बोधिसत्त्वले भ्याएसम्म प्राणीहरूको उपकार गर्दछन् । हितसुखको लागि कोशिस गर्दछन् । यसरी गरेर पनि नभएमा दुःखी हुन्नन् न त दिक्क नै हुन्छन् । यस्तो अवस्थामा *'कर्म नै यस्तो'* भनी उपेक्षित भएर आफ्नो चित्तको शान्ति र स्थीरताको आरक्षा गर्दछन् ।

## एघार प्रकारका उपेक्षा

आचार्य बुद्धघोषले विशुद्धिमार्गमा उपेक्षालाई एघार प्रकारले वर्गीकरण गरेर व्याख्या गरेकाछन् । यहाँ त्यही वर्णनको संक्षिप्त चर्चा गर्नु उपयुक्त हुनेछ । उपपत्तिले हेर्नुलाई उपेक्षा भनिन्छ । समभावले हेर्नु अर्थात पक्षपातरहित भएर हेर्नु यसको अर्थ हो । यो उपेक्षाको विशद विषुल, बलवान भएमा तृतीय ध्यानयुक्त भएको व्यक्तिलाई उपेक्षक भनिन्छ । यसप्रकारले उपेक्षा एघार प्रकारका छन् ।

*१) षडंगोपेक्खा* : 'क्षीणास्रव भिक्षु आँखाले रूप देखेर प्रसन्न हुँदैन,



Downloaded from http://dhamma.digital

उदास पनि हुँदैन । फेरि स्मृति र सम्प्रजन्यको साथै उपेक्षक भएर विहार गर्दछ ।' यसरी आएको क्षीणाश्रवको ६ द्वारमा प्रियअप्रिय आलम्बन हुनासाथ परिशुद्ध हुने प्रकृतिभावलाई छोड्ने आकारको उपेक्षा नै ६ अङ्गयुक्त उपेक्षा हो । सरल शव्दमा भन्ने हो भने अर्हतहरूले ६ द्वारले इष्टानिष्ट आरम्मण अगाडि पुग्दा केही पनि फरक नभएर परिशुद्ध स्वभावले वसिरहने अवस्थालाई नै ६ अङ्ग उपेक्षा भनिन्छ ।

२) *ब्रह्मविहारूपेक्खा* : 'उपेक्षायुक्त चित्तले एउटा दिशालाई पूर्ण गरेर विहार गर्नेअनुसार' आएको प्राणीहरूप्रति मध्यस्थभावले बस्ने उपेक्षा नै ब्रह्मविहारउपेक्षा हो ।

३) *बोज्झगुपेक्खा* : 'विवेकयुक्त उपेक्षा सम्बोध्यङ्ग भावनाअनुरूप' आएको आफूसँग उत्पन्न धर्मप्रति मध्यस्थभावले बस्ने उपेक्षालाई नै बोध्यङ्गउपेक्षा भनिन्छ ।

४) *विरियपेक्खा* : 'समय समयमा उपेक्षा निमित्तको लागि मन हुनु' न अत्यधिक न त अति शिथिल वीर्यको उपेक्षालाई वीर्यउपेक्षा भनिन्छ ।

५) *संखारूपेक्खा* : 'कति संस्कारको उपेक्षा समाधिको उत्पन्नले हुन्छ ? कति संस्कारको उपेक्षा विपस्सनाको उत्पन्नले हुन्छ ?' आठ संस्कारको उपेक्षा समाधिको उत्पन्नले हुन्छ, दश संस्कारको उपेक्षा विपस्सनाको उत्पन्नले हुन्छ ।' यसप्रकारले आएको नीवरण आदि राम्ररी देखेर बुझेर निश्चय गरी ग्रहण गरिनुमा मध्यस्थ हुने उपेक्षा नै संस्कार उपेक्षा हो । अँध्यारो छिंडीमा आएको सर्पलाई चिनेर उसलाई नदुख्ने गरी र आफूलाई डस्न नसक्ने गरी पक्रनु मध्यस्थताजस्तै अनित्य, दुःख र अनात्म लक्षणलाई देखेर संसारलाई दन्दन् बलिरहेको झैं देखेर मध्यस्थ संस्कार ग्रहण गर्नुलाई पनि संस्कारउपेक्षा भनिन्छ ।

६) *वेदनुपेक्खा* : 'जुन समयमा उपेक्षाले पूर्ण कामावचरको कुशलचित्त उत्पन्न हुन्छ' यसरी देखिने अदुःख सुख भनिने उपेक्षा नै वेदना उपेक्षा हो ।

७) *विपस्सानुपेक्खा* : 'जुन छ, जुन समाप्त भइसक्यो त्यसलाई छोड्ने गरेर उपेक्षा प्राप्त हुनेगरी' आउने विचारमा मध्यस्थ हुने उपेक्षा विपस्सना उपेक्षा हो । अँध्यारो छिंडीमा आएको सर्पलाई यो सर्प हो कि होइन भनी शंका भएको बेलामा सर्पको घाँटीमा भएको तीन सेतो धर्का देख्नासाथ उसको विचार द्वन्दमा मध्यस्थता हुन्छ । त्यसरी नै अनित्य, दुःख, अनात्म



Downloaded from http://dhamma.digital

तीन लक्षण देख्नासाथ संस्कार अनित्य भन्ने विचारमा यताउताको द्वन्द नभएर विचारमा तटस्थता मध्यस्थ हुन्छ ।

८) *तत्रमज्झतुपेक्खा* : छन्द आदि *'येवापनक'*मा आएको आफूसँग उत्पन्न हुने धर्ममा ल्याउने उपेक्षा नै तत्रमध्यस्थता उपेक्षा हो ।

९) *झानुपेक्खा* : उपेक्षक भएर बस्नेअनुसार आएको त्यस उपेक्षावस्थामा अग्रसुखमा पनि पक्षपात नहुने उपेक्षा नै ध्यानउपेक्षा हो ।

१०) *पारिसुद्धुपेक्खा* :.उपेक्षा र स्मृतिले शुद्ध चार ध्यानलाई क्रमिकरूपले सारा विरुद्धधर्ममा उपशममा पनि नटाँसिने उपेक्षा पारिशुद्धि उपेक्षा हो ।

११) *कम्मस्सकुपेक्खा* : उपेक्षा मैत्री, करुणा र मुदिता गुण धर्मको पछि आएको कारणले पनि स्पष्ट हुन्छ कि मैत्री र करुणाले पुष्ठ नभएको उपेक्षा अकर्मण्य शैथिल्य वा आलस्य हुनसक्छ । बुद्धले देवदत्तको सुर भविष्यमा राम्रो गर्नको लागि भिक्षुत्वमा प्रवेश गराइ उपदेश दिए । पछि कयौं उपदेश र शिक्षा दिए तापनि विद्वेषी चित्त भएर नर्कमा जाँदा बुद्ध स्वयंले आफ्नो चित्तमा ल्याएको उपेक्षालाई नै *'सत्त्वप्रतिको कर्मप्रति उपेक्षा'* भनिन्छ । त्यसैले *'सब्बे सत्ता कम्मस्सका'* अर्थात सारा प्राणीहरू कर्मस्वक हुन् भन्नु वा यसरी उपेक्षा भावना गर्नु मैत्री करुणाले भएको स्वभाव गर्नेहरूलाई सजिलो हुन्छ । यस्तो उपेक्षा नै विशुद्ध उपेक्षा हुन्छ । अष्टलोकधर्ममा विचलित चित्त भएर प्राणीप्रति समभाव राख्नु नै सुमेरुजस्तै उच्च श्रेणीको उपेक्षा हो ।

## दश पारमितामा उपेक्षा पारमिता

दश पारमितामा दशौं र अन्तिम पारमिता उपेक्षापारमिता हो । तर यसो भनेर न यसको महत्व सबैभन्दा कम हुन्छ न अन्तिम भनेर सर्वाधिक महत्वपूर्ण नै । वास्तवमा दशवटै पारमिता एकअर्काको पूरक हुन् । फेरि प्रत्येक पारमितामा विभिन्न पारमिताको अनुबल सम्बन्ध भइरहन्छ । उपेक्षापारमिताको टेवा नहुनासाथ दानभित्र पनि पार्थक्य संकीर्णता हुनसक्छ । मन परेर दान दिने, मन नपरेर नदिने स्वभावलाई उपेक्षाविना जित्नु दुष्कर हुन्छ । आफूले मन पराएकोलाई मन पराएको कारणले दान दिन्छ, वैरीलाई घृणा गरेर दिंदैन यी दुवै पारमिता गुणधर्म को लागि



Downloaded from http://dhamma.digital

उपकारक होइन । किन भने मन परेर वा आशक्त भएर त्याग गर्नु पनि पवित्रताको लागि एउटा बाधा हो । कसैले पनि लोकोत्तरको लागि आवश्यक पर्ने छोराछोरीको त्याग कसरी विना उपेक्षा गर्न सक्छ ? आफूले मन परिराखेको कारणले मात्र दिने दान पुण्य हो भने सम्बोधिमा पुग्नलाई दिइने दान हुनसक्दैन ।

लोकप्रति मध्यस्थता नभइकन शीलको आरक्षा उच्चस्तरले गर्न सकिंदैन । मन पराएर बस्नु अनुरक्त स्वभाव अथवा वैरभावले भरिएको चरित्र दुबैमा शील विनष्ट गर्ने कारण हुन्छ अथवा यसले शील नै बिगारिदिन्छ । त्यसैले सत्त्व संस्कारप्रति मध्यस्थता हुनेहरूले मात्र शीलको आरक्षा उच्चस्तरले परिशुद्धरूपमा गर्न सक्दछ । उपेक्षा नभएकोले आफ्ना छोराछोरी जहानप्रति भइराखेको माया स्नेहलाई चटक्कै छाड्ने नैष्क्रम्य पूर्ण गर्न पनि सक्दैन । असल खराब दुबै युक्तायुक्तिअनुसार कतिले मन नपराएर बसेको मानिसलाई असल खराव देख्नुमा सधैं एउटा आवरणले बाधा दिइरहन्छ । आफ्नो स्नेहीले गरेको काम ठीक नै हो, उसले भनेको कुरा ठीक नै हो भनी देख्दछ । वैरीले गरेको काम ठीक छैन वा उसले भनेको कुरा ठीक छैन भनी देख्दछ । यो सम्मोह प्रज्ञापारमितामा बाधा हो । त्यसैले सत्यदर्शन गर्नलाई प्रज्ञा बनाउन मध्यस्थ मनोवृत्ति र विचार चाहिन्छ ।

परोपकारको लागि दान आदि पारमितामा गरिने वीर्य पनि अरूको कमी-कमजोरी देखेर वीर्य शिथिल हुनसक्छ भने प्रियसँग टाँसिने स्वभाव-आशक्तले गर्दा पनि वीर्य शिथिल हुनुसक्छ । यही वीर्यपारमितासँग गाँसिएको उपेक्षा पारमिताको पुरक गुण हो । क्षान्ति र उपेक्षापारमिता पारस्परिकपूर्वक र पारस्परिक सहयोगिक गुण हुन् । मध्यस्थ हुनको लागि सहने स्वभाव बनाउनुपर्छ । त्यसरी नै सहनको लागि मानसिक आघात सहन गर्न सक्ने मध्यस्थ स्वभाव बनाउनुपर्छ । कसैकसैप्रति रिस र कसैकसैप्रति स्नेह राख्ने मानिसहरू सत्यमा बस्न गाह्रो हुन्छ । उनीहरूको अधिष्ठान त झन् नै सजिलै बिग्रन जानसक्ने हुन्छ ।

दश पारमितामा उपेक्षापारमिताले टेवा दिएझैं उपेक्षापारमितालाई पनि अन्य पारमिताहरूले भरोसा दिइरहन्छ । विशेषतः नैष्क्रम्य, मैत्री र क्षान्तिपारमिताहरू उपेक्षापारमितालाई उपकारक पारमिता धर्म हुन् । नैष्क्रम्यको अभ्यास भएकाहरूलाई लाभ सत्कारवाट उपकारपूर्ण पुद्गलप्रति हुने स्नेहले



Downloaded from http://dhamma.digital

विरत्त हुन सजिलो हुनेछ। क्षान्ति र मैत्री हुँदा अपराध गर्नेहरूप्रति उत्पन्न हुने क्रोधलाई हटाउन सजिलो हुन्छ।

## पारमिताको धर्म संक्लेश

पारमिता गुणधर्मको अन्तिम पारमिता उपेक्षा पारमिताको संक्लेशको वर्णन गर्नु अगाडि अन्य पारमिताको संक्लेशलाई प्रस्तुत गर्नु युक्तिसङ्गत हुनेछ। अति वर्षाले पहाडमा पैरो आएझैं, आँधीवेरीले कमजोर रुखलाई ढालिदिएझैं पारमिता धर्ममा पनि पैहिरो जान सक्छ, ढालिदिन सक्छ। 'यो दिन्न वा यसलाई दिन्न' भन्नु दानपारमिताको संक्लेश हो। 'यस्लाई मार्छु स्नेहलाई चटक्कै मार्दिन, यसबेला मार्छु, यस बेला मार्दिन' भनेर काल र वस्तु सम्बन्धी विचार गर्नु शीलपारमिताको संक्लेश हो। 'यो यो वस्तु परिभोग गर्छु, यो यो वस्तु राखिराख्छु, यस्तोयस्तो वस्तु परिभोग गर्दिन भन्नु बारे काम र भवको वा विचार गर्नु' नैष्क्रम्यपारमिताको संक्लेश हो। 'म र मेरो, ऊ र उसको' भनी विभेद कल्पना गर्नु प्रज्ञापारमिताको संक्लेश हो। 'यतिमात्र गर्छु, यति गर्दिन भनी परिधि राख्नु, उत्साह र हतोत्साह गर्नु' वीर्यपारमिताको संक्लेश हो। आफ्ना स्वजाति, स्वग्रामीण भनी गल्ती सहनु क्षान्तिपारमिताको संक्लेश हो। 'नदेखेकोलाई देखेझैं, नसुनेकोलाई सुनेझैं, नभनेकोलाई भनेझैं ठान्नु र विश्वास गराउनु' सत्यपारमिताको संक्लेश हो। हित र अहित गर्नेहरूका अनुसार पार्थक्य विचार गर्नु मैत्रीपारमिताको संक्लेश हो। इष्ट अनिष्ट भनी विचार गर्नु उपेक्षापारमिताको संक्लेश हो।

## अननुसोचिय जातक (३२८)

मन परेको व्यक्तिको वियोगले उपेक्षापारमिताको अभ्यासी विरह हुँदैन, न त गुणी व्यक्तिको वियोगले वेदना हुन्छ। ब्राह्मण कुलमा जन्म भएको बोधिसत्त्वले विवाह गर्न मन पर्दैन भनी जतिसुकै भने तापनि आमाबुबा मानेनन्। तब बोधिसत्त्वले स्वर्ण प्रतिमा एउटा बनाएर *'यो जस्ती राम्री युवती पाए भने विवाह गर्छु'* भने। तर पाइन्छ भनेर विचार नगरे



Downloaded from http://dhamma.digital

तापनि काशी राज्यमा स्वर्ण प्रतिमाजस्ती राम्री युवती सम्मिल-हासिनी एकजना पाइयो। मन नभई दुबैको विवाह भयो। पछि आमाबाबुको मृत्यु भएपछि बोधिसत्त्वले आफू प्रव्रजित हुने कुरा भने। तर सम्मिल-हासिनी मात्र के कम थिइन, उनी पनि बोधिसत्त्वसँगै प्रव्रज्या भइन्।

धेरैकालसम्म दुबै जङ्गलमा बसेर प्रव्रज्या सुख बटुल्दै जीवनयापन गरे। पछि नुनिलो र अमिलो स्वादको लागि उनीहरू दुबैजना वाराणसी आइपुगे। शहरमा मिसिएको भोजन प्राप्त भएको खाएर सुकुमारी परिव्राजिकालाई रक्त विकार भयो। औषधी नपाएर दुर्वल पनि भइन्। बोधिसत्त्वले भिक्षाटनको बेलामा नगरद्वारसम्म सँगै ल्याउंदथे। फेरि त्यहाँ एउटा सत्तलमा पल्टाएर स्वयं आफू भिक्षाटनको लागि नगरभित्र प्रवेश गर्दथे। एकदिन त्यसरी भिक्षाटनमा जाँदा उता परिव्राजिकाको मृत्यु भयो। मानिसहरू जम्मा भएर उसको सौन्दर्यले भरिएको शरीर रोगले दुब्लाएको र निष्प्राण भएको देख्दै सबै क्वाँक्वाँ रुए।

बोधिसत्त्व भिक्षाटनबाट फर्किंदा परिव्राजिका मरिसकेका देखे। बोधिसत्त्वले विचार गरे- *'जसको स्वभाव फुट्नु हो त्यो फुट्यो। सबै संस्कार अनित्य हो।'* यसरी विचार गरी प्राप्त भएको भोजन ग्रहण गरे। मानिसहरूले चारैतिर बसेर सोधे- *'भन्ते यी परिव्राजिका को हुन्?'* बोधिसत्त्वको जवाफ हो- *'पहिला म गृहस्थसमयको जहान हो। अहिले धर्म सहयोगी'* फेरि- *'विरह किन नगरेको नि?'* भनी कारण सोध्दा बोधिसत्त्वले जवाफ दिए- *'यो हामी सबैको बीचमा थिइन् तर अब छैन। मरेर गएका सम्मिल-हासिनी बारे मैले किन शोक गरुँ? उभिरहँदा, हिंडिरहँदा, बसिरहँदा, पल्टिरहँदा मर्ने कुरा त एकातिर राखौं, आँखा झिमिक्क पार्दाखेरि पनि मानिसको आयु समाप्त भई नै रहेको छ। जहाँ आफ्नो आधा आयु पनि पूर्ण हुनासाथ आफू पनि मर्ने शंसय रहित हो भने सारा प्राणीप्रति नै दयाराख्नुपर्छ। जो गइसक्यो त्यसमा शोक गर्नु हुँदैन।'*

त्यसरी नै क्षान्तिपारमितामा उल्लेख गरिएको उरग जातक (३५४) मा बोधिसत्त्वले एक्लो छोरा सर्पले डसेर मर्दा संसारको अनित्य स्वभावलाई जानेर चित्तमा कुनै विकार उत्पन्न गरेनन् त्यसैगरी उनकी जहान, बुहारी, छोरी र दासीले पनि चित्त विकार उत्पन्न गरेनन्।



Downloaded from http://dhamma.digital

आफूले उपकार गर्दा त्यसको सट्टामा उपकार गरेको सहनु सजिलो हुँदैन । वीर्यपारमितामा उल्लेख गरिएको महाकपि जातक (५१६) मा खाल्डोमा खसेर दु:ख पाएको ब्राह्मणलाई बचाएर खाल्डोमाथि ल्याउँदा त्यसै ब्राह्मणले मार्न खोज्दा बोधिसत्त्व महाकपिले रिस नगरी चित्तलाई मध्यस्थ राख्न सके । त्यसैगरी दानपारमितामा उल्लेख गरिएको वेस्सन्तर जातक (५४७) मा बोधिसत्त्व वेस्सन्तरले आफ्ना छोराछोरी उपेक्षाभावसहित ब्राह्मणलाई दान गर्न सके ।

भगवान् बुद्धको जीवन चरित्रमा भन्ने हो भने उनलाई जति लाभ र कीर्ति यस संसारमा अरु कसैलाई पनि भएन । तर पनि उनको चित्त सधैं शान्त हुन्थ्यो । उनलाईजस्तै निन्दा गरेको र दु:ख दिएको पनि संसारमा अरु कसैलाई छैन । तर यस अवस्थामा पनि उहाँको चित्तको शान्ति अलिकता पनि कम भएन । मागन्धीले सुनियोजितढङ्गले संगठन गरी भिक्षाटनको समयमा अपमान गराइन्, चिञ्चा माणविकाले परिषदबीचमा ठूलो अभद्र लाल्छना गरिन्, पुण्ण दासीले नुन नभएको खाना दिइन्, वञ्चग्ग ब्राह्मणले जुठो भात दियो, वेरञ्जनामा बस्नुहुँदा घोडालाई खुवाउने दान खुवाइयो तर पनि बुद्धको चित्तमा कहिले पनि प्रतिकूल भावना अलिकता पनि आएन । सिंसपा वनमा ठूलो तुफान आयो तापनि रातभरि रुखको पातको आसन बनाएर मध्यस्थ चित्तले नै बस्से ।

## उपेक्षा पारमिता, उपपारमिता र परमत्थपारमिता

धनसम्पत्ति र छोराछोरीको कारणले वा हेतुले चित्तमा विचलित भाव नल्याउनुलाई उपेक्षापारमिता भनिन्छ । धनसम्पत्ति र छोराछोरीको विनाश वा मरण हुँदा शोक नगर्नु, यिनीहरूको हानि नोक्सान हुँदा वा मरण हुँदा दु:खित र क्रोधित नहुनु, यसरी नै उनीहरूको उन्नति र अभिवृद्धि हुँदा हर्ष विभोर नहुनुलाई पनि उपेक्षापारमिता भनिन्छ । त्यसरी नै आफ्नो शरीरको अङ्गप्रत्यङ्ग हीन हुँदा मनमा वैरीभाव श्रृजना गर्नु अङ्गप्रत्यङ्गको उन्नति अभिवृद्धिमा प्रशन्न हुनु यी दुबैको मध्यस्थ भएको उपेक्षित स्वभाव निहित बोधिसत्त्वहरूको



Downloaded from http://dhamma.digital

अभ्यास नै उपेक्षा उपपारमिता हो । आफ्नो जीवनको सवालमा पनि क्रोध र अनुरक्त स्वभाव नबनाउनु नै उपेक्षा परमत्थपारमिता हो । त्यसपछि यी तीन पारमिताको उदाहरणअनुसार नभए तापनि उपेक्षापारमिता पूर्ण गर्दा आफूलाई भएको कष्ट सहन गरेका र बाबुको मृत्यु हुँदा अविचलित चित्त गरेका दुई बोधिसत्त्व चरित्रको उल्लेख गरिनेछ ।

## कण्हदीपायन जातक (४४४)

महोभोगशाली ब्राह्मण कुलमा जन्मिए बोधिसत्त्वको साथी पनि त्यसरी नै भोगशाली कुलकै जन्म थिए । तर पनि दुबै कामभोगाम आशक्त भने थिएनन् । बोधिसत्त्व आफ्नो साथीसँगै ऋषिप्रव्रज्या भए । साथै पचासवर्षसम्म जङ्गलमा बसे । पचास वर्षपछि नुन अमिलो स्वाद लिनको लागि काशी राष्ट्रमा फर्किए । जहाँ बोधिसत्त्व कण्हदीपायन माण्डव्य नामक एकजना गृहस्थ मित्र थियो, त्यहाँ केही दिन बसेर पछि वाराणसीको श्मशाननगिचै बस्न गए ।

एकदिन एकजना चोरले धेरै धनसम्पत्ति चोर्न आयो । धनसम्पत्ति चोरेर भाग्दाखेरि नै लखेटियो । चोर भाग्दाभाग्दै भाग्न सकेन तब चोरले ल्याएको धनसम्पत्ति सबै कण्हदीपायनको पर्णशालामा फ्यालेर चोर भाग्यो । गल्तिले चोरलाई लखेट्नेहरूले कण्हदीपायनलाई नै चोर सम्झी पक्रेर लगे । राजाको अगाडि प्रस्तुत गर्नासाथ ऋषिभेषमै चार्ने भनेर रिस राजाले पनि गरेर एकैचोटि उसलाई घोचेर मार्ने हुकुम दिए । राजपुरुषहरूले उसलाई घोचेर मार्न कोशिस गरे तर घोच्न सकेनन् । यसै समयमा कण्हदीपायनले आफ्नो पूर्वकृत पाप एउटा जन्ममा बाबुसँग सिकर्मी काममा जाँदा झिंगालाई सिन्काले घोचेको विपाक सम्झे । तब स्वेच्छाले स्वीकार गर्नासाथ कण्हदीपायनलाई सूलीले तलदेखि घोचियो ।

माण्डव्य आफ्नो ऋषिसाथीलाई भेट्न यसै समयमा आयो । आफ्नो मित्रको त्यस्तो दुर्दशा देखेर उसले सोध्यो- *'मित्र, तिमीले के अपराध गऱ्यौ ?'* कण्हदीपायनले जवाफ दिए- *'म निर्दोष हुँ ।'* फेरि आफ्नो मित्रले *'मित्र मन त कुपित भएन कि ?'* भनी सोध्दा बोधिसत्त्वले भने- *'मित्र न पक्रेर ल्याउनेप्रति मलाई रिस उठेको छ, न मलाई दण्ड दिने राजाप्रति नै रिस*



Downloaded from http://dhamma.digital

*उठेको छ'* यो कुरा सुनेर माण्डव्यले भन्यो- 'यदि यसो हो भने यस्तो चित्तशक्ति भएकाहरूको छाँया पनि सुखकर छ।' यति भनी माण्डव्य कण्हदीपायनको तल चुपचाप बस्यो। आफ्नो साथी कण्हदीपायनको शरीरबाट टपटप झरेको रगत उसको अनुहारमा चुहिरह्यो। राम्रो अनुहारमा रगत चुहेपिच्छै कालो हुँदै गयो।

भोलिपल्ट यही कुरा पहरेदारहरूले राजालाई भने। राजा तुरुन्त त्यहीं आइपुगे र सोधे- *'किन पव्रजितको तल बसिरहेको ?'* माण्डव्यले भन्यो - 'यस तपश्वीको रक्षा गर्नको लागि बसिरहेको छु।' माण्डव्यले राजासँग सोध्यो- *'महाराज, के तपाईले दोषादोष जानेर नै यस प्रव्रजितलाई दण्ड दिनुभएको हो ?'* अनि राजाले स्वीकार गऱ्यो उसले विचार नगरी नै दण्ड दिएको हो। फेरि राजाले कण्हदीपायनलाई घोचिराख्ने दण्डबाट मुक्त गरिदियो। यद्यपि आफ्नो पूर्वजन्मको कृतकर्मको कारणले गर्दा कण्हदीपायन पूर्णरूपले मुक्त भएनन्। वस्तुत: आफ्नो शरीरमा भएको यस्तो पीडालाई विकाररहित चित्तले सहन सकेको उपेक्षाशक्तिको फल हो।

## दशरथ जातक (४६१)

सत्यपारमितामा उल्लेखित दशरथ जातक (४६१) मा आफ्नो बाबुलाई दिएको वचनअनुसार बाह्रवर्ष वनवास जाँदा बोधिसत्त्व रामले आफ्नो भाइ भरतबाट नौ वर्ष हुँदा नै बाबुको मृत्युको खवर सुन्दा भाइ लक्षण र बहिनी सीता धुरुधुरु रुए तर उनी रुएनन्। दाइ रामले अलिकता पनि शोक नगरेको देखेर भाइ भरतले सोधे- *'हे दाजु, केको प्रभावले शोचनीय विषयमा पनि हजुर चिन्तित हुनु भएन ? बाबको दु:खद समाचारले पनि कसरी यहाँलाई दु:ख भएन ?'*

राम पण्डितले आफू शोकित र चिन्तित नभएको कारण बताउँदै भने- 'जसलाई जतिसुकै रुए पनि बचाउन सकिँदैन उसको लागि पण्डितहरू रुँदैनन्। तन्नेरी-बूढो, मूर्ख-पण्डित, धनी-गरीब सबै मरणशील छन्। पाकिसकेको फल झर्ने डर भएझैं जन्मसँगै मृत्युको भय हुन्छ। विहान देखिने मानिसहरूमध्ये कति मानिसहरू रात पर्नासाथ नदेख्ने हुन्छन्। राति देखिएका मानिसहरूमध्ये कति विहान हुनासाथ नदेखिने



Downloaded from http://dhamma.digital

हुन्छन् । यसो भयो भनेर रुई कराई मूर्खहरूलाई केही लाभ हुने भएमा पण्डितहरू पनि रुएर हिंड्थे । जसरी घरमा आगो लाग्नासाथ तुरुन्त निभाउने कार्य गरिन्छ, त्यसरी नै धीर र वीर मानिसहरूले क्रोध र शोकलाई तुरुन्त उपशम गर्दछन् । मानिस एक्लै नै कुलमा जन्म हुन्छ भने एक्लै नै जान्छ ऊ पनि । यहाँ त केवल मिलेर बसुन्जेलसम्मको संयोग मात्र न हो ।

त्यसैले जो धीर हुन्छ, जो बहुश्रुत हुन्छ उसले यस लोक र परलोक दुवैलाई देख्दछ, र लोक धर्मलाई पनि चिन्दछ । अनि आफ्नो हृदयमा यसरी उल्ले शोक र पीडालाई अलग्ग पन्छाएर जीवन गुजारा गर्ने हुन्छ । यसरी बोधिसत्त्व धैर्यवान हुनसकेको नै उनमा उपेक्षाशक्ति प्रबल भएर नै हो ।

पछि राम पण्डितले आफ्नो भाइ-बहिनीलाई धैर्य गराए, भरत कुमारले भने राम पण्डितलाई वाराणसी फर्की राज्य सम्हाल्न विन्ति गर्‍यो 'मैलै बाह्रवर्ष सम्म राज्यबाट बाहिर बस्ने प्रण गरेको छु, त्यसैले अहिल्यै म फर्किन्न' भनी राम पण्डितले जवाफ दिई भाइ र बहिनीहरूलाई आफ्नो जुत्ता (खराउ) दिई त्यसलाई सिंहासनमा राखी राज्य सम्हाल्नु भनी उनीहरू सवैलाई दरवारमा फर्केर जान आज्ञा दिए । राम पण्डित अर्को तीन वर्ष एक्लै जङ्गलमा बसे, पछि राज्यमा फर्की पुनः सुशासन तवरमा राज्य गरे ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital



प्रथम धर्मचक्र प्रर्वतन स्थल : सारनाथ



महापरिनिर्वाण स्थल : कुशीनगर



Downloaded from http://dhamma.digital



र्श नै श्रेष्ठतम आ
र्मको अभ्यासद्वारा पू
मिता गुणधर्मको
नजति यो आदर्शको
संकीर्णता, स्वार्थस्वभ
जान्छ। तब उदार
दैं जान्छ। बोधिसत्त
र्शलिकता पनि जाग
न्छ। फेरि यो लाभ
साक्षात्कार गर्नेजस्त
ादर्श, पारमिता आ
हानता हो।





Dhamma.Digital
Downloaded from http://dhamma.digital

# DEDICATION OF MERIT

May the merit and virtue
accrued from this work
adorn Amitabha Buddha's Pure Land,
repay the four great kindnesses above,
and relieve the suffering of
those on the three paths below.

May those who see or hear of these efforts
generate Bodhi-mind,
spend their lives devoted to the Buddha Dharma,
and finally be reborn together in
the Land of Ultimate Bliss.
Homage to Amita Buddha!

**NAMO AMITABHA**

**南無阿彌陀佛**

《尼泊爾文：十度波羅密》
財團法人佛陀教育基金會 印贈
台北市杭州南路一段五十五號十一樓
Printed and donated for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel: 886-2-23951198 , Fax: 886-2-23913415
Email: overseas@budaedu.org
Website:http://www.budaedu.org
**This book is strictly for free distribution, it is not for sale.**
Printed in Taiwan
10,000 copies; Jul 2004
NE018-3840

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

As this is a Dhamma text,
we request that it be treated with respect.
If you are finished with it,
please pass it on to others or
offer it to a monastery, school or public library.
Thanks for your co-operation.
**Namo Amitabha!**

《尼泊爾文：十度波羅密》
財團法人佛陀教育基金會 印贈
台北市杭州南路一段五十五號十一樓
Printed and donated for free distribution by
**The Corporate Body of the Buddha Educational Foundation**
11F., 55 Hang Chow South Road Sec 1, Taipei, Taiwan, R.O.C.
Tel:886-2-23951198,Fax:886-2-23913415
Email:overseas@budaedu.org
Website: http://www.budaedu.org
**This book is for free distribution, it is not for sale.**
**यो पुस्तक नि:शुल्क वितरणको लागि हो, विक्रीको लागि होइन।**
Printed in Taiwan
NE018

Downloaded from http://dhamma.digital